# शिक्षक निर्देशिका

## आधारभूत तह, कक्षा ५

## विषय : नेपाली

पृष्ठपोषण प्राप्तिका लागि

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

प्रकाशक :  नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०८१

(यो शिक्षक निर्देशिका पाठ्यक्रमले तोकेका विषयगत सिकाइ उपलब्धि पूरा गर्न तथा पाठ्यपुस्तकका क्रियाकलापको सहजीकरणमा शिक्षकलाई मदत पुगोस् भन्ने हेतुले विकास गरिएको हो । यसलाई अझ राम्रो बनाउन प्रयोगकर्ताका सुझाव भए केन्द्रको समन्वय तथा सम्पादन शाखामा उपलब्ध गराउनुहुन अनुरोध छ । )

# हाम्रो भनाइ

शिक्षण एउटा कला हो । पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यही पाठ्यपुस्तकको सफल र अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षकलाई सहजीकरण गर्ने सामग्री शिक्षक निर्देशिका हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यी सबै पक्षको सहज प्राप्तिका लागि शिक्षण गर्न शिक्षकलाई उचित निर्देशन दिने कार्य शिक्षक निर्देशिकाले गर्ने भएकाल सोको प्रभावकारी कार्यान्वयनका लागि यस निर्देशिकाको विकास गरिएको हो ।

यस शिक्षक निर्देशिकाको लेखन तथा सम्पादन श्री राजेन्द्र रिमाल, श्री केशव भट्टराई, श्री निराकुमारी श्रेष्ठ, श्री चिनाकुमारी निरौला र श्री इन्दु खनालबाट भएको हो । निर्देशिकालाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री वैकुण्ठप्रसाद अर्याल र विषय समितिका पदाधिकारी प्रा.डा. गोपीन्द्रकुमार पौडेल, डा. धनप्रसाद सुवेदी, डा. केशव भुसाल, डा. जानुका नेपाल, डा. सीता सुवेदी पन्थी, श्री बुद्धिसागर अधिकारी र टुकराज अधिकारीको योगदान रहेको छ । यस निर्देशिकाको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यस निर्देशिकाको विकास तथा सम्पादन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

शिक्षक निर्देशिका शिक्षकलाई कार्यगत प्रशिक्षण दिने र सिकाइ सहजीकरण प्रक्रियामा नवीन प्रविधिसँग सधैँ सक्रिय राख्ने पूरक सामग्री हो । यसमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइ सक्षकता, सिकाइ उपलब्धि, विषयवस्तुको विश्लेषण तथा सिकाइ सहजीकरणका क्रममा शिक्षकले अपनाउनुपर्ने विधि र तरिका उल्लेख गरिएको छ । यसबाट सिकाइ बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित हुने अपेक्षा गरिएको छ । यसमा दिइएका क्रियाकलापलाई शिक्षकले आधारका रूपमा उपयोग गरी उत्पादनमूलक क्रियाकलापका माध्यमबाट विद्यार्थीको ज्ञान, सिप र धारणको विकास गराई सिकेका विषयवस्तुलाई प्रयोगिक बनाउन सक्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने हेतुले यस निर्देशिकाको विकास गरिएको छ । कक्षामा सबै प्रकारका क्षमता भएका विद्यार्थीको सिकाइ उपलब्धिलाई वैयक्तिक

रूपमै आकलन गर्न सहज होस भन्ने ध्येय यस निर्देशिकाको रहेको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा यस निर्देशिकाले गरेको छ । यस निर्देशिकालाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

पाठ्यक्रम विकास केन्द्र

# शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्षहरू

## पृष्ठभूमि

नेपाली विषय कक्षा ५ को यस शिक्षक निर्देशिका शिक्षकलाई नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यसामग्रीको सिकाइ सहजीकरणका लागि मार्गदर्शन गर्ने सामग्री हो । यसको प्रयोगले शिक्षकमा पाठ्यक्रम तथा पाठ्यसामग्रीमा रहेका विषयवस्तुको सहजीकरण गर्ने नवीन पद्धति उजागर हुन्छ । यसमा पाठ्यसामग्रीका प्रत्येक पाठका क्रियाकलाप सहजीकरण गराउनका लागि पाठगत परिचय, सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्रगत योजना, सुरुआती क्रियाकलाप, विषयवस्तुसम्बद्ध क्रियाकलाप र मूल्याङ्कन खण्डका क्रियाकलाप दिइएको छ । नेपाली विषयको कक्षा ५ को यस शिक्षक निर्देशिका प्रयोग गर्नुपूर्व यस खण्डमा दिइएका सबै पक्ष अध्ययन गर्नुहोस् :

१. नेपाली विषय कक्षा ५ को पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिप विकासमा केन्द्रित शब्दभण्डार, भाषिक संरचना र वर्णविन्यास, भाषिक प्रकार्यलाई समेत ध्यान दिइएको छ र शिक्षक निर्देशिकाले यिनै क्रियाकलापमा आधारित भएर सहजीकरण क्रियाकलाप योजना तथा सिकाइ विधिका विभिन्न क्रियाकलाप प्रस्ताव गरेको छ । यो एउटा नमुना मात्र हो । शिक्षक वर्ग लामो समयदेखि कक्षाकोठामा शिक्षण अनुभव गरिरहनुभएको हुँदा यसमा मात्र सीमित नभई विभिन्न विधि र रणनीति अवलम्बन गरेर विद्यार्थीका सिकाइमा प्रभावकारी भूमिका निर्वाह गर्न अग्रसर हुनुहोस् ।

२. यहाँ प्रस्तुत गरिएका क्रियाकलाप सामान्यतः औसत विद्यार्थीलाई आधार मानी तयार गरिएको हुन्छ । यद्यपि हाम्रा कक्षाकोठाको स्वरूप फरक फरक हुन सक्छ । जस्तै : मातृभाषा नेपाली हुने, दोस्रो भाषाका रूपमा नेपाली सिक्ने, विभिन्न प्रकृतिका अपाङ्गता भएका, फरक फरक सामाजिक पृष्ठभूमिबाट आएका आदि । त्यसैले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आफ्नो कक्षाकोठाको विशेषतालाई पहिचान गरी शिक्षण तथा मूल्याङ्कन विधिमा समेत विविधता ल्याई सहजीकरण गर्नुहोस् ।

३. हाल विद्यमान पाठ्यक्रम सक्षमतामा आधारित रहेको र यो व्यक्तिको व्यवहार पक्षसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले शिक्षणका विषयवस्तुका साथै सिकाइ विधि, व्यवहारकुशल सिप विकासका लागि बढी महत्त्वपूर्ण मानिन्छ । कक्षाकोठमा हुने सिकाइ विधिमा विविधता र सान्दर्भिकता व्यक्तिको सक्षमता विकासको आधार मानिएको छ । तसर्थ प्रस्तावित क्रियाकलापमा मात्र सीमित नभई विषयवस्तुअनुसार विधिको चयन र प्रयोग पक्षमा विशेष रूपमा शिक्षकको थप भूमिकाको अपेक्षा गरिएको छ ।

४. दैनिक सिकाइ क्रियाकलापले अनुभवलाई अझ निखार्दै लैजान सहयोग पुऱ्याउने र सिकाइका नयाँ नयाँ विधि पहिचान र प्रयोग गर्न सहयोग पुऱ्याँउने हुँदा दैनिक सिकाइको प्रतिविम्बन लेखन गर्ने र यसलाई निरन्तरता दिने प्रयास
गर्नुहोस् ।

५. पाठ्यक्रममा समावेश गरिएका प्रत्येक क्रियाकलाप गराउँदा सिकारुको सिकाइ सहभागितामा विशेष ख्याल गर्नुहोस् । यसका लागि सिकाइमा जिज्ञासा राखे नराखेको, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिए नलिएको, आफ्ना विचार सहज तरिकाले प्रस्तुत गरे नगरेको तथा दिइएका सम्पूर्ण कार्यमा स्वयम्को अग्रसरता रहे नरहेको समेतलाई ख्याल गरी सिकाइ प्रक्रियामा सहभागी गराउनुहोस् । दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीमा विशेषतः उच्चारणमा समस्या, शब्दभण्डारमा सीमितता, बोधमा समस्या, वाक्यमा सङ्गतिको समस्या, व्याकरणिक समस्या हुन सक्ने हुँदा यसतर्फ विशेष ध्यान दिई थप अभ्यासको अवसर र सहयोग प्रदान गर्नुहोस् ।

६. सिकारुको सिकाइको अवस्थाअनुरूप सिकाइ रणनीतिको उपयोग र सुधारात्मक सिकाइ सहजीकरण अवलम्बन गर्न सहज हुने गरी कक्षाकोठाको बसाइ व्यवस्थापन गर्नुहोस् ।

७. विद्यार्थीलाई सिकाइमा सक्रिय बनाइराख्न कक्षामा सिकाइ स्तर समूह पहिचान गरी यस्ता समूहलाई समूहगत सिकाइका लागि परिचालन गर्नुहोस् साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको सिकाइ स्तरलगायत आधारमा क्रमिक सिकाइ रणनीति (म गर्छु, हामी गर्छौं, तपाइँ गर्नुहोस्) लाई उपयोग गर्नुहोस् ।

८. विषयवस्तुको प्रकृतिअनुसार विषयवस्तु सहजीकरणको आरम्भ, विस्तार र समापन योजना तय गर्नुहोस् । यसका लागि तत्परता विकाससम्बन्धी क्रियाकलाप, ज्ञान आर्जनसम्बन्धी क्रियाकलाप, सिप विकाससम्बन्धी क्रियाकलाप, अभिवृत्ति विकाससम्बन्धी क्रियाकलाप, मूल्यमान्यता विकाससम्बन्धी क्रियाकलाप, (छलफल, समूह कार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य, प्रश्नोत्तर आदि) गराउनुहोस् ।

९. पाठ्यपुस्तकमा आएका चित्रात्मक तथा सन्दर्भगत क्रियाकलाप पाठ सुरु गर्नुपूर्व विद्यार्थीको मस्तिष्क मन्थनका लागि आएकाले विद्यार्थीको सोविषयस्तुसँग सम्बन्धित पूर्वज्ञान, अनुमान जस्ता क्रियाकलाप मूल पाठमा आएका विषयवस्तुसँग जोड्न सोही मर्मअनुसार गराउनुहोस् ।

१०. भाषिक प्रकार्य/कार्यका अभ्यास गराउँदा विद्यार्थीमा सन्दर्भपरक स्वभाषिक प्रस्तुतिमा जोड दिनुहोस् । यसमा विद्यार्थीको व्यक्तिगत भाषिक पक्ष महत्त्वपूर्ण हुने भएकाले प्रथम पुरुष एकवचनमा आफ्ना विषयसम्बद्ध विचार प्रस्तुत गर्ने अवसर दिनुहोस् । भाषिक प्रकार्य/कार्यको अभ्यास संवादात्मक रूपमा समूहमा गराउँदा पनि व्यक्ति केन्द्रित प्रथम पुरुष र एकवचनमा प्रस्तुत गर्न लगाउनुहोस् । यसमा विद्यार्थीलाई आफ्नो मातृभाषामा सिकाइ सहज हुने भए त्यसमा पनि अभ्यास गराउन सकिन्छ ।

११. सिर्जनात्मक कार्य गराउँदा भाषिक उत्पादन र पुनरुत्पादनमा जोड दिनुहोस् । यसका लागि एक सन्दर्भ वा परिवेशमा सिकिएका विषयवस्तु उस्तै मिल्दो सन्दर्भ वा परिवेशमा प्रयोग गर्न प्रवृत्त गराउनुहोस् । यसका लागि मौलिक प्रस्तुतिलाई प्राथमिकता दिनुहोस् ।

१२. परियोजना कार्य भाषिक सिप विकासका लागि खोज तथा अनुसन्धानमूलक विषयवस्तु भएकाले विषयवस्तुको प्रकृति र आवश्यकताअनुसार एकल, युगल वा समूहमा सिकाइ गर्ने अवसर प्रदान गर्नुहोस् । परियोजना कार्यका लागि विद्यालय पुस्तकालय, साझा सञ्जाल र परिवार वा समुदायलाई सिकाइ थलाका रूपमा उपयोग गर्नुहोस् ।

१३. पाठ्यक्रम तथा पाठ्यसामग्रीमा गहन पठन र विषयवस्तुको बुझाइका लागि प्रश्न निर्माण, पाठगत संरचनाको ज्ञान जस्तै, पाठभित्रका अनुच्छेद संरचना, वाक्य संरचना पहिचानका लागि दिइएका सन्दर्भमा जोड दिएर प्रस्तुत अंशले भन्न खोजेका कुरा आदि, मध्य र अन्त्यको संरचनामा व्यक्त गर्ने प्रयोजनका लागि व्याख्या खण्ड राखिएकाले सोही मर्मअनुसार क्रियाकलाप गराउनुहोस् ।

१४. सुनाइ तथा बोलाइ सिपको विकासका लागि मूल पाठका साथै सुनाइ पाठ राखिएकाले केन्द्रको वेबसाइट

www.moecdc.gov.np मा राखिएका सुनाइ पाठ सुनाएर पाठगत प्रश्नोत्तर अनिवार्य रूपमा गराउनुहोस् । इन्टरनेटको पहुँच नभएका क्षेत्रमा वैकल्पिक उपाय अवलम्बन गरी सुनाइ क्रियाकालाप गराउनुपर्ने छ ।

१५. क्रियाकलापका क्रममा कुनै विद्यार्थीमा भाषिक तथा अभिव्यक्तिगत समस्या पाइएमा थप सिकाइको अवसर दिएर पुनर्बल प्रदान गर्नुहोस् ।

१६. आन्तरिक मूल्याङ्कनका लागि विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्यालाई सिकाइ सहजीकरणकै क्रममा उपयोग गर्नुहोस् । यस अवस्थामा विद्यार्थीको रुचिलाई ख्याल गर्दै जानेका विद्यार्थीलाई थप अभ्यास वा सहपाठी शिक्षणको अवसर दिई सिकाइ सबलीकरण एवम् सुधार आवश्यक भएका विद्यार्थीलाई सुधारात्मक सिकाइको अवसर प्रदान गर्नुहोस् ।

१७. सिकाइ सहजीकरणका लागि कक्षामा जानुपूर्व सिकाइ सामग्री तयार पार्नुपर्ने हुँदा यसतर्फ विशेष सचेत बन्नुहोस् । विद्युतीय सामग्री तयार गर्दा पावरप्वाइन्टको डिजाइन, रखाइ क्रम, रङ संयोजन, चित्र र अक्षर साइजमा विशेष ध्यान दिनुहोस् । सामान्यतः पावरप्वाइन्टको स्लाइडका लागि शीर्षकमा ४४ र पाठमा ३२ साइजका अक्षर उपयुक्त मानिन्छ । त्यस्तै एउटा स्लाइडमा छ लाइनमा र एक लाइनमा छ शब्द स्तरीय साइज मानिन्छ । न्यूनतम २४ साइजभन्दा तलको अक्षर उपयुक्त मानिँदैन । त्यस्तै शब्दपत्ती बनाउँदा ३x५ इन्चको मेटाकार्ड स्तरीय मानिन्छ । मेटाकार्डमा अक्षर वा शब्द लेख्दा एक लाइनमा मात्र लेख्नुपर्छ ।

| पाठ : १ | नेपाल नै राम्रो | |
|---|---|---|
| **विधा : कविता** | | **कार्यघण्टा : ११** |

**परिचय**

भुवनहरि सिग्देलद्वारा लिखित 'नेपाल नै राम्रो' देशभक्ति कविता हो । साहित्यको लयात्मक, श्रव्य र पाठ्य विधाका रूपमा कवितालाई लिइन्छ । कविता विधामा भाव, कल्पना र बौद्धिकताको सम्मिश्रण हुन्छ । विद्यार्थीलाई मुख्य रूपमा पढाइप्रति रूचि जगाउन र गति, यति मिलाई लय हालेर वाचन गर्ने बानीको विकास गर्न तथा शब्दभण्डारको विकासका लागि कविता विधाको उपयोग गएिको छ ।

'नेपाल नै राम्रो' कविता देशप्रेमको भावनाले भरिएको छ । यस कविताको माध्यमबाट विद्यार्थीमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउन सकिन्छ । कविता अभिव्यक्ति कलाको उत्कृष्ट रूप हो । कवितामा लयात्मकता, गेयात्मकता र श्रुतिमधुरता हुने हुनाले भाषाको बोध तथा अभिव्यक्ति सिपको विकासमा यस विधाको प्रभावकारी उपयोग गर्न सकिन्छ । यस पाठको शिक्षण लयबद्ध वाचन, अनुकरण वाचन, पाठगत शब्दको उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग तथा बोध प्रश्नोत्तर जस्ता क्रियाकलापमा केन्द्रित हुनुपर्छ ।

प्रस्तुत पाठको शिक्षण गर्दा सुनाइ तथा बोलाइ सिपमा विषयवस्तुको सुनाइ र प्रतिक्रिया, छलफल तथा अन्तरक्रिया, प्रश्नोत्तर, पाठमा आधारित भई अनुमान, कल्पना एवम् धारणाको प्रस्तुति, श्रुतिवर्णन आदि सिपको विकास गराउनुपर्छ । पढाइ सिपको विकासका लागि लयबद्ध पठन, परिवेश र सन्दर्भ बोध, पाठको विषयबोध र प्रश्नोत्तर जस्ता विषयवस्तु शिक्षण गर्नुपर्छ । लेखाइ सिपको विकासका लागि पर्यायवाची र विपरीतार्थी शब्दको पहिचान, प्रश्नोत्तर, गद्यमा रूपान्तरण, भाव लेखन, अनुलेखन, शब्द पूरण, वाक्य निर्माण स्वतन्त्र रचना जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा नाम तथा सर्वनाम पदको पहिचान एवम् प्रयोग र ह्रस्व इकार (सुरु, बिच र अन्त्य) को पहिचान तथा प्रयोग सिकाउनुपर्छ । शब्दभण्डारअन्तर्गत पर्यायवाची, विपरीतार्थी शब्दको पहिचान, अर्थबोध र प्रयोग गराउनुपर्छ । त्यसैगरी लय मिल्ने शब्दको पहिचान तथा प्रयोगमा अभ्यास गराउनुपर्छ भने भाषिक प्रकार्यमा रचना अध्ययन र प्रस्तुतिको अभ्यास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ १ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ १ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • चित्र पहिचान र  छलफल | • पूर्व पठन खण्ड र मूल पाठ खण्डका दृश्य पहिचान गरी वर्णन गर्न | • पूर्व पठन खण्डका चित्र<br>• मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर (सम्भव भएसम्म) | १ |
| दोस्रो दिन | • संरचना पहिचान<br>• लयबद्ध वाचन<br>• शुद्धोच्चारण | • पाठ्य कविताको संरचना पहिचान गर्न<br>• गति, यति र लय मिलाएर कविता वाचन गर्न<br>• कवितामा प्रयुक्त शब्दको शुद्ध उच्चारण गर्न | • कविताको संरचना जनाउने तालिका<br>• शब्दपत्ती<br>• पाठ्य कविता<br>• कविता वाचनको अडियो तथा भिडियो | १ |
| तेस्रो दिन | • शब्दार्थ (शब्द पहिचान)<br>• वाक्यमा प्रयोग | • निर्धारित अर्थ व्यक्त गर्ने शब्द पाठबाट पहिचान गर्न<br>• पर्यायवाची शब्द र अर्थ पहिचान गर्न<br>• विपरीतार्थी शब्द पहिचान गर्न<br>• अनुप्रास युक्त शब्द पहिचान गर्न<br>• निर्धारित शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | • शब्दार्थपत्ती, शब्दतालिका<br>• पर्यायवाची शब्दसूची<br>• विपरीतार्थी शब्दसूची<br>• आनुप्रासिक शब्दसूची<br>• वाक्यपत्ती | १ |
| चौथो दिन | • कविता पूरण<br>• प्रश्नोत्तर<br>• अनुलेखन | • कविताको अंश पूरा गर्न<br>• निर्दिष्ट प्रश्नको निश्चित ढाँचामा मौखिक र लिखित माध्यमबाट उत्तर भन्न र लेख्न<br>• कविताका निर्दिष्ट श्लोक अनुलेखन गर्न | • कविताका अपूरा अंश<br>• प्रश्नसूची<br>• उत्तर लेखनका नमुना सूची<br>• कविताका श्लोकपत्ती | १ |
| पाँचौँ दिन | • गद्यमा रूपान्तरण<br>• आशय वर्णन<br>• विषयवस्तु तथा मूल भाव वर्णन | • कविताका निर्दिष्ट श्लोकलाई गद्यमा रूपान्तरण गर्न<br>• पाठ्य कविताको आशय वर्णन गर्न<br>• कविताका विभिन्न श्लोकको भाव वा विषयवस्तु प्रस्तुत गर्न | • गद्य रूपान्तरणको नमुना<br>• आशय वर्णन तथा मूल भावको नमुना पत्र | १ |
| छैटौँ दिन | • विचार लेखन<br>• भाषिक प्रकार्य (विषयवस्तु प्रस्तुतीकरण) | • कविताले व्यक्त गरेको विचार लिखित रूपमा प्रस्तुत गर्न<br>• निर्दिष्ट विषयवस्तुको प्रस्तुतीकरण गर्न | • विचार लेखनको नमुना<br>• विषयवस्तु प्रस्तुतीकरणको नमुना | १ |
| सातौँ दिन | • भाषिक संरचना (नाम शब्दको पहिचान र प्रयोग) | • निर्दिष्ट प्रश्नमा आधारित भई नाम शब्दको पहिचान र प्रयोग गर्न | • शब्दपत्ती<br>• अनुच्छेदपत्ती | १ |
| आठौँ दिन | • सर्वनाम शब्दको पहिचान र प्रयोग | • निर्दिष्ट प्रश्नमा आधारित भई सर्वनाम शब्दको पहिचान र प्रयोग गर्न | • शब्दपत्ती<br>• अनुच्छेदपत्ती | १ |
| नवौँ दिन | • ह्रस्व इकार भएका शब्दको पहिचान र प्रयोग | • शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार भएका शब्दको पहिचान र प्रयोग गर्न | • ह्रस्व इकार भएका शब्दसूची<br>• अनुच्छेदपत्ती र शब्दकोश | १ |

| | | | | |
|---|---|---|---|---|
| **दसौँ दिन** | ● श्रुतिबोध (सुनाइ र बोलाइ)<br>● मौखिक प्रश्नोत्तर<br>● श्रुतिलेखन | ● सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>● श्रुतिलेखन गर्न | ● सुनाइ पाठको अडियो सामग्री<br>● प्रश्नसूची<br>● नमुना उत्तर<br>● सुनाइ अनुच्छेद | १ |
| **एघारौँ दिन** | ● सिर्जनात्मक कार्य (कविता पूरण, तयारी र प्रस्तुति) | ● उपयुक्त शब्द राखी कविता पूरण गर्न | ● अपूर्ण कवितांश<br>● शब्द समूह | १ |
| **जम्मा कार्यघण्टा** | | | | **११** |

**दिन पहिलो**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● चित्र पहिचान र छलफल | ● पूर्व पठन खण्ड र मूल पाठ खण्डका दृश्य पहिचान गरी वर्णन गर्न | ● पूर्व पठन खण्डका चित्र<br>● मूल पाठ खण्डका चित्र<br>● प्रोजेक्टर (सम्भव भएसम्म) |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीसँग मिलेर दिइएको जस्तै स्वागत गीत गाउनुहोस् र उनीहरूलाई कक्षा ५ को पहिलो कक्षामा स्वागत गर्नुहोस्, जस्तै :

कक्षा पाँचमा स्वागत छ हामी सब साथीभाइ
पढ्छौँ, सिक्छौँ, सिकाउँछौँ, हित खोली सबैलाई
**हाम्रो स्कुल, आहै ! सिक्नलाई राम्रो स्कुल !!**
हाम्रो भाषा नेपाली सिकेर देशलाई
उन्नत बनाऔँ हे साथी संस्कृति वेशलाई
**हाम्रो स्कुल, आहै ! सिक्नलाई राम्रो स्कुल !!**

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरेर पूर्व पठन खण्डका चित्र प्रस्तुत गर्नुहोस् :





(आ) विद्यार्थीलाई चार समूहमा विभाजन गरी पूर्व पठन खण्डका चारओटा चित्रलाई एक समूहमा एउटा पर्ने गरी विभाजन गर्नुहोस् र ती चित्रका बारेमा छलफल गर्न लगाउनुहोस् ।

(इ) छलफलबाट आएको निष्कर्षलाई कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीले प्रस्तुत गरेका कुरालाई समेट्दै पाठगत सन्दर्भलाई निर्देश गर्नुहोस् । यस क्रममा नेपाल विविधताले भरिएको मुलुक भएको र नेपाल भौगोलिक विविधताभित्र पनि एकताको सूत्रमा बाँधिएको सन्देश यी चित्रले व्यक्त गरेको कुरा बताउनुहोस् ।

(उ) पूर्व पठन खण्डका चित्रसँग मिल्दो तथा सोही प्रकृतिका अन्य चित्र पनि प्रोजेक्टरमार्फत वा प्रिन्टकपी प्रस्तुत गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई पूर्ववत् रूपमा समूहमा विभाजन गरी ती चित्रका बारेमा पनि छलफल गराई निष्कर्ष व्यक्त गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई पाठको मूल खण्डमा भएका चित्रतर्फ आकर्षित गराई तीन समूहमा विभाजन गर्नुहोस् ।

(ए) प्रत्येक समूहलाई मूल पाठ खण्डका एक एकओटा चित्र दिई तिनको बारेमा छलफल गर्न लगाउनुहोस् ।

(ऐ) छलफलबाट आएको निष्कर्षलाई कक्षामा पालैपालो वर्णन गर्न लगाउनुहोस् ।

(ओ) नेपाल सांस्कृतिक रूपमा मात्र नभई भौगोलिक र प्राकृतिक रूपमा पनि उत्तिकै विविध रहेको कुरा बताइदिनुहोस् । विविधताभित्र पनि एकता रहेको जानकारी गराउँदै नेपाल अन्य मुलुकको तुलनामा पृथक् रहेको कुरा बताइदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पूर्व पठन खण्डका तस्बिरले के सन्देश व्यक्त गरेको छ ? भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान<br>• लयबद्ध वाचन<br>• शुद्धोच्चारण | • पाठ्य कविताको संरचना पहिचान गर्न<br>• गति, यति र लय मिलाएर कविता वाचन गर्न<br>• कवितामा प्रयुक्त शब्दको शुद्ध उच्चारण गर्न | • कविताको संरचना जनाउने तालिका<br>• शब्दपत्ती<br>• पाठ्य कविता<br>• कविता वाचनको अडियो तथा भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै राष्ट्रिय गीत गाउन सुरुआत गर्नुहोस् । शिक्षकसँगसँगै ताली बजाउँदै विद्यार्थीलाई पनि सो गीत गाउन लगाउनुहोस्, जस्तै :

नेपाली हामी रहौँला कहाँ नेपालै नरहे

उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे । ..........................

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले चार्ट पेपरमा लेखिएको पाठ्य कविता वा कविताको संरचना देखाउन मिल्ने गरी लेखिएको कविताको तालिका प्रस्तुत गर्नुहोस् ।

(आ) तालिकाकै माध्यमबाट यस कविताको संरचना (४ + ४ + ४ + २) रहेको र यो १४ अक्षरमा संरचित सवाई छन्दको कविता रहेको जानकारी गराउनुहोस् ।

(इ) यस कवितालाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ३ को प्रश्नसँग जोड्दै गति, यति र लय मिलाई वाचनका लागि प्रत्येक पङ्क्तिमा चौध चौध अक्षर रहेका र ती प्रत्येक पङ्क्तिको चार चार अक्षरमा तीन पटक अर्धविश्राम गर्दै अन्तिम दुई अक्षरमा पूर्ण विश्राम गरेर गाउन सिकाउनुहोस् ।

(ई) शिक्षकले कविताको आदर्श वाचन गरिदिनुहोस् वा श्रव्य तथा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी सोहीअनुसार विद्यार्थीलाई पनि अनुवाचन गराउनुहोस् ।

(उ) विद्यार्थीलाई पहिला कक्षागत रूपमा र पछि समूह समूहमा विभाजन गरेर तथा अन्त्यमा व्यक्तिगत रूपमा वाचन गर्न प्रेरित गर्नुहोस् र आवश्यक सहयोग पनि गर्नुहोस् ।

(ऊ) व्यक्तिगत वा सामूहिक लयबद्ध वाचन गर्ने क्रममा उक्त समूह वा व्यक्तिलाई उच्चारण गर्न कठिन भएका शब्द श्रोता समूहलाई टिपोट गर्न लगाउनुहोस् ।

(ऋ) टिपोट गरिएका शब्दहरू विद्यार्थीलाई सोध्नुहोस् र नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ए) टिपोट गरिएका शब्दलाई शैक्षणिक पाटीमा अक्षरीकरण गरेर देखाउनुहोस् र विद्यार्थीलाई उच्चारण अभ्यास गराउनुहोस्, जस्तै :

आस्था : /आस्.था/ स्वच्छ :/स्वच्. छ/ पदचिह्न : /पद्.चिन्.न्ह/

(ऐ) उच्चारणका क्रममा विद्यार्थीले गरेका त्रुटि पहिचान गर्नुहोस् र बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

(ओ) बोध र अभिव्यक्तिअन्तर्गतको अभ्यास न. १ मा रहेका शब्दको शुद्ध उच्चारणको अभ्यास गराउनुहोस् । आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

**(क) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) यस कवितामा कतिओटा श्लोक रहेका छन् ?

(आ) कविताका प्रत्येक पङ्क्तिमा कति कतिओटा अक्षर छन् ?

(ख) कविताको पहिलो र दोस्रो श्लोक गति, यति र लय मिलाई वाचन गर्न लगाउनुहोस् ।

(ग) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

देशभक्ति, कर्मभूमि, सञ्जीवनी, संस्कृति

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दार्थ (शब्द पहिचान)<br>• वाक्यमा प्रयोग | • निर्धारित अर्थ व्यक्त गर्ने शब्द पाठबाट पहिचान गर्न<br>• पर्यायवाची शब्द र अर्थ पहिचान गर्न<br>• विपरीतार्थी शब्द पहिचान गर्न<br>• अनुप्रास युक्त शब्द पहिचान गर्न<br>• निर्धारित शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | • शब्दार्थपत्ती, शब्दतालिका<br>• पर्यायवाची शब्दसूची<br>• विपरीतार्थी शब्दसूची<br>• आनुप्रासिक शब्दसूची<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई अन्त्यानुप्रास मिलेको कुनै एउटा कविता वा गीत गाएर सुनाउनुहोस् र त्यस्तै प्रकृतिको कविता वा गीत गाउन प्रेरित गर्नुहोस् । कवितामा के कारणले मिठास भरिएको छ भन्ने कुरा प्रश्नका रूपमा छोड्नुहोस् र यसै विषयमा पछि छलफल गरिने जानकारी गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई पाठ्य कविता एकपटक लयबद्ध गरी पढ्न लगाउनुहोस् ।

(आ) लयबद्ध वाचनपछि मौन पठन गर्न निर्देश गर्नुहोस् र अर्थ थाहा नभएका वा नयाँ शब्दहरू शब्दपत्तीमा टिपोट गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले टिपोट गरेका शब्दलाई गोजीतालिकामा देखाउनुहोस् । प्रस्तुत गरिएका शब्दको अर्थ खोज्न विद्यार्थीलाई नै प्रोत्साहन गर्नुहोस् ।

(ई) टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीले नै भनेमा स्याबासी दिनुहोस् । उनीहरूले भन्न नसकेका शब्दको अर्थ पहिचान गर्न सहयोग गर्नुहोस् । यसरी पहिचान गर्न सिकाउँदा पर्यायवाची शब्द, विपरीतार्थी शब्द, अनेकार्थी शब्द आदिका आधारमा शब्दार्थपत्तीका माध्यमबाट सिकाउनुहोस्, जस्तै :

कर्मभूमि = काम गर्ने ठाउँ        पदचिह्न = पाइलो

(उ) शब्दको अर्थ सिकाउँदा स्थानीय वस्तु तथा चित्रको प्रयोग र आवश्यकताअनुसार हाउभाउको पनि उपयोग गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । शब्दार्थका लागि पाठसँग सम्बन्धित विभिन्न शब्दहरू टिपोट गर्न लगाउनुहोस् । पालैपालो एक समूहले अर्को समूहलाई शब्द सोधी अर्थ भन्न लगाउनुहोस् । यस क्रियाकलापलाई प्रतियोगितात्मक ढङ्गले पनि सञ्चालन गर्न सक्नुहुने छ ।

(ऋ) शब्दार्थकै क्रममा छलफलमा आएका विभिन्न शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गरिएका शब्दलाई कक्षाकोठामा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ए) यो अभ्यास विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी वाक्यपत्तीमा लेख्न लगाएर वा व्यक्तिगत रूपमा शैक्षणिक पाटीमा लेख्न लगाएर पनि अभ्यास गराउन सक्नुहुने छ । यसै क्रियाकलापसँग जोडी शब्दभण्डार खण्डको अभ्यास न. ५ का शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् ।

(ऐ) शब्दभण्डार खण्डको अभ्यास न. १ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र दिइएका अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् । यसका लागि शिक्षकले शब्दतालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस्, जस्तै :

| | |
|---|---|
| मनमा हुने कल्पना | भावना |
| राष्ट्रभक्ति | देशभक्ति |
| भाषा, धर्म, चालचलनको समग्र रूप | संस्कृति |
| घर, बाटो आदि निर्माण गर्न उपयोग गरिने पत्थर | ढुङ्गो |
| औषधीका काममा आउने बुटा वा जरा | जडीबुटी |

(ओ) शब्दभण्डार खण्डको अभ्यास न. २ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र दिइएका शब्द र उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउन लगाउनुहोस् । यसका लागि शिक्षकले शब्दार्थतालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस्, जस्तै :

| | |
|---|---|
| मन | दिल |
| धर्ती | पृथ्वी |
| आमा | जननी |
| मान्छे | मानव |
| देश | मुलुक |
| हावा | पवन |

(औ) शब्दभण्डार खण्डको अभ्यास न. ३ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र दिइएका शब्दको विपरीत अर्थ दिने शब्द कोठेपदबाट पहिचान गरी लेख्न लगाउनुहोस् । यसका लागि शिक्षकले शब्दार्थतालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस्, जस्तै :

| | |
|---|---|
| शिर | पाउ |
| टाढा | नजिक |
| माया | घृणा |
| एक | अनेक |
| जोर | बिजोर |

खराब असल

(अं) शब्दभण्डार खण्डको अभ्यास न. ४ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र निर्देशानुसारका अनुप्रासयुक्त शब्द पहिचान गर्न लगाउनुहोस् । यसका लागि अगि कक्षामा पस्नासाथ आफूले गीत वा कविता गाएको सन्दर्भलाई जोडी उक्त कविता वा गीतलाई तिनै अनुप्रास (उस्तै सुनिने) युक्त शब्दले मिठास दिएको कुरा बताउँदै त्यस्तै खालका लय मिल्ने शब्द पाठबाट खोजेर लेख्न प्रेरित गर्नुहोस्, जस्तै :

हुन्छ छुन्छ

हुन जून

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको अर्थ लेख्न लगाउनुहोस् :

आस्था, भावना, जडीबुटी

(ख) दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

माया, एकता, काम, फूल, अन्धकार

(ग) दिइएका शब्दको उस्तै अर्थ दिने अर्को शब्द लेख्न लगाउनुहोस् :

देशभक्ति, जननी, दिल

(घ) दिइएका शब्दको उल्टो अर्थ दिने शब्द लेख्न लगाउनुहोस् :

घृणा, पाउ, बिजोर

(ङ) पाठबाट लय मिल्ने उस्तै शब्द खोजी भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कविता पूरण<br>• प्रश्नोत्तर<br>• अनुलेखन | • कविताको अंश पूरा गर्न<br>• निर्दिष्ट प्रश्नको निश्चित ढाँचामा मौखिक र लिखित माध्यमबाट उत्तर भन्न र लेख्न<br>• कविताका निर्दिष्ट श्लोक अनुलेखन गर्न | • कविताका अपूरा अंश<br>• प्रश्नसूची<br>• उत्तर लेखनका नमुना सूची<br>• कविताका श्लोकपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो लोकगीत सुनाएर सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ तर्फ विद्यार्थीलाई केन्द्रित गर्नुहोस् र कविताको अपूरा अंश पढ्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई मूल पाठतर्फ केन्द्रित गर्नुहोस् र कविताका उक्त खाली अंशलाई पूरा गर्ने अभ्यास गराउनुहोस् ।

(इ) यसै किसिमका अन्य थप अभ्यास गराई विद्यार्थीलाई अभ्यस्त गराउनुहोस् । यसका लागि कविताका अन्य श्लोकका केही शब्द हटाई तयार गरिएका कविताका अपूरा अंशको सूचीपत्र प्रदर्शन गरी त्यसलाई पूरा गर्ने अभ्यास गराउनुहोस् ।

(ई) अब विद्यार्थीलाई कविताको मौन पठन गर्न निर्देश गर्नुहोस् ।

(उ) विद्यार्थीलाई कविताका श्लोक सङ्ख्याका आधारमा समूहमा विभाजन गर्नुहोस् ।

(ऊ) शिक्षकले पाठ्य कविताका विभिन्न श्लोकमा आधारित भएर तयार पारेका प्रश्नसूची प्रस्तुत गरी उत्तर भन्न र लेख्न तयार गराउनुहोस् । उनीहरूलाई छोटो उत्तर लेखन र सङ्क्षिप्त उत्तर मौखिक रूपमा दिनका लागि नमुना उत्तर प्रदर्शन गरी  अभ्यास गराउनुहोस् ।

**मौखिक प्रश्नोत्तरको नमुना**

(क) हामी धर्तीलाई के भन्छौँ ?

उत्तर : हामी धर्तीलाई आमा भन्छौँ ।

(ऋ) यसै नमुनाका आधारमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा निर्दिष्ट प्रश्नको पूर्ण संरचनासहितको मौखिक उत्तर दिन अभ्यास गराउनुहोस् ।

(ए) शिक्षकले पाठ्य कविताका विभिन्न श्लोकमा आधारित भएर तयार पारेका प्रश्नसूची प्रस्तुत गरी उत्तर लेख्न तयार गराउनुहोस् । उनीहरूलाई सङ्क्षिप्त उत्तर लेखनका लागि नमुना प्रस्तुत गरी अभ्यास गराउनुहोस् ।

**उत्तर लेखनको नमुना**

(क) हाम्रो मन के हुँदा रमाउँछ ?

उत्तर : हाम्रो मन देशलाई सगरमाथाको देशका रूपमा चिनाउन पाउँदा रमाउँछ । सञ्जीवनी बुटी पाइने देशका रूपमा चिनाउन पाउँदा रमाउँछ । नेपाली प्रकृति र नेपाली संस्कृतिमा रमाउँछ । नेपालको भौगोलिक विविधता र प्रकृतिमा रमाउँछ ।

(ऐ) दिइएको नमुनाका आधारमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा निर्दिष्ट प्रश्नको पूर्ण संरचनासहितको लिखित उत्तर दिन अभ्यास गराउनुहोस् । **(पूर्ण संरचनाको उत्तर भन्नाले : प्रश्न र उत्तरको सोझो सम्बन्ध भएको उत्तर भन्ने बुझ्नुपर्छ । यस्ता उत्तरमा कर्ता, कर्म र क्रियापदको व्याकरणिक संरचना रहेको राम्रो मानिन्छ ।)**

(ओ) विद्यार्थीलाई कविताको कुनै श्लोक लेखिएको पत्ती एक एकओटा उपलब्ध गराई आआफूले प्राप्त गरेको पत्तीमा लेखिएका श्लोकको अनुलेखन गराउनुहोस् । अनुलेखन गर्दा दिइएको पद्यांश वा गद्यांशको वर्णविन्यास तथा

लेख्यचिह्नलाई जस्ताको तस्तै ख्याल गरेर हुबहु लेख्नुपर्ने कुरा सिकाउनुहोस् । नेपाली अक्षर राम्रो पारेर लेख्ने तरिका उदाहरणसहित शैक्षणिक पाटीमा लेखेर सिकाउनुहोस् ।

**नेपाली अक्षर राम्रो पारेर लेख्ने तरिका**

- हरेक वर्णलाई सिधा लेख्ने
- डिको दिएर लेख्ने
- एक वर्णले अर्को वर्णलाई नछोई लेख्ने
- अक्षर दायाँबायाँ नढल्काई सिधा पारेर लेख्ने
- वर्ण वर्ण तथा शब्द शब्दबिचको दूरी समान पार्ने

(औ) अनुलेखन गरिसकेपछि विद्यार्थीको उत्तरपुस्तिका एकअर्कामा साटासाट गर्न लगाउनुहोस् । शिक्षकले प्रदान गरेको श्लोकपत्तीमा जस्तै गरी लेख्यचिह्न, वर्णविन्यास र पञ्चमवर्णको ख्याल गरी सारे नसारेको कुरा पहिचान गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका प्रश्नको पहिला मौखिक र पछि लिखित उत्तर दिन लगाउनुहोस् :

(अ) हाम्रा धन के के हुन् ?

(आ) जडीबुटी कहाँ पाइन्छ ?

(इ) आफूभन्दा प्यारो के हुन्छ ?

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ ले निर्देश गरेअनुसार कविताको तेस्रो श्लोक अनुलेखन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • गद्यमा रूपान्तरण<br>• आशय वर्णन<br>• विषयवस्तु तथा मूल भाव वर्णन | • कविताका निर्दिष्ट श्लोकलाई गद्यमा रूपान्तरण गर्न<br>• पाठ्य कविताको आशय वर्णन गर्न<br>• कविताका विभिन्न श्लोकको भाव वा विषयवस्तु प्रस्तुत गर्न | • गद्य रूपान्तरणको नमुना<br>• आशय वर्णन तथा मूल भावको नमुना पत्र |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो गीत वा कविताको श्लोक वाचन गरी वा गर्न लगाई विद्यार्थीलाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले कविताका केही पङ्क्ति अलग अलग लेखिएको सूची प्रस्तुत गर्नुहोस् र गद्यमा रूपान्तरण गर्ने तरिकाबारे छलफल गराउनुहोस् ।

(आ) सूचीमा प्रदर्शन गरिएका मध्ये कुनै एक हरफलाई शिक्षकले शैक्षणिक पाटीमा गद्यमा रूपान्तरण गरेर देखाउनुहोस् । जस्तै :

**गद्य रूपान्तरण**

प्रश्न : धर्तीलाई आमा भन्ने भावना छ हाम्रो

उत्तर : हाम्रो भावना धर्तीलाई आमा भन्ने छ ।

(इ) गद्यमा रूपान्तरण गर्दा सरल प्रकृतिका वाक्य बनाउन सिकाउनुहोस् । वाक्यलाई कर्ता, कर्म र क्रियाकै संरचनामा संरचित गर्न सिकाउनुहोस् । कविताका श्लोकमा भएकै शब्दबाट वाक्य निर्माण गराउनुहोस् र आवश्यक परेमा मात्र केही शब्द थप्न सिकाउनुहोस् ।

(ई) विद्यार्थीलाई श्लोकसूची दिई उक्त श्लोकलाई गद्यमा रूपान्तरण गर्न लगाउनुहोस् र शिक्षकले अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् ।

(उ) शिक्षकले यस कविताले के आशय वा भाव व्यक्त गरेको छ भनी मौखिक प्रश्न गर्नुहोस् र विद्यार्थीबाट आएको उत्तरलाई शैक्षणिक पाटीमा बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

(ऊ) विद्यार्थीबाट आएको उत्तरलाई संयोजन गरी शिक्षकले यस कविताले व्यक्त गरेको मूल भावलाई मौखिक रूपमा व्यक्त गर्नुहोस् ।

(ऋ) आशय वर्णन भनेको कविताका श्लोकले उठान गरेका विषयलाई विभिन्न तर्क, उदाहरण वा सन्दर्भले पुष्टि गर्दै लेख्ने कार्य हो भन्ने जानकारी दिई लेख्न सिकाउनुहोस् ।

(ए) कक्षा पाँचका विद्यार्थीलाई एकै अनुच्छेदमा आशय वर्णन गर्न सिकाउँदै कुनै एउटा श्लोकको आशय वा मूल भाव व्यक्त गरिएको एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**आशय वर्णन**

**आफूभन्दा प्यारो हुन्छ आफ्नो जन्मभूमि**
**बाल वेला यहीँ खेल्यौँ यही धर्ती चुमी ।**

**उत्तर** : जन्मभूमि भनेको आफू जन्मेको ठाउँ वा देश हो । जन्मभूमि र जन्म दिने आमालाई समान महत्त्वका दृष्टिले हेरिन्छ । जसरी आमालाई सबैभन्दा बढी माया गरिन्छ त्यसरी नै जन्मभूमिलाई पनि माया गर्नुपर्छ । यही जन्मभूमिमा हामीले जन्मनासाथ पाइला टेकेका हुन्छौँ । यहीँको माटाले हामीलाई हिँड्न सिकाउँछ । यहीँ फलेको अन्न खाएर हामी बाँच्न सक्छौँ । हामी सानो हुँदा यही धर्तीमा खेल्दै हुर्केका हौँ । यसकारण हामीले यस धर्तीलाई सम्मान गर्नुपर्छ ।

(ऐ) विद्यार्थीलाई कविताबाट यस्तै प्रकृतिका विभिन्न श्लोक दिई बढाएर भन्न र लेख्न लगाउनुहोस् ।

(ओ) विद्यार्थीबाट आएका उत्तर समावेश गरी कुनै पङ्क्तिको आशय वर्णन गरी प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक छलफल गराई सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ ले निर्देश गरेबमोजिम निर्दिष्ट पङ्क्तिलाई गद्यमा लेख्न लगाउनुहोस् ।

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ ले निर्देश गरेबमोजिम तलका पङ्क्तिको आशय वर्णन गर्न लगाउनुहोस् ।

नेपालीको मनभित्र नेपाल नै हुन्छ
देशभक्ति भावनाले नेपाल नै छुन्छ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विचार लेखन<br>• भाषिक प्रकार्य (विषयवस्तु प्रस्तुतीकरण) | • कविताले व्यक्त गरेको विचार लिखित रूपमा प्रस्तुत गर्न<br>• निर्दिष्ट विषयवस्तुको प्रस्तुतीकरण गर्न | • विचार लेखनको नमुना<br>• विषयवस्तु प्रस्तुतीकरणको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो लोकगीत सुनाएर विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् । विद्यार्थीलाई पनि प्रतिभा प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) पाठ्य कवितालाई मौन पठन गर्न लगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा गरेका मूल भावसम्बन्धी छलफल र मौन पठनका आधारमा कविताका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले टिपोट गरेका मुख्य मुख्य विषयवस्तुलाई बुँदागत रूपमा भन्न लगाउनुहोस् र कविताले व्यक्त गरेको विचार मौखिक रूपमा प्रस्तुत गर्न लगाउनुहोस्, जस्तै :

**नेपाल नै राम्रो कविताले व्यक्त गरेको विचार**

नेपाल प्रकृति र संस्कृतिले भरिपूर्ण छ । यहाँका भाषा, वेश, चालचलन राम्रा छन् । यहाँका मठ मन्दिर, ढुङ्गामाटो, नदीनाला, वनजङ्गल आदि हाम्रा अमूल्य सम्पत्ति हुन् । संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथा पनि हाम्रै देशमा छ । यी विविध पक्षले नेपालमै सुन्दर मुलुक भएकाले नेपाल नै राम्रो भनिएको

हो ।

(ई) विद्यार्थीले टिपोट गरेका विषयवस्तुलाई समावेश गर्दै आवश्यक कुरा थपेर मुख्य विचार लेखनका सम्बन्धमा प्रस्ट पारिदिनुहोस् । शिक्षक आफूले तयार पारी ल्याएको विचार लेखनको नमुना प्रदर्शन गरी त्यस्तै तरिकाबाट बोध र अभिव्यक्ति खण्डको अभ्यास १० ले निर्देश गरेबमोजिम विचार लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ ले निर्देश गरेबमोजिमको भाषिक प्रकार्यतर्फ प्रेरित गर्नुहोस् ।

**भाषिक प्रकार्यको परिचय**

सन्दर्भ र परिवेशअनुसार भाषाको प्रयोग गर्ने व्यावहारिक सिप नै भाषिक प्रकार्य हो । यसले विद्यार्थीको बोलाइ तथा अभिव्यक्ति सिपलाई निखार्ने काम गर्छ । कुराकानी, छलफल, प्रश्नोत्तर, अभिनय तथा अवस्था र व्यक्तिअनुसार भाषाको प्रयोग गर्न सिकाउनु यसको प्रमुख उद्देश्य हो । अभिव्यक्ति अभ्यासबाट बानी निर्माण गरेर सिकाउँदा मानसिक र शारीरिक दुबै पक्षको उपयोग हुन्छ । यसबाट भाषिक सिपको विकास प्रभावकारी रूपमा हुने भएकाले जीवन उपयोगी बनाउन सकिन्छ । त्यसैले भाषिक प्रकार्यको शिक्षण गर्दा अन्तरक्रिया, संवाद, अभिनय, कुराकानी, वक्तृता जस्ता अभिव्यक्ति कला र शैलीको प्रयोग गर्नुपर्छ ।

भाषिक प्रकार्यको अभ्यासका लागि कक्षा ५ का हरेक पाठका अभ्यासमा कुनै सन्दर्भ दिएर खोज तथा प्रस्तुति, समय पालना, उत्साह, कृतज्ञता, आदर्श अनुकरण, स्वअनुशासन, स्वसंस्कृति वर्णन, नेतृत्व, रुचि र बानी, सद्भाव, समस्या समाधान, उत्प्रेरणा, अनुभव वर्णन, स्वज्ञानको प्रयोग र सहकार्य जस्ता अभिव्यक्तिमूलक अलग अलग अभ्यास राखिएका छन् । तिनै सन्दर्भमा आधारित भई विद्यार्थीलाई शिक्षकले मौखिक अभिव्यक्तिको अभ्यास गराउनुपर्छ । मौखिक अभिव्यक्तिबाट नै यसको मूल्याङ्कन गर्न सकिएन भने पाठ्यक्रमको अपेक्षा पूरा गर्न सकिँदैन तसर्थ यसमा विविध सन्दर्भअनुसार भाषिक अन्तरक्रियाको प्रयोगपरक प्रस्तुति गराउनु वाञ्छनीय हुन्छ ।

(ऊ) विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी समूह नेता छान्नुहोस् । यस कार्यका लागि विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ मा दिइएको सन्दर्भ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् र ध्यानपूर्वक पढ्न लगाउनुहोस् ।

(ऋ) प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहभित्र छलफल गरेर धारणा बनाउन उत्प्रेरित गर्नुहोस् ।

(ए) डोल्माले विषयवस्तुको वर्णन गरे जस्तै कार्य गर्नका लागि सबै विद्यार्थीलाई एक एकओटा रचना उपलब्ध गराई उक्त रचना पढ्न दिनुहोस् ।

(ऐ) रचना पढ्दा पुस्तकको नाम, पाठको शीर्षक, लेखक, प्रकाशक, विषयवस्तु र सन्देशलाई ख्याल गरी पढ्न निर्देश गर्नुहोस् ।

(ओ) विद्यार्थीले रचना पढिसकेपछि शिक्षकले कुनै एउटा कृतिको वर्णन गरिएको नमुना प्रदर्शन गर्नुहोस् ।

| पुस्तकको विवरण |
|---|
| नमस्कार ! |
| मेरो नाम ................ हो । अहिले म कक्षा पाँचमा पढ्दै छु । आज मलाई गुरु/गुरुआमाले एउटा बालपुस्तक पढ्न दिनुभएको छ । यसको विवरण यसप्रकार रहेको छ : |
| पुस्तकको नाम : |
| पाठको शीर्षक : |
| प्रकाशक : |
| विषयवस्तु : |
| आशय वा सन्देश : |

(औ) विद्यार्थीलाई उक्त नमुनाका आधारमा आआफूले अध्ययन गरेका रचनाको विषयवस्तु पालैपालो वर्णन गर्न लगाउनुहोस् । विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, वाक्य गठन, शैली, पदसङ्गतिका बारेमा छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

(अं) भाषिक व्यवहारमा कमजोर देखिएका विद्यार्थीलाई थप अवसर प्रदान गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) कविताको मूल सन्देश वा विचार मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् ।

(ख) नेपाल नै राम्रो कविताको विषयवस्तु वर्णन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना (नाम शब्दको पहिचान र प्रयोग) | • निर्दिष्ट प्रश्नमा आधारित भई नाम शब्दको पहिचान र प्रयोग गर्न | • शब्दपत्ती<br>• अनुच्छेदपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कक्षामा प्रवेश गर्नासाथ कक्षाका केही विद्यार्थीको नाम उच्चारण गरी सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् । ती समूहलाई व्यक्ति, जाति, समूह, द्रव्य र भाव समूह भनी नामकरण गर्नुहोस् । हरेक समूहबाट आफ्नो समूहका साथीहरूको नाम भन्न लगाउनुहोस् ।

(आ) शिक्षकले व्यक्ति वाचक, जाति वाचक, समूह वाचक, द्रव्य वाचक र भाव वाचक नाम शब्दको प्रयोग भएका अलग अलग स्वतन्त्र अनुच्छेद निर्माण गरी विद्यार्थीका प्रत्येक समूहलाई उपलब्ध गराउनुहोस् । यसका लागि प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गर्नुहोस् ।

(इ) प्रस्तुत गरिएको अनुच्छेदबाट उदाहरणका रूपमा अलग अलग तालिकामा केही व्यक्ति वाचक, जाति वाचक, समूह वाचक, द्रव्य वाचक र भाव वाचक नाम शब्द शिक्षकले टिपोट गरेर देखाउनुहोस्, जस्तै :

| व्यक्तिवाचक नाम | जातिवाचक नाम | समूहवाचक नाम | द्रव्यवाचक नाम | भाववाचक नाम |
|---|---|---|---|---|
| अरूण | नदी | ताँती | नुन | दया |
| कमल | जनावर | हुल | तेल | माया |
| अन्नपूर्ण | हिमाल | बथान | सुन | करुणा |

(ई) बाँकी नाम शब्द विद्यार्थीलाई आआफ्नो समूहअनुसारका नाम शब्द माथिको तालिकाबमोजिम टिपोट गरी तालिकीकृत गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले तालिकीकृत गरेका शब्द समूहलाई प्रदर्शनी पाटीमा टाँसी प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गराउनुहोस् ।

(ऊ) विद्यार्थी समूहलाई भाषिक संरचनाको अभ्यास १ तर्फ केन्द्रित गरी आआफ्नो समूहको नामअनुसारको नाम शब्दलाई सूचीकृत गर्न निर्देश दिनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई भाषिक संरचनाको अभ्यास २ तर्फ केन्द्रित गरी व्यक्तिगत रूपमै दशओटा नाम शब्द पहिचान गरी चार्टपेपरमा लेख्न लगाउनुहोस् ।

(ए) नाम शब्द लेखिएको चार्टपेपर प्रदर्शनी पाटीमा टाँसी प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऐ) आवश्यकतानुसार थप अभ्यास गराई व्यक्ति वाचक, जाति वाचक, समूह वाचक, द्रव्य वाचक र भाव वाचक नाम शब्दसम्बन्धी धारणा प्रस्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएको अनुच्छेदबाट व्यक्ति वाचक, जाति वाचक, समूह वाचक, द्रव्य वाचक र भाव वाचक नाम शब्द पहिचान गरी अलग अलग तालिकामा टिपोट गर्न लगाउनुहोस् :**

हामी ओखर टिप्न जङ्गलमा गएका थियौँ । त्यहाँ लखन र रमिला पनि आइपुगे । उनीहरू कमिलाका ताँती देखेर डराए । रोहन चाहिँ भेडाका बथान देखेर रमायो । म कुम्भकर्ण हिमालको दृश्यमा हराएँ । हिमालको हिउँ पग्लेर नदी बनी बग्छ भनेको सुनेको थिएँ । हामी त्यहाँको माटामा खेल्यौँ । एकअर्कामा स्नेह र प्रेम साटासाट गर्‍यौँ अनि घर फर्केर तरकारीको तातो रस पियौँ । आजको तरकारीमा नुन अलि कम रहेछ ।

| व्यक्तिवाचक नाम | जातिवाचक नाम | समूहवाचक नाम | द्रव्यवाचक नाम | भाववाचक नाम |
|---|---|---|---|---|
| ................ | ................ | ................ | ................ | ................ |
| ................ | ................ | ................ | ................ | ................ |
| ................ | ................ | ................ | ................ | ................ |

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना (सर्वनाम शब्दको पहिचान र प्रयोग) | • निर्दिष्ट प्रश्नमा आधारित भई सर्वनाम शब्दको पहिचान र प्रयोग गर्न | • शब्दपत्ती<br>• अनुच्छेदपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षक र विद्यार्थीले सँगसँगै निर्दिष्ट कवितालाई लयमा गाउनुहोस् र कक्षामा सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् :

आज हामी सिक्छौँ साथी के हो सर्वनाम
नामको सट्टा प्रयोग गरी लिन्छौँ ठुलो काम ।
दोहोरिने भयो भने पटक पटक नाउँ
ती नाउँको सट्टा लिन्छ सर्वनामले ठाउँ ।

(आ) उक्त कविताका हरफसँग जोड्दै आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) सर्वनाम शब्द प्रयोग भएको दुईओटा अनुच्छेद प्रस्तुत गर्नुहोस् । एउटा अनुच्छेदमा नाम शब्द दाहोरिएको होस् भने अर्कोमा त्यही नाम शब्दको सट्टामा सर्वनाम शब्दको प्रयोग भएको होस् । यसका लागि प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गर्नुहोस्, जस्तै :

| सर्वनामको प्रयोग नगर्दा | सर्वनामको प्रयोग गर्दा |
|---|---|
| रसिला दैनिक गृहकार्य गर्छिन् । रसिला आमाबुबाकी प्यारी छोरी हुन् । रसिलाले घरको काममा सहयोग गर्छिन् । रसिलालाई साथीले पनि मन पराउँछन् । साथीहरू विद्यालय गए । साथीले व्याकरण पढे । शिला पुस्तकालय जाऊ । शिला पढेर बस । | रसिला दैनिक गृहकार्य गर्छिन् । उनी आमाबुबाकी प्यारी छोरी हुन् । उनले घरको काममा सहयोग गर्छिन् । उनलाई साथीले पनि मन पराउँछन् । साथीहरू विद्यालय गए । उनीहरूले व्याकरण पढे । शिला पुस्तकालय जाऊ । तिमी पढेर बस । |

(आ) उदाहरणमा जस्तै सर्वनाम प्रयोग गर्न सकिने अन्य अनुच्छेद तयार पारी विद्यार्थीलाई अभ्यासका प्रशस्त अवसर प्रदान गर्नुहोस् ।

(इ) सर्वनाम शब्द प्रयोग गर्न दिइएका उक्त अनुच्छेदमा प्रयुक्त सर्वनाम शब्दमाथि छलफल गरी ती शब्द शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्यार्थीलाई टिपोट गरिएका सर्वनाम शब्दको आधारमा यसका मूलभूत धारणा सिकाउनुहोस् ।

(ई) शिक्षकले टिपेकै प्रकृतिका अन्य सर्वनाम शब्द खोजी गरेर प्रस्तुत गर्न लगाउनुहोस् ।

(उ) शिक्षकले शैक्षणिक पाटीमा विभिन्न सर्वनाम शब्द लेखिदिनुहोस् र विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

(ऊ) निम्नअनुसारका वाक्य लेखी नामको पुनरावृत्ति हुन नदिन सर्वनाम शब्दको प्रयोग गरिएको कुरा सिकाउनुहोस् :

मोहन पुस्तकालय गयो । उसले पुस्तकालयमा कथाका पुस्तक पढ्यो ।

उल्लिखित वाक्यमध्ये दोस्रो वाक्यमा आएको 'उसले' शब्द मोहनका सट्टामा आएको र यसले नामको पुनरावृत्तिलाई रोकेको जानकारी दिनुहोस् ।

(ऋ) शिक्षकले विभिन्न सर्वनाम शब्द शैक्षणिक पाटीमा लेखिदिनुहोस् र विभिन्न ठाउँमा नामको पुनरावृत्ति भएका अनुच्छेदहरू लेखी ती नामको सट्टामा सर्वनामको प्रयोग गर्न विद्यार्थीलाई लगाउनुहोस्, जस्तै :

बुबा बजार जानुभयो । बुबाले नयाँ कपडा किन्नुभयो । दिदी खुसी हुनुभयो । दिदी नयाँ कपडामा सजिनुभयो । भाइ पनि खुसी भयो । भाइ त नाच्न पो थाल्यो ।

(ए) विद्यार्थीले सर्वनाम शब्दको प्रयोग गरेका वाक्य जाँच्नुहोस् र आवश्यकताअनुसार थप सहजीकरण गर्नुहोस् ।

(ऐ) सङ्ख्याका आधारमा विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । सबै समूहलाई कार्डबोर्ड दिनुहोस् । त्यसमा निश्चित समयभित्र सर्वनाम शब्द लेखेर वाक्यमा प्रयोग गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

(ओ) समूह कार्यको अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दमध्ये सर्वनाम शब्द छानेर लेख्न लगाउनुहोस् :

कमल, ऊ, हामी, बिपना, सञ्जय, तिमी, महेश, उनी, त्यो, अनुप, तपाईं

(ख) भाषिक संरचनाअन्तर्गतको ३ र ४ का अभ्यास गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • ह्रस्व इकार भएका शब्दको पहिचान र प्रयोग | • शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार भएका शब्दको पहिचान र प्रयोग गर्न | • ह्रस्व इकार भएका शब्दसूची<br>• अनुच्छेदपत्ती र शब्दकोश |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै विद्यार्थीलाई चुट्किला सुनाउन लगाउनुहोस् र सिकाइका लागि कक्षामा ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार लागेका शब्द प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस्, जस्तै :

दिदीले पछाडिबाट आँखा छोपेपछि हरि आत्तिएर चिच्यायो । त्यति नै वेला रिपलाल आइपुगेर उसको चिनारी गराइदिए ।

(आ) शिक्षकले उदाहरणका रूपमा शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार प्रयोग भएका शब्द तालिकामा टिपेर देखाइदिनुहोस्, जस्तै :

| ह्रस्व इकार | | |
|---|---|---|
| शब्दको सुरुमा | शब्दको बिचमा | शब्दको अन्त्यमा |
| किताब, इनार | रसिलो, आइन् | हरि, ज्वाइँ |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |

(इ) शिक्षकले टिपेकै प्रकृतिका अन्य शब्द यसरी नै तालिकीकृत गर्न विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

(इ) विद्यार्थीले शब्द टिपोट गर्दा शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(उ) शब्दकोशको प्रयोग गरेर विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार लागेका शब्द टिप्न सिकाउनुहोस् । यसका लागि पनि माथिकै जस्तो तालिका प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गर्नुहोस् । सबै समूहलाई एक एकओटा अनुच्छेद दिई तोकिएको अनुच्छेदबाट एउटा समूहलाई शब्दको सुरु, दोस्रो समूहलाई शब्दको बिच र तेस्रो समूहलाई शब्दको अन्त्यमा ह्रस्व इकार भएका शब्द टिपोट गर्ने जिम्मा तोकिदिनुहोस् ।

(ए) विद्यार्थीले टिपोट गरेका शब्दलाई प्रदर्शनी पाटीमा प्रदर्शन गर्न लगाई छलफल गर्ने मौका दिनुहोस् ।

(ऐ) शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार लागेका र नलागेका मिश्रित शब्दपत्ती छ्यासमिस गरी राख्नुहोस् । निश्चित समय दिएर विद्यार्थीलाई पालैपालो शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार लागेका र नलागेका शुद्ध शब्दका पत्ती पहिचान गरी अलग अलग ठाउँमा राख्न लगाउनुहोस् ।

(ओ) विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार लागेका पाँच पाँचओटा शब्द लेख्न लगाउनुहोस् ।

(ख) भाषिक संरचनाको अभ्यास ५ ले निर्देश गरेबमोजिम दिइएका शब्दलाई तालिकामा लेख्न लगाउनुहोस् :

| ह्रस्व इकार | | |
|---|---|---|
| शब्दको सुरुमा | शब्दको बिचमा | शब्दको अन्त्यमा |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• मौखिक प्रश्नोत्तर<br>• श्रुतिलेखन | • सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>• श्रुतिलेखन गर्न | • सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची<br>• नमुना उत्तर<br>• सुनाइ अनुच्छेद |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै विद्यार्थीलाई गीत गाउन लगाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् ।

(आ) सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । यस किसिमका प्रश्नको उत्तर दिँदा पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरामा सचेत गराउनुहोस् । जस्तै :

प्रश्न : तिम्रो नाम के हो ?

उत्तर : मेरो नाम राम हो ।

**(पूर्ण संरचनाको उत्तर भन्नाले : प्रश्न र उत्तरको सोझो सम्बन्ध भएको उत्तर भन्ने बुझ्नुपर्छ । यस्ता उत्तरमा कर्ता कर्म र क्रियापदको व्याकरणिक संरचना रहेको राम्रो मानिन्छ ।)**

(इ) यसका साथै सुनाइ पाठ ध्यानपूर्वक सुन्नुपर्ने, प्रश्नको निर्धारित संरचनामा आधारित रही उत्तर दिने कुरा विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

(ई) विद्यार्थीलाई सुनाइ पाठ एक सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ १ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ ।

(उ) पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(ऊ) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गत अभ्यास १ मा दिइएको निर्देशानुसार मौखिक रूपमा अभ्यास गर्न लगाउनुहोस्, जस्तै :

| | |
|---|---|
| नेपाली झन्डा चन्द्र र सूर्य अङ्कित छ । | ठिक |
| साथीहरूसँग मिठो बोली बोल्नुपर्छ । | ठिक |
| हिमाली छाया फरक फरक हुन्छ । | बेठिक |
| नेपाली पानीसँग रगतको सम्बन्ध छैन । | बेठिक |

(ऋ) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(ए) विद्यार्थीलाई अभ्यास २ तर्फ केन्द्रित गर्नुहोस् र सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनःस्मरण गराउनुहोस्, जस्तै :

प्रश्न : नेपाली झन्डा झुके के हुन्छ ?

उत्तर : नेपाली झन्डा झुके चन्द्र र सूर्य पनि झुक्छन् ।

(ऐ) सुनाइ पाठका आधारमा विभिन्न प्रश्नका चिट्ठा निर्माण गर्नुहोस् ।

(ओ). विद्यार्थीलाई चिट्ठा टिप्न लगाई आफूलाई परेको प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(औ) विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(अं) सुनाइ पाठ १ का अन्तिम दुई पङ्क्ति विद्यार्थीलाई सुन्दै लेख्न लगाउनुहोस् । विद्यार्थीका कार्य अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) सुनाइ पाठ १ अन्तर्गत रहेका अभ्यास १ र २ का क्रियाकलाप गराउनुहोस् ।

(ख) सुनाइ पाठ १ को श्रुतिलेखन गराउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## एघारौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जनात्मक कार्य (कविता पूरण, तयारी र प्रस्तुति) | • उपयुक्त शब्द राखी कविता पूरण गर्न | • अपूर्ण कवितांश<br>• शब्द समूह |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई आँखा बन्द गर्न लगाउनुहोस् । लामो सास तान्दै छोड्न लगाउनुहोस् । केही समय यो अभ्यासलाई दोहोऱ्याउनुहोस् र अन्त्यमा विद्यार्थीलाई ताली बजाउन लगाएर सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले सिर्जनात्मक कार्यमा दिइएको कविताको अंश लेखिएको चार्ट प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् । त्यस कवितामा अपूरा रहेका अंशलाई पूरा गरी कविताको सिङ्गो संरचना तयार गर्नुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् ।

(इ) उक्त चार्टपेपरमा कविताको पुनर्लेखन गर्दै खाली ठाउँमा उपयुक्त शब्द छनोट गरी भर्नुपर्ने जानकारी गराउनुहोस् । खाली ठाउँ भर्नका लागि शब्द समूह पनि प्रदर्शनी पाटीमा प्रदर्शन गरिदिनुहोस् ।

(ई) विद्यार्थीलाई समूहमा बसेर कविताको अंश पूरा गर्न समय निर्धारण गरिदिनुहोस् ।

(उ) विद्यार्थीले समूहमा बसेर काम गरे नगरेको निरीक्षण गरी समूह कार्यमा सक्रिय बनाउनुहोस् ।

(ऊ) समूह कार्य सकिएपछि विद्यार्थी समूहलाई पालैपालो अगाडि आएर आआफ्नो समूहको कार्य प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुति सकिएका समूहले तयार गरेको कविता प्रदर्शनी बोर्डमा टाँसी कविताको गति, यति, लय तथा संरचनाबारे थप छलफल गराउनुहोस् । साथै गति, यति र लय मिलाई कविता वाचन अभ्यास पनि गराउनुहोस् ।

(ऋ) आवश्यक भएमा शिक्षकले तयार पारी ल्याएको कवितापूरण तालिकासमेत उपयोग गर्नसक्नुहुने छ ।

(ए) यस्तै किसिमका अन्य थप कविता सङ्कलन गरी त्यसका केही अंश झिकेर कवितापूरण अभ्यास गराउनुहोस् र ती कविताको गति, यति र लय तथा संरचनाबारे छलफल गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) उपयुक्त शब्द छानी दिइएको कवितांश पूरा गर्न लगाउनुहोस् :

**शब्द : राम्रो बनी, खानलाई, स्कुल, ढिलो भयो, साथीसँग, चलाख**

आमा आमा ढिलो भयो ............. जानलाई
मिठो खाजा राखिदिनुस् दिउसो .............. ।
चट्ट परी ............. स्कुल जानुपर्छ
बाबा सधैँ भन्नुहुन्छ ..................... बन्नुपर्छ ।
.............. मिलिजुली पढ्न खेल्नलाई
आमा आमा ....................... स्कुल जानलाई ।

- सकला पण्डित

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

| पाठ : २ | नानीशोभा नर्सरी | |
|---|---|---|
| **विधा : कथा** | | **कार्यघण्टा : १२** |

**परिचय**

शाश्वत पराजुलीद्वारा लिखित 'नानीशोभा नर्सरी' सामाजिक कथा हो । 'कथा' साहित्यको लोकप्रिय विधा हो । कुनै पात्रसँग सम्बन्धित रमाइला घटना, सन्दर्भ आदिको वर्णन र मानव जीवनका अनुभूति कथामा समावेश गरिएको हुन्छ । कथामा भाषाको सरल सहज प्रस्तुति हुन्छ । कथा बालबालिकको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकासका लागि आधारका रूपमा रहेको हुन्छ । कथामा वाक्य गठनको सरलता हुने हुनाले भाषिक सिपको विकासमा यस विधालाई उपयोगी मानिन्छ । कथामा हुने रोचकता मनोरञ्जनात्मकता, कौतूहल र जीवनजगत्का विविध पक्षको प्रस्तुतीकरणले गर्दा विद्यार्थीमा भाषिक क्षमता अभिवृद्धि भई भाषिक सिपको विकासमा उल्लेख्य सहयोग पुग्छ ।

'नानीशोभा नर्सरी' कथाले छिमेकी छिमेकीबिचमा हुने सामान्य मनमुटाब र त्यसले परिवारलाई पार्ने असरलाई स्पष्ट देखाएको छ । समाजमा हुने यथार्थ घटनालाई यस कथाले चित्रण गरेको छ । मानिस सामाजिक प्राणी हो र उसका हरेक गतिविधिमा समाज तथा परिवारको सहयोग अपरिहार्य रहेको हुन्छ भन्ने कुरालाई यस कथाले देखाएको छ । कथा विधाको शिक्षण गर्दा सस्वर र मौन पठन, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, घटना वर्णन, घटनाक्रम मिलान आदि क्रियाकलापमा केन्द्रित हुनुपर्छ ।

प्रस्तुत पाठको शिक्षण गर्दा सुनाइ र बोलाइ सिपको विकासका लागि सुनाइ र प्रतिक्रिया, विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, तुलना, अनुमान, कल्पना, श्रुतिवर्णन, परिवेश वर्णन र निष्कर्ष प्रस्तुत गर्न सिकाउनुपर्छ । पढाइ सिपको विकासका लागि समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन, समूह पठन, स्वतन्त्र पठन,

पूर्वानुमान, प्रश्न निर्माण, प्रश्नोत्तर, संरचना, पात्र तथा घटना पहिचान र पाठको विषयबोध गर्न सिकाउनुपर्छ । लेखाइ सिपको विकासका लागि पात्र परिचय लेखन, घटनाक्रम मिलान, प्रश्नोत्तर, सारांश लेखन, सन्देश लेखन, भाव विस्तार, चित्र निर्माण, लिखित वर्णन, समानान्तर कथालेखन, श्रुतिलेखन र निर्देशित कथा लेखन सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा विशेषण शब्दको पहिचान र प्रयोग, दीर्घ ईकार (सुरु, बिच, अन्तिममा प्रयोग हुने शब्द) को पहिचान र प्रयोग गर्न सिकाउनुपर्छ । शब्दभण्डारमा अनुकरणात्मक शब्द पहिचान र प्रयोग, पाठगत शब्दको अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाउनुपर्छ । त्यसैगरी भाषिक प्रकार्यमा समय पालना सिकाउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ २ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ २ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | • चित्र पहिचान र छलफल<br>• सन्दर्भ पहिचान | • पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>• मूल पाठ खण्डमा समाविष्ट चित्र पहिचान र छलफल गर्न<br>• पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न | • पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर (सम्भव भएसम्म) | १ |
| **दोस्रो दिन** | • संरचना पहिचान<br>• सस्वर पठन<br>• शुद्धोच्चारण र शब्दार्थ<br>• बोध प्रश्नोत्तर | • कथाको संरचना पहिचान गर्न<br>• मूल पाठको अनुच्छेद १ देखि ५ सम्म सस्वर पठन<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • कथाको संरचना देखाउने तालिका<br>• शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• प्रश्नोत्तरको नमुना | १ |
| **तेस्रो दिन** | • सस्वर पठन र शुद्धोच्चारण | • मूल पाठको अनुच्छेद ६ देखि १७ सम्म सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका | • शब्दपत्ती<br>• शब्दार्थपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| | • शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना | |
| **चौथो दिन** | • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद १७ देखि बाँकी सबै अनुच्छेदको सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना | १ |
| **पाँचौँ दिन** | • मौन पठन<br>• शब्दार्थ<br>• अनुकरणात्मक शब्द पहिचान र प्रयोग ( **शब्द मिलान, वाक्य पूरण** ) | • पाठ्य कथा मौन पठन गर्न<br>• निर्धारित अर्थ बुझाउने शब्द पहिचान गरी लेख्न<br>• अनुकरणात्मक शब्द र क्रियामूलबिच जोडा मिलाउन<br>• अनुकरणात्मक शब्द प्रयोग गरी वाक्य पूरण गर्न | • अर्थ र शब्दको तालिका<br>• अनुकरणात्मक शब्द र क्रियामूल तालिका<br>• अनुकरणात्मक शब्दसूची<br>• वाक्य पूरण तालिका | १ |
| **छैटौँ दिन** | • संरचना पहिचान ( अनुच्छेद र वाक्य सङ्ख्या पहिचान)<br>• मौखिक प्रश्नोत्तर<br>• वक्ता पहिचान<br>• श्रुतिलेखन | • पाठमा रहेका अनुच्छेद र वाक्यसङ्ख्या पहिचान गर्न<br>• निर्दिष्ट प्रश्नको मौखिक उत्तर दिन<br>• पाठमा प्रयुक्त वाक्य र ती वाक्यका वक्ता पहिचान गर्न<br>• श्रुतिलेखन गर्न | • अनुच्छेद र वाक्यका नमुना<br>• प्रश्नसूची<br>• उत्तरको नमुना<br>• पाठका पात्रले बोलेका वाक्यको अंश र पात्रको नाम सूची | १ |
| **सातौँ दिन** | • चित्र वर्णन र तुलना<br>• घटनाक्रम मिलान<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट चित्रको वर्णन गरी तुलना गर्न<br>• निर्दिष्ट बुँदालाई कथाको घटनाका आधारमा क्रम मिलाई लेख्न<br>• बोध प्रश्नको उत्तर लेख्न | • चित्र, प्रोजेक्टर<br>• कथाका बुँदा लेखिएको सूची<br>• प्रश्न सूची र उत्तरको नमुना पत्र | १ |
| **आठौँ दिन** | • आशय वर्णन<br>• सार लेखन<br>• चित्र निर्माण | • निर्दिष्ट पङ्क्तिको आशय वर्णन गर्न<br>• कथाको सार लेख्न<br>• गाउँघरको परिवेश झल्कने चित्र तयार गर्न र वर्णन गर्न | • आशय वर्णनको नमुना पत्र<br>• सार लेखनको ढाँचा<br>• गाउँघरको परिवेश झल्कने चित्र | १ |
| **नवौँ दिन** | • प्रश्न निर्माण<br>• भाषिक प्रकार्य ( समय पालना) | • निर्दिष्ट अनुच्छेदबाट प्रश्न निर्माण गर्न<br>• समय पालनासम्बन्धी धारणा र उदाहरण बताउन | • अनुच्छेद<br>• प्रश्नसूची<br>• समय र कामको सम्बन्ध | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | देखाउने नमुना | |
| **दसौँ दिन** | • विशेषण शब्दको पहिचान र प्रयोग | • निर्दिष्ट प्रश्नका आधारमा विशेषण शब्दको पहिचान र प्रयोग गर्न | • विशेषण शब्द प्रयोग भएको अनुच्छेद<br>• विशेषण शब्दको सूची<br>• शब्दपत्ती | १ |
| **एघारौँ दिन** | • विशेषण शब्द पहिचान र प्रयोग<br>• दीर्घ **ईकार** भएका शब्दको पहिचान र प्रयोग | • पाठ्यकथाबाट विशेषण शब्द पहिचान गर्न<br>• शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ **ईकार** भएका शब्दको पहिचान र प्रयोग गर्न | • विशेषण शब्दको सूची, चार्टपेपर<br>• शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ **ईकार** भएका शब्दको सूची, अनुच्छेद र शब्दकोश | १ |
| **बाह्रौँ दिन** | • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• मौखिक प्रश्नोत्तर<br>• सिर्जनात्मक कार्य (कथा पूरण, तयारी र प्रस्तुति) | • सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट कथाको अंशमा खाली राखिएका ठाउँमा उपयुक्त शब्द शब्द राखी पूरण गर्न | • सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची<br>• नमुना उत्तर<br>• चार्टपेपर, कथाको नमुना | |
| **जम्मा कार्यघण्टा** | | | | १२ |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र पहिचान र छलफल<br>• सन्दर्भ पहिचान | • पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>• मूल पाठ खण्डमा समाविष्ट चित्र पहिचान र छलफल गर्न<br>• पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न | • पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर (सम्भव भएसम्म) |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै छोटो बालकथा सुनाउनुहोस् र विद्यार्थीलाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) पूर्व पठन खण्डका चित्र प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । सम्भव भएसम्म विद्यार्थीबाट निर्मित चित्र प्रयोग गर्नुहोस् ।

(आ) विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई एक एकओटा चित्र दिई प्रस्तुत गरिएका चित्रका सम्बन्धमा आपसमा  छलफल गराउनुहोस् र विद्यार्थीलाई सामूहिक रूपमा धारणा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी शिक्षकले सहयोग गर्नुहोस् ।

(इ) प्रत्येक समूहलाई आलोपालो गरेर ती चित्र वितरण गरी छलफल गराउनुहोस् र प्रत्येक चित्रका बारेमा प्रत्येक समूहलाई सामूहिक धारणा व्यक्त गर्न लगाउनुहोस् ।




(ई) विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देश गरी पूर्व पठन खण्डमा रहेको अनुच्छेद शिक्षकले सस्वर पठन गरी सुनाउनुहोस् ।

(उ) उक्त अनुच्छेदमा रहेको विषयवस्तु र अगि आफूहरूले सामूहिक रूपमा छलफल गरेर निष्कर्ष निकालेको विषयवस्तुबिच तालमेल मिले नमिलेको बारेमा समूहमै मौखिक समीक्षा गर्न लगाउनुहोस् । त्यसको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(ऊ) अब विद्यार्थीलाई तीन समूहमा विभाजन गरी मूल पाठ खण्डका चित्र प्रदर्शन गर्नुहोस् । एक समूहलाई एउटा चित्र पर्ने गरी सामूहिक छलफल गराउनुहोस् र ती चित्रले व्यक्त गरेको सन्देश अनुमान गरी व्यक्त गर्न लगाउनुहोस् ।

(ऋ) छलफल गरिएका चित्रका आधारमा पाठमा के कस्तो विषयवस्तु रहेको होला ? भन्ने विषयमा विद्यार्थीलाई अनुमान गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीबाट आएको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीबाट आएका उत्तरलाई पाठको विषयवस्तुसँग समन्वय गराउँदै ती प्रत्येक चित्रले व्यक्त गरेको विषयवस्तुलाई सामाजिक विषयवस्तु, सामाजिक क्रियाकलाप, सामाजिक सहकार्य र आवश्यकतासँग सम्बन्धित रहेको कुरा प्रस्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पूर्व पठन खण्डका चित्रले व्यक्त गरेका विषयवस्तु वर्णन गर्न लगाउनुहोस् ।

(ख) मूल पाठ खण्डका चित्रले व्यक्त गरेका विषयवस्तु के के हुन् ? भन्न लगाउनुहोस् ।

(ग) पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्रका आधारमा पाठमा केकस्ता विषयवस्तु समावेश गरिएको होला ? अनुमान गरी भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● संरचना पहिचान | ● कथाको संरचना पहिचान गर्न | ● कथाको संरचना देखाउने |

| | | |
|---|---|---|
| • सस्वर पठन<br>• शुद्धोच्चारण र शब्दार्थ<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद १ देखि ५ सम्म सस्वर पठन<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | तालिका<br>• शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै लघुकथा सुनाई विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका कथा भन्ने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई तपाईंहरूले अहिलेसम्म कुनै कथा पढ्नुभएको छ वा छैन भन्ने प्रश्न गर्नुहोस् । उनीहरूको उत्तरलाई ध्यानमा राखी पढेसुनेका कथामा के के कुरा रहेका थिए भनी छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीले छलफलमार्फत दिएका उत्तरलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । ती टिपोट गरिएका विषयवस्तुलाई समेटी कथामा के कस्ता विषय समेट्नुपर्छ वा कथा बन्नका लागि के के कुरा चाहिन्छ भन्ने कुरा बताउँदै विद्यार्थीको स्तर सुहाउँदो ढङ्गबाट कथाको संरचनाबारे प्रस्ट पारिदिनुहोस् । यसका लागि संरचना तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

| **कथामा के के चाहिन्छ ?** |
|---|
| शीर्षक |
| विषयवस्तु (घटना) |
| कथासूत्र वा आख्यान |
| पात्र (व्यक्ति) |
| भाषा |
| परिवेश (स्थान, समय र वातावरण) |
| संवाद (कुराकानी) |
| सन्देश |

(इ) शिक्षकले पाठको पहिलो अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् । शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको एकदेखि पाँच अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । **(सस्वर पठन गराउनुअगि नै वाचकलाई उच्चारण गर्न कठिन भएका शब्द अन्य विद्यार्थीलाई टिपोट गर्न लगाउनुपर्ने छ ।)**

(ई) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

(उ) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्द भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस्

(ऊ) उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

चिटिक्क : /चि.टिक्. क/,   घन्काएर : /घन्.का.ए.र/   बिछट्टै : /बि.छट्.टै/

(ऋ) अब विद्यार्थीलाई पाँचओटा समूहमा विभाजन गरी पाठका एक एकओटा अनुच्छेद दिनुहोस् । आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई खालीपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीबाट खालीपत्तीमा टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| चिटिक्क | राम्रो; सुन्दर |
| मित्रता | असल साथीले साथीलाई गर्ने व्यवहार |
| वाक्क | हैरान |

(ऐ) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद १-५ बाट केही प्रश्न शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(औ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : तोयानाथको परिवारमा कति जना मानिस थिए ?

उत्तर : तोयानाथको परिवारमा तीन जना मानिस थिए ।

(अं) अन्य प्रश्नको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अः) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) के के मिलेर कथा बन्छ ?

(ख) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

मचाकाजी, दङ्ग, फुरुङ्ङ, गुनगुनाउँथे

(ग) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

गमला, ठुस्स, श्रीमती, आँगन

(घ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) तोयानाथकी श्रीमतीको नाम के हो ?

(आ) कसले रेडियो घन्काएर सुन्थे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद ६ देखि १७ सम्म सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो घटना सुनाई विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् । विद्यार्थीलाई पनि आफूले देखे वा भोगेका घटना वर्णन गर्ने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको छैटौँ अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् ।

(आ) शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको छदेखि सत्रौँ अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । **( सस्वर पठन गराउनुअगि नै वाचकलाई उच्चारण गर्न कठिन भएका शब्दहरू अन्य विद्यार्थीलाई टिपोट गर्न लगाउनुपर्ने छ ।)**

(इ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

(ई) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस्

(उ) उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

व्यापार : /ब्या.पार्/ रङरोगन : /रङ्.रो.गन्/ खड्ग्रड्ङ : /खड्.ग्रड्.ङ/

(ऊ) अब विद्यार्थीलाई आवश्यकतानुसार विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुच्छेद दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| चौपट | सत्यानाश |
| मेला | पर्व; उत्सव |
| बेर्ना | बिरुवा |

(ए) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् । यसरी शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न अगि निर्माण गरिएका समूहलाई नै प्रेरित गर्नुहोस् । वाक्य निर्माणका लागि वाक्यपत्ती उपलब्ध गराउनुहोस् ।

(ऐ) विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस् । विद्यार्थीबाट निर्मित वाक्यहरू प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद ६-१७ बाट केही प्रश्नहरू शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(औ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : नानीले सय रुपियाँ कसरी कमाइन् ?

उत्तर : नानीले बेर्नासहितको गमला बेचेर सय रुपियाँ कमाइन् ।

(अं) अन्य प्रश्नहरूको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अः) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

विद्यालय, बिक्री, हिँडडुल

(ख) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

ओछ्यान, कोपिला, प्रशस्त

(ग) तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

व्यापार, ओछ्यान, कोपिला, प्रशस्त

(घ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) मचाकाजीले के कुरा अनौठो मानेर हेरे ?

(आ) मचाकाजीले मनमैजुसँग के कुरा सोधे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद १७ देखि बाँकी सबै अनुच्छेदको सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो चुटकिला सुनाई विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् । विद्यार्थीलाई पनि त्यस्ता चुटकिला भन्ने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको अठारौँ अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् ।

(आ) शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको अठारदेखि अन्तिम अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । **(सस्वर पठन गराउनुअगि नै वाचकलाई उच्चारण गर्न कठिन भएका शब्दहरू अन्य विद्यार्थीलाई टिपोट गर्न लगाउनुपर्ने छ ।)**

(इ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

(ई) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस्

(उ) उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

कम्पाउन्डर : /कम्.पा.उन्.डर्/ गम्भीर : /गम्.भिर्/ आम्दानी : /आम्.दा.नि/

(ऊ) यसरी नै बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्दको शुद्ध उच्चारण अभ्यास गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई आवश्यकतानुसार विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुच्छेद दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| नर्सरी | बिरुवा उमार्ने ठाउँ |
| वेला | समय |
| मदत | सहयोग |

(ऐ) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् । यसरी शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न अगि निर्माण गरिएका समूहलाई नै प्रेरित गर्नुहोस् । वाक्य निर्माणका लागि वाक्यपत्ती उपलब्ध गराउनुहोस् । विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस् । विद्यार्थीबाट निर्मित वाक्यहरू प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद १८ पछिका अनुच्छेदबाट केही प्रश्न शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(औ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : कम्पाउन्डरलाई कसले बोलाए ?

उत्तर : कम्पाउन्डरलाई मचाकाजीले बोलाए ।

(अं) अन्य प्रश्नको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अः) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

सम्हालेका, हेर्दाहेर्दै

(ख) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

बार, झसङ्ङ

(ग) शब्दभण्डार खण्डको अभ्यास ४ मा दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

(घ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) तोयानाथले मनमनै के भने ?

(आ) मचाकाजी र तोयानाथले एक अर्कालाई के के काम सघाउँथे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन<br>• शब्दार्थ<br>• अनुकरणात्मक शब्द पहिचान र प्रयोग (**शब्द मिलान, वाक्य पूरण** ) | • पाठ्य कथा मौन पठन गर्न<br>• निर्धारित अर्थ बुझाउने शब्द पहिचान गरी लेख्न<br>• अनुकरणात्मक शब्द र क्रियामूलबिच जोडा मिलाउन<br>• अनुकरणात्मक शब्द प्रयोग गरी वाक्य पूरण गर्न | • अर्थ र शब्दको तालिका<br>• अनुकरणात्मक शब्द र क्रियामूल तालिका<br>• अनुकरणात्मक शब्दसूची<br>• वाक्य पूरण तालिका |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले केही अनुकरणात्मक शब्द भन्दै ती शब्दले सङ्केत गरेबमोजिमका नक्कल गरी विद्यार्थीलाई सिकाइमा ध्यानाकर्षण गराउनुहोस्, जस्तै : टुसुक्क, मुसुक्क, सुक्कसुक्क आदि ।

(आ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई पाठ्य कथाका विभिन्न अनुच्छेद तोकी मौन पठन गर्न लगाउनुहोस् । सबै विद्यार्थीले सक्रिय रूपमा मौन पठन गरे नगरेको पहिचान गरी विद्यार्थीलाई पठन कार्यमा प्रेरित गर्नुहोस् ।

- (आ) मौन पठनको कार्य सकिएपछि विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ तर्फ ध्यानाकर्षण गराउनुहोस् र अभ्यासले निर्देश गरेअनुसार दिइएका अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(इ) विद्यार्थीको सक्रियतालाई अध्ययन गरी शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । विद्यार्थीले तोकिएको कार्य सकेपछि त्यसलाई पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले तयार पारी ल्याएको शब्दार्थ तालिका प्रदर्शन गरी विद्यार्थीमा रहेका द्विविधालाई समाधान गरिदिनुहोस् ।

(ई) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास २ तर्फ ध्यानाकर्षण गरी दिइएका अनुकरणात्मक शब्द र ती शब्दसँग मिल्ने क्रियापदबिच जोडा मिलाउन लगाउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(उ) विद्यार्थीले सामूहिक रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऊ) तोकेको कार्य विद्यार्थीले सम्पन्न गरेपछि त्यसलाई कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि शिक्षक आफूले तयार पारी ल्याएको अनुकरणात्मक शब्द र क्रियामूलको जोडा भएको तालिका प्रदर्शन गरी त्यसको अर्थ र अनुकरणसहित थप धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

| शब्द | क्रियामूल |
|---|---|
| चिटिक्क | पर्नु |
| सुरूप्प | पिउनु |
| खङ्ग्रङ्ङ | सुक्नु/हुनु |
| झसङ्ग | हुनु |
| मुसुक्क | हाँस्नु |

(ए) उपर्युक्त शब्द र अर्थको उदाहरण दिँदै विद्यार्थीलाई अनुकरणात्मक शब्द भनेको अभिनय वा नक्कल गरेर वा अनुकरण गरेर देखाउन सक्ने शब्द नै अनुकरणात्मक शब्द हुन् भन्ने कुरा बताउनुहोस् । आफूले अगि कक्षामा पस्दै गर्दा यस्तै शब्दको प्रयोग गरेको थिएँ भनी यसको धारणा स्पष्ट पारिदिनुहोस् र विद्यार्थीले सुनेका र प्रयोग गरेका यस्तै किसिमका अन्य शब्दहरू भन्न लागाई छलफल गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास ३ तर्फ ध्यानाकर्षण गरी दिइएका वाक्यको खाली ठाउँमा रातो अक्षरका शब्दसमूहबाट छनोट गरी मिल्ने अनुकरणात्मक शब्द राखेर खाली ठाउँ भर्न लगाउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूप र विद्यार्थी सङ्ख्याअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(ओ) विद्यार्थीले सामूहिक रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई कक्षामा अनुकरणसहित प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् ।

(औ) विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि शिक्षक आफूले तयार पारी ल्याएको अनुकरणात्मक शब्दसूची र वाक्य पूरण तालिका प्रदर्शन गरी त्यसको अर्थ र अनुकरणसहित थप धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

- घाम लागेर **झलमल्ल** उज्यालो भयो ।
- दिउसोतिर **झमझम** पानी पऱ्यो ।
- सलिना **मुसुमुसु** हाँसिन् ।
- चरो **भुर्र** उड्यो ।
- घर पुग्दा **झमक्क** साँझ पर्‍यो

(अं) यसरी नै अनुकरणात्मक शब्द प्रयोग गर्न सकिने अन्य वाक्यबाट पनि अनुकरणात्मक शब्द झिकी यसरी नै वाक्य पूरण गर्न लगाई अनुकरणात्मक शब्दको बारेमा थप धारणा स्पष्ट पारिदिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) कुनै पाँचओटा अनुकरणात्मक शब्द लेख्न लगाउनुहोस् ।

(ख) तलका अनुकरणात्मक शब्दसँग मिल्ने क्रियामूल लेख्न लगाउनुहोस् :

टुसुक्क, गललल, झिमिक्क, सरासर, कपाकप

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान (अनुच्छेद र वाक्य सङ्ख्या पहिचान)<br>• मौखिक प्रश्नोत्तर<br>• वक्ता पहिचान<br>• श्रुतिलेखन | • पाठमा रहेका अनुच्छेद र वाक्यसङ्ख्या पहिचान गर्न<br>• निर्दिष्ट प्रश्नको मौखिक उत्तर दिन<br>• पाठमा प्रयुक्त वाक्य र ती वाक्यका वक्ता पहिचान गर्न<br>• श्रुतिलेखन गर्न | • अनुच्छेद र वाक्यका नमुना<br>• प्रश्नसूची<br>• उत्तरको नमुना<br>• पाठका पात्रले बोलेका वाक्यको अंश र पात्रको नाम सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै महान् व्यक्तिका आदर्श वाणी वा भनाइ सुनाई विद्यार्थीलाई सिकाइका लागि तयारी गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले केही अनुच्छेद र केही वाक्यका ढाँचा कक्षामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई अनुच्छेद र वाक्यको संरचनाका बारेमा स्पष्ट पारिदिनुहोस् ।

(आ) अब विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ३ तर्फ आकर्षित गराई पाठमा रहेका अनुच्छेद पहिचान गर्न निर्देश गर्नुहोस् । पाठमा रहेका अनुच्छेद सङ्ख्या पहिचान गर्न लगाई कक्षामा छलफल र त्यसको निष्कर्षसहित यस कथामा सत्ताइसओटा अनुच्छेद रहेको कुरा स्पष्ट पारिदिनुहोस् ।

(इ) अनुच्चेद पहिचानपश्चात् विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई पाठका केही अनुच्छेद पर्ने गरी पाठलाई विभाजन गरिदिनुहोस् । आफ्नो समूहलाई परेका अनुच्छेदमा रहेका वाक्य सङ्ख्या गणना गर्न लगाउनुहोस् र प्रत्येक समूहलाई आफूले निकालेको निष्कर्ष भन्ने अवसर प्रदान गरी अन्त्यमा शिक्षकले वाक्यगणनासहित सहजीकरण गरिदिनुहोस्, **जस्तै : पहिलो अनुच्छेदमा छओटा वाक्य रहेका छन् ।**

(ई) शिक्षकले मौखिक प्रश्नोत्तरका लागि तयार गरिएका प्रश्नको सूची प्रदर्शन गर्नुहोस् र ती प्रश्नको उत्तर मौखिक रूपमा कसरी दिने भन्नेबारेमा उत्तरको पूर्ण ढाँचासहित छलफल गराउनुहोस्, जस्तै :

प्रश्न : तोयानाथको घर कस्तो थियो ?

उत्तर : तोयानाथको घर चिटिक्क परेको थियो ।

(उ) यसरी प्रश्नअनुसारको उत्तरका ढाँचा सिकाएपछि विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ४ तर्फ केन्द्रित गरी सोधिएका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् । **(यस क्रियाकलापका लागि दुई दुई जना विद्यार्थीको समूह बनाई प्रश्न सोध्ने र उत्तर दिने कार्य पालैपालो गराउन सक्नुहुने छ ।)** आवश्यकतानुसार शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ऊ) पाठमा कुनै पात्रले भनेका भनाइ टिपिएको वाक्यसूची प्रदर्शन गर्नुहोस् । ती वाक्य कसले कसलाई भनेको हो ? पहिचान गर्न लगाउनुहोस्, जस्तै :

| वाक्य वा भनाइ | कसले भनेको हो ? | कसलाई भनेको हो ? |
|---|---|---|
| हामी दुवै मिलेर काम गरौँ । | .................. | .................... |
| .................................... | ......................... | ............... |

(ऋ) माथिका जस्तै वाक्य टिपोट गरिएको सूची प्रदर्शन गरी विद्यार्थीलाई वाक्य र ती वाक्य बोल्ने पात्र र उक्त पात्रले कसलाई भनेको हो ? पहिचान गर्ने अभ्यास गराउनुहोस् । आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीलाई श्रुतिलेखन अभ्यासका लागि तयारी गराउनुहोस् । श्रुतिलेखन भनेको अरूले भनेको सुनेका आधारमा लेख्ने अभ्यास हो भनी यसको अवधारणा बताउनुहोस् । विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ऐ) विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्दबनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि विषयमा छलफल गराउनुहोस् ।

(ओ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ को अनुच्छेद शिक्षकले मौखिक रूपमा सुनाउनुहोस् र विद्यार्थीलाई उक्त अनुच्छेद सुनेर लेख्न निर्देश गर्नुहोस् ।

(औ) श्रुतिलेखनको कार्य सकिएपछि विद्यार्थीलाई एकआपसमा उत्तरपुस्तिका साटासाट गर्न लगाई एकले अर्काको उत्तरपुस्तिका बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ को अनुच्छेद हेर्दै जस्ताको तस्तै लेखे नलेखेको पहिचान गर्न र अशुद्ध भएका ठाउँमा गोलो चिह्न लगाउन निर्देश गर्नुहोस् । यसमा शिक्षकले सचेततापूर्वक सबै विद्यार्थीको गतिविधि अवलोकन गरी आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

(अं) निष्कर्षको रूपमा श्रुतिलेखन गर्दा वर्णविन्यास, लेख्य चिह्न र व्याकरणिक पक्षमा ध्यान दिनुपर्ने कुराको जानकारी गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) तलका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् :

(अ) पाठको नवौँ अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(आ) मचाकाजी के काम गर्थे ?

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ को उत्तर भन्न लगाउनुहोस् ।

(ग) पाठको अन्तिम अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र वर्णन र तुलना<br>• घटनाक्रम मिलान<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट चित्रको वर्णन गरी तुलना गर्न<br>• निर्दिष्ट बुँदालाई कथाको घटनाका आधारमा क्रम मिलाई लेख्न<br>• बोध प्रश्नको उत्तर लेख्न | • चित्र, प्रोजेक्टर<br>• कथाका बुँदा लेखिएको सूची<br>• प्रश्न सूची र उत्तरको नमुना पत्र |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै छोटो कथा सुनाई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ७ तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । निर्दिष्ट चित्रलाई सम्भव भएसम्म प्रोजेक्टरमार्फत प्रस्तुत गर्नुहोस् :



(आ) विद्यार्थीलाई व्यक्तिगत रूपमै चित्रमा देखिएका विषय वा वस्तु र क्रियाकलाप अध्ययन गर्न लगाउनुहोस् । चित्र अध्ययनको कार्य सकिएपछि त्यस चित्रमा देखिएका विषयवस्तु, घटना वा क्रियाकलापको वर्णन गर्न लगाउनुहोस् ।

(इ) वर्णनकै क्रममा विद्यार्थीलाई यस चित्रमा भएजस्तै सामग्री, वस्तु वा क्रियाकलाप तपाईँका घरमा छन् वा छैनन् भन्ने प्रश्न गरी यस चित्र र घरका सामग्री, वस्तु वा क्रियाकलापबिच तुलना गर्न लगाउनुहोस् । यो अवसर सकेसम्म सबै विद्यार्थीलाई प्रदान गर्नुहोस् ।

(ई) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ८ तर्फ ध्यान केन्द्रित गराउनुहोस् । विद्यार्थीलाई चार चार जनाको समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् र सामूहिक रूपमा छलफल गरी दिइएको निर्देशनका आधारमा दिइएका बुँदालाई कथाको घटनाअनुसार क्रम मिलाएर लेख्न लगाउनुहोस् ।

(उ) शिक्षकले विद्यार्थीका गतिविधिलाई निरीक्षण गरी आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

(ऊ) तोकिएको कार्य पूरा गरिसकेपछि आफूले तयार गरेको घटनाक्रम मिलाइएको तालिका प्रदर्शनी पाटीमा टाँसी प्रस्तुत गर्न प्रत्येक समूहलाई अवसर दिनुहोस् र अन्त्यमा शिक्षक आफूले तयार गरी ल्याएको कथाका बुँदा क्रमबद्ध रूपमा लेखिएको सूची प्रदर्शन गरी अन्तिम निष्कर्ष दिनुहोस् ।

(ऋ) शिक्षकले पाठसँग सम्बन्धित केही बोध प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् । ती प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयार गराउनुहोस् ।

(ए) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् । जस्तै :

**प्रश्न : मचाकाजी र तोयानाथले घाम लाग्दा र पानी पर्दा के के काम गर्थे ?**

**उत्तर : मचाकाजी र तोयानाथले घाम लाग्दा भाँडा सुकाउने र पानी पर्दा फूल रोप्ने काम गर्थे ।**

(ऐ) यसरी प्रश्न सूचीमा भएका प्रत्येक प्रश्नको अभ्यास गराउँदै विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ओ) बोध प्रश्नोत्तरसम्बन्धी थप अभ्यासका लागि अन्य प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(औ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न.१२ मा दिएको निर्देशनको आधारमा पनि उत्तर लेख्न लगाई शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको चित्र अध्ययन गरी वर्णन गर्न लगाउनुहोस् र चित्रमा जस्तै तपाईँ के के गर्नुहुन्छ ? भन्ने प्रश्न गरी कार्यको तुलना गर्न लगाउनुहोस् :



(ख) कथाको घटनाक्रम मिलाई सारांश भन्न लगाउनुहोस् ।

(ग) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ९ मा दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● आशय वर्णन<br>● सार लेखन<br>● चित्र निर्माण | ● निर्दिष्ट पङ्क्तिको आशय वर्णन गर्न<br>● कथाको सार लेख्न<br>● गाउँघरको परिवेश झल्कने चित्र तयार गर्न र वर्णन गर्न | ● आशय वर्णनको नमुना पत्र<br>● सार लेखनको ढाँचा<br>● गाउँघरको परिवेश झल्कने चित्र |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै प्रेरक व्यक्तिको प्रेरणादायक भनाइ सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै टिपोट गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग पनि गर्नुहोस् ।

(आ) टिपोट गरिएका मध्ये कुनै एक भनाइको आशय व्यक्त गर्ने बुँदा प्रस्तुत गर्नुहोस्, जस्तै :

**"नानी र शोभाले झैँ हामी दुवैले यसरी मिलेर काम गर्न सके कति जाती हुन्थ्यो ।"**

**उपर्युक्त वाक्यको आशय जनाउने बुँदा**

- 'नानीशोभा नर्सरी' सामाजिक विषयवस्तुमा आधारित कथा
- कथाका पात्र नानी र शोभाले मिलेर बिरुवा र गमला तयार पारेका
- उनीहरू दुवै जना मिलेर गमलामा मल र माटो हालेर फूल रोपेका
- उक्त गमला उनीहरूले विद्यालयमा चलिरहेको मेलामा लगेर बेचेका
- पुरस्कारस्वरूप पैसा पाएका
- नानी र शोभाले मिलेर काम गर्नाले विद्यालयबाट पुरस्कार र नगद समेत ल्याउन सफल
- मिलेर काम गर्न सके सबैलाई फाइदा हुने आशय रहेको

(इ) विद्यार्थीलाई माथिको वाक्य पाठमा हेर्न लगाएर पाठको सन्दर्भसँग मिल्ने गरी उपर्युक्त बुँदा समेट्दै आशय लेख्न सिकाउनुहोस् । यसका लागि शिक्षकले तयार गरेको आशय विस्तारको संरचना जनाउने तालिका वा बुँदाको सूचीसमेत प्रयोग गर्नुहोस् ।

(ई) भावविस्तारको प्रक्रिया सिकाउँदा वाक्यमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई जोड्दै मौखिक रूपमा भावविस्तार गर्ने अभ्यास गराउनुहोस् ।

(उ) माथिका बुँदा र आशय वर्णनको प्रक्रियालाई अन्तर्सम्बन्धित गर्दै आशय लेखनको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**नमुना आशय वर्णन**

**"नानी र शोभाले झैँ हामी दुवैले यसरी मिलेर काम गर्न सके कति जाती हुन्थ्यो ।"**

उत्तर: शाश्वत पराजुलीद्वारा लिखित नानीशोभा नर्सरी कथामा कथाका पात्र नानी र शोभाले मिलेर बिरुवा र गमला तयार पारेका छन् । उनीहरू दुवै जना मिलेर गमलामा मल र माटो हालेर फूल रोपेका छन् । उक्त गमला उनीहरूले विद्यालयमा चलिरहेको मेलामा लगेर बेचेपछि पुरस्कारस्वरूप पैसा पाएका छन् । यस भनाइअनुसार जसरी नानी र शोभाले मिलेर काम गर्नाले विद्यालयबाट पुरस्कार र नगदसमेत ल्याउन सफल हुन्छन् त्यसैगरी मिलेर काम गर्न सके सबैलाई फाइदा हुन्छ । कोही पनि भोकै मर्नु पर्दैन भन्ने नै यस वाक्यको मूल आशय रहेको पाइन्छ ।

(ऊ) यसरी नै विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी पाठका अन्य पङ्क्तिको पनि आशय लेख्न लगाउनुहोस् ।

(ऋ) 'नानीशोभा नर्सरी' कथाले के सन्देश दिएको छ भन्ने प्रश्न गरी विद्यार्थीलाई बुँदागत रूपमा भन्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीले भनेका कुरालाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ए) विद्यार्थीले भनेका बुँदालाई समेटी शिक्षकले एकपटक मौखिक रूपमा यस कथाको सार बताइदिनुहोस् र शिक्षकले तयार पारी ल्याएको सार लेखनको नमुनासमेत प्रदर्शन गरी सार लेख्ने तरिका बताइदिनुहोस्, जस्तै :

मचाकाजी र तोयानाथ छिमेकी हुन् । उनीहरू दुवैको परिवारमा तीन तीन जना थिए । उनीहरूको छोरीहरूको नाम नानी र शोभा हो । मचाकाजी चिया पिउन र नारायण गोपालको गीत गुन्गुनाउन रुचाउँथे भने तोयानाथ मही पिउन र ठुलो आवाजमा रेडियो खोलेर सुन्न मन पराउँथे । छिमेकी भएर पनि उनीहरूको मित्रता थिएन । उनीहरूको बोलचालसमेत थिएन । मचाकाजी माटाका भाँडा बनाएर बेच्ने भएकोले घाम लागेको वेला खुसी हुन्थे । तोयानाथ फूलका बिरुवा उमारेर बेच्ने भएकोले पानी पर्दा खुसी हुन्थे । मौसम सधैँ एकनासको हुँदैनथ्यो । कहिले तोयानाथ दङ्ग पर्थे त कहिले मचाकाजी फुरुङ्ग पर्थे तर नानी र शोभालाई भने यस्ता कुराको चासो थिएन । उनीहरू सधैँ मिलेर विद्यालय जाने र सँगै खेल्ने पनि गर्दथे । पानी परेको वेला तोयानाथको आम्दानी बढ्थ्यो भने घाम लागेको वेला मचाकाजीको आम्दानी बढी हुन्थ्यो । एक पटक तोयानाथले आम्दानी भएको वेला घरको रङ्गरोगन पनि गरे । यो देखेर मचाकाजी डाहाले भुतुक्क भए । अर्को एकदिन घाम लागेको कारण मचाकाजीले राम्रो आम्दानी गरे र एउटा मोटरसाइकल किने । फेरि यो देखेर तोयानाथलाई पिर पऱ्यो । घाम धेरै लागेकाले उनका फूलहरू सबै सुके । यही पिरले तोयानाथ बिरामी परे । उनी ओच्छ्यान परे । निकै दिन तोयानाथलाई नदेखेपछि मचाकाजीलाई पनि के भयो होला भन्ने लाग्यो र हेर्न जान भनेर बाहिर निस्केका मात्र के थिए उनले नानी र शोभाले मिलेर गमलामा फूल सार्दै गरेको देखे । त्यो बेर्नासहितको गमलालाई विद्यालयको मेलामा राख्ने सल्लाह गरेको पनि उनले सुने । बेलुकी नानीले सय रुपियाँ बोकेर रमाउँदै आएको देखेर यो पैसा कहाँबाट ल्यायौ नि नानी भनेर मचाकाजीले सोधे । र नानीले बेर्नासहितका गमला विद्यालयमा लगेको र त्यसलाई सबैले मन

पराएको र दुई सयमा उक्त गमला बिक्री भएको कुरा बुबालाई सुनाइन् । त्यही पैसा बाँडेर लिएको र शोभाको बुबा बिरामी परेकोले सय रुपियाँ औषधी किन्न काम लाग्छ भन्दै लगेको कुरा बताइन् । छोरीको यस्तो कुरा सुनेर मचाकाजी झसङ्ग भए र उनी तोयानाथको घरमा पुगे । उनले तुरुन्तै कम्पाउन्डर बोलाए र तोयानाथको उपचार गराए । उनलाई अलि सन्चो भयो । "भाइ, मौसम र व्यापारको के भर ! कहिले तिम्रो राम्रो हुन्छ कहिले मेरो ।" उनले गम्भीर हुँदै मिलेर काम गरौँ भन्दै छोरीहरूले केही दिनअगि मिलेर काम गरेर पैसा कमाएको उदाहरण पनि दिए । मचाकाजीको प्रस्तावलाई तोयानाथले पनि स्वीकार गरे ।

वर्षौंदेखिको उनीहरूको निगाले बार हट्यो । उनीहरूले मिलेर माटाका भाँडा बनाए भने मिलेरै त्यसमा फूलका बिरुवा सार्ने काम पनि गरे । भएको आम्दानी पनि आपसमा बाँडेर लिन्थे । दुवैको आम्दानी बढ्दै गयो । केही महिनापछि दुवै जनाले आफ्ना छोरीका नामबाट 'नानीशोभा नर्सरी' नामको साइनबोर्ड झुन्ड्याए । नानीशोभा नर्सरीले छोटो समयमा निकै प्रगति गर्यो । उनीहरूको व्यवसाय हिजो आज नानी र शोभाले सम्हालेका छन् । छिमेकमा मिलेर बस्नुपर्छ र मिलेर काम गर्नुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

(ऐ) यसै नमुनाका आधारमा विद्यार्थीलाई पनि सार लेख्न प्रेरित गर्नुहोस् ।

(ओ) शिक्षकले ग्रामीण परिवेश झल्काउने केही चित्र प्रोजेक्टर वा चार्टपेपरमार्फत प्रदर्शन गर्नुहोस् र ती चित्रको बारेमा मौखिक वर्णन गर्न लगाउनुहोस्, जस्तै :





(औ) विद्यार्थीलाई पनि ग्रामीण परिवेश झल्कने खालका चित्र निर्माण गर्न लगाउनुहोस् । (**यस क्रियाकलापलाई गृहकार्यका रूपमा दिनुहोस् र भोलिपल्ट मूल्याङ्कन गर्नुहोस् ।**)

### ३. मूल्याङ्कन

(क) दिइएको पङ्क्तिको आशय लेख्न लगाउनुहोस् :

(अ) भाइ मौसम र व्यापारको के भर ! कहिले तिम्रो हुन्छ कहिले मेरो ।

(ख) नानीशोभा नर्सरी कथाको सार भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
| --- | --- | --- |

| | | |
|---|---|---|
| • प्रश्न निर्माण<br>• भाषिक प्रकार्य (समय पालना) | • निर्दिष्ट अनुच्छेदबाट प्रश्न निर्माण गर्न<br>• समय पालनासम्बन्धी धारणा र उदाहरण बताउन | • अनुच्छेद<br>• प्रश्नसूची<br>• समय र कामको सम्बन्ध देखाउने नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले आफूले गर्ने काम र त्यस कामका लागि समयको महत्त्व जनाउने कुनै रोचक कथा सुनाउनुहोस् त्यो काम समयमा नगरेको भए के हुन्थ्यो होला भन्ने प्रश्न गरी विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । विद्यार्थीलाई पनि समयमै गरेको कामले आफूलाई कुनै फाइदा भएको भए स्मरण गर्न (केही समयपछि प्रस्तुत गर्ने गरी) निर्देश गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई एक एकओटा अनुच्छेद वितरण गर्नुहोस् ।

(आ) अनुच्छेद राम्ररी अध्ययन गरी त्यस अनुच्छेदबाट पाँच पाँचओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीले समूहमा काम गर्दैगर्दा शिक्षकले उनीहरूको क्रियाकलापको निरीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) प्रश्न निर्माणको कार्य सम्पन्न भएपछि प्रत्येक समूहलाई निर्मित प्रश्न प्रस्तुतीकरणका लागि समय दिनुहोस् र प्रस्तुतीकरणसँगै प्रश्नका बारेमा छलफल पनि गराउनुहोस् ।

(ई) विद्यार्थीसँग समय पालनासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । **(यसको परिचय पाठ १ मा दिइएको छ ।)** समय पालना भनेको कुनै पनि व्यक्तिले आफ्नो जीवनमा कुनै पनि विषयवस्तु, घटना वा काम गर्ने सन्दर्भमा जुन समयमा जे काम गर्नुपर्ने हो त्यो गर्न सक्नु नै समय पालना हो । जसले समय पालना गरेर आफ्नो काम सम्पन्न गर्न सक्छ उसले जीवनमा सफलता पनि पाउँछ भन्ने कुरा सिकाउँदै समय पालनाका क्रममा कुनै पनि समय खेर जान नदिई निरन्तर काममा लागेर जीवन सहज बनाउनुपर्छ जस्ता व्यवहारमा सचेत हुन सिकाउनुहोस् र अगि कक्षाको सुरुआतमै आफूले समयको महत्त्व जनाउने कथा प्रस्तुत गरेको कुरा स्पष्ट पारिदिनुहोस् ।

(उ) शिक्षकले आफूले दिनदिनै गर्ने काममा समय पालना गर्ने गरेको कुरा दैनिकीका रूपमा उदाहरण स्वरूप प्रस्तुत गरिदिनुहोस्, जस्तै :

| |
|---|
| मेरो नाम डोल्मा वाइबा हो । म श्री नवजीवन आधारभूत विद्यालय रामपुर ३, कास्कीमा कक्षा ५ मा पढ्छु । म मेरा हरेक काम आफैँ गर्छु र समयमा गर्छु । बिहान ५:३० बजे उठ्छु । नुहाइधुवाइ गर्छु । ६:३० सम्म योगाभ्यास र पूजापाठ गर्छु । त्यसपश्चात नास्ता खाएर करिब २ घण्टा पढ्छु । ९ बजे खाना खाएर विद्यालय जान्छु । विद्यालयमा पनि जुन समयमा जे जे काम गर्नुपर्ने हो ठिक त्यही समयलाई पालना गरेर आफ्ना काम गर्छु । छुट्टी हुनासाथ म कतै अलमल नगरी सरासर घर जान्छु । आमाले तयार पारेको खाजा खान्छु । कहिलेकाहीँ खाजा आफैँ पनि बनाउँछु र परिवारका सदस्यलाई पनि खुवाउँछु । खाजा खाने काम सिएपछि करिब २ घण्टा पढ्छु । त्यसपछि आमालाई भान्साको काममा सघाउँछु । खाना खाएपछि हामी परिवारका सबै सदस्य गफगाफ गर्छौं । बुबाआमाले मेरो पढाइका बारेमा जानकारी लिनुहुन्छ । गृहकार्य सके नसकेको बारेमा चासो राख्नुहुन्छ । म बेलुक ९ बजे सुत्छु । |

| |
|---|
| बिदाको दिनमा पनि मेरो छुट्टै खालको समय तालिका छ । म सधैँ समय तालिकाअनुसार समय पालना गरेर काम गर्छु त्यसैले म सधैँ सफल पनि हुँदै छु । |

(ऊ) अभ्यास १५ मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

(ऋ) सन्दर्भ पठनपश्चात् तोकिएको निर्देशनका आधारमा प्रत्येक विद्यार्थीलाई आआफूले गर्ने काम र समय पालनासम्बन्धी विचार मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् ।

(ए) साथीका विचारलाई सुन्न हरेक विद्यार्थीलाई सचेत गराउनुहोस् र साथीका व्यवहारका बारेमा मौखिक टिप्पणी पनि गराउनुहोस् ।

(ऐ) विद्यार्थीले व्यक्त गरेका धारणालाई समेटी एउटा अनुच्छेद तयार गर्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ११ ले निर्देश गरेबमोजिमको अनुच्छेदबाट चारओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

(ख) तपाईं दैनिक के के काम गर्नुहुन्छ ? बताउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना (विशेषण शब्दको पहिचान र प्रयोग) | • निर्दिष्ट प्रश्नका आधारमा विशेषण शब्दको पहिचान र प्रयोग गर्न | • विशेषण शब्द प्रयोग भएको अनुच्छेद<br>• विशेषण शब्दको सूची<br>• शब्दपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीका असल व्यवहारलाई प्रदर्शित गर्ने वा विद्यार्थीलाई उत्प्रेरित गर्ने विशेषण शब्द वा वाक्यको प्रयोग गरी विद्यार्थीलाई पढाइप्रति आकर्षित गर्नुहोस्, जस्तै :

मिहिनेती विद्यार्थीलाई पढाउँदा म खुसी छु । तिमीले राम्रो कपडा लगाएछौ । कापीमा लेख्दा कालो मसीको प्रयोग गर ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न १ मा रातो रङ लगाइएका शब्द टिपोट गर्न लगाउनुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले तयार पारेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

(इ) शिक्षकले तयार पारी ल्याएका वाक्यसूची प्रदर्शन गरी उदाहरण सहित विशेषण शब्दको सामान्य जानकारी दिनुहोस् ।

(ई) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न दुई पढेर समूह 'क' र समूह 'ख' बिच जोडा मिलाउन निर्देश गर्नुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

(उ) विद्यार्थीले तोकेको कार्य पूरा गरेपछि शिक्षकले थप सहजीकरण गर्दै कस्तो, कत्रो, कति र कुन प्रश्नको उत्तरमा आउने अन्य शब्द खोज्न लगाउनुहोस् र एक एक ओटा शब्दपत्ती दिई त्यसमा टिपोट गराउनुहोस् ।

(ऊ) विद्यार्थीले टिपोट गरेका शब्द प्रदर्शनी पाटीमा प्रदर्शन गराई छलफल गराउनुहोस् ।

(ऋ) शिक्षकले निम्नअनुसारको विशेषण शब्द प्रयोग भएको अनुच्छेद प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।

**विशेषण**

बहिनी ठुली भइन् । उनी मिठो गीत गाउँछिन् । उनी राम्रो लाउन र रमाइलो ठाउँमा घुम्न मन पराउँछिन् । उनी सफा कपडा लगाउँछिन् । उनी पिरो अचार खान खुबै मन पराउँछिन् ।

(ए) विद्यार्थीलाई उल्लिखित अनुच्छेदबाट विशेषण शब्द पहिचान गरी शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् ।

(ऐ) भाषिक संरचना र वर्णविन्यासको अभ्यास न. ३ तर्फ विद्यार्थीको ध्यानाकर्षण गरी मिल्दो विशेषण शब्द छानी वाक्य पूरा गर्न लगाउनुहोस् ।

(ओ) विद्यार्थीले गरेका कार्यको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(औ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । अगि कक्षामा पस्दै गर्दा आफूले विशेषण शब्द प्रयोग गरेको स्मरण गराउँदै एउटा समूहलाई अर्को समूहका साथीहरूको नामका अगाडि एक एकओटा विशेषण शब्द प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

(अं) विद्यार्थीका समूह कार्यको अवलोकन गर्नुहोस् र उनीहरूका कार्य प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीका प्रस्तुतिमा ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कस्तो, कत्रो, कति र कुन प्रश्नको उत्तरमा आउने दुई दुईओटा विशेषण शब्द टिपोट गर्न लगाउनुहोस् ।

| कस्तो | कत्रो | कति | कुन |
|---|---|---|---|
| .................. | .................. | .................. | .................. |
| .................. | .................. | .................. | .................. |

(ख) दिइएका विशेषण शब्द प्रयोग गरी आफ्नो मिल्ने साथीको वर्णन गर्न लगाउनुहोस् :

**असल, मिलनसार, ज्ञानी, राम्रो गोरो, अग्लो, पातलो, सुन्दर, लामो, छोटो**

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## एघारौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विशेषण शब्द पहिचान र प्रयोग<br>• दीर्घ **ईकार** भएका शब्दको पहिचान र प्रयोग | • पाठ्यकथाबाट विशेषण शब्द पहिचान गर्न<br>• शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ **ईकार** भएका शब्दको पहिचान र प्रयोग गर्न | • विशेषण शब्दको सूची, चार्टपेपर<br>• शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ **ईकार** भएका शब्दको सूची, अनुच्छेद र शब्दकोश |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै विद्यार्थीलाई चुट्किला सुनाउन लगाउनुहोस् र आफूले पनि सुनाउनुहोस् र सिकाइका लागि कक्षामा ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराई अगिल्लो दिन पढेका विषयवस्तुका आधारमा भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास न. ४ गर्न निर्देश गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई आफूले गरेका कामलाई अगाडि आएर प्रदर्शन गर्न निर्देश गर्नुहोस् । शिक्षकले तयार पारी ल्याएको विशेषण शब्दको सूचीपत्र प्रदर्शन गरी थप स्पष्ट पारिदिनुहोस् ।

(इ) शिक्षकले शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ईकार लागेका शब्द प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस्, जस्तै :

> तिमी आयौ र पो माइती घर गएकी थिएँ । यसरी समस्या हुने बुझेकी भए को जान्थ्यो र ? प्रीति दिदी हिजै आउनुभयो । म तीन दिनदेखि दीनदुखीलाई सहयोग गरेर बसेको छु । यी सबै कुरा कहानी भए । अतीतलाई सम्झेर बस्नु उनीहरूको बाध्यता नै हो । यो एउटा जीवनको प्रतीक
> नै बन्यो ।

| दीर्घ ईकार | | |
|---|---|---|
| **शब्दको सुरुमा** | **शब्दको बिचमा** | **शब्दको अन्त्यमा** |
| **प्रीति** | **अतीत** | **माइती** |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |

(ई) शिक्षकले उदाहरणका रूपमा शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ईकार प्रयोग भएका शब्द तालिकामा टिपेर देखाइदिनुहोस्, जस्तै :

(उ) शिक्षकले टिपेकै प्रकृतिका अन्य शब्द यसरी नै तालिकीकृत गर्न विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

(ऊ) विद्यार्थीले शब्द टिपोट गर्दा शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ऋ) शब्दकोशको प्रयोग गरेर विद्यार्थीलाई शब्दको सुरु र अन्त्यमा दीर्घ ईकार लागेका शब्द टिप्न सिकाउनुहोस् । यसका लागि पनि माथिकै जस्तो तालिका प्रयोग गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गरी सबै समूहलाई एक एकओटा अनुच्छेद दिई तोकिएको अनुच्छेदबाट एउटा समूहलाई शब्दको सुरु, दोस्रो समूहलाई शब्दको बिच र तेस्रो समूहलाई शब्दको अन्त्यमा दीर्घ ईकार भएका शब्द टिपोट गर्ने जिम्मा तोकिदिनुहोस् ।

(ओ) विद्यार्थीले टिपोट गरेका शब्दलाई प्रदर्शनी पाटीमा प्रदर्शन गर्न लगाई छलफल गर्ने मौका दिनुहोस् ।

(औ) शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ईकार लेखेका र नलेखेका शब्दपत्तीहरू कक्षाको कुनै कुनामा छरेर राख्नुहोस् । निश्चित समय दिएर पालैपालो विद्यार्थीलाई शुद्ध शब्दका पत्तीहरू टिपोट गर्न लगाउनुहोस् ।

(अं) विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ इकार लागेका पाँच पाँचओटा शब्द लेख्नुहोस् ।

(ख) भाषिक संरचनाको अभ्यास ५ ले निर्देश गरेबमोजिम दिइएका शब्दलाई तालिकामा लेख्नुहोस् :

:

| दीर्घ ईकार | | |
|---|---|---|
| **शब्दको सुरुमा** | **शब्दको बिचमा** | **शब्दको अन्त्यमा** |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## बाह्रौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• मौखिक प्रश्नोत्तर<br>• सिर्जनात्मक कार्य (कथा पूरण, तयारी र प्रस्तुति) | • सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट कथाको अंशमा खाली राखिएका ठाउँमा उपयुक्त शब्द शब्द राखी पूरण गर्न | • सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची<br>• नमुना उत्तर<br>• चार्टपेपर, कथाको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै विद्यार्थीलाई आफूले जानेको कथा भन्न लगाउनुहोस र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । यस किसिमका प्रश्नको उत्तर दिँदा पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरामा सचेत गराउनुहोस्, जस्तै :

**प्रश्न :** तिमी कति कक्षामा पढ्छ्यौ ?

**उत्तर :** म कक्षा पाँचमा पढ्छु ।

(आ) विद्यार्थीलाई सुनाइ पाठ २ सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ २ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ ।

(इ) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ को निर्देशानुसारको अभ्यास मौखिक रूपमा गर्न लगाउनुहोस्, जस्तै :

| | |
|---|---|
| सौरभ र सौरभी जुम्ल्याहा दाजुबहिनी हुन् । | ठिक |
| सौरभ अल्छी स्वभावका थिए । | बेठिक |
| सौरभ र सौरभी हाँस्दा देब्रे गालामा खोपिल्टो पर्थ्यो । | ठिक |
| सौरभ र सौरभीको खुसी पोख्ने शैली मिल्दैनथ्यो । | बेठिक |

(ई) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थीलाई अभ्यास २ तर्फ केन्द्रित गर्नुहोस् र सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनःस्मरण गराउनुहोस्, जस्तै :

प्रश्न : सौरभ बगैँचामा के गर्दै थिए ?

उत्तर : सौरभ बगैँचामा फूलमा पानी हाल्दै थिए ।

(ऊ) सुनाइ पाठका आधारमा विभिन्न प्रश्नका चिट्ठाहरू निर्माण गर्नुहोस् । विद्यार्थीलाई चिट्ठा टिप्न लगाई आफूलाई परेको प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) शिक्षकले सिर्जनात्मक कार्यमा निर्दिष्ट कथाको अंश लेखिएको चार्ट प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् र त्यस कथामा अपूरा रहेका शब्दमा मिल्ने शब्द राखेर पूरा गरी कथाको सिङ्गो संरचना तयार गर्नुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(ए) विद्यार्थीलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् । हरेक समूहलाई उक्त चार्टपेपरमा कथाको पुनर्लेखन गर्दै खाली ठाउँमा उपयुक्त शब्द राखेर भर्नुपर्ने जानकारी गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई समूहमा बसेर कथाको अंश पूरा गर्न समय निर्धारण गरिदिनुहोस् । विद्यार्थीले समूहमा बसेर काम गरे नगरेको निरीक्षण गरी समूह कार्यमा सक्रिय बनाउनुहोस् ।

(ओ) समूह कार्य सकिएपछि सबै विद्यार्थी समूहलाई पालैपालो अगाडि आएर आआफ्नो समूहको कार्य प्रस्तुत गर्न लगाउनुहोस् र प्रस्तुति सकिएका समूहले तयार गरेको कथा प्रदर्शनी बोर्डमा टाँसी कथाको संरचना (शीर्षक, घटना वा कथावस्तु, पात्र, समय, स्थान, वातावरण, सन्देश आदि) बारे यस पाठको पहिलो दिनको क्रियाकलापमा आधारित भई थप छलफल गराउनुहोस् ।

(औ) आवश्यकता भएमा शिक्षकले तयार पारी ल्याएको कथापूरण तालिकासमेत उपयोग गर्नसक्नुहुने छ ।

**३. मूल्याङ्कन**

**(क) सुनाइ पाठ २ का आधारमा दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) सौरभ बगैँचामा के गर्दै थिए ?

(आ) जन्मदिन कसरी मनाउनुपर्छ ?

**(ख) दिइएको बालकथामा उपयुक्त क्रियापद राखी कथा पूरा गर्नुहोस् :**

एउटा वनमा धेरै परेवा बस्नु .... वनको नजिकै किसानको खेत हुनु .... परेवा सधैँ किसानका खेतमा गई चारा खाने गर्नु .... आजित भएर किसानले परेवालाई जाल थाप्नु .... परेवामध्येको बुढो परेवाले जाल देख्नु .... बुढो परेवाले त्यहाँ नजान सल्लाह दिनु .... उसको सल्लाह कसैले नमान्नु .... बुढो परेवाबाहेक अरू सबै जालमा पर्नु .... जालमा परेका परेवाले पछुताउँदै जालबाट बचाउने जुक्ति निकाल्न बुढो परेवालाई अनुरोध गर्नु .... बुढो परेवाले किसान आएर जाल झिक्दा सबैले मरे जस्तो गर्नु र जाल झिकेपछि सबै एकसाथ उड्नु भन्ने सल्लाह दिनु .... बुढो परेवाको सल्लाहबाट सबै परेवा बाँच्नु .... आफूभन्दा ठुलाले दिएको सल्लाह नमान्दा दुःख पाइने सन्देश ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

| पाठ : ३ | सञ्चारका साधन | |
|---|---|---|
| विधा : निबन्ध | | कार्यघण्टा : १२ |

**परिचय**

'सञ्चारका साधन' सञ्चार विषयक निबन्ध हो । कुनै विषयवस्तु, भाव र विचारलाई सुनियोजित र सुव्यवस्थित रूपमा बाँधेर प्रस्तुत गर्ने साहित्यिक विधा निबन्ध हो । निबन्धमा आफूले जानेका, सुनेका, देखेका कुनै पनि विषयमा

विषयवस्तुभन्दा बाहिर नगई स्वतन्त्र रूपमा सिलसिला मिलाई वर्णन गरिन्छ । बालबालिकालाई आफूले जानेका, अनुभव गरेका कुरालाई सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्न सक्षम बनाउन निबन्ध शिक्षण गरिन्छ ।

निबन्धमा भाषाको बौद्धिक प्रयोग हुन्छ । यस विधाको शिक्षणबाट विद्यार्थीमा विचारलाई शृङ्खलाबद्ध ढङ्गले अभिव्यक्ति दिने क्षमताको विकास हुन्छ । यसबाट विद्यार्थीमा कुनै पनि विषयमा स्वतन्त्र रूपमा वैचारिक अभिव्यक्ति दिन सक्ने क्षमताको विकास हुन्छ । भाषिक सिपको विकासमा निबन्ध विधाको उपयोगबाट मुख्य रूपमा लेखाइ सिपको विकासमा सहयोग पुगी आवश्यकताअनुसार अन्य भाषिक सिपको पनि विकास हुन्छ । निबन्ध विधाको शिक्षण सस्वर तथा मौन पठन, पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग, पठनबोध, अनुच्छेद रचना तथा निबन्ध लेखन सिपको विकासमा केन्द्रित हुनुपर्छ ।

प्रस्तुत पाठको शिक्षण गर्दा सुनाइ र बोलाइ सिपको विकासका लागि सुनाइ र बोलाइ विषयमा आधारित छलफल, नयाँ शब्दको पहिचान, घटना वर्णन, प्रश्नोत्तर तथा सार कथन, अनुमान एवम् कल्पना, श्रव्य सामग्रीको सुनाइ र प्रतिक्रिया गर्ने सिपको विकास र युगल तथा सामूहिक अन्तरक्रिया गराउनुपर्छ । पढाइ सिपको विकासका लागि समयबद्ध सस्वर पठन, द्रुत पठन, मौन पठन, घटनाक्रम पहिचान, विषयवस्तु बोध, युगल पढाइ र प्रतिक्रिया, संरचना पहिचान, विषयवस्तुको क्रम पहिचान, वर्णन र तुलना जस्ता भाषिक सिप सिकाउनुपर्छ । लेखाइ सिपका लागि सिलसिलाबद्ध लेखन, स्वविचार प्रस्तुति, मुख्य विषय टिपोट, प्रश्नोत्तर, प्रश्न निर्माण, विषय विस्तार, सार लेखन, निर्देशित अनुच्छेद लेखन, अनुच्छेदपूरण वा अनुलेखन जस्ता सिप सिकाउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा क्रियापदको पहिचान र प्रयोग, ह्रस्व उकार (सुरु, बिच, अन्त्य) लागेका शब्दको पहिचान र प्रयोगको सिप विकास गराउनुपर्छ । त्यसैगरी शब्दभण्डारमा प्राविधिक तथा पारिभाषिक शब्द पहिचान र प्रयोग, पाठगत शब्दको अर्थ बोध र प्रयोगको सिप सिकाउनुपर्छ भने भाषिक प्रकार्यमा उत्साह र कृतज्ञतामा आधारित सञ्चार गर्ने सिपको विकास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ ३ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ ३ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | • चित्र पहिचान र | • पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न | • पूर्व पठन खण्डका चित्र | १ |

| | | | | |
|---|---|---|---|---|
| | छलफल<br>● सन्दर्भ पहिचान | ● मूल पाठ खण्डमा समाविष्ट चित्र पहिचान र छलफल गर्न<br>● पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न | ● प्रोजेक्टर | |
| **दोस्रो दिन** | ● संरचना पहिचान<br>● सस्वर पठन र शुद्धोच्चारण<br>● शब्दार्थ<br>● बोध प्रश्नोत्तर | ● निबन्धको संरचना पहिचान गर्न<br>● मूल पाठको अनुच्छेद १ देखि ३ सम्म सस्वर पठन गर्न<br>● पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>● निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | ● निबन्धको संरचना देखाउने तालिका<br>● शब्दपत्ती<br>● शब्दार्थपत्ती<br>● प्रश्नोत्तरको नमुना | १ |
| **तेस्रो दिन** | ● सस्वर पठन र शुद्धोच्चारण<br>● शब्दार्थ र वाक्यमा प्रयोग<br>● बोध प्रश्नोत्तर | ● मूल पाठ (अनुच्छेद ४ देखि ६ सम्म)<br>● पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>● पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>● निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | ● शब्दपत्ती<br>● शब्दार्थपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्नोत्तरको नमुना | १ |
| **चौथो दिन** | ● सस्वर पठन र शुद्धोच्चारण<br>● शब्दार्थ र वाक्यमा प्रयोग<br>● बोध प्रश्नोत्तर | ● मूल पाठ (अनुच्छेद ७ देखि अन्तिमसम्म)<br>● पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>● पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>● निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | ● शब्दपत्ती<br>● शब्दार्थपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्नोत्तरको नमुना | १ |
| **पाँचौँ दिन** | ● मौन पठन<br>● पारिभाषिक शब्द पहिचान र प्रयोग (शब्दार्थ, **शब्द मिलान, वाक्य पूरण** ) | ● पाठ्य निबन्ध मौन पठन गर्न<br>● निर्धारित अर्थ बुझाउने शब्द पहिचान गरी लेख्न<br>● अनुकरणात्मक शब्द र क्रियामूलबिच जोडा मिलाउन<br>● अनुकरणात्मक शब्द प्रयोग गरी वाक्य पूरण गर्न | ● अर्थ र शब्दको तालिका<br>● अनुकरणात्मक शब्द र क्रियामूल तालिका<br>● अनुकरणात्मक शब्दसूची<br>● वाक्य पूरण तालिका | १ |
| **छैटौँ दिन** | ● भाषिक संरचना ( अनुच्छेद र वाक्यसङ्ख्या पहिचान)<br>● मौखिक प्रश्नोत्तर<br>● वाक्य पहिचान (ठिक बेठिक)<br>● समयबद्ध पठन | ● पाठमा रहेका अनुच्छेद र वाक्यको सङ्ख्या पहिचान गर्न<br>● निर्दिष्ट प्रश्नको मौखिक उत्तर दिन<br>● भनाइ ठिक भए नभएको पहिचान गर्न<br>● निर्दिष्ट अनुच्छेदलाई समयबद्ध पठन गर्न | ● अनुच्छेद र वाक्यका नमुना<br>● प्रश्नसूची<br>● उत्तरको नमुना<br>● वाक्यसूची<br>● अनुच्छेद | १ |

| | | | | |
|---|---|---|---|---|
| **सातौँ दिन** | • चित्र वर्णन र तुलना<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट चित्रको वर्णन गरी तुलना गर्न<br>• बोध प्रश्नको उत्तर लेख्न | • चित्र, प्रोजेक्टर<br>• प्रश्न सूची<br>• उत्तरको नमुना | १ |
| **आठौँ दिन** | • विचार वर्णन<br>• आशय वर्णन | • निर्दिष्ट भनाइमा आधारित भई आफ्नो विचार व्यक्त गर्न<br>• निर्दिष्ट पङ्क्तिको आशय वर्णन गर्न | • विचार वर्णनको नमुना<br>• आशय वर्णनको नमुना | १ |
| **नवौँ दिन** | • सार लेखन<br>• निर्देशित अनुच्छेद रचना | • कथाको सार लेख्न<br>• निर्दिष्ट बुँदाका आधारमा अनुच्छेद लेख्न | • सार लेखनको ढाँचा<br>• बुँदासूची<br>• अनुच्छेदको नमुना | १ |
| **दसौँ दिन** | • भाषिक प्रकार्य ( उत्साह र कृतज्ञता)<br>• श्रुतिबोध (सुनाइ र बोलाइ) | • उत्साह र कृतज्ञतामा आधारित सञ्चार प्रवाह गर्न<br>• सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न | • उत्साह र कृतज्ञताको नमुना<br>• सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची<br>• नमुना उत्तर | १ |
| **एघारौँ दिन** | • क्रियापदको पहिचान र प्रयोग | • निर्दिष्ट प्रश्नमा आधारित भई क्रियापदको पहिचान र प्रयोग गर्न | • मेटा कार्ड र क्रियापदको सूची | १ |
| **बाह्रौ दिन** | • ह्रस्व **उकार** भएका शब्दको पहिचान र प्रयोग<br>• सिर्जनात्मक कार्य | • शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व **उकार** भएका शब्दको पहिचान र प्रयोग गर्न<br>• निर्दिष्ट विषयवस्तुमा आधारित अनुच्छेद रचना गर्न | • शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व **उकार** भएका शब्दको सूची, अनुच्छेद र शब्दकोश<br>• अनुच्छेदका नमुना र कार्डबोर्ड | १ |
| **जम्मा कार्यघण्टा** | | | | **१२** |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| ● चित्र पहिचान र छलफल<br>● सन्दर्भ पहिचान | ● पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>● मूल पाठ खण्डमा समाविष्ट चित्र पहिचान र छलफल गर्न<br>● पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न | ● पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्र<br>● प्रोजेक्टर (सम्भव भएसम्म) |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) मोबाइलका फाइदा र बेफाइदा छोटकरीमा सुनाउनुहोस् र विद्यार्थीलाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) पूर्व पठन खण्डका चित्र प्रस्तुत गर्नुहोस् । प्रोजेक्टर वा प्रिन्ट कपी वा चित्रको प्रयोग गर्नुहोस् । सम्भव भएसम्म विद्यार्थीबाट निर्मित तस्बिर प्रयोग गर्नुहोस्, जस्तैः




(आ) विद्यार्थीलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई एक एकओटा चित्र दिई प्रस्तुत गरिएका चित्रका सम्बन्धमा आपसमा छलफल गराउनुहोस् र विद्यार्थीलाई सामूहिक रूपमा धारणा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी शिक्षकले सहयोग गर्नुहोस् ।

(इ) प्रत्येक समूहलाई प्रत्येक चित्र आलोपालो वितरण गरी छलफल गराउनुहोस् र प्रत्येक चित्रका बारेमा प्रत्येक समूहलाई सामूहिक धारणा व्यक्त गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देश गरी पूर्व पठन खण्डमा रहेको देहायबमोजिमको अनुच्छेद शिक्षकले सस्वर पठन गरी सुनाउनुहोस् :

*पूर्व पठन*

**"आजको हालखबर के छ ?"**

**"केही नयाँ कुरा छन् भने सुनौँ न ?"**

**माथिका प्रश्न जस्तै हामी पनि साथीभाइ, इष्टमित्र, नातागोता, छरछिमेकसँग हालखबर सोध्छौँ । नयाँ कुरा केही छन् भने सुनौँ न भन्ने आग्रह सबैको हुन्छ । हामी समाचारका लागि विभिन्न सञ्चारका साधन प्रयोग गर्छौँ । दिइएका सञ्चारका साधनका बारेमा छलफल गरौँ :**

(उ) उक्त अनुच्छेदमा रहेको विषयवस्तु र अगि आफूहरूले सामूहिक रूपमा छलफल गरेर निष्कर्ष निकालेको विषयवस्तुबिच तालमेल मिले नमिलेको बारेमा समूहमै मौखिक समीक्षा गर्न लगाउनुहोस् र त्यसको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(ऊ) अब विद्यार्थीलाई दुई समूहमा विभाजन गरी मूल पाठ खण्डका चित्र प्रदर्शन गर्नुहोस् र एक समूहलाई एउटा चित्र पर्ने गरी ती चित्रका बारेमा पनि सामूहिक छलफल गराई ती चित्रले व्यक्त गरको सन्देश अनुमान गरी व्यक्त गर्न लगाउनुहोस् :





(ऋ) छलफल गरिएका चित्रका आधारमा पाठमा के कस्तो विषयवस्तु रहेको होला ? भन्ने विषयमा विद्यार्थीलाई सामूहिक रूपमै अनुमान गर्न लगाउनुहोस् ।

(ए) समूहबाट आएको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीबाट आएको उत्तरलाई पाठको विषयवस्तुसँग समन्वय गराउँदै ती प्रत्येक चित्रले व्यक्त गरेको विषयवस्तुलाई सञ्चारका साधनको परिचय, सञ्चारका साधनको प्रकार, सञ्चारका साधनको काम, सञ्चारका साधनको फाइदा र बेफाइदा, प्रयोग, सदुपयोग र आवश्यकतासँग सम्बन्धित रहेको कुरा प्रस्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पूर्व पठन खण्डका चित्रले व्यक्त गरेका विषयवस्तु वर्णन गर्न लगाउनुहोस् ।

(ख) मूल पाठ खण्डका चित्रले व्यक्त गरेका विषयवस्तु के के हुन् ? भन्न लगाउनुहोस् ।

(ग) पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्रका आाधारमा पाठमा के कस्ता विषयवस्तु समावेश गरिएको होला ? अनुमान गरी भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान | • निबन्धको संरचना पहिचान गर्न<br>• मूल पाठको अनुच्छेद १ देखि ३ सम्म सस्वर पठन गर्न | • निबन्धको संरचना |

| | | |
|---|---|---|
| ● सस्वर पठन र शुद्धोच्चारण<br>● शब्दार्थ<br>● बोध प्रश्नोत्तर | ● पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>● पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>● निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | देखाउने तालिका<br>● शब्दपत्ती<br>● शब्दार्थपत्ती<br>● प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै साइबर अपराधको घटना सुनाई विद्यार्थीलाई सचेत गराउनुका साथै सिकाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) तपाइँहरूले अहिलेसम्म कुनै निबन्ध पढ्नुभएको वा लेख्नुभएको छ वा छैन भन्ने प्रश्न गरी विद्यार्थीका उत्तरलाई ध्यानमा राखी ती पढेका वा लेखेका निबन्धमा के के कुरा रहेका थिए भनी छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीले छलफलमार्फत दिएका उत्तरलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका विषयवस्तुलाई समेटी निबन्धमा के कस्ता कुरा समेट्नुपर्छ वा निबन्ध बन्नका लागि के के कुरा चाहिन्छ भन्ने कुरा छलफल गराउँदै विद्यार्थीको स्तर सुहाउँदो ढङ्गबाट निबन्धको संरचनाबारे प्रस्ट पारिदिनुहोस् । यसका लागि संरचना तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

| निबन्धको संरचना |
|---|
| शीर्षक<br>विषयवस्तु वा घटना<br>फाइदा बेफाइदा<br>प्रयोग<br>स्तर सुहाउँदो भाषाशैली |

**संरचना तालिकामा आधारित रही शिक्षक स्वयम्ले तयार पारेको एउटा निबन्ध पनि नमुनाका रूपमा देखाउनुहोस् ।**

(इ) शिक्षकले पाठको पहिलो अनुच्छेद सस्वर पठन गरी सुनाउनुहोस् । शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको १ देखि ३ अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । **(सस्वर पठन गराउनुअगि नै वाचकलाई उच्चारण गर्न कठिन भएका शब्दहरू अन्य विद्यार्थीलाई टिपोट गर्न लगाउनुपर्ने छ ।)**

(ई) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

(उ) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्द भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस्

(ऊ) उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

सामग्री : /सा.म.ग्रि/,  कम्प्युटर : /कम्.प्यु.टर्/  प्रविधि : /प्र.बि.धि/  इष्टमित्र : /इस्.ट.मि.त्र/

(ऋ) अब विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गरी पाठका एक एकओटा अनुच्छेद दिनुहोस् । आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| लक्ष्य | सोचेको कुरा |
| आदानप्रदान | लेनदेन |
| भावना | मनको कुरा |

(ऐ) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(ओ) अब विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद १-३ बाट केही प्रश्न शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(औ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : हामी नयाँ नयाँ कुरा सिक्न कुन कुन साधनको प्रयोग गर्छौं ?

उत्तर : हामी नयाँ नयाँ कुरा सिक्न रेडियो टिभी, पत्रपत्रिका आदि साधनको प्रयोग गर्छौं ।

(अं) अन्य प्रश्नहरूको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अः) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) निबन्धमा के के कुरा समावेश गर्नुपर्ने रहेछ ? भन्न लगाउनुहोस् ।

(ख) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

प्रक्रिया, व्यक्तिसँग, बुझ्नका लागि

(ग) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

आफन्त, नियमित, साधन

(घ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) सञ्चारका साधनबाट हामी किन अलग हुन सक्दैनौँ ?

(आ) मानवीय स्वभाव के हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • मूल पाठ (अनुच्छेद ४ देखि ६ सम्म)<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो घटना सुनाई विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र विद्यार्थीलाई पनि आफूले देखे वा भोगेका घटना वर्णन गर्ने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

पहिले पहिले दमाहा बजाएर, कर्नाल फुकेर, झ्याली पिटेर नयाँ सन्देश वा सूचना दिने चलन थियो । मानिस नयाँ खबर थाहा पाउन र नयाँ जानकारी लिन विभिन्न उपाय अपनाउँथे । आजको आधुनिक युगमा खबर आदानप्रदान गर्न विभिन्न माध्यम विकास भएका छन् । हामी ती प्रविधिसँग दिनानुदिन अभ्यस्त हुँदै छौँ । सूचना र सञ्चारका विभिन्न साधन छन् । तीमध्ये एउटा भरपर्दो साधन पत्रपत्रिका हो । यसबाट जानकारी, सूचना वा सन्देश एकअर्कासम्म पुऱ्याइन्छ । पत्रपत्रिकामा विज्ञान, शिक्षा, खेलकुद, स्वास्थ्य आदि विषयवस्तु समावेश गरिएका हुन्छन् । यसले हाम्रो खुल्दुली मेटाउँछ । राम्रा समाचारपत्रले समाजमा राम्रा काम गर्ने चेतना जगाउने र सत्यतथ्य जानकारी दिने गर्छन् । राष्ट्रिय एकता र राष्ट्रिय गौरव बढाउने काम गर्छन् । त्यसैले हरेक सञ्चार माध्यमले व्यक्तिभन्दा समाज ठुलो र समाजभन्दा राष्ट्र ठुलो हो भन्ने थाहा दिन सक्नुपर्छ ।

(अ) शिक्षकले पाठको चौथो अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् ।

(आ) शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको ४ देखि ६ अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । **( सस्वर पठन गराउनुअगि नै वाचकलाई उच्चारण गर्न कठिन भएका शब्दहरू अन्य विद्यार्थीलाई टिपोट गर्न लगाउनुपर्ने छ ।)**

(इ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

(ई) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्द भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

कर्नाल : /कर्. नाल्/, भ्याली : /भ्या. लि/ राष्ट्रिय : /रास्. ट्रि.य/, विद्युतीय /विद्.द्यु.ति.य/

(उ) अब विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गरी पाठका एक एकओटा अनुच्छेद दिनुहोस् । आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| सन्देश | सूचना |
| खुल्दुली | जान्ने इच्छा |
| सचित्र | चित्रसहित |

(ए) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् । यसरी शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न अगि निर्माण गरिएका समूहलाई नै प्रेरित गर्नुहोस् । वाक्य निर्माणका लागि वाक्यपत्ती उपलब्ध गराउनुहोस् ।

(ऐ) विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस् । विद्यार्थीबाट निर्मित वाक्यहरू प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्यको ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद ४ देखि ६ बाट निर्माण गरिएका केही प्रश्न शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(औ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : पहिले सूचना कसरी दिइन्थ्यो ?

उत्तर : पहिले दमाहा, कर्नाल बजाएर तथा भ्याली पिटेर सूचना दिइन्थ्यो ।

(अं) अन्य प्रश्नको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अः) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

विद्यालय, बिक्री, हिँडडुल

(ख) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

ओछ्यान, कोपिला, प्रशस्त

(ग) तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

व्यापार, ओछ्यान, कोपिला, प्रशस्त

(घ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) राम्रा समाचारपत्रले के जानकारी दिन्छन् ?

(आ) कस्ता सञ्चार माध्यमलाई विद्युतीय सञ्चार माध्यम भनिन्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • मूल पाठ (अनुच्छेद ७ देखि अन्तिमसम्म)<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कक्षामा विद्यार्थीलाई आँखा बन्द गर्न लगाई तीन पटकसम्म लामो लामो सास तान्दै छोड्दै गर्न लगाउनुहोस् र दुवै हत्केला रगडी तातो हातले आँखा सेक्न लगाई पढाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको सातौँ अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् । शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको सातौँदेखि अन्तिम अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । **( सस्वर पठन गराउनुअगि नै वाचकलाई उच्चारण गर्न कठिन भएका शब्दहरू अन्य विद्यार्थीलाई टिपोट गर्न लगाउनुपर्ने छ ।)**

(आ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

(इ) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

श्रव्यदृश्य : /स्रब्.ब्य.द्रिस्.स्य, इन्टरनेट : /इन्.टर्.नेट्/ आवश्यकता : /आ.बस्.स्यक्.ता/

(ई) यसरी नै बोध र अभिव्यक्ति खण्डको अभ्यास १ का शब्दको शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(उ) अब विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गरी पाठका एक एकओटा अनुच्छेद दिनुहोस् । आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| विद्युतीय | बिजुलीका माध्यमबाट चल्ने |
| विनाशकारी | विनाश गर्ने खालको |
| दुरूपयोग | खराब वा नराम्रो कामका लागि गरिने प्रयोग |

(ऋ) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(ए) यसरी शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न अगि निर्माण गरिएका समूहलाई नै प्रेरित गर्नुहोस् । वाक्य निर्माणका लागि वाक्यपत्ती उपलब्ध गराउनुहोस् ।

(ऐ) विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस् । विद्यार्थीबाट निर्मित वाक्यहरू प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यकतानुसार वाक्यपत्तीको प्रयोगमार्फत सिकाइ सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद ७ पछिका अनुच्छेदबाट निर्माण गरिएका केही प्रश्नहरू शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(औ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : सञ्चारका साधन केका लागि तयार गरिएका हुन् ?

उत्तर : सञ्चारका साधन मानव जीवनको सहजताका लागि तयार गरिएका हुन् ।

(अं) अन्य प्रश्नको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अः) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठको आठौँ अनुच्छेद सस्वर पठन गराउनुहोस्

(ख) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

क्षेत्र, नोक्सान, श्रीखण्ड

(ग) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

सहजता, मनोरञ्जन, महामारी

(घ) शब्दभण्डार खण्डको अभ्यास ४ मा दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ङ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) लगातार टेलिभिजन हेरिरहे कस्ता समस्या देखिन्छन् ?

(आ) सञ्चारका साधन कसरी प्रयोग गर्नुलाई बुद्धिमानी मानिन्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन<br>• पारिभाषिक शब्द पहिचान र प्रयोग ( शब्दार्थ, **शब्द मिलान, वाक्य पूरण** ) | • पाठ्य निबन्ध मौन पठन गर्न<br>• निर्धारित अर्थ बुझाउने शब्द पहिचान गरी लेख्न<br>• अनुकरणात्मक शब्द र क्रियामूलबिच जोडा मिलाउन<br>• अनुकरणात्मक शब्द प्रयोग गरी वाक्य पूरण गर्न | • अर्थ र शब्दको तालिका<br>• अनुकरणात्मक शब्द र क्रियामूल तालिका<br>• अनुकरणात्मक शब्दसूची<br>• वाक्य पूरण तालिका |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले केही पारिभाषिक शब्द लेखिएका शब्दपत्ती प्रदर्शन गरी ती शब्दले के कुरालाई जनाउँछ भन्ने प्रश्न गर्दै विद्यार्थीलाई सिकाइमा ध्यानाकर्षण गराउनुहोस्, जस्तै : अभिलेख, निकुञ्ज, कानुन आदि ।

(आ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई पाठ्य निबन्ध मौन पठन गर्न लगाउनुहोस् । सबै विद्यार्थीले सक्रिय रूपमा मौन पठन गरे नगरेको पहिचान गरी विद्यार्थीलाई पठन कार्यमा प्रेरित गर्नुहोस् ।

(आ) मौन पठनको कार्य सकिएपछि विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ तर्फ ध्यानाकर्षण गराउनुहोस् र अभ्यासले निर्देश गरेअनुसार समूह 'क' मा दिइएका अर्थ बुझाउने शब्द समूह 'ख' बाट पहिचान गरी लेख्न लगाउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(इ) विद्यार्थीको सक्रियतालाई अध्ययन गरी शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । विद्यार्थीले तोकिएको कार्य सकेपछि त्यसलाई पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले तयार पारी ल्याएको शब्दार्थ तालिका प्रदर्शन गरी विद्यार्थीमा रहेका द्विविधालाई समाधान गरिदिनुहोस्, जस्तै :

| समूह क | समूह ख |
|---|---|
| विभिन्न विषयका पुस्तक राखिएको घर | पुस्तकालय |
| जथाभावी भएको खर्च | दुरूपयोग |
| मनसँग सम्बन्ध राख्ने | मानसिक |
| सम्बन्धित सबैलाई केही कुरा थाहा दिने काम | सूचना |
| पत्रपत्रिकामा छापिएका हालखबर | समाचार |

(ई) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास २ तर्फ ध्यानाकर्षण गरी दिइएका पारिभाषिक शब्द र ती शब्दसँग मिल्ने अर्थ पढ्न लगाउनुहोस् ।

(उ) यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार युगल रूपमा गराउन सक्नुहुने छ । त्यसरी अभ्यास गराउँदा एक जनाले शब्द भन्ने र अर्कोले अर्थ भन्ने गरी पालो बाँधी अभ्यास गराउनुहोस् ।

(ऊ) विद्यार्थीले युगल रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऋ) उपर्युक्त शब्द र अर्थको सम्बन्ध देखाई कुनै विशिष्ट क्षेत्रमा प्रयोग हुने, खास अर्थ भएका वा परिभाषा दिन मिल्ने शब्द नै पारिभाषिक शब्द हुन् भन्ने कुरा बताउनुहोस् र आफूले अगि कक्षामा पस्दै गर्दा यस्तै शब्दको प्रयोग गरेको थिएँ भनी यसको धारणा स्पष्ट पारिदिनुहोस् । विद्यार्थीले सुनेका र प्रयोग गरेका यस्तै किसिमका अन्य शब्दहरू भन्न लगाई छलफल गराउनुहोस् ।

(ए) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास ३ तर्फ ध्यानाकर्षण गरी दिइएका वाक्यको खाली ठाउँमा कोष्ठकमा रहेका शब्दसमूहबाट छनोट गरी मिल्ने पारिभाषिक शब्द राखेर खाली ठाउँ भर्न लगाउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूप र विद्यार्थी सङ्ख्याअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(ऐ) विद्यार्थीले सामूहिक रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई कक्षामा अनुकरणसहित प्रस्तुतीकरण गर्ने अवसर दिनुहोस् ।

(ओ) विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि शिक्षक आफूले तयार पारेर ल्याएको पारिभाषिक शब्दसूची र वाक्य पूरण तालिका प्रदर्शन गरी त्यसको अर्थ र अनुकरणसहित थप धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

- गुरुआमाले **प्रश्नावली** तयार पार्नुभयो ।
- पत्रिकामा **पत्रकार**ले काम गर्छन् ।
- चाँगुनारायण मन्दिरको **अभिलेख** सुरक्षित छ ।
- तुरुन्तै कविता रचना गर्ने **आशुकवि** हुन् ।
- वन्यजन्तु **निकुञ्ज**मा पाइन्छन् ।

(औ) पारिभाषिक शब्द प्रयोग भएका अन्य वाक्यबाट पारिभाषिक शब्द झिकी यसरी नै वाक्य पूरण गर्न लगाई पारिभाषिक शब्दको बारेमा थप धारणा स्पष्ट पारिदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठबाट कुनै पाँचओटा पारिभाषिक शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ख) तलका पारिभाषिक शब्दको अर्थ लेख्न लगाउनुहोस् :

महाकवि, कृषक, वातावरण, औषधी, शिक्षक

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# छैटौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना (अनुच्छेद र वाक्यसङ्ख्या पहिचान)<br>• मौखिक प्रश्नोत्तर<br>• वाक्य पहिचान (ठिक बेठिक)<br>• समयबद्ध पठन | • पाठमा रहेका अनुच्छेद र वाक्यको सङ्ख्या पहिचान गर्न<br>• निर्दिष्ट प्रश्नको मौखिक उत्तर दिन<br>• भनाइ ठिक भए नभएको पहिचान गर्न<br>• निर्दिष्ट अनुच्छेदलाई समयबद्ध पठन गर्न | • अनुच्छेद र वाक्यका नमुना<br>• प्रश्नसूची<br>• उत्तरको नमुना<br>• वाक्यसूची<br>• अनुच्छेद |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै महान् व्यक्तिका आदर्श वाणी सुनाई विद्यार्थीलाई सिकाइका लागि तयारी गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले केही अनुच्छेद र केही वाक्यका ढाँचा कक्षामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई अनुच्छेद र वाक्यको संरचनाका बारेमा स्पष्ट पारिदिनुहोस् ।

(आ) अब विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ३ तर्फ आकर्षित गराई पाठमा रहेका अनुच्छेद पहिचान गर्न निर्देश गर्नुहोस् । पाठमा रहेका अनुच्छेद सङ्ख्या पहिचान गर्न लगाई कक्षामा छलफल गराई त्यसको निष्कर्षसहित यस निबन्धमा नौओटा अनुच्छेद रहेको कुरा स्पष्ट पारिदिनुहोस् ।

(इ) अनुच्छेद पहिचानपश्चात् विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई पाठका केही अनुच्छेद पर्ने गरी पाठलाई विभाजन गरिदिनुहोस् । आफ्नो समूहलाई परेका अनुच्छेदमा रहेका वाक्य सङ्ख्या गणना गर्न लगाउनुहोस् र प्रत्येक समूहलाई आफूले निकालेको निष्कर्ष भन्ने अवसर प्रदान गर्नुहोस् । शिक्षकले वाक्यगणनासहित सहजीकरण गरिदिनुहोस्, **जस्तै : दोस्रो अनुच्छेदमा सातओटा वाक्य रहेका छन् ।**

(ई) शिक्षकले मौखिक प्रश्नोत्तरका लागि तयार गरिएका प्रश्नको सूची प्रदर्शन गर्नुहोस् र ती प्रश्नको उत्तर मौखिक रूपमा कसरी दिने भन्नेबारेमा उत्तरको पूर्ण ढाँचासहित छलफल गराउनुहोस्, जस्तै :

प्रश्न : सञ्चारका साधन किन तयार पारिएका हुन् ?

उत्तर : सञ्चारका साधन मानव जीवनको सहजताका लागि तयार पारिएका हुन् ।

(उ) यसरी प्रश्नअनुसारको उत्तरका ढाँचा सिकाएपछि विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ६ तर्फ केन्द्रित गरी सोधिएका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् । **(यस क्रियाकलापका लागि दुई दुई जना विद्यार्थीको समूह बनाई प्रश्न सोध्ने र उत्तर दिने कार्य पालैपालो गराउन सक्नुहुने छ ।)** आवश्यकतानुसार शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ऊ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ४ तर्फ केन्द्रित गर्नुहोस् । दिइएको निर्देशन र प्रश्न बुझ्ने गरी पढ्न लगाउनुहोस् साथमा पाठको पाँचौँ अनुच्छेद पुनः मनमनै पढ्न लगाउनुहोस् र प्रश्नमा सोधिएका वाक्य ठिक वा बेठिक के हुन् ? पहिचान गर्न लगाउनुहोस्, जस्तै :

- पत्रपत्रिका सूचनाको साधन हो । — ठिक
- पत्रिकाले हाम्रो खुल्दुली मेटाउँदैन । — बेठिक
- समाचारपत्रले चेतना जगाउने गर्छ । — ठिक
- पत्रपत्रिकामा खेलकुदका विषय मात्र समावेश गरिन्छन् । — बेठिक

(ऋ) माथिका जस्तै वाक्य टिपोट गरिएको सूची प्रदर्शन गरी विद्यार्थीलाई ती वाक्य ठिक वा बेठिक के छन् ? पहिचान गर्ने अभ्यास गराउनुहोस् । आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीलाई समयबद्ध पठनको अभ्यासका लागि तयारी गराउनुहोस् । समयबद्ध पठन भनेको दिइएको अनुच्छेद वा पाठलाई जतिसक्दो छिटो पढ्ने अभ्यास हो भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई समयबद्ध पठनको अवधारणा र समयबद्ध पठन गर्ने तरिका (समय, गति, यति, शुद्ध उच्चारण, हाउभाउ आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ऐ) शिक्षकले विद्यार्थीमाझ कुनै एउटा अनुच्छेदलाई समयबद्ध रूपमा नमुना वाचन गर्नुहोस् । विद्यार्थीलाई शिक्षकले वाचन गर्दा समय, गति, यति, शुद्ध उच्चारण, हाउभाउ, कसरी प्रयोग गरेको हुन्छ ख्याल गर्न लगाउनुहोस् ।

(ओ) शिक्षकले वाचन गरेजस्तै बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको अनुच्छेद विद्यार्थीलाई पालैपालो समयमा आबद्ध भएर वाचन गर्न लगाउनुहोस् । यस समयमा शिक्षकले विद्यार्थीलाई पढ्न लागेको समय ख्याल गर्नुहोस् । एक विद्यार्थी र अर्को विद्यार्थीलाई अनुच्छेद पढ्न लागेको समय तुलना गर्न लगाउनुहोस् ।

(औ) यस्तै किसिमका अन्य अनुच्छेदसमेत तोकी विद्यार्थीलाई प्रतिस्पर्धात्मक रूपमा समयबद्ध पठनको अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् :

(अ) पाठको छैटौँ अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(आ) आजका आवश्यकता के हुन् ?

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ को उत्तर भन्न लगाउनुहोस् ।

(ग) पाठको अन्तिम अनुच्छेद समयबद्ध पठन गराउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र वर्णन र तुलना<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट चित्रको वर्णन गरी तुलना गर्न<br>• बोध प्रश्नको उत्तर लेख्न | • चित्र, प्रोजेक्टर<br>• प्रश्न सूची<br>• उत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै छोटो कथा सुनाई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ७ तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । निर्दिष्ट चित्रलाई सम्भव भएसम्म प्रोजेक्टरमार्फत प्रस्तुत गर्नुहोस् ।






(आ) विद्यार्थीलाई व्यक्तिगत रूपमै चित्रमा देखिएका विषय वा वस्तु र क्रियाकलाप अध्ययन गर्न लगाउनुहोस् । चित्र अध्ययनको कार्य सकिएपछि त्यस चित्रमा देखिएका विषयवस्तु, घटना वा क्रियाकलापको वर्णन गर्न लगाउनुहोस् ।

(इ) वर्णनकै क्रममा विद्यार्थीलाई यी दुई चित्रमा भएका क्रियाकलाप, वस्तु तथा साधनबिच तुलना गर्न लगाउनुहोस् । यो अवसर सकेसम्म सबै विद्यार्थीलाई प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले थप सहजीकरण गरिदिनुहोस् ।

(ई) यस्तै प्रकृतिका तुलनायोग्य केही युगल तस्बिर प्रदर्शन गर्नुहोस् र ती तस्बिरका बारेमा तुलना गर्न लगाउनुहोस्, जस्तै :





(उ) शिक्षकले पाठसँग सम्बन्धित केही बोध प्रश्नको सूची प्रस्तुत गर्नुहोस् । ती प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयार गराउनुहोस् ।

(ऊ) विद्यार्थीलाई उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् । जस्तै :

प्रश्न : हामी हरेक दिन नयाँ नयाँ कुरा सिक्नका लागि कुन कुन सञ्चारका साधन प्रयोग गर्छौं ?

उत्तर : हामी हरेक दिन नयाँ नयाँ कुरा सिक्नका लागि रेडियो, टेलिभिजन र पत्रपत्रिका जस्ता सञ्चारका साधन प्रयोग गर्छौं ।

(ऋ) प्रश्नसूचीमा भएका प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै विद्यार्थीले उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेखे/नलेखेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ए) बोध प्रश्नोत्तरसम्बन्धी थप प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी अभ्यास गराउनुहोस् ।

(ऐ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न.१३ मा दिएको निर्देशनको आधारमा पनि अनुच्छेद पढेर उत्तर लेख्न लगाई शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका चित्र अध्ययन गरी मिल्दा र नमिल्दा विषयवस्तुबिच तुलना गर्न लगाउनुहोस् :







(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ८ मा दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विचार वर्णन<br>• आशय वर्णन | • निर्दिष्ट भनाइमा आधारित भई आफ्नो विचार व्यक्त गर्न<br>• निर्दिष्ट पङ्क्तिको आशय वर्णन गर्न | • विचार वर्णनको नमुना<br>• आशय वर्णनको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई तपाईंको घरमा सञ्चारका कुन कुन साधन रहेका छन् भनी प्रश्न गरेर विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् । **(यी साधनको नाम सम्झेर राख्न र पछि कक्षाको मुख्य क्रियाकलापमा यसलाई छलफलको विषय बनाइने कुराको सङ्केत गर्नुहोस् ।)**

(आ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न ९ तर्फ लक्षित गर्दै कक्षामा प्रवेश गर्दागर्दै तपाईंको घरमा सञ्चारका कुन कुन साधन रहेका छन् भनी प्रश्न गरेको कुरालाई स्मरण गराउनुहोस् ।

(आ) विद्यार्थीबाट आएका उत्तरलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । **(कक्षाकोठामा इन्टरनेट र प्रोजेक्टरको व्यवस्था छ भने विद्यार्थीले भनेका साधन गुगलमा खोजी देखाउन सक्नुहुने छ ।)**

(इ) विद्यार्थीलाई सञ्चारका साधन किन प्रयोग गर्नुहुन्छ भन्ने प्रश्न गर्दै पालैपालो यसबारे बुँदागत रूपमा भन्न लगाउनुहोस् ।

(ई) विद्यार्थीबाट आएका उत्तरलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र ती बुँदामाथि छलफल गराउँदै सञ्चारका साधन प्रयोग गर्नुका कारणबारे स्पष्ट पारिदिनुहोस् ।

(उ) शिक्षकले तयार पारी ल्याएको सञ्चारका साधन प्रयोग गर्नुका कारणसहितको विचार लेखिएको नमुनापत्र प्रदर्शन गरी थप सहजीकरण गर्नुहोस्, जस्तै :

> म सञ्चारका साधन विभिन्न कामका लागि प्रयोग गर्छु । सञ्चारका साधनको प्रयोग गरेर आफन्तसँग कुराकानी गर्छु । समाचारलगायतका सामग्री हेर्छु । गीत, फिल्म र भिडियो हेर्छु । कथा, कविता सुन्छु । वैज्ञानिकहरूले गरेका नयाँ नयाँ कामका बारेमा जान्नका लागि सञ्चारका साधनको प्रयोग गर्छु ।

(ऊ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १० तर्फ केन्द्रित गर्दै पाठमा प्रयुक्त सन्देशमूलक महफ्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । यस क्रममा यस्ता भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै टिपोट गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग पनि गर्नुहोस् ।

(ऋ) टिपोट गरिएका मध्ये कुनै एक भनाइको आशय व्यक्त गर्ने बुँदाहरू प्रस्तुत गर्नुहोस्, जस्तै :

**"इन्टरनेट वरदान हो ।"**

**उपर्युक्त वाक्यको आशय जनाउने बुँदा**

- इन्टरनेट आधुनिक विज्ञानको उपलब्धि मानिनु
- इन्टरनेट मानिसको लागि वरदान सावित हुनु
- इन्टरनेटकै कारण देशविदेशमा रहेका आफन्तसँग कुराकानी गर्न पाइनु
- देशविदेशमा घटेका नयाँ नयाँ घटनाको बारेमा तत्कालै समाचार सुन्न पाउनु
- कुन देशमा के भइरहेको छ भन्ने कुरा जान्न र सुन्न पाउनु
- विभिन्न सङ्घसंस्थामा जागिरको लागि घरमै बसी बसी निवेदन हाल्न पाउनु
- घरमै बसी बसी बैंङ्कमा पैसा जम्मा गर्न र झिक्न पाउनु

- यी सबै कुरा इन्टरनेटकै कारण सम्भव हुनु ।

(ए) विद्यार्थीलाई "इन्टरनेट वरदान हो ।" भन्ने वाक्य पाठमा हेर्न लगाएर पाठको सन्दर्भसँग मिल्ने गरी उपर्युक्त बुँदा समेट्दै आशय लेख्न सिकाउनुहोस् । यसका लागि शिक्षकले तयार गरेको आशय विस्तारको संरचना जनाउने तालिका वा बुँदाको सूचीसमेत प्रयोग गर्नुहोस् ।

(ऐ) आशय वर्णनको प्रक्रिया सिकाउँदा वाक्यमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई जोड्दै मौखिक रूपमा आशय विस्तार गर्ने अभ्यास गराउनुहोस् ।

(ओ) माथिका बुँदा र आशय वर्णनको प्रक्रियालाई अन्तर्सम्बन्धित गर्दै आशय लेखनको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

(औ) यसरी नै विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी पाठका अन्य पङ्क्तिको पनि आशय लेख्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) सञ्चारका साधन किन प्रयोग गरिन्छ ? विचार व्यक्त गर्न लगाउनुहोस् ।

(ख) दिइएको पङ्क्तिको आशय लेख्न लगाउनुहोस् :

(अ) विद्युतीय सञ्चार साधन अप्ठ्यारो परिस्थितिमा समेत सारथी बन्न सक्छ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सार लेखन<br>• निर्देशित अनुच्छेद रचना | • कथाको सार लेख्न<br>• निर्दिष्ट बुँदाका आधारमा अनुच्छेद लेख्न | • सार लेखनको ढाँचा<br>• बुँदासूची<br>• अनुच्छेदको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै प्रेरक व्यक्तिको प्रेरणादायक भनाइ सुनाएर विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ तर्फ केन्द्रित गर्दै विभिन्न समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई पाठका एक एकओटा अनुच्छेद निर्देश गरी मनमनै पढ्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले निर्दिष्ट पाठ ध्यानपूर्वक पढे नपढेको निरीक्षण गरी पढ्नका लागि उत्प्रेरित गर्नुहोस् ।

(इ) अनुच्छेद पठनपश्चात् प्रत्येक समूहलाई आफूले पढेको अनुच्छेदको सार लेख्नका लागि तयार गराउनुहोस् । सार लेखनका लागि स्पष्ट निर्देशन दिनुहोस् र अनुच्छेदका मुख्य मुख्य कुरा समेटी बुँदा टिपोट गराउनुहोस् ।

(ई) आफ्नो समूहले पढेको अनुच्छेदले के सन्देश दिएको छ भन्ने प्रश्न गरी विद्यार्थीलाई बुँदागत रूपमा भन्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीले भनेका कुरालाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) विद्यार्थीले भनेका बुँदालाई समेटी शिक्षकले कुनै एक अनुच्छेदको मौखिक रूपमा सार बताइदिनुहोस् र शिक्षकले तयार पारी ल्याएको सार लेखनको नमुना समेत प्रदर्शन गरी सार लेख्ने तरिका बताइदिनुहोस्, जस्तै :

**तेस्रो अनुच्छेदको सार**

एक अर्काबिच कुराकानी गर्न, आफ्ना विचार आदान प्रदान गर्न, साथीभाइ तथा इष्टमित्र टाढा रहेका आफन्तसँग दुःख सुखका कुरा साटासाट गर्न इन्टरनेट र मोबाइलको ठुलो भूमिका रहेको छ । कम्प्युटर तथा मोबाइलबाट कहिलेकाहीँ मुख हेरेर पनि कुराकानी गर्न मिल्छ भने लेखेर पनि मनका कुरा साटासाट गर्न मोबाइल र कम्प्युटर जस्ता उपकरणको ठुलो योगदान रहेको छ ।

(ऊ) यसै नमुनाका आधारमा प्रत्येक समूहलाई आफूलाई परेको अनुच्छेदको सार लेख्न प्रेरित गर्नुहोस् ।

(ऋ) शिक्षकले विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ तर्फ केन्द्रित गरी निर्देशित बुँदाका आधारमा अनुच्छेद रचना गर्न तयारी गराउनुहोस् र विद्यार्थीलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् ।

(ए) बुँदा लेखिएको सूचीपत्र प्रत्येक विद्यार्थी समूहलाई प्रदान गर्नुहोस्, जस्तै :

- गैँडा विश्वकै दुर्लभ वन्यजन्तु
- यो शाहाकारी जनावर
- यसले फरक फरक किसिमका आवाज निकाल्न सक्ने
- यसले पछाडि फर्किएर हेर्न नसक्ने
- यसको देख्ने शक्ति कमजोर, सुँघ्ने र सुन्ने शक्ति बलियो हुने

(ऐ) उक्त बुँदालाई समेटी विद्यार्थी समूहलाई अनुच्छेद निर्माण गर्न निर्देश गर्नुहोस् र एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् । यस्ता बुँदालाई अनुच्छेदको स्वरूप दिनको लागि शीर्षक दिनुपर्ने, समापिका क्रियापदसहितको वाक्यगठन हुनुपर्ने र वाक्य वाक्यबिचको अन्तरसम्बन्ध रहनुपर्ने कुरालाई प्रस्ट पारिदिनुहोस् ।

(ओ) विद्यार्थीले सामूहिक कार्य गरे नगरेको निरीक्षण गरी कार्यप्रति उत्प्रेरित गर्नुहोस् र आफूले गरेका कार्य प्रस्तुतीकरणका लागि अवसर प्रदान गर्नुहोस् ।

(औ) विद्यार्थीको प्रदर्शन सकिएपछि निष्कर्षको रूपमा शिक्षक आफूले तयार पारी ल्याएको अनुच्छेदको नमुना प्रदर्शन गरी थप स्पष्ट पारिदिनुहोस्, जस्तै :

**गैँडा**

गैँडाा विश्वकै दुर्लभ जनावर हो । यो नेपालका विभिन्न आरक्षण केन्द्रमा र काठमाडौको चिडियाखानामा देख्न पाइन्छ । यो शाकाहारी जनावर हो । यो खास गरी कालो वा खैरो रङ्को हुन्छ भने यसले विभिन्न आवाज निकाल्न सक्छ । विभिन्न वन्यजन्तुमध्ये यो फरक विशेषताको जनावर हो । यसले पछाडि फर्केर हेर्न सक्दैन । यसको देख्ने शक्ति कमजोर हुन्छ भने सुँघ्ने र सुन्ने शक्ति निकै बलियो रहेको पाइन्छ । उचित वातावरण नभएको कारण यो लोप हुने अवस्थामा रहेकोले सरकारले यसलाई विशेष संरक्षण गरेर राखेको छ ।

**३. मूल्याङ्कन**

(क) पाठको पाचौँ अनुच्छेदको सार लेख्न लगाउनुहोस् ।

(ख) दिइएका बुँदाका आधारमा अनुच्छेद तयार पार्न लगाउनुहोस् :

- इन्टरनेट आधुनिक विज्ञानको उपलब्धि मानिएको
- इन्टरनेट मानिसको लागि वरदान सावित भएको
- इन्टरनेटकै कारण देशविदेशमा रहेका आफन्तसँग कुराकानी गर्न पाइनु
- देशविदेशमा घटेका नयाँनयाँ घटनाको बारेमा तत्कालै समाचार सुन्न पाउनु
- कुन देशमा के भइरहेको छ भन्ने कुरा जान्न र सुन्न पाउनु
- विभिन्न सङ्घसंस्थामा जागिरको लागि घरमै बसी बसी निवेदन हाल्न पाउनु
- घरमै बसी बसी बैंङ्कमा पैसा जम्मा गर्न र झिक्न पाउनु
- यी सबै कुरा इन्टरनेटकै कारण सम्भव भएको

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**दसौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक प्रकार्य ( उत्साह र कृतज्ञता)<br>• श्रुतिबोध (सुनाइ र बोलाइ) | • उत्साह र कृतज्ञतामा आधारित सञ्चार प्रवाह गर्न<br>• सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न | • उत्साह र कृतज्ञताको नमुना<br>• सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची<br>• नमुना उत्तर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कक्षाभित्रकै कुनै विद्यार्थी वा सबै विद्यार्थीलाई असल काम गरेकोमा त्यसबाट आफू प्रेरित भएको र त्यस कामप्रति आफू कृतज्ञ भएको जनाउँदै विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । विद्यार्थीलाई पनि कोही साथीले राम्रो काम गरेको भए त्यस कामलाई स्मरण गर्न (केही समयपछि प्रस्तुत गर्ने गरी) निर्देश गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीसँग उत्साह र कृतज्ञतामा आधारित भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । उत्साह भनेको कुनै पनि व्यक्तिले अर्को व्यक्तिलाई काम गर्नका लागि प्रदान गर्ने हौसला हो । कृतज्ञता भनेको कुनै व्यक्तिले आफूलाई गरेको सहयोगप्रति गरिने आदर भाव हो । यस्ता उत्साह र कृतज्ञतासम्बन्धी भावले मानिसलाई अगाडि बढ्ने बाटो निर्माण गर्दछन् भन्ने कुरा सिकाउँदै विद्यार्थीलाई एक आपसमा साथीलाई उत्साह र साथीले गरेका सहयोगप्रति कृतज्ञता प्रकट गर्न सिकाउनुहोस् ।

(आ) शिक्षकले कुनै दुईजना पात्रबिचको संवादात्मक प्रस्तुतिका माध्यमबाट उत्साह र कृतज्ञता प्रकट गरेको एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**प्रेरणा र कृतज्ञता**

***(डोल्मा र मोहम्मद कक्षा ५ का मिल्ने साथी हुन् । उनीहरूबिच एकआपसमा भएको संवादको एक अंश)***

डोल्मा : मोहम्मद ! ल तिमीलाई बधाई छ है । आजको गायन प्रतियोगितामा तिमी उत्कृष्ट हुन सफल भयौ ।

मोहम्मद : ओहो डोल्मा ! यो तिमीले के भनेकी नि ? मेरो यस सफलताको सम्पूर्ण कारण त तिमी पो हौ । यदि तिमीले मलाई एक हप्ता अगाडिदेखि हौसला नदिएको भए म सायद प्रथम होइन, यस कार्यक्रममा सहभागी नै हुने थिइनँ ।

डोल्मा : त्यसो होइन मोहम्मद । मैले त मात्रै हौसला दिएकी हुँ । मेहनत त तिम्रो छ नि । फेरि तिमी त पहिल्यैदेखि राम्रै गाउने व्यक्ति हौ ।

मोहम्मद : गाउन त गाउथेँ डोल्मा तर मञ्चमा गएर कसरी बोल्ने ? कसरी उभिने आदि आदि कुरा तिमीले सिकायौ । नत्र त म मञ्चमा पुग्नासाथ काँप्ने मान्छे । के को सफल हुन्थेँ नि ?

डोल्मा : भयो तिमीले तारिफ गर्न थालेपछि तिम्रो अगाडि त भगवान् पनि हार खान्छन् होला । बरु अर्को हप्ता हाम्रो गाउँपालिकाले नृत्य प्रतियोगिता आयोजना गरेको छ । त्यसका लागि भव्य तयारी थाल है । त्यसमा पनि हाम्रो विद्यालय प्रथम हुनुपर्छ ।

मोहम्मद : तिमीले प्रदान गरेका हरेक प्रेरणाले मलाई सफलता दिलाएको छ डोल्मा । म तिमीप्रति अत्यन्तै कृतज्ञ छु । तिमीले भने झैँ म नृत्यको तयारी पनि गर्छु । बरु तिम्रो कविता लेखनले कस्तो गति लिँदै छ ? आउँदो कविता प्रतियोगितामा तिम्रो कविता उत्कृष्ट हुनुपर्छ । राम्रो तयारी गर है त ।

डोल्मा : हुन्छ मोहम्मद । सकेसम्म तयारी गरिरहेकी छु । छुट्टिने वेला पनि भएछ । भोलि भेटौँला है त ।

मोहम्मद : हुन्छ डोल्मा भोलि भेटौँला ।

(इ) अभ्यास १४ मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

(ई) सन्दर्भ पठनपश्चात् तोकिएको निर्देशनका आधारमा प्रत्येक विद्यार्थीलाई युगल रूपमा एकले अर्कालाई उत्साह प्रदान गर्न र साथीले गरेको सहयोगप्रति कृतज्ञता प्रकट गर्ने खालका संवादात्मक अभिव्यक्ति प्रस्तुत गर्न लगाउनुहोस् ।

(उ) श्रोता विद्यार्थीलाई साथीका विचार सुन्न लगाउनुहोस् र साथीका अभिव्यक्तिका बारेमा मौखिक टिप्पणी पनि गराउनुहोस् ।

(ऊ) युगल समूहमा विद्यार्थीले व्यक्त गरेका धारणालाई समेटी एक एकओटा संवाद तयार गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । यस किसिमका प्रश्नको उत्तर दिँदा पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरामा सचेत गराउनुहोस्, जस्तै :

प्रश्न : तिमी कति कक्षामा पढ्छ्यौ ?

उत्तर : म कक्षा पाँचमा पढ्छु ।

(ए) विद्यार्थीलाई सुनाइ पाठ ३ सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ ३ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट

डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ । पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई अभ्यासका निर्धारित प्रश्नहरू हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(ऐ) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ को निर्देशानुसारको अभ्यास मौखिक रूपमा गर्न लगाउनुहोस्, जस्तै :

- मेरो प्रेरणाको ठुलो स्रोत भनेको ...सूर्य... हो ।
- प्राणीको ...जीवनमा... उज्यालोको ठुलो महत्त्व छ ।
- बोटबिरुवाले आफूलाई चाहिने ...खानेकुरा... प्रकाशको सहायताबाट बनाउँछ ।
- उज्यालभित्र इन्देनीका सात रङ ...सर आइज्याक न्युटनले... पत्ता लगाएका हुन् ।

(ओ) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(औ) विद्यार्थीलाई पुनः अभ्यास २ तर्फ केन्द्रित गर्नुहोस् । सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनःस्मरण गराउनुहोस्, जस्तै :

प्रश्न : प्रकाशलाई अर्को शब्दमा के भनिन्छ ?

उत्तर : प्रकाशलाई अर्को शब्दमा ज्योति, उज्यालो र आभा भनिन्छ ।

(अं) सुनाइ पाठका आधारमा विभिन्न प्रश्नका चिट्ठा निर्माण गर्नुहोस् । विद्यार्थीलाई चिट्ठा टिप्न लगाई आफूलाई परेको प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) आफूलाई प्रेरणा प्रदान गर्ने व्यक्तिप्रति कृतज्ञता प्रकट गर्न लगाउनुहोस् ।

(ख) सुनाइ पाठ ३ सँग सम्बन्धित निम्नानुसार प्रश्नको उत्तर दिन लगाउनुहोस् :

(अ) इन्द्रेनीमा कतिओटा रङ हुन्छन् ?

(आ) प्रकाशका स्रोत के के हुन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## एघारौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • क्रियापदको पहिचान र प्रयोग | • निर्दिष्ट प्रश्नमा आधारित भई क्रियापदको पहिचान र प्रयोग गर्न | • मेटा कार्ड र क्रियापदको सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै विद्यार्थीलाई गीत गाउन लगाउनुहोस् र सिकाइका लागि उनीहरूको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले कुनै स्वतन्त्र अनुच्छेद रचना गरी प्रदर्शन गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गर्नुहोस् ।

(आ) प्रस्तुत गरिएको अनुच्छेदबाट उदाहरणका रूपमा केही क्रियापद शब्द शैक्षणिक पाटीमा टिपेर देखाउनुहोस् ।

(इ) शिक्षकले उदाहरणमा टिपेकै प्रकृतिका शब्द विद्यार्थीलाई पनि टिपेर प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीले टिपोट गरेका शब्द प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् र आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) शिक्षकले केही मेटाकार्डमा क्रियापद र अन्य शब्द लेख्नुहोस् र त्यसरी निर्माण गरिएका मेटाकार्ड छ्यासमिस पारेर कक्षाको कुनै ठाउँमा छर्नुहोस् ।

(ऊ) निश्चित समय तोकेर विद्यार्थीलाई क्रियापद शब्द टिप्न लगाउनुहोस् र उनीहरूले के कति क्रियापद पहिचान गरी टिप्न सके ? अवलोकन गर्नुहोस् ।

(ऋ) सबैभन्दा धेरै क्रियापद पहिचान गरी टिप्ने विद्यार्थीलाई बधाई दिई अन्य विद्यार्थीलाई पनि सहभागिताका लागि धन्यवाद दिँदै ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ए) क्रियापदका सम्बन्धमा विद्यार्थीका जिज्ञासा लिनुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

(ऐ) हेक्का राख्नुहोस्, वाक्यभित्र कुनै काम भएको बोध गराई वाक्य टुङ्ग्याउने शब्द क्रियापद रहेको कुरा विद्यार्थीलाई सिकाउनुहोस् ।

(ओ) विद्यार्थीलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् । यसअगि नै गरिएका क्रियाकलापका आधारमा भाषिक संरचना र वर्णविन्यासको १, २, ३ र ४ अभ्यास गर्न लगाउनुहोस् ।

(औ) समूहका कार्य प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् र आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठबाट दसओटा क्रियापद टिपोट गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ख) निम्नअनुसार क्रियापद दिई विद्यार्थीलाई वाक्य निर्माण गर्न लगाउनुहोस् :

पढ्छ, उफ्रन्छ, डुल्यो, खेल्यो, सम्झाउँछ

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## बाह्रौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • ह्रस्व **उकार** भएका शब्दको पहिचान र प्रयोग<br>• सिर्जनात्मक कार्य | • शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व **उकार** भएका शब्दको पहिचान र प्रयोग गर्न<br>• निर्दिष्ट विषयवस्तुमा आधारित अनुच्छेद रचना गर्न | • शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व **उकार** भएका शब्दको सूची, अनुच्छेद र शब्दकोश<br>• अनुच्छेदका नमुना र कार्डबोर्ड |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै विद्यार्थीलाई चुट्किला सुनाउन लगाउनुहोस् । आफूले पनि सुनाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व **उकार** लागेका शब्द प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस्, जस्तै :

उनीहरू गाउँसम्म पुग्दा पनि शरीरमा कुनै थकान थिएन । त्यहाँ पुग्नु नै उनीहरूका लागि सबैभन्दा आनन्ददायक क्षण पनि बनेको थियो । त्यहाँका रसिला उखु त उनीहरूलाई अमृतसमान नै भए भने पनि हुन्छ । भुटेका मकै कुटुक्क खाँदाको आनन्द उस्तै थियो । त्यहाँका मन्दिर उस्तै आनन्ददायक थिए । मन्दिरको खुत्रुकेमा केही चन्दा पनि राखिदिए । मनमा उकुसमुकुस भएका भावना पनि खुला भए । हिँड्नु, रमाइलो गर्नु, समयमा काम गर्नु जीवनको रमाइलो क्षण रहेछ भन्ने बुझाइ पनि भयो ।

(आ) शिक्षकले उदाहरणका रूपमा शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व **उकार** प्रयोग भएका शब्द तालिकामा टिपेर देखाइदिनुहोस्, जस्तै :

| ह्रस्व उकार | | |
|---|---|---|
| **शब्दको सुरुमा** | **शब्दको बिचमा** | **शब्दको अन्त्यमा** |
| **भुटेका** | **उकुसमुकुस** | **गर्नु** |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |

(इ) शिक्षकले टिपेकै प्रकृतिका अन्य शब्दहरू यसरी नै तालिकीकृत गर्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले शब्द टिपोट गर्दा शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ई) शब्दकोशको प्रयोग गरेर विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व **उकार** लागेका शब्द टिप्न सिकाउनुहोस् । यसका लागि पनि माथिकै जस्तो तालिका प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गरी सबै समूहलाई एक एकओटा अनुच्छेद दिई तोकिएको अनुच्छेदबाट एउटा समूहलाई शब्दको सुरु, दोस्रो समूहलाई शब्दको बिच र तेस्रो समूहलाई शब्दको अन्त्यमा ह्रस्व **उकार** भएका शब्द टिपोट गर्ने जिम्मा तोकिदिनुहोस् । विद्यार्थीले टिपोट गरेक शब्दलाई प्रदर्शनी पाटीमा प्रदर्शन गर्न लगाई छलफल गर्ने मौका दिनुहोस् ।

(ऊ) शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व उकार लेखेका र नलेखेका शब्दपत्तीहरू कक्षाको कुनै कुनामा छरेर राख्नुहोस् । निश्चित समय दिएर पालैपालो विद्यार्थीलाई शुद्ध शब्दका पत्तीहरू टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) शिक्षकले यसै पाठको नवौँ दिनको क्रियाकलापमा अनुच्छेद रचना गर्न सिकेको कुरा स्मरण गराउँदै अनुच्छेद रचनाको संरचनाबारे पुनः जानकारी गराउनुहोस्, जस्तै :

**अनुच्छेदको संरचना**

- शीर्षक
- शीर्षवाक्य
- उपयुक्त वाक्यगठन
- वाक्य वाक्यको अन्तर्सम्बन्ध
- निष्कर्ष वाक्य

(ए) माथिका बुँदामा आधारित भई शिक्षकले कुनै एक शीर्षकमा लेखिएको अनुच्छेद प्रोजेक्टर वा चार्टपेपरमार्फत प्रदर्शन गर्नुहोस्, जस्तै :

**फूलबारी**

फूलबारी फूलको बगैँचा हो । यहाँ विभिन्न प्रकारका फूल फुलेका हुन्छन् । फूलबारीमा फूलको सुन्दरतालाई देखेर पुतली र चराहरू आउँछन् । फूल, चरा र पुतलीलाई एकै ठाउँमा देख्दा मानिसहरू खुसी हुन्छन् । मानिसहरूले आफ्नो घर, विद्यालय, कार्यालय, मन्दिर जस्ता विभिन्न ठाउँमा फूलबारी निर्माण गरेका हुन्छन् । यसले सबै ठाउँको शोभा बढाउँछ । फूलको सुन्दरता र सुवासले मानिसको मन आनन्दित हुन्छ ।

(ऐ) शिक्षकले प्रस्तुत गरेको अनुच्छेद पालैपालो विद्यार्थीलाई सस्वर पठन गरी पढ्न लगाउनुहोस् । विद्यार्थीलाई अनुच्छेद रचना गर्दा छोटा र सरल वाक्य लेख्ने, चार पाँच शब्दका वाक्य लेख्ने, एक वाक्यलाई अर्को वाक्यसँग जोडेर लेख्ने जस्ता कुरा सिकाउनुहोस् ।

(ओ) विद्यार्थीसँग छलफल गरेर विभिन्न चारओटा शीर्षक छनोट गरी उनीहरूलाई विभिन्न समूहमा विभाजन गरी कार्डबोर्ड वितरण गर्नुहोस् र फरक फरक समूहलाई फरक फरक शीर्षक दिई समूहमा बसेर अनुच्छेद रचना गर्न लगाउनुहोस् ।

(औ) विद्यार्थीले तयार गरेका अनुच्छेद समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् र एउटा समूहले प्रस्तुत गरेपछि अरू समूहसँग प्रतिक्रिया लिनुहोस् । विद्यार्थीका प्रतिक्रियापछि अनुच्छेदलाई आवश्यक संशोधन गरी पुनः प्रस्तुत गरेर सिकाइ सहजीकरण गर्नुहोस् ।

(अं) विद्यार्थीसँग छलफल गरेर कुनै एक स्वतन्त्र शीर्षक छनोट गर्नुहोस् । छनोट गरिएको शीर्षकमा निश्चित समय दिएर विद्यार्थीलाई अनुच्छेद रचना गर्न लगाउनुहोस् । कक्षाकार्यको अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(अः) समूह समूहले रचना गरेका अनुच्छेद पालैपालो प्रदर्शन गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व उकार लागेका पाँच पाँचओटा शब्द लेख्न लगाउनुहोस् ।

(ख) भाषिक संरचनाको अभ्यास ५ ले निर्देश गरेबमोजिमका शब्दलाई तालिकामा लेख्न लगाउनुहोस् :

| ह्रस्व उकार | | |
|---|---|---|
| शब्दको सुरुमा | शब्दको बिचमा | शब्दको अन्त्यमा |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |

(ग) सिर्जनात्मक कार्यमा दिइएबमोजिम तपाईंले प्रयोग गर्ने सञ्चारका साधनका बारेमा एउटा अनुच्छेद तयार गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**पाठ : ४** **प्रधानाध्यापकलाई निवेदन**

**विधा : व्यावहारिक लेखन** **कार्यघण्टा : १०**

## परिचय

'प्रधानाध्यापकलाई निवेदन' व्यावहारिक लेखन विधाको पाठ हो । चिठी सूचना आदान प्रदानको माध्यम हो । चिठी घरायसी, कार्यालयीय, निवेदन र व्यापारिक हुन्छन् । व्यवहारकुशल सिप तथा दैनिक व्यवहारसँग जोडिएका विविध पक्षको सिप विकास गराउनु चिठी शिक्षणको प्रमुख उद्देश्य हो । व्यावहारिक लेखन विधाको उपयोग गरेर लेखाइ सिप सँगसँगै आवश्यकताअनुसार अन्य भाषिक सिपको पनि विकास गराउन सकिन्छ ।

'प्रधानाध्यापकलाई निवेदन' व्यावहारिक लेखनका चिठी विधाअन्तर्गतको 'निवेदन' हो । निवेदनमा व्यक्ति वा संस्थाका माग वा आवश्यकतालाई प्रस्ट रूपमा देखाई विनम्रताका साथ माग पूरा गराउनका लागि अनुरोध गरिन्छ । निवेदन औपचारिक प्रकृतिको हुन्छ । चिठीको शिक्षणमा सस्वर तथा मौन पठन, पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर गराउनुपर्छ । चिठी लेखन सिपको विकास गराउँदा नमुना प्रदर्शन, चिठीका अङ्गको पहिचान, चिठीको प्रकृति पहिचान र लेख्ने तरिकामा केन्द्रित हुनुपर्छ ।

यस पाठबाट सुनाइ र बोलाइ सिपको विकासका लागि निवेदनको ढाँचाबोध, छलफल, विषयवस्तुको बोध, प्रश्न निर्माण, सूचना ग्रहण र सन्देश प्रवाह, प्रश्नोत्तर तथा छलफल, विषयवस्तु टिपोट र मौलिक अभिव्यक्ति गर्ने सिपको विकास गराउनुपर्छ । पढाइ सिपको विकासका लागि समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र छलफल, विषयवस्तु बोध, संरचना पहिचान, प्रश्नोत्तर र सन्देश ग्रहण जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । लेखाइ सिपको विकासका लागि लेखन ढाँचा पहिचान र शैली अनुकरण, अनुलेखन, प्रश्नोत्तर, निवेदन लेखन, बधाई ज्ञापन, निमन्त्रणा पत्र र शुभकामना पत्रको ढाँचा पहिचान र लेखन गर्ने सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा नामयोगी र क्रियाविशेषण शब्दको पहिचान तथा प्रयोग र दीर्घ ऊकार (सुरु, बिच, अन्त्य) को पहिचान र प्रयोग सिपको विकास गराउनुपर्छ । शब्दभण्डारमा पाठगत शब्दको अर्थबोध, वाक्यमा प्रयोग, र शब्दस्रोतअन्तर्गत आगन्तुक शब्दको पहिचान गराउनुपर्छ भने भाषिक प्रकार्यमा कृतज्ञता प्रकट गर्ने सिपको विकास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ ४ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

पाठ ४ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • चित्र पहिचान र छलफल<br>• सन्दर्भ पहिचान<br>• निवेदनको संरचना | • पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>• पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न<br>• निवेदनको संरचना पहिचान गर्न | • पूर्व पठन खण्डका चित्र<br>• प्रोजेक्टर (सम्भव भएसम्म)<br>• निवेदनका ढाँचा | १ |
| दोस्रो दिन | • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ<br>• वाक्यमा प्रयोग | • पाठ्य चिठी सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती | १ |
| तेस्रो दिन | • मौन पठन<br>• शब्दार्थ<br>• पर्यायवाची शब्द<br>• शब्दस्रोत (आगन्तुक शब्द) | • पाठ्य निवेदन मौन पठन गर्न<br>• निर्धारित अर्थ बुझाउने शब्द पहिचान गरी लेख्न<br>• निर्धारित पर्यायवाची शब्दबिच जोडा मिलाउन<br>• आगन्तुक शब्द पहिचान गर्न | • अर्थ र शब्दको तालिका<br>• पर्यायवाची शब्दको तालिका<br>• आगन्तुक स्रोतका शब्दसूची | १ |
| चौथो दिन | • समयबद्ध पठन<br>• विकल्प पहिचान<br>• मौखिक प्रश्नोत्तर<br>• अनुलेखन | • निर्दिष्ट अनुच्छेदलाई समयबद्ध पठन गर्न<br>• उत्तम विकल्प पहिचान गर्न<br>• निर्दिष्ट प्रश्नको मौखिक उत्तर दिन<br>• निर्दिष्ट अनुच्छेद अनुलेखन गर्न | • पाठ्य निवेदन<br>• विकल्प सूची<br>• प्रश्नसूची र उत्तरको नमुना<br>• अनुच्छेद | १ |
| पाँचौँ दिन | • मौन पठन<br>• लिखित प्रश्नोत्तर | • निर्दिष्ट निवेदन र निमन्त्रणापत्र मौन पठन गर्न<br>• निर्दिष्ट विषयमा चिठी लेख्न | • निवेदन र निमन्त्रणापत्र<br>• प्रोजेक्टर<br>• प्रश्नसूची र उत्तरको नमुना | १ |
| छैटौँ दिन | • निवेदन लेखन र प्रस्तुतीकरण | • निर्दिष्ट विषयमा निवेदन लेख्न<br>• लेखिएको निवेदन सामूहिक रूपमा प्रस्तुतीकरण गर्न | • निवेदनको संरचना<br>• निवेदनको नमुना<br>• चार्टपेपर | १ |
| सातौँ दिन | • शुभकामना तथा बधाई लेखन<br>• विषयवस्तु टिपोट | • निर्दिष्ट शीर्षकमा शुभकामनाको नमुना तयार पार्न<br>• निर्दिष्ट शीर्षकमा बधाईको नमुना तयार पार्न<br>• निर्दिष्ट बाल कार्यक्रमको विषयवस्तु टिप्न | • शुभकामनाका नमुना<br>• बधाईका नमुना<br>• प्रोजेक्टर<br>• बाल कार्यक्रमको नाम | १ |

| | | | | |
|---|---|---|---|---|
| **आठौँ दिन** | • विषयवस्तु वर्णन<br>• भाषिक प्रकार्य (कृतज्ञता)<br>• श्रुतिबोध (सुनाइ र बोलाइ) | • रेडियो, टेलिभिजन तथा युट्युब च्यानलमा प्रसारित बाल कार्यक्रमको मुख्य विषयवस्तु प्रस्तुत गर्न<br>• कृतज्ञता ज्ञापनमा आधारित सञ्चार प्रवाह गर्न<br>• सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न | • विषयवस्तु टिपोट गरिएको पत्र<br>• कृतज्ञता ज्ञापनको नमुना<br>• सुनाइ पाठको श्रव्य सामग्री<br>• प्रश्नसूची<br>• नमुना उत्तर | १ |
| **नवौँ दिन** | • क्रियायोगी र नामयोगी शब्दको पहिचान र प्रयोग<br>• परियोजना कार्य | • निर्दिष्ट प्रश्नमा आधारित भई क्रियायोगी र नामयोगी शब्दको पहिचान र प्रयोग गर्न<br>• निमन्त्रणा पत्र सङ्कलन गर्न (गृहकार्यको रूपमा दिने) | • मेटा कार्ड, अनुच्छेद पत्ती वा प्रोजेक्टर<br>• क्रियायोगी तथा नामयोगी पदको सूची | १ |
| **दसौँ दिन** | • दीर्घ **ऊकार** भएका शब्दको पहिचान र प्रयोग<br>• परियोजना कार्यको प्रस्तुति | • शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ **ऊकार** भएका शब्दको पहिचान र प्रयोग गर्न<br>• निमन्त्रणा पत्रको प्रस्तुति वा प्रदर्शन | • शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ **ऊकार** भएका शब्दको सूची, अनुच्छेद र शब्दकोश<br>• निमन्त्रणा पत्रका नमुना | १ |
| **जम्मा कार्यघण्टा** | | | | १० |

**पहिलो दिन**

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● चित्र पहिचान र छलफल<br>● सन्दर्भ पहिचान<br>● निवेदनको संरचना | ● पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>● पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न<br>● निवेदनको संरचना पहिचान गर्न | ● पूर्व पठन खण्डका चित्र<br>● प्रोजेक्टर (सम्भव भएसम्म)<br>● निवेदनका ढाँचा |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) निवेदनका विभिन्न ढाँचा प्रदर्शन गर्दै विद्यार्थीलाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पूर्व पठन खण्डका चित्रहरू प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् वा सम्भव भएसम्म विद्यार्थीबाट निर्मित तस्बिर प्रयोग गर्नुहोस्, जस्तैः




(आ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी प्रस्तुत गरिएको चित्रका सम्बन्धमा आपसमा छलफल गराउनुहोस् र सामूहिक रूपमा धारणा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी शिक्षकले सहयोग गर्नुहोस् ।

(इ) प्रत्येक समूहलाई आलोपालो गरी सामूहिक धारणा व्यक्त गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देश गरी पूर्व पठन खण्डमा रहेको देहायबमोजिमको अनुच्छेद शिक्षकले सस्वर पठन गरी सुनाउनुहोस् :

**विद्यालयमा पढाइलगायत अतिरिक्त क्रियाकलाप हुने गर्छन् । अतिरिक्त क्रियाकलापले विद्यार्थीको बौद्धिक क्षमता वृद्धि हुन्छ । त्यसै गरी शारीरिक अवस्था पनि फुर्तिलो देखिन्छ । त्यसैले विद्यालयले आयोजना गरेका अतिरिक्त क्रियाकलापमा सहभागी हुनुपर्छ । सहभागी हुनका लागि विद्यार्थीले कहिलेकाहीँ प्रधानाध्यापकलाई निवेदन पनि लेख्नुपर्छ । यस्तै विषयवस्तुमा लेखिएको तलको निवेदन पढ्नुहोस् र निवेदनको ढाँचाबारे जानकारी लिनुहोस् ।**

(उ) उक्त अनुच्छेदमा रहेको विषयवस्तु र अगि आफूहरूले सामूहिक रूपमा छलफल गरेर निष्कर्ष निकालेको विषयवस्तुबिच तालमेल मिले नमिलेको समूहमै मौखिक समीक्षा गर्न लगाउनुहोस् र त्यसको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(ऊ) छलफल गरिएको चित्र र उपर्युक्त अनुच्छेदका आधारमा पाठमा केकस्तो विषयवस्तु रहेको होला ? भन्ने विषयमा विद्यार्थीलाई सामूहिक रूपमै अनुमान गर्न लगाउनुहोस् । समूहबाट आएको निष्कर्ष प्रत्येक समूहलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऋ) शिक्षकले विद्यार्थीबाट आएको उत्तरलाई पाठको विषयवस्तुसँग समन्वय गराउँदै ती चित्र र अनुच्छेदले व्यक्त गरेको विषयवस्तुलाई निवेदन लेखनको आवश्यकता, आधार, विषयवस्तु, प्रक्रिया र विनम्रतासँग सम्बन्धित रहने कुरा प्रस्ट पारदिनुहोस्, जस्तै :

**निवेदनको ढाँचा**

मिति : ................

सम्बोधन : ......................
संस्था : ......................
ठेगाना : ........................

विषय : ........................................

महोदय,
विषयले सङ्केत गरेको कुरालाई विस्तृत रूपमा स्पष्ट पार्दै विनम्रतापूर्वक आफ्ना माग राख्नुपर्ने र माग राख्नुका कारणसमेत खुलाउने ।

निवेदक
........................

(ए) अब विद्यार्थीलाई निवेदन लेखनको प्रक्रियाका बारेमा छलफल गराउँदै यसको संरचनाबारे जानकारी गराउनुहोस् जसका लागि निम्नानुसारको ढाँचा अवलम्बन गर्नुपर्ने कुरा छलफल गराई प्रस्ट पारिदिनुहोस् :

(ऐ) निवेदनको ढाँचाका बारेमा छलफल गरिसकेपछि सोही ढाँचामा लेखिएका केही निवेदनका नमुना सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट वा नमुना पत्रहरू देखाई थप स्पष्ट पारिदिनुहोस्, जस्तै :

मिति : २०८०/०९/२२

श्री प्रधानाध्यापकज्यू,
श्री मनकामना माध्यमिक विद्यालय,

पालुङटार, गोरखा

**विषय : खेल सामग्री उपलब्ध गराइपाऊँ भन्ने बारे ।**

महोदय,

उपर्युक्त विषयमा हामी कक्षा पाँचका विद्यार्थी मिली सामाजिक विषयको परियोजना कार्यअन्तर्गत सांस्कृतिक कार्यक्रम आयोजना गर्ने निर्णय गरेका छौँ । यस कार्यका लागि सामाजिक विषयका शिक्षक श्री दानसिंह क्षेत्रीले हामीलाई पटक पटक उत्प्रेरित गरिरहनुभएको व्यहोरा अवगत गराउँदछौँ । हामी यो कार्यक्रम विद्यालयको वार्षिक समारोहमा प्रस्तुत होओस् भन्ने चाहन्छौँ । हामीलाई उक्त कार्यक्रमको तयारी र पूर्णताका लागि मादल एक सेट, चाँप तीन सेट, मुरली एक सेट, तबला एक जोर, हार्मोनियम एक थान साथै तीन तीन थान धोती, चोलो, पटुका, दौरासुरुवाल, इस्टकोट उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गर्दछौँ ।

आज्ञाकारी विद्यार्थी
कक्षा : ५
श्री मनकामना माध्यमिक विद्यालय,
पालुङटार, गोरखा

**३. मूल्याङ्कन**

(क) पूर्व पठन खण्डका चित्रले व्यक्त गरेका विषयवस्तु वर्णन गर्न लगाउनुहोस् ।

(ख) पूर्व पठन खण्डका चित्रका आाधारमा पाठमा के कस्ता विषयवस्तु समावेश गरिएको होला ? अनुमान गरी भन्न लगाउनुहोस् ।

(ग) निवेदन लेख्दा समावेश गर्नैपर्ने विषयवस्तु के के हुन् ? क्रमबद्ध भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन | • पाठ्य चिठी सस्वर पठन गर्न | • शब्दपत्ती |
| • शुद्धोच्चारण | • पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न | • शब्दार्थपत्ती |
| • शब्दार्थ | • पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन | • वाक्यपत्ती |
| • वाक्यमा प्रयोग | • पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै रमाइलो चुट्किला सुनाएर सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् । विद्यार्थीका प्रतिभालाई पनि प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठ्य निवेदन सस्वर पठन गरी पढेर सुनाउनुहोस् ।

## ४ प्रधानाध्यापकलाई निवेदन

मिति : २०८०/०२/३०

श्री प्रधानाध्यापकज्यू,
श्री जनता आधारभूत विद्यालय,
सुरुङ्गा नगरपालिका १, सप्तरी ।

विषय : प्रतियोगितामा भाग लिन पाऊँ भन्ने सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा हाम्रो विद्यालयले प्रत्येक वर्ष विभिन्न प्रतियोगिता आयोजना गर्दै आएको छ । यस वर्ष पनि बुद्धिचाल, क्यारेमबोर्ड, फुटबल, भलिबल, क्रिकेट र ब्याटमिन्टन प्रतियोगिता आयोजना गर्ने जानकारी विद्यालयको सूचनापाटीबाट थाहा पाएँ । मेरो रुचि फुटबल खेलतर्फ रहेको छ । फुटबल प्रशिक्षकले मलाई विद्यालयमा यो खेल खेल्न सिकाउनुभएको छ । मैले बिदाका दिनमा घरनजिकैको चउरमा फुटबल खेल्ने अभ्यास पनि गरेको छु । मभित्र यस खेलमा सफलता पाउन सक्छु भन्ने आत्मविश्वास छ । त्यसैले यस वर्ष आयोजना गरिने प्रतियोगितामा मलाई फुटबल टिममा सहभागी हुने अवसर प्रदान गर्नुहुन विनम्र अनुरोध गर्दछु ।

निवेदक
रहमान अन्सारी
कक्षा : पाँच

*शब्दार्थ*

(आ) शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठ्य निवेदन पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । **(सस्वर पठन गराउनुअघि नै वाचकलाई उच्चारण गर्न कठिन भएका शब्दहरू अन्य विद्यार्थीलाई टिपोट गर्न लगाउनुपर्ने छ ।)**

(इ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

(ई) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

उपर्युक्त : /उ.पर्.युक्.त/ बुद्धिचाल : /बुद्.धि.चाल्/ प्रशिक्षक /प्र.सिक्.क्षक्/

(ऋ) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ ले निर्देश गरेअनुसार शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ए) अब विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई पाठ पढ्न लगाई पाठमा नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

| शब्द | अर्थ |
|---|---|

(ऐ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| प्रतियोगिता | प्रतिस्पर्धा |
| सहभागी | समावेश |
| प्रशिक्षक | सिकाउने व्यक्ति; गुरु |

(ओ) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(औ) यसरी शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोगका लागि अगि निर्माण गरिएका समूहलाई नै प्रेरित गर्नुहोस् र वाक्य निर्माणका लागि वाक्यपत्ती उपलब्ध गराउनुहोस् ।

(अं) विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस् । विद्यार्थीबाट निर्मित वाक्यहरू प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

| शब्द | वाक्य |
|---|---|
| रुचि | मलाई चित्र कोर्न अत्यन्तै रुचि लाग्छ । |
| ............. | ............................................... |

## ३. मूल्याङ्कन

(क) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

विद्यालय, प्रधानाध्यापक, प्रतियोगिता, आत्मविश्वास

(ख) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

प्रशिक्षक, आत्मविश्वास, अनुरोध, प्रतियोगिता

(ग) शब्दभण्डारको अभ्यास ४ मा दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

(घ) पाठ्य निवेदन सस्वर पठन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन<br>• शब्दार्थ<br>• पर्यायवाची शब्द<br>• शब्दस्रोत (आगन्तुक शब्द) | • पाठ्य निवेदन मौन पठन गर्न<br>• निर्धारित अर्थ बुझाउने शब्द पहिचान गरी लेख्न<br>• निर्धारित पर्यायवाची शब्दबिच जोडा मिलाउन | • अर्थ र शब्दको तालिका<br>• पर्यायवाची शब्दको तालिका<br>• आगन्तुक स्रोतका शब्दसूची |

| | | |
|---|---|---|
| | ● आगन्तुक शब्द पहिचान गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले केही पर्यायवाची शब्द (युगल शब्द) लेखिएका शब्दपत्ती प्रदर्शन गरी ती शब्दले के कुरालाई जनाउँछ भन्ने प्रश्न गर्दै विद्यार्थीलाई सिकाइमा ध्यानाकर्षण गराउनुहोस्, जस्तै : गृह - घर, आमा - माता

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठ्य निवेदन मौन पठन गर्न लगाउनुहोस् । सबै विद्यार्थीले सक्रिय रूपमा मौन पठन गरे नगरेको पहिचान गरी विद्यार्थीलाई पठन कार्यमा प्रेरित गर्नुहोस् ।

(आ) मौन पठनको कार्य सकिएपछि विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ तर्फ ध्यानाकर्षण गराउनुहोस् र अभ्यासले निर्देश गरेअनुसार दिइएका पदावलीले बुझाउने शब्द पाठबाट खोजी लेख्न लगाउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(इ) विद्यार्थीको सक्रियतालाई अवलोकन गरी शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । विद्यार्थीले तोकिएको कार्य सकेपछि त्यसलाई पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले तयार पारी ल्याएको तालिका प्रदर्शन गरी विद्यार्थीमा रहेका द्विविधालाई समाधान गरिदिनुहोस्, जस्तै :

| समूह क | समूह ख |
|---|---|
| खुट्टाले हानेर खेलिने खेल | फुटबल |
| कुनै काम पूरा गर्नका लागि पहिलेदेखि गरिएको प्रबन्ध | आयोजना |
| खेतीपाती नगरिने खुला ठाउँ | चउर |
| दोहोऱ्याई तेहेऱ्याई गरिने काम | अभ्यास |
| कुनै कामका लागि गरिने आग्रह | अनुरोध |

(ई) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास २ तर्फ ध्यानाकर्षण गरी दिइएका पर्यायवाची शब्दबिच मौखिक रूपमा जोडा मिलाउने अभ्यास गराउनुहोस् । यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार युगल रूपमा गराउन सक्नुहुने छ । त्यसरी अभ्यास गराउँदा एक जनाले शब्द भन्ने र अर्कोले त्यही शब्दले बुझाउने अर्थ भन्ने गरी पालो बाँधी अभ्यास गराउनुहोस् । विद्यार्थीले युगल रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) पर्यायवाची शब्दबिचको सम्बन्ध देखाई शब्द फरक भए पनि एउटै वा समान अर्थ प्रदान गर्ने शब्द नै पर्यायवाची शब्द हुन् भन्ने कुरा बताई आफूले अगि कक्षामा पस्दै गर्दा यस्तै शब्दको प्रयोग गरेको थिएँ भनी यसको धारणा स्पष्ट पारिदिनुहोस् र विद्यार्थीले सुनेका र प्रयोग गरेका यस्तै किसिमका अन्य शब्दहरू भन्न लगाई छलफल गराउनुहोस् ।

(ऊ) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास २ तर्फ ध्यानाकर्षण गरी दिइएका शब्द र ती शब्दसँग मिल्दो पर्यायवाची शब्दबिच जोडा मिलाउने अभ्यास लिखित रूपमा गराउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूप र विद्यार्थी सङ्ख्याअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(ऋ) विद्यार्थीले सामूहिक रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि शिक्षक आफूले तयार पारी ल्याएको पर्यायवाची शब्दसूची प्रदर्शन गरी त्यसको थप धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

- आमा - माता, मुमा, मा
- घाम - सूर्य, भास्कर
- पात - पत्र, पत्ता
- भाद्र - भदौ

(ए) यसरी नै समान अर्थ प्रदान गर्ने अन्य शब्द विद्यार्थीलाई भन्न लगाई कक्षामा छलफल गराउनुहोस् र पर्यायवाची शब्दको बारेमा थप धारणा स्पष्ट पारिदिनुहोस् ।

(ऐ) अब विद्यार्थीलाई भाषिक समावेशितामा आधारित भई समूहमा विभाजन गर्नुहोस् । विद्यार्थीमाझ विभिन्न भाषाभाषीका शब्द लेखिएको शब्दसूची प्रदर्शन गर्नुहोस् र ती शब्द कुन कुन भाषाबाट आएका हुन् पहिचान गर्न लगाउनुहोस् ।

(ओ) विद्यार्थीबाट आएको उत्तरमाथि गहन छलफल गराउनुहोस् र नेपाली भाषामा नेपालभित्र र बाहिरका अन्य भाषाका शब्दले समेत स्थान पाएको कुरा स्पष्ट पारिदिनुहोस् । यसका लागि राई, लिम्बू, तामाङ, मगर, नेवारी, अङ्ग्रेजी आदि भाषाका शब्द पनि नेपाली भाषामा प्रयोग भएका केही वाक्य प्रदर्शन गरी प्रस्ट पारिदिनुहोस्, जस्तै :

| | |
|---|---|
| मलाई **चाउमिन** खान मन पर्छ । | चाइनिज भाषा |
| म **टेलिभिजन**मा **कार्टुन** हेर्छु । | अङ्ग्रेजी भाषा |
| **लाक्पा**ले **डम्फु** बजायो । | तामाङ भाषा |

(औ) शब्दभण्डार खण्डको अभ्यास ३ तर्फ आकर्षित गरी निर्देशानुसारको अभ्यास गराउनुहोस् र आगन्तुक शब्दका बारेमा धारणा स्पष्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको पर्यायवाची शब्द लेख्न लगाउनुहोस् :

घाम, चैत्र, रात्रि, दिवा

(ख) तलका शब्द समूहबाट उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| जल | जून |
| मान्छे | पानी |
| चन्द्रमा | पृथ्वी |
| धरती | मानव |

(ग) तल दिइएका भाषासम्बन्धी तीन तीनओटा शब्द टिपोट गर्न लगाउनुहोस् :

तामाङ, राई, लिम्बू, मैथिली, नेवारी, मगर ..................... आदि ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • समयबद्ध पठन<br>• विकल्प पहिचान<br>• मौखिक प्रश्नोत्तर<br>• अनुलेखन | • निर्दिष्ट अनुच्छेदलाई समयबद्ध पठन गर्न<br>• उत्तम विकल्प पहिचान गर्न<br>• निर्दिष्ट प्रश्नको मौखिक उत्तर दिन<br>• निर्दिष्ट अनुच्छेद अनुलेखन गर्न | • पाठ्य निवेदन<br>• विकल्प सूची<br>• प्रश्नसूची र उत्तरको नमुना<br>• अनुच्छेद |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै छोटो कथा सुनाई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई समयबद्ध पठनको अभ्यासका लागि तयारी गराउनुहोस् । समयबद्ध पठन भनेको दिइएको अनुच्छेद वा पाठलाई जतिसक्दो छिटो पढ्ने अभ्यास हो भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई समयबद्ध पठनको अवधारणा र समयबद्ध पठन गर्ने तरिका (समय, गति, यति, शुद्ध उच्चारण, हाउभाउ आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(आ) शिक्षकले विद्यार्थीमाझ कुनै एउटा अनुच्छेदलाई समयबद्ध रूपमा नमुना वाचन गर्नुहोस् । विद्यार्थीलाई शिक्षकले वाचन गर्दा समय, गति, यति, शुद्ध उच्चारण, हाउभाउ, कसरी प्रयोग गरेको हुन्छ ख्याल गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले वाचन गरेजस्तै बोध र अभिव्यक्ति खण्डको अभ्यास २ मा दिइएको निर्देशनअनुसार विद्यार्थीलाई पाठ्य निवेदनसमयमा आबद्ध भएर पालैपालो वाचन गर्न लगाउनुहोस् । यस समयमा शिक्षकले विद्यार्थीलाई पढ्दा लागेको समय ख्याल गर्नुहोस् । एक विद्यार्थी र अर्को विद्यार्थीलाई पाठ्य निवेदन पढ्दा लागेको समय तुलना गर्न लगाउनुहोस् ।

(ई) यस्तै किसिमका अन्य अनुच्छेदसमेत तोकी विद्यार्थीलाई प्रतिस्पर्धात्मक रूपमा समयबद्ध पठनको अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ३ तर्फ केन्द्रित गर्नुहोस् । दिइएको निर्देशन र प्रश्न बुझ्ने गरी पढ्न लगाउनुहोस् साथमा पाठ्य निवेदन पुनः मनमनै पढ्न लगाउनुहोस् र सोधिएका प्रश्नको ठिक विकल्प पहिचान गर्न लगाउनुहोस्, जस्तै :

| | |
|---|---|
| ○ यो पाठ कुन विधासँग सम्बन्धित छ ? | व्यावहारिक लेखन |
| ○ यो निवेदन कसलाई लेखिएको हो ? | प्रधानाध्यापक |
| ○ निवेदनको दायाँपट्टि सिरान भागमा के लेखिएको छ ? | मिति |
| ○ निवेदनमा के भनेर सम्बोधन गरिएको छ ? | श्री |

(ऊ) अभ्यासमा जस्तै प्रश्न र विकल्प टिपोट गरिएको सूची प्रदर्शन गरी विद्यार्थीलाई ती प्रश्नको सही विकल्प पहिचान गर्ने अभ्यास गराउनुहोस् । आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ऋ) शिक्षकले मौखिक प्रश्नोत्तरका लागि तयार गरिएका प्रश्नको सूची प्रदर्शन गर्नुहोस् र ती प्रश्नको उत्तर मौखिक रूपमा कसरी दिने भन्नेबारेमा उत्तरको पूर्ण ढाँचासहित छलफल गराउनुहोस्, जस्तै :

प्रश्न : निवेदन कुन मितिमा लेखिएको हो ?

उत्तर : निवेदन मिति २०८० जेठ ३० मा लेखिएको हो ।

(ए) यसरी प्रश्नअनुसारको उत्तरका ढाँचा सिकाएपछि विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ४ तर्फ केन्द्रित गरी सोधिएका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् । **(यस क्रियाकलापका लागि दुई दुई जना विद्यार्थीको समूह बनाई प्रश्न सोध्ने र उत्तर दिने कार्य पालैपालो गराउन सक्नुहुने छ ।)** आवश्यकतानुसार शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ऐ) विद्यार्थीलाई पाठ्य निवेदन अनुलेखन गराउनुहोस् । अनुलेखन गर्दा दिइएको पद्यांश वा गद्यांशको वर्णविन्यास तथा लेख्य चिह्नलाई जस्ताको तस्तै ख्याल गरेर हुबहु लेख्नुपर्ने कुरा सिकाउनुहोस् । नेपाली अक्षर राम्रो पारेर लेख्ने तरिका उदाहरणसहित शैक्षणिक पाटीमा लेखेर सिकाउनुहोस् ।

**नेपाली अक्षर राम्रो पारेर लेख्ने तरिका**

- हरेक वर्णलाई सिधा लेख्ने
- डिको दिएर लेख्ने
- एक वर्णले अर्को वर्णलाई नछोई लेख्ने
- अक्षर दायाँबायाँ नढल्काई सिधा पारेर लेख्ने
- वर्ण वर्ण तथा शब्द शब्दबिचको दूरी समान पार्ने

(ओ) अनुलेखन गरिसकेपछि विद्यार्थीको उत्तरपुस्तिका एकअर्कामा साटासाट गरी पाठ्य निवेदनमा जस्तै गरी लेख्य चिह्न, वर्णविन्यास, पञ्चमवर्ण र उल्लेखित तालिकाको ख्याल गरी सारे नसारेको कुरा पहिचान गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) पाठ्य निवेदन समयबद्ध पठन गर्न लगाउनुहोस् ।

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ को विकल्प पहिचान गर्न लगाउनुहोस् ।

(ग) पाठ्य निवेदनका आधारमा दिइएका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् :

(अ) विद्यालयले प्रतियोगिता कहिले कहिले आयोजना गर्दै आएको छ ?

(आ) फुटबल खेल्न कसले सिकाउनुभएको छ ?

(घ) दिइएको अनुच्छेद अनुलेखन गराउनुहोस् :

| |
|---|
| माछा पानीमा मात्र बाँच्छ । यस्ता प्राणीलाई चलचर प्राणी भनिन्छ । मानिस, गाईवस्तु जस्ता प्राणी जमिनमा मात्र बाँच्छन् । यस्ता प्राणीलाई स्थलचर भनिन्छ । भ्यागुता जस्ता पानी र जमिन दुवै ठाउँमा बाँच्न सक्ने प्राणी उभयचर हुन् । चरा आकाशमा उड्छ । हिउँ चितुवा हिउँ नै हिउँ भएको ठाँउमा मात्र बाँच्न सक्छ । |

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन<br>• लिखित प्रश्नोत्तर | • निर्दिष्ट निवेदन र निमन्त्रणापत्र मौन पठन गर्न<br>• निर्दिष्ट विषयमा चिठी लेख्न | • निवेदन र निमन्त्रणापत्र<br>• प्रोजेक्टर<br>• प्रश्नसूची र उत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै छोटो कथा सुनाई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई पाठ्य निबन्ध मौन पठन गर्न लगाउनुहोस् । सबै विद्यार्थीले सक्रिय रूपमा मौन पठन गरे नगरेको पहिचान गरी विद्यार्थीलाई पठन कार्यमा प्रेरित गर्नुहोस् ।

(आ) मौन पठनको कार्य सकिएपछि विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ तर्फ ध्यानाकर्षण गराउनुहोस् र बोध प्रश्नोत्तरका लागि तयारी अवस्थामा रहन प्रेरित गर्नुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(इ) शिक्षकले पाठसँग सम्बन्धित केही बोध प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् (यसका लागि सम्भव भएसम्म

**दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) विद्यालयको सूचनापाटीमा के लेखिएको छ ?

(ख) रहमान अन्सारीको रुचि कुन खेलतर्फ छ ?

(ग) कसले रहमानलाई फुटबल खेल्न सिकाएका हुन् ?

(घ) रहमानले खेलमा सफलता पाउन सक्ने आधार के हो ?

प्रोजेक्टरको प्रयोग गर्नुहोस् ) जस्तै :

(ई) उपर्युक्त प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयार गराउनुहोस् । विद्यार्थीलाई उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् । जस्तै :

प्रश्न : निवेदकले के विषयमा निवेदन लेखेको छ ?

उत्तर : निवेदकले यस वर्ष विद्यालयमा आयोजना गरिएको खेलकुद प्रतियोगितामा आफू फुटबल टिममा सहभागी हुन पाऊँ भन्ने विषयमा निवेदन लेखेको छ ।

(उ) प्रश्न सूचीमा भएका प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै विद्यार्थीले उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेखे/नलेखेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऊ) बोध प्रश्नोत्तरसम्बन्धी थप प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी अभ्यास गराउनुहोस् ।

(ऋ) यसरी नै बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ७ मा दिएको निर्देशनको आधारमा दिइएको निमन्त्रणा पत्र मनमनै पढ्न लगाउनुहोस् । विद्यार्थीले सक्रिय रूपमा मौन पठन गरे नगरेको पहिचान गरी विद्यार्थीलाई पठन कार्यमा प्रेरित गर्नुहोस् । निमन्त्रणा पत्रको नमुना सम्भव भएसम्म प्रोजेक्टरमार्फत प्रदर्शन गर्नुहोस् :

**७. दिइएको निमन्त्रणा पत्र मौन पठन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

**श्री मङ्गलादेवी माध्यमिक विद्यालय**

**नेत्रावती डब्जोङ गाउँपालिका १, धादिङ**

*हार्दिक निमन्त्रणा*

**श्री गायत्री इटनीज्यू,**
**नेत्रावती डब्जोङ गाउँपालिका १, धादिङ ।**

**यस विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रममा अतिथिका रूपमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौँ ।**

**मिति : २०८० जेठ ६ गते शनिबार** — **प्रार्थी**
**समय : दिनको ११ बजे** — **प्रधानाध्यापक**
**स्थान : विद्यालय प्राङ्गण**

(ए) मौन पठनको कार्य सकिएपछि विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयारी अवस्थामा रहन प्रेरित गर्नुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(ऐ) शिक्षकले पाठसँग सम्बन्धित बोध प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् (यसका लागि सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् ) जस्तै :

*प्रश्नहरू*

(क) यो निमन्त्रणा पत्र कसले कसलाई लेखेको हो ?

(ख) विद्यालयमा कुन कार्यक्रम आयोजना हुँदै छ ?

(ग) विद्यालयले कहिले कार्यक्रम आयोजना गर्दै छ ?

(घ) यस निमन्त्रणा पत्रमा अतिथिलाई कति बजे बोलाइएको छ ?

(ओ) उपर्युक्त प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयार गराउनुहोस् । विद्यार्थीलाई उत्तर लेख्ने क्रममा पूर्ववत् रूपमा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(औ) प्रश्न सूचीमा भएका प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै विद्यार्थीले उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेखे/नलेखेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ६ मा दिइएका निम्नलिखित प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) रहमानलाई कसले फुटबल खेल्न सिकाएका हुन् ?

(आ) विद्यालयको सूचनापाटीमा के लेखिएको छ ?

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ७ मा दिइएको निमन्त्रणा पत्र मौन पठन गर्न गर्न लगाई दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) निमन्त्रणा कसले कसलाई लेखेको हो ?

(आ) निमन्त्रणामा कार्यक्रम कति बजे सुरु हुने जनाइएको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • निवेदन लेखन र प्रस्तुतीकरण | • निर्दिष्ट विषयमा निवेदन लेख्न<br>• लेखिएको निवेदन सामूहिक रूपमा प्रस्तुतीकरण गर्न | • निवेदनको संरचना<br>• निवेदनको नमुना<br>• चार्टपेपर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै महान् व्यक्तिका आदर्श वाणी सुनाई विद्यार्थीलाई सिकाइका लागि तयारी गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई यस पाठको पहिलो दिन छलफल गरेको निवेदन लेखनको प्रक्रियाका बारेमा पुनः स्मरण गराउँदै यसको संरचनाबारे जानकारी गराउनुहोस् जसका लागि निम्नानुसारको ढाँचा अवलम्बन गर्नुपर्ने कुरा छलफल गराई प्रस्ट पारिदिनुहोस् :

**निवेदनको ढाँचा**

मिति : ................

सम्बोधन : ......................
संस्था : ......................
ठेगाना : ........................

विषय : .........................................

महोदय,

विषयले सङ्केत गरेको कुरालाई विस्तृत रूपमा स्पष्ट पार्दै विनम्रतापूर्वक आफ्ना माग राख्नुपर्ने र माग राख्नुका कारणसमेत खुलाउने ।

निवेदक

.........................

(आ) निवेदनको ढाँचाका बारेमा छलफल गरिसकेपछि सोही ढाँचामा लेखिएका केही निवेदनका नमुना सम्भव भएसम्म प्रोजेक्टरका माध्यमबाट वा नमुना पत्रहरू देखाई थप स्पष्ट पारिदिनुहोस्, जस्तै :

मिति : २०८०/०९/२४

श्री प्रधानाध्यापकज्यू,
श्री भञ्ज्याङ माध्यमिक विद्यालय
लिम्बूदिन, ताप्लेजुङ

**विषय : बिरामी बिदा पाऊँ भन्ने बारे ।**

महोदय,

उपर्युक्त सम्बन्धमा म कक्षा ५ मा अध्ययनरत छात्र हुँ । हिजो साँझदेखि ज्वरोले गर्दा अस्वस्थ भएको हुँदा स्वास्थ्य चौकीमा जाँच गराई औषधी सेवन गरिरहेको छु । डाक्टरको सल्लाहअनुसार मलाई दुई दिन आराम गर्नुपर्ने भएकोले आफ्नो नियमित कक्षामा उपस्थित हुन असमर्थ छु त्यसैले मलाई दुई दिन बिरामी बिदा उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गर्दछु ।

**निवेदक**
आज्ञाकारी छात्र
श्रवण लिम्बू
कक्षा : ५, रोल न.३

(इ) प्रस्तुत गरिएको निवेदनका सम्बन्धमा विद्यार्थीसँग छलफल गर्नुहोस् र उनीहरूलाई मिति, सम्बोधन, विषय, पेटबोली र समापनमा लेखिने विषयवस्तु सिकाउनुहोस् ।

(ई) विद्यार्थीलाई सङ्ख्याका आधारमा आवश्यकतानुसार विभिन्न समूह विभाजन गर्नुहोस् ।

(उ) शिक्षकले तयार पारेको कुनै निवेदनलाई विभिन्न टुक्रामा विभाजन गर्नुहोस् र हरेक समूहलाई निवेदनका टुक्राहरू दिई उनीहरूलाई टुक्राहरू जोडेर पूर्ण निवेदन निर्माण गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीका समूह कार्यको अवलोकन गर्नुहोस् र उनीहरूले जोडेर निर्माण गरेका निवेदन प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऋ) सबैभन्दा पहिला निवेदन निर्माण गर्ने समूहलाई धन्यवाद दिँदै अन्य समूहलाई पनि उत्प्रेरित गर्दै हौसला दिनुहोस् ।

(ए) विद्यार्थीलाई चार्टपेपर उपलब्ध गराउनुहोस् र विद्यालयमा खेल सामग्री उपलब्ध गराइदिन अनुरोध गर्दै प्रधानाध्यापकलाई निवेदन लेख्न प्रेरित गर्नुहोस् । (यस क्रियाकलापका लागि आवश्यकतानुसार सामूहिक वा व्यक्तिगत अभ्यास गराउन सक्नुहुने छ ।)

(ऐ) विद्यार्थीको कक्षाकार्यको अवलोकन गर्नुहोस् र विद्यार्थीले तोकिएको कार्य सम्पन्न गरेपछि आआफ्ना कार्यको प्रस्तुतीकरण गर्ने अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ ले निर्देश गरेबमोजिमको निवेदन लेख्न लगाउनुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शुभकामना तथा बधाई लेखन<br>• विषयवस्तु टिपोट | • निर्दिष्ट शीर्षकमा शुभकामनाको नमुना तयार पार्न<br>• निर्दिष्ट शीर्षकमा बधाईको नमुना तयार पार्न<br>• निर्दिष्ट बाल कार्यक्रमको विषयवस्तु टिप्न | • शुभकामनाका नमुना<br>• बधाईका नमुना<br>• प्रोजेक्टर<br>• बाल कार्यक्रमको नाम |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले शुभकामना र बधाईका नमुना तयार पारेर लैजानुहोस् र सबै विद्यार्थीलाई एक एकओटा शुभकामना र बधाई पत्र दिनुहोस् । शुभकामना र बधाई पत्र हेर्दै सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । शिक्षकले तयार पारेका, पत्रपत्रिकाबाट सङ्कलन गरेका तथा सामाजिक सञ्जालमा भेटिएका विभिन्न शुभकामना र बधाईका नमुना एक एकओटा समूहलाई प्रदान गर्नुहोस् । प्रोजेक्टर वा चार्ट पेपरमा तयार गरिएको नमुनाको उपयोग गर्नुहोस्, जस्तै :

> **हार्दिक शुभकामना !**
> यस विद्यालयमा अध्ययनरत कक्षा पाँचका विद्यार्थीले आयोजना गर्न लागेको बाल कथा महोत्सव भव्य रूपमा सम्पन्न होस् भन्दै पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।
> रवीन्द्र पराजुली
> प्रधानाध्यापक
> खाडीचौर मा.वि. सिन्धुपाल्चोक

(आ) यसरी नै बधाईको नमुना पनि प्रदर्शन गर्नुहोस्, जस्तै :

> **हार्दिक बधाई !**
> यस विद्यालयमा अध्ययनरत कक्षा पाँचकी छात्रा सामना प्रजाले विद्यालयको वार्षिकोत्सवका अवसरमा प्रदर्शन गरेको नृत्य सर्वोत्कृष्ट ठहरिएकाले आगामी दिनमा उहाँको थप प्रगतिको कामनासहित हार्दिक बधाई ज्ञापन गर्दछौँ ।
> कक्षा ५ का छात्रछात्रा
> नमुना मच्छिन्द्र मा.वि.
> लगनखेल, ललितपुर

(इ) प्रस्तुत गरिएका शुभकामना र बधाईका नमुनाहरू विद्यार्थीलाई अध्ययन गर्न लगाउनुहोस् ।

(ई) के कस्ता विषयमा शुभकामना र बधाई लेखिएका छन्; विद्यार्थीसँग एक एकओटा समूहमा केन्द्रित भई छलफल गर्नुहोस् ।

(उ) विद्यार्थीका दुवै समूहलाई चार्टपेपर, साइनपेन आदि सामग्री उपलब्ध गराउनुहोस् र ध्यानपूर्वक सुन्न निर्देशन लगाउनुहोस् ।

(ऊ) विद्यार्थीको एउटा समूहलाई बोध अभिव्यक्तिको प्रश्न ९ मा दिइएको शुभकामना पढ्न लगाई निर्देशनअनुसार शुभकामना लेख्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीको अर्को समूहलाई बोध अभिव्यक्तिको प्रश्न १० मा दिइएको बधाई पब पढ्न लगाई निर्देशनअनुसार बधाई पत्र तयार पार्न लगाउनुहोस् ।

(ए) विद्यार्थीलाई रेडियो र टेलिभिजनजस्ता सामाजिक सञ्जालबाट प्रसारित बाल कार्यक्रमका बारेमा छलफल गराउनुहोस् । उनीहरूलाई त्यस्ता कार्यक्रमको बारेमा थाहा भए नभएको यकिन गरी थाहा नभएमा त्यस्ता कार्यक्रम र प्रसारण गर्ने रेडियो वा टेलिभिजन च्यानलको नाम र समयसमेत जनाउने तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

| कार्यक्रमको नाम | रेडियो, टेलिभिजन वा युट्युब च्यानल | समय |
|---|---|---|
| सिक्दै सिकाउँदै रेडियो प्रोग्राम | उज्यालो रेडियो नेटवर्क | सोमवार र विहीवार बिहान ७ : ३० बजे |
| बाल कार्यक्रम | रेडियो नेपाल | ................. |
| ...................... | ........................... | ............ |

(ऐ) उल्लिखित च्यानलमध्ये कुनै एक च्यानलमा प्रस्तुत कार्यक्रमको मुख्य विषयवस्तु टिपोट गरेर ल्याउन निर्देश गर्नुहोस् । (**यस क्रियाकलापलाई गृहकार्यका रूपमा दिनुहोस् र भोलिपल्टको कक्षामा छलफल गराउनुहोस् ।**)

### ३. मूल्याङ्कन

**(क) विद्यार्थीलाई निम्नानुसारका अभ्यास दिई मूल्याङ्कन गर्नुहोस् :**

(अ) आफ्ना साथीलाई परीक्षाको लागि दिइने शुभकामना तयार गर्नुहोस् ।

(आ) तपाईंको मिल्ने साथी कक्षामा प्रथम हुँदा दिने बधाईको नमुना तयार पार्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • विषयवस्तु वर्णन<br>• भाषिक प्रकार्य (कृतज्ञता)<br>• श्रुतिबोध (सुनाइ र बोलाइ) | • रेडियो, टेलिभिजन तथा युट्युब च्यानलमा प्रसारित बाल कार्यक्रमको मुख्य विषयवस्तु प्रस्तुत गर्न<br>• कृतज्ञता ज्ञापनमा आधारित सञ्चार प्रवाह गर्न<br>• सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न | • विषयवस्तु टिपोट गरिएको पत्र<br>• कृतज्ञता ज्ञापनको नमुना<br>• सुनाइ पाठको श्रव्य सामग्री<br>• प्रश्नसूची<br>• नमुना उत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले आफूलाई सहयोग गरेका कुनै व्यक्तिप्रति कृतज्ञ भएको कहानी सुनाउँदै विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूलाई कसैले सहयोग गरेको भए स्मरण गर्न (केही समयपछि प्रस्तुत गर्ने गरी) निर्देश गर्नुहोस् ।

(आ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) अगिल्लो दिन कक्षाकार्यको रूपमा दिइएको विषयवस्तु कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । विद्यार्थीले प्रदर्शन गरेको बाल कार्यक्रमसम्बन्धी विषयवस्तुमाथि कक्षामा छलफल गराउनुहोस् । सकेसम्म सबै विद्यार्थीलाई अवसर दिनुहोस् र शिक्षकले समेत बाल कार्यक्रमसम्बन्धी मुख्य विषयवस्तु टिपोट गरिएको पत्र प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीसँग कृतज्ञतामा आधारित भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । कृतज्ञता भनेको कुनै व्यक्तिले आफूलाई गरेको सहयोगप्रति गरिने आदर भाव हो । यस्ता कृतज्ञतासम्बन्धी भावले मानिसलाई अगाडि बढ्ने बाटो निर्माण गर्दछ र सहयोगी व्यक्तिप्रति सम्मान प्रकट हुन्छ भन्ने कुरा सिकाउँदै विद्यार्थीलाई एक आपसमा साथीलाई साथीले गरेका सहयोगप्रति कृतज्ञता प्रकट गर्न सिकाउनुहोस् । शिक्षकले कृतज्ञता प्रकट गरेको एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**हार्दिक कृतज्ञता**

मेरो नाम चुरुङहाङ लिम्बू हो । हाल म कक्षा ५ मा पढ्दै छु । म कक्षा १ देखि नै हरेक कक्षामा प्रथम हुँदै आएको छु र अहिले पनि म कक्षा ५ को प्रथम छात्र हुँ । प्रथम भएकै कारण म विद्यालयमा सबै गुरु गुरुआमाका नजरमा प्यारो पनि छु । म यसरी सबैका नजरमा प्यारो हुनु र कक्षामा सधैँ प्रथम स्थान हासिल गर्नुमा मेरी काकीको भूमिका महत्त्वपूर्ण छ । उहाँले मलाई सधैँ पढाइमा प्रेरित गर्नुहुन्छ । मेरो स्वास्थ्य र पढाइप्रति उहाँ सधैँ चासो राख्नुहुन्छ । मलाई असल व्यवहार र राम्रा संस्कार सिकाउनुहुन्छ । त्यसैले उहाँ मेरी काकी मात्र होइन, आमा, बुबा, गुरु र भगवान्‌समान हुनुहुन्छ । उहाँले मलाई दिनुभएको असल व्यवहारप्रति सदैव आभारी छु । मेरी काकीले मेरा लागि गर्नुभएको यस गुनलाई कहिल्यै बिर्सने छैन र यसका लागि म उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

(इ) बोध र अभिव्यक्तिको अभ्यास १२ मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

(ई) सन्दर्भ पठनपश्चात् तोकिएको निर्देशनका आधारमा प्रत्येक विद्यार्थीलाई युगल रूपमा एकले अर्कालाई गरेको सहयोगप्रति कृतज्ञता व्यक्त गर्ने खालका अभिव्यक्ति प्रकट गर्न लगाउनुहोस् ।

(उ) श्रोता विद्यार्थीलाई साथीका विचार सुन्न लगाउनुहोस् र साथीका अभिव्यक्तिका बारेमा मौखिक टिप्पणी पनि गराउनुहोस् ।

(ऊ) शिक्षकले प्रदर्शन गरेका नमुनाका आधारमा विद्यार्थीले व्यक्त गरेका धारणालाई समेटी कृतज्ञता प्रकट गरिएका एक एकओटा अनुच्छेद तयार गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । यस किसिमका प्रश्नको उत्तर दिँदा पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरामा सचेत गराउनुहोस्, जस्तै :

प्रश्न : तिमी कुन जिल्लामा बस्छ्यौ ?

उत्तर : म .............जिल्लामा बस्छु ।

(ए) विद्यार्थीलाई सुनाइ पाठ ३ सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ ३ स्वयम्‌ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट

डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ । पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई अभ्यासका निर्धारित प्रश्नहरू हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(ऐ) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठ चारको अभ्यास १ को निर्देशानुसारको सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनःस्मरण गराउनुहोस्, जस्तै :

प्रश्न : निवेदन भनेको के हो ?

उत्तर : कुनै व्यक्तिले कुनै कार्यालयलाई लेख्ने पत्र नै निवेदन हो ।

(ओ) सुनाइ पाठको प्रश्नका आधारमा विभिन्न प्रश्नका चिट्ठाहरू निर्माण गर्नुहोस् । विद्यार्थीलाई चिट्ठा टिप्न लगाई आफूलाई परेको प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(औ) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(अं) विद्यार्थीलाई पुनः अभ्यास २ तर्फ केन्द्रित गर्नुहोस् र सुनाइ पाठ चार पुनः एकपटक सुनाउनुहोस् । निवेदन लेख्दा ध्यान दिनुपर्ने पक्षका बारेमा व्यक्तिगत रूपमा आफ्ना धारणा व्यक्त गर्न लगाउनुहोस् । साथै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) आफूलाई प्रेरणा प्रदान गर्ने व्यक्तिप्रति कृतज्ञता प्रकट गर्न लगाउनुहोस् ।

(ख) सुनाइ पाठ ४ सम्बन्धी निम्नानुसार प्रश्नको उत्तर दिन लगाउनुहोस् :

(अ) निवेदक कसलाई भनिन्छ ?

(आ) निवेदनमा मिति कहाँ लेखिन्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • क्रियायोगी र नामयोगी शब्दको पहिचान र प्रयोग<br>• परियोजना कार्य | • निर्दिष्ट प्रश्नमा आधारित भई क्रियायोगी र नामयोगी शब्दको पहिचान र प्रयोग गर्न<br>• निमन्त्रणा पत्र सङ्कलन गर्न (गृहकार्यको रूपमा दिने) | • मेटा कार्ड, अनुच्छेद पत्ती वा प्रोजेक्टर<br>• क्रियायोगी तथा नामयोगी पदको सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै विद्यार्थीलाई आफूले जानेको कथा सुनाउन लगाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले कुनै क्रियायोगी र नामयोगी शब्दको प्रयोग भएको स्वतन्त्र अनुच्छेद रचना गरी कक्षामा प्रदर्शन गर्नुहोस् । प्रोजेक्टर वा अनुच्छेद पत्तीको उपयोग गर्नुहोस् ।

(आ) प्रस्तुत गरिएको अनुच्छेदबाट उदाहरणका रूपमा केही क्रियायोगी र केही नामयोगी शब्द शैक्षणिक पाटीमा टिपेर देखाउनुहोस् ।

(इ) शिक्षकले उदाहरणमा टिपेकै प्रकृतिका शब्दहरू विद्यार्थीलाई पनि टिपेर प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीले टिपोट गरेका शब्द प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् र आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) शिक्षकले केही मेटाकार्डमा क्रियायोगी र केही मेटाकार्डमा नामयोगी शब्दहरू लेख्नुहोस् र त्यसरी निर्माण गरिएका मेटाकार्ड छ्यासमिस पारेर कक्षाको कुनै ठाउँमा छर्नुहोस् । **(आवश्यकतानुसार वाक्य नै लेखिएका कार्ड पनि प्रयोग गर्न सक्नुहुने छ ।)**

(ऊ) निश्चित समय तोकेर विद्यार्थीलाई क्रियायोगी शब्दहरू र नामयोगी शब्दलाई अलग अलग ठाउँमा राख्न लगाउनुहोस् र उनीहरूले क्रियायोगी र नामयोगी शब्द पहिचान गरी टिप्न सके वा नसकेको अवलोकन गर्नुहोस् ।

(ऋ) विद्यार्थीका कार्यको अवलोकन गरी उनीहरूलाई सक्रिय सहभागिताका लागि धन्यवाद प्रकट गर्नुहोस् ।

(ए) क्रियायोगी र नामयोगीका सम्बन्धमा विद्यार्थीका जिज्ञासा लिनुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

(ऐ) हेक्का राख्नुहोस्, वाक्यमा आएको क्रियापदसँग नजिकको सम्बन्ध राखी क्रियापदको विशेषता जनाउने शब्द क्रियायोगी र नाम वा सर्वनामसँग जोडिएर आउने पद नामयोगी रहेको कुरा उदाहरणसहित विद्यार्थीलाई सिकाउनुहोस् ।

(ओ) विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा पर्ने गरी भाषिक संरचनाको अभ्यास १, २ र ३ विभाजन गरिदिनुहोस् र आआफ्नो समूहलाई परेको कार्य निर्देशानुसार गर्न लगाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(औ) अर्को दिनको कक्षामा परियोजना कार्यको प्रस्तुतिका लागि आफ्ना आफन्त वा छिमेकीको विवाह वा कुनै शुभकार्यका लागि दिइने निमन्त्रणा पत्र सङ्कलन गरेर आउन निर्देशन दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठबाट पाँच पाँचओटा क्रियायोगी र नामयोगी शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दीर्घ **ऊकार** भएका शब्दको पहिचान र प्रयोग<br>• परियोजना कार्यको प्रस्तुति | • शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ **ऊकार** भएका शब्दको पहिचान र प्रयोग गर्न<br>• निमन्त्रणा पत्रको प्रस्तुति वा प्रदर्शन | • शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ **ऊकार** भएका शब्दको सूची, अनुच्छेद र शब्दकोश<br>• निमन्त्रणा पत्रका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै विद्यार्थीलाई चुट्किला सुनाउन लगाउनुहोस् र आफूले पनि सुनाउनुहोस् र सिकाइका लागि कक्षामा ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ **ऊकार** लागेका शब्द प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस्, जस्तै :

> छठमा सूर्यको पूजा गरिन्छ । म मामामाइजूसँग छठ हेर्न पूर्वतर्फ जान्छु । तिमी भने पश्चिमतिर जाऊ । मूल रूपमा जता गए पनि छठ हेर्न पाए त भयो नि । तिमी भाउजूसँग हिमालतर्फ जाऊ । त्यहाँ उनकी फुपू पनि आउनुहुन्छ । शिवले त्रिशूल गाडेका ठाउँ पनि त्यहाँ छन् । हिमाली भेगमा भेडाको उनबाट बनेका लुगा लगाउन पाइन्छ । समूहमा मयूर नाचेको साथै सूर्योदयको अपूर्व दृश्य पनि त्यहाँबाट हेर्न पाइन्छ ।

(आ) शिक्षकले उदाहरणका रूपमा शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व **उकार** प्रयोग भएका शब्द तालिकामा टिपेर देखाइदिनुहोस्, जस्तै :

| दीर्घ ऊकार | | |
|---|---|---|
| **शब्दको सुरुमा** | **शब्दको बिचमा** | **शब्दको अन्त्यमा** |
| सूर्य | त्रिशूल | फुपू |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |

(इ) शिक्षकले टिपेकै प्रकृतिका अन्य शब्दहरू यसरी नै तालिकीकृत गर्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले शब्द टिपोट गर्दा शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ई) शब्दकोशको प्रयोग गरेर विद्यार्थीलाई शब्दको सुरु र अन्त्यमा दीर्घ **ऊकार** लागेका शब्द टिप्न सिकाउनुहोस् । यसका लागि पनि माथिकै जस्तो तालिका प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीलाई आवश्यक समूहमा विभाजन गरी सबै समूहलाई एक एकओटा अनुच्छेद दिई तोकिएको अनुच्छेदबाट एउटा समूहलाई शब्दको सुरु, दोस्रो समूहलाई शब्दको मध्य र तेस्रो समूहलाई शब्दको अन्त्यमा दीर्घ **ऊकार** भएका शब्द टिपोट गर्ने जिम्मा तोकिदिनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्दलाई प्रदर्शनी पाटीमा प्रदर्शन गर्न लगाई छलफल गर्ने मौका दिनुहोस् ।

(ऊ) शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ **ऊकार** लेखेका र नलेखेका शब्दपत्तीहरू कक्षाको कुनै कुनामा छरेर राख्नुहोस् । निश्चित समय दिएर पालैपालो विद्यार्थीलाई शुद्ध शब्दका पत्तीहरू टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) शिक्षकले यसै पाठको नवौँ दिनको क्रियाकलापमा निमन्त्रणापत्र सङ्कलन गरी ल्याउन लगाएको कुरा स्मरण गराउनुहोस् । विद्यार्थीबाट सङ्कलित नमुनाहरू प्रदर्शनपाटीमा टाँस्न लगाउनुहोस् ।

(ए) टाँसिएका प्रत्येक निमन्त्रणापत्र र तिनका ढाँचा अध्ययन गर्न लगाउनुहोस् ।

(ऐ) शिक्षकले तयार गरी वा सङ्कलन गरी ल्याएका निमन्त्रणा पत्रको ढाँचा सम्भव भएसम्म प्रोजेक्टरमा प्रदर्शन गरी प्रत्येक निमन्त्रणा पत्रको आआफ्नै ढाँचा हुने कुराको  जानकारी गराउनुहोस्, जस्तै :


हार्दिक निमन्त्रणा

नेपाल सरकार र चिनियाँ सरकार बीच भएको सम्झौता बमोजिम चिनियाँ सहयोगमा सिन्धुपाल्चोक जिल्ला जुगल गाउँपालिका वडा नं ५ बराम्चीमा निर्मित सुविधा सम्पन्न १२४ कोठे आधुनिक भवनहरु निर्माण कार्य सम्पन्न भई सम्माननीय राष्ट्रपति श्रीमती बिद्यादेवी भण्डारी ज्युबाट तपसील बमोजिमको मिति, स्थान र समयमा समुद्घाटन हुने गरीमामय समारोहमा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

कार्यक्रम

मिति : २०७६।०९।२१ गते

स्थान : श्री रत्न राज्य मा.वि. प्राङ्गण जुगल-५, सिन्धुपाल्चोक

समय : बिहान ११ : ३० बजे

जुगल गाउँपालिका बराम्ची, सिन्धुपाल्चोक


अभिवादन प्रतिभा पहिचान प्रतिष्ठान

काठमाडौँ, नेपाल

श्री दीपेन्द्र राई ज्यु,

बोपुङ - ७, खोटाङ ।

हार्दिक निमन्त्रणा

अभिवादन प्रतिभा पहिचान प्रतिष्ठानबाट विभिन्न विधा र क्षेत्रका १० जना प्रतिभालाई अभिवादन अर्पण गरिने दोस्रो अभिवादन अर्पण समारोहमा यहाँको गरिमामय उपस्थितिका लागि सादर अनुरोध छ ।

कार्यक्रम

मिति : २०७० साल भाद्र २९ गते, शनिवार

स्थान : के. एम. सी. कलेज, बागबजार, काठमाडौँ

समय : दिउँसो २ बजे

प्रमुख अतिथि — बद्रराणी काईला | महासचिव — सन्तोष निरा | अध्यक्ष — रमेश शुभेच्छु

(ओ) विद्यार्थीले ल्याएका निमन्त्रणा पत्रसमेत नमुनाका रूपमा प्रदर्शन गरी निमन्त्रणापत्र विभिन्न विषयअनुसार फरक फरक ढाँचामा तयार गर्न सकिने कुरा निष्कर्षका रूपमा बताइदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) शब्दको सुरु, बिच र अन्त्यमा **दीर्घ ऊकार** लागेका पाँच पाँचओटा शब्द लेख्न लगाउनुहोस् ।

(ख) भाषिक संरचनाको अभ्यास ५ ले निर्देश गरेबमोजिम दिइएका शब्दलाई तालिकामा लेख्नुहोस् :

| दीर्घ ऊकार | | |
|---|---|---|
| **शब्दको सुरुमा** | **शब्दको बिचमा** | **शब्दको अन्त्यमा** |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |
| ................. | ................. | ................. |

| | | |
|---|---|---|
| ................ | ................ | ................ |

(ग) विभिन्न ढाँचाका निमन्त्रणा पत्र प्रदर्शन गरी तिनमा रहेको भिन्नता पहिचान गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**पाठ : ५** **नाटककार बालकृष्ण सम**

**विधा : जीवनी** **कार्यघण्टा : १३**

**परिचय**

'नाटककार बालकृष्ण सम' जीवनीपरक पाठ हो । नेपाली साहित्यको नाटक क्षेत्रमा विशेष योगदान पुऱ्याएका बालकृष्ण समको जीवनीमा आधारित यो पाठ राष्ट्रिय जीवनी हो । समाज, राष्ट्र तथा मानव जातिका निम्ति विशिष्ट योगदान पुऱ्याउने व्यक्तिको व्यक्तित्वको विभिन्न पक्षमा प्रकाश पार्ने तथ्यमूलक सामग्रीको क्रमबद्ध तथा सुन्दर प्रस्तुति नै जीवनी हो । जीवनी शिक्षणबाट विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमता, लेखन क्षमता र शब्दभण्डारमा वृद्धि हुन्छ । जीवनी शिक्षणबाट विद्यार्थीमा उत्साह र प्रेरणा प्राप्त हुन्छ । बालबालिकाको व्यक्तित्वको निर्माण र भाषिक सिपको विकासमा जीवनी शिक्षणबाट महत्त्वपूर्ण सहयोग पुग्छ ।

जीवनी शिक्षणअन्तर्गत सम्पन्न गरिने क्रियाकलापबाट विद्यार्थीमा गति, यति मिलाएर पाठ्य सामग्रीको सस्वर पठन गर्ने, मौन पठन गर्ने, बोधात्मक क्षमताको विकास गर्ने, जीवनी रचना गर्ने, घटना टिपोट तथा वर्णन गर्ने, घटनाक्रम मिलाउने र सारांश लेख्ने सिपको विकास गराउन सकिन्छ । जीवनीमा व्यक्ति विशेषका योगदान, सङ्घर्षमय जीवन, प्रेरणालगायतका विषयवस्तु हुने हुनाले भाषाको बोध तथा अभिव्यक्ति सिपको विकासमा यस विधाको प्रभावकारी उपयोग गर्न सकिन्छ । यस पाठको शिक्षण सस्वर पठन, मौन पठन, पाठगत शब्दको उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, विश्लेषण, निबन्ध लेखन अभ्यास जस्ता क्रियाकलापमा केन्द्रित हुनुपर्छ ।

यस पाठमा सुनाइ तथा बोलाइ सिपको विकासका लागि प्रतिक्रिया, तथ्य पहिचान र प्रस्तुति, व्यक्तिवृत्त वर्णन, विषयवस्तुको धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर, छलफल, अनुमान, घटना विस्तार र प्रस्तुति जस्ता पाठ्यवस्तु समावेश गरिएको छ । पढाइ सिपको विकासका लागि समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र विषयवस्तु बोध, द्रुत पठन,

संरचना पहिचान, घटनाक्रम पहिचान, प्रश्नोत्तर र सन्देश ग्रहण जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । लेखाइ सिपको विकासका लागि घटना टिपोट र मिलान, प्रश्नोत्तर, श्रुतिलेखन, चित्र वर्णन, व्यक्तिगत विवरण बुँदा टिपोट, जीवनी लेखन सिपको विकास गराउनुपर्छ । भाषिक संरचनामा निपात, विस्मयादिबोधक र संयोजक शब्दको पहिचान तथा प्रयोग गराउनुपर्छ भने वर्णविन्यासअन्तर्गत 'ब' र 'व' को पहिचान र प्रयोग सिपको विकास गराउनुपर्छ । शब्दभण्डारमा पाठगत शब्दको अर्थबोध, श्रुतिसमभिन्नार्थी शब्द पहिचान र वाक्यमा प्रयोग गराउनुपर्छ भने भाषिक प्रकार्यमा आदर्श अनुकरण गर्ने सिपको विकास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका र आवश्यकताअनुसार अन्य विविध थप अभ्यास गराउन सक्नुहुने छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ ५ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ ५ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | • चित्र पहिचान र छलफल<br>• सन्दर्भ पहिचान | • पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>• मूल पाठ खण्डमा समाविष्ट चित्र पहिचान र छलफल गर्न<br>• पाठ्य जीवनीको सन्दर्भ पहिचान गरी छलफल गर्न | • पूर्व पठन र मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर (सम्भव भएसम्म) | १ |
| **दोस्रो दिन** | • संरचना पहिचान<br>• सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ<br>• बोध प्रश्नोत्तर | • जीवनीको संरचना पहिचान गर्न<br>• मूल पाठको अनुच्छेद १ देखि २ सम्म सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ बताउन<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • जीवनीको संरचना देखाउने तालिका<br>• शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• प्रश्नोत्तरको नमुना | १ |
| **तेस्रो दिन** | • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग | • मूल पाठको अनुच्छेद ३ देखि ६ सम्मको सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| | • बोध प्रश्नोत्तर | • शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • प्रश्नोत्तरको नमुना | |
| **चौथो दिन** | • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद ७ देखिका सबै अनुच्छेदको सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ बताउन<br>• शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना | १ |
| **पाँचौँ दिन** | • मौन पठन<br>• शब्दार्थ<br>• श्रुतिसमभिन्नार्थक शब्द | • पाठ्य जीवनीको मौन पठन गर्न<br>• पदावलीको अर्थ बुझाउने शब्द पहिचान गरी जोडा मिलाउन<br>• श्रुतिसमभिन्नार्थी शब्दको पहिचान गरी प्रयोग गर्न | • अर्थ र शब्दको तालिका<br>• श्रुतिसमभिन्नार्थी शब्दसूची<br>• वाक्य पूरण तालिका | १ |
| **छैटौँ दिन** | • भाषिक संरचना (अनुच्छेद र वाक्य पहिचान)<br>• मौखिक प्रश्नोत्तर<br>• द्रुत पठन<br>• श्रुतिलेखन | • अनुच्छेद र वाक्यसङ्ख्या पहिचान गर्न<br>• निर्दिष्ट प्रश्नको मौखिक उत्तर दिन<br>• निर्दिष्ट अनुच्छेदलाई द्रुत पठन गर्न<br>• श्रुतिलेखन गर्न | • अनुच्छेद र वाक्य<br>• प्रश्नसूची<br>• नमुना उत्तर<br>• अनुच्छेद | १ |
| **सातौँ दिन** | • घटनाक्रम मिलान<br>• बोध प्रश्नोत्तर<br>• चित्र वर्णन र अनुच्छेद लेखन | • निर्दिष्ट बुँदालाई पाठ्य जीवनीका आधारमा क्रम मिलाई लेख्न<br>• बोध प्रश्नको उत्तर लेख्न<br>• निर्दिष्ट चित्रको वर्णन गरी अनुच्छेद लेख्न | • चार्टपेपर<br>• बुँदासूची<br>• प्रश्न सूची र उत्तरको नमुना<br>• चित्र, प्रोजेक्टर | १ |
| **आठौँ दिन** | • मौन पठन<br>• विषयवस्तु टिपोट र वर्णन तथा भावार्थ | • पाठ्य जीवनीको मौन पठन गर्न<br>• जीवनीका मुख्य विषयवस्तु टिपोट गर्न र भाव बताउन<br>• बालकृष्ण समले नाटकका क्षेत्रमा पुऱ्याएका योगदानको वर्णन गर्न | • टिपोट पत्र, चार्टपेपर<br>• योगदान वर्णनको नमुना<br>• प्रोजेक्टर | १ |
| **नवौँ दिन** | • व्यक्तिगत विवरण (संरचना पहिचान र लेखन) | • व्यक्तिगत विवरणको संरचना पहिचान गर्न<br>• व्यक्तिगत विवरण तयार पार्न | • व्यक्तिगत विवरणको संरचना<br>• व्यक्तिगत विवरणको नमुना | १ |
| **दसौँ दिन** | • भाषिक प्रकार्य ( पारिवारिक चालचलन)<br>• श्रुतिबोध (सुनाइ र | • पारिवारिक चालचलनमा आधारित सञ्चार प्रवाह गर्न<br>• सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न | • पारिवारिक चालचलन झल्काउने टिपोटको नमुनापत्र<br>• श्रव्य सामग्री<br>• प्रश्नसूची<br>• उत्तरको नमुना | १ |

| | | | | |
|---|---|---|---|---|
| | बोलाइ) | | | |
| **एघारौँ दिन** | • भाषिक संरचना (निपात र विस्मयादिबोधक शब्द) | • निपात शब्दको पहिचान र प्रयोग गर्न<br>• विस्मयादिबोधक शब्दको पहिचान र प्रयोग गर्न<br>• वाक्यमा निपात र विस्मयादिबोधक शब्द पूरण गर्न | • निपात र विस्मयादिबोधक शब्द प्रयोग भएको अनुच्छेद र वाक्य<br>• निपात र विस्मयादिबोधक शब्दसूची<br>• शब्दपत्ती | १ |
| **बाह्रौ दिन** | • संयोजक र निपात शब्द<br>• शुद्धीकरण | • संयोजक र निपात शब्दको पहिचान र प्रयोग गर्न<br>• निर्दिष्ट अशुद्ध शब्दलाई शुद्ध गरी लेख्न | • संयोजक र निपात शब्द प्रयोग भएको अनुच्छेद, वाक्य<br>• निपात र संयोजक शब्दसूची<br>• शब्दपत्ती<br>• शुद्ध र अशुद्ध वाक्य लेखिएका शब्दपत्ती | १ |
| **तेह्रौँ दिन** | • सिर्जनात्मक कार्य (जीवनी लेखन र प्रस्तुति) | • निर्दिष्ट बुँदाका आधारमा जीवनी तयार पार्न<br>• तयार पारिएको जीवनी प्रस्तुतीकरण गर्न | • चार्टपेपर, जीवनीका लागि बुँदा<br>• जीवनी लेखनको नमुना | १ |
| **जम्मा कार्यघण्टा** | | | | **१३** |

## पहिलो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र पहिचान र छलफल<br>• सन्दर्भ पहिचान | • पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>• मूल पाठ खण्डमा समाविष्ट चित्र पहिचान र छलफल गर्न<br>• पाठ्य जीवनीको सन्दर्भ पहिचान गरी छलफल गर्न | • पूर्व पठन र मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर (सम्भव भएसम्म) |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कोही महान् व्यक्तिले गरेका महत्त्वपूर्ण योगदान र त्यस योगदानले मानव जातिलाई पुऱ्याएको सकारात्मक असरबारे विद्यार्थीलाई सुनाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) पूर्व पठन खण्डका चित्रहरू प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । सम्भव भएसम्म विद्यार्थीबाट निर्मित तस्बिर प्रयोग गर्नुहोस्, जस्तैः





(आ) विद्यार्थीलाई दुईओटा समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई एक एकओटा चित्र दिई प्रस्तुत गरिएका चित्रका सम्बन्धमा आपसमा छलफल गराउनुहोस् र विद्यार्थीलाई सामूहिक रूपमा धारणा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी शिक्षकले सहयोग गर्नुहोस् ।

(इ) प्रत्येक समूहलाई आलोपालो गरी ती चित्रहरू वितरण गरी छलफल गराउनुहोस् र प्रत्येक चित्रका बारेमा प्रत्येक समूहलाई सामूहिक धारणा व्यक्त गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देश गरी पूर्व पठन खण्डमा रहेको देहायबमोजिमको अनुच्छेद शिक्षकले सस्वर पठन

**मानिसको जन्मदेखि मृत्युसम्मका घटना विवरण नै जीवनी हो । मानिसले जीवनभरि गरेका कामकुराको इतिहास जीवनी हो । यसले व्यक्तिको जीवनलाई चित्रण गर्छ । जीवनीमा बाल्यकाल, पारिवारिक जीवन, योगदान आदिको सिलसिलाबद्ध वर्णन गरिएको हुन्छ । प्रेरणादायी जीवन बुझ्न बालकृष्ण समको जीवनी अध्ययन गरौँ ।**

गरी सुनाउनुहोस् :

(उ) उक्त अनुच्छेदमा रहेको विषयवस्तु र अगि आफूहरूले सामूहिक रूपमा छलफल गरेर निष्कर्ष निकालेको विषयवस्तुबिच तालमेल मिले नमिलेको बारेमा समूहमै मौखिक समीक्षा गर्न लगाउनुहोस् र त्यसको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले तस्बिरमा रहेका व्यक्ति मोतीराम भट्ट र पासाङल्हामु शेर्पा भएको कुरा प्रस्ट पारिदिनुहोस् ।

(ऊ) अब विद्यार्थीलाई आवश्यकतानुसार विभिन्न समूहमा विभाजन गरी मूल पाठ खण्डको चित्र प्रदर्शन गर्नुहोस् । त्यस चित्रले दिन खोजेको सन्देशका सम्बन्धमा छलफल गराउनुहोस् ।



(ऋ) छलफल गरिएका चित्रका आधारमा पाठमा के कस्तो विषयवस्तु रहेको होला ? भन्ने विषयमा विद्यार्थीलाई सामूहिक रूपमै अनुमान गर्न लगाउनुहोस् ।

(ए) समूहबाट आएको निष्कर्ष प्रत्येक समूहलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीबाट आएको उत्तरलाई पृष्ठपोषणसहित पाठको विषयवस्तुसँग अन्तरसम्बन्धित गराउनुहोस् । मानिसको जन्मदेखि मृत्युसम्मका समग्र घटना वा विवरणमा आधारित जीवनवृत्त नै जीवनी विधाको रचना हो भनी स्पष्ट पारिदिनुहोस् । जीवनीमा मानिसले गरेका असल कामको बारेमा, उसको व्यक्तिगत र पारिवारिक अवस्थाको बारेमा क्रमबद्ध रूपमा चित्रण गरिने कुरा प्रस्ट पारिदिनुहोस् ।

(ओ) यस पाठमा पनि बालकृष्ण समका व्यक्तिगत, पारिवारिक जीवन तथा उनले गरेका असल कार्यका बारेमा वर्णन गरिएको छ भन्ने कुरालाई सन्दर्भका रूपमा जोडिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पूर्व पठन खण्डका चित्रले व्यक्त गरेका कुरामाथि वर्णन गर्न लगाउनुहोस् ।

(ख) पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्रका आधारमा यस पाठमा केकस्ता विषयवस्तु समावेश गरिएको होला ? अनुमान गरी भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान<br>• सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ<br>• बोध प्रश्नोत्तर | • जीवनीको संरचना पहिचान गर्न<br>• मूल पाठको अनुच्छेद १ देखि २ सम्म सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ बताउन<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • जीवनीको संरचना देखाउने तालिका<br>• शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै महान् व्यक्तिका कार्यको वर्णन गर्नुहोस् र विद्यार्थीलाई सचेत गराई सिकाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) तपाईंहरूले अहिलेसम्म कुनै जीवनी पढ्नुभएको वा लेख्नुभएको छ वा छैन भन्ने प्रश्न विद्यार्थीलाई गर्नुहोस् । उनीहरूको उत्तरलाई ध्यानमा राखी जीवनीमा के के कुरा रहेका थिए भनी छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीले छलफलमार्फत दिएका उत्तरलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । टिपोट गरिएका विषयवस्तुलाई समेटी जीवनीमा के कस्ता कुरा समेट्नुपर्छ वा जीवनी बन्नका लागि के के कुरा चाहिन्छ भन्ने कुरा बताउँदै विद्यार्थीको

स्तर सुहाउँदो ढङ्गबाट जीवनीको संरचना प्रस्ट पारिदिनुहोस् । यसका लागि संरचना तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

**जीवनीको संरचना**

- शीर्षक
- नाम
- जन्ममिति र जन्मस्थान
- बुबाआमाको नाम
- बाल्यकाल
- शिक्षा
- विवाह/ सन्तान
- योगदान वा संलग्नता
- कृति
- पुरस्कार
- पाइने प्रेरणा
- निधन (निधन भएको हकमा मात्र)

**यसै संरचना तालिकामा आधारित रही शिक्षक स्वयम्ले तयार पारेको एउटा जीवनी पनि नमुनाका रूपमा देखाउनुहोस् ।**

(इ) शिक्षकले पाठको पहिलो अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् । शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको एकदेखि दुई अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । **(सस्वर पठन गराउनुअगि नै वाचकलाई उच्चारण गर्न कठिन भएका शब्द अन्य विद्यार्थीलाई टिपोट गर्न लगाउनुपर्ने छ ।)**

(ई) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

(उ) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस् । उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

| | |
|---|---|
| बालकृष्ण : /बाल्.क्रिस्.ण/ | ज्ञानेश्वर : /ग्या.नेस्.स्वर्/ |
| बाल्यकाल : /बाल्.य.काल्/ | म्याट्रिक : /म्याट्. ट्रिक्/ |

(ऋ) अब विद्यार्थीलाई दुईओटा समूहमा विभाजन गरी पाठका एकदेखि दुईसम्मका एक एकओटा अनुच्छेद दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| चर्चित | चर्चा गरिएको, वर्णन गरिएको |
| सम्पन्न | धनी |
| प्रारम्भिक | सुरुको |
| स्वाध्ययन | अरूको सहयोग नलिई आफैँले गर्ने अध्ययन |

(ऐ) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद १ देखि २ बाट निर्माण गरिएका केही प्रश्नहरू शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(औ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : बालकृष्ण समको जन्म कहिले र कहाँ भएको थियो ?

उत्तर : बालकृष्ण समको जन्म १९५९ माघ २४ गते काठमाडौँको ज्ञानेश्वरमा भएको थियो ।

(अं) अन्य प्रश्नको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अः) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) जीवनी लेख्नका लागि के के कुरा चाहिन्छन् ?

(ख) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

अध्ययन, प्रशस्त, संस्कृत, हाइस्कुल, पुग्नुपर्थ्यो

(ग) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

लेखन, प्रवेश, धाईआमा, उत्तीर्ण

(घ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) बालकृष्ण सम सानैदेखि केमा रुचि राख्थे ?

(आ) बालकृष्ण समको पढाइ के कारणले पूरा हुन सकेन ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण | • मूल पाठको अनुच्छेद ३ देखि ६ सम्मको सस्वर पठन गर्न | • शब्दपत्ती |

| | | |
|---|---|---|
| • शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले आफ्नो जीवनको रमाइलो घटना सुनाई विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र विद्यार्थीलाई पनि आफूले भोगेका घटना वर्णन गर्ने अवसर प्रदान गर्नुहोस् ।

(आ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको तेस्रो अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् ।

साहित्य रचना गर्न समको पारिवारिक अवस्था निकै अनुकूल थियो । उनले सानो छँदै घरमा रामायण र महाभारत जस्ता रचना सुन्ने अवसर पाएका थिए । समका पिता मिठो लयमा कविता वाचन गर्थे । सम पिताको सुरिलो र मिठो भाकालाई ध्यान दिएर सुन्थे । त्यसैले उनलाई सानैदेखि कविता लेख्न मन लाग्यो । उनले १० वर्षको उमेरमै 'इसोर' शीर्षकको कविता लेखे । त्यसपछि त उनलाई अझै धेरै साहित्य लेख्ने चाहना बढ्न थाल्यो ।

(आ) शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको तीनदेखि छैटौं अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । **(सस्वर पठन गराउनुअघि नै वाचकलाई उच्चारण गर्न कठिन भएका शब्दहरू अन्य विद्यार्थीलाई टिपोट गर्न लगाउनुपर्ने छ ।)**

(इ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

(ई) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्द भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस् । उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

शीर्षक : /सिर्.सक्/ साहित्यिक : /सा.हित्.यिक्/

पुष्कर : /पुस्.कर्/ आकर्षित/आ.कर्.सित्/

(उ) अब विद्यार्थीलाई चारओटा समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुच्छेद तीनदेखि छसम्मका अनुच्छेद एक एकओटा दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न

लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

(ऐ) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऊ) यसरी शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न अगि निर्माण गरिएका समूहलाई नै प्रेरित गर्नुहोस् र वाक्य निर्माणका लागि वाक्यपत्ती उपलब्ध गराउनुहोस् ।

(ऋ) विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस्, जस्तै :

| शब्द | वाक्य |
|---|---|
| अवसर | गुरुले मलाई कविता रचना गर्ने अवसर दिनुभयो । |
| ............... | ............................................................ |
| ............... | ............................................................ |
| ............... | ............................................................ |
| ............... | ............................................................ |

(ए) विद्यार्थीबाट निर्मित वाक्य प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

| शब्द | अर्थ |
|---|---|
| रचना | निर्माण, बनाउने काम |
| अवसर | मौका, समय |
| कृति | लेख, रचना, सिर्जना |
| पौराणिक | पुराणमा आधारित; पुराणसँग सम्बन्धित |

(ऐ) विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद ३ देखि ६ बाट निर्माण गरिएका केही प्रश्नहरू शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(ओ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : बालकृष्ण सम साहित्य लखनतर्फ कसरी आकर्षित भए ?

उत्तर : आफ्ना दाजु पुष्कर शमशेर र साथीसङ्गतका कारण बालकृष्ण सम साहित्य लखनतर्फ आकर्षित भए ।

(औ) अन्य प्रश्नको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अं) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

साथीसङ्गत, खण्डकाव्य, लेख्नेबित्तिकै

(ख) दिइएका शब्दको अर्थ भन्न तथा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

प्रकाशित, मौलिक, उत्कृष्ट

(ग) पाठको चौथो अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(घ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) बालकृष्ण सम कस्ता किताब पढ्थे ?

(आ) बालकृष्ण समका कुनै तीनओटा कृतिको नाम भन्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

१.

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद ७ देखिका सबै अनुच्छेदको सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ बताउन<br>• शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना |

**सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कक्षामा विद्यार्थीलाई आँखा बन्द गर्न लगाई तीन पटकसम्म लामो लामो सास तान्दै छोड्दै गर्न लगाउनुहोस् र दुवै हत्केला रगडी तातो हातले आँखा सेक्न लगाई पढाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको सातौँ अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् :

> उनले स्वाध्ययनबाट संस्कृत भाषाको राम्रो ज्ञान हासिल गरेका थिए । यस कारण उनका कतिपय नाटकमा संस्कृत साहित्यको प्रभाव पाइन्छ । यस्तै उनका नाटकमा अङ्ग्रेजी साहित्यकार सेक्सपियरको पनि प्रभाव पाइन्छ । उनका केही नाटकको अन्त्यमा मेलमिलाप भएको देखाइएको छ । यस्ता नाटक सुखान्तक हुन् । त्यसै गरी उनका केही नाटकको अन्त्यमा नाटकका पात्रले दुःख पाएको र कुनै पात्रको मृत्यु भएको देखाइएको छ । यस्ता नाटकलाई दुःखान्तक नाटक भनिन्छ । यसबाहेक समले आफ्ना नाटकमा कतै पद्यशैली र कतै गद्यशैलीको प्रयोग गरेका छन् ।

(आ) शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको सातौँदेखि अन्तिम अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । **(सस्वर पठन गराउनुअगि नै वाचकलाई उच्चारण गर्न कठिन भएका शब्दहरू अन्य विद्यार्थीलाई टिपोट गर्न लगाउनुपर्ने छ ।)**

(इ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

(ई) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्द भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस् । उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

अङ्ग्रेजी : /अङ्.ग्रे.जि/, सेक्सपियर : /सेक्स्.पि.यर्/ पद्य : /पद्.द्य/
संस्थापक : /संस्.था.पक्/ अध्यक्ष : /अद्.ध्यक्.छ्य/

(उ) यसरी नै बोध र अभिव्यक्ति खण्डको अभ्यास १ का शब्दको शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(ऊ) अब विद्यार्थीलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुच्छेद सातदेखि दससम्मका एक एकओटा अनुच्छेद दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्तीमा दिई टिपोट गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| मेलमिलाप | मिल्ने काम |
| दुःखान्तक | दुःखमा अन्त्य हुने |
| भ्रमण | घुम्ने फिर्ने काम |
| देहावसान | मृत्यु |

(ए) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् । यसरी शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न अगि निर्माण गरिएका समूहलाई नै प्रेरित गर्नुहोस् र वाक्य निर्माणका

लागि वाक्यपत्ती उपलब्ध गराउनुहोस् । विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस्, जस्तै :

| शब्द | वाक्य |
|---|---|
| भ्रमण | विद्यालयबाट हामी भक्तपुर दरबार स्क्वायरको भ्रमणका निम्ति बिहान सात बजे हिँड्यौँ । |
| ……… | ……………………………………………………………………………………………… |
| ……… | ……………………………………………………………………………………………… |
| ……… | ……………………………………………………………………………………………… |
| ……… | ……………………………………………………………………………………………… |

(ऐ) विद्यार्थीबाट निर्मित वाक्य प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद ७ पछिका अनुच्छेदबाट निर्माण गरिएका केही प्रश्न शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(औ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : बालकृष्ण सम साहित्य लखनतर्फ कसरी आकर्षित भए ?

उत्तर : आफ्ना दाजु पुष्कर शमशेर र साथीसङ्गतका कारण बालकृष्ण सम साहित्य लखनतर्फ आकर्षित भए ।

(अं) अन्य प्रश्नको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अः) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको आठौँ अनुच्छेद सस्वर पठन गराउनुहोस्

(ख) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

निर्देशक, त्रिभुवन, अतिरिक्त

(ग) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

सिर्जना, प्रतिभा, अमर

(घ) शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ङ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) बालकृष्ण समले २०२८ सालमा कुन पुरस्कार प्राप्त गरे ?

(आ) बालकृष्ण समलाई कुन रोगले सताएपछि वीर अस्पतालमा भर्ना गरियो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**पाँचौँ दिन**

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन<br>• शब्दार्थ<br>• श्रुतिसमभिन्नार्थक शब्द | • पाठ्य जीवनीको मौन पठन गर्न<br>• पदावलीको अर्थ बुझाउने शब्द पहिचान गरी जोडा मिलाउन<br>• श्रुतिसमभिन्नार्थी शब्दको पहिचान गरी प्रयोग गर्न | • अर्थ र शब्दको तालिका<br>• श्रुतिसमभिन्नार्थी शब्दसूची<br>• वाक्य पूरण तालिका |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले केही श्रुतिसमभिन्नार्थी प्रस्तुत गरी शब्दले प्रदान गर्ने फरक फरक अर्थका बारेमा जानकारी दिई विद्यार्थीलाई सिकाइमा ध्यानाकर्षण गराउनुहोस्,

जस्तै : फूल - फुल = पुष्प, अन्डा

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठ्य जीवनी मौन पठन गर्न लगाउनुहोस् । सबै विद्यार्थीले सक्रिय रूपमा मौन पठन गरे नगरेको पहिचान गरी विद्यार्थीलाई पठन कार्यमा प्रेरित गर्नुहोस् ।

(आ) मौन पठनको कार्य सकिएपछि विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ तर्फ ध्यानाकर्षण गराउनुहोस् र अभ्यासले निर्देश गरेअनुसार समूह 'क' मा दिइएका अर्थ बुझाउने शब्द समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउन लगाउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(इ) विद्यार्थीको सक्रियतालाई अध्ययन गरी शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । विद्यार्थीले तोकिएको कार्य सकेपछि त्यसलाई पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले तयार पारेको शब्दार्थ तालिका प्रदर्शन गरी विद्यार्थीमा रहेका द्विविधालाई समाधान गरिदिनुहोस् ।

(ई) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास ३ तर्फ ध्यानकर्षण गरी दिइएका श्रुतिसमभिन्नार्थक शब्द टिपोट गर्न लगाउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(उ) विद्यार्थीले सामूहिक रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऊ) विद्यार्थीले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि शिक्षकले ती शब्दले प्रदान गर्ने फरक फरक अर्थका बारेमा छलफल गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| तीर | खोलाको किनार |
| तिर | तर्फ |
| फूल | पुष्प |
| फुल | अन्डा |

| | |
|---|---|
| बाँस | एक किसिमको वनस्पति |
| बास | बस्ने ठाउँ, घर |
| सीता | मान्छेको नाम |
| सिता | भातको सानो अंश |

(ए) उपर्युक्त शब्दार्थ र आवश्यकतानुसार वाक्य निर्माणसहित विद्यार्थीलाई श्रुतिसमभिन्नार्थक शब्द भनेको सुन्दा उस्तै सुनिने तर लेखाइ र अर्थमा भिन्न हुने शब्द हुन् भन्ने कुरा बताउनुहोस् । आफूले अगि कक्षामा पस्दै गर्दा यस्तै शब्दको प्रयोग गरेको थिएँ भनी यसको धारणा स्पष्ट पारिदिनुहोस् र विद्यार्थीले सुनेका र प्रयोग गरेका यस्तै किसिमका अन्य शब्दहरू भन्न लगाई छलफल गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास ४ तर्फ ध्यानाकर्षण गरी दिइएका वाक्यको खाली ठाउँमा रातो अक्षरका शब्दसमूहबाट छनोट गरी मिल्ने श्रुतिसमभिन्नार्थक शब्द राखेर खाली ठाउँ भर्न लगाउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूप र विद्यार्थी सङ्ख्याअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(ओ) विद्यार्थीले सामूहिक रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई कक्षामा उच्चारण र अर्थसहित प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् ।

(औ) विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि शिक्षक आफूले तयार पारी ल्याएको श्रुतिसमभिन्नार्थक शब्दको शब्दसूची र वाक्य पूरण तालिका प्रदर्शन गरी त्यसको उच्चारण र अर्थसहित थप धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

- टाप शब्दको उस्तै सुनिने शब्द ..**ताप...** हो ।
- दिन शब्दको उस्तै सुनिने शब्द ...**दीन....** हो ।
- भाँडा शब्दको उस्तै सुनिने शब्द ...**भाडा...** हो ।
- जाति शब्दको उस्तै सुनिने शब्द ...**जाती...** हो ।
- खालि शब्दको उस्तै सुनिने शब्द ...**खाली...** हो ।

(अं) उस्तै सुनिने तर फरक अर्थ प्रदान गर्ने शब्द प्रयोग भएका वाक्यबाट पनि श्रुतिसमभिन्नार्थी शब्द झिकी यसरी नै वाक्य पूरण गर्न लगाई श्रुतिसमभिन्नार्थी शब्दको बारेमा थप धारणा स्पष्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कुनै पाँचजोडा श्रुतिसमभिन्नार्थक शब्द लेख्न लगाउनुहोस्, जस्तै :

भाँडा-भाडा

(ख) तलका श्रुतिसमभिन्नार्थक शब्दको अर्थ लेख्न लगाउनुहोस् :

आदि-आधि, ओट-ओठ, कृति-कीर्ति, घरी-घडी

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**छैटौँ दिन**

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना (अनुच्छेद र वाक्य पहिचान)<br>• मौखिक प्रश्नोत्तर<br>• द्रुत पठन<br>• श्रुतिलेखन | • अनुच्छेद र वाक्यसङ्ख्या पहिचान गर्न<br>• निर्दिष्ट प्रश्नको मौखिक उत्तर दिन<br>• निर्दिष्ट अनुच्छेदलाई द्रुत पठन गर्न<br>• श्रुतिलेखन गर्न | • अनुच्छेद र वाक्य<br>• प्रश्नसूची<br>• नमुना उत्तर<br>• अनुच्छेद |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै महान् व्यक्तिका आदर्श वाणी सुनाई विद्यार्थीलाई सिकाइका लागि तयारी गराउनुहोस् ।

(आ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले केही अनुच्छेद र केही वाक्यका ढाँचा कक्षामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई अनुच्छेद र वाक्यको संरचनाका बारेमा स्पष्ट पारिदिनुहोस् ।

(आ) अब विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ३ तर्फ आकर्षित गराई पाठमा रहेका अनुच्छेद पहिचान गर्न निर्देश गर्नुहोस् । पाठमा रहेका अनुच्छेद सङ्ख्या पहिचान गर्न लगाई कक्षामा छलफल र त्यसको निष्कर्षसहित यस जीवनीमा दशओटा अनुच्छेद रहेको कुरा स्पष्ट पारिदिनुहोस् ।

(इ) अनुच्छेद पहिचानपश्चात् विद्यार्थीलाई पाँचओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई पाठका दुई दुईओटा अनुच्छेद पर्ने गरी पाठलाई विभाजन गरिदिनुहोस् । आफ्नो समूहलाई परेका अनुच्छेदमा रहेका वाक्यसङ्ख्या गणना गर्न लगाउनुहोस् र प्रत्येक समूहलाई आफूले निकालेको निष्कर्ष भन्ने अवसर प्रदान गरी अन्त्यमा शिक्षकले वाक्यगणनासहित सहजीकरण गरिदिनुहोस्, **जस्तै :**

**पहिलो अनुच्छेदमा १२ ओटा वाक्य रहेका छन् ।**

(ई) शिक्षकले मौखिक प्रश्नोत्तरका लागि तयार गरिएका प्रश्नको सूची प्रदर्शन गर्नुहोस् र ती प्रश्नको उत्तर मौखिक रूपमा कसरी दिने भन्नेबारेमा उत्तरको पूर्ण ढाँचासहित छलफल गराउनुहोस्, जस्तै :

प्रश्न : बालकृष्ण समको जन्म कहाँ भएको थियो ?

उत्तर : बालकृष्ण समको जन्म काठमाडौँको ज्ञानेश्वरमा भएको थियो ।

(उ) यसरी प्रश्नअनुसारको उत्तरका ढाँचा सिकाएपछि विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ४ तर्फ केन्द्रित गरी सोधिएका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् । **(यस क्रियाकलापका लागि दुई दुई जना विद्यार्थीको समूह बनाई प्रश्न सोध्ने र उत्तर दिने कार्य पालैपालो गराउन सक्नुहुने छ ।)** आवश्यकतानुसार शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ऊ) विद्यार्थीलाई द्रुत पठनको अभ्यासका लागि तयारी गराउनुहोस् । द्रुत पठन भनेको दिइएको अनुच्छेद वा पाठलाई जतिसक्दो छिटो पढ्ने अभ्यास हो भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई द्रुत पठनको अवधारणा र तरिका (समय, गति, यति, शुद्ध उच्चारण, हाउभाउ) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ऋ) शिक्षकले विद्यार्थीमाझ कुनै एउटा अनुच्छेदलाई द्रुत पठन गरी नमुना वाचन गर्नुहोस् । विद्यार्थीलाई शिक्षकले वाचन गर्दा समय, गति, यति, शुद्ध उच्चारण, हाउभाउ, कसरी प्रयोग गरेको हुन्छ ख्याल गर्न लगाउनुहोस् ।

(ए) शिक्षकले वाचन गरेजस्तै बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको अनुच्छेद विद्यार्थीलाई पालैपालो द्रुत वाचन गर्न लगाउनुहोस् । यस समयमा शिक्षकले विद्यार्थीलाई पढ्न लागेको समय ख्याल गर्नुहोस् । एक विद्यार्थी र अर्को विद्यार्थीलाई अनुच्छेद पढ्दा लागेको समय तुलना गर्न लगाउनुहोस् । यस्तै किसिमका अन्य अनुच्छेदसमेत तोकी विद्यार्थीलाई प्रतिस्पर्धात्मक रूपमा समयबद्ध पठनको अभ्यास गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई श्रुतिलेखन अभ्यासका लागि तयारी गराउनुहोस् । श्रुतिलेखन भनेको अरूले भनेको सुनेका आधारमा लेख्ने अभ्यास हो भनी यसको अवधारणा बताउनुहोस् । विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ओ) विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्दबनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि विषयमा छलफल गराउनुहोस् ।

(औ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ ले निर्धारण गरेको अनुच्छेद शिक्षकले मौखिक रूपमा सुनाउनुहोस् र विद्यार्थीलाई उक्त अनुच्छेद सुनेर लेख्न निर्देश गर्नुहोस् ।

(अं) श्रुतिलेखनको कार्य सकिएपछि विद्यार्थीलाई एकआपसमा उत्तरपुस्तिका साटासाट गर्न लगाई एकले अर्काको उत्तरपुस्तिका बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ ले निर्धारण गरेको अनुच्छेद हेर्दै जस्ताको तस्तै लेखे नलेखेको पहिचान गर्न र अशुद्ध भएका ठाउँमा गोलो चिह्न लगाउन लगाउनुहोस् । यसमा शिक्षकले सचेततापूर्वक सबै विद्यार्थीको गतिविधि अवलोकन गरी आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

(अः) निष्कर्षको रूपमा श्रुतिलेखन गर्दा वर्णविन्यास, लेख्य चिह्न र व्याकरणिक पक्षमा ध्यान दिनुपर्ने कुराको जानकारी गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् :

(अ) पाठको नवौँ अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(आ) बालकृष्ण समले त्रिभुवन पुरस्कार कहिले पाए ?

(ख) पाठ्य जीवनीका आधारमा सोधिएका निम्न प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) बालकृष्ण समको जन्म कहिले भएको थियो ?

(आ) बालकष्ण समको पहिलो प्रकाशित नाटक कुन हो ?

(ग) पाठको अन्तिम अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • घटनाक्रम मिलान<br>• बोध प्रश्नोत्तर<br>• चित्र वर्णन र अनुच्छेद लेखन | • निर्दिष्ट बुँदालाई पाठ्य जीवनीका आधारमा क्रम मिलाई लेख्न<br>• बोध प्रश्नको उत्तर लेख्न<br>• निर्दिष्ट चित्रको वर्णन गरी अनुच्छेद लेख्न | • चार्टपेपर<br>• बुँदासूची<br>• प्रश्न सूची र उत्तरको नमुना<br>• चित्र, प्रोजेक्टर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै उदाहरणीय व्यक्तिको छोटो जीवनी सुनाई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ७ तर्फ ध्यान केन्द्रित गराउनुहोस् । विद्यार्थीलाई चार चार जनाको समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् र सामूहिक रूपमा छलफल गरी दिइएको निर्देशनका आधारमा दिइएका बुँदालाई जीवनीको घटनाअनुसार क्रम मिलाएर लेख्न लगाउनुहोस् ।

(आ) शिक्षकले विद्यार्थीका गतिविधिलाई निरीक्षण गरी आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

(इ) तोकिएको कार्य पूरा गरिसकेपछि आफूले तयार गरेको घटनाक्रम मिलाइएको तालिका प्रदर्शनी पाटीमा टाँसी प्रस्तुत गर्न प्रत्येक समूहलाई अवसर दिनुहोस् र अन्त्यमा शिक्षक आफूले पाठ्य जीवनीका आधारमा तयार गरी ल्याएको बुँदा क्रमबद्ध रूपमा लेखिएको सूची प्रदर्शन गरी अन्तिम निष्कर्ष दिनुहोस्, जस्तै :

**(१) बालकृष्ण समलाई हेरचाह गर्न सुसारे र धाईआमाको व्यवस्था गरिएको थियो ।**
**(२) बालकृष्ण सम दरबार हाइस्कुल भर्ना भए ।**
**(३) वि.सं. १९७७ मा 'तानसेनको झरी' नाटक रचना गरे ।**
**(४) बालकृष्ण समले दरबार हाइस्कुल र त्रिचन्द्र कलेजमा पढाए ।**
**(५) बालकृष्ण सम गोरखापत्रको सम्पादक भए ।**
**(६) बालकृष्ण सम पृथ्वी प्रज्ञा पुरस्कारबाट सम्मानित भए ।**
**(७) बालकृष्ण सम बिरामी भई वीर अस्पताल भर्ना भए ।**
**(८) उनको देहवसान वि.सं. २०३८ साउन ६ मा भयो ।**

(ई) शिक्षकले पाठसँग सम्बन्धित केही बोध प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् । ती प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयार गराउनुहोस् ।

(उ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् । जस्तै :

प्रश्न : बालकृष्ण समले नेपाली भाषा र साहित्यलाई कसरी विश्वभरि चिनाउन सके ?

उत्तर : बालकृष्ण समले भारत, चीन, जापान, रुस, अमेरिका आदि मुलुकका विभिन्न सभा सम्मेलनमा भाग लिएर नेपाली भाषा र साहित्यलाई विश्वभरि चिनाउन सके ।

(ऊ) प्रश्न सूचीमा भएका प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) बोध प्रश्नोत्तरसम्बन्धी थप प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी अभ्यास गराउनुहोस् ।

(ए) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ९ तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । निर्दिष्ट चित्रलाई सम्भव भएसम्म प्रोजेक्टरमार्फत प्रस्तुत गर्नुहोस् :




(ऐ) विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा चित्र वितरण गरी सामूहिक रूपमै चित्रमा देखिएका व्यक्तिका बारेमा अध्ययन र छलफल गर्न लगाउनुहोस् । छलफलकै क्रममा विद्यार्थीलाई यस चित्रमा भएका पहिलो व्यक्ति नेपाली भाषाका महाकवि लक्ष्मीप्रसाद देवकोटा र दोस्रो व्यक्ति समाजसेवी मदर टेरेसा भएको कुरा जानकारी गराउनुहोस् र उनीहरूको सङ्क्षिप्त जीवनी पनि बताइदिनुहोस् ।

(ओ) चित्र अध्ययन तथा छलफलको कार्य सकिएपछि चित्रमा देखिएका व्यक्तिको बारेमा सामूहिक छलफलसहित प्रत्येक समूहलाई पाँच वाक्यको एक एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

(औ) विद्यार्थी समूहले अनुच्छेद तयार गरेपछि कक्षामा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीको प्रस्तुति सुनेपछि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) जीवनीको घटनाक्रम मिलाई सारांश भन्न लगाउनुहोस् ।

(ख) तलका बोध प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :

(अ) बालकृष्ण समले कुनकुन पुरस्कार पाएका थिए ?

(आ) बालकृष्ण समको बाल्यकाल कसरी बित्यो ?

(ग) चित्रमा दिइएका व्यक्ति पहिचान गरी उनका बारेमा पाँच वाक्यको एउटा अनुच्छेद तयार गर्न लगाउनुहोस् :



आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन<br>• विषयवस्तु टिपोट र वर्णन तथा भावार्थ | • पाठ्य जीवनीको मौन पठन गर्न<br>• जीवनीका मुख्य विषयवस्तु टिपोट गर्न र भाव बताउन<br>• बालकृष्ण समले नाटकका क्षेत्रमा पुऱ्याएका योगदानको वर्णन गर्न | • टिपोट पत्र, चार्टपेपर<br>• योगदान वर्णनको नमुना<br>• प्रोजेक्टर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो गीत वा चुट्किलाबाट विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई पाठ्य जीवनी मौन पठन गर्न लगाउनुहोस् । सबै विद्यार्थीले सक्रिय रूपमा मौन पठन गरे नगरेको पहिचान गरी विद्यार्थीलाई पठन कार्यमा प्रेरित गर्नुहोस् ।

(आ) मौन पठनको कार्य सकिएपछि विद्यार्थीलाई पाँच समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई पाठ्य जीवनीका दुई दुईओटा अनुच्छेद पर्ने गरी अनुच्छेद विभाजन गरिदिनुहोस् । प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर र साइनपेन उपलब्ध गराउनुहोस् । विद्यार्थी समूहलाई परेका अनुच्छेदबाट मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले सामूहिक रूपमा छलफल गरेर तोकिएको कार्य गरे वा नगरेको पहिचान गरी सबै विद्यार्थीलाई सक्रिय रूपमा कार्य गर्न प्रेरित गर्नुहोस् ।

(ई) विद्यार्थीले सामूहिक कार्य सम्पन्न गरेपछि कक्षामा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् र अन्त्यमा शिक्षकले तयार पारी ल्याएको मुख्य विषयवस्तु टिपोट गरिएको टिपोट पत्रसमेत प्रदर्शन गरी आवश्यक छलफल गराउनुहोस् ।

(उ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ तर्फ केन्द्रित गर्दै यस अगि नै टिपोट गरिएका मुख्य मुख्य विषयवस्तु तथा समग्र पाठसमेतका आधारमा पूर्ववत् समूहलाई नै बालकृष्ण समले नाटकका क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा छलफल गर्न लगाउनुहोस् ।

(ऊ) प्रत्येक समूहलाई पुनः एक एकओटा चार्टपेपर र साइनपेन उपलब्ध गराई छलफलबाट प्राप्त निष्कर्ष टिपोट गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थी समूहले टिपोट गरेका कुरालाई कक्षामा पालैपालो प्रदर्शन गर्न लगाउनुहोस् र ती सबै समूहले टिपोट गरेका विषयवस्तुलाई नदोहोरिने गरी समेटेर अनुच्छेदमा गठन गर्न सिकाउनुहोस् । यसका लागि शिक्षकले बालकृष्ण समको योगदानको वर्णन गरिएको भावार्थको नमुनापत्र प्रोजेक्टर वा चार्टपेपरमा प्रस्तुत गर्नुहोस्, जस्तै :

> बालकृष्ण सम नेपाली साहित्यका महान् नाटककार हुन् । उनले नेपाली नाटकको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनले धेरै नाटक लेखेका छन् । उनको सबैभन्दा पहिले लेखिएको नाटक चाहिँ 'तानसेनको झरी' हो । यो नाटक वि.सं. १९७७ मा लेखिएको थियो । त्यसपछि उनले अनेकौँ नाटक,

एकाङ्की आदि लेखे । 'तानसेनको झरी' पहिले नै लेखेका भए पनि 'मुटुको व्यथा' १९८६ सालमा प्रकाशन भएको थियो । यसकारण 'मुटुको व्यथा' लाई समको पहिलो प्रकाशित नाटक मानिन्छ । यो नेपाली साहित्यकै पहिलो मौलिक नाटक पनि हो । यसपछि उनका 'मुकुन्द इन्दिरा', 'अन्धवेग', 'म', 'प्रह्लाद' र 'ध्रुव' जस्ता अनेकौँ नाटक प्रकाशित भए । उनका यस्ता नाटक तत्कालीन समयमा विभिन्न ठाउँमा मानिसहरूले अभिनय गरेर देखाउने पनि गर्दथे । उनका नाटकले गर्दा नेपाली भाषाले परिस्कृत हुने राम्रो मौका पायो । यसर्थ नेपाली नाटकको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएका कारण समलाई नेपाली साहित्यमा नाट्यसम्राट् पनि भनिन्छ ।

(ए) प्रदर्शन गरिएकै नमुनाका आधारमा विद्यार्थीलाई सामूहिक रूपमा बालकृष्ण समले नाटकका क्षेत्रमा पुऱ्याएको योगदानको वर्णन गर्न लगाउनुहोस् । यस वेलामा शिक्षकले विद्यार्थीको सामूहिक कार्यको अवलोकन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहोस् ।

(ऐ) विद्यार्थीले सामूहिक कार्य सम्पन्न गरेपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् र आवश्यक मार्गदर्शन पनि गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. १० ले निर्देश गरेबमोजिम पहिलो अनुच्छेदको मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

(ख) बालकृष्ण समले नेपाली नाटकका क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा मौखिक वर्णन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • व्यक्तिगत विवरण (संरचना पहिचान र लेखन) | • व्यक्तिगत विवरणको संरचना पहिचान गर्न<br>• व्यक्तिगत विवरण तयार पार्न | • व्यक्तिगत विवरणको संरचना<br>• व्यक्तिगत विवरणको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले आफ्नै व्यक्तिवृत्त बताउँदै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् । विद्यार्थीलाई पनि आआफ्नो व्यक्तिवृत्त स्मरण गर्न लगाउनुहोस् (केही क्षणपछि बताउनुपर्ने जानकारी गराउनुहोस् ।) ।

(आ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले व्यक्तिगत विवरणसम्बन्धी संरचना लेखिएको चार्ट प्रदर्शनीपाटीमा प्रदर्शन गर्नुहोस् :

**व्यक्तिगत विवरणको संरचना**
नाम :
जन्ममिति :
जन्मस्थान :

| |
|---|
| बुबाको नाम : |
| आमाको नाम : |
| स्थायी ठेगाना : |
| राष्ट्रियता : |
| रुचि : |
| शिक्षा : |

(आ) व्यक्तिवृत्त तयार गर्दा यिनै बुँदाका आधारमा तयार गर्नुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(इ) यिनै बुँदामा आधारित भई तयार गरिएको कोही व्यक्तिको व्यक्तिवृत्त प्रोजेक्टर वा चार्टपेपरमा प्रस्तुत गर्नुहोस्, जस्तै :

| | |
|---|---|
| नाम : | लक्ष्मी मेहता |
| जन्ममिति : | २०४७/०२/०३ |
| जन्मस्थान : | कटहरनिया धनुषा |
| बुबाको नाम : | बुधना मेहता |
| आमाको नाम : | परवनी मेहता |
| स्थायी ठेगाना : | भरतपुर ७, चितवन |
| राष्ट्रियता : | नेपाली |
| रुचि : | अध्ययन, लेखन |
| शिक्षा : | स्नातकोत्तर |

(ई) उपर्युक्त बुँदा र व्यक्तिवृत्तको नमुनाका आधारमा कुनै पनि व्यक्तिको व्यक्तिगत विवरण नै व्यक्तिवृत्त हो भन्ने कुरा जानकारी गराउनुहोस् । आफूले अगि कक्षामा प्रवेश गर्दा नै यस्तै प्रकृतिको व्यक्तिवृत्त प्रस्तुत गरेको कुरा स्मरण गराउनुहोस् र विद्यार्थीलाई पनि यस्तै व्यक्तिवृत्त तयार गर्न तयारी अवस्थामा रहन सचेत गराउनुहोस् ।

(उ) विद्यार्थीलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् ।

(ऊ) हरेक समूहलाई उक्त चार्टपेपरमा व्यक्तिवृत्तको संरचनालाई ख्याल गरी त्यही समूहभित्रका कोही साथीको व्यक्तिवृत्त तयार गर्न लगाउनुहोस् । प्रत्येक समूहले तयार गरेको व्यक्तिवृत्त कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् र प्रदर्शनी पाटीमा टाँस्न लगाउनुहोस् ।

(ऋ) टाँसिएका व्यक्तिवृत्त एक एक गरी प्रत्येक विद्यार्थीलाई अध्ययन गर्ने मौका प्रदान गर्नुहोस् र शिक्षकले समेत अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

(ए) आवश्यकता भएमा शिक्षकले तयार पारी ल्याएका अन्य व्यक्तिवृत्त पनि प्रदर्शन गरी व्यक्तिवृत्तसम्बन्धी धारणा प्रस्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) हरेक विद्यार्थीलाई आआफ्नो व्यक्तिवृत्त तयार पार्न लगाउनुहोस् ।

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ मा आधारित भई हरेक विद्यार्थीलाई आआफ्ना बुबाआमाको व्यक्तिवृत्त तयार पार्न लगाउनुहोस् । **(यस क्रियाकलापलाई गृहकार्यका रूपमा दिई भोलिपल्ट परीक्षण गर्नुहोस् ।)**

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ●भाषिक प्रकार्य (पारिवारिक चालचलन)<br>●श्रुतिबोध (सुनाइ र बोलाइ) | ● पारिवारिक चालचलनमा आधारित सञ्चार प्रवाह गर्न<br>● सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न | ● पारिवारिक चालचलन झल्काउने टिपोटको नमुनापत्र<br>● श्रव्य सामग्री<br>● प्रश्नसूची<br>● उत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले आफ्नो विद्यालयभित्र गरिने राम्रा चालचलनसम्बन्धी छोटो भनाइ कक्षामा प्रस्तुत गर्दै विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्नो साथीले गर्ने राम्रो व्यवहार वा चालचलनसम्बन्धी काम भए त्यस कामलाई स्मरण गर्न (केही समयपछि प्रस्तुत गर्ने गरी) निर्देश गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु बारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीसँग असल चालचलनमा आधारित भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । चालचलन भनेको कुनै पनि व्यक्तिले अर्को व्यक्तिलाई गर्ने सकारात्मक सहयोग वा असल व्यवहार हो । असल चालचलन भनेको कुनै व्यक्तिले अरू कसैलाई गरेको सहयोग वा आदर भाव हो । यस्ता असल व्यवहार वा चालचलनसम्बन्धी गतिविधिले मानिसलाई सहयोग गर्ने, अगाडि बढ्न सहयोग गर्ने, अप्ठ्यारोमा परेका वेला उद्धार गर्ने बाटो निर्माण गर्दछन् भन्ने कुरा सिकाउँदै विद्यार्थीलाई एक आपसमा साथीलाई असल व्यवहार वा चालचलन प्रकट गर्न सिकाउनुहोस् ।

(आ) शिक्षकले कुनै दुईजना पात्रबिचको संवादात्मक प्रस्तुतिका माध्यमबाट असल चलन वा व्यवहार प्रकट गरेको एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**असल चलन**

*(साकुरा र पासाङ कक्षा ५ का मिल्ने साथी हुन् । उनीहरूबिच एकआपसमा भएको संवादको एक अंश)*

साकुरा : पासाङ ! हेर न आज त मैले मेरी आमा बिरामी हुनुभएकाले गृहकार्य गर्न पनि पाएकी छैन ।

पासाङ : ओहो साकुरा ! के भयो नि आमालाई ? अनि अहिले कता हुनुहुन्छ ? अस्पताल कि घरमा ?

साकुरा : हुन त घरमै हुनुहुन्छ । अहिले त खास केही छैन । काकाकाकी नै आउनुभएको छ त्यसैले म विद्यालय चाहिँ आएँ ।

पासाङ : त्यसो भए चिन्ता नमान साकुरा । आमासँग काकाकाकी हुनुहुन्छ । यहाँ गृहकार्यको चिन्ता नगर । हामीसँग अझै पन्ध्र मिनेट समय बाँकी छ । यस समयलाई सदुपयोग गरौँ न, सकिहालिन्छ ।

साकुरा : कसरी सक्ने नि मैले त पाठ पनि पढेकी छैन ।

पासाङ : तिमी चिन्ता नमान साकुरा । म पाठको सारांश भन्छु । तिमी त्यसका आधारमा गृहकार्य गर्न सकिहाल्छ्यौ ।

साकुरा : हुन्छ पासाङ । *(साकुरा गृहकार्य गर्न थाल्छिन् । साकुराको गृहकार्य पनि सकिन्छ । घण्टी पनि बज्छ ।)*

पासाङ : लौ सकिएन त गृहकार्य ? अगि त खुब डराएकी थियौ ?

साकुरा : पासाङ तिम्रो यो सहयोगी बानी मलाई असाध्यै मन पर्छ । जहिले मलाई गाह्रो परेको हुन्छ त्यस्तो समयमा तिमीले नै मलाई सहयोग गर्छौ । त्यसैले त म तिमीलाई असल साथी भन्छु नि ।

पासाङ : आफन्त, साथीलाई परेको समस्यालाई हामी सबै मिलेर समाधान गर्नुपर्छ भनी मेरी आमाले दिनदिनै सिकाउनुहुन्छ । त्यसकै प्रभाव ममा पनि परेको हो साकुरा ।

साकुरा : तिम्री आमाको यस्तो असल व्यवहार वा चलन मलाई असाध्यै मन पऱ्यो पासाङ । आजदेखि म पनि यसरी नै सहयोग गर्ने छु । *(दुवैजना प्रार्थनासभातिर प्रवेश गर्छन्)*

(इ) अभ्यास १३ मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

(ई) सन्दर्भ पठनपश्चात् तोकिएको निर्देशनका आधारमा प्रत्येक विद्यार्थीलाई युगल रूपमा एकले अर्कालाई असल व्यवहार प्रकट गर्न लगाउनुहोस् ।

(उ) श्रोता विद्यार्थीलाई साथीका विचार सुन्न लगाउनुहोस् र साथीका अभिव्यक्तिका बारेमा मौखिक टिप्पणी पनि गराउनुहोस् । आफूले अगि कक्षामा प्रवेश गर्नासाथ यस्तै असल चलनका बारेमा बताएको कुरा स्मरण गराउँदै विद्यार्थीलाई पनि आफ्ना साथीले गर्ने गरेका असल व्यवहारको चर्चा गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । यस किसिमका प्रश्नको उत्तर दिँदा पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरामा सचेत गराउनुहोस्, जस्तै :

**प्रश्न :** तिम्रो विद्यालयको नाम के हो ?

**उत्तर :** मेरो विद्यालयको नाम नवज्योति आधारभूत विद्यालय हो ।

(ऋ) विद्यार्थीलाई सुनाइ पाठ ५ सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ ५ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ । पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई अभ्यासका निर्धारित प्रश्नहरू हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(ए) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ को निर्देशानुसारको अभ्यास मौखिक रूपमा गर्न लगाउनुहोस्, जस्तै :

- अरूणा लामाको जन्म वि.सं. २००२ भदौ २४ मा भएको हो । — ठिक
- उनी परिवारकी जेठी सन्तान थिइन् । — बेठिक
- आमाबुबाले उनलाई गीत गाउन प्रेरित गरेका थिए । — ठिक
- उनले ११ वर्षको उमेरमा खेलकुद प्रतियोगितामा भाग लिइन् । — बेठिक

(ऐ) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(ओ) विद्यार्थीलाई पुनः अभ्यास २ तर्फ केन्द्रित गर्नुहोस् र सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनःस्मरण गराउनुहोस्, जस्तै :

प्रश्न : अरूणा लामाका सङ्गीत गुरु को थिए ?

उत्तर : अरूणा लामाका सङ्गीत गुरु अम्बर गुरुङ थिए ।

(औ) सुनाइ पाठका आधारमा विभिन्न प्रश्नका चिट्ठाहरू निर्माण गर्नुहोस् । विद्यार्थीलाई चिट्ठा टिप्न लगाई आफूलाई परेको प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) आफ्नो परिवारमा गरिने असल चालचलनबारे मौखिक अभिव्यक्ति दिन लगाउनुहोस् ।

(ख) सुनाइ पाठ ५ सँग सम्बन्धित तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) अरूणा लामालाई कुन गीतले प्रसिद्ध बनायो ?

(आ) अरूणा लामाको रेकर्ड गरिएको पहिलो गीत कुन हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# एघारौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक संरचना (निपात र विस्मयादिबोधक शब्द) | • निपात शब्दको पहिचान र प्रयोग गर्न<br>• विस्मयादिबोधक शब्दको पहिचान र प्रयोग गर्न<br>• वाक्यमा निपात र विस्मयादिबोधक शब्द पूरण गर्न | • निपात र विस्मयादिबोधक शब्द प्रयोग भएको अनुच्छेद र वाक्य<br>• निपात र विस्मयादिबोधक शब्दसूची<br>• शब्दपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) निपात मिश्रित वा विद्यार्थीका व्यवहारलाई प्रदर्शित गर्ने विस्मयादिबोधक मिश्रित वाक्यको प्रयोग गरी विद्यार्थीलाई पढाइप्रति आकर्षित गर्नुहोस्, जस्तै :

ओहो ! तिमी त असाध्यै मेहनती भएछौ नि । हरे भगवान् ! मैले आज त मार्कर ल्याउन बिर्सेँछु ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई आवश्यकतामा आधारित भएर विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई निपात शब्द प्रयोग भएका एक एकओटा अनुच्छेद उपलब्ध गराई त्यसबाट निपात शब्द पहिचान गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थी समूहले तयार पारेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

(इ) शिक्षकले तयार पारी ल्याएका वाक्यसूची प्रदर्शन गरी उदाहरणसहित निपात शब्दको सामान्य जानकारी दिनुहोस् । यस क्रममा वाक्यमा खासै अर्थ प्रदान नगर्ने तर मिठास प्रदान गर्ने शब्द निपात हुन् भन्ने जानकारी गराउनुहोस् ।

(ई) विद्यार्थीलाई अगिकै समूहमा राखी प्रत्येक समूहलाई विस्मयादिबोधक शब्द प्रयोग भएका एक एकओटा अनुच्छेद उपलब्ध गराई त्यसबाट विस्मयादिबोधक शब्द पहिचान गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले तोकेको कार्य पूरा गरेपछि शिक्षकले थप सहजीकरण गर्दै आश्चर्य, हर्ष, दुःख, घृणा आदि जनाउन प्रयोग गरिने शब्द विस्मयादिबोधक हुन् भन्ने जानकारी गराउनुहोस् र केही थप उदाहरण पनि दिनुहोस्, जस्तै :

**हरे, हे भगवान्, ओहो, आहा, आत्था, उफ्, छ्या, छि, कठै, स्याबास् आदि ।**

(ऊ) विद्यार्थीले टिपोट गरेका निपात र विस्मयादिबोधक शब्द प्रदर्शनी पाटीमा सामूहिक रूपमा प्रदर्शन गराई छलफल गराउनुहोस् ।

(ऋ) शिक्षकले निम्नअनुसारका निपात र विस्मयादिबोधक शब्द लेखिएका विभिन्न शब्दपत्ती कक्षामा छर्नुहोस् र विद्यार्थीलाई ती शब्दपत्तीलाई निपात र विस्मयादिबोधक पहिचान गरी अलग अलग टोकरीमा राख्न लगाउनुहोस् ।

| निपात | विस्मयादिबोधक |
|---|---|
| ए, नि, लौ, पो, त, है, खै, क्यारे, ब्यारे आदि | हरे, ओहो, आहा, छ्या, छि, आत्था, उफ्, स्याबास् आदि । |

(ए) विद्यार्थीलाई दुईओटा समूहमा विभाजन गरी प्रत्येक समूहलाई मेटाकार्ड उपलब्ध गराउनुहोस् र ती मेटाकार्डमा अगि टोकरीमा अलग अलग राखिएका शब्दमध्ये एउटा समूहलाई विस्मयादिबोधक र अर्को समूहलाई निपात शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऐ) तोकिएको कार्य विद्यार्थीले पूरा गरेपछि उनीहरूलाई ती वाक्य प्रदर्शन गर्ने अवसर प्रदान गर्नुहोस् र उनीहरूका कार्यको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) भाषिक संरचनाको अभ्यास न. १ ले निर्देश गरेअनुसार वाक्यमा प्रयुक्त निपात शब्द पहिचान गर्न लगाउनुहोस् ।

(ख) भाषिक संरचनाको अभ्यास न. २ ले निर्देश गरेअनुसार उपयुक्त ठाउँमा विश्मयादिबोधक शब्द भरी वाक्य पूरा गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## बाह्रौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संयोजक र निपात शब्द<br>• शुद्धीकरण | • संयोजक र निपात शब्दको पहिचान र प्रयोग गर्न<br>• निर्दिष्ट अशुद्ध शब्दलाई शुद्ध गरी लेख्न | • संयोजक र निपात शब्द प्रयोग भएको अनुच्छेद, वाक्य<br>• निपात र संयोजक शब्दसूची<br>• शब्दपत्ती<br>• शुद्ध र अशुद्ध वाक्य लेखिएका शब्दपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै विद्यार्थीलाई चुट्किला सुनाउन लगाउनुहोस् र आफूले पनि सुनाउनुहोस् अनि सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई आवश्यकतामा आधारित भएर विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई संयोजक शब्द प्रयोग भएका एक एकओटा अनुच्छेद उपलब्ध गराई त्यसबाट संयोजक शब्द पहिचान गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थी समूहले पहिचान गरेका शब्दका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

(इ) शिक्षकले तयार पारी ल्याएका वाक्यसूची प्रदर्शन गरी उदाहरणसहित संयोजक शब्दको सामान्य जानकारी दिनुहोस् । यस क्रममा दुईओटा वाक्यलाई जोड्न प्रयोग हुने शब्द नै संयोजक हुन् भन्ने जानकारी गराउनुहोस् ।

(ई) विद्यार्थीलाई अगिकै समूहमा राखी प्रत्येक समूहलाई निपात शब्द प्रयोग भएका एक एकओटा अनुच्छेद उपलब्ध गराई त्यसबाट निपात शब्द पहिचान गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले तोकेको कार्य पूरा गरेपछि शिक्षकले थप सहजीकरण गर्दै वाक्यमा खासै अर्थ नभएका तर वाक्यलाई मिठो बनाउन प्रयोग गरिने शब्द निपात हुन् भन्ने जानकारी गराउनुहोस् र केही थप उदाहरण पनि दिनुहोस्, जस्तै :

**त, नि, लौ, खै, है, क्या, न, पो आदि ।**

(ऊ) विद्यार्थीले अनुच्छेदबाट टिपोट गरेका संयोजक र निपात शब्द प्रदर्शनी पाटीमा सामूहिक रूपमा प्रदर्शन गराई छलफल गराउनुहोस् ।

(ऋ) शिक्षकले निम्नअनुसारका संयोजक र निपात शब्द लेखिएका विभिन्न शब्दपत्ती कक्षामा छर्नुहोस् र विद्यार्थीलाई ती शब्दपत्तीलाई संयोजक र निपात पहिचान गरी अलग अलग टोकरीमा राख्न लगाउनुहोस् ।

| संयोजक | निपात |
|---|---|
| र, अनि, तापनि, एवम्, भने, वा, किनभने | ए, नि, लौ, पो, त, है, खै, क्यारे, ब्यारे |

(ए) विद्यार्थीलाई दुईओटा समूहमा विभाजन गरी प्रत्येक समूहलाई मेटाकार्ड उपलब्ध गराउनुहोस् र ती मेटाकार्डमा अगि टोकरीमा अलग अलग राखिएका शब्दमध्ये एउटा समूहलाई संयोजक र अर्को समूहलाई निपात शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऐ) तोकिएको कार्य विद्यार्थीले पूरा गरेपछि उनीहरूलाई ती वाक्य प्रदर्शन गर्ने अवसर प्रदान गर्नुहोस् र उनीहरूका कार्यको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई पूर्ववत् समूहमा राखी भाषिक संरचनाको अभ्यास न. ३ ले निर्देश गरेअनुसार दिइएका अशुद्ध वाक्यलाई पाठ हेरी शुद्ध गर्न लगाउनुहोस् । विद्यार्थीले समूहमा काम गरे नगरेको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(औ) विद्यार्थीले समूहकार्य समापन गरेपछि एउटा समूहको उत्तरपुस्तिका अर्को समूहसँग साटासाट गराई शिक्षकले त्यसको शुद्ध रूप लेखिएका उत्तरसूची प्रदर्शन गर्नुहोस् र सोहीअनुसार जाँच्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) भाषिक संरचनाको अभ्यास न. ३ ले निर्देश गरेअनुसार वाक्यबाट संयोजक शब्द पहिचान गर्न लगाउनुहोस् ।

(ख) भाषिक संरचनाको अभ्यास न. ४ ले निर्देश गरेअनुसार निपात र संयोजक शब्द पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्धसँग लेख्न लगाउनुहोस् :

स्वभाब, बिस्व, दर्बार, पर्भाव

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेह्रौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सिर्जनात्मक कार्य (जीवनी लेखन र प्रस्तुति) | • निर्दिष्ट बुँदाका आधारमा जीवनी तयार पार्न<br>• तयार पारिएको जीवनी प्रस्तुतीकरण गर्न | • चार्टपेपर, जीवनीका लागि बुँदा<br>• जीवनी लेखनको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै विद्यार्थीलाई आफूले चिनेको व्यक्तिको बारेमा जीवनी भन्न लगाउनुहोस र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले सिर्जनात्मक कार्यमा निर्दिष्ट जीवनीको बुँदा लेखिएको चार्ट प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् :

| | | |
|---|---|---|
| नाम | : | अनुराधा कोइराला |
| जन्म | : | वि.सं. २००७ वैशाख १ |
| जन्मस्थान | : | रुम्जाटार, ओखलढुङ्गा |
| पिता | : | प्रतापसिंह गुरुङ |
| माता | : | लक्ष्मी गुरुङ |
| शिक्षा | : | बी.ए. उत्तीर्ण |
| योगदान तथा संलग्नता | : | प्रसिद्ध समाजसेवी |
| | : | माइती नेपालको स्थापना |
| | : | भारतमा बेचिएका करिब ४० हजार महिलाको उद्धार र संरक्षण |
| पुरस्कार | : | मदर टेरेसा अवार्ड |
| | : | सिएनए हिरो २०१० |
| | : | प्रबल गोरखा दक्षिण बाहु |
| | : | सर्वश्रेष्ठ सामाजिक कार्यकर्ता वर्ष पुरस्कार |

(आ) जीवनीका उक्त बुँदाका आधारमा जीवनीको पूर्ण संरचना तयार गर्नुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(इ) जीवनी लेख्दा यस पाठको दोस्रो दिनमा छलफल गरिएको जीवनीको संरचनालाई ध्यान दिनुपर्ने कुरा पुनःस्मरण गराउनुहोस् ।

(ई) विद्यार्थीलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् ।

(उ) हरेक समूहलाई उक्त चार्टपेपरमा जीवनीको संरचनालाई ख्याल गरी उपयुक्त शीर्षकसहित सान्दर्भिक वाक्यमा गठन गरी भूतकालिक क्रियापदको प्रयोग गर्दै जीवनी लेख्नुपर्ने कुराको जानकारी गराउनुहोस् । सकेसम्म शिक्षकले तयार पारी ल्याएको जीवनीका बुँदा र ती बुँदामा आधारित भएर लेखेको जीवनीको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**जीवनी लेखनका लागि बुँदा**

नाम : मोतिराम भट्ट
जन्म : वि.सं. १९२३ भाद्र कुशे औँसीका दिन काठमाडौँको भोसिको टोलमा
पिता, माता : दयाराम भट्ट र रिपुमर्दिनी देवी

- ६ वर्षको उमेरमा आमासँग बनारस प्रस्थान
- बनारसमा संस्कृत र फारसी भाषाको अध्ययन
- त्यहाँ गायन र वाद्यवादन सिकेका
- वि.सं. १९३७ मा नेपाल आई विवाह गरेका
- १९३८ मा फेरि बनारस गई अङ्ग्रेजी पढ्न सुरु गरेका
- नेपालीमा गजल र समस्यापूर्ति कविताको आरम्भकर्ता
- नेपालमा भारतजीवन नामक प्रेस स्थापना
- भानुभक्तीय रामायणको बालकाण्डको प्रकाशन
- गोरखा भारत जीवन नामक नेपाली भाषाको पत्रिका प्रकाशन
- बनारस र काठमाडौँमा मोतीमण्डलीको स्थापना
- युवाकविको उपाधि पाएका
- कवि, गजलकार, नाटककार, जीवनीकार, समालोचक, पत्रकार, खोजकर्ता आदि बहुमुखी व्यक्तित्व
- भाषाप्रेमी, देशप्रेमी, सौन्दर्यका प्रसिद्ध कवि, अग्रजको सम्मान गर्ने
- प्रमुख कृतिहरू - 'प्रह्लाद भक्तिकथा', 'पीकदूत', 'उषाचरित्र', 'प्रियदर्शिका नाटिका', 'शकुन्तला', 'भानुभक्त आचार्यको जीवनचरित्र'
- मृत्यु : वि.सं. १९५३

**युवाकवि मोतिराम भट्ट**

नेपाली साहित्यका क्षेत्रमा युवाकविका नामले चिनिने मोतिराम भट्टको जन्म वि.सं. १९२३ कुशे औँसीका दिन काठमाडौँको भोसिको टोलमा भएको थियो । उनका बुबाको नाम दयाराम भट्ट तथा आमाको नाम रिपुमर्दिनी देवी थियो ।

मोतिराम भट्ट ६ वर्षकै कलिलो उमेरमा आमासँग बनारस गए । उनी बनारसमै बसी संस्कृत र फारसी भाषाको अध्ययनमा लागे । त्यहाँ उनलाई गायन तथा वाद्यवादन सिक्ने अवसरसमेत प्राप्त भयो । त्यसपछि नेपाल फर्केर उनले वि.सं. १९३७ मा विवाह गरे । विवाह गरेको एक वर्षभित्रै वि.सं. १९३८ सालमा पुनः बनारस गई अङ्ग्रेजी पढ्न थाले । यसरी विभिन्न क्षेत्रमा उनको अध्ययन अगि बढ्यो ।

मोतिराम भट्टले नेपाली साहित्यको विकासका लागि धेरै पक्षबाट सिर्जनात्मक कामहरू आरम्भ गरे । उनले नेपाली काव्यजगत्मा गजल र समस्यापूर्ति कविता सुरु गरे भने अरूलाई पनि लेखनतर्फ आकर्षित गरे । स्वदेशबाटै पुस्तक प्रकाशन सम्भव होस् भन्ने अभिप्राय राखी उनले नेपालमा भारतजीवन नामक प्रेस स्थापना गरेर आदिकवि भानुभक्तको रामायणको 'बालकाण्ड' छपाए । त्यसै सिलसिलामा उनले 'गोरखा भारत जीवन' भन्ने नेपाली भाषाको पहिलो पत्रिकासमेत चलाएर नयाँ परम्पराको सुरुआत गरे । उनले कविहरूलाई भेला पारेर कविता सुन्ने र प्रेरणा दिने उद्देश्य राखेर बनारस र काठमाडौँमा मोती मण्डली नामको कविहरूको समूह स्थापना गरी एउटा जोसिलो साहित्यिक वातावरण खडा गरे । उनले 'पीकदूत' जस्तो उत्कृष्ट काव्य, 'शकुन्तला' नाटक, 'भानुभक्त आचार्यको जीवनचरित्र' शीर्षकको जीवनी तथा समालोचना लेखेका छन् । यीबाहेक उनका अन्य कृतिमा 'प्रह्लाद भक्तिकथा', 'उषाचरित्र', 'गजेन्द्रमोक्ष', 'प्रियदर्शिका नाटिका' आदि पर्छन् ।

युवाकवि मोतिराम भट्टले छोटो आयु पाए तापनि उनको नेपाली भाषा र साहित्यप्रतिको प्रेम र आफूभन्दा अग्रजको सम्मान गर्ने बानी हाम्रा लागि निकै महत्त्वपूर्ण प्रेरणाका स्रोत हुन् । उनले साहित्यका क्षेत्रमा कवि, गजलकार, नाटककार, जीवनीकार, समालोचक, पत्रकार तथा खोजकर्ताका रूपमा सफलतापूर्वक काम गरेका छन् । यस्ता बहुमुखी प्रतिभा भट्टको मृत्यु वि.सं. १९५३ सालमा ३० वर्षकै युवा कालमा भएको थियो । उनी भौतिक रूपमा नरहे पनि नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएका अमूल्य योगदानले उनलाई सधैँ अमर बनाएको छ ।

(ऊ) प्रस्तुत गरिएको नमुनाका आधारमा यस अभ्यासमा दिइएका बुँदालाई समेटी जीवनी लेख्न लगाउनुहोस् । विद्यार्थीले समूहमा बसेर काम गरे नगरेको निरीक्षण गरी समूह कार्यमा सक्रिय बनाउनुहोस् ।

(ऋ) समूह कार्य सकिएपछि सबै विद्यार्थी समूहलाई पालैपालो अगाडि आएर आआफ्नो समूहको कार्य प्रस्तुत गर्न लगाउनुहोस् ।

(ए) प्रस्तुति सकिएपछि समूहले तयार गरेको जीवनी प्रदर्शनी पाटीमा टाँसी जीवनीको संरचना (शीर्षक, नाम, जन्ममिति र स्थान, आमाबुबाको नाम, शिक्षा, विवाह, योगदान, पुरस्कार, निधन, प्रेरणा आदि) बारे यस पाठको दोस्रो दिनको क्रियाकलापमा आधारित भई थप छलफल गराउनुहोस् ।

(ऐ) आवश्यकताअनुसार शिक्षकले तयार पारी ल्याएको अनुराधा कोइरालाको जीवनीसमेत प्रदर्शन गर्न सक्नुहुने छ ।

**३. मूल्याङ्कन**

(क) दिइएका बुँदाका आधारमा जीवनी लेख्न लगाउनुहोस् :

नाम : माधवप्रसाद घिमिरे
जन्म : वि.सं. १९७६ असोज ७ गते
जन्मस्थान : गाउँ पुस्तुन, जिल्ला लमजुङ, प्रदेश गण्डकी
मातापिता : द्रौपदीदेवी र गौरीशङ्कर घिमिरे
शिक्षा : संस्कृतमा शास्त्री
पेशागत संलग्नता : गोरखापत्रका सहायक सम्पादक, नेपाल प्रज्ञा प्रतिष्ठान्का सदस्य, उपकुलपति र कुलपति
साहित्य यात्रा थालनी : वि.सं. १९९२ मा गोरखापत्रमा 'ज्ञानपुष्प' शीर्षकको कविताबाट

प्रमुख साहित्यिक कृति : नवमञ्जरी, घामपानी (कवितासङ्ग्रह)
किन्नर किन्नरी, सुनपङ्खी चरी (गीति सङ्ग्रह), गौरी, पापिनी आमा, राजेश्वरी, राष्ट्रनिर्माता, धर्तीमाता (खण्डकाव्य )
पुरस्कार तथा सम्मान : पद्मश्री साधना सम्मान (२०७६), साझा पुरस्कार (२०५४ र २०५८)
मृत्यु : वि. सं. २०७७ भाद्र २ गते, काठमाडौँ

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

| पाठ : ६ | जस | |
|---|---|---|
| विधा : कथा | | कार्यघण्टा : १२ |

**परिचय**

कथाकार लावण्य ढुङ्गानाद्वारा लिखित 'जस' ऐतिहासिक कथा हो । 'कथा' साहित्यको लोकप्रिय विधा हो । कुनै पात्रसँग सम्बन्धित रमाइला घटना, सन्दर्भ आदिको वर्णन र मानव जीवनका अनुभूतिहरू कथामा समावेश गरिएको हुन्छ । कथामा भाषाको सरल सहज प्रस्तुति हुन्छ । कथा बालबालिकको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकासका लागि आधारका रूपमा रहेको हुन्छ । कथामा वाक्य गठनको सरलता हुने हुनाले भाषिक सिपको विकासमा यस विधालाई उपयोगी मानिन्छ । कथामा हुने रोचकता मनोरञ्जनात्मकता, कौतूहल र जीवनजगत्का विविध पक्षको प्रस्तुतीकरणले गर्दा विद्यार्थीमा भाषिक क्षमता अभिवृद्धि भई भाषिक सिपको विकासमा उल्लेख्य सहयोग पुग्छ ।

प्रस्तुत ऐतिहासिक कथामा पृथ्वीनारायण शाह पहिलो पटक नुवाकोट विजय गर्न असफल भए र बिसे नगर्चीको सल्लाह तथा सहयोगमा दोस्रो पटकको आक्रमणमा विजय हासिल गर्न सफल भएको ऐतिहासिक सन्दर्भ आएको छ । कथामा मानिस कोही सानो र ठुलो हुँदैन । यसै घटनामा केन्द्रित यस कथाले सामान्य भनिएका मानिसको सानो सहयोगबाट ठुलो उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सन्देश दिएको छ । कथा विधाको शिक्षण गर्दा सस्वर र मौन पठन, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, घटना वर्णन, घटनाक्रम मिलान आदि क्रियाकलाप गराउनुपर्छ । कथा शिक्षणका क्रममा भाषिक सिपका साथै विषयवस्तुमा आधारित भई चित्रकथा वर्णन, भूमिका निर्वाह, कथाकथन, घटना वर्णन, अनुमान, कल्पना र निष्कर्ष तथा सहयोग जस्ता विषयक्षेत्र समेटी विभिन्न क्रियाकलाप गराउनुपर्छ ।

यस कथाको अध्ययनबाट विद्यार्थीमा कथनात्मक अभिव्यक्ति सिपको विकास गराउने उद्देश्य राखिएको हुँदा विद्यार्थीमा सामाजिक सांस्कृतिक विषयवस्तुको सुनाइ र प्रतिक्रिया एवम् मूल्यमान्यता, पहिचान र कथन, सुनाइ र बोध, प्रश्नका आधारमा स्वसंस्कृति वर्णन, स्वअनुभवमा आधारित तार्किक प्रस्तुति, छलफल तथा विषयवस्तुको सारांश कथन जस्ता सुनाइ तथा बोलाइ सिप विकासका क्रियाकलाप गराउनुपर्छ । यसैगरी समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन, द्रुत पठन, पाठको विषयबोध, सांस्कृतिक मूल्यमान्यता बोध जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, पात्रको चरित्र वर्णन र तुलना, ऐतिहासिक/पौराणिक घटनाको वर्णन, कथासार लेखन, कथापूरण, निर्देशित तथा स्वतन्त्र लेखनलगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यस पाठमा शब्दभण्डारअन्तर्गत समूहवाचक शब्दको पहिचान र प्रयोग एवम् पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्छ । भाषिक संरचनाअन्तर्गत शब्दनिर्माण तथा वर्णविन्यासअन्तर्गत 'य' र 'ए' को पहिचान र प्रयोगसँग सम्बन्धित क्रियाकलाप गराउनुपर्छ । यो पाठमा स्वअनुशासनसँग सम्बन्धित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत कथा लेखन र श्रावण क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ ६ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ ६ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • चित्र बोध र छलफल<br>• संरचना पहिचान | • विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• कथाको संरचना पहिचान गर्न | • पूर्व पठन खण्डको चित्र<br>• स्लाइड | १ |

| | | | | |
|---|---|---|---|---|
| **दोस्रो दिन** | • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्य रचना<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद १ देखि ३ सम्म सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद १-३ मा आधारित बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• वाक्यपत्ती | १ |
| **तेस्रो दिन** | • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ तथा वाक्य रचना<br>• प्रश्न निर्माण<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद ४ देखि ७सम्म सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद ४-७ मा आधारित प्रश्न निर्माण गरी उत्तर भन्न | • अनुच्छेद ४-७<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• प्रश्नसूची | १ |
| **चौथो दिन** | • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ<br>• बोध प्रश्नोत्तर<br>• समूहवाचक शब्द | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद ८ –१४ का आधारमा बोध प्रश्नोत्तर गर्न<br>• समूहवाचक शब्द पहिचान गर्न | • अनुच्छेद ८-१४<br>• शब्दपत्ती, अर्थपत्ती<br>• प्रश्नोत्तरसूची<br>• चार्ट पेपर | १ |
| **पाँचौं दिन** | • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्य रचना<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद १५ देखि २२ सम्म सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद १५-२२ मा आधारित बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• वाक्यपत्ती | १ |
| **छैटौं दिन** | • संरचना पहिचान (अनुच्छेद र वाक्यसङ्ख्या पहिचान)<br>• मौखिक प्रश्नोत्तर<br>• पात्र पचिय<br>• वक्ता पहिचान | • पाठमा रहेका अनुच्छेद र वाक्यसङ्ख्या पहिचान गर्न<br>• निर्दिष्ट प्रश्नको मौखिक उत्तर दिन<br>• बिसे नगार्चीको वर्णन गर्न<br>• पाठमा प्रयुक्त वाक्य र ती वाक्यका वक्ता पहिचान गर्न | • अनुच्छेद र वाक्यका नमुना<br>• प्रश्नसूची<br>• उत्तरको नमुना<br>• बिसे नगर्चीको वर्णन गरिएको नमुना<br>• पाठका पात्रले बोलेका वाक्यको अंश र पात्रको नाम सूची | १ |
| **सातौं दिन** | • चित्र वर्णन र तुलना<br>• घटनाक्रम मिलान | • निर्दिष्ट चित्रको वर्णन गरी तुलना गर्न<br>• निर्दिष्ट बुँदालाई कथाको घटनाका आधारमा क्रम मिलाई लेख्न | • चित्र, प्रोजेक्टर<br>• कथाका बुँदा लेखिएको सूची | १ |

| | | | | |
|---|---|---|---|---|
| | • बोध प्रश्नोत्तर | • बोध प्रश्नको उत्तर लेख्न | • प्रश्न सूची र उत्तरको नमुना पत्र | |
| **आठौँ दिन** | • उखान आशय लेखन<br>• आशय वर्णन | • निर्दिष्ट उखानको आशय लेख्न<br>• पाठमा आधारित पङ्क्तिको आशय वर्णन गर्न | • उखान सूची<br>• आशय वर्णनको नमुना पत्र<br>• चार्ट पेपर | १ |
| **नवौँ दिन** | • कथासार लेखन<br>• कथालेखन | • कथासार लेख्न<br>• निर्दिष्ट पङ्क्तिको आशय वर्णन गर्न<br>• निर्दिष्ट बुँदाको आधारमा कथा लेख्न | • कथासार नमुना<br>• कथालेखन नमुना<br>• चार्ट पेपर | १ |
| **दसौँ दिन** | • भाषिक प्रकार्य (स्वअनुशासन)<br>• उपसर्ग र प्रत्यय | • स्वअनुशासन पालना गर्न<br>• उपसर्ग र प्रत्यय लगाएर नयाँ शब्द निर्माण गर्न | • स्वअनुशासन पालनाको भाषिक अभिव्यक्ति नमुना<br>• शब्द निर्माण तालिका | १ |
| **एघारौँ दिन** | • समास र विग्रह शब्द निर्माण<br>• अन्तिम वर्णद्वारा शब्द निर्माण<br>• 'य' र 'ए' को पहिचान<br>• परियोजना कार्य (गृहकार्य) | • समास र विग्रह शब्द निर्माण गर्न<br>• अन्तिम वर्णद्वारा शब्द निर्माण गर्न<br>• 'य' र 'ए' को पहिचान गर्न<br>• घरमा अग्रज व्यक्तिबाट लोककथा सुनेर आउन (गृहकार्य) | • समास र विग्रह शब्द निर्माण गरिएको चार्ट<br>• शब्दको अन्तिम वर्णद्वारा शब्द निर्माण गरिएको चार्ट<br>• 'य' र 'ए' को प्रयोग भएको सूची | १ |
| **बाह्रौँ दिन** | • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• परियोजना कार्य (कथालेखन) | • सुनाइ पाठका आधारमा प्रश्नोत्तर गर्न<br>• घरमा सुनेको लोककथा कक्षामा लेख्न र सुनाउन | • श्रव्य सामग्री<br>• कथाको नमुना | १ |
| **जम्मा कार्यघण्टा** | | | | **१२** |

## पहिलो दिन

**१.सिकाइक्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र बोध र छलफल<br>• संरचना पहिचान | • विषयवस्तुको अनुमान तथा कल्पना गर्न<br>• विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न<br>• कथाको संरचना पहिचान गर्न | • पूर्व पठन खण्डको चित्र<br>• स्लाइड |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) ऐतिहासिक विषयवस्तुमा आधारित राजराजेश्वरीको कथा सुनाएर विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनको कक्षाका पाठ्यवस्तुहरूको स्मरण गर्दै आजको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) पूर्व पठन खण्डमा रहेका चित्र स्लाइडबाट प्रदर्शन गर्नुहोस् ।






(आ) विद्यार्थीलाई समावेशी रूपमा चार समूहमा वर्गीकरण गर्नुहोस् र प्रत्येक समूहलाई एक एकओटा सहिदको चित्र भाग लगाइदिनुहोस् । अब विद्यार्थीलाई भागमा परेको चित्रमा रहेका व्यक्तिको बारेमा परस्पर छलफल गराउनुहोस् । प्रत्येक समूहलाई छलफलबाट प्राप्त निष्कर्ष कक्षाको अगाडि आई प्रस्तुत गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीको सामूहिक प्रस्तुतिका लागि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ई) यस क्रममा उक्त चार तस्बिर नेपालमा प्रजातन्त्र प्राप्तिका लागि जहानियाँ राणाशासनविरुद्ध क्रान्ति गर्ने क्रममा सहिद भएका शुक्रराज शास्त्री, गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा र दशरथ चन्द हुन् र उनीहरूकै बलिदानीको परिणाम स्वरूप हामीले स्वतन्त्रता र नागरिक अधिकार प्राप्त गर्न सकेका हौँ भनी पृष्ठपोषणसहित निष्कर्ष सुनाउनुहोस् ।

(उ) देश र जनताको मुक्तिका लागि बलिदान दिने यस्ता अन्य व्यक्तिहरूलाई तपाईँहरूले सुनेजानेको छ भनी प्रश्न गर्नुहोस् । उनीहरूले त्यस्ता व्यक्तिका बारेमा जानकारी राखेको भए सुनाउन प्रेरित गर्नुहोस् । विद्यार्थीले सुनाएको राष्ट्रिय व्यक्तित्वको सन्दर्भलाई समेत समेटी यस्ता जनप्रेमी व्यक्तिहरू हाम्रा लागि सधैँ स्मरणीय हुने भएकाले यिनका प्रति सम्मान भाव राख्न सचेत गराउनुहोस् ।

(ऊ) उक्त चित्रहरूको पहिचान र छलफलबाट प्रस्तुत कथाको विषयवस्तु के होला भनी अनुमान गर्न लगाउनुहोस् र उनीहरूको सहजीकरणका लागि विषयवस्तु पहिचान गर्ने विभिन्न आधारहरू दिएर यो कथा देशका लागि जीवनभर समर्पित ऐतिहासिक व्यक्तिको जीवनसँग सम्बन्धित घटनामा आधारित रहेको जानकारी दिनुहोस् ।

(ऋ) विद्यार्थीलाई तपाईँहरूले अहिलेसम्म कुनै कथा पढ्नुभएको छ वा छैन भन्ने प्रश्न गर्नुहोस् । उनीहरूको उत्तरलाई ध्यानमा राखी पढेसुनेका कथामा के के कुराहरू रहेका थिए भनी छलफल गराउनुहोस् ।

(ए) विद्यार्थीले छलफलमार्फत दिएका उत्तरलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । ती टिपोट गरिएका विषयवस्तुलाई समेटी कथामा के कस्ता विषय समेट्नुपर्छ वा कथा बन्नका लागि के के कुरा चाहिन्छ भन्ने कुरा बताउँदै विद्यार्थीको स्तर सुहाउँदो ढङ्गबाट कथाको संरचनाबारे प्रस्ट पारिदिनुहोस् ।

(ऐ) छलफलका सन्दर्भमा विद्यार्थीमा केही अस्पष्टता रहे थप स्पष्ट निष्कर्ष बताउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको पूर्व पठन खण्डमा भएका चित्रका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(ख) दिइएका चित्र कसका हुन्, भन्न लगाउनुहोस् ।



आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्य रचना<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद १ देखि ३ सम्म सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद १-३ मा आधारित बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई तलका दिमाग खियाउने प्रश्न सोधी ध्यान आकर्षण गर्नुहोस् ।

प्रश्न : गोरु धानबारीमा जाँदै थियो । गोपालले बेस्सरी कुटेर मकैबारीतिर लखेट्यो । अब भन्नुहोस् कि गोरुले के खायो ?

उत्तर : कुटाइ खायो ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठ्य कथाको पहिलो अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् ।

(आ) शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको एकदेखि तीन अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । यस क्रममा उच्चारण गर्न कठिन भएका शब्दहरूलाई रेखाङ्कन गरी कापीमा टिपोट गर्न लगाउनुहोस् ।

(इ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् ।

(ई)श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्द भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

**फिरङ्गी :/ फि. रङ्. गि /** **अभिवादन : /अ. भि. बा. दन्/** **विराजमान : /बि. राज्. मान्/**

(ऊ) विद्यार्थीलाई पाठमा अर्थबोध गर्न भनिएका शब्द टिपोट गर्न लगाउनुहोस् । उक्त शब्दहरूको अर्थ विद्यार्थीबाटै खोजी गर्न प्रेरित गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी उक्त शब्दहरूको अर्थगत धारणा स्पष्ट पारिदिनुहोस् । अझ यसलाई रोचक तरिकाले सिकाइ गर्न शब्द र अर्थका पत्ती एउटा बाकसमा राख्नुहोस् । विद्यार्थीलाई शब्द र अर्थका जोडा मिलाउन लगाउनुहोस् । पहिला मिलाउनेलाई विजेता घोषित गर्नुहोस् ।

(ऋ) विद्यार्थीले टिपोट गरेका शब्दका अर्थ बोध गराइसकेपछि उक्त शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसका लागि विद्यार्थीलाई व्यक्तिगत रूपमा सोधेर वा लिखित रूपमा कक्षाकार्य दिएर पनि अभ्यास गराउन सकिने छ ।

(ए) शब्दलाई वाक्यमा प्रयोग गर्ने क्रममा विद्यार्थीबाट भएका कार्यको अनुगमन गरी शिक्षकले सहजीकरण गरिदिनुहोस्, जस्तै :

| शब्द | अर्थ | वाक्य |
|---|---|---|
| इरादा | मनसाय | मेरो साथीको **इरादा** मलाई पनि विजेता बनाउनु थियो । |
| पराजय | हार | पहिलो पटक नुवाकोट आक्रमणमा पृथ्वीनारायणले **पराजय** भोग्नुपरेको थियो । |
| चकमन्न | सुनसान | कार्यालयबाट घर फर्कँदा धेरै रात परेकाले चकमन्न थियो । |

(ऐ) अब विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद १-३ मा आधारित रही मौखिक रूपमा विषयवस्तु तथा कथागत सन्दर्भलाई लिएर बोध प्रश्न सोध्नुहोस् । जस्तै : बिसेको आँगनमा पुग्दा पृथ्वीनारायण अनुहार कस्तो देखिन्थ्यो ?

(ओ) उक्त प्रश्नहरूको उत्तर विद्यार्थीबाट सुनी उनीहरूबाट प्राप्त उत्तरलाई पृष्ठपोषण गर्दै पाठ्यवस्तुमा आधारित रही प्रश्नको ढाँचाअनुसार वाक्यात्मक उत्तर दिनुपर्ने बताउनुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**
प्रश्न : बिसेको आँगनमा पुग्दा पृथ्वीनारायण अनुहार कस्तो देखिन्थ्यो ?
उत्तर : बिसेको आँगनमा पुग्दा पृथ्वीनारायणको अनुहार मलिन देखिन्थ्यो ।

(औ) उक्त नमुनाका आधारमा सस्वर पठन गरिएका १-३ अनुच्छेदबाट प्रश्नहरूको निर्माण गरी थप बोध प्रश्नोत्तरात्मक अभ्यास गराउन सकिने छ ।

**३. मूल्याङ्कन**

(क) पाठ्य कथाको दोस्रो अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस्:
धावा, इरादा, अभिवादन, विराजमान,सुकुल,कब्जा

(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :
(अ) कान्तिपुर जित्न के गर्नुपर्थ्यो ?
(आ) नुवाकोटमाथि पहिलो आक्रमण गर्दा कस्तो नतिजा आयो ?
(इ) मौनता पछि कुरा कसले सुरु गरे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ तथा वाक्य रचना<br>• प्रश्न निर्माण<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद ४ देखि ७ सम्म सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद ४-७ मा आधारित प्रश्न निर्माण गरी उत्तर भन्न | • अनुच्छेद ४-७<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• प्रश्नसूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई पृथ्वीनारायण साह रन्थनिँदै कहाँ पुगे ? भनी प्रश्न गर्दै सुनाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ)शिक्षकले पाठ्य कथाको चौथो अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् ।

(आ) शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको चारदेखि सात अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । यस क्रममा उच्चारण गर्न कठिन भएका शब्दलाई रेखाङ्कन गरी कापीमा टिपोट गर्न लगाउनुहोस् ।

(इ) सस्वर पठन गर्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् ।

(ई)श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्द भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

**सोचमग्न : /सोच्. मग्. न/ मलिन : /म. लिन्/ सान्त्वना : /सान्. त्व. ना/**

(ऊ) विद्यार्थीलाई पाठमा अर्थबोध गर्न भनिएका शब्द टिपोट गर्न लगाउनुहोस् । उक्त शब्दको अर्थ विद्यार्थीबाटै खोजी गर्न प्रेरित गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी उक्त शब्दको अर्थगत धारणा स्पष्ट पारिदिनुहोस् ।

(ऋ) विद्यार्थीले टिपोट गरेका शब्दका अर्थ बोध गराइसकेपछि उक्त शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसका लागि विद्यार्थीलाई व्यक्तिगत रूपमा सोधेर वा लिखित रूपमा कक्षाकार्य दिएर पनि अभ्यास गराउन सकिने छ ।

(ए) शब्दलाई वाक्यमा प्रयोग गर्ने क्रममा विद्यार्थीबाट भएका कार्यको अनुगमन गरी शिक्षकले सहजीकरण गरिदिनुहोस्, जस्तै :

| शब्द | अर्थ | वाक्य |
|---|---|---|
| रैती | ज्नता | राजा र **रैती** मिलेर गोर्खालीहरूले अङ्ग्रेज फौजलाई लखेटे । |
| लडाकु | योद्धा | गोर्खाली **लडाकु**हरूले खुकुरीको भरमा अङ्ग्रेज सेनासँग युद्ध गरे । |
| बह | पिर | तिमीसँग मनको **बह** पोखेपछि बल्ल उनले शान्तिको महसुस गरेछन् । |

(ऐ) विद्यार्थीलाई बोध र अभिव्ययक्ति खण्डको अभ्यास १० मा केन्द्रित गराउनुहोस् । अभ्यास १० ले निर्देश गरेअनुसार पाठ्य कथाको अनुच्छेद ४ र ५ को सरसर्ती मौन पठन गर्न लगाउनुहोस् । अनुच्छेदमा भएका मुख्य विषय, घटना, प्रसङ्ग, पात्र वा अनुच्छेदगत सन्देशलाई आधार मानी प्रश्न निर्माण गर्न प्रेरित गर्नुहोस् । यसबाहेक कहाँ, किन, के, कसरी, कस्तो,

कहिले जस्ता प्रश्नबोधक शब्दको प्रयोग गरी प्रश्नलाई विविधतायुक्त बनाउन निर्देशन दिनुहोस् । साथै निर्माण गरिएको प्रश्नको उत्तर अनुच्छेदमा हुनुपर्ने कुरामा सचेत गराउनुहोस् ।

(ओ) अब विद्यार्थीलाई समावेशी ढङ्गले चार समूहमा विभाजित गर्नुहोस् अनि चौथो र पाँचौँ दुवै अनुच्छेदबाट चारओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीले समूहमा काम गर्दैगर्दा शिक्षकले उनीहरूको क्रियाकलापको अवलोकनगरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(औ) प्रश्न निर्माणको कार्य सम्पन्न भएपछि प्रत्येक समूहलाई निर्मित प्रश्नको प्रस्तुतीकरणका लागि समय दिनुहोस् र प्रस्तुतीकरणसँगै प्रश्नका बारेमा छलफल पनि गराउनुहोस् । छलफलका क्रममा एक समूहले बनाएका प्रश्नको उत्तर अर्को समूहलाई भन्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले नमुना प्रश्न र त्यसको उत्तर सम्भव भएसम्म स्लाइडबाट प्रदर्शन गरिदिनुहोस् ।

**प्रश्न :** पृथ्वीनारायण कसले सिलाएको दौराभोटा लगाएर हुर्किए ?

**उत्तर :** पृथ्वीनारायण बिसेले सिलाएको दौराभोटा लगाएर हुर्किए ।

**प्रश्न :** पृथ्वीनारायणको इरादा के थियो ?

**उत्तर :** पृथ्वीनारायणको इरादा नुवाकोट जित्ने थियो ।

(अं) उक्त विधिबाट विद्यार्थीलाई प्रश्न निर्माण एवम् निर्मित प्रश्नको उत्तरका सम्बन्धमा छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) अनुच्छेद ४ को सस्वर पठन गर्न लगाउनुहोस् ।
(ख) अनुच्छेद ४ बाट कुनै तीनओटा प्रश्न बनाई उत्तर लेख्नुहोस् ।
(ग) तलका शब्दहरूको शुद्धोच्चारण गरी अर्थ भन्न लगाउनुहोस् :
धावा, अभिवादन, विराजमान, सुकुल, कब्जा

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ<br>• बोध प्रश्नोत्तर<br>• समूहवाचक शब्द | • पाठका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हाउभाउसहित सस्वर पठन गर्न<br>• पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• पाठका निर्दिष्ट शब्दको अर्थबोध तथा वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद ८ –१४ का आधारमा बोध प्रश्नोत्तर गर्न<br>• समूहवाचक शब्द पहिचान गर्न | • अनुच्छेद ८-१४<br>• शब्दपत्ती, अर्थपत्ती<br>• प्रश्नोत्तरसूची<br>• चार्ट पेपर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई तलका गाउँखाने कथा सोधी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् :
प्रश्न : दिनभरि संसारको सेवा गर्छु । रात परेपछि हराउँछु । अब भन्नुहोस् ,म को हुँ ?
उत्तर : सुर्यको किरण
(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठ्य कथाको आठौँ अनुच्छेदको नमुना सस्वर पठन गरी सुनाउनुहोस् र त्यहीअनुसार नै विद्यार्थीलाई पाठको आठदेखि चौध अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् ।सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् ।

(आ) विद्यार्थीलाई सस्वर पठनका क्रममा उच्चारण गर्न कठिन भएका शब्दलाई रेखाङ्कन गरी कापीमा टिपोट गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्द भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(इ) उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

**घरधुरी :/ घर्.धु.रि. /** **हात्ती : /हात्.ति./** **जुरुक्क : /जु.रुक्.क/**

विद्यार्थीलाई अझ स्पष्ट पार्न तपाईं कुनै शब्द भनिदिनुहोस् । विद्यार्थीलाई अक्षरीकरण गर्न लगाउनुहोस् । पहिला मिलाउनेलाई विजेता घोषणा गर्नुहोस् ।

(ई) विद्यार्थीलाई पाठमा अर्थबोध गर्न भनिएका शब्द टिपोट गर्न लगाउनुहोस् । उक्त शब्दको अर्थ विद्यार्थीबाटै खोजी गर्न प्रेरित गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी उक्त शब्दको अर्थगत धारणा स्पष्ट पारिदिनुहोस् ।

(उ) विद्यार्थीले टिपोट गरेका शब्दका अर्थ बोध गराइसकेपछि उक्त शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसका लागि विद्यार्थीलाई व्यक्तिगत रूपमा सोधेर वा लिखित रूपमा कक्षाकार्य दिएर पनि अभ्यास गराउन सकिने छ । यसका लागि शब्दभण्डार खण्डको अभ्यास २ लाई पनि आधार मान्नुहोस् ।

(ऊ) शब्दलाई वाक्यमा प्रयोग गर्ने क्रममा विद्यार्थीबाट भएका कार्यहरूको अनुगमन गरी शिक्षकले सहजीकरण गरिदिनुहोस्, जस्तै :

| शब्द | अर्थ | वाक्य |
|---|---|---|
| राजस्व | कर | नागरिकले तिरेको **राजस्व**बाट राज्य सञ्चालन गरिएको हुन्छ । |
| पिर्का | काठ वा परालको आसनी | मलाई **पिर्का**मा बसेर लुगा धुन सजिलो लाग्छ । |

(ऋ) शब्दार्थ अभ्यासका क्रममा शब्दभण्डार खण्डको अभ्यास १ मा विद्यार्थीलाई ध्यान दिएर हेर्न र दिइएका पदावलीको अर्थ बुझ्न निर्देशन दिनुहोस् । पदावलीले बताएको अर्थबोधक शब्द पाठमा कहाँ प्रयोग गरिएको छ, खोजेर भन्न लगाउनुहोस् । अन्त्यमा उनीहरूलाई सहजीकरण एवम् पृष्ठपोषण गर्दै चार्टपेपरमा तयार पारिहेको पदावली र त्यसले बताएको अर्थबोधक शब्द प्रदर्शन गर्नुहोस्, जस्तै :

| समूह क | समूह ख |
|---|---|
| शरीरसहित | सशरीर |
| शिर निहुर्‍याएर गरिने ढोग | अभिवादन |
| कसैलाई सहानुभूति दिने काम | सान्त्वना |
| लडाइँमा चोटपटक लागेको | घाइते |
| लडाइँमा पराजय भोग्नु | हार |

(ए)अब विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद ८-१४ भित्र रहेका विषयवस्तु तथा कथागत सन्दर्भलाई लिएर बोध प्रश्न सोध्नुहोस् । जस्तै : हातखुट्टा गिँडेको मुढो तुल्य हुनु भनेको के हो?

(ऐ) उक्त प्रश्नहरूको उत्तर विद्यार्थीबाट सुनी उनीहरूबाट प्राप्त उत्तरलाई पृष्ठपोषण गर्दै पाठ्यवस्तुमा आधारित रही प्रश्नको ढाँचाअनुसार वाक्यात्मक उत्तर दिनुपर्ने बताउनुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**
प्रश्न : हातखुट्टा गिँडेको मुढो तुल्य हुनु भनेको के हो ?
उत्तर : हातखुट्टा गिँडेको मुढो तुल्य हुनु भनेको केही काम गर्न नसक्ने अवस्थामा पुग्नु हो ।

उक्त नमुनाका आधारमा सस्वर पठन गरिएका अनुच्छेद ८-१४ बाट प्रश्नको निर्माण गरी थप बोध प्रश्नोत्तरात्मक अभ्यास गराउन सकिने छ ।

(ओ) सम्भव भएसम्म स्लाइडमा वा चार्टपेपरमा निम्न अनुच्छेद प्रदर्शन गरी मौन पठन गर्न लगाउनुहोस् । अनुच्छेदमा आएका समूहवाची शब्दहरूलाई रेखाङ्कन गर्नुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा टिप्नुहोस् र ती शब्दहरूको अर्थ अलग अलग विद्यार्थीलाई क्रमशः सोध्नुहोस् ।

भाइ र म आँगनमा चुङ्गी खेल्दै थियौँ । हामीले फूलबारीको छेउबाट कमिलाका <u>ताँती</u>हरू आँगनतिर आउँदै गरेको देख्यौँ । त्यो देखेर हामी डरायौँ र आमालाई भन्न गयौँ । आमा पूजाका लागि फूलबारीबाट <u>गुच्छा</u>हरू टिपेर घरतिर आउँदै हुनुहुन्थ्यो । बाटोमा एक <u>हुल</u> मानिस बजारतिर गइरहेका थिए । तिनीहरू पनि <u>लर्को</u> लागेर हाम्रो आँगनमा आए । मानिसका <u>जमात</u> देखेर नजिकै बाँधिएका बाख्राका <u>बथान</u> कराउन थाले । हामी कमिला देखेर डराएको थाहा पाएर सबैजना हाँसे ।

(औ) उक्त अनुच्छेदमा आएका ताँती, गुच्छा, हुल, बथान शब्दको अर्थ विद्यार्थीलाई सोध्नुहोस् । उनीहरूले दिएको अर्थलाई पृष्ठपोषण गर्दै सामूहिक अर्थ बुझाउने शब्दलाई समूहवाची शब्द भनिन्छ भनेर स्पष्ट पार्नुहोस् । यसलाई थप स्पष्ट पार्न शब्दभण्डार खण्डको अभ्यास ४ मा रहेका शब्द र अर्थका बिच जोडा मिलाउन भन्नुहोस्, जस्तै :

| सामान्य शब्द | समूहवाचक शब्द |
|---|---|
| बाँस | घारी |
| कमिला | ताँती |
| गाई | ब्थान |
| धन | ह्रास |
| नोट | लक्कु |

(अं) आवश्यकताअनुसार समूहवाचक शब्दसम्बन्धी थप छलफल गर्न लगाई लिखित एवम् मौखिक अभ्याससमेत गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) अनुच्छेद ८ को सस्वर पठन गर्न लगाउनुहोस् :
(ख) लडाइँ, रैती, अलमलियो शब्दको शुद्ध उच्चारण गरी अर्थ लेख्न लगाउनुहोस् ।
(ग) समूहवाचक शब्द अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् : जन्ती, पल्टन, जङ्गल
(घ) बिसे किन अचानक घरभित्र पस्यो ? उत्तर भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्य रचना<br>• बोध प्रश्नोत्तर | • मूल पाठको अनुच्छेद १५ देखि २२ सम्म सस्वर पठन गर्न<br>• शब्दको शुद्ध उच्चारण गर्न<br>• शब्दको अर्थबोध गरी वाक्य रचना गर्न<br>• पाठको अनुच्छेद १५-२२ मा आधारित बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती र अर्थपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई तलका चुट्किला सुनाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् :

मुन्द्रे घरको छतमा थियो । उसको हातबाट अचानक मोबाइल तल खस्यो । ऊ दौडेर तल आयो र हात थापेर बसिरह्यो । उसको साथीले यो दृश्य हेरिरहेको थियो र सोध्यो, “ए, मुन्द्रे के गर्दै छस् ?” मुन्द्रेले सबै कुरा बतायो । हाँस्दै उसको साथीले भन्यो, “छतबाट खसेको मोबाइल अहिलेसम्म बस्छ ?” मुन्द्रेले भन्यो, “मेरो घडी ५ मिनेट ढिलो छ के ।”

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठ्य कथाको अनुच्छेद १५ सस्वर पठन गरी पढेर सुनाउनुहोस् ।

(आ) शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई पाठको १५ देखि २२ सम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् । यस क्रममा उच्चारण गर्न कठिन भएका शब्दहरूलाई रेखाङ्कन गरी कापीमा टिपोट गर्न लगाउनुहोस् ।

(इ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् ।

(ई) श्रोता विद्यार्थीले टिपोट गरेका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई नदोहोरिने गरी शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

**जुरुक्क :/जु. रुक्. क /** **डगमगाएन : /डग्. म. गा.ए.न. /** **युद्धखर्च : /युद्.द.खर्.च/**

(ऊ) विद्यार्थीलाई पाठमा अर्थबोध गर्न भनिएका शब्द टिपोट गर्न लगाउनुहोस् । उक्त शब्दहरूको अर्थ विद्यार्थीबाटै खोजी गर्न प्रेरित गर्नुहोस् । शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी उक्त शब्दहरूको अर्थगत धारणा स्पष्ट पारिदिनुहोस् । अझ यसलाई रोचक बनाउन शैक्षणिक पाटीमा एकातिर शब्द र अर्कोतिर अर्थ लेख्नुहोस् । एउटा विद्यार्थीको आँखामा पट्टी बाँध्नुहोस् । मार्करले शब्द र अर्थबीच जोडा मिलाउन लगाउनुहोस् । कुनै विद्यार्थी तोकेर मिल्यो कि मिलेन सोध्नुहोस् । मिलाउनेलाई विजेता घोषणा गर्नुहोस् ।

(ऋ) विद्यार्थीले टिपोट गरेका शब्दका अर्थ बोध गराइसकेपछि उक्त शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसका लागि विद्यार्थीलाई व्यक्तिगत रूपमा सोधेर वा लिखित रूपमा कक्षाकार्य दिएर पनि अभ्यास गराउन सकिने छ ।

(ए) शब्दलाई वाक्यमा प्रयोग गर्ने क्रममा विद्यार्थीबाट भएका कार्यको अनुगमन गरी शिक्षकले सहजीकरण गरिदिनुहोस्, जस्तै :

| शब्द | अर्थ | वाक्य |
|---|---|---|
| सार्थक | अर्थपूर्ण | कक्षा पाँचको वनभोज **सार्थक** भयो । |
| औंधी | ज्यादै | हामीलाई नेपाली विषय **औंधी** मन पर्छ । |

(ऐ) विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद १५-२२ मा आधारित रही मौखिक रूपमा विषयवस्तु तथा कथागत सन्दर्भलाई लिएर बोध प्रश्न सोध्नुहोस् । जस्तै : बिसेको आँगनमा पुग्दा पृथ्वीनारायण अनुहार कस्तो देखिन्थ्यो ? ।

(ओ) प्रश्नको उत्तर विद्यार्थीबाट सुनी उनीहरूबाट प्राप्त उत्तरलाई पृष्ठपोषण गर्दै पाठ्यवस्तुमा आधारित रही प्रश्नको ढाँचाअनुसार वाक्यात्मक उत्तर दिनुपर्ने बताउनुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**
प्रश्न : बुढापाका के भन्थे ?
उत्तर : बुढापाका रिस खा आफू बुद्धि खा अरू भन्थे ।

(औ) उक्त नमुनाका आधारमा सस्वर पठन गरिएका १५-२२ अनुच्छेदबाट प्रश्नहरूको निर्माण गरी थप बोध प्रश्नोत्तरात्मक अभ्यास गराउन सकिने छ ।

**३. मूल्याङ्कन**

(क) पाठ्य कथाको सोह्रौँ अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।
(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस्:
भरमग्दुर, गुञ्जायमान, धाप
(ग) दिइएका प्रश्नका उत्तर भन्न लगाउनुहोस् :
(अ) युद्धखर्च कसरी जुट्ने थियो?
(आ) गोर्खाली फौजले कसरी नुवाकोटमाथि आक्रमण गरे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान (अनुच्छेद र वाक्यसङ्ख्या पहिचान)<br>• मौखिक प्रश्नोत्तर<br>• पात्र पचिय<br>• वक्ता पहिचान | • पाठमा रहेका अनुच्छेद र वाक्यसङ्ख्या पहिचान गर्न<br>• निर्दिष्ट प्रश्नको मौखिक उत्तर दिन<br>• बिसे नगार्चीको वर्णन गर्न<br>• पाठमा प्रयुक्त वाक्य र ती वाक्यका वक्ता पहिचान गर्न | • अनुच्छेद र वाक्यका नमुना<br>• प्रश्नसूची<br>• उत्तरको नमुना<br>• बिसे नगार्चीको वर्णन गरिएको नमुना<br>• पाठका पात्रले बोलेका वाक्यको अंश र पात्रको नाम सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले “अभ्यास नगर्ने हो भने विद्या विष हुन्छ ।” भन्ने हितोपदेशको आदर्श वाणी सुनाई विद्यार्थीलाई सिकाइका लागि तयारी गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले केही अनुच्छेद र केही वाक्यका ढाँचा कक्षामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई अनुच्छेद र वाक्यको संरचनाका बारेमा स्पष्ट पारिदिनुहोस् ।

(आ) अब विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ३ तर्फ आकर्षित गराई पाठमा रहेका अनुच्छेद पहिचान गर्न निर्देश गर्नुहोस् । पाठमा रहेका अनुच्छेद सङ्ख्या पहिचान गर्न लगाई कक्षामा छलफल र त्यसको निष्कर्षसहित यस कथामा बाइसओटा अनुच्छेद रहेको कुरा स्पष्ट पारिदिनुहोस् ।

(इ) अनुच्छेद पहिचानपश्चात् विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई पाठका केही अनुच्छेद पर्ने गरी पाठलाई विभाजन गरिदिनुहोस् । आफ्नो समूहलाई परेका अनुच्छेदमा रहेका वाक्य सङ्ख्या गणना गर्न लगाउनुहोस्  र प्रत्येक समूहलाई आफूले निकालेको निष्कर्ष भन्ने अवसर प्रदान गरी अन्त्यमा शिक्षकले वाक्य गणनासहित सहजीकरण गरिदिनुहोस्, **जस्तै : पहिलो अनुच्छेदमा छओटा वाक्य रहेका छन् ।**

(ई) शिक्षकले मौखिक प्रश्नोत्तरका लागि तयार गरिएका प्रश्नको सूची प्रदर्शन गर्नुहोस् र ती प्रश्नको उत्तर मौखिक रूपमा कसरी दिने भन्नेबारेमा उत्तरको पूर्ण ढाँचासहित छलफल गराउनुहोस्, जस्तै :

प्रश्न : पृथ्वीनारायण शाहको सपना के थियो ?

उत्तर : पृथ्वीनारायण शाहको सपना नुवाकोट जित्नु थियो ।

(उ) प्रश्नअनुसारको उत्तरका ढाँचा सिकाएपछि विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ४ तर्फ केन्द्रित गरी सोधिएका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् । यस क्रियाकलापका लागि दुई दुई जना विद्यार्थीको समूह बनाई प्रश्न सोध्ने र उत्तर दिने कार्य पालैपालो गराउन सक्नुहुने छ । आवश्यकतानुसार शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ऊ) विद्यार्थीलाई पात्र परिचय अभ्यासका लागि तयारी गराउनुहोस् । पात्र परिचय भनेको कथामा पात्रको नाम, काम, स्वभाव, योगदान, सत् वा असत् पात्रका बारेमा वर्णन गर्नु हो भनी बताइदिनुहोस्  ।

(ऋ) विद्यार्थीलाई आफ्नो दुई दुई जनाको समूह बनाउन लगाई साथीको वर्णन गर्न लगाउनुहोस् । यसमा निम्न तरिका अपनाउन लगाउनुहोस् ।

**साथीको परिचय नमुना**

मेरी साथीको नाम रमला श्रेष्ठ हो । उनी कक्षा ५ मा पढ्छिन् । उनी सधैँ विद्यालय आउँछिन् । नियमित गृहकार्य गर्छिन् । सबैसँग मिठो बोल्छिन् । कक्षामा जसलाई अप्ठेरो परेपनि सहयोग गर्छिन् । उनलाई गित गाउन, नाच्न, चित्र बनाउन पनि मन पर्छ । उनले विद्यालयमा  हुने अतिरिक्त क्रियाकलापमा सहभागी भइ धेरै पटक पुरस्कार जितेकी छिन् । उनी कक्षामा शिक्षक गयल हुँदा साथीहरूलाई सिकाउँछिन् । कक्षामा कसरी अगाडि बढ्ने भन्ने सल्लाह पनि दिन्छिन् । उनको सकारात्मक सुझाव सबैलाई मन पर्छ । गुरुहरू पनि उनको खुब प्रशंसा गर्नुहुन्छ । त्यसैले उनी सबैको प्रिय छिन् ।

(ए) विद्यार्थीलाई समावेशी आधारमा समूहमा विभाजन गर्नुहोस् । माथिको तालिकामा आधारित भएर बिसे नगर्चीको परिचय भन्न लगाउनुहोस् । सामूहिक कार्यको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ तर्फ केन्द्रित गर्नुहोस् र सहजीकरणको लागि निम्न बुँदा प्रस्तुत गर्नुहोस् र बिसे नगर्चीको परिचय लेख्न लगाउनुहोस् ।

**बिसे नगर्ची**

- अनुहार हेरेर मनको भाव बुझ्ने
- अनुभवले खारिएको
- उमेरले पाको
- सान्त्वना दिन सक्ने
- सजिलो उपाय निकाल्न सक्ने

(ओ) पात्र परिचयको लेखन कार्य सकिएपछि शिक्षकले सचेततापूर्वक सबै विद्यार्थीको गतिविधि अवलोकन गरी आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

(औ) पाठमा कुनै पात्रले भनेका भनाइ टिपिएको वाक्यसूची प्रदर्शन गर्नुहोस् । ती वाक्य कसले कसलाई भनेको हो ? पहिचान गर्न

| वाक्य वा भनाइ | कसले भनेको हो ? | कसलाई भनेको हो ? |
|---|---|---|
| यो जर्किनडाँडातिर कहिल्यै नजरसम्म लागेको थिएन । | .................. | ................... |
| .................................... | ......................... | ............... |

लगाउनुहोस्, जस्तै :

(अं) माथिका जस्तै वाक्य टिपोट गरिएको सूची प्रदर्शन गरी विद्यार्थीलाई वाक्य र ती वाक्य बोल्ने पात्र र उक्त पात्रले कसलाई भनेको हो ? पहिचान गर्ने अभ्यास गराउनुहोस् । आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् :

(अ) पाठको नवौँ अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(आ) बिसेले राजाका अगाडि के ल्याएर चढायो ?

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ को उत्तर भन्न लगाउनुहोस् ।

(ग) बिसे नगर्ची कस्ता पात्र हुन् भन्न लगाउनुहोस् ।

(घ) गोर्खामा कति घरधुरी होलान् ? कसले कसलाई भनेको हो भनी सोध्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र वर्णन र तुलना<br>• घटनाक्रम मिलान<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट चित्रको वर्णन गरी तुलना गर्न<br>• निर्दिष्ट बुँदालाई कथाको घटनाका आधारमा क्रम मिलाई लेख्न<br>• बोध प्रश्नको उत्तर लेख्न | • चित्र, प्रोजेक्टर<br>• कथाका बुँदा लेखिएको सूची<br>• प्रश्न सूची र उत्तरको नमुना पत्र |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

- (अ) शिक्षकले कछुवा र खरायोको कथा सुनाउनुहोस् र के पछि के भयो सोधी कक्षाको आरम्भ गर्नुहोस् ।
- (आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको पाठ्यवस्तुको जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ७ तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । निर्दिष्ट चित्रलाई सम्भव भएसम्म प्रोजेक्टरमार्फत प्रस्तुत गर्नुहोस् :



(आ) विद्यार्थीलाई व्यक्तिगत रूपमै चित्रमा देखिएका विषय वा वस्तु र क्रियाकलाप अध्ययन गर्न लगाउनुहोस् । चित्र अध्ययनको कार्य सकिएपछि त्यस चित्रमा देखिएका विषयवस्तु, घटना वा क्रियाकलापको वर्णन गर्न लगाउनुहोस् ।

(इ) वर्णनकै क्रममा विद्यार्थीलाई यस चित्रमा भएजस्तै कहिले घाइते चरा देखेको छ कि छैन भनी सोध्नुहोस् । यदि देखेको भए के गर्ने गरेको छ र के गर्दा राम्रो हुन्छ भनी सोध्नुहोस् । पृथ्वी सबैको साझा घर हो र सबै प्राणीलाई माया गर्नुपर्छ भनी बताउनुहोस् ।

(ई) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ८ तर्फ ध्यान केन्द्रित गराउनुहोस् । विद्यार्थीलाई चार चार जनाको समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् र कक्षा प्रवेश गर्दा आफूले सुनाएका कथाको के पछि के भयो भनी सोधेजस्तै कथाको पनि घटनाक्रमका विषयमा सामूहिक रूपमा छलफल गरी दिइएको निर्देशनका आधारमा दिइएका बुँदालाई कथाको घटनाअनुसार क्रम मिलाएर लेख्न लगाउनुहोस् ।

(उ) शिक्षकले विद्यार्थीका गतिविधिलाई अवलोकन गरी आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

(ऊ) तोकिएको कार्य पूरा गरिसकेपछि आफूले तयार गरेको घटनाक्रम मिलाइएको तालिका प्रदर्शनी पाटीमा टाँसी प्रस्तुत गर्न प्रत्येक समूहलाई अवसर दिनुहोस् र अन्त्यमा शिक्षक आफूले तयार गरी ल्याएको कथाका बुँदा क्रमबद्ध रूपमा लेखिएको सूची प्रदर्शन गरी अन्तिम निष्कर्ष दिनुहोस् ।

**उत्तर : 'जस' कथाको घटनाक्रम**
(क) नुवाकोटमाथि आक्रमण गर्नु
(ख) पृथ्वीनारायण केही उपाय निकाल्न बिसेकहाँ जानु
(ग) बिसेले राजालाई सान्त्वना दिनु
(घ) पृथ्वीनारायणलाई रिसको पारो चढ्नु

(ङ) बिसेको अर्ती सुनेर पृथ्वीनारायणले खर्च जुटाउनु
(च) पृथ्वीनारायण युद्धमोर्चा छोडेर एक्कासी दौडिनु
(छ) बिसेका आँखाबाट हर्षाश्रु चुहिनु ।

(ऋ) शिक्षकले पाठसँग सम्बन्धित केही बोध प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् । ती प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयार गराउनुहोस् ।

(ए) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् । जस्तै :

प्रश्न : पृथ्वीनारायण शाह बिसेकहाँ किन गएका थिए ?

उत्तर : पृथ्वीनारायण शाह बिसेकहाँ नुवाकोट हारेको चिन्ताले गएका थिए ।


(ऐ) यसरी प्रश्न सूचीमा भएका प्रत्येक प्रश्नको अभ्यास गराउँदै विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ओ) बोध प्रश्नोत्तरसम्बन्धी थप अभ्यासका लागि अन्य प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(औ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ९ मा दिएको निर्देशनको आधारमा पनि उत्तर लेख्न लगाई शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको चित्र अध्ययन गरी तुलना गर्न लगाउनुहोस् ।




(ख) कथाको घटनाक्रम मिलाई सारांश भन्न लगाउनुहोस् ।

(ग) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ९ मा दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| • उखान आशय लेखन<br>• आशय वर्णन | • निर्दिष्ट उखानको आशय लेख्न<br>• पाठमा आधारित पङ्क्तिको आशय वर्णन गर्न | • उखान सूची<br>• आशय वर्णनको नमुना पत्र<br>• चार्ट पेपर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) 'नमच्चिने पिङको सय झड्का' भन्ने उखान सुनाएर त्यसले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा स्मरण गराइ आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै टिपोट गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग पनि गर्नुहोस् ।

(आ) टिपोट गरिएका मध्ये कुनै एक भनाइ प्रस्तुत गर्नुहोस्, जस्तै :

**'तातो रिसले आफैँलाई जलाउँछ'**

(इ) विद्यार्थीलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई पाठको आधारमा 'तातो रिसले आफैँलाई जलाउँछ' को के अर्थ हुन सक्छ ? छलफल गराउनुहोस् ।

(ई) विद्यार्थीको छलफलबाट आएका अर्थलाई समूहको एक एक जना प्रतिनिधि विद्यार्थीलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले छलफलबाट भनेका अर्थ मिलेनमिलेको हेर्न आफूले तयार पारेको नमुना आशय लेखन प्रस्तुत गर्नुहोस् ।

**आशय लेखनको नमुना**

**'तातो रिसले आफैँलाई जलाउँछ'**

नुवाकोट पराजयपछि ठुलो आशा लिएर बिसे कहाँ पुगेको पृथीनारायण साहलाई बिसेले एक रुपियाँ दिएपछि राजा रिसले चुर भए । उनले बिसेलाई हकारे । जिस्काएको, हेपेको सम्झे । बिसेलाई तत्काल ठिक पार्छु भने । किन आफूलाई एक रुपियाँ दिन खोजियो सोचेनन् । रिसले उनको विवेक गुम्यो । पछि बिसेले सम्झाउँदै सत्रअठार सय घरधुरीबाट एकएक रुपियाँ उठाउँदा लडाइँका लागि आवश्यक रकम पुग्ने कुरा बताएपछि राजाको होस आयो । राजाले बिसेको कुरा चित्त बुझाए । राजाले तातो रिसमा आफ्नो बुद्धि गुमाए । उनलाई नै हानी भयो त्यसैले तातो रिसले आफैँलाई जलाउँछ भनिएको हो ।

(ऊ) अर्को पाठ्यवस्तुतिर लाग्न प्रेरित गर्दै सुरुमा आफूले सुनाएका उखानको पुनः स्मरण गराउनुहोस् र विद्यार्थीलाई समावेशी आधारमा समूह विभाजन गरी आफ्नो घर, गाउँ र समाजमा सुनेका केही उखान भन्न प्रेरित गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ऋ) विद्यार्थीले भनेका उखानको अर्थ छलफल गराउनुहोस् र चार्ट पेपरमा उखान लेख्न लगाउनुहोस् । आफूले सामूहिक कामको अवलोकन गर्दै सहजीकरण गर्नुहोस् ।

(ए) शिक्षकले विद्यार्थीबाट सङ्कलन गरिएका उखान लेखिएको सूची प्रदर्शन गर्दै विद्यार्थीलाई तिनको अर्थ र वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । राम्रो वाक्य निर्माण गरेर सुनाउने विद्यार्थी समूहलाई स्याबासी दिँदै अरू विद्यार्थीलाई पनि वाक्य निर्माण गर्न प्रेरित गर्नुहोस् र आफूले सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**उखानका केही नमुना**

- जसले मह काढ्छ उसले हात चाट्छ
- नाच्न नजान्ने आँगन टेढो
- बाँदरका हातमा नरिवल
- अकबरी सुनलाई कसी लाउनु पर्दैन

(ऐ) पाठ्यपुस्तकमा रहेका शब्दभण्डारअन्तर्गतका अभ्यास ३ गराउनुहोस् । विद्यार्थीलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) 'तातो रिसले आफैँलाई जलाउँछ' को आशय भन्नुहोस् ।

(ख) दिइएका उखानको आशय लेखी वाक्य निर्माण गर्न लगाउनुहोस्:

जसले मह काढ्छ उसले हात चाट्छ, बाँदरका हातमा लरिवल, हात्तीको मुखमा जीरा

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कथासार लेखन<br>• कथालेखन | • कथासार लेख्न<br>• निर्दिष्ट पङ्क्तिको आशय वर्णन गर्न<br>• निर्दिष्ट बुँदाको आधारमा कथा लेख्न | • कथासार नमुना<br>• कथालेखन नमुना<br>• चार्ट पेपर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) अनुशासन पालना गर्दा मिलेको सफलता सुनाई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका स्मरण गराइ आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई समावेशी आधारमा पाँच समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई चार देखि पाँच अनुच्छेद पर्ने गरी मौनवाचन गर्न लगाउनहोस् ।

(आ) कथाका मुख्य मुख्य बुँदा टिप्न लगाउनुहोस् । ती बुँदाहरूले कुनै न कुनै सन्देश बोकेको हुनुपर्ने बताउनुहोस् ।

(इ) अगिल्लो पाठमा पढेका घटनाक्रम मिलानका बुँदाहरूलाई पनि आधार मान्न सकिने बताईदिनुहोस् ।

(उ) विद्यार्थीले सामूहिक रूपमा टिपेका बुँदाहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् र ती बुँदाहरूलाई आधार मान्दै सिलसिला मिलाएर कथासार लेख्न लगाउनुहोस् । यस कार्य पनि सामूहिक रूपमा गर्न सक्नुहुन्छ । समूहकार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीले सामूहिक रूपमा लेखेका कथासार प्रस्तुत गर्न लगाउनुहोस् । समूहकार्यका लागि धन्यवादस्वरूप ताली बजाउन लगाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई अर्को विषयवस्तुमा ध्यान आकर्षण गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ को बुँदाहरूको स्लाइड प्रस्तुत गर्नुहोस् । सो सम्भव नभए कथाको बुँदाहरू लेखिएको चार्ट प्रदर्शन पाटीमा टाँसेर प्रदर्शन गर्नुहोस् र कथा लेख्दा निम्न कुरामा ध्यान दिन लगाउनुहोस् :

- निर्देशित कथा रचना गर्दा दिइएका बुँदालाई ध्यानपूर्वक पढ्नुपर्ने
- सम्बन्धित विषयवस्तुमा आधारित भएर केही प्रसङ्ग थप गर्नुपर्ने
- आवश्यकताअनुसार छोटा छोटा संवाद प्रयोग गनुपर्ने
- कथामा आदि, मध्य र अन्त्यको शृङ्खला हुनुपर्ने

(ऋ) दिइएको बुँदा अनि पात्र र घटनालाई आधार मानी मौलिक ढङ्गले सुहाउँदो शीर्षकसमेत दिई कथा लेखेर तयार पार्नुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(ए) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी एकएक चार्टपेपरमा उपलब्ध गराउनुहोस् । कथा लेखनको लागि समय निर्धारण गर्नुहोस् र कथा लेख्न लगाउनुहोस् ।

(ऐ) समूहका सबै कथालेखनका लागि सक्रिय भएनभएको अवलोकन गरी सबैलाई सक्रिय बनाउनुहोस् ।

(ओ) कथा लेखन कार्य सकिएपछि  सबै विद्यार्थी समूहलाई पालैपालो अगाडि आएर आआफ्नो समूहकार्य प्रस्तुत गर्न लगाउनुहोस् र उक्त कथा प्रदर्शन पाटीमा टाँसी थप छलफल गराउनुहोस् । आवश्यक पृष्ठपोषण प्रदान गरी सबैलाई धन्यवाद दिनुहोस् ।

(औ) आफूले तयार गरेर ल्याएको नमुना कथा प्रस्तुत गर्नुहोस् ।

नमुना कथा

**जोगी र भगवान्**

धेरै वर्ष पहिलेको कुरा हो ।  गाँउको नजिकै एक कुटीमा एउटा जोगी बस्थ्यो । ऊ दैनिक केही खाने अन्न माग्न गाँउघर जान्थ्यो तर गाउँहरूले उसलाई तिरस्कार गरेकाले ऊ दिक्क हुन्थ्यो । ऊ मनमनै  सोच्थ्यो, “हे भगवान् ! म धनी भएँ भने म जस्तै माग्न आउनेलाई धेरै दान गर्छु ।”
यस्तै कुरा कल्पना गरी भगवान्लाई बारम्बार सम्झन्थ्यो । एकदिन भगवान्ले उसको परीक्षा लिने विचार गरे र उसको कुटीमा मगन्ते भएर गए र भने, “हे, जोगी ! आज मैले भिक्षामा केही पाइनँ । तिमीसँग भएको केही खानेकुरा मलाई दान गर ।” जोगीले आफूसँग भएको मकैको एक गेडो मात्र दानस्वरूप दियो । मकै पाएपछि भगवान्ले आफ्नो स्वरूप बदल्नुभयो र उसलाई मकैको दाना जत्रो सुन दिनुभयो । जोगीले आफ्नो दानप्रति पछुतो मान्न थाल्यो । त्यस घटनाले उसलाई जति धेरै दान गर्न सक्यो त्यतिनै मिल्ने रहेछ

भन्ने ज्ञान मिल्यो ।

**३. मूल्याङ्कन**

(क) ‘जस’ कथाको कथासार लेख्न लगाउनुहोस् ।

(ख) बोध र अभिव्यक्ति अभ्यास १३ को बुँदाको आधारमा कथा लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक प्रकार्य (स्वअनुशासन)<br>• उपसर्ग र प्रत्यय | • स्वअनुशासन पालना गर्न<br>• उपसर्ग र प्रत्यय लगाएर नयाँ शब्द निर्माण गर्न | • स्वअनुशासन पालनाको भाषिक अभिव्यक्ति नमुना<br>• शब्द निर्माण तालिका |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गरी विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ तर्फ विद्यार्थीको ध्यान केन्द्रित गरी आफूले गरेका राम्रा कामका प्रसङ्ग वा अनुभव सम्झन निर्देशन दिनुहोस् ।

(आ) आफ्नो त्यस्ता केही अनुभवलाई पनि बुँदागत रूपमा सुनाउनुहोस् । जस्तै :

- साथीसँग विद्यालय जान हिँडेको
- बाटामा एक हजार रुपियाँ भेटेको
- साथीहरूले बजार गएर किनमेल गरौँ भनेको तर आफूले नमानेको
- एक जना मान्छे पैसा खोज्दै गरेको देखेको
- साथीहरूले नदिन भनेको तर आफूले फिर्ता दिएको
- उक्त मानिस खुसी भएर सय रुपियाँ दिएको
- सबै मिलेर खाजा खाएको र
- यो कुरा सुनेर विद्यालयमा शिक्षकले पनि धन्यवाद दिएको

(आ) भनिएका बुँदालाई सिलसिलाबद्ध रूपमा मिलाएर भन्न लगाउनुहोस् । यसरी भन्दा घटनाको क्रम, समापिका क्रियासहितको वाक्यात्मक गठन, वाक्यमा पारस्परिक गठन अन्तरसम्बन्ध हुनुपर्ने कुरामा सचेत गराउनुहोस् ।

(इ) विद्यार्थीले भनेका विषय ध्यानपूर्वक सुनी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । त्यसपछि अनुशासनको पालनासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । उदाहरणका लागि अनुशासन भनेको सामाजिक, नैतिक, धार्मिक आदि नियमको मर्यादा वा सो मर्यादाभित्र रहने कार्य हो । अर्थात जे गर्नुपर्ने हो त्यही गर्ने र जे नगर्नुपर्ने हो त्यो नगर्नुलाई अनुशासन भनिन्छ । अनुशासन घर, विद्यालय, कार्यालय, समाज जतातत‍ै जसले पनि पालना गर्नुपर्छ भनिदिनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको भाषिक प्रकार्य अनुशासनको पालना पढ्न लगाउनुहोस् । प्रतिज्ञाको बानीव्यवहार कस्तो लाग्यो भनी सोध्दै विद्यार्थीलाई पालैपालो आफूले अनुशासनको पालना गरी गरेको कामको वर्णन गर्न लगाउनुहोस् । अनुशासन पालना व्यवहारलाई व्यक्त गर्दा बोल्ने तरिका, शिष्टाचार, आदर, व्यवहार जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् ।

(उ)आफूले सुनाएका अनुभव जस्तै प्रत्येक विद्यार्थीको अनुभव सुनाउन लगाउनुहोस् । जस्तै :

अनुशासनको पालना

मेरो नाम युनिहाङ शेर्पा हो । म बिहान पाँच बजे उठेपछि हातमुख धुन्छु । आफ्नो ओछ्यान मिलाउँछु । भाइलाई उठाउँछु । भाइलाई पनि हातमुख धोएर ओछ्यान मिलाउन लगाउँछु । हामी दुबै जना मिलेर व्यायाम गर्छौं । एक गिलास पानी पिउछौं । ५:३० देखि ७ बजेसम्म पढ्छौं । घरमा भएको केही खाजा खान्छौं । हामी दुबै मिली बाँकी गृहकार्य गर्छौं । म भाइलाई नआएको सिकाउँछु । मलाई नआएको आफूभन्दा ठुलासँग सोध्छु । म र भाइ मिलेर भान्सामा आमालाई सघाउँछौं । खाना खाएपछि आफूले खाएको थाल आफैँ माझ्छौं । आफैँ तयार भएर विद्यालय जान्छौं । विद्यालयमा गुरु, गुरुआमा अनि दाइ र दिदीलाई नमस्कार गर्छौं । विद्यालयको प्रार्थना लाइनमा बस्छौं । म अरू साथीहरूलाई पनि लाइनमा बस्न सहयोग गर्छु । कक्षाकोठामा साथीसँग मिलेर बस्छु । नआएको गुरुगुरुआमालाई सोध्छु । सबै मिलेर पालैपालो कक्षाकोठा सफा गर्छौं । खेलमैदानमा कागज वा फोहोर देखे फोहोर फाल्ने भाँडामा फाल्छु । विद्यालय छुट्टी भएपछि लाइनमा बसेर घर जान्छौं । आफ्नो लुगा र किताबको झोला ठीक ठाउँमा राख्छु । हातमुख धोएर खाजा खान्छु । एकछिन खेलेपछि पढ्न बस्छु । आफ्नो लुगा आफैँ धुन्छु । बाँकी समय आमाबुबालाई सघाउँछु । म हरेक काम अनुशासित भएर ठिक ठिक समयमा गर्छु ।

(ऊ) विद्यार्थीको हौसलाका लागि ताली बजाउनुहोस् । अनुशासन पालनाको महत्त्वका विषयमा विद्यार्थीको भनाइलाई समेट्दै आफ्नो निष्कर्ष सुनाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई अर्को विषयवस्तुतर्फ ध्यानाकर्षण गर्नुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उपसर्ग र प्रत्यय लागेर बनेका केही शब्द लेखी ती शब्द कसरी बनेका छन् भनी छलफल गराउनुहोस्, जस्तै :

**उपसर्ग लागेर बनेका शब्द**

आदेश    अनपढ    बेकाम    अनुशासन

**प्रत्यय लागेर बनेका शब्द**

पढन्ते लेखाइ नुनिलो बनोट बढुवा

(ए) विद्यार्थीबाट आएका उत्तरलाई ध्यान दिई सही उत्तर दिनेलाई ताली बजाएर हौसला प्रदान गर्नुहोस् । शब्दपत्तीको प्रयोगद्वारा उपसर्ग लागेर बनेका शब्द र प्रत्यय लागेर बनेका निर्माण प्रक्रियाका बारेमा जानकारी गराउनुहोस्, जस्तैः

**उपसर्ग लागेर बनेका शब्द**

| | | | |
|---|---|---|---|
| आदेश | आ + देश | अनपढ | अन + पढ |
| बेकाम | बे + काम | अनुशासन | अनु +शासन |

**प्रत्यय लागेर बनेका शब्द**

| | | | |
|---|---|---|---|
| पढन्ते | पढ् +अन्ते | लेखाइ | लेख् +आइ |
| नुनिलो | नुन +इलो | बनोट | बन् + ओट |
| बढुवा | बढ् +उवा | सामाजिक | समाज + इक |

(ऐ) यस्तै किसिमका अन्य शब्द प्रदर्शन गरी उपसर्गबाट शब्द निर्माण हुने प्रक्रियाका बारेमा धारणा प्रस्ट पार्नुहोस् र उपसर्गको परिचय पनि दिनुहोस् ।

(ओ) पाठबाट उपसर्ग र प्रत्यय लागेर बनेका शब्द खोज्न लगाउनुहोस् । विद्यार्थीले खोजेका शब्द साथीसाथी एकआपसमा बाँडेर परीक्षण गर्न लगाउनुहोस् र सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) अनुशासन पालना किन गर्नुपर्छ भन्न लगाउनुहोस् ?

(ख) दिइएका शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :

पराजय, सशरीर, विराज, लडाइँ, गोर्खाली

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस ।

## एघारौँ दिन

**१.सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • समास र विग्रह शब्द निर्माण<br>• अन्तिम वर्णद्वारा शब्द निर्माण<br>• 'य' र 'ए' को पहिचान<br>• परियोजना कार्य (गृहकार्य) | • समास र विग्रह शब्द निर्माण गर्न<br>• अन्तिम वर्णद्वारा शब्द निर्माण गर्न<br>• 'य' र 'ए' को पहिचान गर्न<br>• घरमा अग्रज व्यक्तिबाट लोककथा सुन्न | • समास र विग्रह शब्द निर्माण गरिएको चार्ट<br>• शब्दको अन्तिम वर्णद्वारा शब्द निर्माण गरिएको चार्ट<br>• 'य' र 'ए' को प्रयोग भएको सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै गीत गाउनुहोस् र विद्यार्थीलाई गीतका शब्दको अन्तिम अक्षरबाट आफूले जानेको कुनै गीत गाउन लगाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् । जस्तैः

फूलको आँखामा फूलै संसार

काँडाको आँखामा काँडै संसार....

अब विद्यार्थीलाई 'र' बाट सुरु गर्न भन्नुहोस् ।

(आ)अगिल्लो दिनको सिकाइ विषयवस्तुका स्मरण गराई आजको कक्षाको पाठ्यस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको सिकाइ क्रियाकलापको लागि तयार गर्नुहोस् । शिक्षकले शैक्षणिक पाटीमा समास प्रक्रियाबाट बनेका केही शब्द लेखी ती शब्द कसरी बनेका छन् भनी छलफल गराउनुहोस्, जस्तै :

**दौराभोटा** **रासनपानी** **बुढापाका**

(आ) विद्यार्थीबाट आएका जवाफलाई ध्यान दिई सही उत्तर दिनेलाई ताली बजाएर हौसल्ला प्रदान गर्नुहोस् र दुई वा दुईभन्दा बढी स्वतन्त्र शब्दहरूको संयोजनबाट सिङ्गो शब्द निर्माण गरिने प्रक्रियालाई समास भनिन्छ भने शब्दहरूको छुट्टिएको रूपलाई विग्रह भनिन्छ भनी बताउनुहोस् ।

(इ) भाषिक संरचना र वर्णविन्यास खण्डको शब्दपत्ती वा प्रोजेक्टरको प्रयोगद्वारा समास प्रक्रियाबाट बनेका शब्दका निर्माण प्रक्रियाका बारेमा जानकारी गराउनुहोस्, जस्तैः

| | | | |
|---|---|---|---|
| **दौराभोटा** | **दौरा र भोटा** | **रासनपानी** | **रासन र पानी** |
| **बुढापाका** | **बुढा र पाका** | **वनमा भोज** | **वनभोज** |

(ई) यस्तै किसिमका अन्य शब्द प्रदर्शन गरी समास प्रक्रियाबाट शब्द निर्माण हुने प्रक्रियाका बारेमा धारणा प्रस्ट पार्नुहोस् ।

(ऊ) पाठबाट समास प्रक्रियाबाट बनेका शब्द खोज्न लगाउनुहोस् ।

(ऋ) यस्तै गरी सुरुआती क्रियाकलापमा अन्ताक्षरी खेलेजस्तै शब्दका अन्तिमबाट नयाँ शब्द निर्माण गर्न प्रेरित गर्नुहोस् । जस्तैः

बतास, सहर, रकम, महल, लहरा, राक्षस, सज्जन

(ए) विद्यार्थीले बनाएका शब्द अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । शब्द निर्माण गर्नेहरूलाई ताली बजाएर प्रोत्साहित गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ५ को सिकाइ क्रियाकलापको लागि तयार गर्नुहोस् । शिक्षकले शैक्षणिक पाटीमा 'य' र 'ए' बाट बनेका केही शब्द लेखी समूह छुट्याएर लेख्न लगाउनुहोस् । जस्तै :

**यबाट बनेका शब्द- यज्ञ, यक्ष, यता, यति, यत्न, यथा, यथार्थ**

**एबाट बनेका शब्द- एक, एउटा, एकतर्फी, एकतारे, एकता, एकल, एकलास**

(ओ) मूल पाठमा 'य' र 'ए' बाट बनेका शब्द खोज्न लगाउनुहोस् र तालिकामा भर्न लगाउनुहोस् :

| **यबाट बनेका शब्द** | **एबाट बनेका शब्द** |
|---|---|
| .................... | .................... |
| .................... | .................... |

| ................... | ................... |
|---|---|

(औ) परियोजना कार्यका लागि विद्यार्थीलाई अग्रजबाट लोककथा सुनेर आउन निर्देशन दिनुहोस् र भोलिको कक्षामा लेखेर प्रस्तुत गर्नुपर्ने जानकारी गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको  निर्माण प्रक्रिया देखाउनुहोस् :

वनभोज, नौतले, दोबाटो, त्रिभुज

(ख) दिइएका शब्दको अन्तिम वर्णबाट नयाँ शब्द बनाउँदै जान लगाउनुहोस् :

ओखल...

(ग) य र ए लागेका पाँचओटा शब्द बनाउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस ।

**बाह्रौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • श्रुतिबोध (सुनाइ बोलाइ)<br>• परियोजना कार्य (कथालेखन) | • सुनाइ पाठका आधारमा प्रश्नोत्तर गर्न<br>• घरमा सुनेको लोककथा कक्षामा लेख्न र सुनाउन | • श्रव्य सामग्री<br>• कथाको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) तलका प्रश्न गर्दै  सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् :

प्रश्न : बाल्मिकी ऋषिको वास्तविक नाम के हो ?

उत्तर : रत्नाकर

(आ)अगिल्लो दिनको सिकाइ विषयवस्तु स्मरण गर्दै आजको कक्षाको पाठ्यस्तुबारे दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । यस किसिमका प्रश्नको उत्तर दिँदा पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरामा सचेत गराउनुहोस्

(आ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- ध्यानपूर्वक सुनाइका विषयवस्तु सुन्नुपर्ने
- प्रश्नका आधारमा स्पष्ट उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार उत्तर दिनुपर्ने
- सुनाइ पाठकै आधारमा उत्तर दिनुपर्ने

(इ) विद्यार्थीलाई सुनाइ पाठ ६ सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ ६ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ ।

(ई) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास १ बाट सुनाइ बोलाइसम्बन्धी अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित छुटेका शब्द भन्न लगाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

(क) अकबर राजा र वीरबल मन्त्री थिए ।

(ऊ) विद्यार्थीको उत्तर ठिक भए/नभएको ठम्याएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) पाठको सुनाइ र बोलाइ खण्डको अभ्यास २ का आधारमा सुनाइ बोलाइसम्बन्धी प्रश्नोत्तरको अभ्यास गराउनुहोस् । विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

प्रश्न : वीरबलको स्वभाव कस्तो थियो ?
उत्तर : वीरबल अति चलाख र बुद्धिमान थिए ।

(ए) विद्यार्थीले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऐ) परियोजना कार्यको लोककथाको विषयमा छलफल गर्नुहोस् र अगिल्लो दिन कथा सुनेर आउन निर्देशन दिएको सम्झाउनुहोस् । विद्यार्थीले सुनेर आएका लोककथा लेख्न लगाउनुहोस् र पालैपालो सुनाउन लगाउनुहोस् ।

(ओ) कथावाचन गर्दा गति, यति र हाउभाउ र अभिनयलाई पनि ध्यान दिन लगाउनुहोस् । प्रत्येक कथावाचनपश्चात् कथाको सन्देश पनि छलफल गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) सुनाइ पाठको आधारमा खाली ठाउँ भर्न लगाउनुहोस् :

(अ) वीरबलको प्रशंसा सुनेर ...........ईर्ष्या गर्थे ।

(आ) राजा ओबानो ............देखेर दङ्ग परे ।

(ख) लोककथा भनेको के हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस ।

**पाठ : ७** **साझा सम्पत्ति**

**विधा : रूपक (संवाद)** **कार्यघण्टा : ९**

## परिचय

तारानिधि भट्टराईद्वारा लिखित 'साझा सम्पत्ति' कला र संस्कृति विषयक संवाद हो । रूपक विधाअन्तर्गत पर्ने 'संवाद' को अर्थ कुराकानी, वार्तालाप वा गफ हो । कुनै विषयमा केन्द्रित भएर दुई वा दुईभन्दा बढी पात्रबिच गरिने कुराकानी वा छलफललाई संवाद भनिन्छ । यसमा कुनै विषयको निष्कर्ष नआउन्जेल पात्रबिच छलफल र विचार विमर्श भइरहन्छ । संवाद सामाजिक, सांस्कृतिक तथा व्यावहारिक अभिव्यक्तिमा आधारित हुन्छ । प्रयोजन र परिवेशअनुसार भाषाको प्रयोग गर्न सिकाउने उद्देश्यले 'साझा सम्पत्ति' शीर्षकको संवाद यहाँ राखिएको हो । संवादको मुख्य उद्देश्य विद्यार्थीमा संवादात्मक अभिव्यक्ति र बोध क्षमतासहितको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो ।

'साझा सम्पत्ति' संवादले नेपाली संस्कृति साझा सम्पत्ति हुन् र यिनको संरक्षण र संवर्धनको जिम्मा पनि हामी सबैलाई छ भन्ने सन्देश दिएको छ । हाम्रो समाजका सुन्दर कला र संस्कृति संरक्षण गर्न नसके हाम्रो अस्तित्व पनि समाप्त हुने कुरा संवादले व्यक्त गरेको छ । समाजमा हुने सामाजिक, सांस्कृतिक, धार्मिक, जातीय, भौगोलिक आदि पक्षलाई संवादले चित्रण गरेको छ । मानिस सामाजिक प्राणी हो र उसका हरेक गतिविधिमा समाजिक तथा सांस्कृतिक पक्षको प्रत्यक्ष प्रभाव परेको हुन्छ भन्ने कुरालाई यस संवादले देखाएको छ । संवाद विधाको शिक्षण गर्दा युगल तथा सामूहिक रूपमा सस्वर पठन, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, घटना वर्णन, घटनाक्रम मिलान, संवाद लेखन वा अभिनयात्मक प्रस्तुति आदि क्रियाकलापमा केन्द्रित हुनुपर्छ ।

प्रस्तुत संवाद पाठको सहजीकरण गर्दा सुनाइ तथा बोलाइ सिपका लागि विषयवस्तुबोध, सुनाइ र अनुमान, सुनाइ र पद तथा पदावली पहिचान, संवेगात्मक सचेततासहितको सुनाइ र प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, विषयवस्तुको सार प्रस्तुति गर्न सिकाउनुपर्छ । पढाइ सिप अन्तर्गत गति, यति र समयको ख्याल गरी सस्वर पठन र गतिवृद्धि, अङ्ग, चेष्टासहितको सस्वर पठन, आशय सन्दर्भ र विषयवस्तुका आधारमा पठन, तर्क, समर्थन र खण्डनमण्डन, विषयबोध र प्रश्नोत्तर गराउनुपर्छ । लेखाइ सिप अन्तर्गत घटनाक्रम लेखन, अनुलेखन, प्रश्नोत्तर, सार लेखन, संवादपूरण, संवाद लेखन, अवधारणाको चित्रात्मक प्रस्तुति गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत लेख्य चिह्न प्रयोग, पदवर्ग पहिचान र 'श' 'ष' 'स' को प्रयोगलाई कार्यमूलक बनाउने प्रयत्न गरिएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ ७ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ । यस्तै सिर्जनात्मक कार्यअन्तर्गत संवाद रचना गर्नुपर्ने अभ्यास राखिएको छ । यसबाट यस पाठका अभ्यास व्यावहारिक, खोजमूलक बन्न पुगेका छन् । त्यसैगरी भाषिक प्रकार्यमा स्व संस्कृतिको वर्णन गर्ने अभ्यास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ ७ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ ७ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | • चित्र बोध (पूर्व पठन)<br>• छलफल<br>• संवादको संरचना वर्णन | • पूर्व पठन खण्ड र मूल पाठ खण्डमा समाविष्ट चित्र अध्ययन गरी चित्रले व्यक्त गरेको भाव बोध गर्न<br>• चित्रमा आधारित भएर छलफल र प्रश्नोत्तर गर्न<br>• संवादको संरचना बताउन | • पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्र लिखित संवादको नमुना<br>• दुई जना व्यक्तिले गरेको संवादको नमुना तथा भिडियो<br>• संवादको संरचना जनाउने तालिका | १ |
| **दोस्रो दिन** | • हाउभाउसहितको सस्वर पठन (पूर्ण पाठ)<br>• शुद्धोच्चारण | • पात्रानुकूलको भूमिकामा रही हाउभाउसहित संवादको सस्वर पठन गर्न<br>• पाठमा रहेका नवीन तथा उच्चारणमा कठिनाइ देखिएका शब्दको शुद्ध उच्चारण गर्न | • पाठ्यपुस्तक<br>• शब्दपत्ती<br>• संवादमा आधारित अडियो तथा भिडियोसामग्री (आफैले पनि निर्माण गर्न सकिने) | १ |
| **तेस्रो दिन** | • सस्वर पठन ( पुनरावृत्ति)<br>• शब्दभण्डार<br>• बोध प्रश्नोत्तर | • हाउभाउसहित संवादको सस्वर पठन गर्न<br>• पाठमा रहेका नवीन तथा उच्चारणमा कठिनाइ देखिएका शब्दको शुद्ध उच्चारण गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नसूची<br>• प्रश्नअनुकूलका उत्तरका नमुना | १ |
| **चौथो दिन** | • घटनाक्रम लेखन<br>• अनुलेखन<br>• प्रश्नोत्तर(छोटो) | • संवाद पढेर घटनाक्रम मिलाउन<br>• अनुलेखन गर्न<br>• छोटा प्रश्नको उत्तर दिन | • घटनाक्रम लेखनको नमुना<br>• अनुलेखन सामग्री (अनुच्छेद)<br>• प्रश्नसूची (छोटा) | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | • प्रश्नअनुकूलका उत्तरका नमुना | |
| **पाँचौँ दिन** | • चाडपर्वको सूची निर्माण<br>• आशय लेखन<br>• चित्र वर्णन | • चाडपर्वको सूची निर्माण गर्न<br>• आशय लेखन गर्न<br>• चित्र वर्णन गर्न | • चाडपर्वको सूची<br>• आशय लेखन नमुना<br>• चित्र वर्णन सूची | १ |
| **छैटौँ दिन** | • संवाद लेखन<br>• बोध प्रश्नोत्तर<br>• भाषिक प्रकार्य (सांस्कृतिक परिचय खेल) | • संवाद लेख्न<br>• बोध प्रश्नोत्तर लेख्न<br>• सांस्कृतिक परिचय दिन | • संवाद लेखन नमुना<br>• बोध प्रश्नोत्तरको नमुना<br>• सांस्कृतिक परिचयको नमुना | १ |
| **सातौँ दिन** | • वर्णविन्यास(चिह्न प्रयोग)<br>• भाषिक संरचना ( पदवर्ग) | • चिह्नको सही रूपमा प्रयोग गर्न<br>• पदवर्ग पहिचान गर्न | • चिह्न प्रयोग भएका अनुच्छेद<br>• पदवर्ग तालिका | १ |
| **आठौँ दिन** | • वर्णविन्यास ('श' 'स' 'ष' प्रयोग भएका शब्द पहिचान र प्रयोग) | • 'श' 'स' 'ष' प्रयोग भएका शब्द पहिचान र प्रयोगगर्न | • 'श' 'स' 'ष' प्रयोग भएका शब्द | १ |
| **नवौँ दिन** | • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• सिर्जनात्मक कार्य ( संवाद लेखन, तयारी र प्रस्तुति) | • सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>• संवाद लेख्न | • सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची<br>• उत्तरका नमुना<br>• चार्टपेपर, संवादको नमुना | १ |
| **जम्मा कार्यघण्टा** | | | | ९ |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • चित्र बोध (पूर्व पठन)<br>• छलफल<br>• संवादको संरचना वर्णन | • पूर्व पठन खण्ड र मूल पाठ खण्डमा समाविष्ट चित्र अध्ययन गरी चित्रले व्यक्त गरेको भाव बोध गर्न<br>• चित्रमा आधारित भएर छलफल र प्रश्नोत्तर गर्न<br>• संवादको संरचना बताउन | • पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्र लिखित संवादको नमुना<br>• दुई जना व्यक्तिले गरेको संवादको नमुना तथा भिडियो<br>• संवादको संरचना जनाउने तालिका |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) आजको विषयवस्तुमा आधारित भई कुनै संवादात्मक अभिव्यक्ति प्रस्तुत गर्नुहोस् र विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिन पढेको विषयवस्तुको स्मरण गराउँदै आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई समावेशी ढङ्गबाट चार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई पूर्व पठन खण्डका एक एक चित्र बाँड्नुहोस् ।



(आ) पाठको पूर्व पठन खण्डमा भएका चित्रमा केन्द्रित गराई छलफल गराउनुहोस् र प्रत्येक समूहलाई आफ्नो भागमा परेका चित्रका बारेमा आफूले बोध गरेका कुरालाई समूह समूहबिचमा प्रश्नोत्तरका माध्यमबाट संवादात्मक शैलीमा भन्न लगाउनुहोस् ।

(इ) अन्य विद्यार्थीलाई पनि चित्रका बारेमा थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई शिक्षकले समेत साथ दिई संवादात्मक शैलीमा प्रस्तुतीकरण गर्नुहोस् र विद्यार्थीलाई पनि गर्न लगाउनुहोस् ।

(ई) छलफलमा आएका विषयवस्तु र पाठगत सन्दर्भलाई मिलाई संस्कृतिले चालचलन, पहिरन, चाडपर्व, भाषा धर्म आदिलाई जनाउँछ । हाम्रो देशमा धेरै जातजातिका मानिस बसोबास गर्छन् । मधेस, पहाड र हिमालका अलग अलग संस्कृति छन् । जाति र क्षेत्रअनुसार यिनै फरक फरक संस्कृति हाम्रा पहिचान हुन् भनी बताउनुहोस् ।

(उ) विद्यार्थीको ध्यान मूल पाठ खण्डमा केन्द्रित गर्नुहोस् र पालैपालो चित्र वर्णन गर्न लगाउनुहोस् । विद्यार्थीले वर्णन गरेका विषय समेट्दै तिनीहरू लखन र सलिमा हुन् र हाम्रो संस्कृतिको विषयमा कुरा गर्दै छन् भन्नुहोस् ।

(ऊ) शिक्षकले तयार पारेको लिखित संवादको छोटो नमुना प्रदर्शन गर्नुहोस् ।

**(सोममाया र छिरिङ कक्षा पाँचका विद्यार्थी हुन् । उनीहरू पाठ सातमा रहेको साझा सम्पत्ति संवादका पूर्व पठन खण्डका चित्रका विषयमा कुरा गर्दै छन् ।)**

सोममाया: छिरिङ, तिमीले पहिलो चित्रमा के देख्यौ नि ?

छिरिङ : उम्..(चित्र हेर्दै) सोममाया, टीका पो लगाएको हो कि ?

सोममाया: हो, तिमीले ठीक भन्यौ । यो दसैँको टीका हो । यो हिन्दुहरूको महान् पर्व पनि हो ।

छिरिङ : कति रमाइलो हुन्छ है दसैँमा त । दोस्रो चित्रको बारेमा तिमी केही भन्छौ कि ?

सोममाया: हुन्छ, (खुसी हुँदै) म भन्छु नि । यहाँ मुस्लिम समुदायका मानिस अल्लाहको प्रार्थना गर्दैछन् ।

छिरिङ : तेस्रो चित्रको बारेमा म भन्छु है । यो चाहिँ साकेला नाच हो । यो नाच राई किराँतीको हो ।

सोममाया: चौथो चित्र चाहिँ तराईमा मनाइने छठ पर्वको हो । अहिले यो पर्व सबैले मनाउन थालिसके ।

छिरिङ : किताबका चित्र हेरेर नै कति धेरै विषयमा जानकारी लिन पाएँ । तिमीलाई धन्यवाद है ।

सोममाया: तिमीले पनि धेरै विषयमा जानकारी दियौ । तिमीलाई पनि धन्यवाद ।

(ऋ) त्यस संवादमा रहेका परिवेश चित्रण, पात्र र ती पात्रबिचमा भएका सन्दर्भानुकूल संवाद तथा तिनले गर्ने हाउभाउको बारेमा जानकारी गराउनुहोस् ।

(ए) शिक्षक आफूले तयार पारेको संवादको संरचनासँग मिल्दो कुनै संवादको भिडियो प्रदर्शन गरी त्यस भिडियोमा रहेको परिवेश, पात्र र ती पात्रबिचमा भएका संवाद तथा हाउभाउको बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् र अगिल्लो लिखित संवाद र अहिलेको भिडियोमा भएको संवादको संरचनाको तुलनात्मक रूपमा छलफल गराउनुहोस् ।

(ऐ) संवादको संरचना जनाउने तालिका प्रदर्शन गरी संवादमा हुनुपर्ने पक्षहरूको जानकारीसहित अगिल्ला दुई संवादसँग तुलनात्मक अध्ययन गराई संवादको संरचनाबारे छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस्, जस्तै :

**संवाद र यसको संरचना**

**संवाद भनेको कुराकानी हो । यो दुई वा दुईभन्दा बढी व्यक्तिका बीचमा हुन्छ । यसको संरचना निम्नानुसार छ :**

- शीर्षक
- संवाद भएको स्थानको वर्णन (१/२ वाक्यमा)
- पात्र चयन (२ देखि ४ जनासम्म तर अनावश्यक पात्र नराख्ने)
- शीर्षकअनुकूल विषयवस्तुको उठान (अभिवादन वा सम्मानजनक शब्दबाट)
- सरल, सहज र स्तरअनुकूल भाषाशैलीमा विषयवस्तुको संवादात्मक प्रस्तुतीकरण
- संवादका क्रममा प्रश्नोत्तर शैलीको प्रयोग गर्न सकिने (आवश्यकताभन्दा बढी प्रश्नोत्तरले संवादलाई पट्यार लाग्दो बनाउने भएकाले यस्तो शैली प्रयोगमा विशेष ध्यान दिनुपर्ने)
- संवादमा उपयुक्त लेख्य चिह्न वा विराम चिह्नको प्रयोग
- पात्रले संवादका क्रममा गरेका शारीरिक चेष्टालाई कोष्ठक चिह्नभित्र समावेश गर्नुपर्ने
- धन्यवाद, कृतज्ञता वा कुनै सकारात्मक धारणाबाट संवादको समापन

(ओ) यसका आधारमा मूल पाठको विषयवस्तु अनुमान गर्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई मूलपाठमा रहेको दुई जना व्यक्तिले संवाद गर्दै गरेको चित्र दिई त्यस चित्रले व्यक्त गर्न खोजेको भावलाई भन्न लगाउनुहोस् ।

(ख) संवादमा समावेश हुनुपर्ने पक्ष समेटेर संवादको संरचना भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| ● हाउभाउसहितको सस्वर पठन (पूर्ण पाठ)<br>● शुद्धोच्चारण | ● पात्रानुकूलको भूमिकामा रही हाउभाउसहित संवादको सस्वर पठन गर्न<br>● पाठमा रहेका नवीन तथा उच्चारणमा कठिनाइ देखिएका शब्दको शुद्ध उच्चारण गर्न | ● पाठ्यपुस्तक<br>● शब्दपत्ती<br>● संवादमा आधारित अडियो तथा भिडियोसामग्री (आफैले पनि निर्माण गर्न सकिने) |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षक र विद्यार्थी बिचमा आजको विषयवस्तुका बारेमा संवादात्मक शैली प्रस्तुत गर्दै सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तु स्मरण गर्दै आजको विषयवस्तुको जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) दुई जना विद्यार्थीलाई पाठका दुई जना पात्र सलिमा खातुन र लखन सिंहको भूमिका दिई पाठलाई हाउभाउसहित सस्वर पठन गर्न प्रेरित गर्नुहोस् । यस क्रममा विद्यार्थीले उपयुक्त ढङ्गबाट वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) संवादमा हाउभाउको महत्त्वबारे जानकारी गराउँदै विषयवस्तु र सन्दर्भ अनुकूलको हाउभाउसहितको वाचन गर्न विद्यार्थीलाई अभ्यास गराउँदै जानुहोस्। यस क्रममा कोष्ठकमा राखिएका विषयवस्तुलाई वाचन नगरी त्यसको हाउभाउ मात्र प्रदर्शन गर्न निर्देश गर्नुहोस् ।

(इ) शिक्षक आफैँले सहकर्मी शिक्षकको सहयोगमा पाठलाई वाचन गरी तयार पारेको अडियो तथा भिडियो सामग्री प्रदर्शन गरी उक्त संवाद हाउभाउसहित सस्वर पठन गरेको नमुना प्रस्तुत गर्नुहोस् ।

(ई) अन्य विद्यार्थीलाई पनि पालैपालो दुई दुई जनाको समूहमा बाँधी पाठका पात्र सलिमा र लखनको भूमिका दिई पाठलाई हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् ।

(उ) कुनै पनि समूहले पाठ सस्वर पठन गर्दैगर्दा अन्य विद्यार्थीलाई पाठ राम्ररी हेर्न निर्देश गर्नुहोस् । त्यसरी हेर्दा वाचकलाई उच्चारण गर्न कठिन भएका तथा हरेक विद्यार्थी आफूलाई नयाँ लागेका र उच्चारणमा कठिनाइ हुने शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) सस्वर पठनको अभ्यास सकिएपछि विद्यार्थीले टिपोट गरेका शब्द पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऋ) पाटीमा टिपोट गरिएका शब्दलाई शब्दपत्तीको सहायतामा उच्चारणको अभ्यास गराउनुहोस्, जस्तै :

**वार्षिकोत्सव**    **/बार्.सि.कोत्.सब्/**    **सङ्क्रान्ति**    **/सङ्.क्रान्. ति/**

(ए) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. १ लाई पनि यसै क्रियाकलापअन्तर्गत समावेश गरी सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो सलिमा र लखनको संवादका केही अंश तोकी हाउभाउसहित सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

टिङटिङ, संस्कृति, भ्याम्टा, ल्होसार

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सस्वर पठन (पुनरावृत्ति)<br>● शब्दभण्डार (शब्दार्थ,वाक्यमा प्रयोग, परिमाणबोधक शब्द, वाक्य पुरण, जोडा मिलाउने)<br>● बोध प्रश्नोत्तर | ● हाउभाउसहित संवादको सस्वर पठन गर्न<br>● पाठमा रहेका नवीन तथा उच्चारणमा कठिनाइ देखिएका शब्दको शुद्ध उच्चारण गर्न | ● शब्दपत्ती<br>● अर्थपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्नसूची<br>● प्रश्नअनुकूलका उत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै समसामयिक विषयवस्तु तथा पाठ्य विषयवस्तुसँग सम्बन्धित कुनै सन्दर्भमा आधारित भएर विद्यार्थीसँग छोटो संवाद गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त स्मरण गर्दै आजको कक्षाको विषयवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) अगिल्लो दिनको सिकाइका आधारमा सलिमा र लखनको भूमिकामा हाउभाउसहित पाठ सस्वर पठन गर्न दुई दुई जना विद्यार्थीको समूह बनाई विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई पाठ राम्ररी हेर्न, अध्ययन गर्न र पाठमा भएका नयाँ तथा आफूले अर्थबोध गर्न नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(आ) सस्वर पठन गर्ने विद्यार्थीको वाचनशैली हेरी आवश्यकतानुसार सहजीकरण गर्नुहोस् र अन्य विद्यार्थीले पाठ हेरे नहेरेको विचार गरी पाठ हेर्न र नयाँ शब्द टिपोट गर्न पटक पटक निर्देश गर्नुहोस् ।

(इ) सस्वर पठनको अभ्यास सकिएपछि हरेक विद्यार्थीलाई आफूले टिपोट गरेका शब्द पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र ती शब्दको अर्थ सकेसम्म विद्यार्थीलाई नै भन्न प्रेरित गर्नुहोस् । विद्यार्थीबाट समाधान हुन नसकेका समस्यामा केन्द्रित भई शिक्षकले शब्दपत्ती र अर्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पारिदिनुहोस् । जस्तै :

केन्द्रित : एकै ठाउँमा भेला भएको

निर्णय : कुनै विवादास्पद विषयमा एक्लै वा सामूहिक रूपमा निकालिएका निष्कर्ष

साकेला :उँभौली, उँधौली चाडलाई चाम्लिङ राईहरूले बोलाउने नाम

(ई) शब्दार्थको अभ्यास गराइसकेपछि तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

(उ) शिक्षकले पाठ्य संवादका कुनै अंशबाट कुनै शब्द झिकी वाक्य पूरणसँग सम्बन्धित अभ्यास गराउनुहोस्, जस्तै :

- नेपाल संस्कृति नै संस्कृतिको............... हो ।
- मलाई तामाङहरूको ...........................पनि राम्रो लाग्छ ।

(ऊ) शब्दभण्डार खण्डको अभ्यास ४ का आधारमा परिमाणबोधक शब्दका विषयमा छलफल गरी वाक्यमा छुटेका शब्द कोष्ठकबाट पहिचान गरी पुनर्लेखन गर्न लगाउनुहोस् । जस्तै :

- बिस पाथी अन्नको परिमाण जनाउने शब्द **मुरी** हो ।
- एक तोलाको सय भागको एक भाग जनाउने शब्द **एकलाल** हो ।

- आठ मानाको परिमाण जनाउने शब्द **एक पाथी** हो ।
- सय पैसाको परिमाण जनाउने शब्द **एक रुपियाँ** हो ।

(ऋ) शब्दभण्डार खण्डको अभ्यास ३ का आधारमा जोडा मिलाउन लगाउनुहोस् ।

(ए)शब्दभण्डार खण्डको अभ्यास ४ का आधारमा वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । जस्तै :

पाथी : आमाले भूकम्प पीडितहरूलाई पाँच पाथी चामल सहयोग गर्नुभयो ।

धार्नी : मैले बजारबाट एक धार्नी आलु ल्याएँ ।

(ऐ) विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी सोही किसिमका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस्।

(ओ) पाठ्य संवादमा आधारित भएर केही बोध प्रश्नको सूची प्रदर्शन गर्नुहोस् । जस्तै :

- गुरुआमाले के भन्नुभयो ?
- राईहरूले साकेला पर्वमा के गर्छन् ?
- नेवारहरू केमा रमाउँछन् ?

(औ) माथिका प्रश्नको उत्तर पाठबाट खोज्न लगाउनुहोस् । विद्यार्थीले खोजेका उत्तरलाई संरचना मिलाई भन्न लगाउनुहोस् र विद्यार्थीको उत्तरलाई ध्यानमा राखी शिक्षकले तयार गरेका उत्तरका नमुना प्रदर्शन गरी प्रश्नको संरचनासँग मिलाई उत्तर दिन सिकाउनुहोस्, जस्तै :

- गुरुआमाले के भन्नुभयो ?

उत्तर : गुरुआमाले विभिन्न संस्कृतिमध्ये कुनै जातजातिको संस्कृतिलाई आधार मानेर नाटक खेल्नू भन्नुभयो ।

(अं) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४. का बोध प्रश्न दिई बोध प्रश्नोत्तरको थप अभ्यास गराउनुहोस्।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो सलिमा र लखनले बोलेका एक एकओटा संवाद तोकेर हाउभाउसहित वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र शब्दभण्डार खण्डको अभ्यास ३ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउने परीक्षण साथीसाथीबाट गर्न लगाउनुहोस् ।

मोहर, तोला दाम, माना,मन

(ग) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(अ) यस संवादमा सलिमा र लखन कति कति पटक बोलेका छन् ?

(आ) सलिमाले गुरुङबाट के के सिकिन् ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● घटनाक्रम लेखन | ● संवाद पढेर घटनाक्रम मिलाउन | ● घटनाक्रम लेखनको नमुना |

| | | |
|---|---|---|
| ● अनुलेखन<br>● प्रश्नोत्तर (छोटो) | ● अनुलेखन गर्न<br>● छोटा प्रश्नको उत्तर दिन | ● अनुलेखन सामग्री (अनुच्छेद)<br>● प्रश्नसूची (छोटा)<br>● प्रश्नअनुकूलका उत्तरका नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै प्रेरक व्यक्तिको प्रेरणादायक भनाइ सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस्।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त स्मरण गर्दै आजको कक्षाको विषयवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई समावेशी आधारमा दुई समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का आधारमा प्रत्येक समूहलाई निम्न कुरा समेटी पाठको बुँदा टिपोट गर्न लगाउनुहोस् :

- पाठलाई ध्यानपूर्वक पढ्ने
- पाठकको मुख्यमुख्य घटनाक्रम लेख्ने
- आफ्नो तर्क वा विचार लेख्नुपर्ने पक्ष ठम्याउने
- मुख्य मुख्य घटनाक्रमलाई जोड्दै सार लेख्ने
- सामान्यत: एक अनुच्छेदमा सार लेख्न सकिने

(आ) संवादलाई सस्वर पठन गर्दै सङ्केत गरी विद्यार्थीलाई बुँदा टिपोटमा सहजीकरण गर्नुहोस् ।

(इ) घटना टिपोटको काम सकिएपछि विद्यार्थीलाई पालैपालो सुनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषणसहित आफूले टिपोट गरेर ल्याएका घटनाको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

**उत्तर : पाठको विषयवस्तुसँग सम्बन्धित मुख्य मुख्य घटना**

- लखन र सलिमाले कार्यक्रममा भाग लिनमा लागि छलफल गर्न लागेका
- लखनले जुनसुकै जातिको संस्कृतिका विषयमा नाटक खेल्न सकिने कुरा गर्नु
- लखन र सलिमाले संस्कृतिलाई नाटकको विषय बनाउने निष्कर्ष निकाल्नु
- उनीहरूले राई संस्कृतिमा केन्द्रित रहेर छलफल गर्नु
- सलिमाले ल्होसारको बारेमा बताउनु
- सलिमा दुई वर्षअगाडि गुरुङ समुदाय बसोबास गर्ने गाउँमा गएकी बताउनु
- सलिमाले सुनारको माघे सङ्क्रान्ति र विवाहका बारेमा खेलिने नाटकका बारेमा रोचक कुरा गर्नु

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा केन्द्रित भई अनुलेखनका लागि तयार रहने निर्देशन दिनुहोस् । अनुलेखन लेख्ने तरिकाको बारेमा आवश्यक छलफल गराउनुहोस् ।

**अनुलेखन भनेको कुनैपनि लेखलाई ध्यानपूर्वक हेरेर जस्ताको तस्तै लेख्नु हो । अनुलेखन लेख्दा ध्यान दिनुपर्ने कुराहरू :**

- अनुलेखन गर्नुपर्ने लेख ध्यानपूर्वक पढ्नुपर्ने
- अनुलेखन गर्दा कुन चिह्न कता प्रयोग भएको छ ध्यान दिनुपर्ने
- अल्पविराम, पूर्णविरामको प्रयोगमा ध्यान दिनुपर्ने
- पदयोग पदवियोगमा ध्यान दिनुपर्ने

- सफासँग लेख्नुपर्ने

(उ) विद्यार्थीले अनुलेखन गर्दा उनीहरूको गतिविधिलाई ध्यान दिनुहोस् र निरन्तर उत्प्रेरित गर्नुहोस् । राम्रो गर्ने विद्यार्थीलाई ताली बजाएर सम्मान गर्नुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा केन्द्रित भई छोटो उत्तर लेखनका लागि तयार रहने निर्देशन दिनुहोस् । छोटो उत्तर लेख्ने तरिकाको बारेमा आवश्यक छलफल गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई छोटो उत्तर लेख्न प्रेरित गर्दै अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीको उत्तर अवलोकनपश्चात आफूले लेखी ल्याएको नमुना उत्तर प्रदर्शन गर्नुहोस्, जस्तै :

छोटो उत्तर लेखनको नमुना

प्रश्न : थारु समुदाय माघी पर्वमा के के गर्छन् ?

उत्तर : थारु समुदाय माघी पर्वमा बिहानै नदीमा गएर स्नान गर्छन् । त्यस दिन पूजा पनि गर्छन् । मान्यजनको घरमा गएर ढोग गर्छन् र आशिर्वाद लिन्छन् ।

(ऐ) विद्यार्थीको उत्तर साथीसँग कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा केन्द्रित भई घटनाक्रम मिलान गर्न लगाउनुहोस् ।

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा केन्द्रित भई अनुलेखन गर्न लगाउनुहोस् ।

(ग) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा केन्द्रित भई छोटो उत्तर भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाचौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • चाडपर्वको सूची निर्माण<br>• आशय लेखन<br>• चित्र वर्णन | • चाडपर्वको सूची निर्माण गर्न<br>• आशय लेखन गर्न<br>• चित्र वर्णन गर्न | • चाडपर्वको सूची<br>• आशय लेखन नमुना<br>• चित्र वर्णन सूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै चाडपर्वको वर्णन गर्दै विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त स्मरण गर्दै आजको कक्षाको विषयवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई समावेशी आधारमा दुई समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा प्रत्येक समूहलाई पाठमा उल्लेख भएका विभिन्न समुदाय र उनीहरूले मनाउने चाडपर्वको नाम टिपोट गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थी चाडपर्वको नाम टिपोट गरिरहँदा अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीले टिपोट गरेका चाडपर्वको नाम समूहको प्रतिनिधिलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) पाठमा उल्लेख भएका चाडपर्वजस्तै आफूले मनाउने चाडपर्व र मनाउने तरिकाको बारेमा छलफल गराउनुहोस् । समूहको प्रतिनिधिलाई निष्कर्ष सुनाउन लगाउनुहोस् । विषयको अन्त्य गर्दै अर्को विषयमा प्रवेश गर्नुहोस् ।

(उ) पाठमा सलिमा र लखनले संवादका क्रममा बोलेका सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । यस क्रममा यस्ता भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै टिपोट गराउनुहोस् र विद्यार्थीलाई आवश्यक सहयोग पनि गर्नुहोस् ।

(ऊ) विद्यार्थीले टिपोट गरेका वाक्यलाई मध्यनजर गर्दै शिक्षकले पाठमा सलिमा र लखनलले संवादका क्रममा बोलेका महत्त्वपूर्ण भनाइलाई टिपोट गरिएका वाक्य वा भनाइको सूची प्रदर्शन गर्नुहोस्, जस्तै :

- भाषा, पहिरन, चाडपर्व, रहनसहन नै संस्कृति हुन् ।
- नेपाल संस्कृति नै संस्कृतिको खानी हो ।
- माघ एक गते धेरै जातजातिले आआफ्ना परम्पराअनुसार चाड मनाउँछन् ।
- प्रत्येक चाडपर्व हाम्रा साझा सम्पति हुन् ।
- संस्कृतिको संरक्षण गर्नु हाम्रो कर्तव्य हो ।

(ऋ) माथिका मध्ये कुनै एक भनाइको भावार्थ खुल्ने बुँदा प्रस्तुत गर्नुहोस्, जस्तै : माथिका वाक्यमध्ये तेस्रो वाक्यको आशय बुँदा

- बाहुन, छेत्री, नेवार र राई जातिले माघ १ गते पर्व मनाउने गरेका
- त्यस दिन तरुल, तिलमा लड्डु, घिउ, चाकु आदि खाने गरेका
- थारु समुदायमा पनि मान्यजनबाट आशिर्वाद लिएर मनाउने गरेका
- सुनारले पनि माघी पर्व धुमधामपूर्वक मनाउने गरेका

(ए) विद्यार्थीलाई माथिको वाक्य पाठमा हेर्न लगाई पाठको सन्दर्भसँग मिल्ने गरी उपर्युक्त बुँदा समेटी आशय लेख्न सिकाउनुहोस् । यसका लागि शिक्षकले तयार गरेको आशय लेखनको संरचना जनाउने तालिका वा बुँदाको सूचीसमेत प्रयोग गर्नुहोस् ।

(ऐ) आशय लेखनको प्रक्रिया सिकाउँदा वाक्यमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई जोड्दै मौखिक रूपमा भावविस्तार गर्ने अभ्यास गराउनुहोस् ।

(ओ) माथिका बुँदा र आशय वर्णनको प्रक्रियालाई अन्तर्सम्बन्धित गर्दै आशय लेखनको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**आशय वर्णन नमुना**

**"माघ १ गते धेरै जातजातिले आआफ्ना परम्पराअनुसार चाड मनाउँछन् ।"**

उत्तर : साझा सम्पत्ति संवादमा लखन र सलिमाले संवादका क्रममा माघ १ गते धेरै जातजातिले आआफ्ना परम्पराअनुसार चाड मनाउँछन् भन्ने कुरालाई व्यक्त गरेका छन् । बाहुन, छेत्री, नेवार, राई जातिले माघ १ गते विभिन्न तरिकाले पर्व मनाउने गरेका छन् । त्यस दिन तिनीहरू तरुल, तिलको लड्डु, घिउ, चाकु आदि खाने गर्छन् । थारु समुदायमा पनि पुजा गर्ने,

मान्यजनबाट आशिर्वाद लिएर मनाउने गर्छन् । सुनारले पनि माघी पर्व धुमधामले मनाउने गर्छन् । यसरी माघ १ गतेको पर्व सबैको पर्व हो भन्नु नै यस वाक्यको मूल आशय रहेको पाइन्छ ।

(औ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. १० तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । निर्दिष्ट स्तम्भचित्रलाई प्रोजेक्टरमार्फत वा चार्टपेपरमा प्रस्तुत गर्नुहोस् ।

(अं) विद्यार्थीलाई व्यक्तिगत रूपमै स्तम्भचित्रमा देखिएका विषय अध्ययन गर्न लगाउनुहोस् । स्तम्भचित्र अध्ययनको कार्य सकिएपछि त्यस चित्रमा देखिएका विषयवस्तुको वर्णन गर्न लगाउनुहोस् ।

(अः) वर्णनकै क्रममा विद्यार्थीलाई यस स्तम्भचित्रको जनता मा. वि.मा कति जना छात्रछात्रा रहेछन् ? जम्मा विद्यार्थी कति रहेछन् ? भन्ने प्रश्न गरी यस स्तम्भचित्र र आफ्नो कक्षाबीच तुलना गर्न लगाउनुहोस् । यो अवसर सकेसम्म सबै विद्यार्थीलाई प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा केन्द्रित भई चाडपर्वको नाम भन्न लगाउनुहोस् ।

(ख)बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ मा केन्द्रित भई बुँदा न. 'ख' को आशय लेख्न लगाउनुहोस् ।

(ग)बोध र अभिव्यक्ति खण्डको अभ्यास १० मा केन्द्रित भई कक्षा ५ को विद्यार्थी सङ्ख्यालाई स्तम्भचित्रमा देखाउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● संवाद लेखन<br>● बोध प्रश्नोत्तर<br>● भाषिक प्रकार्य (सांस्कृतिक परिचय खेल) | ● संवाद लेख्न<br>● बोध प्रश्नोत्तर लेख्न<br>● सांस्कृतिक परिचय दिन | ● संवाद लेखन नमुना<br>● बोध प्रश्नोत्तरको नमुना<br>● सांस्कृतिक परिचयको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(आ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई समावेशी आधारमा दुई समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ का आधारमा प्रत्येक समूहलाई पाठमा उल्लेख भएका संवाद पढ्न लगाउनुहोस् र बाँकी अनुमान गर्न लगाउनुहोस् ।

(आ) प्रत्येक समूहलाई संवाद पूरा गर्न प्रेरित गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीले पूरा गरेका संवाद प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक सुझावसहित ताली बजाएर सम्मान गर्नुहोस् ।

(ई) आफूले बनाएको संवादको नमुना प्रस्तुत गर्नुहोस्, जस्तैः

**संवादको नमुना**

**(उमेश र नरेश साथी साथी हुन् । नरेश पढ्नका लागि सहर बस्छन् । दसैंमा नरेश पनि गाउँ गएको वेला उनीहरूको भेट हुन्छ । यसै विषयमा उनीहरू कुरा गर्दै छन् ।)**

उमेश : ओहो ! कहिले आयौ नरेश ?

नरेश : दसैंको सप्तमीका दिन नै आइपुगें । तिम्रो खबर के छ नि ?

उमेश : ठिकै छ । यसपालिको दसैं रमाइलो हुने भयो ।

नरेश : हो र ? कसरी नि ?

उमेश : यसपालि गाउँमा धेरै लाहुरे आएका छन् । ठुलो पिङ हाल्ने योजना छ ।

नरेश : आहा ! त्यसो भए त साँच्चिकै रमाइलो हुने रहेछ । अरू पनि केही योजना छ कि ?

उमेश : टिकाको दिन नाटक पनि देखाउने रे ! नाचगान पनि हुन्छ । मैले पनि नाचमा भाग लिएको छु ।

नरेश : यो त झन् खुसीको कुरा पो भयो नि । सँगसँगै जानुपर्छ है ।

उमेश : हुन्छ । म तिमीलाई पनि बोलाउँछु । अहिले छुट्टिऔं है त ?

नरेश : हुन्छ । अब त भेट भइरहन्छ नि । फेरि भेटौंला ।

(उ) विद्यार्थीको समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ पढ्न लगाउनुहोस् र प्रश्नका उत्तर लेख्न प्रयास गर्न लगाउनुहोस् ।

(ऊ) प्रत्येक समूह अवलोकन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) प्रत्येक समूहका प्रतिनिधिलाई उत्तर भन्न लगाउनुहोस् । उत्तर वाचनपश्चात् ताली बजाएर सम्मान गर्नुहोस् ।

(ए) विषय समापनपश्चात् सांस्कृतिक परिचय खेलको आयोजना गर्नुहोस् र बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ पढ्न लगाउनुहोस् ।

(ऐ) लालसरा पुन जस्तै व्यक्तिगत रूपमा पालैपालो आफ्नो सांस्कृतिक परिचय दिन प्रेरित गर्नुहोस् । जस्तै :

**सांस्कृतिक परिचयको नमुना**

मेरो नाम पुनचा किषिजू हो । म नेपाल भाषा बोल्छु । म मुख्य चाडका रूपमा वैशाख सङ्क्रान्ति, अक्षय तृतीया, वैशाख पूर्णिमा, आमा औंसी, सिठी नखः, ज्यापून्हि, गाईजात्रा, बुबा औंसी, गणेश चौथी, म्हपूजा, यःमरी पुन्हि, घोडेजात्रा, भोटो जात्रा, कुमारी जात्रा, रातो मच्छिन्द्रनाथको जात्रा, लाखे नाचलगायत पर्व मनाउँछु । मलाई नेवारी खाना समयबजी, चटामरी, योमरी, बारा, चिउरा, भटमास, छोइला, कचिलालगायत विभिन्न परिकार मन पर्छ । म रातो किनारा भएको कालो रङको हाकुपटासी लगाउँछु । मलाई सिन्चा, शिरबन्दी, बुलिन, लुँस्वां, न्यापुसिख, मारवलिचा, तुकि, भिम्पुमा, बाई, कल्लीलगायत गहना मन पर्छ । मलाई लाखे, भैरव, धिमेलगायत नाच मन पर्छ । मलाई मेरो संस्कृति धेरै नै मन पर्छ ।

(ओ) विद्यार्थीले आफ्नो सांस्कृतिक परिचय दिँदा अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् ।

(औ) साथीबाट सुनेका फरक फरक संस्कृति भन्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(अ) प्राचीन समयमा काठमाडौं के थियो ?

(आ)ताललाई मानव बस्ती बस्न योग्य कसले बनायो ?

(ग) आफ्नो सांस्कृतिक परिचय दिनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● वर्णविन्यास (चिह्न प्रयोग)<br>● भाषिक संरचना (पदवर्ग) | ● चिह्नको सही रूपमा प्रयोग गर्न<br>● पदवर्ग पहिचान गर्न | ● चिह्न प्रयोग भएका अनुच्छेद<br>● पदवर्ग तालिका |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले 'तिमी बजार जान्छौ' भन्ने वाक्यलाई (।, ?, !) चिह्न राखी फरक फरक अर्थ बताई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तु स्मरण गर्दै आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न १ मा रहेको अनुच्छेद पढ्न लगाउनुहोस् र कुन कुन चिह्न प्रयोग भएका छन् छलफल गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले तयार पारेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

(इ) शिक्षकले तयार पारी ल्याएका वाक्यसूची प्रदर्शन गरी उदाहरणसहित चिह्नको प्रयोगको बारेमा सामान्य जानकारी दिनुहोस् ।

(ई) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न दुई पढेर वाक्य पुनर्लेखन गर्न लगाउनुहोस् । आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

(उ) विद्यार्थीले तोकेको कार्य पूरा गरेपछि शिक्षकले थप सहजीकरण गर्दै 'साझा सम्पत्ति' संवादबाट पूर्णविराम, अल्पविराम र प्रश्नचिह्न प्रयोग भएका दुई दुईओटा वाक्य टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले टिपोट गरेका शब्द प्रदर्शनी पाटीमा प्रदर्शन गराई छलफल गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न ४ मा रहेको अनुच्छेद पढ्न लगाउनुहोस् र रातो लगाइएका शब्दहरूमा छलफल गर्न लगाउनुहोस् ।

(ए) शिक्षकले निम्नअनुसारका नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात शब्द प्रयोग भएका अनुच्छेद प्रस्तुत गर्नुहोस् । यसका लागि प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गर्नुहोस् ।

पदवर्ग

पासाङ असल विद्यार्थी हुन् । उनीसँग उनका भाइ पनि छन् । आहा ! उनका भाइ त झन् सुन्दर रहेछ । पासाङ

र उनका भाई मिहिनेती छन् । उनीहरू बिहानै उठ्छन् ।

(ऐ) विद्यार्थीलाई उल्लिखित अनुच्छेदबाट पदवर्ग पहिचान गरी शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् ।

(ओ) भाषिक संरचना र वर्णविन्यासको अभ्यास न. ४ तर्फ विद्यार्थीको ध्यानाकर्षण गरी पदवर्ग पहिचान गर्न लगाउनुहोस् र विद्यार्थीले गरेका कार्यको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(औ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई अर्को समूहका साथीहरूको बारेमा सकेसम्म सबै पदवर्गका शब्द प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

(अं) विद्यार्थीका समूह कार्यको अवलोकन गर्नुहोस् र उनीहरूका कार्य प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीका प्रस्तुतिमा ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) भाषिक संरचना र वर्णविन्यास प्रश्न दुइको उत्तर लेख्न लगाउनुहोस् ।

(ख) रेखाङ्कन गरिएका शब्दका पदवर्ग पहिचान गर्न लगाउनुहोस् ।

गोपाल किसान हुन् । उनी मेहनती छन् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वर्णविन्यास (‘श’ ‘स’ ‘ष’ प्रयोग भएका शब्द पहिचान र प्रयोग) | • ‘श’ ‘स’ ‘ष’ प्रयोग भएका शब्द पहिचान र प्रयोगगर्न | • ‘श’ ‘स’ ‘ष’ प्रयोग भएका शब्द |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) सहरबाहिरको सुनसान स्थानमा शिशिर ऋतुका सिरसिरे बतासको सुस्केराले सज्जन मानिस सुस्तायो । वाक्यमा ‘श’ र ‘स’ बाट बनेका शब्द पहिचान गर्न लगाई सिकाइका लागि कक्षामा ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा स्मरण गर्दै आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । कक्षा प्रवेश गर्दाको विषयवस्तु पुनः स्मरण गराउनुहोस् र प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास न. ५ गर्न निर्देश गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई आफूले गरेका कामलाई अगाडि आएर प्रदर्शन गर्न निर्देश गर्नुहोस् । शिक्षकले तयार पारी ल्याएको 'श' 'स' 'ष' प्रयोग भएका शब्दका सूचीपत्र प्रदर्शन गरी थप स्पष्ट पारिदिनुहोस् ।

(इ) शिक्षकले 'श' 'स' 'ष' प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस्, जस्तै :

विद्यालयको वार्षिकोत्सवमा भाषा, संस्कृति र रहनसहनलाई विशेष स्थान दिइएको थियो । विद्यालयको शुभचिन्तकलाई सम्मानस्वरूप शङ्ख प्रदान गरिएको थियो । कार्यक्रमको प्रशंसा गर्दै यस्ता विषय बर्सौं वर्ष सरल र सहज तरिकाले बचाइराख्ने आशिर्वाद सबैले दिए ।

(ई) शिक्षकले उदाहरणका रूपमा 'श' 'स' 'ष' प्रयोग भएका शब्द तालिकामा टिपेर देखाइदिनुहोस्, जस्तै :

| 'श' प्रयोग भएका शब्द | 'स' प्रयोग भएका शब्द | 'ष' प्रयोग भएका शब्द |
|---|---|---|
| शुभचिन्तक | सरल | भाषा |
| ........................... | ........................... | ........................... |
| ........................... | ........................... | ........................... |

(उ) शिक्षकले टिपेकै प्रकृतिका अन्य शब्द यसरी नै तालिकीकृत गर्न विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

(ऊ) विद्यार्थीले शब्द टिपोट गर्दा शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ऋ) शब्दकोशको प्रयोग गरेर विद्यार्थीलाई 'श' 'स' 'ष' प्रयोग भएका शब्द टिप्न सिकाउनुहोस् । यसका लागि पनि माथिकै जस्तो तालिका प्रयोग गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गरी सबै समूहलाई एक एकओटा अनुच्छेद दिई तोकिएको अनुच्छेदबाट एउटा समूहलाई 'श' दोस्रो समूहलाई 'स' र तेस्रो समूहलाई 'ष' शब्दको प्रयोग भएका शब्द टिपोट गर्ने जिम्मा तोकिदिनुहोस् ।

(ओ) विद्यार्थीले टिपोट गरेक शब्दलाई प्रदर्शनपाटीमा प्रदर्शन गर्न लगाई छलफल गर्ने मौका दिनुहोस् ।

(औ) शब्दको 'श' 'स' 'ष' प्रयोग भएका शब्द कुनै बाकसमा राखी निश्चित समय दिएर पालैपालो विद्यार्थीलाई शुद्ध शब्दका पत्तीहरू टिप्न लगाउनुहोस् ।

(अं) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ६ तर्फ केन्द्रित गर्दै शुद्ध शब्द पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) 'श' 'स' 'ष' प्रयोग भएका पाँच पाँचओटा शब्द लेख्नुहोस् ।

(ख) भाषिक संरचनाको अभ्यास ६ ले निर्देश गरेबमोजिम दिइएका शब्दमध्ये शुद्ध शब्द छनोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● श्रुतिबोध (सुनाइ र बोलाइ)<br>● सिर्जनात्मक कार्य (संवाद लेखन, तयारी र प्रस्तुति) | ● सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>● संवाद लेख्न | ● सुनाइ पाठको अडियो सामग्री<br>● प्रश्नसूची<br>● उत्तरका नमुना<br>● चार्टपेपर, संवादको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुका बारेमा छोटो प्रश्न गर्दै विद्यार्थीको ध्यान आकर्षण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ र बोलाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । यस किसिमका प्रश्नको उत्तर दिँदा पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरामा सचेत गराउनुहोस्, जस्तै :

प्रश्न : तिम्रो विद्यालयको नाम के हो ?

उत्तर : मेरो विद्यालयको नाम सरस्वती मा. वि. हो ।

(आ) यसका साथै सुनाइ पाठ ध्यानपूर्वक सुन्नुपर्ने, निर्धारित प्रश्नको संरचनामा आधारित रहेर उत्तर दिने कुरा विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीलाई सुनाइ पाठ सात सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ ७ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर तथा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ । पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई अभ्यासका निर्धारित प्रश्नहरू हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(इ) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ को निर्देशनअनुसारको अभ्यास मौखिक रूपमा गर्न लगाउनुहोस्, जस्तै :

| | |
|---|---|
| वसन्त ऋतुमा फूल फुल्दैनन् । | बेठिक |
| नानु खप्तड घुम्न गएकी थिइन् । | बेठिक |
| घुमफिरबाट ज्ञान र मनोरञ्जन पाइन्छ । | ठिक |
| विदेशी पाहुना पनि धार्मिक, सांस्कृतिक र रमणीय स्थल घुमफिर गर्छन् । | ठिक |

(ई) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थीलाई पुनः अभ्यास दुईतर्फ केन्द्रित गर्नुहोस् र सुनाइ पाठ ७ का आधारमा भ्रमणका फाइदा भन्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) शिक्षकले सिर्जनात्मक कार्यमा निर्दिष्ट संवाद लेखनका लागि विद्यार्थीलाई तयार गर्नुहोस् । संवाद लेख्नुभन्दा पहिले संरचना तयार गर्नुपर्ने कुरा जानकारी गराउनुहोस् ।

**संवाद लेख्दा ध्यान दिनुपर्ने पक्ष**

- संवाद लेखनको विषयसँग सम्बन्धित बुँदा टिप्ने
- दुई वा दुईभन्दा बढी पात्रहरू सिर्जना गर्ने
- संवादमा सहभागी पात्र र परिवेशको चित्रण कोष्ठकमा गर्ने
- पात्रहरूलाई विषयको पक्ष र विपक्षमा बाँडेर संवाद अगि बढाउने
- पात्रका हाउभाउलाई कोष्ठकमा राखेर देखाउने
- विषयको निष्कर्षमा पुऱ्याएर संवाद टुङ्ग्याउने

(ए) विद्यार्थीलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् । हरेक समूहलाई उक्त चार्टपेपरमा संवाद लेखन गर्न प्रेरित गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई समूहमा बसेर संवादको मुख्य बुँदा तयार गर्न समय निर्धारण गरिदिनुहोस् । विद्यार्थीले समूहमा बसेर काम गरे नगरेको अवलोकन गरी समूह कार्यमा सक्रिय बनाउनुहोस् ।

(ओ) समूह कार्य सकिएपछि सबै विद्यार्थी समूहलाई पालैपालो अगाडि आएर आआफ्नो समूहको कार्य प्रस्तुत गर्न लगाउनुहोस् र प्रस्तुति सकिएका समूहले तयार गरेको संवाद प्रदर्शनी बोर्डमा टाँसी यस पाठको पहिलो दिनको क्रियाकलापमा आधारित भई थप छलफल गराउनुहोस् ।

(औ) आवश्यकता भएमा शिक्षकले तयार पारी ल्याएको संवादको नमुनासमेत उपयोग गर्न सक्नुहुने छ ।

**३. मूल्याङ्कन**

(क) सुनाइ र बोलाइ पाठ ७ सम्बन्धी अभ्यास १ र २ का अभ्यास गराउनुहोस् ।

(ख) संवाद लेखनको परीक्षण गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

| पाठ : ८ | अन्नदाता | |
|---|---|---|
| विधा : कविता | | कार्यघण्टा : १० |

## परिचय

टीका आत्रेयद्वारा लिखित 'अन्नदाता' सामाजिक कविता हो । यस कवितामा समाजमा स्थापित श्रम र सिपको वर्णन गरिएको छ । कविता साहित्यको लयात्मक, श्रव्य र पाठ्य विधा हो । गेयात्मक विधाका रूपमा परिचित कविता विधामा भाव, कल्पना र बौद्धिकताको सम्मिश्रण हुन्छ । विद्यार्थीलाई मुख्य रूपमा पढाइप्रति रूचि जगाउन र गति, यति मिलाई लय हालेर वाचन गर्ने बानीको विकास गर्न तथा शब्दभण्डारको विकासका लागि कविता विधाको उपयोग गरिन्छ ।

'अन्नदाता' शीर्षकको कविता सामाजिक भावना र सकारात्मक सचेतताले ओतप्रोत कविता हो । कविता विधाको उपयोग गरेर विद्यार्थीमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउन सकिन्छ । कविता अभिव्यक्तिको उत्कृष्ट रूप हो । कवितामा लयात्मकता, गेयात्मकता र श्रुतिमधुरता हुने हुनाले भाषाको बोध तथा अभिव्यक्ति सिपको

विकासमा यस विधाको प्रभावकारी उपयोग गर्न सकिन्छ । यस पाठको शिक्षण लयबद्ध वाचन, अनुकरण वाचन, पाठगत शब्दको उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग तथा बोध प्रश्नोत्तर जस्ता क्रियाकलापमा केन्द्रित हुनुपर्छ ।

प्रस्तुत पाठको शिक्षण गर्दा सुनाइ तथा बोलाइ सिपमा विषयवस्तुको सुनाइ र अनुकरण, लयबद्ध शब्द पहिचान, अर्थविभेद र तुलना, विषयवस्तुमा आधारित प्रश्नोत्तर, छलफल र अन्तरक्रिया, स्थानीय ज्ञान र सन्दर्भका आधारमा आशय प्रस्तुति, कल्पना एवम् धारणाको प्रस्तुति, स्थानीय लोकगीतका सुनाइ र गायन आदि सिपको विकास गराउनुपर्छ । पढाइमा लयबद्ध पठन, सन्दर्भ बोध, पाठको विषयबोध र चित्रात्मक प्रस्तुति र अन्य कविताको लयबद्ध वाचन जस्ता विषयवस्तु शिक्षण गर्नुपर्छ । लेखाइमा अनुलेखन तथा श्रुतिलेखन, प्रश्नोत्तर, गद्यमा रूपान्तरण, भाव वर्णन, निर्देशित र स्वतन्त्र पद्य रचना जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा पदक्रमको पहिचान र प्रयोग, वर्णविन्यासको पहिचान र प्रयोग (छ्य, क्ष) सिकाउनुपर्छ । शब्दभण्डारअन्तर्गत अनेकार्थी शब्दको पहिचान र प्रयोग, पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्छ । त्यसैगरी लय मिल्ने शब्दको पहिचान तथा प्रयोगमा अभ्यास गराउनुपर्छ भने भाषिक प्रकार्यमा नेतृत्वसिप र प्रस्तुतिको अभ्यास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ ८ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ ८ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | • चित्र पहिचान र छलफल | • पूर्व पठन खण्ड र मूल पाठ खण्डका दृश्य पहिचान गरी वर्णन गर्न | • पूर्व पठन खण्डका चित्र<br>• मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर वा चार्टपेपर | १ |
| **दोस्रो दिन** | • संरचना पहिचान<br>• लयबद्ध वाचन<br>• शुद्धोच्चारण | • पाठ्य कविताको संरचना पहिचान गर्न<br>• गति, यति र लय मिलाएर कविता वाचन गर्न | • कविताको संरचना जनाउने तालिका<br>• शब्दपत्ती,<br>• पाठ्य कविता<br>• कविता वाचनको अडियो तथा भिडियो | १ |

| | | | | |
|---|---|---|---|---|
| | | • कवितामा प्रयुक्त शब्दको शुद्ध उच्चारण गर्न | | |
| **तेस्रो दिन** | • शब्दार्थ<br>• शब्द पहिचान<br>• वाक्यमा प्रयोग | • निर्धारित अर्थ व्यक्त गर्ने शब्द पहिचान गर्न<br>• अनेकार्थी शब्द र अर्थ पहिचान गर्न<br>• आनुप्रासिक शब्द पहिचान गर्न<br>• निर्धारित शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | • शब्दार्थपत्ती, शब्दतालिका<br>• अनेकार्थी शब्दको सूचीपत्र<br>• आनुप्रासिक शब्दको सूचीपत्र<br>• वाक्यपत्ती | १ |
| **चौथो दिन** | • कवितापूरण<br>• बोध प्रश्नोत्तर<br>• श्रुतिलेखन<br>• अनुलेखन | • कविताको अंश पूरा गर्न<br>• निर्दिष्ट प्रश्नको निश्चित ढाँचामा मौखिक र लिखित माध्यमबाट उत्तर भन्न र लेख्न<br>• कविताका निर्दिष्ट श्लोक श्रुतिलेखन गर्न<br>• कविताका निर्दिष्ट श्लोक अनुलेखन गर्न | • कविताका अपूरा अंश<br>• प्रश्नसूची<br>• उत्तर लेखनका नमुना सूची<br>• कविताका श्लोकपत्ती | १ |
| **पाँचौँ दिन** | • गद्यमा रूपान्तरण<br>• आशय वर्णन<br>• विषयवस्तु तथा मूल भाव वर्णन | • कविताका निर्दिष्ट श्लोकलाई गद्यमा रूपान्तरण गर्न<br>• पाठ्य कविताको आशय वर्णन गर्न<br>• कविताका विभिन्न श्लोकको भाव वा विषयवस्तु प्रस्तुत गर्न | • गद्य रूपान्तरणको नमुना<br>• आशय वर्णन तथा मूलभावको नमुना पत्र | १ |
| **छैटौँ दिन** | • सङ्क्षिप्त उत्तर लेखन<br>• विचार लेखन | • सङ्क्षिप्त उत्तर लेख्न<br>• कविताले व्यक्त गरेको विचार लिखित रूपमा प्रस्तुत गर्न | • सङ्क्षिप्त उत्तर लेखिएको सूची<br>• विचार लेखनको नमुना | १ |
| **सातौँ दिन** | • लयबद्ध कवितावाचन<br>• चित्रकला प्रदर्शन | • लयबद्ध कवितावाचन गर्न<br>• चित्र वर्णन गर्न | • कविताका श्लोकसूची<br>• चित्र | १ |
| **आठौँ दिन** | • भाषिक प्रकार्य (नेतृत्वसिप) | • नेतृत्वसिपसम्बन्धी भाषिक प्रकार्यको प्रस्तुतीकरण गर्न | • नेतृत्वसिप प्रस्तुतीकरणको नमुना | १ |
| **नवौँ दिन** | • पदक्रम मिलान<br>• शुद्ध शब्द पहिचान | • निर्दिष्ट प्रश्नमा आधारित भई पदक्रम मिलान गर्न<br>• शुद्ध शब्द पहिचान गर्न | • पदक्रम मिलान गरिएको चार्ट<br>• शुद्ध शब्द पहिचान गरिएको तालिका | १ |
| **दसौँ दिन** | • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• सिर्जनात्मक कार्य (कविता लेखन र प्रस्तुति) | • सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>• कविता लेख्न र प्रस्तुत गर्न | • सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची<br>• उत्तरका नमुना<br>• कविताको नमुना | १ |
| **जम्मा कार्यघण्टा** | | | | १० |

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● चित्र पहिचान र छलफल | ● पूर्व पठन खण्ड र मूल पाठ खण्डका दृश्य पहिचान गरी वर्णन गर्न | ● पूर्व पठन खण्डका चित्र<br>● मूल पाठ खण्डका चित्र<br>● प्रोजेक्टर वा चार्टपेपर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीसँग मिलेर कुनै रमाइलो झ्याउरे गीत गाउनुहोस् र उनीहरूलाई पनि गाउन लगाउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरेर पूर्व पठन खण्डका चित्र प्रस्तुत गर्नुहोस् ।



(आ)विद्यार्थीलाई चार समूहमा विभाजन गरी पूर्व पठन खण्डका दुईओटा चित्रलाई दुई समूहमा एउटा पर्ने गरी विभाजन गर्नुहोस् र ती चित्रका बारेमा छलफल गर्न लगाउनुहोस् ।

(इ) छलफलबाट आएको निष्कर्षलाई कक्षामा पालैपालो वर्णन गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीले प्रस्तुत गरेका कुरालाई समेट्दै पाठगत सन्दर्भलाई निर्देश गर्नुहोस् । यस क्रममा समय सधैँ एकनासको हुँदैन । कहिले पानी पर्छ । कहिले जाडो हुन्छ । कहिले गर्मी हुन्छ । समयअनुसार बेग्लाबेग्लै किसिमका फलफूल हुन्छन् । यस चित्रमा पनि प्रकृतिको फरक फरक अवस्था हुने सन्देश यी चित्रले व्यक्त गरेको कुरा बताउनुहोस् ।

(उ) पूर्व पठन खण्डका चित्रसँग मेल खाने तथा सोही प्रकृतिका अन्य चित्र पनि प्रोजेक्टरमार्फत वा प्रिन्टकपी प्रस्तुत गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई पूर्ववत् रूपमा समूहमा विभाजन गरी ती चित्रका बारेमा पनि छलफल गराई निष्कर्ष व्यक्त गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई पाठको मूल खण्डमा भएका चित्रतर्फ आकर्षित गराई तीन समूहमा विभाजन गर्नुहोस् ।

(ए) प्रत्येक समूहलाई मूल पाठ खण्डका एक एकओटा चित्र दिई तिनको बारेमा छलफल गर्न लगाउनुहोस् ।

(ऐ) छलफलबाट आएको निष्कर्षलाई कक्षामा पालैपालो वर्णन गर्न लगाउनुहोस् ।

(ओ) शिक्षकले कृषक विश्वकै वीरमध्ये उत्कृष्ट वीर भएको र किसान अन्नदाता भएको कुरा बताइदिनुहोस् ।

**३. मूल्याङ्कन**

(अ) पूर्व पठन खण्डका तस्बिरले के सन्देश व्यक्त गरेको छ भन्न लगाउनुहोस् ।

(आ) मूल पाठ खण्डका तस्बिरले के सन्देश व्यक्त गरेको छ भन्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान<br>• लयबद्ध वाचन<br>• शुद्धोच्चारण | • पाठ्य कविताको संरचना पहिचान गर्न<br>• गति, यति र लय मिलाएर कविता वाचन गर्न<br>• कवितामा प्रयुक्त शब्दको शुद्ध उच्चारण गर्न | • कविताको संरचना जनाउने तालिका<br>• शब्दपत्ती,<br>• पाठ्य कविता<br>• कविता वाचनको अडियो तथा भिडियो |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै गीत गाएर सुनाउनुहोस् । शिक्षकसँगसँगै ताली बजाउँदै विद्यार्थीलाई पनि सो गीत गाउन लगाउनुहोस् र सिकाइका लागि उनीहरूको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुको स्मरण गराउँदै आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले चार्ट पेपरमा लेखिएको पाठ्य कविता वा कविताको संरचना देखाउन मिल्ने गरी लेखिएको कविताको तालिका प्रस्तुत गर्नुहोस् ।

(आ) तालिकाकै माध्यमबाट यस कविताको संरचना (४ + ४ + ४ + २) रहेको र यो १४ अक्षरमा संरचित सवाई छन्दको कविता रहेको जानकारी गराउनुहोस् ।

(इ) यस कवितालाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. २ को समस्यासँग जोड्दै गति, यति र लय मिलाई वाचनका लागि प्रत्येक पङ्क्तिमा चौध चौध अक्षर रहेका र ती प्रत्येक पङ्क्तिको चार चार अक्षरमा तीन पटक अर्धविश्राम गर्दै अन्तिम दुई अक्षरमा पूर्ण विश्राम गरेर गाउन सिकाउनुहोस् ।

(ई) शिक्षकले कविताको आदर्श वाचन गरिदिनुहोस् वा श्रव्य तथा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी सोहीअनुसार विद्यार्थीलाई पनि वाचन गर्ने अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई पहिला कक्षागत रूपमा र पछि समूह समूहमा विभाजन गरेर तथा अन्त्यमा व्यक्तिगत रूपमा वाचन गर्न प्रेरित गर्नुहोस् र आवश्यक स्थानमा सहयोग पनि गर्नुहोस् ।

(ऊ) एउटा समूह वा व्यक्तिले लयबद्ध वाचन गर्ने क्रममा उक्त समूह वा व्यक्तिलाई उच्चारण गर्न कठिन भएका शब्द स्रोता समूहलाई टिपोट गर्न लगाउनुहोस् ।

(ऋ) टिपोट गरिएका शब्द विद्यार्थीलाई नै भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ए) टिपोट गरिएका शब्दलाई शब्दपत्तीका माध्यमबाट प्रस्तुत गर्दै शैक्षणिक पाटीमा अक्षरीकरण गरेर देखाउनुहोस् र विद्यार्थीलाई उच्चारण अभ्यास गराउनुहोस्, जस्तै :

बाच्छा /बाच्.छा/ बाखा /बाक्.खा/ परिश्रमी /प.रि.श्र.मि/

(ऐ) विद्यार्थीले उच्चारणका क्रममा गर्ने त्रुटि पहिचान गर्नुहोस् र बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

(ओ)बोध र अभिव्यक्तिअन्तर्गतको अभ्यास न. १ मा रहेका शब्दको शुद्ध उच्चारण गराउने अभ्यास गराउनुहोस् । आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) यस कवितामा कतिओटा श्लोक रहेका छन् ?

(आ) कविताका प्रत्येक पङ्क्तिमा कति कतिओटा अक्षर रहेका छन् ?

(ख) कविताको पहिलो र दोस्रो श्लोक गति, यति र लय मिलाई वाचन गर्न लगाउनुहोस् ।

(ई) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

गाईभैँसी, लेकबेँसी, काँक्रा ,प्रीति

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दार्थ<br>• शब्द पहिचान<br>• वाक्यमा प्रयोग | • निर्धारित अर्थ व्यक्त गर्ने शब्द पहिचान गर्न<br>• अनेकार्थी शब्द र अर्थ पहिचान गर्न<br>• आनुप्रासिक शब्द पहिचान गर्न<br>• निर्धारित शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | • शब्दार्थपत्ती, शब्दतालिका<br>• अनेकार्थी शब्दको सूचीपत्र<br>• आनुप्रासिक शब्दको सूचीपत्र<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई अन्त्यानुप्रास मिलेको कुनै एउटा कविता मुक्तक सुनाउनुहोस् र त्यस्तै प्रकृतिको कविता वा गीत गाउन प्रेरित गर्नुहोस् । कवितामा के कारणले मिठास भरिएको छ भन्ने कुरा प्रश्नका रूपमा छोड्नुहोस् र यसको उत्तर पछि आउने कुरा पनि जानकारी गराउनुहोस् ।

मलाई गाउँको त्यो हरियाली बाटो मन पर्छ
मसँगै रमाउने माटो मनपर्छ
पिजा, बर्गर, म:म: ,चाउमिन होइन मेरी आमा
तिम्रै हातले बनाएको रोटी मन पर्छ ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गराउँदै आजको कक्षाको पाठ्यवस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई पाठ्य कविता एकपटक लयबद्ध गरी पढ्न लगाउनुहोस् ।

(आ) लयबद्धवाचनपछि मौनपठन गर्न निर्देश गर्नुहोस् र अर्थ थाहा नभएका वा नयाँ शब्द शब्दपत्तीमा टिपोट गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले टिपोट गरेका शब्दलाई गोजी तालिकामा देखाउनुहोस् । प्रस्तुत गरिएका शब्दको अर्थ खोज्न विद्यार्थीलाई नै प्रोत्साहन गर्नुहोस् ।

(ई) टिपोट गरिएका कतिपय शब्दको अर्थ विद्यार्थीले नै भन्न सक्ने छन् । उनीहरूले शब्दको अर्थ भनेमा स्याबासी दिनुहोस् । उनीहरूले भन्न नसकेका शब्दको अर्थ सिकाउँदा पर्यायवाची शब्द, विपरीतार्थी शब्द, अनेकार्थी शब्द आदिका आधारमा शब्दार्थपत्तीका माध्यमबाट सिकाउनुहोस्, जस्तै :

| | |
|---|---|
| गरा | पानी जमाएर धान रोप्न डिलमा आली लगाई बनाइने खेतको अलग अलग भाग, फोगटो |
| कुला | खेतबारीमा पानी पटाउन नदी, तलाउ आदिबाट डोऱ्याएर ल्याइने पानीको सोतो |
| खानी | धेरै चिज उत्पन्न भएको र पाइने ठाउँ |

(उ) शब्दको अर्थ सिकाउँदा स्थानीय वस्तु तथा चित्रको प्रयोग र आवश्यकताअनुसार हाउभाउको पनि उपयोग गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । शब्दार्थका लागि पाठसँग सम्बन्धित विभिन्न शब्दहरू टिपोट गर्न लगाउनुहोस् । पालैपालो एक समूहले अर्को समूहलाई शब्द सोधी अर्थ भन्न लगाउनुहोस् । यस क्रियाकलापलाई प्रतियोगितात्मक ढङ्गले पनि सञ्चालन गर्नुहोस् र विजेता घोषणा गर्नुहोस् ।

(ऋ) शब्दार्थकै क्रममा छलफलमा आएका विभिन्न शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गरिएका शब्दलाई कक्षाकोठामा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ए) यो अभ्यास विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी वाक्यपत्तीमा लेख्न लगाएर वा व्यक्तिगत रूपमा शैक्षणिकपाटीमा लेख्न लगाएर पनि अभ्यास गराउन सक्नुहुने छ । यसै क्रियाकलापसँग जोडी शब्दभण्डार खण्डको अभ्यास नं ३ का शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् ।

(ऐ) शब्दभण्डार खण्डको अभ्यास न. १ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र दिइएका अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् । यसका लागि शिक्षकले शब्दतालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस्, जस्तै :

- खेतीपातीको काम गरेर जीविका चलाउने व्यक्ति — किसान

- लहरामा झाङ्गिएर फल्ने लामो आकारको फल — काँक्रो
- खेतबारीमा खन्ने फलामे हतियार — कोदाली
- भैँसीको भाले बच्चा — पाडो
- बाख्रा, कुखुरा आदि पाल्न बनाइएको सानो कोठो — खोर

(ओ) शब्दभण्डार खण्डको अभ्यास न २ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र दिइएका शब्दको मिल्ने अर्थमा ठिक चिह्न(✓) र नमिल्ने अर्थमा बेठिक चिह्न(☒) लगाउन लगाउनुहोस् । यसका लागि शिक्षकले शब्दार्थ तालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस्, जस्तै :

**ताल** (.........✓.......) पोखरी

(........✓.......) सङ्गीतको ताल

(........☒.......) टाल्ने काम

(औ) शब्दभण्डार खण्डको अभ्यास न. ३ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र दिइएका अनेकार्थी शब्दको फरक फरक अर्थ आउने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै :

**उत्तर** : पेमाले शिक्षकले सोधेका प्रश्नका सही **उत्तर** दिइन् ।

पेमाको घर **उत्तरतर्फ** फर्केको छ ।

(अं) शब्दभण्डार खण्डको अभ्यास न. ४ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र निर्देशानुसारका अनुप्रासयुक्त शब्द पहिचान गर्न लगाउनुहोस् । यसका लागि अगि कक्षामा पस्नासाथ आफूले गीत वा कविता गाएको सन्दर्भलाई जोडी उक्त कविता वा गीतलाई तिनै अनुप्रास (उस्तै सुनिने) युक्त शब्दले मिठास दिएको कुरा बताउँदै त्यस्तै खालका लय मिल्ने शब्द पाठबाट खोजेर लेख्न प्रेरित गर्नुहोस्, जस्तै :

माटो - साटो, पहरा - छहरा

भरि - थरी छैन - हैन

**३. मूल्याङ्कन**

(क) तल दिइएका शब्दको अनेक अर्थ लेख्नुहोस् :

पत्र , साल , कल , साँचो

(ख) तल दिइएका शब्दलाई अनेक अर्थ आउने गरि वाक्यमा प्रयोग गर्नुहोस् :

मास , वर , तार

(ग) पाठबाट लय मिल्ने उस्तै शब्द खोजी भन्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कवितापूरण<br>• बोध प्रश्नोत्तर<br>• श्रुतिलेखन<br>• अनुलेखन | • कविताको अंश पूरा गर्न<br>• निर्दिष्ट प्रश्नको निश्चित ढाँचामा मौखिक र लिखित माध्यमबाट उत्तर भन्न र लेख्न<br>• कविताका निर्दिष्ट श्लोक श्रुतिलेखन गर्न<br>• कविताका निर्दिष्ट श्लोक अनुलेखन गर्न | • कविताका अपूरा अंश<br>• प्रश्नसूची<br>• उत्तर लेखनका नमुना सूची<br>• कविताका श्लोकपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ).गाउँखाने कथा सोधेर विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

प्रश्नः सेती गाई पानी खाएर आउँदा राती भई के हो ?

उत्तर : सेल पकाएको

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ तर्फ विद्यार्थीलाई केन्द्रित गर्नुहोस् र कविताको अपूरा अंश पढ्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई मूल पाठतर्फ केन्द्रित गर्नुहोस् र कविताका उक्त खाली अंशलाई पूरा गर्ने अभ्यास गराउनुहोस् ।

(इ) यसै किसिमका अन्य थप अभ्यास गराई विद्यार्थीलाई अभ्यस्त गराउनुहोस् । यसका लागि कविताका थप श्लोकका केही शब्द हटाई तयार गरिएका अपूरा अंशको सूचीपत्र प्रदर्शन गरी त्यसलाई पूरा गर्ने अभ्यास गराउनुहोस् ।

(ई) अब विद्यार्थीलाई कविताको मौन पठन गर्न निर्देश गर्नुहोस् ।

(उ) विद्यार्थीलाई कविताका श्लोक सङ्ख्याका आधारमा समूहमा विभाजन गर्नुहोस् ।

(ऊ) शिक्षकले पाठ्य कविताका विभिन्न श्लोकमा आधारित भएर तयार पारेका प्रश्नसूची प्रस्तुत गरी उत्तर भन्न तयार गराउनुहोस् । उनीहरूलाई छोटो उत्तर लेख्न र मौखिक रूपमा व्यक्त गर्नका लागि नमुना प्रस्तुत गरी अभ्यास गराउनुहोस् ।

**मौखिक प्रश्नोत्तरको नमुना**

(क) गाई र भैँसीका बच्चालाई के के भनिन्छ ?

उत्तर : गाई र भैँसीका बच्चालाई बाच्छाबाच्छी र पाडापाडी भनिन्छ ।

(ख) माछा कहाँ पालिन्छ ?

उत्तर : माछा पोखरीमा पालिन्छ ।

(ऋ) यसै नमुनाका आधारमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ का प्रश्नको संरचनाअनुसारको पूर्ण उत्तर मौखिक रूपमा दिने अभ्यास विद्यार्थीलाई गराउनुहोस् ।

(ए) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा आधारित भई कविताको पहिलो श्लोक शिक्षकले मौखिक रूपमा सुनाउनुहोस् र विद्यार्थीलाई उक्त अनुच्छेद सुनेर लेख्न निर्देश गर्नुहोस् ।

(ऐ) श्रुतिलेखनको कार्य सकिएपछि विद्यार्थीलाई एकआपसमा उत्तरपुस्तिका साटासाट गर्न लगाई एकले अर्काको उत्तरपुस्तिका कविताको पहिलो श्लोक जस्ताको तस्तै लेखे नलेखेको पहिचान गर्न र अशुद्ध भएका ठाउँमा गोलो चिह्न लगाउन लगाउनुहोस् । यसमा शिक्षकले सचेततापूर्वक सबै विद्यार्थीको गतिविधि अवलोकन गरी आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई कविताको तेस्रो श्लोकको अनुलेखन गराउनुहोस् । अनुलेखन गर्दा दिइएको पद्यांशको वर्णविन्यास तथा लेख्यचिह्नलाई जस्ताको तस्तै ख्याल गरेर हुबहु लेख्नुपर्ने कुरा सिकाउनुहोस् ।

(औ) अनुलेखन गरिसकेपछि विद्यार्थीको उत्तरपुस्तिका एकअर्कामा साटासाट गरी कविताको तेस्रो श्लोकका लेख्यचिह्न, वर्णविन्यासको ख्याल गरी सारे नसारेको कुरा पहिचान गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् :

(अ) माछा कहाँ पालिन्छ?

(आ) माटाले हामीलाई के दिन्छ ?

(ख) कविताको चौथो श्लोक श्रुतिलेखन गराउनुहोस् ।

(ग) बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ ले निर्देश गरेअनुसार कविताको तेस्रो श्लोक अनुलेखन गराउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| • गद्यमा रूपान्तरण<br>• आशय वर्णन<br>• विषयवस्तु तथा मूल भाव वर्णन | • कविताका निर्दिष्ट श्लोकलाई गद्यमा रूपान्तरण गर्न<br>• पाठ्य कविताको आशय वर्णन गर्न<br>• कविताका विभिन्न श्लोकको भाव वा विषयवस्तु प्रस्तुत गर्न | • गद्य रूपान्तरणको नमुना<br>• आशय वर्णन तथा मूलभावको नमुना पत्र |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई “लाग्दछ मलाई रमाइलो मेरै पाखा पखेरो” गित गाउन लगाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको छोटो स्मरण गर्दै आजको कक्षाको पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले कविताका भिन्न भिन्नै पङ्क्ति अलग अलग लेखिएको सूची प्रस्तुत गर्नुहोस् र तीमध्ये कुनै एक पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न अभिप्रेरित गर्नुहोस् ।

(आ) शिक्षकले शैक्षणिक पाटीमा अगि सूचीमा प्रदर्शन गरिएका मध्ये पहिलो हरफलाई गद्यमा रूपान्तरण गरेर देखाउनुहोस्, जस्तै :

| गद्य रूपान्तरण |
|---|
| पालेका छन् खोरभरि कुखुरा र बाखा |
| उत्तर : खोरभरि कुखुरा र बाखा पालेका छन् । |

(इ) गद्यमा रूपान्तरण गर्दा सरल प्रकृतिका वाक्य बनाउन सिकाउनुहोस् । वाक्यलाई कर्ता, कर्म र क्रियाकै संरचनामा संरचित गर्न सिकाउनुहोस् । कविताका श्लोकमा भएकै शब्दबाट वाक्य निर्माण गराउनुहोस् र आवश्यक परेमा मात्र केही शब्द थप्न सिकाउनुहोस् ।

(ई) विद्यार्थीलाई कविताका श्लोक सूचीका माध्यमबाट कविताका विभिन्न श्लोक दिई गद्यमा रूपान्तरण गर्न लगाउनुहोस् र शिक्षकले अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् ।

(उ) शिक्षकले यस कविताले के आशय वा भाव व्यक्त गरेको छ भनी मौखिक प्रश्न गर्नुहोस् र विद्यार्थीबाट आएको उत्तरलाई शैक्षणिक पाटीमा बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

(ऊ) विद्यार्थीबाट आएको उत्तरलाई संयोजन गरी शिक्षकले यस कविताले व्यक्त गरेको मूलभावलाई मौखिक रूपमा व्यक्त गर्नुहोस् ।

(ऋ) आशय वर्णन भनेको कविताका श्लोकले भनेको कुरा तर्क, उदाहरण र आवश्यक कुरा थप्दै बढाएर लेख्ने कार्य हो भनी लेख्न सिकाउनुहोस् ।

(ए) कक्षा पाँचका विद्यार्थीलाई एकै अनुच्छेदमा वा दुई अनुच्छेदमा आशय वर्णन गर्न सिकाउँदै कुनै एउटा श्लोकको आशय वा मूलभाव व्यक्त गरिएको एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

| **आशय वर्णन** |
|---|
| दुनियाँको खुसी लेख्ने किसानको मन<br>किसान हुन् अन्नदाता संसारकै धन |
| उत्तर : |
| किसान भनेको खेतबारी, वनपाखा, गोठमा रमाउने व्यक्ति हुन् । किसान खेतबारीमा लहलह अन्न फलाएर संसारको भोक टार्छन् । गाईभैँसी पालेर सबैलाई दुध पुऱ्याउँछन् । माछाप्रेमीहरूका लागि माछा पाल्छन् । मिहिनेतपूर्वक खोरभरि कुखुरा र बाखा पाल्छन् । फर्सी र काँक्रा फलाउँछन् । दुध, दही, घिउ, मासु, फलफूल |

सबैलाई पुऱ्याउँछन् । झरी, बादल, शीत, ताप केहीको डर मान्दैनन् । आफू हलो, जुवा, कोदाली बोकेर दुनियाँको खुसी लेख्छन् । त्यसैले किसानलाई संसारकै अन्नदाता भनिएको हो ।

(ऐ) विद्यार्थीलाई कविताबाट यस्तै प्रकृतिका विभिन्न श्लोक दिई बढाएर भन्न र लेख्न प्रोत्साहित गर्नुहोस् ।

(ओ) विद्यार्थीबाट आएका उत्तर समावेश गरी कुनै पङ्क्तिको आशय वर्णन गरी प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक छलफल गराई सहजीकरण गर्नुहोस् ।

(औ) विद्यार्थीलाई कविताको आशय समावेश गर्दै कविताको मूलभाव भन्न र लेख्न प्रोत्साहित गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ ले निर्देश गरेबमोजिम निर्दिष्ट पङ्क्तिलाई गद्यमा लेख्न लगाउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ ले निर्देश गरेबमोजिम तलका पङ्क्तिको आशय वर्णन गर्न लगाउनुहोस् ।

(इ) कविताको मूलभाव भन्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त उत्तर लेखन<br>• विचार लेखन | • सङ्क्षिप्त उत्तर लेख्न<br>• कविताले व्यक्त गरेको विचार लिखित रूपमा प्रस्तुत गर्न | • सङ्क्षिप्त उत्तर लेखिएको सूची<br>• विचार लेखनको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो चुट्किला सुनाएर विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् । विद्यार्थीका पनि प्रतिभा प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

हजुरबुबा : ओ, नाती तेरो सर आउँदै हुनुहुन्छ । लुक्, लुक् ।

नाती : पहिला तपाईं लुक्नुहोस् । मैले त हजुरबुबा बित्नुभयो भनेर १२ दिन बिदा लिएको छु ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको कक्षाको पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) पाठ्य कवितालाई मौन पठन गर्न लगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा गरेका मूलभावसम्बन्धी छलफल र मौन पठनका आधारमा कविताका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पाठ्य कविताका विभिन्न श्लोकमा आधारित भएर तयार पारेका प्रश्नसूची प्रस्तुत गर्नुहोस् ।

(इ) शिक्षकले  तयार पारेका प्रश्नसूचीको उत्तर लेख्न तयार गराउनुहोस् र त्योभन्दा अगाडि उनीहरूलाई सङ्क्षिप्त उत्तर मौखिक रूपमा व्यक्त गर्नका लागि नमुना प्रस्तुत गरी  अभ्यास गराउनुहोस् ।

(ई) शिक्षकले सङ्क्षिप्त उत्तर मौखिक रूपमा व्यक्त गर्ने अभ्यासपछि तयार पारेका प्रश्नसूची प्रस्तुत गरी उत्तर लेख्न अभ्यास गराउनुहोस् । उनीहरूलाईसङ्क्षिप्त उत्तर लेखनका लागि नमुना प्रस्तुत गर्नुहोस् ।

**सङ्क्षिप्त उत्तर लेखनको नमुना**

(क) किसानलाई किन धन्य भनिएको हो ?

उत्तर : खेतबारीमा लहलह अन्न फलाएर संसारको भोक टार्ने भएकाले किसानलाई धन्य भनिएको हो ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १० मा आधारित भई सङ्क्षिप्त उत्तर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थी सक्रिय भए नभएको ख्याल गर्नुहोस् । विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) अगिल्लो कक्षामा गरेका मूलभावसम्बन्धी छलफल र यस कक्षामा गरेको सङ्क्षिप्त उत्तर लेखन अभ्यासमा आधारित हुँदै बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ मा ध्यान आकर्षित गराउनुहोस् ।

(ऋ) पाठ्य कवितालाई पुनः मौन पठन गर्न लगाउनुहोस् र मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीले टिपोट गरेका मुख्य मुख्य विषयवस्तु प्रस्तुत गर्न लगाई कविताले व्यक्त गरेको विचार मौखिक रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीले टिपोट गरेका विषयवस्तुलाई समावेश गर्दै आवश्यक कुरा थपेर मुख्य विचार लेखनका सम्बन्धमा प्रस्ट पारिदिनुहोस् र शिक्षक आफूले तयार पारी ल्याएको विचार लेखनको नमुना प्रदर्शन गरी त्यस्तै तरिकाबाट बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ ले निर्देश गरेबमोजिम विचार लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका प्रश्नका सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् :

(अ) कसले माटासँग प्रीति गाँसेको छ ?

(अ) कवितामा खेतबारी र पसिनालाई केसँग तुलना गरिएको छ ?

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ ले निर्देश गरेबमोजिम लेखिएका विचार साथीबाट परीक्षण गर्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • लयबद्ध कवितावाचन<br>• चित्रकला प्रदर्शन | • लयबद्ध कवितावाचन गर्न<br>• चित्र वर्णन गर्न | • कविताका श्लोकसूची<br>• चित्र |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कक्षामा प्रवेश गर्नासाथ कुनै प्रेरणदायी रोचक प्रसङ्गबाट सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत  गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाइ तीनओटा समूहमा विभाजन गर्नुहोस् । ती समूहलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ को कवितातर्फ ध्यान केन्द्रित गर्न लगाउनुहोस् ।

(आ) तीनओटै समूहलाई एक एक श्लोक बाँड्नुहोस् र लयबद्ध वाचनका लागि प्रेरित गर्नुहोस् ।

(इ) यस्तो संरचनाको कविता यहाँभन्दा अगाडि सुनेको छ कि छैन भनी प्रश्न गर्नुहोस् ।

(ई) पाठ एक र आठ भन्ने विद्यार्थी सङ्ख्या यकिन गरी पुनः स्मरण गराइ सोहीअनुरूप वाचन गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले वाचन गरेका कवितामध्ये उत्कृष्ट समूह छनोट गर्न लगाउनुहोस् र पुनः वाचन गर्न  लगाउनुहोस् ।

(ऊ) विद्याथीका समूहलाई सम्मानस्वरूप ताली दिँदै आवश्यक सुझाव पनि दिनुहोस् ।

(ऋ) कविताले के सन्देश दिन खोजेको छ भनी सामान्य छलफल गराउनुहोस् ।

(ए) कक्षाका सबै विद्यार्थीलाई चार्टपेपर बाँड्नुहोस् र एकछिन आँखा चिम्लन लगाउनुहोस् । विद्यालयको अगाडि बगैँचा छ । त्यहाँ विद्यार्थी फूलको बोटमा पानी हाल्दै छन् भन्दै ती दृश्यको कल्पना गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई निर्दिष्ट विषयको परिकल्पना गरे नगरेको एकिन गर्नुहोस् र आँखा खोल्न लगाइ ती विषयमा चित्र बनाउनुपर्ने जानकारी गर्नुहोस् । विद्यार्थी चित्र बनाउन तयार रहेको स्पष्ट हुनुहोस् र चित्र बनाउन प्रोत्साहित गर्नुहोस्, जस्तै :



(ऐ) विद्यार्थीले बनाएका चित्र प्रदर्शन पाटीमा प्रदर्शन गर्न लगाउनुहोस् र सबै साथीको चित्र अवलोकन गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ओ) विद्यालयमा विद्यार्थीले वृक्षारोपण गरेको विषयको आधारमा उत्कृष्ट चित्र छनोट गर्न लगाउनुहोस् र घोषित चित्रलाई बधाईस्वरूप ताली बजाउन लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) निर्दिष्ट कविता लयबद्ध वाचन गर्न लगाउनुहोस् ।

(ख) प्रदर्शनी पाटीमा टाँसिएको चित्रमा देखिएका ५ ओटा कुरा भन्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● भाषिक प्रकार्य (नेतृत्व सिप) | ● नेतृत्व सिपसम्बन्धी भाषिक प्रकार्यको प्रस्तुतीकरण गर्न | ● नेतृत्व सिप प्रस्तुतीकरणको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कक्षामा प्रवेश गर्नासाथ कुनै नेताको भाषण नक्कल गरी सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले विद्यार्थीलाई आफ्नो गाउँठाउँको नेता चिनेको छ भनी प्रश्न गर्नुहोस् । आफूले चिनेका नेताले के के काम गर्छन् भनी प्रश्न गर्दै नेतृत्व सिपसम्बन्धी भाषिक प्रकार्यका विषयमा छलफल गर्नुहोस् । सामूहिक उद्देश्य प्राप्तिका लागि व्यक्ति अथवा समूहका क्रियाकलापलाई प्रभावित पार्ने कार्यलाई नेतृत्व भनिन्छ । यो जुनसुकै परिस्थितिमा अन्य व्यक्तिको प्रवृत्ति र बानीव्यहोरालाई एउटा आकारमा ल्याउने प्रक्रिया पनि हो । निर्णय क्षमता, इच्छाशक्ति, सही र गलत छुट्याउन सक्ने खुबी, विषयवस्तुको राम्रो ज्ञान, परिस्थितिअनुरूप लचकता, केही गर्नुपर्छ भन्ने उत्साह आत्मविश्वास, निष्पक्षता, धैर्यता असल नेतृत्वका गुण हुन् भनी बताउनुहोस् ।

(आ) विद्यार्थीको ध्यान बोध र अभिव्यक्ति खण्डको अभ्यास १५ ले निर्देश गरेबमोजिमको भाषिक प्रकार्यतर्फ केन्द्रित गर्नुहोस् र विद्यार्थीलाई दिएको सन्दर्भ पढ्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् ।

(आ) उदाहरणमा काजोलले कक्षाको प्रतिनिधि भएपछि के के काम गरिन् भन्न लगाउनुहोस् ।

(इ) विद्यार्थीलाई उदाहरणमा जस्तै आफ्नो कक्षाको प्रतिनिधिले गर्ने काम भन्न लगाउनुहोस् । विद्यार्थीले सुनाएका अनुभव ध्यानपूर्वक सुन्दै आवश्यकताअनुसार सहजीकरण गर्दै पृष्ठपोषण दिनुहोस् ।

(ई) कक्षामा प्रतिनिधि कसरी छनोट गरिन्छ ? आफू प्रतिनिधि बन्न कस्ता कस्ता विषय प्रस्तुत गर्नुहुन्छ भन्न लगाउनुहोस् र अन्यलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् ।

(उ) कक्षाको प्रतिनिधिले कुन कुन कुरामा ध्यान दिनुपर्छ भन्ने विषयमा छलफल गराउनुहोस् । समूहबाट आएको निष्कर्षलाई प्रतिनिधिमार्फत प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऊ) काजोल जस्तै तपाई कक्षाको प्रतिनिधि हुनुभयो भने के गर्नुहुन्छ भनी प्रश्न गर्नुहोस् । कक्षाको प्रतिनिधिलाई सुझावसहित आफ्नो योजना व्यक्तिगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस्, जस्तैः

नमस्कार । मेरो नाम अमित चौधरी हो । म कक्षा ५ मा पढ्छु । यदि म कक्षाको प्रतिनिधि भएँ भने म निम्न कार्य गर्ने छु :

- कक्षा कसरी राम्रो बनाउन सकिन्छ भनेर गुरुसँग सल्लाह लिने छु ।
- कक्षामा चक्रिय बसाइ विधि अपनाउने छु ।
- आफ्नो कक्षा आफैँ सफा राख्न साथीसँग मिलेर काम गर्ने छु ।
- विद्यालयको चउर सफा राख्न समूहमा मिलेर काम गर्ने छु ।
- दुई विद्यार्थी एक गमला अभियान थाल्ने छु ।
- नआएको विषय साथी साथी छलफल गरेर समाधान गर्ने प्रयास गर्ने छु ।
- साथीलाई आवश्यक सहयोग गर्ने छु ।

(ऋ) आफ्नो कक्षाको प्रतिनिधिले गरेका कामको पनि भन्न लगाउनुहोस् ।

(ए) आफू प्रतिनिधि हुँदा गर्ने काम र आफ्ना प्रतिनिधिले गरिरहेको कामबिच तुलना गरी भन्न लगाउनुहोस् ।

(ऐ) सबै विद्यार्थीको योजना सुनिसकेपछि आवश्यक सुझावसहित सबैको विचारको सम्मानका लागि ताली बजाउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) नेतृत्व लिने व्यक्तिले कुन कुन कुरामा ध्यान दिनुपर्छ ?

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पदक्रम मिलान<br>• शुद्ध शब्द पहिचान | • निर्दिष्ट प्रश्नमा आधारित भई पदक्रम मिलान गर्न<br>• शुद्ध शब्द पहिचान गर्न | • पदक्रम मिलान गरिएको चार्ट<br>• शुद्ध शब्द पहिचान गरिएको तालिका |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) तलका गित गाउनुहोस् र पदक्रम मिलानको विषयमा सामान्य जानकारी दिनुहोस् :

बोलाऊँ भने तिमीलाई बात लाग्ने डर

नबोलाऊँ त तिम्रो प्रितको पाप लाग्ने डर ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका सङ्क्षेपमा स्मरण गर्दै आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको अभ्यास १ तर्फ ध्यान आकर्षित गर्न लगाउनुहोस् । कक्षा प्रवेशको क्रममा गाएको गीत स्मरण गराउँदै गीतमा व्याकरणिक पदक्रम मिलेको छैन तर वाक्यमा कर्ता, कर्म र क्रिया मिलेको हुनुपर्छ भनी बताउनुहोस् ।

(आ) अभ्यास १ को 'क' देखि 'ङ' सम्मका वाक्यमा पदक्रम मिलेका र नमिलेका वाक्य छनोट गर्न लगाउनुहोस् ।

(इ) पदक्रम मिलेका वाक्य मिल्नुका र पदक्रम नमिलेका वाक्यहरू नमिल्नुका कारणहरू अनुमान गर्न लगाउनुहोस् ।

(ई) नेपाली भाषाका वाक्य संरचना कर्ता ,कर्म र क्रियाको रूपमा हुन्छन् भन्ने जानकारी दिनुहोस् । जस्तैः

| **पदक्रम मिलेका वाक्य** | **पदक्रम नमिलेका वाक्य** |
|---|---|
| उनीहरू विद्यालय जान्छन् । | उसलाई म बोलाउँछु । |
| (कर्ता) (कर्म) (क्रिया) | (कर्म) (कर्ता) (क्रिया) |

(उ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको अभ्यास १ को पदक्रम मिलेको भए ठिक (✓) र नमिलेको भए (☒) चिह्न लगाउन लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले गरेका काम अवलोकन गरी उनीहरू स्पष्ट भए नभएको यकिन गरी आवश्यक ठाउँमा सहजीकरण गर्नुहोस् ।

(ऋ) निम्नअनुसारका वाक्य लेखी पदक्रम मिलाएर लेख्न अभ्यास गराउनुहोस् :

**राम्रा राम्रा कविता लेख्नुहुन्छ दिदी ।**

**उत्तर : दिदी राम्रा राम्रा कविता लेख्नुहुन्छ ।**

उल्लिखित वाक्य कर्ता, कर्म र क्रियाको पदक्रममा रहेको जानकारी दिनुहोस् ।

(ए) भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको अभ्यास २ को वाक्यलाई पदक्रम मिलाएर लेख्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई चार समूहमा वर्गीकरण गर्नुहोस् र भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको अभ्यास ३ तर्फ ध्यान केन्द्रित गर्नुहोस् ।

(ओ) प्रत्येक समूहलाई दिइएका शब्द समूहबाट शुद्ध शब्द चिनेर लेख्न निर्देश गर्नुहोस् र निश्चित समय निर्धारण गर्नुहोस् । जस्तै :

| | | | |
|---|---|---|---|
| (क) अछ्यर | अक्छ्यर | अक्षर | अक्क्षर = अक्षर |
| (ख) छ्यमता | क्षमता | क्ष्यमता | छमता = क्षमता |
| (ग) छड्के | छ्यड्के | क्ष्यड्के | क्षड्के = छड्के |

(औ) विद्यार्थीका समूह कार्यको अवलोकन गरी पहिला हुने समूहलाई विजेता घोषित गरी ताली बजाउनुहोस् । आवश्यकताअनुसार थप सिकाइ गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) भाषिक संरचना र वर्णविन्यासअन्तर्गतका अभ्यास १ र २ उत्तर भन्न लगाउनुहोस् ।

(ख) भाषिक संरचनाअन्तर्गतको अभ्यास ३ को उत्तर भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• सिर्जनात्मक कार्य (कविता लेखन र प्रस्तुति) | • सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>• कविता लेख्न र प्रस्तुत गर्न | • सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची<br>• उत्तरका नमुना<br>• कविताको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई 'अक्षर' शब्द कसरी लेखिन्छ भनी प्रश्न गर्दै लेख्न लगाइ सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुको.छोटो स्मरण गर्दै आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । श्रुतिबोधका लागि सुनाइ पाठ ध्यानपूर्वक सुनी विषयवस्तु बोध गर्नुपर्ने, सुनाइ पाठकै आधारमा सोधिएका प्रश्नका उत्तर दिनुपर्ने र प्रश्नका संरचनाअनुसार नै उत्तर दिनुपर्ने कुरा सम्झाउनुहोस् ।

(आ) सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका लागि पूर्ण सचेत गराउनुहोस् ।

(इ) विद्यार्थीलाई सुनाइ पाठ ८ सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ ८ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ ।

(ई) पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई अभ्यासका निर्धारित प्रश्नहरू हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(उ) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ पाठ ८ मा आधारित भई र सुनाइ बोलाइ पाठको अभ्यास १ को निर्देशानुसारको अभ्यास मौखिक रूपमा गर्न लगाउनुहोस्, जस्तै :

- घरगाउँ सफा छैन । बेठिक
- समाज निरोगी र रसिलो छैन । बेठिक
- समाजमा सुशान्ति र मेल छ । ठिक
- सबै जुटेर समाज राम्रो बनायौँ । ठिक

(ऊ) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(ऋ) विद्यार्थीलाई पुनः अभ्यास दुईतर्फ केन्द्रित गर्नुहोस् । सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनस्मरण गराउनुहोस्, जस्तै :

प्रश्न : विकासमा हात कसरी लाग्छन् ?

उत्तर : विकासमा हात खुलेर लाग्छन् ।

(ए) सुनाइ पाठपश्चात् विद्यार्थीलाई फूलबारी शीर्षकमा कविता लेख्न तयार रहन निर्देश गर्नुहोस् ।

(ओ) फूलबारीसँग सम्बन्धित बुँदा तयार गर्न लगाउनुहोस् र अनुप्रास मिलेका शब्द टिप्न लगाउनुहोस् ।

(औ) बुँदा र अनुप्रास मिलाएर कविता तयार गर्न लगाउनुहोस् र प्रस्तुत गर्न लगाउनुहोस् हौसलाका निम्ति ताली बजाउनुहोस् । जस्तै :

म आफैँले बनाएको फूलबारी मेरो
साह्रै सुन्दर देखिएको मेरो सेरोफेरो ।

फूलबारी हेर्न भनी साथीभाइ आउँछन्
भमरा र पुतलीले उसैगरी धाउँछन् ।
फुलाउँछु पसिनाले फूल थरीथरी
हेरिरहन मन लाग्छ मलाई घरीघरी

सबै जना हेर्न आउनू फूलबारी मेरो
साह्रै सुन्दर देखिएको मेरो सेरोफेरो ।

**३. मूल्याङ्कन**

(क) सुनाइ र बोलाइ पाठ ८ सम्बन्धी अभ्यास १ र २ का उत्तर भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले तयार गरेका कविता भन्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

| पाठ : ९ | स्वास्थ्य र जीवनशैली | |
|---|---|---|
| **विधा : निबन्ध** | | **कार्यघण्टा : ११** |

**परिचय**

हरिप्रसाद पोखरेलद्वारा लिखित 'स्वास्थ्य र जीवनशैली' वस्तुपरक निबन्ध हो । कुनै विषयवस्तु, भाव र विचारलाई सुनियोजित र सुव्यवस्थित रूपमा बाँधेर प्रस्तुत गर्ने साहित्यिक विधा निबन्ध हो । निबन्धमा आफूले जानेका, सुनेका, देखेका कुनै पनि विषयमा विषयवस्तुभन्दा बाहिर नगई स्वतन्त्र रूपमा सिलसिला मिलाई वर्णन गरिन्छ । बालबालिकालाई आफूले जानेका, अनुभव गरेका कुरालाई सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्न सक्षम बनाउन निबन्ध शिक्षण गरिन्छ ।

स्वास्थ्यसँग सम्बन्धित यस निबन्धमा स्वस्थ जीवनशैली जिउने कला प्रस्तुत गरिएको छ । कुनै विषयवस्तु, भाव र विचारलाई सुनियोजित र सुव्यवस्थित रूपमा बाँधेर प्रस्तुत गर्ने साहित्यिक विधा निबन्ध हो । निबन्ध शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति बोध क्षमता र गद्यात्मक लिखित अभिव्यक्ति क्षमता विकास गर्नु हो । निबन्धमा भाषाको बौद्धिक प्रयोग हुन्छ । यस विधाको शिक्षणबाट विद्यार्थीमा विचारलाई शृङ्खलाबद्ध ढङ्गले अभिव्यक्ति दिने क्षमताको विकास हुन्छ । यसबाट विद्यार्थीमा कुनै पनि विषयमा स्वतन्त्र रूपमा वैचारिक अभिव्यक्ति दिन सक्ने क्षमताको विकास हुन्छ । भाषिक सिपको विकासमा निबन्ध विधाको उपयोगबाट मुख्य रूपमा लेखाइ सिपको विकासमा सहयोग पुगी आवश्यकताअनुसार अन्य भाषिक सिपको पनि विकास हुन्छ । निबन्ध विधाको शिक्षण सस्वर तथा मौन पठन, पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग, पठनबोध, अनुच्छेद रचना तथा निबन्ध लेखन सिपको विकासमा केन्द्रित हुनुपर्छ ।

यस पाठबाट विद्यार्थीमा सुनाइ र संरचना पहिचान, सुनाइ र प्रश्न निर्माण, सुनाइ र मुख्य विषय टिपोट, विषयवस्तुको सार प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, कल्पनाका आधारमा विषय वर्णन, सुनाइ र प्राप्त सुचनाको पुनर्कथन सिप विकास

गराउनुपर्छ । पढाइ सिपअन्तर्गत समयबद्ध सस्वर पठन र गति वृद्धि, मौन र द्रुत पठन, संरचना पहिचान, घटनाक्रम पहिचान पाठको विषयवस्तु बोध र सन्देश ग्रहण जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत विषयवस्तु वर्णन, मुख्य मुख्य बुँदा टिपोट, प्रश्नोत्तर र चित्र वर्णन, प्रश्न निर्माण, अनुच्छेद लेखन र बुँदाका आधारमा निबन्ध लेखनलगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । शब्दभण्डारअन्तर्गत समूहवाचक शब्द पहिचान र प्रयोग, पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत वर्तमान कालको पहिचान र प्रयोगका क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत शब्दमा चन्द्रविन्दु र शिरविन्दुको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा आफ्ना बानी र रुचिसम्बन्धी प्रयोजनपरक भाषिक सञ्चार भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । परियोजना कार्यअन्तर्गत खेलकुद र स्वस्थ्यसँग सम्बन्धित अनुच्छेद लेखनसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ ९ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ ९ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • चित्र पहिचान र छलफल<br>• सन्दर्भ पहिचान | • पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>• मूल पाठ खण्डमा समाविष्ट चित्र पहिचान र छलफल गर्न<br>• पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न | • पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर (सम्भव भएसम्म) | १ |
| दोस्रो दिन | • संरचना पहिचान<br>• सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ | • निबन्धको संरचना पहिचान गर्न<br>• निर्दिष्ट अनुच्छेद (अनुच्छेद १ देखि ४ सम्म) सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन | • निबन्धको संरचना तालिका<br>• शब्दपत्ती<br>• शब्दार्थपत्ती | १ |
| तेस्रो दिन | • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ<br>• वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद (अनुच्छेद ५ देखि ७ सम्म) सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भई छोटा छोटा प्रश्नका उत्तर दिन | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• उत्तरको नमुना | १ |
| चौथो | • सस्वर पठन | • निर्दिष्ट अनुच्छेद (अनुच्छेद ८ देखि | • शब्दपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| दिन | • शुद्धोच्चारण<br>• शब्दार्थ<br>• वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | अन्तिमसम्म) सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ बताउन<br>• नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित छोटा प्रश्नको उत्तर दिन | • शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• उत्तरको नमुना | |
| पाँचौं दिन | • पारिभाषिक शब्द पहिचान<br>• सङ्क्षिप्त शब्द | • निर्धारित अर्थ बुझाउने शब्द पहिचान गरी लेख्न<br>• सङ्क्षिप्त शब्द र पूरा रूपबिच जोडा मिलाउन<br>• सङ्क्षिप्त शब्द बनाउन<br>• सङ्क्षिप्त शब्दको विस्तारित रूप लेख्न | • अर्थ र शब्दको तालिका<br>• सङ्क्षिप्त शब्द र विस्तारित रूप तालिका | १ |
| छैटौं दिन | • मौखिक तथा लिखित प्रश्नोत्तर<br>• वाक्यपूरण<br>• श्रुतिलेखन | • निर्दिष्ट पाठ पढी प्रश्नको मौखिक तथा लिखित उत्तर दिन<br>• पाठमा प्रयुक्त वाक्य पहिचान गरी वाक्य पुरण गर्न<br>• निर्दिष्ट अनुच्छेद सुनेर लेख्न | • प्रश्नसूची र उत्तरको ढाँचाको नमुना<br>• पूर्णवाक्यको नमुना<br>• अनुच्छेद | १ |
| सातौं दिन | • बुँदा टिपोट<br>• विचार लेखन<br>• प्रश्न निर्माण | • निर्दिष्ट पाठबाट बुँदा टिपोट गर्न<br>• निर्दिष्ट पाठ पढेर आफ्नो विचार लेख्न<br>• निर्दिष्ट पाठबाट प्रश्न निर्माण | • बुँदा टिपोट नमुना<br>• विचार लेखन नमुना<br>• प्रश्न निर्माण नमुना | १ |
| आठौं दिन | • चित्र वर्णन<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट चित्रको वर्णन गर्न<br>• बोध प्रश्नको उत्तर लेख्न | • चित्र, प्रोजेक्टर<br>• प्रश्न सूची र उत्तरको नमुना पत्र | १ |
| नवौं दिन | • भाषिक प्रकार्य (बानी र रुचि)<br>• श्रुतिबोध (सुनाइ र बोलाइ) | • बानी र रूचिमा आधारित सञ्चार प्रवाह गर्न<br>• सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न | • बानी र रूचिमा आधारित नमुनापत्र<br>• सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची<br>• उत्तरका नमुना | १ |
| दसौं दिन | • वर्तमान कालको पहिचान र प्रयोग | • वर्तमान कालको पहिचान र प्रयोग गर्न | • मेटा कार्ड र क्रियापदको सूची । | १ |
| एघारौं दिन | • चन्द्रविन्दु र शिरविन्दु भएका शब्दको पहिचान र प्रयोग | • चन्द्रविन्दु र शिरविन्दु भएका शब्दको पहिचान र प्रयोग गर्न<br>• निर्दिष्ट विषयवस्तुमा आधारित अनुच्छेद रचना गर्न | • चन्द्रविन्दु र शिरविन्दु शब्दको प्रयोगभएकाशब्दको सूची, | १ |

| | | | | |
|---|---|---|---|---|
| | • सिर्जनात्मक कार्य | | • अनुच्छेदका नमुना र कार्डबोर्ड | |
| **जम्मा कार्यघण्टा** | | | | **११** |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र पहिचान र छलफल<br>• सन्दर्भ पहिचान | • पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>• मूल पाठ खण्डमा समाविष्ट चित्र पहिचान र छलफल गर्न<br>• पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न | • पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर (सम्भव भएसम्म) |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई आँखा चिम्लन लगाई लामो लामो श्वास लिन लगाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) पूर्व पठन खण्डका चित्र प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । सम्भव भएसम्म विद्यार्थीबाट निर्मित तस्बिर प्रयोग गर्नुहोस् ।



(आ) विद्यार्थीलाई चारओटा समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई पूर्व पठन खण्डमा दिइएको चित्रका सम्बन्धमा आपसमा छलफल गराउनुहोस् र विद्यार्थीलाई सामूहिक रूपमा धारणा व्यक्त गर्न लगाउनुहोस् । शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

(इ) प्रत्येक समूहलाई आलोपालो गरी ती चित्र छलफल गराउनुहोस् र प्रत्येक चित्रका बारेमा प्रत्येक समूहलाई सामूहिक धारणा व्यक्त गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देश गरी पूर्व पठन खण्डमा रहेको अनुच्छेद शिक्षकले सस्वर पठन गरी सुनाउनुहोस् ।

(उ) उक्त अनुच्छेदमा रहेको विषयवस्तु र अगि आफूहरूले सामूहिक रूपमा छलफल गरेर निष्कर्ष निकालेको विषयवस्तुबिच तालमेल मिले नमिलेको बारेमा समूहमै मौखिक समीक्षा गर्न लगाउनुहोस् । त्यसको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(ऊ) अब विद्यार्थीलाई मूल पाठ खण्डका चित्र प्रदर्शन गर्नुहोस् र ती चित्रका बारेमा पनि सामूहिक छलफल गराई ती चित्रले व्यक्त गरेको सन्देश अनुमान गरी व्यक्त गर्न लगाउनुहोस् ।

(ऋ) छलफल गरिएका चित्रका आधारमा पाठमा केकस्तो विषयवस्तु रहेको होला ? भन्ने विषयमा विद्यार्थीलाई सामूहिक रूपमै अनुमान गर्न लगाउनुहोस् ।

(ए) समूहबाट आएको निष्कर्ष प्रत्येक समूहको टोलीनेतामार्फत कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीबाट आएको उत्तरलाई मध्यनजर गरी शिक्षकले पाठको विषयवस्तुसँग समन्वय गराउँदै ती प्रत्येक चित्रले व्यक्त गरेको विषयवस्तुलाई स्वस्थ रहन योग, शारीरिक व्यायाम र खानपानको विशेष भूमिका हुन्छ । हामीले जसरी भए पनि शरीरलाई स्वस्थ र निरोगी राख्न सक्नुपर्छ भन्ने विषयासँग सम्बन्धित रहेको कुरा प्रस्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पूर्व पठन खण्डका चित्रले के के कुरा व्यक्त गरेको छ ? बताउन लगाउनुहोस् ।

(ख) मूल पाठ खण्डका चित्रले व्यक्त गरेका कुरा वर्णन गर्न लगाउनुहोस् ।

(ग) पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्रका आधारमा पाठमा केकस्ता विषयवस्तु समावेश गरिएको होला ? बताउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान<br>• सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ | • निबन्धको संरचना पहिचान गर्न<br>• मूल पाठ (अनुच्छेद १ देखि ४ सम्म)<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन | • निबन्धको संरचना तालिका<br>• शब्दपत्ती<br>• शब्दार्थपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शारीरिक व्यायामका फाइदा बताइ सिकाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका स्मरण गराउँदै आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई निबन्ध विधासम्बन्धी भएको पूर्वज्ञानको विवरण सङ्कलन गर्नुहोस् । पाठ ३ मा पढ्नुभएको निबन्धको विषयवस्तु के थियो भनी स्मरण गर्न लगाउनुहोस् । उनीहरूको उत्तरलाई ध्यानमा राखी ती पढेका र लेखेका निबन्धमा के के कुरा रहेका थिए भनी छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीले छलफलमार्फत दिएका उत्तरलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । ती टिपोट गरिएका विषयवस्तुलाई समेटी निबन्धमा के कस्ता कुरा चाहिन्छ भन्ने कुरा बताउँदै विद्यार्थीको स्तर सुहाउँदो ढङ्गबाट निबन्धको संरचनाबारे प्रस्ट पारिदिनुहोस् । यसका लागि संरचना तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

कुनै शीर्षकमा सम्बन्धित रहेर आफ्ना विचार, भावना र तर्कलाई सिलसिला मिलाएर प्रस्तुत गरिएको रचना निबन्ध हो ।

**निबन्धको संरचना**

- शीर्षक (सबैभन्दा माथि)
- सुरु भाग : शीर्षक, परिचय, परिभाषा, पृष्ठभूमि
- मध्यभाग : विषयको वर्णन, महत्त्व, सुझाव, सकारात्मक नकारात्मक पक्ष आवश्यकताअनुसार अनुच्छेद
- निष्कर्ष : शीर्षकसम्बन्धी लेखकको विचार एक अनुच्छेदमा
- भाषाशैली

**यसै संरचना तालिकामा आधारित रही शिक्षक स्वयम्ले तयार पारेको एउटा निबन्ध पनि नमुनाका रूपमा देखाउनुहोस्, जस्तै :**

खेलकुदको महत्त्व

'खेल' र 'कुद' भन्ने दुई शब्दका मेलबाट 'खेलकुद' शब्द बनेको हो । यस शब्दले 'मन बहलाउन वा व्यायामका निम्ति खेल्ने र कुद्ने काम' भन्ने अर्थ व्यक्त गर्छ । 'खेलकुद' शब्दले हिजोआज केवल मनोरञ्जन र व्यायामका लागि खेल्ने र कुदने काम मात्र नबुझाई व्यापक अर्थमा एउटा ठुलो व्यवसायलाई बुझाउन थालेको छ । यो व्यक्तिको सम्मान र प्रतिष्ठासँग पनि जोडिन पुगेको छ । खेलकुदका माध्यमबाट राष्ट्रको नाम विश्वभर फिँजिन्छ । वर्तमान युगमा खेलकुद दिनप्रतिदिन लोकप्रिय बन्दै गएको छ । त्यसैले अहिले खेलकुदका लागि विश्वमा ठुलो धनराशी खर्च भइरहेको छ । यसबाट खेलकुदको महत्त्व स्वतः झल्किन्छ ।

घरभित्र खेलिने खेल र बाहिर खेलिने खेल गरी खेललाई दुई किसिमले वर्गीकरण गर्न सकिन्छ । घरभित्र खेलिने खेलमा शारीरिक परिश्रम धेरै पर्दैन तर तन, मन र मस्तिष्कको प्रयोग भने हुन्छ । यसमा चेस, लुँडो, क्यारिम, बाघचालआदि प्रमुख रूपमा आउँछ । घरबाहिरका खेल शारीरिक व्यायाम, तन, मन र मस्तिष्कको समुचित प्रयोगबाट हुन्छ । खेलबाट हाम्रा शरीर र मन दुवै स्वस्थ रहन्छन् । अझ शारीरिक तन्दुरुस्तीका साथै निरोगी बन्न खेलकुद नै आवश्यक छ । नियमित रूपमा खेलकुदमा सहभागी हुने व्यक्ति ज्यादै फुर्तिलो हुन्छ । त्यसैले समय मिलाएर खेलकुदमा सहभागी हुनु अति जरुरी छ । खेलमा एकाग्रता, अनुशासन र स्वस्थ प्रतिस्पर्धा हुनुपर्छ । खेलकुदबाट मानिसलाई धेरै फाइदा हुन्छ । खेलकुदमा अनुशासन अपरिहार्य हुन्छ र यसले मानिसलाई अनुशासित जीवन बिताउन मदत गर्छ । यसबाट मानिसले समूहमा मिलेर काम गर्ने बानी सिक्छ । खेलबाट शारीरिक व्यायाम हुने भएकाले शरीरमा जाँगर पलाउनुका साथै खाएको कुरा पनि सजिलै पच्छ । व्यक्तिका शरीरको, मनको, बुद्धिको विकासमा खेलकुदले निकै सघाउ पुऱ्याउँछ । खेलले खेल खेल्ने व्यक्ति, समाज र राष्ट्रको गौरव बन्छ ।

समग्रमा भन्नुपर्दा खेलकुद स्वास्थ्यका लागि, व्यक्तिका लागि, मनोरञ्जनका लागि, अर्थ उपार्जनका लागि, राष्ट्रका लागि सामूहिक भावना विकासका लागि, अनुशासनका लागि अति नै महत्त्वपूर्ण छ ।

(इ) विद्यार्थीलाई पाठको पहिलो अनुच्छेदतर्फ ध्यानाकर्षण गराउनुहोस् । कुनै विद्यार्थी तोकेर पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीले वाचन गरेअनुसार नै अन्य विद्यार्थीलाई पाठको एकदेखि चार अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् र वाचन गर्न कति समय लाग्यो हेर्नुहोस् ।

(उ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र विराम चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई स्याबासी दिनुहोस् ।

(ऊ) स्रोता विद्यार्थीबाट टिपोट गरिएका वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऋ) टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस् र उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

दीर्घजीवन :/दिर्.घ.जि.बन्/ स्वास्थ्य : /स्वास्.थ्य./ खाद्यवस्तु : /खाद्.द्य.बस्.तु/

(ए) अब विद्यार्थीलाई चारओटा समूहमा विभाजन गरी पाठका एकदेखि चारसम्मका एक एकओटा अनुच्छेद दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

सेवन : उपभोग, उपयोग
मुहार : अनुहार
निन्याउरो : अँध्यारो अनुहार लगाएको

(ओ) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) निबन्धको संरचना कस्तो हुन्छ भन्न लगाउनुहोस् ?

(ख) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

फुर्तिलोपन, क्यान्सर, सम्भावना

(ग) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

निरोगी, परिवेश, सतर्क

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ<br>• वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद (अनुच्छेद ५ देखि ७ सम्म) सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन<br>• पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भई छोटा छोटा प्रश्नका उत्तर दिन | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• उत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) प्राणायामको अर्थ सोध्दै विद्यार्थीको ध्यान आकर्षण गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) कुनै एक विद्यार्थीलाई पाठको पाँचौ अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउन लगाउनुहोस् ।

(आ) विद्यार्थीले वाचन गरेअनुसार नै अन्य विद्यार्थीलाई पाठको पाँचदेखि सातौँ अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् ।

(इ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र विराम चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई स्याबासी दिनुहोस् ।

(ई) स्रोता विद्यार्थीबाट टिपोट गरिएका वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस् ।

(ऊ) उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

**उपचार : /उ.प.चार्/** **अखाद्य : /अ.खा.द्य./** **दैनिकी : /दै.नि.कि/**

(ऋ) अब विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुच्छेद पाँचदेखि सातसम्मका अनुच्छेद एक एकओटा दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| क्रियाशील | जाँगरिलो ,गतिशील |
| रासायनिक | रसायन सम्बन्धी |
| पदार्थ | आकार वा रूप भएको वस्तु |

(ऐ) यसरी शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न अगि निर्माण गरिएका समूहलाई नै प्रेरित गर्नुहोस् । वाक्य निर्माणका लागि वाक्यपत्ती उपलब्ध गराउनुहोस् ।

(ओ) विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस् । विद्यार्थीबाट निर्मित वाक्य प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

(औ) निर्दिष्ट अनुच्छेदमा आधारित रहेर छोटा छोटा प्रश्न गर्नुहोस् । विद्यार्थीलाई नै उत्तर खोज्न लगाउनुहोस्, जस्तैः

**प्रश्न** : मानिसको मुहार किन चम्कन्छ ?

**उत्तर** : मानिसको मुहार स्वस्थ भएकाले चम्कन्छ ।

प्रश्नोत्तरको क्रममा छिटो उत्तर दिने विद्यार्थीलाई स्याबासी दिनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

उज्यालो, क्रियाशील, सागसब्जी

(ख) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

मास्क, बजारिया, विषादीयुक्त

(ग) तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

तारेका, गुलिया, मसलेदार,

(घ) मानिस किन स्वस्थ देखिन्छन् भन्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ<br>• वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद (अनुच्छेद ८ देखि अन्तिमसम्म) सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ बताउन<br>• नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित छोटा प्रश्नको उत्तर दिन | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• उत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ)कक्षामा विद्यार्थीलाई आँखा बन्द गर्न लगाई तीन पटकसम्म लामो लामो सास तान्दै छोड्दै गर्न लगाउनुहोस् र दुवै हत्केला रगडी तातो हातले आँखा सेक्न लगाई पढाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापको स्मरण गर्दै आजको दिनको सिकाइ विषयवस्तुको जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) कुनै एक विद्यार्थीलाई पाठको आठौँ अनुच्छेद सस्वर पठन गरी सुनाउन लगाउनुहोस् र विद्यार्थीले वाचन गरेअनुसार नै अन्य विद्यार्थीलाई पाठको आठदेखि अन्तिम अनुच्छेदसम्म पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् ।

(आ) सस्वर पठन गर्दा विद्यार्थीले गति, यति र विराम चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई स्याबासी दिनुहोस् ।

(इ) स्रोता विद्यार्थीबाट टिपोट गरिएका वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस् ।

(ई) उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

**झाडापखाला : /झा. डा.प.खा.ला/** **रुगाखोकी : /रु.गा.खो.कि/**

(उ) अब विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुच्छेद पाँचदेखि सातसम्मका अनुच्छेद एक एकओटा दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| **क्रियाशील** | **जाँगरिलो ,गतिशील** |
| **रासायनिक** | **रसायन सम्बन्धी** |
| **पदार्थ** | **आकार वा रूप भएको वस्तु** |

(ऋ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

**मसलेदार - मसला प्रयोग भएको**

**प्राङ्गारिक मल - पातपतिङ्गर खाडलमा कुहाएर गाउँघरमा नै तयार गरिएको मल**

**रक्तचाप - रक्तसञ्चारको वेग वा गति**

(ए) यसरी शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न अगि निर्माण गरिएका समूहलाई नै प्रेरित गर्नुहोस् र वाक्य निर्माणका लागि वाक्यपत्ती उपलब्ध गराउनुहोस् ।

(ऐ) विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस् । विद्यार्थीबाट निर्मित वाक्य प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यकतानुसार वाक्यपत्तीको प्रयोगमार्फत सिकाइ सहजीकरण गर्नुहोस् ।

(ओ) निर्दिष्ट अनुच्छेमा आधारित भएर छोटा छोटा प्रश्न गर्नुहोस् र विद्यार्थीलाई नै उत्तर खोज्न लगाउनुहोस् । जस्तैः

**प्रश्नः कस्ता खाद्यवस्तु स्वास्थ्यका लागि उपयोगी मानिन्छ ?**

**उत्तर : प्राङ्गारिक मलबाट उत्पादन गरिएका खाद्यवस्तु स्वास्थ्यका लागि उपयोगी मानिन्छ ।**

## ३. मूल्याङ्कन

(क) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

छोकडा, क्यान्सर, जीवनशैली

(ख) दिइएका शब्दको अर्थयुक्त वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

विषादी, मधुमेह, व्यवस्थित

(ग) नसर्ने रोगले कसलाई सताउँछ भन्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पारिभाषिक शब्द पहिचान<br>• सङ्क्षिप्त शब्द | • निर्धारित अर्थ बुझाउने शब्द पहिचान गरी लेख्न<br>• सङ्क्षिप्त शब्द र पूरा रूपबिच जोडा मिलाउन<br>• सङ्क्षिप्त शब्द बनाउन<br>• सङ्क्षिप्त शब्दको विस्तारित रूप लेख्न | • अर्थ र शब्दको तालिका<br>• सङ्क्षिप्त शब्द र विस्तारित रूप तालिका |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) प्रअ को पूरा रूप भन्न लगाइ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापको स्मरण गराउँदै आजको दिनको सिकाइ विषयवस्तुको जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई पाठ्य निबन्धको दोस्रो अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् । सबै विद्यार्थीले सक्रिय रूपमा मौन पठन गरे नगरेको पहिचान गरी विद्यार्थीलाई पठन कार्यमा प्रेरित गर्नुहोस् ।

(आ) मौन पठनको कार्य सकिएपछि विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ तर्फ ध्यानाकर्षण गराउनुहोस् र त्यहाँ दिइएका अर्थ बुझाउने शब्द पहिचान गरी लेख्न लगाउनुहोस् ।

(इ) विद्यार्थीको सक्रियतालाई अध्ययन गरी शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । विद्यार्थीले तोकिएको कार्य सकेपछि त्यसलाई पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले तयार पारी ल्याएको शब्दार्थ तालिका प्रदर्शन गरी विद्यार्थीमा रहेका द्विविधालाई समाधान गरिदिनुहोस्, जस्तै :

| अर्थ | शब्द |
|---|---|
| लामो उमेरसम्म बाँच्ने काम | दीर्घ जीवन |

| | |
|---|---|
| रोग निको पार्ने काम | उपचार |
| वातावरण दुषित भएको अवस्था | प्रदूषित |
| खान नहुने वस्तु | अखाद्य |

(ई) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास २ तर्फ ध्यानकर्षण गरी दिइएका सङ्क्षिप्त शब्द र विस्तारित रूपसँग मिल्ने शब्द पढ्न लगाउनुहोस् ।

(उ) यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार युगल रूपमा गराउन सक्नुहुने छ । त्यसरी अभ्यास गराउँदा एक जनाले सङ्क्षिप्त शब्द भन्ने र अर्कोले विस्तारित रूप भन्ने गरी पालोपालो अभ्यास गराउनुहोस् । ती शब्दबिच जोडा मिलाउन लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले युगल रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऋ) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास ३ तर्फ ध्यानकर्षण गरी दिइएका विस्तारित रूपलाई सङ्क्षिप्त शब्द बनाउन लगाउनुहोस्

(ए) विद्यार्थीले सामूहिक रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ऐ) विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि शिक्षक आफूले तयार पारी ल्याएको विस्तारित रूप र सङ्क्षिप्त रूपलाई थप स्पष्ट पारिदिनुहोस्, जस्तै :

- गोरखापत्र — गोप
- परीक्षा नियन्त्रण कार्यालय — पनिका
- प्रमुख जिल्ला अधिकारी — प्रजिअ

(औ) यसरी नै विस्तारित रूपलाई सङ्क्षिप्त र सङ्क्षिप्त रूपलाइ विस्तारित बनाउन सकिने स्पष्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कुनै पाँचओटा पारिभाषिक शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ख) तलका विस्तारित रूपलाई सङ्क्षिप्त रूप बनाउन लगाउनुहोस् :

गोरखापत्र, परीक्षा नियन्त्रण कार्यालय, प्रमुख जिल्ला अधिकारी

(ग) तलका सङ्क्षिप्त रूपको विस्तारित रूप लेख्नुहोस् :

मावि, प्रअ, नपा

**आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● मौखिक तथा लिखित प्रश्नोत्तर<br>● वाक्यपूरण<br>● श्रुतिलेखन | ● निर्दिष्ट पाठ पढी प्रश्नको मौखिक तथा लिखित उत्तर दिन<br>● पाठमा प्रयुक्त वाक्य पहिचान गरी वाक्य पुरण गर्न<br>● निर्दिष्ट अनुच्छेद सुनेर लेख्न | ● प्रश्नसूची र उत्तरको ढाँचाको नमुना<br>● पूर्णवाक्यको नमुना<br>● अनुच्छेद |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) पाविके को पूरा रूप भन्न लगाई विद्यार्थीलाई सिकाइका लागि तयारी गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको छोटो स्मरण गराई आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ)विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ४ तर्फ आकर्षित गराई निर्दिष्ट अनुच्छेद मौन पढ्न निर्देश गर्नुहोस् ।

(आ) अनुच्छेद मौन पठनपश्चात् निर्दिष्ट प्रश्न सोधी विद्यार्थीलाइ पुनः अनुच्छेद मौन पढ्न निर्देश गर्नुहोस् ।

(इ) अनुच्छेद मौन पठनपश्चात् विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एक प्रश्न विभाजन गरिदिनुहोस् । आफ्नो समूहलाई परेका प्रश्नको उत्तर अनुमान गर्ने समय प्रदान गर्नुहोस् ।

(ई) शिक्षकले ती प्रश्नको उत्तर मौखिक रूपमा कसरी दिने भन्ने उत्तरको पूर्ण ढाँचासहित छलफल गराउनुहोस्, जस्तै :

प्रश्न : नसर्ने रोग के के हुन् ?

उत्तर : नसर्ने रोग मधुमेह, उच्च रक्तचाप र क्यान्सर हुन् ।

(उ) प्रत्येक समूहलाई आआफ्नो उत्तर भन्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीको प्रस्तुतीपछि ताली बजाएर सम्मान गर्नुहोस् । आवश्यकतानुसार शिक्षकले सहजीकरण गरिदिनुहोस् । यसैको आधारमा सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ५ तर्फ केन्द्रित गर्नुहोस् । दिइएको निर्देशन बुझ्ने गरी पढ्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीको प्रत्येक समूहलाई तीन तीन अनुच्छेद बाँड्नुहोस् र निर्दिष्ट वाक्य पत्ता लगाउन लगाउनुहोस् ।

(ए) निर्दिष्ट वाक्य पत्ता लगाएपछि छुटेका शब्द खोज्न लगाउनुहोस् । पहिला हुने समूहलाई ताली बजाएर सम्मान गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ६ तर्फ केन्द्रित गर्नुहोस् र एक जनालाई उठाएर निर्दिष्ट अनुच्छेद वाचन गर्न लगाउनुहोस् । अन्यलाई साथीबाट सुनेर लेख्न निर्देश गर्नुहोस् । विद्यार्थीले पाठ्यपुस्तकबाट सारेको नसारेको ख्याल गर्नुहोस् ।

(ओ) श्रुतिलेखनपश्चात् साथी साथीमा कापी साटासाट गरी निर्दिष्ट अनुच्छेदसँग दाँजेर परीक्षण गर्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ को उत्तर भन्न लगाउनुहोस् ।

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ को उत्तर भन्न लगाउनुहोस् ।

(ग) तलका वाक्य श्रुतिलेखन गर्न लगाउनुहोस् ।

हामी स्वास्थ्यसम्बन्धी समाचार सुन्छौँ । पुस्तक र पत्रपत्रिका पढ्छौँ ।

**आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • बुँदा टिपोट | • निर्दिष्ट पाठबाट बुँदा टिपोट गर्न | • बुँदा टिपोट नमुना |
| • विचार लेखन | • निर्दिष्ट पाठ पढेर आफ्नो विचार लेख्न | • विचार लेखन नमुना |
| • प्रश्न निर्माण | • निर्दिष्ट पाठबाट प्रश्न निर्माण | • प्रश्न निर्माण नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै छोटो कथा सुनाई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई आज हामी बुँदा टिपोट, विचार लेखन र प्रश्न निर्माण गर्नेलगायत क्रियाकलाप गर्दै छौँ भन्ने जानकारी गराई पाठ्य निबन्ध एक पटक मौन पठन गर्न निर्देश गर्नुहोस् । यस सन्दर्भमा मौन पठनको तरिकाबारे जानकारी गराई पाठको भाव बुझ्ने गरी पढ्न लगाउनुहोस् र विद्यार्थीले ध्यानपूर्वक अध्ययन गरे नगरेको अवलोकन गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ८ तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । पाठका दोस्रो अनुच्छेदबाट मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस्, जस्तै :

- मानिस स्वस्थ खानपिन र वातावरण मन पराउने
- स्वस्थ हावापानी, स्वस्थ परिवेश खोज्दै सतर्कता अपनाउने
- स्वस्थ शरीरले सोचेअनुसारको काम गर्न सक्ने
- उमेरअनुसारको काम गर्न सक्ने क्षमता राख्न स्वास्थ्यको विशेष ख्याल गर्नुपर्ने

(इ) विद्यार्थी सक्रिय भए नभएको यकिन गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्याथीलाई पालैपालो उत्तर भन्ने अवसर सकेसम्म सबै विद्यार्थीलाई प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले थप आवश्यक सुझाव दिनुहोस् ।

(ई) विद्यार्थीलाई बुँदा टिपोटपश्चात् पाठसँग सम्बन्धित प्रश्न गर्दै निजी विचार लेख्न प्रेरित गर्नुहोस् र यसका लागि निश्चित समय दिनुहोस् ।

प्रश्नहरू

- स्वस्थ रहन कस्ता खानेकुरा खानुपर्ला ?
- स्वस्थ जीवन जिउन के के गर्नुपर्ला ?

(उ) विद्यार्थीले पाठ पढेका आधारमा आफ्नो विचार लेख्न प्रेरित गर्नुहोस् । सबै विद्यार्थी सक्रिय छन् वा छैनन् अवलोकन गर्नुहोस् । विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीको लेख्ने समय समापनपश्चात् प्रस्तुतिको अवसर दिनुहोस् । विद्यार्थीको विचारको सम्मान गर्दै प्रत्येक उत्तरलाई ताली बजाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई अगि पढेका आधारमा मुख्य विचार आउने गरी प्रश्न निर्माण गर्न तयार गर्नुहोस् ।

(ए) प्रश्न निर्माण गर्दा तथ्यगत अर्थात् अनुच्छेदमा भएको विषय जस्ताको तस्तै आउने गरी, कारण खुलाउने अर्थात् किन र कसरी भन्ने प्रश्नको उत्तर आउने गरी र अनुमान वा निजी विचार लेख्ने गरी प्रश्न बनाउन प्रेरित गर्नुहोस् ।

(ऐ) समय निर्धारण गर्नुहोस् र विद्यार्थीको कार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीले निर्माण गरेका प्रश्न प्रस्तुत गर्न लगाउनुहोस् र सोही प्रश्नको उत्तर लेख्न प्रेरित गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको तेस्रो अनुच्छेदको मुख्य बुँदा भन्न लगाउनुहोस् ।

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ३ र ९ मा दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले निर्माण गरेका प्रश्न भन्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र वर्णन<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट चित्रको वर्णन गर्न<br>• बोध प्रश्नको उत्तर लेख्न | • चित्र, प्रोजेक्टर<br>• प्रश्न सूची र उत्तरको नमुना पत्र |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) चित्रकार पाब्लो पिकासोका बारेमा बताउँदै आजको कक्षा आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका स्मरण गर्दै आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ११ तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । निर्दिष्ट चित्रलाई प्रोजेक्टर वा पुस्तकमार्फत प्रस्तुत गर्नुहोस् ।

(आ) विद्यार्थीलाई व्यक्तिगत रूपमै चित्रमा देखिएका विषय वा वस्तु र क्रियाकलाप अध्ययन गर्न लगाउनुहोस् । चित्र अध्ययनको कार्य सकिएपछि त्यस चित्रमा देखिएका विषयवस्तु, घटना वा क्रियाकलापको वर्णन गर्न लगाउनुहोस् ।

(इ) वर्णनकै क्रममा विद्यार्थीलाई यी चित्रमा भएका क्रियाकलाप, वस्तु तथा साधन र आफूले गर्ने कामको तुलना गर्न लगाउनुहोस् । यो अवसर सकेसम्म सबै विद्यार्थीलाई प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले थप सहजीकरण गरिदिनुहोस् ।

(ई) विद्यार्थीलाइ यस्तै प्रकृतिका तस्बिर बनाउन प्रेरित गर्नुहोस् र ती तस्बिरका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. १२ तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् र अनुच्छेदसँग सम्बन्धित केही बोध प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् ।

(ऊ) बोध प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयार गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् । जस्तै :

प्रश्न : वेदव्यासको जन्म कुन युगमा भएको हो ?

उत्तर : वेदव्यासको जन्म द्वापर युगमा भएको हो ।

(ए) प्रश्न सूचीमा भएका प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै विद्यार्थीले उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेखे/नलेखेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऐ) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका चित्र अध्ययन गरी मिल्दा र नमिल्दा विषयवस्तुबिच तुलना गर्न लगाउनुहोस् :



(

ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. १२ मा दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक प्रकार्य (बानी र रुचि)<br>• श्रुतिबोध (सुनाइ र बोलाइ) | • बानी र रूचिमा आधारित सञ्चार प्रवाह गर्न<br>• सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न | • बानी र रूचिमा आधारित नमुनापत्र<br>• सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची<br>• उत्तरका नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले आफ्ना बानी र रुचि सुनाउँदै कक्षा आरम्भ गर्नुहोस् र विद्यार्थीलाई पनि सुनाउन लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गराउँदै आजको कक्षाको सिकाइ पाठ्यवस्तुको जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीसँग आफ्ना बानी र रुचिबारे आधारित भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । रुचि यस्तो विषय हो जसले काम गर्ने उत्साह जगाइ हौसला प्रदान गर्दछ । रुचिले मानिसका व्यवहारमा प्रभाव पार्छ ।

(आ) गायनप्रतिको रुचिले झमक कुमारी घिमिरे, पारिजात साहित्यकार बनिन् । देवकोटा महाकवि बने । शिक्षकले यस्तै उदाहरण दिदैं आफ्ना रुचि पहिचान गर्न प्रेरित गर्नुहोस् ।

(इ) बोध र अभिव्यक्ति अभ्यास १३ मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

मेरो बानी र रुचि

मेरो नाम अमित चौधरी हो । म कक्षा ५ मा पढ्छु । मलाई नृत्य गर्न, गित गाउन, मादल बजाउन मन पर्छ । चित्र बनाउने पनि मेरो रुचिको विषय हो । मैले विद्यालयमा हुने सहक्रियाकलापमा पनि भाग लिएर धेरै पुरस्कार जितेको छु । वक्तृत्वकलामा पनि मेरो रुचि छ । सबैले मलाई मिठो बोल्छौ भनेको सुनेर म धेरै खुसी हुन्छु । मेरी आमा नेपाली गुरुआमासँग मैले मिठो बोल्न सिकेको हुँ । मैले अन्तरविद्यालय वक्तृत्वकलामा भाग लिएर पनि जितेको छु । विद्यालयमा मेरा धेरै मिल्ने साथी छन् । म साथीहरूलाई सहयोग गर्न र साथैहरूको सहयोग लिन मन पराउँछु । घरमा पनि सकेको सहयोग गर्छु । आमाबुबा मलाई काम गर्न सिकाउनुहुन्छ । आफ्नो कोठा चिटिक्क बनाएर राख्न मलाई मन पर्छ । आफ्नो किताब, कापी, झोला, लुगा ठिक ठाउँमा राख्छु । जुनसुकै काम गर्नुअगि म आफूभन्दा ठुलासँग सोध्छु । गुरुहरूले अह्राउनुभएको काम समयमै गर्छु ।

(ई) अन्य विद्यार्थीलाई साथीका विचार सुन्न लगाउनुहोस् र साथीका अभिव्यक्तिका बारेमा मौखिक टिप्पणी पनि गराउनुहोस् ।

(उ) मन पर्ने साथीका राम्रा बानी आफ्नो नाम नलेखी टोकरीमा खसाल्न लगाउनुहोस् ।

(ऊ) जम्मा भएका टुक्रा घोलेर एक एक जनालाई टिप्न लगाई वाचन गर्न लगाउनुहोस् । यसबाट विद्यार्थीलाई आफ्नो कुन कुन बानी राम्रो रहेछ भनी थाहा हुन्छ ।

(ऋ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ र बोलाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । यस किसिमका प्रश्नको उत्तर दिँदा पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरामा सचेत गराउनुहोस् ।

(ए) यसका साथै सुनाइ पाठ ध्यानपूर्वक सुन्नुपर्ने, निर्धारित प्रश्नको संरचनामा आधारित रहेर उत्तर दिने कुरा विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई यसै निर्देशिकाको परिशिष्टबाट सुनाइ र बोलाइ पाठ ९ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर तथा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ । पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई अभ्यासका निर्धारित प्रश्नहरू हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(ओ) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ को निर्देशानुसारको अभ्यास मौखिक रूपमा गर्न लगाउनुहोस्, जस्तै :

प्रश्न : रोबोटलाई केका माध्यमबाट काम लगाइन्छ ?

उत्तर : रोबोटलाई कम्प्युटरका माध्यमबाट काम लगाइन्छ ।

प्रश्न : रोबोटले के के काम गर्न सक्छ ?

उत्तर : रोबोटले घरायसी, उद्योग, कलकारखाना, वैज्ञानिक क्षेत्र, विषादी प्रयोग भएको ठाउँमा काम गर्न सक्छ ।

(औ) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(अं) विद्यार्थीलाई पुनः अभ्यास दुईतर्फ केन्द्रित गर्नुहोस् र रोबोटले कृषि क्षेत्रमा के के काम गर्न सक्छ होला भनी अनुमान गर्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई आफ्नो र साथीको राम्रा बानी र रुचि भन्न लगाउनुहोस् ।

(ख) सुनाइ र बोलाइ पाठ ९ सम्बन्धी अभ्यास गराउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| ● वर्तमान कालको पहिचान र प्रयोग | ● वर्तमान कालको पहिचान र प्रयोग गर्न | ● मेटा कार्ड र क्रियापदको सूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै विद्यार्थीलाई गीत गाउन लगाउनुहोस् र सिकाइका लागि उनीहरूको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) कुनै एक विद्यार्थीलाई पाठको दोस्रो अनुच्छेद सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । विद्यार्थीलाई अनुच्छेदमा भएका प्रत्येक वाक्यबाट क्रियापद पहिचान गर्न लगाउनुहोस् ।

(आ) वाक्यमा रहेको क्रियापद भूत, वर्तमान, भविष्य के हो भनी प्रश्न गर्नुहोस् । उत्तरलाई समेट्दै वर्तमान कालका क्रियापद पहिचान गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीलाई प्रश्न न. १ मा दिइएको वाक्यमा खाली ठाउँ भर्न उपयुक्त क्रियापद पहिचान गर्न लगाउनुहोस् र समय निर्धारण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) सही शब्द छनोट गर्ने विद्यार्थीलाई ताली बजाउनुहोस् र साथीलाई सहयोग गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीलाई प्रश्न न. २ मा दिइएको उदाहरणका आधारमा क्रियापदको रूप परिवर्तन गर्न सिकाउनुहोस् । रूप परिवर्तनभन्दा अगाडि र पछाडिका क्रियापद प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् । त्यसपछि दुई वाक्यले दिने अर्थलाई तुलना गर्न लगाएर क्रियापदले जनाउने समयलाई प्रष्ट पारी कालको धारणा बसाउनुहोस् र अहिलेको समय जनाउने क्रियापदले वर्तमान काललाई जनाउने कुरा उदाहरणद्वारा प्रष्ट पार्नुहोस् । जस्तै :

- आमा बजार जानुभयो । (भूत काल)
- आमा बजार जानुहुन्छ । (वर्तमान काल)
- आमा बजार जानुहुनेछ । (भविष्यत् काल)

(ऊ) विद्यार्थीलाई सबै क्रियापदको काल परिवर्तन गर्न लगाइ अवलोकन गर्नुहोस् । समयमा सकाउने र मिलाउनेलाई स्याबासी दिनुहोस् ।

(ऋ) प्रश्न न. ३ को आधारमा अन्य कालमा भएको वाक्य पहिचान गर्न लगाउनुहोस् । अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै:

- सुमीले कथा लेखिन् । (भूत काल)
- हामी छिट्टै आउने छौँ । (भविष्यत् काल)

(ए) यसरी तीनओटै कालको सामान्य जानकारी दिँदै वर्तमान कालमा परिवर्तन गर्न प्रेरित गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई वर्तमान काल जनाउने क्रियापदमा आज गर्ने कामको पाँच वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।

(ओ) अनुच्छेद पाँचबाट अहिलेको समय जनाउने क्रियापद प्रयोग भएका पाँच वाक्य टिपोट गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठबाट दशओटा क्रिया शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

(ख) निम्नअनुसार क्रियापद दिई विद्यार्थीलाई वाक्य निर्माण गर्न लगाउनुहोस् :

पढ्छ, उफ्रन्छ, डुल्यो, खेल्यो, सम्झाउँछ

(ग) दिइएका क्रियापदलाई वर्तमान कालमा परिवर्तन गर्न लगाउनुहोस्:

समात्यो, भाग्यो, गायो, पाक्यो, हेर्ने छ, पढ्नेछ, लेख्ने छ

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## एघारौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चन्द्रविन्दु र शिरविन्दु भएका शब्दको पहिचान र प्रयोग<br>• सिर्जनात्मक कार्य | • चन्द्रविन्दु र शिरविन्दु भएका शब्दको पहिचान र प्रयोग गर्न<br>• निर्दिष्ट विषयवस्तुमा आधारित अनुच्छेद रचना गर्न | • चन्द्रविन्दु र शिरविन्दु शब्दको प्रयोगभएकाशब्दको सूची,<br>• अनुच्छेदका नमुना र कार्डबोर्ड |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै विद्यार्थीलाई चुट्किला सुनाउन लगाउनुहोस् र सिकाइका लागि कक्षामा ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले शब्दको चन्द्रविन्दु र शिरविन्दु शब्दको प्रयोग भएका अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस्, जस्तै :

म आज फरक बाटो विद्यालय जाँदै थिएँ । संयोगले साथीको घर पुगेछु । साथीको खाना काँचै रहेछ । साथीले एकछिन बस न भनिन् । साथी र मेरो संवाद सुनेर आमा पनि आउनुभयो । आमाले “तिमीलाई देखेर संसार देखे जस्तै भयो” भन्नुभयो । यो कुराले मेरो आँखाभरि आँसु भयो ।

(आ) शिक्षकले उदाहरणका रूपमा चन्द्रविन्दु र शिरविन्दु शब्दको प्रयोग भएका तालिकामा टिपेर देखाइदिनुहोस्, जस्तै :

| चन्द्रविन्दु ( ँ) प्रयोग भएका शब्द | शिरविन्दु ( ं ) प्रयोग भएका शब्द |
|---|---|
| बाँस | संयम |
| ............................... | ............................... |
| ............................... | ............................... |

(इ) शिक्षकले टिपेकै प्रकृतिका अन्य शब्द यसरी नै तालिकीकृत गर्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले शब्द टिपोट गर्दा शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ई) शब्दकोशको प्रयोग गरेर विद्यार्थीलाई चन्द्रविन्दु र शिरविन्दु शब्दको प्रयोग भएका टिप्न सिकाउनुहोस् । यसका लागि पनि माथिकै जस्तो तालिका प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीलाई दुईओटा समूहमा विभाजन गरी सबै समूहलाई एक एकओटा अनुच्छेद दिई तोकिएको अनुच्छेदबाट चन्द्रविन्दु र शिरविन्दु शब्दको प्रयोग भएका टिपोट गर्ने जिम्मा तोकिदिनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्दलाई प्रदर्शनपाटीमा प्रदर्शन गर्न लगाई छलफल गर्ने मौका दिनुहोस् ।

(ऊ) शिक्षकले यसै पाठको सुरुमा पढेको निबन्धको संरचनाबारे पुनः जानकारी गराउनुहोस्, जस्तै :

कुनै शीर्षकमा सम्बन्धित रहेर आफ्ना विचार, भावना र तर्कहरूलाई शिलशिला मिलाएर प्रस्तुत गरिएको रचना निबन्ध हो ।

**निबन्धको संरचना**

- शीर्षक (सबैभन्दा माथि)
- सुरु भाग : शीर्षक, परिचय, परिभाषा, पृष्ठभूमि
- मध्यभाग : विषयको वर्णन, महत्त्व, सुझाव, सकारात्मक नकारात्मक पक्ष आवश्यकताअनुसार अनुच्छेद
- निष्कर्ष : शीर्षक सम्बन्धी लेखकको विचार एक अनुच्छेदमा
- भाषाशैली

(ए) माथिका बुँदामा आधारित भई शिक्षकले कुनै एक शीर्षकमा लेखिएको निबन्ध प्रोजेक्टर वा चार्टपेपरमार्फत प्रदर्शन गर्नुहोस् ।

(ऐ) शिक्षकले प्रस्तुत गरेको अनुच्छेद पालैपालो विभिन्न विद्यार्थीलाई सस्वर पठन गरी पढ्न लगाउनुहोस् । विद्यार्थीलाई निबन्ध रचना गर्दा छोटा र सरल वाक्य लेख्ने, पाँच देखि सात शब्द सम्मका वाक्य लेख्ने, एक वाक्यको सन्दर्भ अर्को वाक्यसँग जोडेर लेख्ने जस्ता कुरा सिकाउनुहोस् ।

(ओ) विद्यार्थीसँग छलफल गरेर विभिन्न चारओटा शीर्षक छनोट गरी उनीहरूलाई विभिन्न समूहमा विभाजन गरी कार्डबोर्ड वितरण गर्नुहोस् र फरक फरक समूहलाई फरक फरक शीर्षक दिई समूहमा बसेर निबन्धका बुँदा टिपोट गर्न लगाउनुहोस् । तत्पश्चात बुँदा समेटेर निबन्ध तयार पार्न लगाउनुहोस् ।

(औ) विद्यार्थीले तयार गरेका निबन्ध समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् र एउटा समूहले प्रस्तुत गरेपछि अरू समूहसँग प्रतिक्रिया लिनुहोस् । विद्यार्थीका प्रतिक्रियापछि अनुच्छेदलाई आवश्यक संशोधन गरी पुनः प्रस्तुत गरेर सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क)चन्द्रविन्दु र शिरविन्दु प्रयोगभएका पाँच पाँचओटा शब्द लेख्न लगाउनुहोस् ।

(ख) भाषिक संरचनाको अभ्यास ४ ले निर्देश गरेबमोजिम दिइएका शब्दलाई तालिकामा लेख्न लगाउनुहोस् :

| चन्द्रविन्दु (ँ) प्रयोग भएका शब्द | शिरविन्दु (ं) प्रयोग भएका शब्द |
|---|---|
| बाँस | संयम |
| ………………… | ………………………… |
| …………………… | …………………………… |

(ग) सिर्जनात्मक कार्यमा दिइएबमोजिम हाम्रो जीवनमा खेलकुदको महत्त्व शीर्षकमा एउटा निबन्ध लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल,आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

| पाठ : १० | जम्बियाङको जन्मदिन | |
|---|---|---|
| **विधा : कथा** | | **कार्यघण्टा : १२** |

## परिचय

नेत्र तामाङद्वारा रचना गरिएको 'जम्बियाङको जन्मदिन' मनोवैज्ञानिक कथा हो । यस कथामा विशेष घटना, विशेष दिनका आधारमा अनुभव वा कल्पनाको अभिव्यक्ति दिदैँ समस्या पहिचान र अभिव्यक्ति दिइएको छ । 'कथा' साहित्यको लोकप्रिय विधा हो । कुनै पात्रसँग सम्बन्धित रमाइला घटना, सन्दर्भ आदिको वर्णन र मानव जीवनका अनुभूति कथामा समावेश गरिएको हुन्छ । कथामा भाषाको सरल सहज प्रस्तुति हुन्छ । कथा बालबालिकको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकासका लागि आधारका रूपमा रहेको हुन्छ । कथामा वाक्य गठनको सरलता हुने हुनाले भाषिक सिपको विकासमा यस विधालाई उपयोगी मानिन्छ । कथामा हुने रोचकता मनोरञ्जनात्मकता, कौतूहल र जीवनजगत्का विविध पक्षको प्रस्तुतीकरणले गर्दा विद्यार्थीमा भाषिक क्षमता अभिवृद्धि भई भाषिक सिपको विकासमा उल्लेख्य सहयोग पुग्छ ।

'जम्बियाङको जन्मदिन' कथाले बालबालिकामा जन्मदिन मनाउने उत्कट चाहना हुन्छ र त्यसको प्राप्तिका लागि उनीहरू प्रतीक्षारत रहन्छन् भन्ने कुरालाई देखाएको छ । बालबालिका जिद्दी स्वभावका हुन्छन् र आफूले चाहेको कुरा पाउनुपर्छ भन्ने धारणा उनीहरूमा गडेको हुन्छ भन्ने कुरालाई यस कथाले देखाएको छ । कथा विधाको शिक्षण गर्दा सस्वर र मौन पठन, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, घटना वर्णन, घटनाक्रम मिलान आदि क्रियाकलापमा केन्द्रित हुनुपर्छ ।

प्रस्तुत पाठको शिक्षण गर्दा सुनाइ र बोलाइ सिपको विकासका लागि सुनाइ र प्रतिक्रिया, विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, तुलना, अनुमान, कल्पना, श्रुतिवर्णन, परिवेश वर्णन र निष्कर्ष प्रस्तुत गर्न सिकाउनुपर्छ । पढाइ सिपको विकासका लागि समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन, समूह पठन, स्वतन्त्र पठन, पूर्वानुमान, प्रश्न निर्माण, प्रश्नोत्तर, संरचना, पात्र तथा घटना पहिचान र पाठको विषयबोध गर्न सिकाउनुपर्छ । लेखाइ सिपको विकासका लागि पात्र परिचय लेखन, घटनाक्रम मिलान, प्रश्नोत्तर, सारांश लेखन, सन्देश लेखन, भाव विस्तार, चित्र निर्माण, लिखित वर्णन, समानान्तर कथालेखन, श्रुतिलेखन र निर्देशित कथा लेखन सिपको विकास गराउनुपर्छ । शब्दभण्डारअन्तर्गत पारिभाषिक शब्द, लघुतावाची शब्दको पहिचान र प्रयोग गराउनुपर्छ । भाषिक संरचनाअन्तर्गत भूतकालका क्रियापदको पहिचान र प्रयोग वर्णविन्यासअन्तर्गत पञ्चम वर्णको अभ्यास गराउनुपर्छ । यस पाठमा सद्भाव भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत चाडपर्वसम्बन्धी अनुच्छेद लेखन र समाजमा घट्ने घटनालाई लिएर सामाजिक कथा लेखनका क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ १० का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

### पाठ १० को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्य घण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | ● चित्र पहिचान र छलफल<br>● सन्दर्भ पहिचान | ● पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>● मूल पाठ खण्डमा समाविष्ट चित्र पहिचान र छलफल गर्न<br>● पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न | ● पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्र<br>● प्रोजेक्टर (सम्भव भएसम्म) | १ |
| दोस्रो दिन | ● संरचना पहिचान | ● कथाको संरचना पहिचान गर्न<br>● तोकिएका अनुच्छेद सस्वर पठन गर्न | ● कथाको संरचना देखाउने | १ |

| | | | | |
|---|---|---|---|---|
| | ● सस्वर पठन (अनुच्छेद १ देखि ४ सम्म)<br>● शुद्धोच्चारण<br>● शब्दार्थ | ● उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थ बताउन | तालिका<br>● शब्दपत्ती<br>● शब्दार्थपत्ती | |
| **तेस्रो दिन** | ● सस्वर पठन र शुद्धोच्चारण (अनुच्छेद ५ देखि ८ सम्म)<br>● शब्दार्थ र वाक्यमा प्रयोग<br>● बोध प्रश्नोत्तर | ● तोकिएका अनुच्छेद सस्वर पठन गर्न<br>● उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थ बताउन<br>● निर्दिष्ट अनुच्छेदमा आधारित भइ प्रश्नको उत्तर दिन | ● शब्दपत्ती<br>● शब्दार्थपत्ती<br>● वाक्यपत्ती<br>● उत्तरको नमुना | १ |
| **चौथो दिन** | ● सस्वर पठन र शुद्धोच्चारण (अनुच्छेद ८ देखि अन्तिमसम्म)<br>● शब्दार्थ र वाक्यमा प्रयोग<br>● बोध प्रश्नोत्तर | ● तोकिएका अनुच्छेद सस्वर पठन गर्न<br>● उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थ बताउन<br>● नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>● निर्दिष्ट अनुच्छेदमा आधारित छोटा प्रश्नको उत्तर दिन | ● शब्दपत्ती<br>● शब्दार्थपत्ती<br>● वाक्यपत्ती<br>● उत्तरको नमुना | १ |
| **पाँचौं दिन** | सस्वर पठन र शुद्धोच्चारण (अनुच्छेद १६ देखि २३ सम्म)<br>● शब्दार्थ र वाक्यमा प्रयोग<br>● बोध प्रश्नोत्तर | ● तोकिएका अनुच्छेद सस्वर पठन गर्न<br>● उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थ बताउन<br>● निर्दिष्ट अनुच्छेदमा आधारित भइ प्रश्नको उत्तर दिन | ● शब्दपत्ती<br>● शब्दार्थपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्न र उत्तरको नमुना | १ |
| **छैटौं दिन** | ● लघुतावाची शब्द<br>● मौखिक उत्तर<br>● वाक्य पूरण | ● लघुतावाची शब्द पहिचान<br>● निर्दिष्ट पाठ पढेर मौखिक उत्तर दिन<br>● निर्दिष्ट पाठ पढेर वाक्य पूरण गर्न | ● लघुतावाची शब्द तालिका<br>● प्रश्नतालिका<br>● वाक्य पूरण तालिका | १ |
| **सातौं दिन** | ● वाक्य र पात्र पहिचान<br>● घटनाक्रम मिलान<br>● कथासार लेखन | ● पाठमा प्रयुक्त वाक्य र ती वाक्यका वक्ता पात्र पहिचान गर्न<br>● कथा पढेर घटनाक्रम मिलाउन<br>● कथाका आधारमा कथासार लेख्न | ● पाठका पात्रले बोलेका वाक्यको अंश र पात्रको नाम सूची<br>● घटनाक्रम मिलान सूची<br>● कथासार नमुना | १ |
| **आठौं दिन** | ● सङ्क्षिप्त उत्तर लेखन | ● सङ्क्षिप्त उत्तर लेख्न | ● सङ्क्षिप्त उत्तरको नमुना | १ |

| | | | | |
|---|---|---|---|---|
| | • विचार लेखन<br>• तार्किक उत्तर लेखन | • विचार लेख्न<br>• तार्किक उत्तर लेख्न | • विचार लेखन नमुना<br>• तार्किक उत्तर नमुना | |
| **नवौँ दिन** | • कथालेखन<br>• उखान | • कथालेख्न<br>• उखान सङ्कलन गर्न | • कथालेखनको नमुना<br>• उखान सूची | १ |
| **दसौँ दिन** | • भाषिक प्रकार्य (साथीप्रति सद्भाव प्रकट)<br>• भूतकाल | • साथीप्रति सद्भाव प्रकट गर्न<br>• भूतकालका क्रियापद पहिचान गर्न | • साथीप्रति सद्भाव प्रकट गरिएको नमुना<br>• भूतकालका क्रियापद प्रयोग भएका अनुच्छेद | १ |
| **एघारौँ दिन** | • भूतकालका क्रियापद पहिचान र प्रयोग<br>• पञ्चम वर्ण पहिचान र प्रयोग<br>• परियोजना कार्य ( गृहकार्य) | • भूतकालका क्रियापद पहिचान र प्रयोग गर्न<br>• पञ्चम वर्ण पहिचान र प्रयोग गर्न<br>• आफ्नो गाउँ टोलमा मनाइने कुनै चाडपर्वका बारेमा अभिभावकसँग सोधी एक अनुच्छेद लेखेर ल्याउन (गृहकार्य) | • भूतकालका क्रियापद प्रयोग भएको अनुच्छेद<br>• भूतकालका क्रियापदको सूची<br>• पञ्चम वर्ण प्रयोग धएको शब्द सूची | १ |
| **बाह्रौँ दिन** | • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• परियोजना कार्य प्रस्तुति | • सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>• अभिभावकसँग सोधेर लेखी ल्याएको उत्तर भन्न | • सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची | १ |
| **जम्मा कार्यघण्टा** | | | | १२ |

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • चित्र पहिचान र छलफल<br>• सन्दर्भ पहिचान | • पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न<br>• मूल पाठ खण्डमा समाविष्ट चित्र पहिचान र छलफल गर्न<br>• पाठ्य कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न | • पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर (सम्भव भएसम्म) |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) अभिनयात्मक रूपमा जन्मदिनको शुभकामना दिँदै विद्यार्थीलाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापको स्मरण गर्दै आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) पूर्व पठन खण्डका चित्र प्रस्तुत गर्नुहोस् । चित्रका लागि पुस्तक वा प्रोजेक्टरको प्रयोग गर्नुहोस् ।



(आ) विद्यार्थीलाई पूर्व पठन खण्डमा प्रस्तुत गरिएका चित्रका सम्बन्धमा आपसमा छलफल गराउनुहोस् र विद्यार्थीलाई सामूहिक रूपमा धारणा व्यक्त गर्न लगाउनुहोस् । आवश्यकता पहिचान गरी शिक्षकले सहयोग गर्नुहोस् ।

(इ) प्रत्येक विद्यार्थीलाई आलोपालो गरी दुईबिच के के फरक छन् पत्ता लगाई तुलना गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई आफू कुन तरिकाले जन्मदिन मनाउने गरिएको छ र कुन तरिका मन पर्छ सोध्नुहोस् ।

(उ) विद्यार्थीलाई पूर्व पठन खण्डमा रहेको अनुच्छेद ध्यानपूर्वक सुन्न निर्देश गरी शिक्षकले सस्वर पठन गरी सुनाउनुहोस् ।

(ऊ) उक्त अनुच्छेदमा रहेको विषयवस्तु र अगि आफूहरूले सामूहिक रूपमा छलफल गरेर निष्कर्ष निकालेको विषयवस्तुबिच तालमेल मिले नमिलेको बारेमा समूहमै मौखिक समीक्षा गर्न लगाउनुहोस् र त्यसको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(ऋ) तोर्मा काट्ने केटाको अनुहार किन निराश भएको होला ? जस्ता प्रश्नको उत्तर अनुमान गर्न लगाई छलफल गरिएका चित्रका आधारमा पाठमा केकस्तो विषयवस्तु रहेको होला ? भन्ने विषयमा विद्यार्थीलाई सामूहिक रूपमै अनुमान गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीबाट आएको उत्तरलाई मध्यनजर गरी शिक्षकले पाठको विषयवस्तुसँग समन्वय गराउँदै ती चित्रले व्यक्त गरेको विषयवस्तुलाई जन्मोत्सव मनाउनु भनेको दीर्घायु र स्वस्थ जीवनका लागि शुभकामना वा आशीर्वाद लिनु हो । यो आआफ्नो रीतिरिवाजअनुसार मनाउन सकिन्छ भन्ने विषयसँग सम्बन्धित रहेको कुरा प्रस्ट पारिदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पूर्व पठन खण्डका चित्र वर्णन गर्न लगाउनुहोस् ।

(ख)पूर्व पठन खण्डका चित्रका आधारमा पाठमा केकस्ता विषयवस्तु समावेश गरिएको होला ? अनुमान गरी भन्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान<br>• सस्वर पठन (अनुच्छेद १ देखि ४ सम्म)<br>• शुद्धोच्चारण<br>• शब्दार्थ | • कथाको संरचना पहिचान गर्न<br>• तोकिएका अनुच्छेद सस्वर पठन गर्न<br>• उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ बताउन | • कथाको संरचना देखाउने तालिका<br>• शब्दपत्ती<br>• शब्दार्थपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै लघु कथा सुनाई विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका कथा भन्ने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापको स्मरण गर्दै आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई तपाइँहरूले अहिलेसम्म पढेका कथा पाठ २ र ६ का कथामा के के कुरा रहेका थिए भनी छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीले छलफलमार्फत दिएका उत्तरलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । ती टिपोट गरिएका विषयवस्तुलाई समेटी कथाको शीर्षक के हो ? पात्र को को छन् ? विषय के होला ? जस्ता प्रश्न गर्दै विद्यार्थीको स्तर सुहाउँदो ढङ्गबाट कथाको संरचनाबारे प्रस्ट पारिदिनुहोस् । यसका लागि संरचना तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

| |
|---|
| शीर्षक |
| कथावस्तु (घटना वा विषय) |
| पात्र (व्यक्ति) |
| परिवेश (स्थान, समय र वातावरण) |
| सन्देश |

(इ) शिक्षकले पाठको पहिलो अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् ।

(ई) शिक्षकले वाचन गरेअनुसार नै विद्यार्थीलाई गति, यति र विराम चिह्न ख्याल गरी पाठको एकदेखि चार अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् ।

(उ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र विराम चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र आवश्यकतानुसार शिक्षकले पुनः नमुना वाचन गरी पटक पटक अभ्यास गराउनुहोस् । उत्कृष्ट वाचन गर्ने विद्यार्थीलाई हौसला प्रदान गर्नुहोस् ।

(ऊ) स्रोता विद्यार्थीलाई वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ऋ) स्रोता विद्यार्थीबाट टिपोट गरिएका वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ए) टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस् ।

(ऐ) उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

जन्मदिन : /जन्.म.दिन्/, कमसेकम : /कम्.से.कम्./ छन्द्रङ्ङ : /छन्.द्रङ्.ङ/

(ओ) अब विद्यार्थीलाई चारओटा समूहमा विभाजन गरी पाठका एक एकओटा अनुच्छेद दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(औ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| ओडाल्नु | मस्काउनु |
| हुत्याउनु | वेगसित मिल्काउनु वा फ्याँक्नु |
| पेय | पिइने पदार्थ |

(अं) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कथाको संरचना कस्तो हुन्छ भन्न लगाउनुहोस् ।

(ख) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

जम्बियाङ, स्टिल, अँध्यारो, व्यस्त

(ग) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

ओडाल्नु, हुत्याउनु, पेय

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण (अनुच्छेद ५ देखि ८ सम्म)<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • तोकिएका अनुच्छेद सस्वर पठन गर्न<br>• उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ बताउन<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भइ प्रश्नको उत्तर दिन | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• उत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) जम्बियाङको बुबा कुन थालमा खाना खानुहुन्थ्यो भनी प्रश्न गर्दै विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) आजको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको पाँचौँ अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् । शिक्षकले वाचन गरेअनुसार गति, यति र विराम चिह्न ख्याल गरी विद्यार्थीलाई पाठको पाँचदेखि आठ अनुच्छेदसम्म पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् ।

(आ) सस्वर पठन गर्दा विद्यार्थीले गति, यति र विराम चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र स्रोता विद्यार्थीले वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(इ) स्रोता विद्यार्थीबाट टिपोट गरिएका वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस् ।

(ई) उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

लुसुक्क : /लु.सुक्.क/ मगमग : /मग्.मग्/ झस्किनु : /झस्.कि.नु/

(उ) अब विद्यार्थीलाई आवश्यकतानुसार विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुच्छेद दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्दपत्ती दिई टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| लुसुक्क | कसैलाई थाहा नदिई आउनेजाने |
| मगमग | मिठो सुबास फैलिने गरी |
| जागा | निद्रा खुलेको |

(ऋ) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् र शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न विद्यार्थी समूहलाई नै प्रेरित गर्नुहोस् ।

(ए) विद्यार्थीका क्रियाकलाप अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस् । विद्यार्थीबाट निर्मित वाक्यहरू प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई निर्दिष्ट अनुच्छेदमा आधारित भइ छोटा छोटा प्रश्न गर्नुहोस् र विद्यार्थीलाई नै उत्तर खोज्न लगाउनुहोस् । जस्तै :

प्रश्न : जम्बियाङलाई किन निद्रा लागेन ?

उत्तर : जम्बियाङलाई भोक र पिरले गर्दा निद्रा लागेन ।

**३. मूल्याङ्कन**

(क) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

लाँक्रा, खड्कुँला, ओछ्यान

(ख) दिइएका शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

तोर्मा, चैत्य, उपद्रो, खड्कुलो

(ग) जम्बियाङले किन थाल फालेका हुन् ? भनी प्रश्न गर्नुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण (अनुच्छेद ९ | • तोकिएका अनुच्छेद सस्वर पठन गर्न<br>• उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ बताउन | • शब्दपत्ती<br>• शब्दार्थपत्ती |

| | | |
|---|---|---|
| देखि १५ सम्म)<br>● शब्दार्थ र वाक्यमा प्रयोग<br>● बोध प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेदमा आधारित भइ प्रश्नको उत्तर दिन | ● वाक्यपत्ती<br>● प्रश्न र उत्तरको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) तोर्मा भनेको के हो ? भनी प्रश्न गर्दै विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) आजको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको नवौँ अनुच्छेद सस्वर पठन गरी पढेर सुनाउनुहोस् । शिक्षकले वाचन गरेअनुसार गति, यति र विराम चिह्न ख्याल गरी विद्यार्थीलाई पाठको नौदेखि पन्ध्र अनुच्छेदसम्म पालैपालो सस्वर पठन गरी पढ्न लगाउनुहोस् ।

(आ) सस्वर पठन गरी पढ्दा विद्यार्थीले गति, यति र विराम चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र स्रोता विद्यार्थीले वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(इ) स्रोता विद्यार्थीबाट टिपोट गरिएका र वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस् ।

(ई) उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

त्रिभुजाकार : /त्रि.भु.जा.कार्/ मन्साउनु : /मन्.सा.उ.नु/ कुलदेवता : /कुल्.दे.ब.ता/

(उ) अब विद्यार्थीलाई आवश्यकतानुसार विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुच्छेद दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| निम्तो | निमन्त्रणा |
| मन्साउनु | पन्छाउनु |
| रसाउनु | तरल पदार्थ अलि अलि गरेर निस्कनु |

(ऋ) विद्यार्थीको आवश्यकता महसुस गरी थप सिकाइ सहजीकरण गर्नुहोस् । शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न विद्यार्थी समूहलाई नै प्रेरित गर्नुहोस् ।

(ए) विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस् । विद्यार्थीबाट निर्मित वाक्यहरू प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) विद्यार्थी सङ्ख्याका आधारमा समावेशी समूह निर्माण गर्नुहोस् । एक समूहलाई प्रश्न निर्माण गर्न लगाउनुहोस् र अर्को समूहलाई मौखिक उत्तर भन्न लगाउनुहोस् ।

(ओ) उनीहरूले गरेका प्रश्नोत्तरका क्रममा राम्रा प्रश्न सोध्ने र उचित उत्तर दिने विद्यार्थी वा समूहको प्रोत्साहनका लागि ताली बजाउन लगाउनुहोस् । प्रश्नोत्तरमा सङ्गति नमिलेको पाइए आवश्यक सहजीकरण गर्नुहोस् । यस क्रममा नमुना मौखिक उत्तर प्रस्तुत गर्नुहोस् । जस्तै :

**प्रश्न उत्तरको नमुना**

प्रश्न : जम्बियाङको रिस किन कम भयो ?

उत्तर : भगवान्‌लाई पनि तोर्मा चढाउने कुराले जम्बियाङको रिस कम भयो ।

## ३. मूल्याङ्कन

(क) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

त्रिभुजाकार, मन्साउनु, कुलदेवता

(ख)तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

केक, निम्ता, खबर, सहर

(ग) जाम्बियाङलाई किन हाँसू कि रोऊँ भयो ? भनी प्रश्न गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण (अनुच्छेद १६ देखि २३ सम्म)<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • तोकिएका अनुच्छेद सस्वर पठन गर्न<br>• उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ बताउन<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भइ प्रश्नको उत्तर दिन | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्न र उत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ)जम्बियाङको के गर्ने ठुलो धोको थियो भनी प्रश्न गर्दै विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) आजको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको सोह्रौं अनुच्छेद सस्वर पठन गरी सुनाउनुहोस् । शिक्षकले वाचन गरेअनुसार गति, यति र विराम चिह्न ख्याल गरी विद्यार्थीलाई पाठको सोह्रदेखि तेइस अनुच्छेदसम्म पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् ।

(आ) सस्वर पठन गर्दा विद्यार्थीले गति, यति र विराम चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् र स्रोता विद्यार्थीले वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(इ) स्रोता विद्यार्थीबाट टिपोट गरिएका वाचक विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र टिपोट गरिएका शब्दको उच्चारणका लागि विद्यार्थीलाई तयारी अवस्थामा रहन निर्देश गर्नुहोस् ।

(ई) उच्चारणका लागि सर्वप्रथम विद्यार्थीलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

महोत्सव : /म.होत्.सब्/ स्वागतद्वार : /स्वा.गत्.द्वार्/ ओछ्याउन : /ओ.छ्या.उ.न/

(उ) विद्यार्थीलाई आवश्यकतानुसार विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई अनुच्छेद दिएर आआफ्नो अनुच्छेदमा परेका नयाँ लागेका वा अर्थ नजानेका शब्द टिपोट गर्ने अवसर प्रदान गर्नुहोस् र प्रत्येक समूहलाई शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीबाट टिपोट गरिएका शब्द प्रदर्शन गर्न लगाउनुहोस् र ती शब्दको अर्थ विद्यार्थीबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई ख्याल गर्दै शिक्षकले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| फेटा : | शिरमा वरिपरि बेरेर लगाउने |
| गुन्द्री : | पराल आदिले बुनेर बनाइएको ओछ्याउने साधन |
| निम्तालु : | बोलाइएका पाहुना वा आफन्त |

(ऋ) विद्यार्थीलाई सङ्ख्याका आधारमा समूहमा विभाजन गरी शुद्ध उच्चारण प्रतियोगिता आयोजना गर्नुहोस् र सबभन्दा बढी नम्बर ल्याउने समूहलाई विजेता घोषणा गर्नुहोस् ।

(ए) यसरी शब्दार्थका बारेमा छलफल गरिएकै शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न विद्यार्थी समूहलाई नै प्रेरित गर्नुहोस् ।

(ऐ) विद्यार्थीका सामूहिक क्रियाकलापलाई अवलोकन गरी आवश्यकतानुसार सहयोग गर्नुहोस् । विद्यार्थीबाट निर्मित वाक्यहरू प्रदर्शनी पाटीमा टाँस्न लगाई वाक्य ढाँचा मिले नमिलेको वा अर्थयुक्त वाक्य निर्माण भए नभएको छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) समावेशी आधारमा विद्यार्थीको समूह निर्माण गर्नुहोस् । एक समूहलाई प्रश्न निर्माण गर्न लगाउनुहोस् र अर्को समूहलाई मौखिक उत्तर भन्न लगाउनुहोस् ।

(औ) उनीहरूले गरेका प्रश्नोत्तरका क्रममा राम्रा प्रश्न सोध्ने र उचित उत्तर दिने विद्यार्थी वा समूहको प्रोत्साहनका लागि ताली बजाउन लगाउनुहोस् । प्रश्नोत्तरमा सङ्गति नमिलेको पाइए आवश्यक सहजीकरण गर्नुहोस् । यस क्रममा नमुना मौखिक उत्तर प्रस्तुत गर्नुहोस् । जस्तै :

**प्रश्न उत्तरको नमुना**

प्रश्न : जम्बियाङको जन्मदिनमा साथीहरूले के गरे ?

| उत्तर : जम्बियाङको जन्मदिनमा साथीहरूले गित गाए । |
|---|

### ३. मूल्याङ्कन

(क) तलका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

अक्षता, गुन्द्री, डम्फु

(ख) तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

महोत्सव, स्वागतद्वार, धुइँधुइँती, ड्याम्म

(ग) जम्बियाङलाई बुबाले के उपहार दिनुभयो ? भनी प्रश्न गर्नुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • लघुतावाची शब्द<br>• मौखिक उत्तर<br>• वाक्य पूरण | • लघुतावाची शब्द पहिचान<br>• निर्दिष्ट पाठ पढेर मौखिक उत्तर दिन<br>• निर्दिष्ट पाठ पढेर वाक्य पूरण गर्न | • लघुतावाची शब्द तालिका<br>• प्रश्नतालिका<br>• वाक्य पूरण तालिका |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले केही लघुतावाची शब्द भन्दै ती शब्दले कस्तो सङ्केत गर्छ भनी प्रश्न गर्दै विद्यार्थीलाई सिकाइमा ध्यानाकर्षण गराउनुहोस्, जस्तै : टिकी, झोली, डाली आदि ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापको छोटो स्मरण गर्दै आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास २ तर्फ ध्यानकर्षण गरी दिइएका लघुतावाची शब्द र ती शब्दसँग मिल्ने शब्दका बिच जोडा मिलाउन लगाउनुहोस् । जस्तैः

| शब्द | लघुतावाची शब्द |
|---|---|
| थैलो | थैली |
| झोला | झोली |

| | |
|---|---|
| थाल | थाली |
| डालो | डाली |
| गाग्रो | गाग्री |

(आ) शब्दभण्डार खण्डको अभ्यास २ सकिएपछि विद्यार्थीलाई लघुतावाची शब्द भनेको के रहेछ भनी छलफल गराउनुहोस् र निष्कर्षमा **'वस्तुको सानो रूप, आकार वा भाव बुझाउन प्रयोग गरिने शब्दलाई लघुतावाची शब्द भनिन्छ । धेरै जनाउने वस्तुको थोरै मात्रा बुझाउनका लागि पनि यस्ता शब्दको प्रयोग गरिन्छ'** भनी प्रष्ट पारिदिनुहोस् र थप उदाहरण पनि दिनुहोस् । जस्तै :

| | | |
|---|---|---|
| खुर्सानी : ढिँडी | भात : सितो | खेत : फोगटो |
| कपडा : धरो | बाँस : घनो | अन्न : गेडो |
| खुट्टा : खुट्टी | लौरो : लौरी | पत्र : पत्रिका |

(इ) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास ३ तर्फ ध्यानाकर्षण गराउनुहोस् र अभ्यासले निर्देश गरेअनुसार कोठेपदबाट लघुतावाची शब्द छानेर गोलो घेरा लगाई खाली ठाउँ भर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीको सक्रियतालाई अध्ययन गरी शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । विद्यार्थीले तोकिएको कार्य सकेपछि त्यसलाई पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले तयार पारी ल्याएको लघुतावाची शब्द तालिका प्रदर्शन गरी विद्यार्थीमा रहेका द्विविधालाई समाधान गरिदिनुहोस् । जस्तै :

| | | | |
|---|---|---|---|
| धुलो : ...कण... | सुन्तला : ....केस्रो.... | अचार : ...पित्को... | मुला : चानो |
| केरा : ...कोसो | पानी : ....थोपो.... | पराल : ...त्यान्द्रो... | दाउरा : छेस्को |

(उ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ तर्फ ध्यानकर्षण गर्न लगाउनुहोस् । विद्यार्थीलाई विद्यालयको सदनअनुसारको समूहमा विभाजन गर्नुहोस् र एकएक प्रश्न प्रत्येक समूहलाई बाँड्नुहोस् ।

(ऊ) विद्यार्थीलाई सामूहिक रूपमा मौन पठन गर्दै प्रश्नका उत्तर खोज्न लगाउनुहोस् । विद्यार्थीले सामूहिक रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऋ) विद्यार्थीले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ए) विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि शिक्षक आफूले तयार पारी ल्याएको मौखिक उत्तरसहित थप धारणा स्पष्ट पारिदिनुहोस् । जस्तै :

प्रश्न : जम्बियाङको आमाले थालमा के पस्किनुभयो ?

उत्तर : जम्बियाङको आमाले थालमा ढिँडो, बोडी र सिन्कीको तरकारी पस्किनुभयो ।

(ऐ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ तर्फ ध्यानकर्षण गर्न लगाउनुहोस् र विद्यार्थीलाई सामूहिक रूपमा अभ्यास ५ को वाक्य विभाजन गर्नुहोस् । त्यसपछि पाठमा उक्त वाक्य पत्ता लगाउन लाउनुहोस् । कार्य गर्दैगर्दा शिक्षकले त्यसको अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् ।

(औ) विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि शिक्षक आफूले तयार पारी ल्याएको वाक्य पूरण तालिका प्रदर्शन गरी त्यसको अर्थ र अनुकरणसहित थप धारणा स्पष्ट पारिदिनुहोस् । जस्तै :

(क)बुबा र आमा जम्बियाङको जन्मदिनको...तयारीमा... थिए ।

(ख) बुबाले नाङ्लामा ...भात... खन्याउनुभयो ।

(ग) बुबाको हातमा नयाँ ...चमचमाउँदो...चरेसको थाल थियो ।

(घ) जम्बियाङको आँखाबाट भने बररर ...आँसु झऱ्यो ।

**३. मूल्याङ्कन**

(क) कुनै पाँचओटा लघुतावाची शब्द भन्न लगाउनुहोस् ।

(ख) तलका प्रश्नका उत्तर भन्न लगाउनुहोस् ।

(अ) जम्बियाङका घरमा को को थिए ?

(आ)स्वागतद्वार किन बनाइएको थियो ?

(ग) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ को वाक्यपूरण गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● वाक्य र पात्र पहिचान<br>● घटनाक्रम मिलान<br>● कथासार लेखन | ● पाठमा प्रयुक्त वाक्य र ती वाक्यका वक्ता पात्र पहिचान गर्न<br>● कथा पढेर घटनाक्रम मिलाउन<br>● कथाका आधारमा कथासार लेख्न | ● पाठका पात्रले बोलेका वाक्यको अंश र पात्रको नाम सूची<br>● घटनाक्रम मिलान सूची<br>● कथासार नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले पाइथागोरसको 'रिस मूर्खताबाट पलाउँछ र पश्चातापबाट टुङ्गिन्छ' भन्ने आदर्श वाणी सुनाएर विद्यार्थीलाई सिकाइका लागि तयारी गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ६ तर्फ केन्द्रित गर्नुहोस् र निर्दिष्ट वाक्य पढ्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई पाठका केही अनुच्छेद पर्ने गरी पाठलाई विभाजन गरिदिनुहोस् । आफ्नो समूहलाई परेका अनुच्छेदमा अभ्यास न. ६ मा रहेका वाक्य पहिचान गर्न निर्देश गर्नुहोस् ।

(इ) पाठमा प्रयोग भएका भनाइलाई तालिकामा प्रदर्शन गर्नुहोस् र उक्त भनाइ कसले कसलाई भनेको हो ? पहिचान गर्न लगाउनुहोस्, जस्तै :

| वाक्य वा भनाइ | कसले भनेको हो ? | कसलाई भनेको हो ? |
|---|---|---|

| | | |
|---|---|---|
| तिम्रो जन्मदिनको केक यही हो । तोर्मा केक । | .................. | ................... |
| छोरो यति ठुलो भइसकेको समेत थाहा छैन । चरेसको थालमा चाहिँ बुबाले मात्र खाने ! | ........................ | ............... |
| एउटा सानो तारा आकाशमा चम्कियो त्यही तारा आज चौध वर्षमा लम्कियो । | ............................... | ........................ |
| चौध पुगेपछि चरेसको थालमा खानुपर्छ, यो मेरो तर्फबाट तिमीलाई जन्मदिनको उपहार | ..................................... | ......................... |

(उ)) माथिका जस्तै वाक्य टिपोट गरिएको सूची प्रदर्शन गरी विद्यार्थीलाई वाक्य र ती वाक्य बोल्ने पात्र र उक्त पात्रले कसलाई भनेको हो ? पहिचान गर्ने अभ्यास गराउनुहोस् । आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ऊ) प्रथम हुने समूहलाई स्याबासी दिँदै ताली बजाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ७ तर्फ ध्यान केन्द्रित गराउनुहोस् । विद्यार्थीका प्रत्येक समूहलाई फेरि कथा मौन पठन गर्न लगाउनुहोस् ।

(ए) मौन पठनका क्रममा दिइएका बुँदालाई कथाको घटनाअनुसार क्रम मिलाएर लेख्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीका गतिविधिलाई अवलोकन गरी आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

(ऐ) समूहमा प्रतिनिधि नदोहोरिने गरी प्रस्तुत गर्न लगाउनुहोस् र ताली बजाएर सम्मान गर्नुहोस् । आफूले तयार गरेका नमुना घटनाक्रम प्रदर्शन गर्नुहोस् ।

- आमाले सबै थालमा ढिंडो ओडालेर राखिदिनुभयो ।
- टीका, अक्षताका लागि चरेसको थाल राखिएको थियो ।
- मकै भटमास, बदाम, उखुका साना टुक्रा, तरुल आदि तयार पारी राखिएको थियो ।
- बुबाले त्रिभुजाकारको तोर्मा काट्न लगाउनुभयो ।
- साथीहरू मिलेर जम्बियाङलाई गीतका माध्यमबाट शुभकामना दिए ।
- चरेसको थाल फुटाएकाले जम्बियाङ निराश देखिन्थ्यो । बुबाको कुरा सुनेर जम्बियाङ मनमनै लजायो ।
- बुबाको हातबाट चरेसको थाल जम्बियाङलाई दिँदा पररर ताली बज्यो ।
- सबैले जम्बियाङलाई उपहार दिए ।

(ओ) घटनाक्रमलाई आधार बनाउँदै विद्यार्थीलाई कथासार लेखनको लागि प्रेरित गर्नुहोस् । कथाका मुख्य मुख्य घटना टिपोट गर्न लगाउनुहोस् । शिक्षकले आफूले तयार गरेको कथाको सार प्रस्तुत गर्नुहोस् ।

**कथासारको नमुना**

जम्बियाङको जन्मदिन आइरहेको थियो । ऊ बुबाले सहरबाट केक ल्याउनुहुन्छ भन्ने सोच्दै थियो । उसले सोचे जस्तो बुबाले सहरबाट केही ल्याउनुभएन । उसलाई रिस उठ्यो । बुबालाई मात्र चरेसको थालमा खाना दिएर आफूलाई स्टिलको थालमा दिएपछि उनको रिसको सीमा झन् बढ्यो । उसले खाना फालिदियो । लुसुक्क गएर चरेसको थाल फुटाइदियो । ऊ निदाएपछि जन्मदिनको भव्य तयारी भयो । तोर्मा बनाइयो । मकै भटमास,

बदाम, उखुका साना टुक्रा, तरुल आदि तयार पारी राखियो । आँगनमा स्वागतद्वार बनाइयो । शिक्षक र साथीहरूलाई बोलाइयो । टीका, अक्षताका लागि चरेसको थाल खोजियो । थाल फुटाएकोमा भने भित्रभित्रै उसलाई चिन्ता लागिरहन्छ । थाल नभेटिएपछि स्टिलकै थालमा अक्षता राखियो । बुबाले त्रिभुजाकारको तोर्मा काट्न लगाउनुभयो । साथीहरू मिलेर जम्बियाङलाई गीतका माध्यमबाट शुभकामना दिए । सबै खुसी थिए तर चरेसको थाल फुटाएकाले जम्बियाङ निराश देखिन्थ्यो । बुबाको हातबाट चरेसको थाल जम्बियाङलाई दिँदा परररर ताली बज्यो । तर जम्बियाङको आँखाबाट बररर आँसु झऱ्यो । यसरी यो कथाको अन्त्य भएको छ ।

**३. मूल्याङ्कन**

(क) तलका वाक्य कसले कसलाई भनेको हो ? भन्न लगाउनुहोस् ।

(अ) छोरो यति ठुलो भइसकेको समेत थाहा छैन । चरेसको थालमा चाहिँ बुबाले मात्र खाने?

(आ) चौध पुगेपछि चरेसको थालमा खानुपर्छ, यो मेरो तर्फबाट तिमीलाई जन्मदिनको उपहार ।

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ को उत्तर भन्न लगाउनुहोस् ।

(ग) बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ को उत्तर परीक्षण गर्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त उत्तर लेखन<br>• विचार लेखन<br>• तार्किक उत्तर लेखन | • सङ्क्षिप्त उत्तर लेख्न<br>• विचार लेख्न<br>• तार्किक उत्तर लेख्न | • सङ्क्षिप्त उत्तरको नमुना<br>• विचार लेखन नमुना<br>• तार्किक उत्तर नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै रोचक कथा सुनाई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ८ तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । विद्यार्थीलाई पाँच समूहमा विभाजन गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई एक एकओटा प्रश्न दिनुहोस् । कथाको मौन पठन गर्दै उत्तर लेखनको लागि प्रोत्साहित गर्नुहोस् । विद्यार्थीको समूहकार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीको लेखनपश्चात् प्रत्येक समूहलाई प्रस्तुतिको अवसर दिनुहोस् र स्रोता विद्यार्थीलाई टिपोट गरी प्रतिक्रियाको लागि तयार रहन निर्देशन दिनुहोस् ।

(ई) सबै समूहको प्रस्तुतिपश्चात् आवश्यक सुझाव दिनुहोस् र आफूले तयार गरि ल्याएको उत्तर प्रस्तुत गर्नुहोस् ।

**सङ्क्षिप्त उत्तरको नमुना**

प्रश्न : जम्बियाङले ढिँडाको थाल किन बाहिर हुत्याइदियो ?

उत्तर : जम्बियाङ आफ्नो जन्मदिनमा बुबाले सहरबाट उपहार ल्याइदिए हुन्थ्यो भन्ने सोच्थ्यो । केक ल्याइदिए हुन्थ्यो भन्ने सोच्थ्यो । बुबाले केही ल्याउनुभएन । आमाले चरेसको थालमा खाना पनि बुबालाई मात्र दिनुभयो । यही रिसमा जम्बियाङले ढिँडाको थाल बाहिर हुत्याइदियो ।

(उ) विद्यार्थीका प्रतिक्रिया सुनेर बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ९ तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(ऊ) 'जम्बियाङको जन्मदिन' कथाको जम्बियाङको स्वभाव कस्तो लाग्यो ? भनी प्रश्न गर्दै आआफ्नो विचार लेखन लगाउनुहोस् ।

(ऋ) शिक्षकले विद्यार्थीको क्रियाकलापको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) सम्भव भएसम्म सबै विद्यार्थीलाई उत्तर भन्ने अवसर दिनुहोस् । आवश्यक सुझाव दिनुहोस् र आफूले तयार पारेको उत्तर प्रदर्शन गर्नुहोस्, जस्तै :

**जम्बियाङको स्वभाव**

जम्बियाङ छिटै रिसाउँथ्यो । आफूलाई चित्त नबुझेको कुरा भन्न सक्दैन थियो । बुबाले चरेसको थालमा खाएको मन पराउँदैन थियो । एउटाको रिस अरूलाई पोख्थ्यो । रिस उठेपछि खाना खान्थेन । ढिलो कुरा बुझ्थ्यो । चञ्चले थिए । अन्त्यमा आफ्नो गल्ती महसुस गर्ने व्यक्ति थिए ।

(ऐ) 'जम्बियाङको जन्मदिन' कथाको जम्बियाङको मनमा कस्तो परिवर्तन आयो भन्ने प्रश्न गर्दै उत्तर लेख्न प्रोत्साहित गर्नुहोस् । सबै विद्यार्थीले उत्तर लेखे नलेखेको यकिन गरी आवश्यक सहजीकरण गर्नुहोस् र आफूले तयार पारेको उत्तर प्रस्तुत गर्नुहोस्, जस्तै :

**जम्बियाङको मनमा आएको परिवर्तन**

जम्बियाङ आफ्नो जन्मदिनमा बुबाले उपहार दिनुहोस् भन्ने चाहन्थ्यो । सहरको केक ल्याएर साथीभाइलाई खुवाउन चाहन्थ्यो । बुबाले केक र उपहार ल्याउनुभएन । उसलाई धेरै रिस उठ्यो । उसले खानासहितको थाल आँगनमा फालिदियो । यो रिस उसले बुबाले खाना खाने चरेसको थालमा पनि पोख्यो । कसैले थाहा नपाउने गरी थाल फुटायो । तोर्मालाई भूत मन्साउने भन्यो । देवतालाई पनि तोर्मा चढाउने कुरा थाहा पाएपछि केही शान्त भयो । सबैले उत्साहपूर्वक जन्मदिन मनाएपछि ऊ पश्चातापमा जल्न थाल्यो । चरेसको थाल उपहार पाएपछि भने उसका आँखाबाट पश्चातापको आँसु झर्न थाल्यो । यसरी जम्बियाङमा अन्तमा सकारात्मक परिवर्तन आएको छ ।

(ओ)जम्बियाङको ठाउँमा तपाई भएको भए के गर्नुहुन्थ्यो भनी प्रश्न गर्दै तार्किक उत्तर लेख्न प्रोत्साहित गर्नुहोस् र प्रस्तुत गर्न लगाउनुहोस्, जस्तै :

**मेरो जन्मदिन यसरी मनाउँछु**

म बिहानै उठ्थैं । उठेर नुहाउँथैं । घरमा र मन्दिर गएर भगवान्को पूजा गर्थैं । आमाबुबाको आशिष लिन्थैं । कोही बेसहारा, अशक्तलाई सकेको सहयोग गर्थैं । एउटा भएपनि विरुवा रोप्थैं । विद्यालयमा साथीभाइ र गुरुसँग आफ्नो खुसी साट्थैं । यो वर्ष गर्नैपर्ने राम्रो कामको सूची बनाएर पूरा गर्ने प्रण गर्थैं । यसरी म आफ्नो जनमदिन मनाउँछु ।

(औ) सबै विद्यार्थीको उत्तर सुनेर आवश्यक सहजीकरण  गर्नुहोस् र विद्यार्थीको विचारको सम्मान गर्दै सुझावसहित ताली बजाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलका प्रश्नका उत्तर लेख्न  लगाउनुहोस् :

(अ) जम्बियाङलाई के कुराको पश्चाताप भयो ?

(आ) जम्बियाङका मनमा के के कुरा खेले ?

ख) 'जम्बियाङको जन्मदिन' कथाको जम्बियाङको स्वभाव कस्तो लाग्यो ?

(ग) जम्बियाङका ठाउँमा तपाई भएको भए के गर्नुहुन्थ्यो ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कथालेखन<br>• उखान | • कथालेख्न<br>• उखान सङ्कलन गर्न | • कथालेखनको नमुना<br>• उखान सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) आमाबुबाको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामाथि भन्ने उखान सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको छोटो स्मरण गर्दै आजको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डका अभ्यास १३ तर्फ ध्यान केन्द्रित गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डका आधारमा निर्देशित कथा रचना गर्ने तरिका सिकाउनुहोस् ।

(आ) निर्देशित कथा रचना गर्दा निम्न कुरालाई ध्यान दिन लगाउनुहोस् ।

- सम्बन्धित विषयवस्तुमा आधारित भएर केही प्रसङ्ग थप गर्नुपर्ने
- आवश्यकताअनुसार छोटा छोटा संवाद प्रयोग गनुपर्ने
- कथामा आदि, मध्य र अन्त्यको शृङ्खला हुनुपर्ने
- सुहाउँदो शीर्षक दिनुपर्ने

(आ) यिनै तरिकामा सम्बद्ध भई लेखिएको कथाको एउटा नमुना प्रदर्शन गर्नुहोस्र विद्यार्थीलाई राम्ररी अध्ययन गर्न लगाउनुहोस् ।

**कथाको नमुना**

धनुषाको बकैया गाउँमा ठुलो आँपको बगैँचा थियो । बगैँचाका सबै रुखहरूमा लटरम्म आँप पाकेका थिए । विद्यालय छुट्टी भएपछि सबै विद्यार्थी आँपघारीमा पसे । आँपका रुख ठुला भएकाले चढ्न गाह्रो थियो । भोको पेटमा पाकेका आँप खाने कुनै उपाय आएन । यताउता हेर्दा एक जनाले भुईंमा एउटा दाउरा भेटायो । “आए आँप गए झटारो” भन्दै दाउराले रुखमा झट्टी हान्न थाल्यो । झट्टीले लागेर आँपको हाँगा भाँचियो ।

एकैछिनमा कोही रोएको आवाज आयो । त्यो आवाज रुखको रहेछ । रुखले रुँदै भन्यो, “म तिमीहरूलाई आँप खुवाउँछु । फेरि मलाई झट्टी किन हान्छौ हँ ? तिमीहरूले हानेको झट्टीले मेरो हाँगा भाँचियो । मलाई धेरै दुखेको छ ।” रुखको यस्तो कारुणिक आवाज सुनेर सबै विद्यार्थी डराए । केहीबेरमा आवाज बन्द भयो । सबै विद्यार्थीले एकै स्वरमा भने “हे, रुख हामीलाई माफ गरिरदनुहोस् । हामीबाट गल्ति भयो । अब कहिल्यै यस्तो गर्दैनौँ ।” विद्यार्थीले माफी माग्नेबितिकै पाकेका आँप आफैँ झर्न लागे । विद्यार्थी पाकेका मिठा मीठा आँप खान पाएर खुसी भएर घरतिर लागे ।

आफ्नो स्वार्थ पूरा गर्न अरूलाई दुख दिन नहुने सन्देश यस कथाले दिएको छ ।

(इ) अब विद्यार्थीलाई नमुना कथा जस्तै गरी कथा लेख्ने कार्यमा प्रेरित गर्नुहोस् ।

(ई) विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) प्रत्येक समूहबाट रचना भएका कथा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई उखान सुन्नुभएको छ ? भनी प्रश्न गर्नुहोस् । माथिको कथामा पनि उखान प्रयोग भएको कुरा स्मरण गराउनुहोस् ।

(ऋ) आफूले कक्षामा प्रवेश गर्दा भनेको र अरू सुनेका यस्तै उखान सुनाउन प्रेरित गर्नुहोस् ।

(ए) विद्यार्थीले सुनाएका उखान सङ्कलन गर्न लगाउनुहोस् र ती उखानका अर्थ भन्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्न गर्नुहोस् ।

(ऐ) शिक्षकले लेखेर ल्याएका उखान प्रदर्शन गर्नुहोस् र आवश्यक छलफल गर्नुहोस् ।

**केही उखान**

- अकबरी सुनलाई कसी लाउनु पर्दैन ।
- अचानाको चोट खुकुरीले जान्दैन ।
- अड्को पड्को तेलको धूप ।
- अर्काको भर भोकभोकै मर ।
- आफू भलो त जगत भलो ।

**३. मूल्याङ्कन**

(क) बोध अभिव्यक्ति खण्डको अभ्यास १३ परीक्षण गर्नुहोस् ।

(ख) पाँचओटा उखान भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक प्रकार्य (साथीप्रति सद्भाव प्रकट)<br>• भूतकाल | • साथीप्रति सद्भाव प्रकट गर्न<br>• भूतकालका क्रियापद पहिचान गर्न | • साथीप्रति सद्भाव प्रकट गरिएको नमुना<br>• भूतकालका क्रियापद प्रयोग भएका अनुच्छेद |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले आफूले कसैलाई गरेको सहयोग आफूलाई र अरूलाई फाइदा भएको कुनै घटना सुनाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीसँग साथीप्रति सद्भाव प्रकटसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । सद्भाव भनेको असल भाव वा विचार हो । यसले एकआपसमा मेलमिलाप गर्न सहयोग गर्छ । असल विचार हुनेले अरूको विचारको पनि कदर गर्छ । अरूको विचारको कदर गर्नेले सबैको माया पाउँछ । ऊ सबैको प्रिय हुन्छ । त्यसकारण हामी सबैमा सद्भाव हुन जरुरी छ भन्ने कुरा सिकाउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्ड अभ्यास १५ तर्फ विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(इ) दिइएको सन्दर्भ ध्यानपूर्वक पढ्न लगाउनुहोस् ।

(ई) कविताले गरेका राम्रा काम टिपोट गर्न लगाउनुहोस् ।

(उ) कविताको स्वभाव कस्तो लाग्यो ? किन सबैले कविताको प्रशंसा गरेका होलान् ? जस्ता प्रश्न गर्दै प्रशंसायोग्य काम के के हुन् भनी छलफल गर्नुहोस् ।

(ऊ) कविता जस्तै आफू पनि साथीप्रति सद्भाव प्रकट गर्ने तरिका व्यक्तिगत रूपमा प्रत्येक विद्यर्थीलाई भन्न लगाउनुहोस् । जस्तै :

> **सद्भावको नमुना**
>
> मेरो नाम रामललन हो । म श्री जानकी आधारभूत विद्यालय जनकपुरमा कक्षा ५ मा पढ्छु । म मेरा हरेक काम आफैँ गर्छु र घरमा सकेको र भ्याएको जति सहयोग गर्छु । म बिहानै उठ्छु । नित्यकर्म  गर्छु । योगाभ्यास र पूजापाठ गर्छु । गृहकार्य गर्छु । त्यसपश्चात खाना बनाउन आमालाई सहयोग गर्छु । आफैँ तयार भएर विद्यालय जान्छु । प्रार्थना समयमा साथीलाई लाइनमा बस्न सहयोग गर्छु । मेरो  विद्यालयमा सबै जाती, भाषा, धर्मका साथीहरू पढ्न आउँछन् । सबैको सम्मान गर्छु । साथीहरूलाई कक्षाकार्यमा  पनि सहयोग गर्छु । गुरुहरूलाई पनि कापी परीक्षणमा सहयोग गर्छु । साथीहरूलाइ अप्ठेरो पर्दा जुनसुकै सहयोग गर्न तयार हुन्छु । कसैलाई दुख दिनु हुँदैन भन्ने मलाई थाहा छ । सबैको सम्मान गर्नुपर्छ भन्ने पनि मलाई थाहा छ । यसकारण म सबैको प्रिय छु ।

(ऋ) साथीका विचारलाई सुन्न हरेक विद्यार्थीलाई सचेत गराउनुहोस् र साथीका व्यवहारका बारेमा मौखिक टिप्पणी पनि गराउनुहोस् ।

(ए) प्रत्येक विद्यार्थीलाई आआफूले गर्ने कामसम्बन्धी विचार मौखिक रूपमा व्यक्त गर्न लगाउनुहोस् ।

(ऐ) रामललनले व्यक्त गरेका विचार कुन कालमा छ ? अगिल्लो पाठका आधारमा भन्न लगाउनुहोस् । विद्यार्थीले व्यक्त गरेका धारणालाई टिपोट गर्नुहोस् । कुनै क्रियापदले अहिलेको समयमा काम हुने, हुँदै गरेको र पूरा भएको बुझाएमा त्यस्तो क्रियापदको काल वर्तमान काल हो भनी सामान्य जानकारी दिनुहोस् । जस्तै :

गर्छु, उठ्छु, पढ्छु, हो, जान्छु, गर्छु, हुन्छु, छ, छु

(ओ) कविताले गरेका काममा कुन कुन वर्तमान र कुन कुन भूत हो भनि सोध्नुहोस् । भूतकालका क्रियापद टिपोट गर्न लगाउनुहोस् । जस्तै :

थियो, दिइन्, गरिन्

(औ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ को अनुच्छेद पढ्न लगाउनुहोस् । रातो लागेका शब्द टिप्न लगाउनुहोस् । यी क्रियापद भूतकालका हुन् । कुनै क्रियापदले बितेको समयमा काम भएको, हुँदै गरेको, भइसकेको, पछि थाहा हुन आएको, पहिले धेरै हुने कामको जानकारी दिने क्रियापद भूतकाल हुन् भनी जानकारी दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास न. १५ ले निर्देश गरेबमोजिम सद्भाव व्यक्त गर्न लगाउनुहोस् ।

(ख) वर्तमान र भूतकालका २/२ ओटा क्रियापद भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## एघारौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भूतकालका क्रियापद पहिचान र प्रयोग<br>• पञ्चम वर्ण पहिचान र प्रयोग<br>• परियोजना कार्य (गृहकार्य) | • भूतकालका क्रियापद पहिचान र प्रयोग गर्न<br>• पञ्चम वर्ण पहिचान र प्रयोग गर्न<br>• आफ्नो गाउँ टोलमा मनाइने कुनै चाडपर्वका बारेमा अभिभावकसँग सोधी एक अनुच्छेद लेखेर ल्याउन (गृहकार्य) | • भूतकालका क्रियापद प्रयोग भएको अनुच्छेद<br>• भूतकालका क्रियापदको सूची<br>• पञ्चम वर्ण प्रयोग धएको शब्द सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ)विद्यार्थीलाई उत्प्रेरित गर्न 'न मैले लेखे न उनले लेखिन् खै कसले लेख्यो ' बोलको गीत गाएर कक्षा आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई कक्षा आरम्भमा गाएको गीत स्मरण गराउँदै गीतमा प्रयोग भएको क्रियापद सम्झन लगाउनुहोस् । विद्यार्थीले तयार पारेका अगिल्लो कक्षाको उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ तर्फ केन्द्रित गर्नुहोस् र अनुच्छेद पढ्न लगाउनुहोस् । अनुच्छेदमा रातो लगाएको शब्द टिप्न लगााउनुहोस् । शिक्षकले तयार पारी ल्याएका भूतकालका क्रियापद प्रयोग भएका अनुच्छेद प्रदर्शन गरी उदाहरण सहित भूतकालको सामान्य जानकारी पुनः दिनुहोस् । जस्तै :

| |
|---|
| हिजो शनिबार विद्यालय बन्द थियो । बिदामा म चिडियाखाना घुम्न गएँ । त्यहाँ धेरै चरा र जनावर थिए । मलाई जलगैँडा मन पऱ्यो । चिम्पाञ्जीको क्रियाकलाप मन पऱ्यो । म खुब रमाएँ । |

(इ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न दुई पढेर वर्तमानका क्रियापदलाई भूतकालमा परिवर्तन गर्न लगाउनुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् ।

(ई) विद्यार्थीले गरेका कामका अवलोकन गर्नुहोस् र यस्तै अन्य शब्द खोज्न लगाउनुहोस् र कापीमा टिपोट गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न ३ तर्फ ध्यान केन्द्रित गर्नुहोस् र भूतकालका क्रियापद चिनेर गोलो घेरा लगाउन लाउनुहोस् । जस्तै :

कुदेँ, गाइन्, निदाए, अस्तायो

(ऊ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न ४ तर्फ ध्यान केन्द्रित गर्नुहोस् र पाठबाट भूतकाल बुझाउने पाँचओटा क्रियापद लेख्न लगाउनुहोस् । यसैगरी विद्यार्थीलाई पाँचओटा भूतकालका क्रियापद प्रयोग गर्दै हिजोका काम बताउन लगाउनुहोस् ।

(ऋ) भाषिक संरचना र वर्णविन्यासको अभ्यास न. ५ तर्फ विद्यार्थीको ध्यानाकर्षण गरी धातुलाई क्रियापद बनाउन सिकाउनुहोस् । नेपाली व्याकरणमा धातु भन्नाले क्रियाको मूल तत्त्व हो । जस्तै : राख् , गाउ, घुम् , टिप् ...

(ए) विद्यार्थीले गरेका कार्यको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् र वाक्य पूरण गर्न लगाउनुहोस् । थप पाँचओटा धातुबाट क्रियापद बनाउन लगाउनुहोस् र शिक्षकले तयार गरेर ल्याएको धातु र क्रियापदको सूची प्रस्तुत गर्नुहोस् । जस्तै :

पढ् : पढैं, पढ्यौँ, पढिस्, पढ्यौ, पढ्नुभयो, पढ्यो, पढिन्, पढे

लेख् : लेखें, लेख्यौँ, लेखिस्, लेख्यौ, लेख्नुभयो, लेख्यो, लेखिन्, लेखे

(ऐ) भाषिक संरचना र वर्णविन्यासको अभ्यास न. ६ तर्फ विद्यार्थीको ध्यानाकर्षण गरी उदाहरण हेरी तालिकामा पञ्चम वर्ण प्रयोग भएका शब्द भर्न सिकाउनुहोस् ।

| ङ् | ञ् | ण् | न् | म् |
|---|---|---|---|---|
| अङ्क | पञ्चम | घण्ट | सन्देश | कम्पन |
| .................... | .................... | .................... | .................... | .................... |
| .................... | .................... | .................... | .................... | .................... |
| .................... | .................... | .................... | .................... | .................... |

(ओ) पञ्चम वर्ण भन्नाले क, च, ट, त, प वर्गका पाँचौं वर्ण हुन् भनी बताइदिनुहोस् । जस्तै :

| | | | | | पञ्चम वर्ण |
|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | ङ |
| च | छ | ज | झ | ञ | ञ |
| ट | ठ | ड | ढ | ण | ण |
| त | थ | द | ध | न | न |
| प | फ | ब | भ | म | म |

(औ) विद्यार्थी स्पष्ट भए नभएको यकिन गरी आवश्यक सहजीकरण गर्नुहोस् र भाषिक संरचना र वर्णविन्यासको अभ्यास न. ७ तर्फ विद्यार्थीको ध्यानाकर्षण गरी पञ्चम वर्ण प्रयोग भएका शुद्ध शब्द पहिचान गरी गोलो घेरा लगाउन लगाउनुहोस् । जस्तै :

चंख चम्ख चञ्ख

पन्चामृत पंचामृत पम्चामृत पञ्चामृत

(अं) परियोजना कार्यका रूपमा आफ्नो गाउँ टोलमा मनाइने कुन चाडपर्वका बारेमा अभिभावकसँग सोधी एक अनुच्छेद लेखेर ल्याउन लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका क्रियापदलाई भूतकालमा परिवर्तन गर्न लगाउनुहोस् ।

| क्रियापद | भूतकाल | क्रियापद | भूतकाल |
|---|---|---|---|
| पढ्छु | | नाच्छिन् | |
| खेल्छ | | देख्छन् | |

(ख) तलका धातुलाई क्रियापदमा परिवर्तन गर्न लगाउनुहोस् ।

खेल्, पढ्, हाँस्

(ग) पञ्चम वर्ण प्रयोग भएका तीनओटा शब्द लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## बाह्रौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• परियोजना कार्य प्रस्तुति | • सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न<br>• अभिभावकसँग सोधेर लेखी ल्याएको उत्तर भन्न | • सुनाइ पाठको अडियो सामग्री<br>• प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै विद्यार्थीलाई आफूले सुनेको समाचार भन्न लगाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुको स्मरण गर्दै आजको पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ र बोलाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । यस किसिमका प्रश्नको उत्तर दिँदा पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरामा पुनः सचेत गराउनुहोस् ।

(आ) यसका साथै सुनाइ पाठ ध्यानपूर्वक सुन्नुपर्ने, निर्धारित प्रश्नको संरचनामा आधारित रहेर उत्तर दिने कुरा विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीलाई यसै निर्देशिकाको परिशिष्टबाट सुनाइ पाठ दश सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर तथा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड

गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ । पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(इ) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ तर्फ केन्द्रित गर्नुहोस् र सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनस्मरण गराउनुहोस्, जस्तैः

प्रश्न : म पात्रलाई गर्भमा रहँदा के गर्न मन लाग्थ्यो ?

उत्तर : म पात्रलाई गर्भमा रहँदा खेल्न मन लाग्थ्यो ।

(ई) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थीलाई पुनः अभ्यास दुईतर्फ केन्द्रित गर्नुहोस् र आमाका बारेमा पाँच वाक्य भन्न लगाउनुहोस् ।

(ऊ) सुनाइ पाठका आधारमा विभिन्न प्रश्नका चिट्ठा निर्माण गर्नुहोस् । विद्यार्थीलाई चिट्ठा टिप्न लगाई आफूलाई परेको प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई अगिल्लो दिनको परियोजना कार्य स्मरण गराउनुहोस् र पालैपालो भन्न लगाउनुहोस् ।

(ए) प्रस्तुति सकिएका विद्यार्थीलाई ताली बजाएर सम्मान गर्नुहोस् ।

(ऐ) अन्य विद्यार्थीलाई कुन कुन चाडपर्व कसरी मनाइदोरहेछ भनेर छलफल गराउँदै गर्नुहोस् ।

(ओ) अन्त्यमा नेपाल बहुसांस्कृतिक देश भएकोले सबैको सम्मान सबैले गर्नुपर्ने कुरामा जोड दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) सुनाइ र बोलाइ पाठ १ सम्बन्धी अभ्यास १ र २ का अभ्यास गर्न लगाउनुहोस् ।

(ख) कुन कुन पर्व कसरी मनाइँदोरहेछ ? भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

| पाठ : ११ | भान्जीलाई चिठी | |
|---|---|---|
| विधा : व्यावहारिक लेखन | | कार्यघण्टा : ९ |

**परिचय**

'भान्जीलाई चिठी' व्यावहारिक लेखन विधाको पाठ हो । चिठी विचार, भावना, सन्देश, सूचना तथा मनोभाव आदानप्रदान गर्ने परम्परित माध्यम हो । यसलाई व्यावहारिक लेखनअन्तर्गत अध्ययन अध्यापन गरिन्छ । 'भान्जीलाई चिठी' पाठ व्यावहारिक लेखनअन्तर्गत पर्ने घरायसी चिठी हो । घरायसी, कार्यालयीय र व्यापारिकका भेदले मुख्यतः चिठी तीन प्रकारका हुन्छन् । मनोभाव वा सूचनालाई भरपर्दो ढङ्गले विनिमय गर्न सिकाउनुका साथै भाषिक सिपअन्तर्गत लेखन सिपको विकासमा सहयोग पुऱ्याउनु चिठी शिक्षणको मुख्य उद्देश्य हो । निर्दिष्ट ढाँचामा घरायसी चिठी लेख्न विद्यार्थीलाई दक्ष बनाउनाका साथै यसैका माध्यमबाट भाषाका अन्य सिपको विकासमा पनि चिठी विधालाई उपयोग गर्न सकिन्छ ।

आफन्त, बन्धुबान्धव, इष्टमित्र, नातेदार, छरछिमेक वा व्यक्तिगत सम्बन्ध भएका व्यक्तिलाई लेखिने चिठी नै घरायसी चिठी हो । पारस्परिक सम्बन्धलाई सुमधुर र आत्मीय बनाउन तथा वैयक्तिक सन्देश लिन वा दिन घरायसी चिठी लेखिन्छ । तोकिएको ढाँचामा लेखिने भए तापनि यसको शैली अनौपचारिक हुन सक्छ । चिठी विधाको शिक्षण गर्दा सस्वर पठन, पठन गतिवृद्धि, मौन पठन, पाठगत शब्दको शुद्धोच्चारण, संरचना पहिचान, विषयवस्तुबोध, सन्देश ग्रहण, चिठी लेखन ढाँचा र शैलीको अनुकरण, चिठीका अङ्गको पहिचान तथा प्रयोग, चिठीको प्रकृति र विषयवस्तुलाई अधिक ध्यान दिनुपर्छ । यस बाहेक शब्दभण्डार तथा तिनको प्रयोग, बोध प्रश्नोत्तर, अनुच्छदबाट प्रश्न निर्माण, चिठीको नमुना प्रदर्शन, चिठीको प्रकृति पहिचान, घरायसी चिठी लेखन, प्रत्युत्तर चिठी लेखन, सूचना लेखन, सन्देशमूलक रचना आदि अभ्यासमा केन्द्रित हुनुपर्छ ।

यस पाठबाट सुनाइ र बोलाइ सिपअन्तर्गत ढाँचा तथा शैली बोध, वर्ण तथा शब्दको ध्वनि विभेदीकरण, प्रश्न निर्माण, सूचना ग्रहण, सन्देश प्रवाह, उत्साह, चिन्ता र विस्मात्सहितको प्रतिक्रिया तथा प्रस्तुति, प्रश्नोत्त तथा छलफल गर्ने सिपको विकास गराउनुपर्छ । पढाइ सिपअन्तर्गत समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन, संरचना पहिचान, विषयवस्तुबोध, सन्देश ग्रहण, निमन्त्रणा पत्रको बोधात्मक प्रश्नोत्तर जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । लेखाइ सिपअन्तर्गत चिठी लेखनको ढाँचा र शैली अनुकरण, प्रश्न निर्माण, प्रश्नोत्तर, प्रत्युत्तर लेखन, सूचना लेखन, घरायसी चिठी लेखन, सन्देशमूलक स्वतन्त्र रचना गर्ने जस्ता सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत भविष्यत् कालको पहिचान र प्रयोग, हलन्त र अजन्तको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । शब्दभण्डारअन्तर्गत शिष्टाचारबोधक शब्दको पहिचान तथा प्रयोग, पाठगत शब्दको अर्थबोध र प्रयोगको विकास गराउनुपर्छ भने भाषिक प्रकार्यमा समस्या समाधान गर्ने सिपको विकास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ ११ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ ११ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | • पठन, चित्र पहिचान र छलफल<br>• घरायसी चिठीको परिचय र संरचना | • पूर्व पठन खण्डमा रहेका चित्रको पहिचान तथा अर्थबोध गरी वर्णन गर्न<br>• घरायसी चिठीको स्वरूप, संरचना र अङ्गहरू बारे बताउन | • पूर्व पठन खण्डका चित्र<br>• खामको नमुना, हुलाक टिकट<br>• प्रोजेक्टर (सम्भव भएसम्म)<br>• प्रिन्ट कपी | १ |

| | | | | |
|---|---|---|---|---|
| **दोस्रो दिन** | • सस्वर पठन<br>• पठन गतिवृद्धि<br>• शुद्धोच्चारण<br>• भाषिक संरचना | • पाठमा आएका अनुच्छेदको सस्वर पठन गर्न<br>• पठन वृद्धि गर्न<br>• पाठगत शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• अनुच्छेद र वाक्य सङ्ख्या पहिचान गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अनुच्छेद | १ |
| **तेस्रो दिन** | • मौन पठन<br>• शब्दभण्डार<br>• शब्दार्थ पहिचान<br>• वाक्यमा प्रयोग | • पाठ्य चिठी मौन पठन गर्न<br>• नयाँ शब्दहरूको अर्थ बताउन<br>• निर्धारित अर्थ बुझाउने शब्द पाठबाट खोजेर भन्न<br>• कोष्ठकबाट मिल्ने शब्द पहिचान गरी खाली ठाउँ भर्न<br>• निर्धारित शब्दको अर्थबोधसहित अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | • शब्दार्थपत्ती<br>• शब्दसूची<br>• वाक्यपत्ती | १ |
| **चौथो दिन** | • अनुच्छेदको मौन पठन र प्रश्नोत्तर<br>• पाठगत प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको मौन पठन गर्न<br>• मौन पठन गरिएको अनुच्छेदका विषयवस्तुको बोध गरी सोधिएका बोध प्रश्नको उत्तर भन्न/लेख्न<br>• पाठगत विषय तथा सन्दर्भका आधारमा प्रश्नोत्तर गर्न | • प्रोजेक्टर<br>• अनुच्छेदपत्ती<br>• प्रश्नसूची<br>• नमुना उत्तर | १ |
| **पाँचौँ दिन** | • प्रश्न निर्माण<br>• घरायसी चिठीको प्रत्युत्तर लेखन | • निर्दिष्ट विषयवस्तुमा आधारित भई प्रश्न निर्माण गर्न<br>• निर्दिष्ट ढाँचामा संरचना मिलाई घरायसी चिठीको प्रत्युत्तर चिठी लेख्न | • प्रश्नको नमुना<br>• घरायसी चिठीको नमुना<br>• खाम तथा टिकटको नमुना | १ |
| **छैटौँ दिन** | • बोध प्रश्नोत्तर<br>• सूचना लेखन | • निर्दिष्ट अंशका आधारमा सोधिएका प्रश्नहरूको उत्तर भन्न/लेख्न<br>• आवश्यक जानकारी समेटी सूचना लेख्न | • प्रश्नावली<br>• उत्तरको नमुना<br>• सूचनाको नमुना | १ |
| **सातौँ दिन** | • भाषिक प्रकार्य (समस्या समाधान कथन) | • समस्या आइपर्दा समय, परिस्थिति, उपलब्ध साधनस्रोत आदि विचार गरी समाधानको उपाय बताउन | • समस्या समाधानको उपाय बताउने लिखित सामग्री<br>• समस्या र त्यसको समाधानसँग सम्बन्धित श्रव्य/दृश्य सामग्री | १ |
| **आठौँ दिन** | • भविष्यत् कालीन क्रिया पहिचान<br>• भविष्यत् कालीन क्रिया निर्माण<br>• रिक्तस्थान पूरण<br>• अनुच्छेद लेखन | • भविष्यत् कालीन क्रियाको पहिचान गर्न<br>• भविष्यत् कालीन क्रिया निर्माण गर्न<br>• भविष्यत् कालीन क्रियाको प्रयोग गरी खाली ठाउँ भर्न<br>• भविष्यत् कालका क्रियाको प्रयोग गरी अनुच्छेद लेख्न | • स्लाइड<br>• अनुच्छेद<br>• क्रियापत्ती<br>• अनुच्छेदको नमुना | १ |
| **नवौँ दिन** | • हलन्त र अजन्त शब्दको पहिचान (विभाजन र | • हलन्त र अजन्त शब्दको पहिचान गर्न<br>• हलन्त र अजन्त शब्दको विभाजन तथा तालिकीकरण गर्न | • शब्दपत्ती<br>• चार्टपेपर<br>• प्रश्नावली | १ |

| | | | | |
|---|---|---|---|---|
| | तालिकीकरण) <br>● श्रुतिबोध (सुनाइ र बोलाइ) <br>● सिर्जनात्मक कार्य तयारी र प्रस्तुतीकरण | ● सुनाइ पाठमा आधारित क्रियाकलापहरू गर्न <br>● सिर्जनात्मक कार्यको तयारी र प्रस्तुतीकरण गर्न | ● नमुना उत्तर | |
| **जम्मा कार्यघण्टा** | | | | ९ |

**पहिलो दिन**

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● पठन, चित्र पहिचान र छलफल <br>● घरायसी चिठीको परिचय र संरचना | ● पूर्व पठन खण्डमा रहेका चित्रहरूको पहिचान तथा अर्थबोध गरी वर्णन गर्न <br>● घरायसी चिठीको स्वरूप, संरचना र अङ्गहरू बारे बताउन | ● पूर्व पठन खण्डका चित्र <br>● खामको नमुना, हुलाक टिकट <br>● प्रोजेक्टर (सम्भव भएसम्म) <br>● प्रिन्ट कपी |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई पशु वा पन्छी (काग) ले सन्देश ल्याउने र लैजाने गरेको कुनै छोटो कथा वा प्रसङ्ग सुनाएर चिठी वा सन्देश विनिमयको प्राचीन परम्पराको स्मरण गराई आजको पाठ्यवस्तुमा अभिमुख गराउनुहोस् ।

(आ) विद्यार्थीमध्ये कसैले कहिल्यै चिठी लेखे नलेखेको सोध्नुहोस् र विद्यार्थीको अनुभव लिई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले प्रोजेक्टर, प्रिन्ट कपी वा पाठ्यपुस्तकको प्रयोग गरेर पूर्व पठन खण्डका चित्र प्रदर्शन गर्नुहोस् ।






(आ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् । पूर्व पठन खण्डका चित्रहरू एक समूहमा एउटा चित्र पर्ने गरी विभाजन गर्नुहोस् र ती चित्रका बारेमा छलफल गर्न लगाउनुहोस् ।

(इ) यथासम्भव पूर्व पठन खण्डका चित्रसँग मेल खाने तथा चिठीको प्राचीन तथा





वर्तमान अवस्था झल्किने अन्य चित्रहरू प्रोजेक्टरका माध्यमले वा प्रिन्ट कपी प्रस्तुत गर्नुहोस् । समूहलाई ती चित्रको पहिचान गरी छलफल गर्न लगाउनुहोस् ।




(ई) छलफलबाट आएको निष्कर्षलाई कक्षामा पालैपालो वर्णन गर्न लगाउनुहोस् ।

(उ) पृष्ठपोषणसहित विद्यार्थीले प्रस्तुत गरेका कुरालाई समेट्दै पाठगत सन्दर्भलाई निर्देश गर्नुहोस् । यस क्रममा चिठीको परिचय यसको प्रयोगको इतिहाससमेत बताई पूर्व पठन खण्डमा दिइएका चित्रहरूले प्राचीन कालबाट विकसित हुँदै वर्तमान समयमा आइपुग्दा सन्देश विनिमयका लागि इमेलको प्रयोग बढेको बताउँदै उक्त चित्रहरूले चिठीको परम्परालाई सङ्केत गरेको कुरा जानकारी गराउनुहोस् ।

(ऊ) पूर्व पठन खण्डका विषयवस्तुलाई मूल पाठसँग समन्वय गर्दै चिठीका ४ प्रकारको नाम शैक्षणिक पाटीमा लेखी घरायसी चिठीको स्वरूप पहिचानबारे आधारभूत कुराको चर्चा गर्नुहोस् ।

(ऋ) चिठीका लागि आवश्यक खाम र हुलाक टिकटको चित्र प्रोजेक्टरका माध्यमले वा प्रिन्टकपी प्रदर्शन गर्नुहोस् ।

(ए) चिठीमा खाम र हुलाक टिकटको प्रयोग गरिएको कुरा विद्यार्थीले देखे नदेखेको जानकारी लिनुहोस् र विद्यार्थीबाट प्राप्त जानकारीलाई समेत आधार बनाई खाम र टिकटको प्रयोजनबारे बताउनुहोस् ।

(ऐ) खाम र हुलाक टिकटको प्रयोजनको विषयलाई अझ प्रस्ट पार्न प्रेषक र प्रापकको ठेगाना लेखी हुलाक टिकटसमेत टाँसेको खामको नमुना प्रदर्शन गर्नुहोस् ।




(ओ) चिठीमा मिति, सम्बोधन, शिष्टाचार र प्रेषकको नाम कहाँ राखिन्छ भन्ने बारे शिक्षकले तयार गरी ल्याएको संरचनाको नमुना र मूल पाठको चिठीलाई समेत आधार मानी छलफल गर्नुहोस् ।

(औ) छलफलबाट आएको निष्कर्षलाई कक्षामा पालैपालो वर्णन गर्न लगाउनुहोस् ।

(अं) शिक्षकले चिठीको प्राचीन तथा वर्तमान माध्यम, घरायसी चिठीको स्वरूप, संरचना र अङ्गहरूका बारेमा विद्यार्थीलाई सङ्क्षेपमा पुनः स्मरण गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) चिठी वा सन्देश आदान प्रदान गर्ने माध्यम के के हुन् ? चर्चा गर्नुहोस् ।

(ख) खामलाई कसरी चिठीको अङ्गका रूपमा प्रयोग गर्न सकिन्छ ? प्रस्ट पार्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन<br>• पठन गतिवृद्धि<br>• शुद्धोच्चारण<br>• भाषिक संरचना | • पाठमा आएका अनुच्छेदको सस्वर पठन गर्न<br>• पठन वृद्धि गर्न<br>• पाठगत शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• अनुच्छेद र वाक्य सङ्ख्या पहिचान गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अनुच्छेद |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) चिठीसँग सम्बन्धित कुनै रमाइलो किस्सा सुनाएर विद्यार्थीलाई सिकाइ क्रियाकलापमा आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ). आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई अनुच्छेदमा प्रयुक्त लेख्य चिह्नको ख्याल राख्दै निर्दिष्ट अनुच्छेदको सस्वर पठन गरी पढ्न निर्देशन दिनुहोस् । एउटा विद्यार्थीलाई पढ्न लगाउँदा अन्य विद्यार्थीलाई ध्यान दिएर सुन्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले सस्वर पठन गर्दा कठिनाइ देखिएको ठाउँमा नमुना वाचन गरिदिनुहोस् । सकेसम्म धेरै विद्यार्थीलाई सस्वर पठनका लागि अवसर प्रदान गर्नुहोस् ।

(इ) .विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको सबै विद्यार्थी भएको ठाउँमा पुगी अवलोकन गर्नुहोस् । यस क्रममा विद्यार्थीको भाषिक पृष्ठभूमि र सिकाइको स्तरलाई ख्याल गर्दै सस्वर पठनका लागि आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

(ई) सस्वर पठनका क्रममा विद्यार्थीले शुद्ध उच्चारण गरे नगरेको ख्याल गरी सुन्न निर्देशन दिनुहोस् । अशुद्ध उच्चारण गरेका शब्द सिसाकलमले रेखाङ्कन गर्न लगाउनुहोस् र त्यस्ता शब्द स्वयम् पनि शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ). सस्वर पठनका क्रममा विद्यार्थीबाट गलत उच्चारण भएका तथा विद्यार्थीले नै टिपोट गरेका शब्दहरू के के छन् भनी सोध्नुहोस् र उनीहरूले रेखाङ्कन गरेका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) टिपोट गरिएका शब्दको शुद्ध उच्चारण गर्ने पहिलो अवसर विद्यार्थीलाई नै दिनुहोस् । त्यसपछि शैक्षणिक पाटीमा अक्षरीकरण गरी लेख्नुहोस् र हरेक शब्दलाई पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।

(ऋ) शुद्धोच्चारणका लागि आफूले तयार पारेको शब्दपत्ती प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् र त्यो शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् । जस्तै : आशीर्वाद /आ.सिर्.बाद्/ शिक्षादीक्षा /सिक्.छ्या.दिक्.छ्या/

(ए) विद्यार्थीले शुद्ध उच्चारण गरेको अवस्थामा प्रशंसा तथा पृष्ठपोषण गर्नुहोस् । यदि अशुद्ध उच्चारण गरेमा अक्षरीकरणसहित शुद्ध उच्चारण गर्न सिकाउनुहोस् । शुद्ध उच्चारण गर्न पटक पटक लगाउनुहोस् ।

(ऐ) शुद्ध उच्चारण गरिएका शब्दहरूको अक्षरीकरण गरी शैक्षणिक पाटीमा प्रदर्शन गरी देखाउनुहोस् ।

(ओ) बोध र अभिव्यक्ति खण्डको अभ्यास २ मा निर्देश गरेअनुसारको पाठ स्लाइडमा प्रदर्शन गर्नुहोस् । त्यसपछि व्यक्तिगत रूपमा एक एक जना गरी विद्यार्थीलाई समयबद्ध गतिवृद्धि पठन गर्न निर्देशन दिनुहोस् । समयबद्ध गतिवृद्धि पठन भनेको दिइएको अनुच्छेद वा पाठलाई जतिसक्दो छिटो पढ्ने अभ्यास हो भन्ने कुरा बुझाउनुहोस् । गतिवृद्धि पठन गर्दा शब्द वा गति, यति मिलाउनुपर्ने, वाक्यहरूको शुद्ध उच्चारण गर्नुपर्ने तथा लेख्य चिह्नहरूको

ख्याल राख्नुपर्ने जानकारी दिनुहोस् । पठन गर्दा लागेको समय निर्धारण गर्न शिक्षक आफैँले घडी हेर्नुहोस् । अब क्रमशः विद्यार्थीलाई गतिवृद्धिसहित शीघ्र पठन गर्न लगाउनुहोस् । सबैभन्दा छिटो अनुच्छेद पढ्ने विद्यार्थीको प्रशंसा गर्नुका साथै यस अभ्यासका क्रममा देखिएका समस्यामा छलफल गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(औ) पाठमा भएका अनुच्छेद प्रोजेक्टरमार्फत प्रस्तुत गर्नुहोस् । सबैभन्दा लामो अनुच्छेद कुन हो र त्यसमा कतिओटा वाक्य रहेका छन्, भनी विद्यार्थीलाई पालैपालो सोध्नुहोस् । उनीहरूले दिएको उत्तर मिले नमिलेको अन्य विद्यार्थीबाट परीक्षण गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको अनुच्छेदको सस्वर पठन गर्न लगाउनुहोस् :

प्यारी भान्जी ! तपाइँले सोचे जस्तै अबका दिन पनि बित्ने छन् । तपाइँले आफूभित्रको क्षमतालाई विकास गर्न सक्नुहुने छ । यही वैशाखमा तपाइँ यहाँ आउनुपर्छ । यहाँ आउँदा आमाबुबालाई पनि सँगै लिएर आउनुहोला । भेटमा विस्तृत कुरा गरौँला । आजलाई यति भन्दै कलम बन्द गर्दछु ।

(ख) दिइएको अनुच्छेदको गतिवृद्धिसहित सस्वर पठन गर्न लगाउनुहोस् :

भान्जी ! तपाइँको पत्र पढेपछि म निकै खुसी भएँ । तपाइँको हिम्मत, चाहना र आत्मविश्वास देखेर गर्व लाग्यो । आफूमा अपाङ्गता हुँदाहुँदै तपाइँले सोचेका कुरा साँच्चिकै महान् छन् । अपाङ्गता भएकै कारण चुपचाप बस्नुपर्छ भन्ने छँदै छैन । मानिस जुनसुकै कारणबाट पनि अपाङ्गताको अवस्थामा पुग्न सक्छन् । हो, तपाइँले भने झैँ अपाङ्गता भएकाहरूमा विशेष क्षमता हुन्छ । उनीहरूले उपयुक्त अवसर पाउने हो भने जुनसुकै काम गर्न सक्छन् ।

(ग) दिइएका शब्दहरूको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

दृष्टिविहीन, अपाङ्गतामैत्री, ब्रेललिपि, साङ्केतिक, आत्मनिर्भर, गुणस्तरीय, आत्मविश्वास, दौँतर

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन<br>• शब्दभण्डार<br>• शब्दार्थ पहिचान<br>• वाक्यमा प्रयोग | • पाठ्य चिठी मौन पठन गर्न<br>• नयाँ शब्दहरूको अर्थ बताउन<br>• निर्धारित अर्थ बुझाउने शब्द पाठबाट खोजेर भन्न<br>• कोष्ठकबाट मिल्ने शब्द पहिचान गरी खाली ठाउँ भर्न<br>• निर्धारित शब्दको अर्थबोधसहित अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | • शब्दार्थपत्ती<br>• शब्दसूची<br>• वाक्यपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शुभआशीर्वाद, साष्टाङ्ग दण्डवत्, सेवा ढोग जस्ता घरायसी चिठीमा प्रयोग हुने पारिभाषिक शब्द र तिनको प्रयोग सन्दर्भ उल्लेख गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुका बारेमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई मूल पाठको मौन वाचन गर्न लगाउनुहोस् र अर्थबोध हुन नसकेका शब्दलाई कापीमा टिपोट गर्न निर्देशन दिनुहोस् ।

(आ) अर्थबोध नभएर विद्यार्थीले टिपोट गरेका शब्दलाई क्रमशः एक एक जनालाई भन्न लगाउनुहोस् र ती शब्दलाई शैक्षणिक पाटीमा लेख्नुहोस् । यस क्रममा पहिले लेखेका शब्दहरूलाई दोहोऱ्याएर नलेख्नुहोस् ।

(इ) उक्त शब्दहरूको अर्थ विद्यार्थीबाटै पहिल्याउने कोसिस गर्नुहोस् ।

(ई) टिपोट गरिएका कतिपय शब्दको अर्थ विद्यार्थीले नै भन्न सक्ने छन् । उनीहरूले शब्दको अर्थ भनेमा स्याबासी दिनुहोस् । उनीहरूले भन्न नसकेका शब्दको अर्थ सिकाउँदा पर्यायवाची शब्द, विपरीतार्थी शब्द, अनेकार्थी शब्द आदिका आधारमा शब्दपत्ती र अर्थपत्तीका माध्यमबाट सिकाउनुहोस्, जस्तै :

श्रव्य = सुन्न योग्य　　　　दौँतरी = एकै उमेरका साथी

(उ) शब्दको अर्थ सिकाउँदा स्थानीय वस्तु तथा चित्रको प्रयोग र आवश्यकताअनुसार हाउभाउको पनि उपयोग गर्नुहोस् ।

(ऊ) यस क्रियाकलापलाई प्रतियोगितात्मक ढङ्गले पनि सञ्चालन गर्न सक्नुहुने छ । त्यसका लागि विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । शब्दार्थका लागि पाठसँग सम्बन्धित विभिन्न शब्दहरू टिपोट गर्न लगाउनुहोस् । पालैपालो एक समूहले अर्को समूहलाई शब्द सोधी अर्थ भन्न लगाउनुहोस् ।

(ऋ) शब्दभण्डार खण्डको अभ्यास न. १ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र दिइएका अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् । यसका लागि शिक्षकले शब्दार्थ तालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस्, जस्तै :

| **पदावली** | **अर्थ** |
|---|---|
| कुनै कामका लागि गरिने प्रयत्न | कोसिस |
| प्रविधिसम्बन्धी सिप, ज्ञान, शिक्षा | शिक्षा |
| विद्यार्थीलाई अध्ययनका निम्ति दिइने आर्थिक सहयोग | छात्रवृत्ति |
| दुवैतिर हातले ठोकेर बजाइने बाजा | मादल |

(ए) शब्दभण्डार खण्डको अभ्यास न. २ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र दिइएका खाली ठाउँमा उपयुक्त शब्द भर्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस्, जस्तै :

- आमाबुबालाई शिष्टाचार जनाउने शब्द ...**ढोग**... हो । (ढोग, मिठो सम्झना, आशीर्वाद)
- मामामाइजूलाई शिष्टाचार जनाउने शब्द ...**नमस्कार**... हो । (साष्टाङ्ग दण्डवत्, नमस्कार, शुभाशिष्)
- साथीभाइलाई शिष्टाचार जनाउने शब्द ...**सुमधुर सम्झना**... हो । (सुमधुर सम्झना, सादर प्रणाम, पूजनीय)
- भाइबहिनीलाई सम्बोधन गरिने शब्द ...**प्यारा/प्यारी**... हो । (आदरणीय, परम पूजनीय, प्यारा/प्यारी)

(ऐ) शब्दार्थकै क्रममा छलफलमा आएका विभिन्न शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गरिएका शब्दलाई कक्षाकोठामा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ओ) यो अभ्यास विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी वाक्यपत्तीमा लेख्न लगाएर वा व्यक्तिगत रूपमा शैक्षणिक पाटीमा लेख्न लगाएर पनि अभ्यास गराउन सक्नुहुने छ । यसै क्रियाकलापसँग जोडी शब्दभण्डार खण्डको अभ्यास नं ३ का शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) तल दिइएका शब्दको अर्थ लेख्न लगाउनुहोस् :

आवासीय, सिप, थलो, मूल्याङ्कन

(ख) तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

गर्व, क्षमता, तालिम, अनाथ

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुच्छेदको मौन पठन र प्रश्नोत्तर<br>• पाठगत प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको मौन पठन गर्न<br>• मौन पठन गरिएको अनुच्छेदका विषयवस्तुको बोध गरी सोधिएका बोध प्रश्नको उत्तर भन्न/लेख्न<br>• पाठगत विषय तथा सन्दर्भका आधारमा प्रश्नोत्तर गर्न | • प्रोजेक्टर<br>• अनुच्छेदपत्ती<br>• प्रश्नसूची<br>• नमुना उत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) ठुलो मान्छे बन्न नखोज बरु असल मान्छे बन्ने प्रयास गर ।
अल्बर्ट आइन्स्टाइनको यो भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जाने सुनेका कुनै त्यस्तै उत्प्रेरणात्मक भनाइ सुनाउन लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् । यदि उनीहरूलाई पूर्व दिनको कक्षामा भएका सिकाइ क्रियाकलापमा अस्पष्टता रहेको भए सोधपुछ गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ मा विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् । निर्दिष्ट अनुच्छेदलाई यथासम्भव प्रोजेक्टरबाट प्रदर्शन गर्नुहोस् । सो सम्भव नभए पाठ्यपुस्तकमा हेरी मौन पठन गर्न लगाउनुहोस् । मौन पठन गर्दा ध्यान दिनुपर्ने कुराको सामान्य जानकारी गराउनुहोस् । जस्तै : अनुच्छेद पढ्दा आवाज निकाल्न नहुने, मनमनै पढेर अनुच्छेदमा भएका विषयवस्तुको बोध गर्नुपर्ने ।

(आ) विद्यार्थीले मौन पठन गरे नगरेको निर्क्योल गर्न विद्यार्थी भएको ठाउँमा वरिपरि घुमेर अवलोकन गर्नुहोस् ।

(इ) पाठ्य अनुच्छेदमा दिइएका बोध प्रश्नहरूको सूची प्रोजेक्टरमा वा शैक्षणिक पाटीमा प्रदर्शन गर्नुहोस् ।

(ई) उक्त प्रश्नहरूको उत्तर अनुच्छेदमा पहिचान गर्न निर्देशन दिनुहोस् ।

(उ) अब विद्यार्थीलाई निर्दिष्ट बोध प्रश्नमा केन्द्रित रही प्रश्नोत्तरात्मक छलफल गराउनुहोस् ।

(ऊ) यथासम्भव उक्त अनुच्छेदबाट अन्य प्रश्नहरू निर्माण गरी त्यसको उत्तरबारे छलफल गराउनुहोस् । त्यस्तो प्रश्न बनाउन र उत्तर भन्न पनि सकेसम्म विद्यार्थीलाई नै लगाउनुहोस् । आवश्यक परे उत्तरको संरचनासहितको नमुना शैक्षणिक पाटीमा लेखी सहजीकरण गरिदिनुहोस्, जस्तै :

**बोध प्रश्नोत्तरको नमुना**

**प्रश्न : मामा उत्साही हुनुको कारण के हो ?**

उत्तर : अपाङ्गता भएका विद्यार्थीले पनि पढ्न, लेख्न, खेल्न र रमाउन पाउने विद्यालय देख्नु नै मामा उत्साही हुनुको कारण हो ।

(ऋ) प्रश्नोत्तरकै क्रममा बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ र ६ मा विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् र समग्र पाठका आधारमा निर्दिष्ट प्रश्नहरूको सङ्क्षिप्त उत्तर छलफलबाट पहिल्याउने प्रयास गर्नुहोस् ।

(ए) यस क्रममा विद्यार्थीलाई सङ्क्षिप्त उत्तर लेखनको सहजताका लागि नमुना उत्तर प्रस्तुत गर्नुहोस् । जस्तै :

**सङ्क्षिप्त उत्तर लेखनको नमुना**

प्रश्न : अपाङ्गमैत्री आवासीय विद्यालयको उद्देश्य के रहेछ ?

उत्तर : 'अपाङ्गता हुनेहरूले गुणस्तरीय जीवन बाँच्न सकुन् भन्ने अपाङ्गमैत्री विद्यालयको उद्देश्य रहेछ ।

(ऐ) यसबाहेक शिक्षकले पाठ्य चिठीलाई आधार बनाई तयार पारेका प्रश्नहरूको सूची प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई उत्तर लेख्न तयार गराउनुहोस् ।

(ओ) विद्यार्थीले लेखेको प्रश्नको उत्तर ठिक भए नभएको परीक्षण गर्न यथासम्भव विद्यार्थीलाई नै लगाउनुहोस् ।

(औ) विद्यार्थीलाई समस्या परेको अवस्थामा यथोचित समाधान बताई सहजीकरण गरिदिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलका प्रश्नको उत्तर दिन लगाउनुहोस् :

(अ) मामालाई किन गर्व लाग्यो ?

(आ) मामाले देखेको विद्यालयको कुनै तीनओटा विशेषताहरू के के हुन् ?

(इ) अपाङ्गतामैत्री विद्यालयमा कस्ता विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था रहेछ ?

(ख) पाठको पहिलो अनुच्छेद पढी उत्तर भन्न लगाउनुहोस् :

(अ) चिठी कसले कसलाई लेखेको हो ?

(आ) पत्रमा उल्लेख भएअनुसार अपाङ्गता भएको व्यक्ति को हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्न निर्माण<br>• घरायसी चिठीको प्रत्युत्तर लेखन | • निर्दिष्ट विषयवस्तुमा आधारित भई प्रश्न निर्माण गर्न<br>• निर्दिष्ट ढाँचामा संरचना मिलाई घरायसी चिठीको प्रत्युत्तर चिठी लेख्न | • प्रश्नको नमुना<br>• घरायसी चिठीको नमुना<br>• खाम तथा टिकटको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) 'चिठी तिमीलाई लेखूँ भन्छु मनको करा मनमै रहे' बोलको गीत गाएर विद्यार्थीलाई सुनाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले बोध अभिव्यक्ति खण्डको अभ्यास ७ मा आधारित भई विद्यार्थीलाई प्रश्न निर्माणार्थ पाठ्य चिठीको मौनवाचन गर्न लगाउनुहोस् ।

(आ) कक्षाका सबै विद्यार्थीलाई प्रश्न निर्माण गर्ने तरिका सिकाएर प्रश्न निर्माण गर्न निर्देश गर्नुहोस् । यस क्रममा एकै ढाँचाका प्रश्न निर्माण गर्न नहुने बताउनुहोस् । प्रश्नलाई भिन्न भिन्न ढाँचामा बनाउन को, के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता प्रश्नवाचक सर्वनाम प्रयोग गर्ने तरिका सिकाउनुहोस् ।

(इ) विद्यार्थीको सहजताका लागि शिक्षकले नमुना प्रश्नसूची शैक्षणिक पाटी वा प्रोजेक्टरमा प्रदर्शन गर्नुहोस्, जस्तै :

**नमुना प्रश्नसूची**

- मामालाई किन गर्व लाग्यो ?
- अपाङ्गता भएकाहरूले बसेर कस्ता काम गर्न सक्छन् ?

(ई) नमुना प्रश्न निर्माण अभ्यास गराउँदा विद्यार्थीलाई समुचित आधारमा २, ३ वा ४ समूहमा विभाजन गराउनुहोस् । प्रत्येक समूहलाई पाठ्य चिठीबाट प्रश्न निर्माणका लागि अनुच्छेद छुट्याइदिनुहोस् र आआफ्नो अनुच्छेदबाट दुईदेखि चारओटासम्म प्रश्न बनाउन निर्देशन दिनुहोस् । चिठीको संरचनात्मक अङ्गबाट पनि प्रश्न निर्माण गर्ने सुविधा दिनुहोस् । (जस्तै : चिठी कुन मितिमा लेखिएको हो ?)

(उ) सबै समूहले तयार पारेका प्रश्नहरू सोधेर शैक्षणिक पाटीमा लेख्नुहोस् । नमिलेका प्रश्नमा शिक्षकले सहजीकरण गरी मिलाएर लेखिदिनुहोस् । यस क्रममा एउटा समूहले बनाएको कुनै एक प्रश्नको उत्तर शिक्षकले लेखेर प्रदर्शन गर्नुहोस् । अन्य प्रश्नको उत्तर फरक फरक समूहका विद्यार्थीलाई भन्न लगाउनुहोस् । राम्रो उत्तर आएमा ताली बजाएर प्रशंसा गर्नुहोस् । उचित उत्तर नआए पुनः अर्को समूहलाई सो प्रश्न सोध्नुहोस् ।

(ऊ) पाठ्य चिठीका आधारमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ तर्फ आकर्षित गर्नुहोस् । चिठीको संरचना प्रदर्शन गरी चिठी लेख्ने तरिकाका बारेमा निम्न बुँदामा आधारित भई छलफल गराउनुहोस् :

## चिठीको संरचनाको नमुना

| | |
|---|---|
| | १. मिति<br>२. चिठी लेखकको ठेगाना |
| ३. सम्बोधन<br>४. अभिवादन<br>५. सन्चो बिसन्चो खबर..........पत्र लेख्नुको कारण............<br>६. चिठीको पेटबोली................<br>७. समापन..... | |
| | ८. नाता<br>९. नाम |


(ऋ) चिठीको आदि भागमा (मिति, ठेगाना, सम्बोधन, शिष्टाचार), मध्य भाग/मुख्य भाग (कुशल कामना/विषय प्रवेश, मुख्य कुरा, टुङ्ग्याउनी) र अन्त्य भाग (सम्बोधितसँगको सम्बन्ध, हस्ताक्षर वा लेखकको नाम) मा लेख्ने कुरा प्रस्ट पार्नुहोस् ।

(ए) पाठ्य चिठीमा मामाले देखाउनुभएको प्रसन्नता, राखेका जिज्ञासा, सोधेका प्रश्नलाई ध्यानमा राखी तिनलाई धन्यवाद प्रकट गर्ने, जिज्ञासा वा प्रश्नको उत्तरका रूपमा आफ्ना कुरा लेख्ने तथा आफ्ना थप जिज्ञासा भए सो पनि उल्लेख गरेर प्रत्युत्तर लेख्न निर्देशन दिनुहोस् ।

(ऐ) विद्यार्थीलाई असहज भएका वा सोधेका जिज्ञासा/प्रश्नको सहजीकरण गर्नुहोस् ।

(ओ) हुलाक टिकट टाँसिएको खामको नमुना (प्रेषक र प्रापकको नाम तथा ठेगानाको क्रम) बनाएर देखाउनुहोस् ।

खामको नमुना




(औ) विद्यार्थीलाई उपर्युक्त चिठीको संरचनामै केन्द्रित भएर आफ्ना आफन्तलगायत अन्य सन्दर्भमा चिठी लेख्न सकिने जानकारी दिँदै कुनै एउटा घरायसी चिठी लेख्न लगाउनुहोस् । यस क्रममा शिक्षकले चिठीको एउटा नमुना प्रदर्शन गर्नुहोस् ।

मिति : २०७९/१०/०३
दुधपाटी, भक्तपुर

आत्मीय मित्र नरेश,
असीम सम्झना ।
यहाँ मलगायत सम्पूर्ण परिवारलाई आराम छ । त्यहाँ तपाईं र सम्पूर्ण परिवारमा कुशलताको कामना गर्दछु । विगत तीन महिनायता हामीबिच चिठी आदान प्रदान भएको छैन । परीक्षा नजिकै आएकाले म यसबिच निकै व्यस्त भएँ । त्यसैले तपाईंलाई पत्र पठाउन ढिला भयो । क्षमा चाहन्छु ।
मित्र, बाल्यकालदेखिकै साथी भएर पनि हामी भिन्न भिन्न भूगोलमा छौँ । हाम्रो भेटघाट प्रायः हुन सकेको छैन । गाउँ जाँदा कहिलेकाहीँ भेटघाट भए पनि सँगै डुलघुम गर्ने अवसर हामीलाई मिलेको छैन । अगिल्लो चिठीमा तपाईंले म बसेको सांस्कृतिक एवम् ऐतिहासिक सहर भक्तपुर कस्तो होला भनी जिज्ञासा राख्नुभएको थियो । त्यसैले कक्षा ५ को वार्षिक परीक्षा सकिएपछिको बिदामा तपाईंलाई भक्तपुरको भ्रमणका लागि मैले अहिले यसै पत्रबाट निम्तो गरेको छु ।
भक्तपुर नगरक्षेत्रलाई सांस्कृतिक नगरको रूपमा चिन्ने गरिन्छ । यहाँ लिच्छविकालदेखि नै चलिआएका अनेक जात्रा तथा उत्सवहरू हुने गरेका छन् । नेवारी समुदायका भाषा, चालचलन, रीतिरिवाज, परम्परा र वेशभूषाले यहाँको संस्कृतिलाई जीवन्त बनाएको छ । बिस्केट जात्रा, जिब्रो छेड्ने जात्रा, गाईजात्रा जस्ता जात्रा तथा यहाँका परम्परागत नृत्यहरूले भक्तपुरलाई समृद्ध सांस्कृतिक नगरीका रूपमा परिचित गराएका छन् । यसैगरी भक्तपुर दरबार क्षेत्रमा रहेका मन्दिर,

दरबार तथा अन्य ऐतिहासिक सम्पदाहरू पनि निकै दर्शनीय छन् । परीक्षा सकेपछि तपाईंलाई भक्तपुरका यी सांस्कृतिक र ऐतिहासिक सम्पदाको भ्रमण गराउने इच्छा छ । तपाईंले मेरो इच्छाको कदर गर्नुहुने नै छ भन्ने विश्वास गर्दै बिदा माग्दछु ।

तपाईंको मित्र
सुनिल तामाङ

(अं)विद्यार्थीलाई लेखेका चिठी अवलोकन गरी आवश्यकताअनुसार सहजीकरण तथा पृष्ठपोषण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठ्य चिठीको तेस्रो अनुच्छेदबाट कुनै दुईओटा बोधप्रश्न बनाउन लगाउनुहोस् ।

(ख) चिठीका अङ्गहरू (मिति, लेखकको ठेगाना, सम्बोधन, शिष्टाचार आदि) कहाँ कहाँ लेखिन्छन् ? भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • बोध प्रश्नोत्तर<br>• सूचना लेखन | • निर्दिष्ट अंशका आधारमा सोधिएका प्रश्नहरूको उत्तर भन्न/लेख्न<br>• आवश्यक जानकारी समेटी सूचना लेख्न | • प्रश्नावली<br>• उत्तरको नमुना<br>• सूचनाको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) प्रश्नोत्तरात्मक प्रसङ्ग भएको कुनै छोटो कथा (जस्तै : वीरबल र अकबर) सुनाएर विद्यार्थीलाई पाठ्यवस्तुमा अभिमुख गराउनुहोस् ।

(आ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ मा दिइएको निमन्त्रणा पत्रको नमुना एक पटक मौनपठन गर्न निर्देश गर्नुहोस् ।

(आ) यस सन्दर्भमा मौनपठनको तरिकाबारे जानकारी गराई निर्दिष्ट निमन्त्रणा पत्रको भाव नबुझेसम्म दोहोऱ्याएर पढ्न लगाउनुहोस् र विद्यार्थी बसेकै स्थानमा गई उनीहरूले ध्यानपूर्वक अध्ययन गरे नगरेको अवलोकन गर्नुहोस् ।

(इ) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ९ का क्रियाकलापतर्फ उनीहरूको ध्यान केन्द्रित गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् । विद्यार्थीलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यात्मक उत्तर भन्न सिकाउनुहोस् । यसका लागि शैक्षणिक पाटीमा नमुना उत्तर प्रदर्शन गरी सहजीकरण गर्नुहोस् । **जस्तै :**

**प्रश्न :** माथिको निमन्त्रणा पत्रअनुसार बेहुला र बेहुलीको नाम के के हो ?

**उत्तर** : माथिको निमन्त्रणा पत्रअनुसार बेहुलाको नाम सन्तोष कार्की र बेहुलीको नाम चन्दा थापा हो ।

(ई) आवश्यकताअनुसार विद्यार्थीलाई उत्तर भन्न र लेख्न लगाउनुहोस् । यस सन्दर्भमा विद्यार्थीले पूर्ण वाक्यात्मक उत्तर भने/नभनेको तथा लेखे/नलेखेको निक्र्यौल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) अभ्यासमा निर्दिष्ट प्रश्नबाहेक अन्य प्रश्नहरू पनि बनाई थप अभ्यास गराउनुहोस् ।

(ऊ) विद्यार्थीको ध्यानलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १० मा केन्द्रित गराउनुहोस् ।

(ऋ) निर्दिष्ट सूचना पत्र दुई पटक मौन वाचन गर्न लगाउनुहोस् ।

(ए) पूर्वज्ञानका आधारमा सूचना र सूचना पत्रका सम्बन्धमा विद्यार्थीलाई प्रश्न सोध्नुहोस् । उनीहरूबाट प्राप्त समुचित उत्तरलाई समेत समेटी सूचना र सूचना पत्रको भेद तथा सूचना पत्रको प्रयोजनबारे जानकारी दिनुहोस् ।

(ऐ) सूचना पत्रको संरचना र यसका अनिवार्य अङ्गहरू (सूचनाको शीर्षक, सूचनाको ब्यहोरा, सूचना लेख्ने व्यक्ति/संस्था आदि) शैक्षणिक पाटीमा टिपोट गरी उक्त अङ्गहरूको संयोजन निर्दिष्ट सूचना पत्रमा कसरी गरिएको छ भनी प्रस्ट पारिदिनुहोस् ।

(ओ) आफूले कुनै एउटा विषयमा तयार पारेको सूचना पत्रको नमुना प्रोजेक्टरबाट देखाएर वा शैक्षणिक पाटीमा लेखेर प्रदर्शन गर्नुहोस् । जस्तै :

**हैजा नियन्त्रणसँग सम्बन्धित सूचना**

केही दिन यता नगरक्षेत्रमा बढ्दै गएको हैजाले महामारीको रूप लिन सक्ने भएकाले यसको नियन्त्रणका लागि नगरक्षेत्रलाई स्वच्छ र सफा राख्न सबैले पहल गरिदिनुहुनुका साथै अत्यधिक दिसा लागेमा, तारन्तार बान्ता भएमा, हातखुट्टाका मांसपेशी बाउँडिए जस्तो भएमा तथा तिर्खा लागिरहे जस्तो भइरहेमा नजिकको स्वास्थ्य संस्थामा गई चिकित्सकसँग जाँच परामर्श गर्नुहुन सूचित गरिन्छ ।

**जिल्ला स्वास्थ्य कार्यालय, हेटौँडा, मकवानपुर**

(औ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १० ले निर्देश गरेअनुसार टोलका सबैलाई सरसफाइ कार्यक्रममा सहभागी हुन लेखिने सूचना लेख्न विद्यार्थीलाई निर्देशन दिनुहोस् । उनीहरूले लेखे/नलेखेको अवलोकन गर्नुहोस् ।

(अं) सबैको प्रतिनिधित्व हुने गरी केही विद्यार्थीलाई आफूले लेखेको सूचना सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । विद्यार्थीले लेखेको सूचनामा विषयवस्तु वा संरचना नमिलेको पाइए आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) चिठी लेखनको संरचनात्मक पक्षमा आधारित भई केही बोध प्रश्न सोध्नुहोस् : जस्तै :

(अ) भाइलाई चिठी लेख्दा लेखकको नामको नाम कहाँ राखिन्छ ?

(आ) चिठीमा चिठी लेख्नुको कारण कुन भागमा लेखिएको हुन्छ ?

(ख) वृक्षरोपण कार्यक्रममा सहभागी हुन लेखिएको सूचनाको शीर्षक के हुन सक्छ ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक प्रकार्य (समस्या समाधान कथन) | • समस्या आइपर्दा समय, परिस्थिति, उपलब्ध साधनस्रोत आदि विचार गरी समाधानको उपाय बताउन | • समस्या समाधानको उपाय बताउने लिखित सामग्री<br>• समस्या र त्यसको समाधानसँग सम्बन्धित श्रव्य/दृश्य सामग्री |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यालयमा आउँदै गर्दा बाटामा आइपरेको कुनै समस्या बताउनुहोस् । त्यो समस्यालाई आफूले यसरी समाधान गरेर विद्यालय आइपुगेको हुँ भनी बताउनुहोस् । यो सानो प्रसङ्गबाट विद्यार्थीलाई आजको सिकाइ क्रियाकलापका लागि तयार पार्नुहोस् ।

(आ) अगिल्लो दिनका क्रियाकलापको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीसँग भइपरिआउने समस्या र त्यसको प्रकृतिअनुसार गर्नुपर्ने समाधानसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् ।

(आ) समस्या जहिले, जहाँ र जसलाई पनि पर्न सक्ने भएकाले त्यस्ता समस्याहरूको तत्काल उचित समाधान पहिल्याउन जरुरी हुन्छ । समस्या आइपर्दा नआत्तिने व्यक्तिले उचित समाधान खोज्न सक्ने भएकाले समस्याको प्रकृतिलाई बुझ्न निर्देशन दिनुहोस् । यसलाई स्पष्ट पार्न आफूले लिएर आएको समस्या र त्यसको समाधानमूलक लिखित सामग्री प्रस्तुत गर्नुहोस् । जस्तै :

**समस्या समाधान**

(कक्षा पाँच मा अध्ययनरत लखन चन्दाको घरमा पुग्दा बाहिर खाटमा बसेकी चन्दालाई चिन्तित देख्छन् ।)

लखन : के भयो चन्दा ? निकै चिन्तित देखिन्छ्यौ ?

चन्दा : मेरो पिताजीलाई निकै ज्वरो आए जस्तो छ । घरमा पनि कोही हुनुहुन्न । लौ न, के गर्ने होला लखन ?

लखन : के गर्ने भनेर चिन्ता गरेर हुन्छ । जाऊ सफा कपडा र चिसो पानी लिएर आऊ । पानीपट्टी लगाउँदै गरौँ ।

**(पानीपट्टी लिएर दुवै बिरामीको ओछ्यानमा जान्छन् ।)**

चन्दा : यो पानी र कपडाले के गर्ने ?

लखन : यो कपडा भिजाएर पिताजीको निधारमा राख्नुपर्छ । यसो गर्दा ज्वरो घट्छ । मलाई पनि आमाले ज्वरो आउँदा यस्तै गर्नुहुन्छ । लौ तिमी पानीपट्टी लगाऊ । म दाजुलाई फोन गरेर डाक्टरलाई यहाँ लिएर आउन भन्छु । **(लखनले फोन गरिसकेपछि)**

चन्दा : अहो ! हो त रहेछ लखन । पिताजीलाई अलि आराम मिले जस्तो छ । ज्वरो घटे जस्तो लाग्यो मलाई ।

लखन : हो । यसो गर्दा तत्काल ज्वरो घटेर बिरामीलाई राहत मिल्छ ।

चन्दा : मलाई सिकाएको यो ज्ञान र सहयोगका लागि तिमीलाई धन्यवाद लखन ।

(इ) यसैगरी समस्या समाधान गर्न मुख्यतः समस्या के हो ?, समस्या कहाँबाट आएको हो ? यस्ता समस्याको समाधान एक्लै वा सामूहिक रूपमा खोजिनुपर्ने हो ? जस्ता कुरामा ध्यान दिन तथा एक्लै गरिने समाधानका पनि विभिन्न विकल्पहरूमध्ये सरल र सर्वोत्तम विकल्प छनोट गर्न सिकाउनुहोस् । यस क्रममा विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास नं ११ मा दिइएको समस्या समाधानात्मक सन्दर्भ मौन पठन गर्न निर्देशन दिनुहोस् । पठनकार्य सकेपछि विद्यार्थी समूहबिच छलफल गराउनुहोस् ।

**समस्या समाधानको नमुना**

घुरहु थारु कक्षा पाँचमा पढ्छन् । उनी र उनका साथी एक दिन सँगै विद्यालय जाँदै थिए । अचानक एउटा मोटरले उनको साथीलाई ठक्कर दियो । साथी भुइँमा पछारिए । उनले हतार हतार गाडीको नम्बर पढे र साथीलाई उठाए । साथीको घुँडा ठोक्किएर भलभली रगत बगिरहेको थियो । उनले नआत्तिईकन ठक्कर दिने गाडीतिर हेरे । गाडीको चालक गाडी रोकेर त्यतै आउँदै रहेछन् । उनले चालकलाई नमस्कार गर्दै भने, “मेरो साथीलाई चोट लागेर रगत आइरहेको छ । तुरुन्तै अस्पताल लैजानुपऱ्यो ।” गाडीका चालकले घुरहुका साथीलाई बोकेर गाडीमा राखे । उनले गाडी चालककै मोबाइल मागेर साथीका बुबालाई सूचना दिएर अस्पताल आउन भने । उनी गाडीमा बसेर अस्पताल गए र साथीको उपचार गरे । एकछिनमा साथीका बुबा आइपुग्नुभयो । साथीको उपचार भएपछि त्यस दिन उनी ढिलो विद्यालय पुगे ।

विद्यालय आउन ढिलो हुनुको कारण शिक्षकलाई बताए ।

(ई) साथीलाई गाडीले ठक्कर दिँदा आइपरेको समस्यालाई घुरहुले सुझबुझका साथ अस्पताल पुऱ्याएर उपचार गराउन सफल भए । तपाइँहरूले पनि यस्तो वा कुनै अन्य प्रकारको समस्या झेल्नुभएको छ ? यदि छ भने त्यसको समाधान कसरी गर्नुभएको थियो भनी विद्यार्थीलाई सोध्नुहोस् ।

(उ) विद्यार्थीले बताएको समस्या र गरेको समाधान ध्यान दिएर सुन्नुहोस् । विद्यार्थीले गरेको समाधानबाहेक त्यही समस्याका समाधानका अन्य उपाय हुन सक्लान् कि नसक्लान् ? त्यही समस्या पर्दा तपाइँ कसरी समाधान गर्नुहुन्थ्यो भनी अर्को विद्यार्थीलाई सोध्नुहोस् र अरूलाई ध्यान दिएर सुन्न भन्नुहोस् ।

(ऊ) भोग्नुपरेको समस्या र आफूले गरेको समाधानको सम्बन्धमा आफ्ना अनुभूतिहरू सुनाउन अन्य विद्यार्थीलाई पनि मौका दिनुहोस् ।

(ऋ) सबैको आआफूले भोगेका समस्या र समाधानका लागि अवलम्बन गरेका उपायहरू सुनेपछि उनीहरूलाई हौसला प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) आफूले विद्यालयमा पहिलो दिन पढ्न आउँदा भोगेको समस्या र गरेको समाधान बताउन लगाउनुहोस् ।
(ख) साथीको समस्या समाधानका लागि तपाईंले गर्नुभएको सहयोगसम्बन्धी कुनै एउटा घटना सुनाउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● भविष्यत् कालीन क्रिया पहिचान<br>● भविष्यत् कालीन क्रिया निर्माण<br>● रिक्तस्थान पूरण<br>● अनुच्छेद लेखन | ● भविष्यत् कालीन क्रियाको पहिचान गर्न<br>● भविष्यत् कालीन क्रिया निर्माण गर्न<br>● भविष्यत् कालीन क्रियाको प्रयोग गरी खाली ठाउँ भर्न<br>● भविष्यत् कालका क्रियाको प्रयोग गरी अनुच्छेद लेख्न | ● स्लाइड<br>● अनुच्छेद<br>● क्रियापत्ती<br>● अनुच्छेदको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) सामान्य भविष्यत् कालीन क्रियापदको प्रयोग भएको वाक्यात्मक संरचनामा भविष्यका लागि आफूले बनाएको योजना सुनाएर विद्यार्थीलाई आजको सिकाइ क्रियाकलापका लागि तयार पार्नुहोस् ।

(आ) अगिल्लो दिनका क्रियाकलापको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) सामान्य भविष्यत् कालीन क्रियापद प्रयोग भएको एउटा सानो अनुच्छेद स्लाइडबाट प्रदर्शन गरी वा शैक्षणिक पाटीमा लेखी विद्यार्थीलाई सुनाउनुहोस् । जस्तै :

नेपाल विकसित देश हुने छ । यहाँबाट गरिबी भाग्ने छ । यहाँका हरेक बालबालिकाले सुरक्षित भई पढ्न पाउने

छन् । देशमा पर्यटक विश्वभरिबाट घुम्न आउने छन् । हामी सम्पन्न देशको नागरिक बन्ने छौँ । तिमी पनि यो देशलाई माया गर्ने छौ । यहाँका नागरिकले देशलाई प्राण भन्दा प्यारो मान्ने छन् ।

(आ) उक्त अनुच्छेदमा आएका क्रियाहरूले भविष्यमा हुने काम बताएको हुनाले ती भविष्यत् कालीन क्रिया भएको जानकारी दिनुहोस् ।

(इ) भविष्यत् काल जनाउन क्रियामा धातुमा 'ने छ' प्रत्यय लागेको कुरा बताउनुहोस् र भविष्यत् कालीन क्रियापत्ती प्रदर्शन गरी यसलाई थप उदाहरणद्वारा स्पष्ट पार्नुहोस् ।

(ई) अब विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ तर्फ ध्यानाकृष्ट गर्नुहोस् । त्यहाँ दिइएका वाक्यहरू पढी वाक्यमा रहेका राता रङका क्रियापदहरूमा ध्यान दिन निर्देश दिई उक्त क्रियाहरू भविष्यत् कालीन भएको जानकारी दिनुहोस् । जस्तै :

म अगाडि **बढ्ने छु** । हामी **हाँस्ने छौँ** । तँ **रुने छस् ।** तिमी **हिँड्ने छौ** । रवीन्द्र **पढ्ने छ** । तपाईँ **सुत्नुहुने छ** । उनी **लेख्ने छन्** । यिनी गीत **गाउने छिन्** । काका काम **गर्नुहुने छ** ।

(उ) सामान्य वर्तमान र सामान्य भूतकालका वाक्यलाई सामान्य भविष्यत् कालमा परिवर्तन गर्नका लागि केही नमुना वाक्य प्रदर्शन गर्नुहोस् । जस्तै :

| | | | |
|---|---|---|---|
| **सामान्य वर्तमान काल** | रीता खाना पकाउँछिन् । | **सामान्य भविष्यत् काल** | रीताले खाना पकाउने छिन् । |
| | तपाईँ घाम ताप्नुहुन्छ । | | तपाईँ घाम ताप्नुहुने छ । |
| | म साग मन पराउँछु । | | म साग मन पराउने छु । |
| **सामान्य भूत काल** | देव घर गयो । | | देव घर जाने छ । |
| | तैँले पहाड घुमिस् । | | तँ पहाड घुम्ने छस् । |
| | हामीले कथा पढ्यौँ । | | हामी कथा पढ्ने छौँ । |

(ऊ) सामान्य वर्तमान र सामान्य भूतकालीन वाक्यलाई भविष्यत् कालमा परिवर्तन गर्दा क्रियाको संरचनामा आउने परिवर्तनमा ध्यान दिन लगाउनुहोस् । अन्य कालका क्रियाभन्दा भविष्यत् कालीन क्रियापदमा के फरक देखियो भनी सोध्नुहोस् र थप स्पष्ट पार्नुहोस् ।

(ऋ) भविष्यत् कालीन क्रियाको पहिचानपश्चात् भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास २ मा दिइएको क्रियाकलापमार्फत प्रस्तुत उदाहरणलाई आधार मानी तालिकामा भविष्यत् कालका क्रियाको निर्माण गर्न निर्देशन दिनुहोस् ।

| आउँछ | आउने छ | गयो | जाने छ |
|---|---|---|---|
| लेख्छौ | ...................... | भन्यो | ...................... |
| हेर्छु | ...................... | गरेँ | ...................... |
| खानुहुन्छ | ...................... | नुहायो | ...................... |
| पढ्छन् | ...................... | खायो | ...................... |
| दिन्छौ | ...................... | पियो | ...................... |

(ए) यसै क्रममा भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ मा दिइएको धातुसङ्केतका आधारमा वाक्यमा मिल्दो भविष्यत् कालीन क्रियापद राखी खाली ठाउँ भर्न निर्देशन दिनुहोस् । विद्यार्थीले खाली ठाउँ भर्ने अभ्यासका क्रममा

शिक्षकले निरीक्षण गर्नुहोस् । आवश्यकताअनुसार भविष्यत् कालीन क्रियापदको रचना र प्रयोगसम्बन्धी थप छलफल एवम् अभ्यास गराई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऐ) भविष्यत् कालीन क्रियापदको पहिचान र प्रयोगका सम्बन्धमा अगिल्लो कक्षामा भएका क्रियाकलापलाई पुनःस्मरण गराउनुहोस् । त्यसपछि भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ४ मा उल्लेख भएअनुसार भविष्यत् कालका क्रियापदको प्रयोग गरी आफूले गर्ने कामको उल्लेख गर्दै एउटा सानो अनुच्छेद लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीको सहजीकरणका लागि आफूले तयार पारेको अनुच्छेद स्लाइडमार्फत वा शैक्षणिक पाटीमा लेखी प्रदर्शन गर्नुहोस्, जस्तै :

**आफूले गर्ने कामको वर्णनको नमुना**

म मिहिनेत गरेर पढ्ने छु । पढेका कुराहरू सधैँ लेख्ने छु । लेखेका कुरा गुरुहरूलाई देखाउने छु । गुरुहरूले दिनुभएको निर्देशनलाई स्विकार्ने छु । असल मानिस भएर देशको सेवा गर्ने छु । समाजको कल्याणका लागि परोपकारी काममा संलग्न हुने छु ।

(ओ) आफ्ना कामको वर्णन गर्ने क्रममा विद्यार्थीले भविष्यत् कालका क्रियापद प्रयोग गरे नगरेको अवलोकन गरी तत्काल सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) निम्न लिखित क्रियापदलाई भविष्यत् कालमा परिवर्तन गरी भन्नुहोस् :

बस्यो, किन्नुहुन्छ, लेखिस्, टिपिन्, हाँस्यौँ, खेल्छौ

(ख) दिइएको धातु सङ्केतका आधारमा खाली ठाउँमा मिल्ने भविष्यत्कालीन क्रियापद के हुन्छ ? बताउनुहोस् ।

(अ) उमेश घाँस ...................... । (काट्)
(आ) दिदी बजार ..................... । (जा)
(इ) म आराम .......................... । (गर्)
(ई) तिमीहरू बिहेमा ................... । (नाच्)
(उ) हामी विद्यालयबाट ............... । (फर्क)

(ग) भविष्यत् कालीन क्रियापदको प्रयोग गरी आफ्नो भविष्यको योजना तीन वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।

**४. गृहकार्य**

गृहकार्यका रूपमा पाठ्य चिठीको सिर्जनात्मक कार्यअन्तर्गत दिइएको घरायसी चिठी चार्ट पेपरमा लेखेर ल्याउनका लागि निर्देशन दिनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● हलन्त र अजन्त शब्दको पहिचान (विभाजन र तालिकीकरण)<br>● श्रुतिबोध (सुनाइ र बोलाइ)<br>● सिर्जनात्मक कार्य तयारी र प्रस्तुतीकरण | ● हलन्त र अजन्त शब्दको पहिचान गर्न<br>● हलन्त र अजन्त शब्दको विभाजन तथा तालिकीकरण गर्न<br>● सुनाइ पाठमा आधारित क्रियाकलापहरू गर्न<br>● सिर्जनात्मक कार्यको तयारी र प्रस्तुतीकरण गर्न | ● शब्दपत्ती<br>● चार्टपेपर<br>● प्रश्नावली<br>● नमुना उत्तर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) 'जाग, लम्क, चम्क हे नौजवान हो' बोलको गीत सुनाएर विद्यार्थीलाई सिकाइ क्रियाकलापका लागि तयार पार्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले शैक्षणिक पाटीमा खुट्टा काटिएका र नकाटिएका शब्दहरू लेखिएको सूची प्रदर्शन गर्नुहोस् । खुट्टा काटिएका शब्दलाई हलन्त र खुट्टा नकाटिएका शब्दलाई अजन्त भनिन्छ भन्ने कुरा बताइदिनुहोस् । अब पूर्वलिखित शब्दहरूलाई खुट्टा काटिएका र नकाटिएका अलग अलग वर्गमा विभाजन गर्न लगाउनुहोस्, जस्तै :

| **शब्दहरू :** रुख, ज्ञानवान्, गाई, आकाश, खेत, जगत्, मन्दिर, आमा, विद्वान्, जान्छन्, शक्तिमान् | |
|---|---|
| **खुट्टा काटिएका (हलन्त) शब्दहरू** | **खुट्टा नकाटिएका (अजन्त) शब्दहरू** |
| ज्ञानवान्, जगत्, विद्वान्, जान्छन्, शक्तिमान् | रुख, गाई, आकाश, खेत, मन्दिर, आमा, |

(आ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ५ मा प्रदत्त शब्दलाई खुट्टा काटिएका र नकाटिएका गरी दुई वर्गमा विभाजन गर्न लगाउनुहोस् र तिनलाई तालिकीकरण गर्न निर्देशन दिनुहोस् । यस क्रममा शिक्षकले तालिकीकरण गर्न लगाउनुहोस् । शब्दलाई खुट्टा काटिएका र नकाटिएका गरी दुई वर्गमा विभाजन र तालिकीकरण गरेको मिले नमिलेको परस्पर परीक्षण गर्न निर्देशन दिनुहोस् ।

(इ) विद्यार्थीलाई सुनाइ पाठतर्फ केन्द्रित गरी सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै : सुनाइ पाठ ध्यानपूर्वक सुनी विषयवस्तुको बोध गर्नुपर्ने, सुनाइ पाठकै आधारमा खाली ठाउँ भर्ने तथा सोधिएका प्रश्नको उत्तर दिनुपर्ने, प्रश्नले सोधेको जिज्ञासा वा समस्यालाई बुझी उत्तर दिनुपर्ने, प्रश्नको संरचनाअनुसार त्यही ढाँचामा उत्तर दिनुपर्ने जस्ता आधारभूत कुराहरू बताउनुहोस् ।

(ई) विद्यार्थीलाई सुनाइ पाठ ११ सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ ११ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेब साइटबाट डाउनलोड गरी आवश्यकताअनुसार कम्तीमा २ पटकसम्म सुनाउनुहोस् ।

(उ) यस क्रममा सुनाइ पाठका आधारमा सुनाइ बोलाइ अभ्यास १ मा उल्लेख भएअनुसार खाली ठाउँ भर्ने अभ्यास गर्न निर्देशन दिनुहोस्, जस्तै :

- आफू बस्ने ठाउँको वातावरण सफा, सुन्दर र ...**हराभरा**... बनाउनु पनि हो ।
- यस क्षेत्रमा ....**यत्रतत्र**... बाटा बनेका छन् ।
- बर्खाको समयभन्दा हिउँदको समयमा ढल ..**व्यवस्थापन**..गर्न सजिलो हुन्छ ।
- बर्खा लागेपछि ढल व्यवस्थापनमा अझ ...**समस्या**... आउन सक्छ ।

(ऊ) सुनाइ पाठका आधारमा सुनाइ बोलाइ अभ्यास २ गराउनुहोस् । यस क्रममा उनीहरूलाई सुनाइ अभ्यासमा निर्दिष्ट प्रश्न सोध्नुहोस् । एउटाले भनेको उत्तर मिले नमिलेको अर्को विद्यार्थीलाई सोधी परीक्षण गर्नुहोस् । मिल्दो उत्तर दिने विद्यार्थीको हौसलाका लागि स्याबासी दिनुहोस् ।

(ऋ) विद्यार्थीले दिएको उत्तरमा आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गरी उत्तरको नमुना प्रोजेक्टरमार्फत वा शैक्षणिक पाटीमा लेखेर प्रदर्शन गर्नुहोस्, जस्तै :

**नमुना उत्तर**

प्रश्न : रामनगर टोलले वेला वेलामा कस्तो काम गरेको छ ?

उत्तर : रामनगर टोलले वेला वेलामा राम्रा काम गरेको छ ।

प्रश्न : रामनगर टोलमा के के बनेका छन् ?
उत्तर : रामनगर टोलमा बाटो, खेलमैदान तथा ढल बनेका छन् ।

(ए) सुनाइ अभ्यासबाट प्रश्नोत्तर तथा खाली ठाउँ भर्नेदेखि बाहेक ठिक बेठिक छुट्याउने अभ्यास पनि आवश्यकतानुसार गराउन सकिने छ । यस्ता क्रियाकलापमा सकेसम्म धेरै विद्यार्थीलाई सहभागी गराउनुहोस् । क्रियाकलाप विद्यार्थीकेन्द्रित गरी शिक्षकले सहजकर्ताको रूपमा आवश्यक पृष्ठपोषण तथा सहजीकरण गर्नुहोस् ।

(ऐ) शिक्षकले यसै पाठको आठौँ दिनको क्रियाकलापमा सिर्जनात्मक कार्यअन्तर्गत गृहकार्यका रूपमा घरायसी चिठी लेखेर ल्याउन लगाएको कुरा स्मरण गराउनुहोस् । विद्यार्थीलाई आवश्यक समूहमा विभाजन गर्नुहोस् । विद्यार्थीलाई आआफ्नो समूहका साथीहरूले लेखेर ल्याएको चिठी हेर्न र सबैभन्दा राम्रो लागेको चिठी एउटा छनोट गर्न भन्नुहोस् ।

(ओ) सबै समूहबाट छनोटमा परेका चिठीमा घरायसी चिठीका आधारभूत अङ्ग (मिति, स्थान, सम्बोधन, शिष्टाचार, लेखकको नाम, नाता, खामको नमुना) तथा सन्चोबिसन्चोसहित निर्दिष्ट विषयवस्तुमा चिठी लेखिएको/नलेखिएको यकिन गर्न लगाउनुहोस् । आवश्यक परे शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(औ) प्रत्येक समूहबाट उत्कृष्ट ठहर गरिएको चिठीको प्रस्तुतिका लागि समूहबाट एक जनालाई अगाडि बोलाएर सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् र ती चिठीहरूलाई प्रदर्शनी पाटीमा टाँस्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) भविष्यत्कालीन क्रियाको प्रयोग गरी ५ वाक्यमा आफ्नो साथीले गरेको कुनै कामको वर्णन गर्न लगाउनुहोस् ।

(ख) सुनाइ अभ्यास २ का प्रश्नको उत्तर भन्न लगाउनुहोस् । जस्तै :

(अ) रामनगर टोलले वेला वेलामा कस्तो काम गरेको छ ?
(आ) रामनगर टोलमा के के बनेका छन् ?
(इ) हिउँदको वेला के गर्न सजिलो हुन्छ ?
(ई) यो निवेदन किन पेस गरिएको हो ?
(ऊ) के कारणले वातावरण दुर्गन्धित बनेको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

| पाठ : १२ | सम्झनामा मत्स्यपोखरी | |
|---|---|---|
| विधा : निबन्ध (संस्मरण) | | कार्यघण्टा : ११ |

**परिचय**

'सम्झनामा मत्स्यपोखरी' संस्मरण निबन्ध विधाको पाठ हो । यात्रा संस्मरणमा विगतमा हामीले डुलेघुमेका, देखेभोगेका तथा सुनेजानेका बिर्सनै नसकिने अनुभव, यात्रावृत्तान्त वा कामकर्तव्यलाई जीवन्त राख्दै साहित्यिक रूप दिइएको हुन्छ । मानिसले धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक आदि विभिन्न क्षेत्रको अवलोकन गरेको हुन्छ । नयाँ नयाँ ठाउँ, नयाँ नयाँ दृश्य देखेको हुन्छ अनि नयाँ नयाँ अनुभूति सँगालेको हुन्छ । त्यस्ता कुरा हामी बिर्सन सक्दैनौँ किनकि तिनले हामीलाई नयाँ अनुभूति, नयाँ बाटो र नयाँ ऊर्जा प्रदान गरेका हुन्छन् । त्यस्ता अनुभूति हामी र हाम्रा भावी पिँढीका लागि प्रेरणादायी पनि बन्न सक्छन् । यस्तै यस पाठमा सङ्खुवासभा जिल्लामा रहेको मत्स्यपोखरीमा जाँदा त्यहाँको प्राकृतिक सुन्दरता तथा संस्मरणकार अनिल पौडेलको लेखकीय अनुभूतिलाई संस्मरणका रूपमा प्रस्तुत गरिएको छ । यस पाठमा संस्करणमूलक लेखरचना लेख्नुपर्ने कुरालाई प्रोत्साहन दिएको छ ।

मत्स्यपोखरीको यात्रा तथा अवलोकनका क्रममा त्यस क्षेत्रको प्राकृतिक सौन्दर्य र त्यसले लेखकको मनमा उत्पन्न अनुभूतिलाई यस पाठमा जीवन्त चित्रण गरिएको छ । संस्मरणमा बौद्धिक र विश्लेषणात्मक भाषाको प्रयोग हुन्छ । यस विधाको शिक्षणबाट विद्यार्थीमा विचारलाई शृङ्खलाबद्ध ढङ्गले अभिव्यक्ति दिने क्षमताको विकास हुन्छ । यसबाट विद्यार्थीमा कुनै पनि विषयमा स्वतन्त्र रूपमा वैचारिक अभिव्यक्ति दिन सक्ने क्षमताको विकास हुन्छ । भाषिक सिपको अभिव्यक्तिका लागि संस्मरणात्मक विधाको उपयोग गरिन्छ । मुख्य रूपमा लेखाइ सिपको विकासमा सहयोग पुगी आवश्यकताअनुसार अन्य भाषिक सिपको पनि विकास हुन्छ । संस्मरण विधाको शिक्षण सस्वर तथा मौन पठन, पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग, पठनबोध, अनुच्छेद रचना तथा संस्मरण लेखन सिपको विकासमा केन्द्रित हुनुपर्छ । संस्मरण विधाको यस पाठ शिक्षणको प्रमुख उद्देश्य विद्यार्थीमा भाषिक सिपको विकास गराउनु हो । संस्मरण शिक्षण विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ ।
यस पाठमा विद्यार्थीमा सुनाइ र सिलसिलेवार वर्णन, विषयवस्तुको स्वाभाविक वर्णन, बोलाइका क्रममा जिज्ञासा र उत्प्रेरणामूलक शिष्ट भाषाको प्रयोग, विषयवस्तुका आधारमा अनुमान, कल्पना र धारणा प्रस्तुति जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन र द्रुत पठन, संरचना पहिचान, घटनाक्रम पहिचान, सूचना वा पाठको विषयवस्तु बोध, भित्तेपात्रो अध्ययन तथा विषयवस्तु वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर, अनुच्छेद पूरण, स्थान वर्णन, चित्र वर्णन, समस्या र समाधानमा आधारित वर्णन, शीर्षक वा बुँदाका आधारमा अनुच्छेद लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ । कालका अपूर्ण र पूर्ण पक्षको पहिचान र प्रयोग एवम् 'र' वर्णका विभिन्न रूपको पहिचान र प्रयोग जस्ता विषयवस्तुलाई भाषिक संरचनाअन्तर्गत राखेर सिकाइ क्रियाकलाप गरिनुका साथै खेलकुद, फर्निचर र सवारी साधनसम्बद्ध शब्दको वर्गीकरण र प्रयोग तथा पाठगत शब्दको अर्थबोध र प्रयोगका सन्दर्भमा पनि अभ्यास गराउनुपर्छ भने उत्प्रेरणात्मक क्रियाकलाप भाषिक प्रकार्यअन्तर्गत गराउन उचित हुन्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ १२

का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ १२ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | • संस्मरणको परिचय<br>• चित्रबोध र छलफल | • संस्मरणको परिचय दिन<br>• पूर्व पठन खण्ड र मूल पाठमा रहेका चित्रहरूको पहिचान तथा अर्थबोध गरी वर्णन गर्न | • पूर्व पठन र मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर तथा प्रिन्ट कपी<br>• मत्स्य पोखरीको भिडियो<br>• संस्मरणको संरचना चार्ट | १ |
| **दोस्रो दिन** | • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>• शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • पाठ्य अनुच्छेद १-४<br>• प्रोजेक्टर<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• नमुना प्रश्नोत्तर | १ |
| **तेस्रो दिन** | • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>• शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • पाठ्य अनुच्छेद ५-७<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• नमुना प्रश्नोत्तर | १ |
| **चौथो दिन** | • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>• शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन | • पाठ्य अनुच्छेद ८-१०<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• नमुना प्रश्नोत्तर | १ |
| **पाँचौँ दिन** | • शब्दभण्डार (पारिभाषिक शब्द पहिचान) | • विभिन्न क्षेत्रसँग सम्बन्धित पारिभाषिक शब्दहरूको पहिचान गरी | • शब्दसमूह/शब्दसूची<br>• चित्रहरू | १ |

| | | | | |
|---|---|---|---|---|
| | ● चित्र पहिचान<br>● वाक्य रचना<br>● अनुच्छेद पठन | वर्गीकृत एवम् तालिकीकृत गर्न<br>● चित्रहरूको पहिचान गरी नाम भन्न<br>● अर्थ खुल्ने गरी शब्दलाई वाक्यमा प्रयोग गर्न<br>● समय हेरी पठनगति वृद्धि गर्न | ● शब्दपत्ती<br>● वाक्यपत्ती<br>● अनुच्छेदपत्ती<br>● चार्टपेपर | |
| **छैटौँ दिन** | ● संरचना पहिचान<br>● समयबद्ध पठन<br>● मौन पठन<br>● बोध प्रश्नोत्तर<br>● श्रुतिलेखन | ● संरचना पहिचान<br>● समयबद्ध पठन<br>● मौन पठन<br>● बोध प्रश्नोत्तर<br>● श्रुतिलेखन | ● संरचना पहिचान<br>● समयबद्ध पठन<br>● मौन पठन<br>● बोध प्रश्नोत्तर<br>● श्रुतिलेखन | १ |
| **सातौँ दिन** | ● सङ्क्षिप्त प्रश्नोत्तर<br>● विषय वर्णन<br>● प्रश्न निर्माण | ● पाठगत सन्दर्भका आधारमा विषयगत प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्न<br>● तोकिएको वाक्यसङ्ख्यामा कुनै पनि विषयको अनुच्छेदात्मक वर्णन गर्न<br>● निर्दिष्ट पाठका आधारमा प्रश्ननिर्माण गर्न | ● प्रश्नसूची<br>● नमुना उत्तर | १ |
| **आठौँ दिन** | ● अनुलेखन<br>● घटनाक्रम निर्धारण<br>● चित्र वर्णन<br>● बोध प्रश्नोत्तर | ● तोकिएको अनुच्छेदलाई जस्ताको तस्तै लेख्न<br>● घटनाक्रम मिलाएर लेख्न<br>● चित्र पहिचान गरी वर्णन गर्न<br>● बोध प्रश्नको उत्तर लेख्न | ● अनुच्छेद<br>● घटनासूची<br>● चित्र, चार्ट पेपर<br>● नमुना उत्तर | १ |
| **नवौँ दिन** | ● गाउँ वा टोलको परिचय लेखन<br>● कल्पनामा आधारित उत्तर लेखन<br>● भाषिक प्रकार्य (प्रेरणा कथन) | ● आफ्नो गाउँटोलको परिचय लेख्न<br>● बुँदाका आधारमा अनुच्छेद लेख्न<br>● अरूबाट पाएको प्रेरणा भन्न/सुनाउन | ● नमुना उत्तर | १ |
| **दसौँ दिन** | ● अनुच्छेद लेखन<br>● क्रियाका अपूर्ण र पूर्ण पक्षको पहिचान<br>● 'र' वर्णका विभिन्न रूपको पहिचान | ● कुनै समस्यामा परेको कल्पना गरी त्यससँग सम्बन्धित प्रश्नको काल्पनिक उत्तर लेख्न<br>● अपूर्ण र पूर्ण पक्षको पहिचान गर्न<br>● 'र' वर्णका विभिन्न रूपको पहिचान गर्न | ● अनुच्छेदको नमुना<br>● नमुना वाक्यहरू<br>● अपूर्ण र पूर्ण पक्षका क्रियाहरू<br>● स्लाइड वा चार्टपेपर | १ |
| **एघारौँ दिन** | ● श्रुतिबोध (सुनाइ र बोलाइ)<br>● सिर्जनात्मक कार्य | ● सुनाइ पाठसँग सम्बन्धित विभिन्न अभ्यासहरू गर्न<br>(ठिक बेठिक पहिचान तथा प्रश्नोत्तर)<br>● आफूले घुमेको ठाउँको सम्झना गरी अनुच्छेद लेख्न | ● सुनाइ पाठ १२ को श्रव्य सामग्री<br>● प्रश्नावली<br>● उत्तरका नमुना<br>● अनुच्छेदको नमुना | १ |
| **जम्मा कार्यघण्टा** | | | | **११** |

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संस्मरणको परिचय<br>• चित्रबोध र छलफल | • संस्मरणको परिचय दिन<br>• पूर्व पठन खण्ड र मूल पाठमा रहेका चित्रहरूको पहिचान तथा अर्थबोध गरी वर्णन गर्न | • पूर्व पठन र मूल पाठ खण्डका चित्र<br>• प्रोजेक्टर तथा प्रिन्ट कपी<br>• मत्स्य पोखरीको भिडियो<br>• संस्मरणको संरचना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) आफूले गरेको रमाइलो यात्राको प्रसङ्ग सुनाएर विद्यार्थीलाई पनि त्यस्ता घटना सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई पूर्व पठन खण्डमा दिइएको विषयवस्तु मौन पठन गर्न लगाई संस्मरण भनेको के रहेछ; यसबाट हुने फाइदाहरू के के रहेछन्; यस्तो किसिमको भ्रमण गरी तपाइँहरूले नयाँ अनुभव लिनुभएको छ कि छैन ? भन्ने विषयमा छलफल गराउनुहोस् । यस सन्दर्भमा पूर्व पठन खण्डका अतिरिक्त मूल पाठ खण्डमा भएका विषयवस्तुको बारेमा पनि जानकारी गराउनुहोस् ।

(आ) पूर्व पठन खण्डको विषयवस्तुका आधारमा मूल पाठको विषयवस्तु अनुमान गर्न लगाउनुहोस् र अनुमान गरिएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

(इ) विद्यार्थीलाई पूर्व पठन खण्डको अनुच्छेदमा भनिए जस्तो कसैले कुनै मन छुने अनुभूति गर्नुभएको छ ? कुनै ठाउँको अवलोकन वा कुनै नयाँ वस्तु तथा दृश्यको बिर्सन नसकिने अनुभव कसैले गर्नुभएको छ ? भनेर प्रश्न गर्नुहोस् । विद्यार्थीले नयाँ ठाउँ, नयाँ दृश्य वा नयाँ वस्तुको भ्रमण/अवलोकन गरेको भए त्यसबाट तपाईंले के सिक्नुभयो भनी छलफल गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई अनुभव बताउने अवसर प्रदान गर्नुहोस् ।

(ई) विद्यार्थीको अनुभव वर्णनपश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् । आफूले गरेका, देखेभोगेका, सुनेजानेका, डुलेघुमेका अनुभूति, मन छुने कुनै प्रसङ्ग वा प्रेरणादायी घटनाहरूलाई समेटी निबन्धात्मक रूपमा तयार

पारिएको रचना नै संस्मरण हो भन्ने विषयलाई पुष्टि गर्दै संस्मरणको संरचना बोध गराउने तालिका प्रस्तुति गर्नुहोस्, जस्तै :

**संस्मरण के हो र यसको संरचना कस्तो हुन्छ ?**

- आफूले अनुभव गरेका सम्झन योग्य प्रसङ्ग, अविस्मरणीय घटना वा अनभूतिलाई निबन्धात्मक शैलीमा लेखिएको रचना
- भ्रमण, जीवन भोगाइका क्रममा सँगालिएका अनुभूति, सङ्घर्ष, जीवनमा प्राप्त आशानिराशा तथा सफलता असफलता जस्ता विषयमा संस्मरण लेखिने
- मुख्य प्रसङ्ग, घटना वा अनुभूतिलाई साहित्यिक शैलीमा वर्णन गरी लेखिने
- यसमा गरिएको वर्णन सिलसिलेबार रूपमा हुने
- जीवनमा भोगेका रमाइला र नरमाइला दुवैखाले अनुभवलाई जस्ताको तस्तै उतारिने
- भ्रमणमा आधारित संस्मरण भए सम्बन्धित क्षेत्रको सामाजिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक, पुरातात्त्विक, ऐतिहासिक आदि अवस्थाको जानकारी दिएर विषयवस्तुको प्रस्तुतीकरण गरिने
- सामान्यतया संस्मरण भूतकालिक क्रियापदको प्रयोग गरी लेखिने भए पनि कहिलेकाहीँ विषयवस्तु र सन्दर्भअनुसार वर्तमान कालका पूर्ण पक्षका क्रियापदको प्रयोग गर्न पनि सकिने
- आत्मपरक शैलीमा लेखिने

(उ) संस्मरणको संरचना माथिका विषयवस्तुमा केन्द्रित रही निर्मित हुने जानकारी दिई यस पाठको पूर्व पठन खण्डले पनि त्यसै विषयवस्तुलाई स्पष्ट पारेको कुरा विद्यार्थीलाई बताउनुहोस् ।

(ऊ) पूर्व पठनखण्ड मूल पाठमा रहेका चित्रहरूले के के कुरा सङ्केत गरेका छन् भनी छलफल गराउनुहोस् । दुइटा हिमाल र एउटा तालको फोटोले नेपालको प्राकृतिक सौन्दर्यको तथा अर्को चित्रले चिडियाखानाको सङ्केत दिएको छ । यसबाट ती सबै स्थानहरू भ्रमणको लागि उचित भएको र त्यस्ता ठाउँको भ्रमण हाम्रा लागि अविस्मरणीय हुने कुरा बताउन खोजेका छन् भनी शिक्षकले स्पष्ट पारिदिनुहोस् ।






(ऋ) यस क्रममा विद्यार्थीलाई प्रोजेक्टर वा सो नभए प्रिन्ट कपीमा नेपालका अन्य भ्रमणीय स्थलका चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(ए) सङ्खुवासभा जिल्लामा रहेको मत्स्य पोखरीको भिडियो (सम्भव भए प्रोजेक्टरबाट) अथवा चित्रहरू प्रदर्शन गरी त्यसका बारेमा पनि चर्चा गर्नुहोस् साथै पाठ्य संस्मरणमा दिइएको मत्स्यपोखरीको चित्रले मूल पाठको विषयवस्तुलाई समेत सङ्केत गरेको जानकारी दिनुहोस् ।

(ऐ) संस्मरणका सम्बन्धमा विद्यार्थीबाट आएका जिज्ञासाको समाधान गरी निष्कर्ष बताउनुहोस् । जस्तैः, सङ्खुवासभा जिल्लामा रहेको मत्स्य पोखरी प्राकृतिक, भौगोलिक, ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण रहेको, यो धार्मिक, सांस्कृतिक तथा प्राकृतिक स्थलका रूपमा आन्तरिक तथा बाह्य पर्यटकका लागि उचित गन्तव्य भएको आदि ।

### ३. मूल्याङ्कन

(क) संस्मरण भनेर के बुझ्नुभयो ? बताउन लगाउनुहोस् ।

(ख) कस्ता विषयमा संस्मरण लेखिन्छ ? भन्न लगाउनुहोस् ।

(ग) मत्स्य पोखरी कुन कुन दृष्टिले महवपूर्ण रहेको छ ? सोध्नुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>• शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • पाठ्य अनुच्छेद १-४<br>• प्रोजेक्टर<br>• शब्दपत्ती र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• नमुना प्रश्नोत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) आफूले भ्रमण गरेको कुनै रमाइलो प्रसङ्ग सुनाएर विद्यार्थीलाई आजको पाठ्यवस्तुतर्फ ध्यानाकर्षण गराउनुहोस् ।

(आ) विद्यार्थीमध्ये कसैले त्यस्तै कुनै ठाउँको भ्रमण गरेको भए सुनाउने अवसर दिनुहोस् ।

(इ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुको स्मरण गराई आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको पहिलो अनुच्छेद नमुना सस्वर पठन गरेर सुनाउनुहोस् । पठन गरिने अनुच्छेद प्रोजेक्टरमार्फत प्रदर्शन गर्नुहोस् अथवा पाठ्यपुस्तकमा हेर्न लगाउनुहोस् । नमुना पठनपछि विद्यार्थीलाई पाठको पहिलोदेखि चौथो अनुच्छेदसम्म गति, यति मिलाएर सस्वर पठन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको ख्याल गरी त्यसअनुसार सस्वर पठन गर्नुपर्ने बताउनुहोस् ।

(आ) शिक्षकले विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा वाचकले उच्चारण गर्दा उच्चारणमा कठिनाइ भएका शब्द अन्य विद्यार्थीमार्फत रेखाङ्कन गराउनुहोस् ।

(इ) अनुच्छेद १ देखि ४ सम्म सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा उच्चारणमा समस्या देखिई रेखाङ्कन गरेका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ भएका शब्दलाई अक्षरीकरणको संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

दृश्य = /द्रिस्.स्य/, सङ्खुवासभा = /सङ्.खु.वा.स.भा/, मत्स्य = /मत्.स्य/

(उ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीबाटै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दपत्ती तथा अर्थपत्ती प्रदर्शन गरी अर्थबोध गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| हर्षित | खुसी भएको |
| परिक्रमा | वरिपरि घुम्ने काम |
| प्रस्ताव | सुझाव |
| सहमति | एउटै विचार हुने काम |
| अनुभूति | अनुभव |

(ऊ) शब्दार्थको बोधात्मक अभ्यासपछि अर्थ स्पष्ट खुल्ने गरी तिनै शब्दहरूलाई तथा आवश्यकताअनुसार पाठका अन्य शब्दहरूलाई पनि वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यसका लागि शिक्षक आफैँले वाक्यमा प्रयोगको उदाहरण प्रस्तुत गरी विद्यार्थीलाई सहजीकरण गर्नुहोस्, जस्तै :

हर्षित : चकलेट पाएपछि हर्षित हुँदै भाइ मेरो छेउमा आएर बस्यो ।

(ऋ) निर्दिष्ट अनुच्छेदमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गर्नुहोस् । शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गरी अभ्यासका क्रममा त्यस्तै सरल किसिमका वाक्य निर्माण गर्न प्रेरित गर्नुहोस् ।

(ए) अब विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद १-४ बाट केही प्रश्नहरू शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

| प्रश्नोत्तरको नमुना |
|---|
| प्रश्न : सानैदेखि लेखकलाई के कुराले लोभ्याउथ्यो ? |
| उत्तर : सानैदेखि लेखकलाई गाउँनजिकैको बगैँचाका फूलले लोभ्याउँथे । |

(ओ) अन्य प्रश्नहरूको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(औ) बोध प्रश्नोत्तरसम्बन्धी अन्य अनुच्छेदबाट प्रश्न र उत्तरका सूची निर्माण गरी थप अभ्यास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् :

(अ) बिदाका दिन लेखक कहाँ डुल्थे ?

(आ) सङ्खुवासभामा कसको मामाघर रहेछ ?

(ख) पाठको पहिलो वा दोस्रो अनुच्छेद गति र यति मिलाई सस्वर पठन गर्न लगाउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

भमरा, परिक्रमा, घुइँचो, हर्षित, वस्तु

(घ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

आँट, उत्सुक, झुन्ड, रहर, पर्यटन

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सस्वर पठन र शुद्धोच्चारण<br>● शब्दार्थ र वाक्यमा प्रयोग<br>● बोध प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>● शब्दहरूको शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>● निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | ● पाठ्य अनुच्छेद ५-७<br>● शब्दपत्ती<br>● अर्थपत्ती<br>● वाक्यपत्ती<br>● नमुना प्रश्नोत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) 'बिहान उठ्ने बित्तिकै हिमाल देख्न पाइयोस्' बोलको गीत गाएर विद्यार्थीलाई पाठ्यवस्तुमा अभिमुख गराउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको पाँचौं अनुच्छेद नमुना सस्वर पठन गरेर सुनाउनुहोस् । पठन गरिने अनुच्छेद प्रोजेक्टरमार्फत प्रदर्शन गर्नुहोस् अथवा पाठ्यपुस्तकमा हेर्न लगाउनुहोस् । नमुना पठनपछि विद्यार्थीलाई पाठको पाँचौंदेखि सातौं अनुच्छेदसम्म गति, यति मिलाएर सस्वर पठन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको ख्याल गरी त्यसअनुसार सस्वर पठन गर्नुपर्ने बताउनुहोस् ।

(आ) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा वाचकले उच्चारण गर्दा उच्चारणमा कठिनाइ भएका शब्द अन्य विद्यार्थीमार्फत रेखाङ्कन गराउनुहोस् ।

(इ) अनुच्छेद ५ देखि ७ सम्म सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा उच्चारणमा समस्या देखिई रेखाङ्कन गरेका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई अक्षरीकरणको संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

व्यवसाय = /ब्य.ब.सा.य/ आकर्षण = /आ.कर्.सन्/ अविस्मरणीय = /अ.बिस्.म.र.नि.य/

(उ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीबाटै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दपत्ती तथा अर्थपत्ती प्रदर्शन गरी अर्थबोध गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| व्यस्त | कामले बेफुर्सदिलो भएको |
| चारो | पशुपन्छीको आहारा |
| बसाहा | शिवको मन्दिरअगाडि राखिने साँढे |
| भव्य | अत्यन्त सुन्दर एवं विशाल |

(ऊ) शब्दार्थ शिक्षणकै क्रममा शब्दभण्डार खण्डको अभ्यास १ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र दिइएका अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् । यसका लागि शिक्षकले शब्दार्थ तालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस्, जस्तै :

(क) गाईवस्तु चराउने वा हेर्ने व्यक्ति — गोठालो

(ख) कहिल्यै पनि बिर्सन नसकिने — अविस्मरणीय

(ग) बाटामा हिँडेका मानिसका लागि विश्राम गर्न बनाइको ठाउँ — फलैँचा

(घ) घाँसैघाँस भएको सम्म परेको जमिन — घाँसेमैदान

(ऋ) शब्दार्थको बोधात्मक अभ्यासपछि अर्थ स्पष्ट खुल्ने गरी तिनै शब्दहरूलाई र आवश्यकताअनुसार पाठका अन्य शब्दहरूलाई पनि वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यसका लागि शिक्षक आफैँले वाक्यमा प्रयोगको उदाहरण प्रस्तुत गरी विद्यार्थीलाई सहजीकरण गर्नुहोस्, जस्तै :

व्यस्त : विद्यार्थी परीक्षाको तयारीमा व्यस्त छन् ।

(ए) निर्दिष्ट अनुच्छेदमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गर्दै शिक्षकले वाक्यपत्तीको सहायताबाट वाक्यका उदाहरण प्रस्तुत गरी अभ्यासका क्रममा त्यस्तै सरल किसिमका वाक्य निर्माण गर्न प्रेरित गर्नुहोस् ।

(ऐ) अब विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद ५-७ बाट केही प्रश्नहरू शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गराउनुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गर्न निर्देशन दिनुहोस् ।

**प्रश्नोत्तरको नमुना**

प्रश्न : मत्स्यपोखरी कहाँ रहेको छ ?

उत्तर : मत्स्यपोखरी सङ्खुवासभा जिल्लाको चिचिला गाउँपालिका वडा न. ४ मा रहेको छ ।

(ओ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

(औ) अन्य प्रश्नको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(अं) बोध प्रश्नोत्तरसम्बन्धी अन्य अनुच्छेदबाट प्रश्न र उत्तरका सूची निर्माण गरी थप अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् :

(अ) पोखरीलाई किन मत्स्यपोखरी भनिएको रहेछ ?

(आ) पोखरीनजिकै कस्को मन्दिर थियो ?

(ख) पाठको ५ देखि ७ अनुच्छेदभित्रका कुनै एक अनुच्छेद निर्देश गरी सस्वर पठन गर्न लगाउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

छपक्क, ऐतिहासिक, फलैँचा, आश्चर्य, विश्वास

(घ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

भिड, काप, निर्मल, कच्ची, परिवेश

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन र शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>• शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन | • पाठ्य अनुच्छेद ८-१०<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• नमुना प्रश्नोत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो चुट्किला सुनाएर विद्यार्थीलाई पाठ्यवस्तुमा आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको आठौँ अनुच्छेद नमुना सस्वर पठन गरेर सुनाउनुहोस् । पठन गरिने अनुच्छेद प्रोजेक्टरमार्फत प्रदर्शन गर्नुहोस् अथवा पाठ्यपुस्तकमा हेर्न लगाउनुहोस् । नमुना पठनपछि विद्यार्थीलाई पाठको आठौँदेखि दसौँ अनुच्छेदसम्म गति, यति मिलाएर सस्वर पठन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको ख्याल गरी त्यसअनुसार सस्वर पठन गर्नुपर्ने बताउनुहोस् ।

(आ) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा वाचकले उच्चारण गर्दा उच्चारणमा कठिनाइ भएका शब्द अन्य विद्यार्थीमार्फत रेखाङ्कन गराउनुहोस् ।

(इ) अनुच्छेद ८ देखि अन्तिमसम्म सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा उच्चारण गर्न कठिन भई रेखाङ्कन गरेका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई अक्षरीकरणको संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

पूर्णिमा = /पुर्.नि.मा/, क्षण = /छ्यन्./, प्राकृतिक = /प्रा.क्रि.तिक्/

(उ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीबाटै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दपत्ती तथा अर्थपत्ती प्रदर्शन गरी अर्थबोध गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| बासिन्दा | कुनै ठाउँमा बसोबास गर्ने व्यक्ति |
| पुर्खा | बाबुबाजे |
| विपत्ति | धेरै नोक्सान पुऱ्याउने घटना; कठिनाइ |
| बारबेरा | बार लाउने काम |
| दुरी | एक अर्काबिचको अन्तर |

(ऊ) शब्दार्थको बोधात्मक अभ्यासपछि अर्थ स्पष्ट खुल्ने गरी तिनै शब्दहरूलाई र आवश्यकताअनुसार पाठका अन्य शब्दहरूलाई पनि वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यसका लागि शिक्षक आफैँले वाक्यमा प्रयोगको उदाहरण प्रस्तुत गरी विद्यार्थीलाई सहजीकरण गर्नुहोस्, जस्तै :

बारबेरा : बुबाले करेसाबारीका बिरुवालाई बारबेरा गरेर सुरक्षित बनाउनुभयो ।

(ऋ) निर्दिष्ट अनुच्छेदमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट वाक्यका उदाहरण प्रस्तुत गर्नुहोस् । अभ्यासका क्रममा त्यस्तै सरल किसिमका वाक्य निर्माण गर्न प्रेरित गर्नुहोस् ।

(ए) अब विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद ८ देखि अन्तिम अनुच्छेदमा आधारित केही प्रश्नहरू शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गराउनुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गर्न निर्देशन दिनुहोस् ।

**प्रश्नोत्तरको नमुना**

प्रश्न : मत्स्यपोखरीमा कहिले कहिले ठुलो मेला लाग्दो रहेछ ?

उत्तर : मत्स्यपोखरीमा मङ्सिर पूर्णिमा, माघेसङ्क्रान्ति र शिवरात्रिमा ठुलो मेला लाग्दो रहेछ ।

(ऐ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

(ओ) अन्य प्रश्नहरूको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(औ) बोध प्रश्नोत्तरसम्बन्धी अन्य अनुच्छेदबाट प्रश्न र उत्तरका सूची निर्माण गरी थप अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् :

(अ) जलपादेवी मन्दिरमा कस्का पुर्खाहरूले पूजाआजा गर्नुहुन्थ्यो ?

(आ) लेखकलाई फेरि पनि कहाँ पुग्ने रहर बाँकी छ ?

(ख) पाठको ८ देखि अन्तिम अनुच्छेदभित्रका कुनै एक अनुच्छेद निर्देश गरी विद्यार्थीलाई सस्वर पठन गर्न लगाउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

विश्वास, माछा, वर्ष, पश्चिम

(घ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

स्थल, यात्रा, कलात्मक, एकोहोरो, निकास

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## पाँचौं दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शब्दभण्डार (पारिभाषिक शब्द पहिचान)<br>• चित्र पहिचान<br>• वाक्य रचना<br>• अनुच्छेद पठन | • विभिन्न क्षेत्रसँग सम्बन्धित पारिभाषिक शब्दहरूको पहिचान गरी वर्गीकृत एवम् तालिकीकृत गर्न<br>• चित्रहरूको पहिचान गरी नाम भन्न<br>• अर्थ खुल्ने गरी शब्दलाई वाक्यमा प्रयोग गर्न<br>• समय हेरी पठनगति वृद्धि गर्न | • शब्दसमूह/शब्दसूची<br>• चित्रहरू<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• चार्टपेपर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) गाउँखाने कथामार्फत विद्यार्थीको बौद्धिक परीक्षण गरी उनीहरूको ध्यान आकृष्ट गर्नुहोस्, जस्तै :

काका भन्दा नजोडिने तर मामा भन्दा जोडिने के हो ? (ओठ)

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई शब्दभण्डारअन्तर्गत अभ्यास २ मा ध्यान दिन लगाउनुहोस् । त्यहाँ दिइएका शब्दहरू कुन कुन क्षेत्रमा प्रयोग हुन्छन् भन्ने कुरा ख्याल राखी पढ्न निर्देशन दिनुहोस् । पढिसकेपछि त्यहाँ दिइएका शब्दहरू भिन्न भिन्न क्षेत्रमा प्रयोग हुने कुरा जानकारी गराउनुहोस् । कुनै निश्चित विषय वा क्षेत्रमा प्रयोग हुने यस्ता शब्दलाई पारिभाषिक शब्द भनिने कुरा बताउनुहोस् ।

(आ) उक्त शब्दसमूहमा भएका शब्दहरू कुन कुन क्षेत्रमा प्रयोग हुन्छन् भनेर सोध्नुहोस् । उनीहरूले दिएको उत्तरलाई पनि पृष्ठपोषण गर्दै खेलकुद, फर्निचर र सवारी साधन गरी तीन क्षेत्रमा प्रयोग हुने शब्दहरू उक्त शब्दसमूहमा भएको जानकारी गराउनुहोस् ।

(इ) विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर प्रदान गर्नुहोस् । अब खेलकुद, फर्निचर र सवारी साधनमध्ये कुन शब्द कुन समूहमा पर्दछ भन्ने निक्योंल गरी उक्त तीन क्षेत्र/वर्गमा शब्दहरूलाई तालिका बनाएर वर्गीकृत गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले वर्गविभाजन एवम् तालिकीकरण गरिरहँदा सबै विद्यार्थी सक्रिय भए नभएको यकिन गरी सबैलाई सक्रिय रूपमा सामूहिक कार्य गर्न उत्प्रेरित गर्नुहोस् ।

(ई) सामूहिक कार्य सकिएपछि प्रत्येक समूहबाट एक एक जना विद्यार्थीलाई अगाडि आएर तालिकीकृत शब्दहरू कसरी वर्गीकृत गरिएका छन् भनी प्रस्तुत गर्न लगाउनुहोस् । सबैले आआफ्नो सामूहिक कार्य प्रस्तुत गरेपछि त्यो चार्टपेपरलाई प्रदर्शनी पाटीमा टाँस गर्न लगाई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) विद्यार्थीलाई शब्दभण्डारको अभ्यास ३ मा ध्यानाकृष्ट गराउनुहोस् । त्यहाँ दिइएका चित्रहरू प्रोजेक्टरमार्फत क्रमशः प्रस्तुत गर्नुहोस् । केही विद्यार्थीलाई व्यक्तिगत रूपमा उठाएर ती चित्रहरूको नाम के हो भनी प्रश्न गर्नुहोस् ।

(ऊ) विद्यार्थीले चित्र पहिचान गर्न नसकेको अवस्थामा पहिचान गर्न सक्ने केही सङ्केत प्रदान गर्नुहोस् । जस्तै : भलिबलको चित्र देखाउनुहोस् । विद्यार्थीले भलिबल भनेर चिन्न नसकेको अवस्थामा चित्र चिन्न सक्ने अर्को सङ्केत दिनुहोस् र भन्नुहोस्, यो खेल पक्ष प्रतिपक्षमा ६/६ जना खेलाडीले खेल्छन् । विद्यार्थीले अझै पहिचान गर्न नसके फेरि अर्को सङ्केत दिनुहोस् कि यो नेपालको राष्ट्रिय खेल हो । अब विद्यार्थीलाई भलिबलको चित्र पहिचान गर्न सजिलो हुन्छ । यति गर्दा पनि विद्यार्थीले चित्र पहिचान गर्न नसके अर्को विद्यार्थीलाई सो चित्र पहिचान गर्न लगाउनुहोस् ।

(ऋ) सकेसम्म धेरै विद्यार्थीलाई चित्र पहिचान गर्ने अवसर दिनुहोस् । शिक्षकले पाठ्य अभ्यासमा दिइएबाहेकका अन्य चित्रहरू आफैँले सङ्कलन गरेर पनि यो अभ्यास गराउन सक्नुहुने छ ।

(ए) शब्दभण्डारअन्तर्गत अभ्यास ४ मा निर्दिष्ट शब्दहरूलाई अर्थ स्पष्ट खुल्ने गरी वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यसका लागि वाक्यमा प्रयोगको उदाहरण प्रस्तुत गरिएको शब्दपत्ती र वाक्यपत्ती प्रदर्शन गरी विद्यार्थीलाई सहजीकरण गर्नुहोस्, जस्तै :

परिवेश : यो गाउँको सुन्दर परिवेशले मेरो मन नै लोभ्यायो ।

(ऐ) बोध र अभिव्यक्ति खण्डको अभ्यास २ मा निर्दिष्ट अनुच्छेद पठनात्मक क्रियाकलापमा विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । पाठ्य संस्मरण पाठका अनुच्छेदहरू प्रोजेक्टरमार्फत क्रमशः प्रदर्शन गर्नुहोस् अथवा पाठ्यपुस्तकमा अनुच्छेद हेर्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीलाई क्रमशः गति, यति, हाउभाउ तथा लेख्य चिह्नसमेत विचार गरी दोस्रो तेस्रो दिनका कक्षा क्रियाकलापमा बताएअनुसार सबैले सुन्ने गरी अनुच्छेद पढ्न लगाउनुहोस् । एक जनाले सस्वर पठन गरिरहँदा अरूलाई ध्यान दिएर सुन्न उत्प्रेरित गर्नुहोस् । आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण एवम् पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) उदाहरणमा दिए जस्तै दिइएका शब्दलाई तालिकामा वर्गविभाजन गर्न लगाउनुहोस् :

| गोठ, पोखरी, दरबार, नदी, महल, तबेला, धर्मशाला, तलाउ, खोर, घर, हात्तीसार, खोला | | |
|---|---|---|
| **मानिसको निवास** | **पशुको निवास** | **माछाको निवास** |
| दरबार | गोठ | पोखरी |
| .................. | .................. | .................. |
| .................. | .................. | .................. |
| .................. | .................. | .................. |

(ख) दिइएका चित्रको नाम भन्न लगाउनुहोस् :









(ग) दिइएको अनुच्छेदलाई हाउभाउसहित शुद्ध पढ्न र अरूलाई सुन्न लगाउनुहोस् :

मेरो जन्म तराईमा भएको हो । मेरो गाउँनजिकै एउटा सुन्दर बगैँचा थियो । बगैँचामा विभिन्न रङका फूलहरू फुल्थे । मलाई रातो र पहेँलो फूल मन पर्थ्यो । म ती फूल हेर्न नियमित जाने गर्दथेँ । मैले विद्यालय बिदा भएको मौका पारेर एक दिन त्यहाँ रातो गुलाफको फूल त्यहाँ रोपेको थिएँ । त्यो फूल ढकमक्क फुलेको देख्दा म खुसीले दङ्ग पर्दथेँ ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • संरचना पहिचान<br>• समयबद्ध पठन<br>• मौन पठन<br>• बोध प्रश्नोत्तर<br>• श्रुतिलेखन | • निर्दिष्ट विषयवस्तुमा भएको अनुच्छेद पहिचान गर्न<br>• समयबद्ध पठन गरी पठनगति वृद्धि गर्न<br>• अनुच्छेदको मौन वाचन गरी बोध प्रश्नोत्तर गर्न<br>• शुद्धसँग श्रुतिलेखन गर्न | • अनुच्छेदपत्ती/स्लाइड<br>• प्रश्नसूची<br>• नमुना उत्तर<br>• श्रुतिलेखनका लागि अनुच्छेद |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर ।

फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र !

यो वा यस्तै उपदेशात्मक कवितांश सुनाई विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ मा दिइएको प्रश्नमा विद्यार्थीको ध्यानाकृष्ट गर्नुहोस् । अनुच्छेदमा किमाथाङ्काको प्रसङ्ग आएको कुरा विद्यार्थीलाई स्मरण गराउँदै किमाथाङ्का चीनसँग जोड्ने उत्तरतिरको प्रसिद्ध नाका भएको कुरा जानकारी गराउनुहोस् । अब विद्यार्थीलाई पाठ्य संस्मरणमा किमाथाङ्काको प्रसङ्ग कुन अनुच्छेदमा आएको छ भनेर सोध्नुहोस् । विद्यार्थीले दिएको जवाफ ठिक भए नभएको अरू विद्यार्थीबाट जाँच गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(आ) विद्यार्थीलाई समयबद्ध पठनको अभ्यासका लागि तयारी गराउनुहोस् । समयबद्ध पठन भनेको दिइएको अनुच्छेद वा पाठलाई यथाशक्य छिटो पढ्ने अभ्यास हो भन्ने कुरा बुझाउनुहोस् । समयबद्ध पठन गर्दा समय हेरेर अनुच्छेद पढ्न सुरु गर्ने, पढ्दा गति, यति, शुद्ध उच्चारण र हाउभाउलाई पनि मिलाउने कुरामा ध्यान दिन सचेत गराउनुहोस् र यथाशक्य छिटो पठन गर्नुपर्ने जानकारी दिनुहोस् ।

(इ) शिक्षकले विद्यार्थीमाझ कुनै एउटा अनुच्छेदलाई समयबद्ध रूपमा नमुना वाचन गर्नुहोस् । विद्यार्थीलाई शिक्षकले वाचन गर्दा समय, गति, यति, शुद्ध उच्चारण, हाउभाउ, कसरी प्रयोग गरेको हुन्छ ख्याल गर्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाचन गरे जस्तै बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ मा दिइएको अनुच्छेद विद्यार्थीलाई पालैपालो समयमा आबद्ध भएर वाचन गर्न लगाउनुहोस् । यस समयमा शिक्षकले विद्यार्थीलाई पढ्न लागेको समय ख्याल गर्नुहोस् । यसरी नै विद्यार्थीलाई पालैपालो पढ्न लगाई एक अर्कालाई पढ्न लागेको समय तुलना गर्न लगाउनुहोस् ।

(उ) यस्तै किसिमका अन्य अनुच्छेदसमेत तोकी विद्यार्थीलाई प्रतिस्पर्धात्मक रूपमा समयबद्ध पठनको अभ्यास गराउनुहोस् ।

(ऊ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको निर्देशनको आधारमा अनुच्छेद चार्टपेपर वा स्लाइडबाट प्रदर्शन गरी मनमनै पढ्न लगाउनुहोस् । मौन पठन गरेको अंशबाट बोधप्रश्न सोधी मौन पठन गरे नगरेको पहिचान गरेर पठन कार्यमा प्रेरित गर्नुहोस् ।

(ऋ) मौन पठनको कार्य सकिएपछि विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयारी अवस्थामा रहन प्रेरित गर्नुहोस् र पाठसँग सम्बन्धित बोध प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् । जस्तै :

**प्रश्नहरू**

- पोखरीलाई किन मत्स्यपोखरी भनिएको रहेछ ?
- माछाका भुरा केका आसले मानिसका नजिकै आउँदा रहेछन् ?
- माछा कस्ता रङका देखिन्थे ?
- कहाँ लुकेका माछा हेर्दा आनन्द आउँथ्यो ?

(ए) उपर्युक्त प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयार गराउनुहोस् । अनुच्छेदलाई आधार मानी प्रश्नको ढाँचाअनुसार पूर्णवाक्यमा उत्तर हुनुपर्ने जानकारी दिनुहोस् । अब उत्तर लेख्न निर्देशन दिनुहोस् । अन्त्यमा निर्देशनअनुसार विद्यार्थीले उत्तर लेखे नलेखेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऐ) विद्यार्थीलाई श्रुतिलेखन अभ्यासका लागि तयारी गराउनुहोस् । श्रुतिलेखन भनेको अरूले भनेको सुनेका आधारमा लेख्ने अभ्यास हो भनी यसको अवधारणा बताउनुहोस् । विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका ( अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ओ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ को अनुच्छेद शिक्षकले मौखिक रूपमा सुनाउनुहोस् र विद्यार्थीलाई उक्त अनुच्छेद सुनेर लेख्न निर्देश गर्नुहोस् ।

(औ) श्रुतिलेखनको कार्य सकिएपछि विद्यार्थीलाई एकआपसमा उत्तरपुस्तिका साटासाट गर्न लगाई एकले अर्काको उत्तरपुस्तिका बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ को अनुच्छेद हेर्दै जस्ताको तस्तै लेखे नलेखेको पहिचान गर्न र अशुद्ध भएका ठाउँमा गोलो चिह्न लगाउन निर्देश गर्नुहोस् । यसमा शिक्षकले सचेततापूर्वक सबै विद्यार्थीको गतिविधि अवलोकन गरी आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) निम्न अनुच्छेदको समयबद्ध पठन गर्न लगाउनुहोस् :

बिदाका दिनमा म धेरै पटक त्यस बगैँचाभित्र डुल्थेँ । फूल वरिपरिका झार उखेल्थेँ । बगैँचाका बिचको पोखरीछेउमा बस्थेँ । माछालगायत अनेक वस्तु हेर्दै हर्षित हुन्थेँ । आमाबुबासँग मन्दिर जाँदा पनि म त्यस बगैँचालाई परिक्रमा गर्थेँ । त्यहाँका फूल हेरेर रमाउँथेँ । लहरा देखेर फुर्किन्थेँ । त्यो सफा निलो पोखरी ! त्यसलाई देख्नासाथ म निकै उत्सुक हुन्थेँ ।

(ख) साथीबाट अनुच्छेद सुनी श्रुतिलेखन गर्न लगाउनुहोस् :

सानैदेखि म बगैँचा र पोखरी मन पराउँथेँ । त्यसैले मलाई मत्स्यपोखरीले धेरै नै लोभ्यायो । पहिलो पटकको यस यात्राले कैयौँ दिनसम्म एकोहोरो बनायो । म खासै उकालो ओरालो कहिल्यै हिँडेको थिइनँ । मत्स्यपोखरीको भ्रमणमा त्यस्ता कुराले केही प्रभाव पारेन ।

(ग) मूल्याङ्कनको क्रियाकलाप (क) मा दिइएको अनुच्छेद पढी निम्न प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् :

(अ) लेखक बगैँचामा गएर के के गर्थे ?

(आ) लेखक किन उत्सुक हुन्थे ?

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त प्रश्नोत्तर<br>• विषय वर्णन<br>• प्रश्न निर्माण | • पाठगत सन्दर्भका आधारमा विषयगत प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्न<br>• तोकिएको वाक्यसङ्ख्यामा कुनै पनि विषयको अनुच्छेदात्मक वर्णन गर्न<br>• निर्दिष्ट पाठका आधारमा प्रश्ननिर्माण गर्न | • प्रश्नसूची<br>• नमुना उत्तर |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) **सफलता कार्यसँग जोडिएको छ, सफल व्यक्ति सधै कार्यरत् हुन्छन् । उनीहरूले थुप्रै गल्ती गर्छन् तर पछी हट्दैनन् ।**

यस्तै प्रेरक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठसँग सम्बन्धित केही विषयगत सङ्क्षिप्त उत्तरात्मक प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् । यसका लागि बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ लाई उपयोग गर्नुहोस्, जस्तै :

**प्रश्नहरू**

- मामाघर पुगेपछि म पात्रलाई किन रमाइलो लाग्यो ?
- मत्स्यपोखरीबाट देखिने परिवेशको वर्णन गर्नुहोस् ।
- मत्स्यपोखरीबाहेक त्यहाँ हेर्न लायक स्थल के के थिए ?
- गुरुङ दाजुका पुर्खा के गर्दा रहेछन् ?
- हिजोआज मत्स्यपोखरी कस्तो भएको होला ?

(आ) उक्त प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी विद्यार्थीलाई सङ्क्षिप्त प्रश्नोत्तरका लागि तयार गराउनुहोस् ।

(इ) विद्यार्थीलाई उत्तर लेख्ने क्रममा सर्वप्रथम प्रश्नले देखाएको समस्या, जिज्ञासा वा सोधेको कुरा के हो भन्ने कुरामा स्पष्ट हुन सचेत गराउनुहोस् । त्यसपछि पाठ्य संस्मरणको सम्पूर्ण पाठलाई आधार मानी उत्तर लेख्न सिकाउनुहोस् । उत्तर लेख्दा प्रश्नको ढाँचामा पूर्ण वाक्यसहित लेख्न निर्देशन दिनुहोस्, जस्तै :

**नमुना उत्तर**

प्रश्न : मामाघर पुगेपछि म पात्रलाई किन रमाइलो लाग्यो ?

उत्तर : म पात्र (लेखक) को मामाघर नेपालको पूर्वी पहाडी जिल्ला सङ्खुवासभाको खाँदबारीमा थियो । हराभरा अग्ला अनि सुन्दर पहाडको बिचमा त्यहाँ सानो बजार थियो । वरिपरिको परिवेश पनि रमणीय थियो । किसानहरू खेतबारीमा काम गरिरहेका देखिन्थे । कतै पर्यटकको घुँइचो पनि देखिन्थ्यो । यो सबै म पात्रका लागि नयाँ र रमाइलो विषय थियो । त्यसैले मामाघर पुगेपछि म पात्रलाई रमाइलो लाग्यो ।

(ई) प्रश्नसूचीमा भएका अन्य प्रश्नमा पनि छलफल गरी उत्तर पहिल्याउन लगाउनुहोस् र लेख्न निर्देशन दिनुहोस् । लेखनका क्रममा देखिएका समस्यामा केन्द्रित भई समाधानात्मक पृष्ठपोषण दिनुहोस् ।

(उ) आवश्यकताअनुसार शिक्षकले सङ्क्षिप्त प्रश्नोत्तरसम्बन्धी अन्य प्रश्नहरू पाठमा आधारित भई निर्माण गरेर थप अभ्यास गराउनुहोस् ।

(ऊ) कम्तीमा ३/४ जना विद्यार्थीलाई पाठमा गरिएको वर्णनका आधारमा मत्स्यपोखरी कस्तो लाग्यो भनी प्रश्न गर्नुहोस् । उनीहरूले दिएको उत्तरलाई समेत आधार मानी शिक्षकले मत्स्यपोखरीको बारेमा जानकारी दिनुहोस् । यसपछि भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ८ लाई आधार मानी लेखकले वर्णन गरेको मत्स्यपोखरी तपाईँलाई कस्तो लाग्यो, कम्तीमा पाँच वाक्यमा वर्णन गर्न निर्देशन दिनुहोस् ।

(ऋ) यो अभ्यास लिखित तथा मौखिक दुवै रूपमा गर्न सकिने भएकाले मौखिक वर्णनपश्चात् लिखित वर्णन गर्न लगाउनुहोस् । वर्णन गरेर लेख्दा एउटै विषय वा एउटै कुरालाई दोहोऱ्याउन तथा पाँच वाक्यभन्दा कममा लेख्न नहुने कुरा सचेत गराउनुहोस् ।

(ए) विद्यार्थीले उत्तर लेखेपछि सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऐ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा आधारित भई विद्यार्थीलाई प्रश्न निर्माणार्थ पाठ्य संस्मरणको चौथो अनुच्छेद मौनवाचन गर्न लगाउनुहोस् । अनुच्छेद सम्भव भएसम्म स्लाइडबाट प्रदर्शन गर्नुहोस् ।

(ओ) कक्षाका सबै विद्यार्थीलाई प्रश्न निर्माण गर्ने तरिका सिकाएर प्रश्न निर्माण गर्न निर्देश गर्नुहोस् । यस क्रममा एकै ढाँचाका प्रश्न निर्माण गर्न नहुने बताउनुहोस् । प्रश्नलाई भिन्न भिन्न ढाँचामा बनाउन को, के, कहाँ, कति, किन, कहिले,

कसरी जस्ता प्रश्नवाचक सर्वनाम प्रयोग गर्ने तरिका सिकाउनुहोस् । निर्माण गरिएका प्रश्नको उत्तर अनुच्छेदमा हुनुपर्ने कुरामा पनि सचेत गराउनुहोस् ।

(औ) विद्यार्थीको सहजताका लागि शिक्षकले सोही अनुच्छेदबाट नमुना प्रश्न बनाई शैक्षणिक पाटी वा प्रोजेक्टरमा प्रदर्शन गर्नुहोस्, जस्तै :

**नमुना प्रश्नसूची**

(क) खाँदबारीबाट मत्स्यपोखरी जाँदा कुन ठाउँ हुँदै जानुपर्छ ?

(ख) वरिपरिका पहाडी दृश्य कस्ता थिए ?

(अं) अनुच्छेदबाट कम्तीमा चारओटा प्रश्न बनाउन लगाउनुहोस् । अन्त्यमा विद्यार्थीले बनाएका प्रश्नहरू एक एक गरी सोध्नुहोस् । सबैले भनेको प्रश्न नदोहोऱ्याइकन शैक्षणिक पाटीमा लेखेर प्रदर्शन गर्नुहोस् । नमिलेका प्रश्नमा शिक्षकले सहजीकरण गरी मिलाएर लेखिदिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा निर्दिष्ट प्रश्नहरूको उत्तर लेख्न लगाउनुहोस् ।

(ख) मत्स्यपोखरीको धार्मिक एवम् प्राकृतिक पक्षमध्ये तपाईंलाई सबैभन्दा राम्रो के लाग्यो ? पाँच वाक्यमा भन्न लगाउनुहोस् ।

(ग) पाठ्य संस्मरणको सातौँ अनुच्छदबाट चारओटा प्रश्न बनाउन लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुलेखन<br>• घटनाक्रम निर्धारण<br>• चित्र वर्णन<br>• बोध प्रश्नोत्तर | • तोकिएको अनुच्छेदलाई जस्ताको तस्तै लेख्न<br>• घटनाक्रम मिलाएर लेख्न<br>• चित्र पहिचान गरी वर्णन गर्न<br>• बोध प्रश्नको उत्तर लेख्न | • अनुच्छेद<br>• घटनासूची<br>• चित्र, चार्ट पेपर<br>• नमुना उत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) गीत/गजल गाएर वा प्रेरक प्रसङ्ग सुनाई विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १० मा निर्देश गरेअनुसार विद्यार्थीलाई पाठ्य संस्मरणको अन्तिम अनुच्छेदको अनुलेखन गराउनुहोस् । अनुलेखन गर्दा तोकिएको अनुच्छेदको वर्णविन्यास तथा लेख्य चिह्नलाई जस्ताको तस्तै ख्याल

गरेर हुबहु लेख्नुपर्ने कुरा सिकाउनुहोस् । नेपाली अक्षर राम्रो पारेर लेख्ने तरिका उदाहरणसहित शैक्षणिक पाटीमा लेखेर सिकाउनुहोस्, जस्तै :

**अनुलेखन गर्दा निम्न कुराको जानकारी गराउनुहोस् :**

- प्रत्येक वर्णलाई डिको दिएर सिधा लेख्ने
- एक वर्णले अर्को वर्णलाई नजोड्ने
- अक्षर र मात्राको ढल्काइ एकैतिर पार्ने
- वर्ण वर्णबिचको तथा शब्द शब्दबिच बराबर दुरी राख्ने

(आ) अनुलेखन गरिसकेपछि विद्यार्थीको उत्तरपुस्तिका एकअर्कामा साटासाट गरी पाठ्य संस्मरणमा जस्तै लेख्यचिह्न, वर्णविन्यास आदि कति मिले वा नमिलेका कुरा पहिचान गर्न लगाउनुहोस् । नमिलेको ठाउँमा गोलो घेरा राख्न निर्देशन दिनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ मा ध्यान दिन लगाउनुहोस् । विद्यार्थीलाई दुई वा तीन समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् र सामूहिक रूपमा छलफल गरी दिइएको निर्देशनका आधारमा दिइएका घटनासम्बद्ध बुँदाहरूलाई संस्मरणमा वर्णित घटनाअनुसार क्रम मिलाएर लेख्न लगाउनुहोस् । विद्यार्थीका गतिविधिलाई निरीक्षण गरी आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

(ई) तोकिएको कार्य पूरा गरिसकेपछि प्रत्येक समूहबाट एक जनालाई आफ्नो समूहले घटनाक्रम मिलाएर तयार पारेको चार्ट पेपर प्रदर्शनी पाटीमा टाँसी प्रस्तुत गर्ने अवसर दिनुहोस् । शिक्षकले सबै समूहको सामूहिक कार्यको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ को चित्रमा विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् । निर्दिष्ट चित्रलाई सम्भव भएसम्म प्रोजेक्टरमार्फत प्रस्तुत गर्नुहोस् :



(ऊ) विद्यार्थीलाई व्यक्तिगत रूपमै चित्रमा देखिएका दृश्य, त्यसका विषयवस्तु, चित्रले दिने सन्देशका बारेमा विचार गर्न लगाउनुहोस् । चित्र अध्ययनको कार्य सकिएपछि त्यस चित्रमा देखिएका विषयवस्तु, घटना वा क्रियाकलापको वर्णन गर्न लगाउनुहोस् ।

(ऋ) वर्णनकै क्रममा विद्यार्थीलाई उक्त चित्रमा भए जस्तै ग्रामीण सौन्दर्य, पर्यटन, पारस्परिक प्रेम जस्ता कुरा छुटाउन नहुने जानकारी दिनुहोस् । चित्रको लिखित तथा मौखिक दुवै प्रकारले वर्णन गर्न सकिने भएकाले कक्षामा मौखिक वर्णनमा जोड दिनुहोस् र प्रत्येक विद्यार्थीलाई वर्णन गर्न लगाउनुहोस् । एक जनाले वर्णन गरेको कुरा अर्कालाई नदोहोऱ्याउन पनि सचेत गराउनुहोस् । सबैको वर्णन सुनेपछि शिक्षकले यस क्रियाकलापको निष्कर्ष बताउनुहोस् ।

(ए) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा दिइएको भित्तेपात्रोको अध्ययन गर्न निर्देश गर्नुहोस् ।



वैशाख २०७९ APRIL/MAY 2022

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | | | त्रयोदशी १ 14 | चतुर्दशी २ 15 | पूर्णिमा ३ 16 |
| प्रतिपदा ४ 17 | द्वितीया ५ 18 | तृतीया ६ 19 | चतुर्थी ७ 20 | पञ्चमी ८ 21 | षष्ठी ९ 22 | सप्तमी १० 23 |
| अष्टमी ११ 24 | नवमी १२ 25 | एकादशी १३ 26 | द्वादशी १४ 27 | त्रयोदशी १५ 28 | चतुर्दशी १६ 29 | औंशी १७ 30 |
| प्रतिपदा १८ May 1 | द्वितीया १९ 2 | तृतीया २० 3 | तृतीया २१ 4 | चतुर्थी २२ 5 | पञ्चमी २३ 6 | षष्ठी २४ 7 |
| सप्तमी २५ 8 | अष्टमी २६ 9 | नवमी २७ 10 | दशमी २८ 11 | एकादशी २९ 12 | द्वादशी ३० 13 | त्रयोदशी ३१ 14 |

(ऐ) उक्त पात्रोका आधारमा सोधिएका प्रश्नहरूमा छलफल गरी तिनको उत्तर पूर्ण वाक्यात्मक ढाँचामा लेख्न लगाउनुहोस् । विद्यार्थीको सहजीकरणका लागि नमुना उत्तर प्रदर्शन गर्नुहोस्, जस्तै :

| प्रश्नोत्तरको नमुना |
|---|
| प्रश्न : २०७९ सालको पहिलो दिन कुन कुन चाड वा जयन्ती परेका छन् ? |
| उत्तर : २०७९ सालको पहिलो दिन जयन्ती परेको छैन । बिस्का जात्रा र नववर्ष परेको छ । |

(ओ) अन्य प्रश्नहरूको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको पहिलो अनुच्छेदको यथावत् लेखन गर्न लगाउनुहोस्

(ख) दिइएको चित्रलाई पाँच वाक्यमा वर्णन गर्न लगाउनुहोस् :



(ग) बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा रहेका प्रश्नहरूको उत्तर लेख्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • गाउँ वा टोलको परिचय लेखन<br>• कल्पनामा आधारित उत्तर लेखन<br>• भाषिक प्रकार्य (प्रेरणा कथन) | • आफ्नो गाउँटोलको परिचय लेख्न<br>• बुँदाका आधारमा अनुच्छेद लेख्न<br>• अरूबाट पाएको प्रेरणा भन्न/सुनाउन | • नमुना उत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै प्रेरक व्यक्तिबाट प्राप्त प्रेरणा सुनाई विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा ध्यान दिन लगाउनुहोस् । चिनारी नै त्यसको परिचय भएकाले आफ्नो गाउँ वा टोललाई तपाईं कसरी चिनाउनुहुन्छ भनी प्रश्न गर्नुहोस् । विद्यार्थीको सहजीकरणका लागि निम्न आधारमा गाउँ वा टोलको परिचय दिन सकिने बताई छलफल गर्नुहोस्, जस्तै :

**गाउँको परिचयमा छुटाउन नहुने कुरा**

- नेपालको कुन प्रदेश तथा जिल्लामा रहेको
- गाउँपालिका/नगरपालिका तथा वडा नम्बर
- गाउँ/टोलको नाम
- गाउँको भौगोलिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा अन्य विशेषता
- गाउँका बहुसङ्ख्यक मानिसको पेसा
- गाउँको विशेष पहिचान आदि ।

(आ) उक्त आधारमा आफ्नो गाउँको परिचय एक अनुच्छेदमा लेख्न लगाउनुहोस् । विद्यार्थीको सहजीकरणका लागि गाउँको परिचयको नमुना शिक्षकले स्लाइडमा प्रदर्शन गरेर देखाउनुहोस् ।

**गाउँको परिचय**

मेरो गाउँको नाम रमाइलो हो । नाम जस्तै यो गाउँ रमाइलो छ । यो कोसी प्रदेशमा पर्ने मोरङ जिल्लामा पर्दछ । मेरो गाउँ कानेपोखरी गाउँपालिकाअन्तर्गत वडा न. ६ मा रहेको छ । यो गाउँमा अधिकांश मानिसहरू खेतीकिसानी गर्दछन् । गाउँमा शिक्षा, स्वास्थ्य, यातायात आदि कुराको सुविधा छ । शिक्षाका लागि बहुमुखी क्याम्पस, स्वास्थ्यका लागि स्वास्थ्यकेन्द्र, यातायातका लागि कालोपत्रे गरिएको फराकिलो सडक तथा सञ्चारका लागि इन्टरनेटको सुविधा यहाँ पाइन्छ । किनमेलका लागि व्यवस्थित बजार छ । यहाँ ऐतिहासिक पोखरी छ जसलाई कानेपोखरी भनेर चिनिन्छ । यहाँका किसान तथा गाउँबासीमा सामाजिक सद्भाव र पारस्परिक एकताको आदर्श भावना देख्न सकिन्छ । सबै जातजातिका मानिसहरूको मिलेर बसेको यो गाउँको उत्तरतिर घना जङ्गल छ त्यसैले रमाइलो गाउँ प्राकृतिक दृष्टिले पनि सुन्दर छ ।

(इ) अब बोध र अभिव्यक्ति खण्डको अभ्यास १६ मा विद्यार्थीलाई आकृष्ट गर्नुहोस् । जीवनमा अनेक समस्या र उतारचढाव आउँछन् । त्यस्ता सबै कुरा हामीले देखेका वा भोगिसकेका छैनौँ तापनि अरूको जीवनमा परेका समस्या

सुनेजानेका हुन्छौँ । यदि हामीलाई पनि त्यस्तै कठिन समस्या पऱ्यो भने हामी के गरौँला ? कल्पना गर्नुहोस् त भनी विद्यार्थीलाई सोध्नुहोस् ।

(ई) यसै सन्दर्भमा साथीसँग घुम्न जाँदा छुटेर एक्लै परेको कठिन अवस्थामा के गर्नुहुन्छ भन्ने प्रश्नमा अलग अलग विद्यार्थीले दिएको काल्पनिक उत्तर सुन्नुहोस् र थप छलफल गर्नुहोस् । अन्त्यमा निम्न बुँदाहरूलाई आधार मानेर उत्तर लेख्न लगाउनुहोस्, जस्तै :

**साथीसँग छुटेर एक्लो हुन पुगे के गर्ने ?**

- नआत्तिने, विवेक पुऱ्याएर काम गर्ने
- साथी, घरपरिवार वा नजिकमा भएका आफन्तलाई फोन गर्ने
- फोन वा मोबाइल नभएको अवस्थामा नजिकको प्रहरी कार्यालयमा गई जानकारी गराउने
- प्रहरी कार्यालय पनि आसपास नभए कुनै मानिसलाई आफ्नो अवस्था बताई सहयोग गरिदिन अनुरोध गर्ने

(उ) शिक्षकले विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १७ तर्फ आकृष्ट गर्नुहोस् । यस क्रममा हामीलाई जीवनमा लेखपढ गर्न, कुनै कार्यक्रममा सहभागी हुन, सफलताका लागि श्रम गर्न वा हाम्रो उन्नतिका लागि काम गर्न हाम्रो हौसला बढाउने काम हाम्रा शुभचिन्तक, इष्टमित्र तथा आफन्तहरूले गरेका हुन्छन् । त्यस्तो कामलाई नै प्रेरणा भनिन्छ भन्दै तपाईले कसैलाई प्रेरणा दिनुभएको छ कि छैन, अथवा अरूले तपाईँलाई प्रेरणा दिएको तपाईँलाई थाहा छ कि छैन ? यदि प्रेरणा कसैले दिएको छ भने त्यो प्रेरणा तपाईँले ग्रहण गर्नुभएको छ कि छैन ? भनेर विद्यार्थीलाई प्रश्न गर्नुहोस् अनि आफूले अरूबाट पाएको प्रेरणासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । प्रेरणाले मानिसको आत्मबल बढ्ने र प्रेरित भएको व्यक्ति जीवनमा सफल बन्दै जाने कुरा बताउनुहोस् । यसै सन्दर्भमा पाठ्यपुस्तकको अभ्यास खण्डमा दिइएको उदाहरण स्लाइडमा प्रदर्शन गरेर सबैले सुन्ने गरी पढेर सुनाउनुहोस् । तल दिए जस्तै उदाहरण पनि दिनुहोस्, जस्तै :

**प्रेरणा**

पाँच कक्षामा पढ्ने पेम्बा आमासँग बौद्धनाथ गुम्बा घुम्न गइन् । घुमेर बाहिर निस्कँदा सडक पेटीमा भोकले रोइरहेको अनाथ बालकलाई आमाले खानेकुरा किनेर खुवाउनुभयो । पेम्बाले भनिन्, “आमा ! त्यो केटालाई किन खानेकुरा किनेर खुवाउनुभएको ? त्यसलाई तपाईँले चिन्नुभएको छ ?” पेम्बाको हात समातेर आमाले भन्नुभयो, “छोरी, आफन्त कोही नभएको त्यो टुहुरो बालक हो । उसलाई पकाएर खान दिने उसकी आमा र उसलाई सहारा दिने उसको बुबा कोही पनि हुनुहुन्न । ऊ भोकाएर रोएको हो । त्यसैले मैले उसलाई खानेकुरा किनेर खुवाएकी हुँ ।” पेम्बाले जिज्ञासु हुँदै सोधिन्, “अरूले चाहिँ किन सहयोग नगरेका नि उसलाई ?” आमाले सम्झाउँदै भन्नुभयो, “छोरी, सबैको स्वभाव एकै प्रकारको हुँदैन । सहयोग सक्नेले गर्ने हो । यदि हामी आवश्यक पर्दा दीनदुःखीलाई सहयोग गर्न सक्छौँ भने सहयोग गर्नुपर्छ । हाम्रो सानो सहयोगले कसैको जीवनमा परिवर्तन आउँछ अथवा कसैको भविष्य बन्छ भने हामी अगि सर्नुपर्छ । बुझ्यौ ? सहयोग गर्नु निकै राम्रो बानी हो ।” पेम्बाले त्यो दिन आमाबाट दीनदुःखीलाई सहयोग गर्नुपर्ने प्रेरणा पाइन् ।

(ऊ) उदाहरणमा दिइएकी पेम्बाले जस्तै तपाईँले कोबाट के प्रेरणा लिनुभएको छ भन्न लगाउनुहोस् । विद्यार्थीले प्राप्त गरेको प्रेरणाको प्रसङ्ग सुनी आवश्यकताअनुसार सहजीकरण एवम् पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) आफूले पढ्ने विद्यालय भएको ठाउँको परिचय दिन लगाउनुहोस् ।

(ग) विद्यालय जाँदा लडेर तपाईँलाई चोटपटक लाग्यो भने के गर्नुहुन्छ ? कल्पना गरेर भन्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुच्छेद लेखन<br>• क्रियाका अपूर्ण र पूर्ण पक्षको पहिचान<br>• 'र' वर्णका विभिन्न रूपको पहिचान | • कुनै समस्यामा परेको कल्पना गरी त्यससँग सम्बन्धित प्रश्नको काल्पनिक उत्तर लेख्न<br>• अपूर्ण र पूर्ण पक्षको पहिचान गर्न<br>• 'र' वर्णका विभिन्न रूपको पहिचान गर्न | • अनुच्छेदको नमुना<br>• नमुना वाक्यहरू<br>• अपूर्ण र पूर्ण पक्षका क्रियाहरू<br>• स्लाइड वा चार्टपेपर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) **असफलता त्यो अवसर हो जसले अझै सच्चिएर अगि बढ्ने मौका दिन्छ । हेनरी फोर्ड**

यो वा यस्तै प्रेरक भनाइ सुनाउनुहोस् र विद्यार्थीलाई पनि यस्तो विशिष्ट भनाइ राख्ने अवसर दिँदै ध्यानाकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १५ मा रहेको बुँदाहरूलाई दुई पटकसम्म पढ्न लगाउनुहोस् । त्यसपछि ती बुँदाहरूलाई समेटेर अनुच्छेद लेख्न भन्नुहोस् । अनुच्छेद लेख्दा निम्न कुरालाई ध्यान दिन सचेत गराउँदै आवश्यक छलफल गर्नुहोस्, जस्तै :

**बुँदाका आधारमा अनुच्छेद लेख्दा ध्यान दिनुपर्ने कुरा**

- बुँदामा भएका विषयवस्तुलाई छुटाउन नहुने
- बुँदाहरूलाई सिलसिला मिलाएर लेख्नुपर्ने
- बुँदाभन्दा बाहिर गएर आफ्ना कुरा वा पूर्व जानकारी दिन नहुने
- अनुच्छेदको प्रारम्भ भाग विषयको परिचय, बिच भाग वर्णन तथा अन्तिम भाग निष्कर्ष हुनुपर्ने
- सरल तथा छोटा वाक्यहरूमा भएको अनुच्छेद बनाउनु राम्रो हुने
- अनुच्छेदका लागि मिल्दो शीर्षक दिनुपर्ने

(आ) विद्यार्थीले माथिका बुँदालाई ख्याल गरी अनुच्छेद लेखे नलेखेको अवलोकन गर्नुहोस् । विद्यार्थीले लेखेको अनुच्छेद सुनाउन लगाउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले तयार पारेका अनुच्छेदको नमुना स्लाइड वा चार्टपेपरबाट प्रदर्शन गर्नुहोस्, जस्तै :

**जन्मभूमि**

आफू जन्मेको ठाउँलाई जन्मभूमि भनिन्छ । हामी जन्मिएको देश पनि हाम्रो जन्मभूमि हो । आफू जन्मिएको देशलाई हामी सम्मानपूर्वक मातृभूमि तथा जन्मभूमि भन्दछौँ । सन्तानका लागि आमाको जति महफ्व हुन्छ त्यति नै देशको पनि महफ्व हुन्छ । मानिसका लागि आमा र जन्मभूमिको बराबर महत्त्व रहने भएकाले नै हामी आमा र जन्मभूमिलाई स्वर्गभन्दा प्यारो र उच्च मान्छौँ । जन्मभूमिबाट नै हरेक मानिसको जीवन प्रारम्भ हुने भएकाले जन्मभूमिको सम्मान हामी सबैले गर्नुपर्छ ।

(इ) अपूर्ण र पूर्ण पक्षका क्रियापदहरूको प्रयोग भएको एउटा अनुच्छेद स्लाइडबाट प्रदर्शन गरी पढेर विद्यार्थीलाई सुनाउनुहोस् । जस्तै :

मेरो वार्षिक परीक्षा आउँदै छ । म परीक्षाको तयारी गर्दै छु । तिमी पनि पढाइ लेखाइमा ध्यान दिँदै छौ । गुरुले चाहिँ पढेका कुरा लेख्न भन्नुभएको छ । हामी लेखेका अभ्यासहरू गुरुलाई देखाउँदै छौँ । नजानेका अभ्यासहरू सिकेका छौँ । गत वर्ष मेरो परीक्षा राम्रो भएको थियो । यसपालि पनि हामी सबैले परीक्षामा राम्रो नतिजा ल्याएका हुने छौँ ।

(ई) उक्त अनुच्छेदमा आएका क्रियाहरू कतै अपूर्ण पक्षमा त कतै पूर्ण पक्षमा रहेको जानकारी दिनुहोस् । क्रिया जुनसुकै कालमा भए पनि त्यो कालमा काम हुँदै गरेको तर पूरा नभएको बुझिए अपूर्ण पक्ष र काम पूरा भइसकेको बुझिएमा पूर्ण पक्ष हुने जानकारी गराउनुहोस् र यसलाई विभिन्न उदाहरण दिएर छलफल गरी विद्यार्थीलाई स्पष्ट पार्नुहोस् ।

(उ) क्रियाको मूल रूपलाई धातु भनिने (जस्तै : 'पढ्छ' को पढ्) र धातुमा 'दै' जोडिएको अवस्थामा अपूर्ण पक्ष (जस्तै : 'पढ्छ' को पढ्दै छ) र 'एको' जोडिएमा चाहिँ पूर्ण पक्षका क्रियापद (जस्तै : 'पढ्छ' को पढेको छ) हुने कुरा पनि छलफल तथा उदाहरणबाट नै स्पष्ट पार्नुहोस्, जस्तै :

| क्रियाको अपूर्ण पक्ष | क्रियाको पूर्ण पक्ष |
|---|---|
| रमाउँदै छ | रमाएको छु |
| भन्दै छन् | भनेका छन् |
| लेख्दै थिएँ | लेखेको थिएँ |
| हाँस्दै हुनुहुने छ | हाँस्नुभएको हुने छ |
| गन्दै थिई | गनेकी थिई |

(ऊ) अब विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ तर्फ ध्यानाकृष्ट गर्नुहोस् । त्यहाँ दिइएका अपूर्ण र पूर्ण पक्षका तीनै कालका वाक्यहरू यथासम्भव स्लाइडमा प्रदर्शन गरी अपूर्ण र पूर्ण पक्षका बारेमा थप स्पष्ट पार्नुहोस्, जस्तै :

| अपूर्ण पक्ष | पूर्ण पक्ष |
|---|---|
| सुरेशले कथा भन्दै थियो । | सुरेशले कथा भनेको थियो । |
| बबिता घुम्न जाँदै थिई । | बबिता घुम्न गएकी थिई । |
| तिमीहरू नाच्दै थियौँ । | तिमीहरू नाचेका थियौँ । |
| हर्कले गीत गाउँदै छ । | हर्कले गीत गाएको छ । |
| हामी सडकमा हिँड्दै छौँ । | हामी सडकमा हिँडेका छौँ । |
| तिनीहरू शैक्षिक भ्रमण जाँदै छन् । | तिनीहरू शैक्षिक भ्रमण गएका छन् । |
| हजुरबुबाले कविता लेख्दै हुनुहुने छ । | हजुरबुबाले कविता लेख्नुभएको हुने छ । |
| सरिता उठ्दै हुने छिन् । | सरिता उठेकी हुने छिन् । |
| मैले उसलाई हेर्दै हुने छु । | मैले उसलाई हेरेको हुने छु । |

(ऋ) भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास २ मा दिइएका क्रियापदहरू स्लाइडबाट प्रदर्शन गर्नुहोस् । ती क्रियापदहरूलाई अपूर्ण र पूर्ण पक्ष गरी दुई भागमा वर्गीकरण गरी तालिकीकरणसमेत गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले गरेको कक्षाक्रियाकलाप निरीक्षण गरी शिक्षकले तत्काल सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीले अपूर्ण र पूर्ण पक्षका क्रियापदहरूको वर्गीकरण र तालिकीकरणको काम सकेपछि परस्पर परीक्षण गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीलाई 'र' वर्णका विभिन्न रूपको प्रयोग भएका एउटा अनुच्छेद पढ्न लगाउनुहोस् र त्यस अनुच्छेदमा प्रयोग गरिएका 'र' वर्णमा रेखाङ्कन वा गोलो घेरा लगाउन भन्नुहोस्, जस्तै :

देवेन्द्र राष्ट्रलाई माया गर्छन् । समाजको विकासमा योगदान पुऱ्याउँछन् । उनको आदर्श विचार सुनेर धेरै मानिसहरू छक्क पर्छन् । राजुले देवेन्द्रबाट धेरै कुरा सिकेका छन् । आज राजु देवेन्द्रलाई भेट्न उनको घरमा गए । त्यहाँ पुग्दा उनकी आमा भन्नुहुँदै थियो, "देवेन्द्र, कुरा हैन, पहिला काम गर् त छोरा ।"

(ओ) उपर्युक्त उदाहरणमा र, ्र, ॅ, ् तथा र् जस्ता विभिन्न रूपमा एउटै 'र' वर्णको प्रयोग भएको कुरा छलफलबाट स्पष्ट पार्नुहोस् अनि भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ मा रहेको उदाहरण हेर्न र मनन गर्न निर्देश दिनुहोस् । आवश्यकताअनुसार थप छलफल गर्नुहोस् ।

(औ) यसैक्रममा भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ४ मा दिइएको निर्देशनका आधारमा 'र' वर्णका भिन्न रूपको प्रयोग भएका अन्य दुई शब्दहरू लेख्न लगाउनुहोस् र परस्पर परीक्षण गर्न निर्देशन दिनुहोस् । आवश्यकता हेरी थप अभ्यास तथा छलफल गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका बुँदाका आधारमा छोटो अनुच्छेद लेख्न लगाउनुहोस् :

- भाषा विचारको आदान प्रदानको लागि प्रयोग गरिने
- भाषाबिना मानिसलाई व्यावहारिक काम गर्न समस्या हुने
- भाषामा ज्ञान, विज्ञान, कला, सभ्यता र साहित्य सुरक्षित रहने
- भाषाले समाज र राष्ट्रको पहिचान सुरक्षित गर्ने
- भाषाको अभावमा मानव जीवनको कल्पना पनि गर्न नसकिने

(ख) अपूर्ण र पूर्ण पक्षका क्रियापदको प्रयोग भएका चार चारओटा वाक्य लेख्न लगाउनुहोस् ।

(ग) 'र' वर्णका भिन्न भिन्न रूप भएका तीन तीनओटा शब्दहरू लेख्न लगाउनुहोस्

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## एघारौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• सिर्जनात्मक कार्य | • सुनाइ पाठसँग सम्बन्धित विभिन्न अभ्यासहरू गर्न (ठिक बेठिक पहिचान तथा प्रश्नोत्तर)<br>• आफूले घुमेको ठाउँको सम्झना गरी अनुच्छेद लेख्न | • सुनाइ पाठ १२ को श्रव्य सामग्री<br>• प्रश्नावली<br>• उत्तरका नमुना<br>• अनुच्छेदको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) अग्लो घरको न झ्याल न ढोका के हो ? - बाँस

यस्तै गाउँखाने कथा सुनाएर सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ र बोलाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् ।

(आ) यस क्रममा सुनाइ पाठ ध्यानपूर्वक सुन्नुपर्ने, खाली ठाउँ भरेर वाक्य पूरा गर्नुपर्ने भएकाले वाक्यका शब्दहरूमा पनि ध्यान दिने तथा विषयवस्तुको बोध गरी निर्धारित प्रश्नको संरचनामा आधारित रहेर उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(इ) विद्यार्थीलाई सुनाइ पाठ १२ सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ १२ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ ।

(ई) पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई निर्धारित अभ्यासहरू हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(उ) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ खण्डको अभ्यास १ मा दिइएका वाक्यगत भनाइहरू ठिक वा बेठिक के हुन्, भन्न लगाउनुहोस्, जस्तै :

- साना कमिला मिलेर आफूभन्दा कयौँ गुणा ठुलो फट्याङ्ग्रो बोक्न सक्छन् । ठिक
- समुद्र समुद्र मिलेर थोपा बन्छ । बेठिक
- धेरै जनाको सहकार्यबाट काम सम्भव हुन्छ । ठिक
- दिदीको जबाफले रमेश मज्जाले हाँसे ठिक

(ऊ) विद्यार्थीले वाक्यगत भनाइहरूलाई ठिक वा बेठिक भनी छुट्याएको के कति मिल्यो भन्ने कुराको परीक्षण विद्यार्थीबाटै गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) विद्यार्थीलाई अभ्यास २ तर्फ केन्द्रित गर्नुहोस् । सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनः स्मरण गराउनुहोस्, जस्तै :

प्रश्न : सबैभन्दा ठुलो बल के हो ?

उत्तर : सबैभन्दा ठुलो बल एकता हो ।

(ए) सुनाइ पाठका आधारमा छात्र, छात्रा तथा विभिन्न सामाजिक पृष्ठभूमिका विद्यार्थीको प्रतिनिधित्व हुने गरी अलग अलग विद्यार्थीलाई सुनाइ पाठमा निर्दिष्ट प्रश्नहरू क्रमशः सोध्नुहोस् र उत्तर भन्न लगाउनुहोस् उनीहरूले दिएको उत्तर मिलेनमिलेको यकिन गर्न विद्यार्थीलाई नै लगाउनुहोस् । विद्यार्थीबिचको प्रश्नोत्तर छलफलमा शिक्षकले आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) शिक्षकले सिर्जनात्मक कार्यमा निर्दिष्ट प्रश्नमा विद्यार्थीको ध्यानाकृष्ट गर्नुहोस् । आफूले घुमेको कुनै पनि ठाउँको वर्णन गरी कसरी लेख्ने भन्ने विषयमा विद्यार्थीलाई स्पष्ट पार्नुहोस्, जस्तै :

| **आफूले भ्रमण गरेको ठाउँबारे अनुच्छेद लेख्दा समावेश गर्नुपर्ने विषयवस्तु** |
|---|
| ● भ्रमण गरेको ठाउँको नाम |
| ● भ्रमण गर्न जानुको प्रयोजन वा सन्दर्भ |
| ● भ्रमण गरेको ठाउँको विशेषता |
| ● मन परेका कुरा |

(ऐ) उक्त बुँदामा भएका कुरालाई समेटी मौलिक ढङ्गले सुहाउँदो शीर्षक राखी अनुच्छेद लेख्न निर्देशन दिनुहोस् ।

(ओ) अनुच्छेद लेखन कार्य सकिएपछि सबै विद्यार्थी समूहलाई पालैपालो अगाडि आएर आआफूले भ्रमण गरेको ठाउँको सम्झनामा लेखेको अनुच्छेद सुनाउन लगाउनुहोस् र थप छलफल तथा पृष्ठपोषणसहित सिर्जनात्मक क्रियाकलापको निष्कर्ष सुनाउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) सुनाइ पाठका आधारमा एकताका कुनै दुई फाइदाहरू भन्न लगाउनुहोस् ।
(ख) आफूलाई अचम्म लागेको कुनै घटनाको पाँच वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

| पाठ : १३ | प्रतियोगिताका दुई दिन | |
|---|---|---|
| विधा : रूपक (दैनिकी) | | कार्यघण्टा : १० |

**परिचय**

'प्रतियोगिताका दुई दिन' दैनिकी रूपक विधाको पाठ हो । दैनिकी रूपक विधाका विविध रूपमध्ये एक हो । प्रत्येक दिन व्यक्तिले गरेका महत्त्वपूर्ण कार्यको क्रमिक वर्णनमा आधारित भई लेखिएको रचनालाई दैनिकी भनिन्छ । यसका अतिरिक्त यसमा घटना, अनुभव, भेटघाट वा सम्झन योग्य अनुभूतिहरूलाई पनि समेटिएको हुन्छ । दैनिक जीवनमा व्यक्तिले गरेका महफ्वपूर्ण काम, कर्तव्य र यससँग जोडिएका सम्झनालाई जीवन्त र स्मरणीय बनाउन विद्यार्थीले दैनिकी लेख्नुपर्ने कुरालाई यस पाठले प्रोत्साहन दिएको छ ।

दैनिकीमा भाषाको सरल तथा विश्लेषणात्मक प्रस्तुति रहेको हुन्छ । यस विधाको शिक्षणबाट विद्यार्थीमा विचारलाई शृङ्खलाबद्ध ढङ्गले अभिव्यक्ति दिने कलाको विकास गराउन सकिन्छ । यसबाट विद्यार्थीमा आफूले गरेका दिनभरिका कार्यकलापलाई स्वतन्त्र रूपमा वैचारिक अभिव्यक्ति दिन सक्ने क्षमताको विकास हुन्छ । भाषिक सिपको विकासमा दैनिकी विधाको उपयोगबाट मुख्य रूपमा लेखाइ सिपको विकासमा सहयोग पुगी आवश्यकताअनुसार अन्य भाषिक सिपको पनि विकास हुन्छ । दैनिकी विधाको शिक्षण सस्वर तथा मौन पठन, पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग, पठनबोध, अनुच्छेद रचना तथा दैनिकी लेखन सिपको विकासमा केन्द्रित हुनुपर्छ ।
दैनिकी विधाको शिक्षणको प्रमुख उद्देश्य विद्यार्थीमा भाषिक सिपको विकास विकास गराउनु हो । यस पाठमा विद्यार्थीमा सुनाइ, पदावली पहिचान, सिलसिलेबार वर्णन, दैनिक घटनाको वर्णन, भाषिक सञ्चारका लागि सान्दर्भिक भाषाको प्रयोग, विषयवस्तुका आधारमा अनुमान, कल्पना तथा वर्गीकरण, पहिचान गरिएका विषयवस्तुको वर्णन जस्ता सुनाइ र बोलाइ सिपको विकास गराउनुपर्छ । सस्वर पठन, मौन पठन, द्रुत पठन तथा गतिवृद्धि, प्रश्ननिर्माण र उत्तर पहिचान, सन्दर्भ अनुकूलको विषय वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप गराउनुपर्छ । लेखाइ सिपअन्तर्गत लेखन ढाँचाको शैली अनुकरण, प्रश्नोत्तर, आफूले सोचेको वा अनुभव गरेको विषयको क्रमिक प्रस्तुति, दैनिकी लेखन, शब्द, शब्दावली वा शीर्षकका आधारमा विषय वर्णन जस्ता पक्षमा ध्यान दिनुपर्छ । यस पाठमा भाषिक संरचनाअन्तर्गत विभक्ति (ले, लाई, बाट, को, मा, देखि, द्वारा) पहिचान र प्रयोगसम्बन्धी अभ्यास तथा वर्णविन्यासअन्तर्गत पदयोग र पदवियोग हुने अवस्थाको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यस पाठमा शब्दभण्डारअन्तर्गत सिङ्गो शब्दको पहिचान र प्रयोग एवम् पाठगत शब्दको अर्थबोध र प्रयोगसम्बन्धी अभ्यास गराउनु अपरिहार्य हुन्छ । भाषिक प्रकार्यअन्तर्गत अनुभव वर्णनको अभ्यास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ १३ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ १३ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो | • चित्र पहिचन र छलफल | • पूर्व पठन खण्डको तस्बिर र विषयवस्तुका आधारमा दैनिकीको पहिचान गर्न | • दैनिकीको संरचना बुझाउने तालिक | १ |

| | | | | |
|---|---|---|---|---|
| दिन | ● दैनिकीको परिचय र संरचना | ● मूल पाठको तस्बिर हेरी वर्णन गर्न<br>● दैनिकीको स्वरूप र संरचनाको परिचय दिन | ● प्रोजेक्टर<br>● चित्रहरू | |
| दोस्रो दिन | ● सस्वर पठन (पहिलो दिनको दैनिकी)<br>● शुद्धोच्चारण<br>● शब्दार्थ र वाक्यमा प्रयोग<br>● प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>● शब्दहरूको शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>● निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | ● पाठ्य अनुच्छेद १-६<br>● प्रोजेक्टर<br>● शब्दपत्ती, अर्थपत्ती<br>● वाक्यपत्ती<br>● नमुना प्रश्नोत्तर | १ |
| तेस्रो दिन | ● सस्वर पठन (पहिलो दिनको बाँकी दैनिकी)<br>● शुद्धोच्चारण<br>● शब्दार्थ र वाक्यमा प्रयोग<br>● प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>● शब्दहरूको शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>● निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | ● पाठ्य अनुच्छेद ७-१२<br>● प्रोजेक्टर<br>● शब्दपत्ती, अर्थपत्ती<br>● वाक्यपत्ती<br>● नमुना प्रश्नोत्तर | १ |
| चौथो दिन | ● सस्वर पठन (दोस्रो दिनको दैनिकी)<br>● शुद्धोच्चारण<br>● शब्दार्थ र वाक्यमा प्रयोग<br>● प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>● शब्दहरूको शुद्ध उच्चारण गर्न<br>● नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>● निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | ● पाठ्य अनुच्छेद १३-१७<br>● प्रोजेक्टर<br>● शब्दपत्ती, अर्थपत्ती<br>● वाक्यपत्ती<br>● नमुना प्रश्नोत्तर | १ |
| पाँचौं दिन | ● सस्वर पठन (दोस्रो दिनको दैनिकीको बाँकी अंश)<br>● शुद्धोच्चारण<br>● शब्दभण्डार<br>● प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>● शब्दहरूको शुद्ध उच्चारण गर्न<br>● पदावली तथा शब्दको अर्थ पहिचान एवम् प्रयोगसम्बन्धी शब्दभण्डारगत अभ्यास गर्न<br>● निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | ● पाठ्य अनुच्छेद १८ देखि सबै<br>● प्रोजेक्टर<br>● शब्दपत्ती, अर्थपत्ती<br>● प्रश्नोत्तरको नमुना | १ |
| छैटौं दिन | ● संरचना पहिचान (वाक्य सङ्ख्या पहिचान)<br>● मौखिक प्रश्नोत्तर<br>● श्रुतिलेखन<br>● द्रुत पठन | ● निर्दिष्ट अनुच्छेद पढी अनुच्छेदगत वाक्य सङ्ख्या पहिचान गर्न<br>● बोध प्रश्नको मौखिक उत्तर दिन<br>● शुद्धसँग श्रुतिलेखन गर्न<br>● समयबद्ध पठन गरी पठनगति वृद्धि गर्न | ● अनुच्छेदपत्ती<br>● प्रश्नसूची<br>● नमुना उत्तर<br>● श्रुतिलेखनको नमुना<br>● स्लाइड | १ |
| सातौं दिन | ● मौन पठन र प्रश्न निर्माण<br>● सङ्क्षिप्त प्रश्नोत्तर<br>● छलफल र निष्कर्ष कथन | ● निर्दिष्ट अनुच्छेदको मौन पठन गरी प्रश्ननिर्माण गर्न<br>● पाठगत सन्दर्भका आधारमा विषयगत प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न<br>● तोकिएको क्रियाकलापसम्बन्धी छलफल गरी निष्कर्ष सुनाउन | ● प्रश्नसूची<br>● नमुना उत्तर<br>● स्लाइड आदि | १ |
| आठौं दिन | ● कारणमूलक प्रश्नोत्तर<br>● काल्पनिक उत्तर लेखन<br>● अनुच्छेद लेखन<br>● दैनिकी लेखन | ● कारण स्पष्ट पारी सोधिएको प्रश्नको उत्तर लेख्न<br>● कुनै घटनाको कल्पना गरी उत्तर लेख्न<br>● देखेको घटना वा दृश्यका आधारमा अनुच्छेद लेख्न<br>● ढाँचाअनुसार दैनिकी लेख्न | ● नमुना उत्तर<br>● अनुच्छेदको नमुना<br>● दैनिकीको नमुना<br>● स्लाइड आदि | १ |
| नवौं दिन | ● भाषिक प्रकार्य | ● अनुभूत घटनाको वर्णन गर्न | ● अनुच्छेद | १ |

| | | | | |
|---|---|---|---|---|
| | (घटना वर्णन)<br>● विभक्ति चिह्न<br>● पदयोग र पदवियोग | ● विभक्ति चिह्नको पहिचान गरी प्रयोग गर्न<br>● पदयोग र पदवियोगको मिल्दो प्रयोग गरी वाक्यको पुनर्लेखन गर्न | ● वाक्यसूची<br>● स्लाइड आदि | |
| **दसौँ दिन** | ● श्रुतिबोध (सुनाइ र बोलाइ)<br>● सिर्जनात्मक कार्य | ● सुनाइ र बोलाइ पाठसँग सम्बन्धित अभ्यास गर्न (ठिक बेठिक पहिचान तथा प्रश्नोत्तर)<br>● बिहानदेखि बेलुकीसम्म गरेका कामहरू लेखेर सुनाउन | ● सुनाइ पाठ १२ को श्रव्य सामग्री<br>● प्रश्नावली, उत्तरका नमुना<br>● अनुच्छेदको नमुना | १ |
| **जम्मा कार्यघण्टा** | | | | १० |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● चित्र पहिचान र छलफल<br>● दैनिकीको परिचय र संरचना | ● पूर्व पठन खण्डको तस्बिर र विषयवस्तुका आधारमा दैनिकीको पहिचान गर्न<br>● मूल पाठको तस्बिर हेरी वर्णन गर्न<br>● दैनिकीको स्वरूप र संरचनाको परिचय दिन | ● दैनिकीको संरचना बुझाउने तालिक<br>● प्रोजेक्टर<br>● चित्रहरू |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले आजको दिन बिहानदेखि अहिलेसम्मका आफ्ना घटनाहरू सङ्क्षेपमा सुनाउनुहोस् ।

(आ) विद्यार्थीमध्ये २/३ जनालाई उसका पनि दिनभरिका घटना सुनाउने अवसर दिनुहोस् र सिकाइका लागि तयार गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई पूर्व पठन खण्डमा भएको तस्बिर स्लाइडमा प्रदर्शन गर्नुहोस् वा पाठ्यपुस्तक हेरी वर्णन गर्न लगाउनुहोस् अनि पूर्व पठन खण्डमा भएको पाठ पढ्न लगाई छलफल गराउनुहोस् । यस सन्दर्भमा पूर्व पठन खण्डमा भएका विषयवस्तुका बारेमा पनि छलफल गराउनुहोस् ।



(आ) पूर्व पठन खण्डको विषयवस्तुका आधारमा मूल पाठको विषयवस्तु र विधाको अनुमान गर्न लगाउनुहोस् र अनुमान गरिएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउँदै अब पढ्ने पाठ दैनिकी भएको जानकारी दिनुहोस् । कक्षामा अगि आउँदा आउँदै बिहानदेखिको घटना सुनाउनुको तात्पर्य यही दैनिकीको स्वरूप बुझाउन हो भन्ने कुरा बताउनुहोस्, जस्तै :

प्रकाश गुरुङ पाँच कक्षामा पढ्छन् । उनी दैनिक विद्यालय जान्छन् । उनी पढ्ने विद्यालय त्यस जिल्लाको सबैभन्दा ठुलो विद्यालय हो । त्यहाँ हिमाल, पहाड र तराई सबै क्षेत्रका विद्यार्थी अध्ययन गर्छन् । प्रकाश विद्यालयमा कहिले गीत गाउँछन् । कहिले नाच्छन् । कहिले भाषण गर्छन् । कहिले चित्र बनाउँछन् । उनको प्रतिभा देखेर प्रायः सबै गुरुगुरुआमा मक्ख पर्नुहुन्छ । उनको विद्यालयनजिकै एउटा आदर्श विद्यालय छ । त्यस विद्यालयले एक दिन विभिन्न कार्यक्रम गर्ने सूचना निकाल्यो । प्रकाशको विद्यालयमा पनि कार्यक्रममा भाग लिनका लागि पत्र पठाइयो । विद्यालयले प्रकाश गुरुङ र छिरिङ पेक्वानालाई कार्यक्रममा भाग लिन नाम पठायो । उनीहरू प्रतियोगितामा कसरी प्रस्तुत भए र प्रथम स्थान प्राप्त गर्दा कस्तो अनुभव गरे ? दिइएका चित्र हेर्नुहोस् र यसका बारेमा जानकारी पाउनका लागि तलको पाठ पढ्नुहोस् ।

(इ) विद्यार्थीलाई दैनिकी कसैले लेख्ने गर्नुभएको छ ? भनेर प्रश्न गर्नुहोस् र लेखेको भए दैनिकीको संरचनाका बारेमा छलफल गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई दैनिकी लेखनको अनुभव बताउने अवसर प्रदान गर्नुहोस् ।

(ई) विद्यार्थीको दैनिकी लेखनको अनुभव वर्णनपश्चात् शिक्षकले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् र प्रस्तुतिका लागि हौसला प्रदान गर्नुहोस् ।

(उ) मानिसले कुनै पनि दिन गरेका दिनभरिका क्रियाकलापलाई समेटी तयार गरिएको रचना विशेष नै दैनिकी हो । यो कुनै पनि दिनको दिनभरिका विषयमा केन्द्रित हुन्छ भन्ने कुरा जनाउँदै दैनिकीको संरचना बोध गराउने तालिका स्लाइडबाट प्रस्तुत गर्नुहोस्, जस्तै :

**दैनिकी के हो र यसको संरचना कस्तो हुन्छ ?**

- दिनदिनै भएगरेका कुरालाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको रचना
- प्रत्येक दिन गरिएका महफ्वपूर्ण काम भएका घटना र तिनले दिएको सन्देश समावेश गरेर दैनिकी रचना गरिने
- दैनिकी लेखनबाट आफूले पहिले गरेका कामको मूल्याङ्कन गर्दै अगि बढ्न सहयोग पुग्ने
- यसलाई बितेको समयका आधारमा भविष्यको बाटो देखाउने ऐनाका रूपमा लिन सकिने
- दिनहुँ दैनिकी रचना गर्दा पछि जीवनी तयार पार्न पनि सहज हुने
- दैनिकी लेखनका लागि शीर्षक अनिवार्य हुने
- कुन दिनको दैनिकी लेख्ने हो, त्यसको पूरा मिति उल्लेख गरेर त्यस दिनका क्रियाकलाप वर्णन गर्ने ।

(ऊ) दैनिकीको संरचना माथिका विषयवस्तुमा आाधारित हुने र यस पाठको पूर्व पठन खण्डले पनि त्यसै कुरालाई सङ्केत गरेको कुरा विद्यार्थीलाई प्रस्ट पार्नुहोस् । यस क्रममा मूल पाठको सुरुमा रहेको तस्बिर देखाई यस चित्रले के व्यक्त गरेको छ ? छलफल गराउनुहोस् ।

(ए) दैनिकीमा चित्रमा देखाइए जस्तै महफ्वपूर्ण अवसर, घटना वा अनुभूतिलाई दैनिकीमा लेख्नुपर्ने जानकारी दिनुहोस् र सम्भव भएसम्म विद्यार्थीलाई कुनै दैनिकीको नमुना प्रदर्शन गरी दैनिकी लेखनका बारेमा थप छलफल गराउनुहोस् ।

(ऐ) दैनिकीका सम्बन्धमा विद्यार्थीबाट आएका जिज्ञासाहरूको समाधान गरी निष्कर्ष बताउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दैनिकी भनेका के हो ? बताउन लगाउनुहोस् ।

(ख) दैनिकी लेखनका कुनै दुई फाइदाहरू भन्न लगाउनुहोस् ।

(ग) दैनिकीको संरचना बताउन लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (पहिलो दिनको दैनिकी)<br>• शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>• शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • पाठ्य अनुच्छेद १-६<br>• प्रोजेक्टर<br>• शब्दपत्ती, अर्थपत्ती<br>• वाक्यपत्ती<br>• नमुना प्रश्नोत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) आफूले भ्रमण गरेको कुनै रमाइलो प्रसङ्ग सुनाएर विद्यार्थीलाई आजको पाठ्यवस्तुमा अभिमुख गराउनुहोस् ।

(आ) विद्यार्थीमध्ये कसैले कुनै विशिष्ट ठाउँको भ्रमण गरेको भए सुनाउने अवसर दिनुहोस् र अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको पहिलो अनुच्छेद सस्वर पठन गरेर सुनाउनुहोस् । सम्भव भएसम्म पठन गरिने अनुच्छेद स्लाइडमा प्रदर्शन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई पाठको पहिलोदेखि छैटौँ अनुच्छेदसम्म गति, यति, लेख्य चिह्नको ख्याल गरेर सस्वर पठन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले पठन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा उच्चारणमा कठिनाइ भएका शब्द रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(इ) आवश्यकताअनुसार सस्वर पठनको समीक्षा गराउनुहोस् । अनुच्छेद १ देखि ६ सम्म सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका उच्चारणमा कठिनाइ भएका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई अक्षरीकरणको संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

प्रतिस्पर्धी = /प्र.तिस्.पर्.धि/, प्रार्थना = /प्रार्.थ.ना/, विशिष्ट = /बि.सिस्.ट/

(उ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीबाटै टिपोट गरिएका शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दपत्ती तथा अर्थपत्ती प्रदर्शन गरी अर्थबोध गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| गायन | गीत गाउने काम |
| हाता | चौघेरा |
| सभाध्यक्ष | सभापति |
| उद्घाटन | कामको विधिवत् आरम्भ गर्ने काम |

| मन्तव्य | अनुभव |
|---|---|

(ऊ) शब्दार्थको बोधात्मक अभ्यासपछि अर्थ स्पष्ट खुल्ने गरी तिनै शब्दहरूलाई तथा आवश्यकताअनुसार पाठका अन्य शब्दहरूलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यसका लागि शिक्षक आफैँले वाक्यपत्तीमार्फत वा शैक्षणिक पाटीको प्रयोग गरी वाक्यमा प्रयोगको उदाहरणसहित विद्यार्थीलाई सहजीकरण गर्नुहोस्, जस्तै :

| शब्द | वाक्य |
|---|---|
| गायन | मलाई आमाले नै गायन कला सिकाउनुभएको हो । |
| ........... | ......................................................... |

(ऋ) सस्वर पठन गरिएका अनुच्छेदमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट अर्थयुक्त वाक्यका उदाहरण प्रस्तुत गर्नुहोस् । अभ्यासका क्रममा त्यस्तै सरल किसिमका वाक्य निर्माण गर्न प्रेरित गर्नुहोस् ।

(ए) अब विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद १-६ बाट केही प्रश्नहरू शैक्षणिक पाटी वा स्लाइडमा प्रदर्शन गरी छलफल गर्नुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : प्रकाश गुरुङले बिहानको नित्यकर्म सकेर के गरे ?

उत्तर : प्रकाश गुरुङले बिहानको नित्यकर्म सकेर केही समय दुईओटा गीत गाउने अभ्यास गरे ।

(ओ) अन्य प्रश्नहरूको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(औ) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् :

(अ) चित्रकलामा कसले प्रतिस्पर्धा गरेको हो ?

(आ) कुन कुन विषयमा प्रतियोगिता आयोजना गरिएको थियो ?

(ख) पाठको तेस्रो अनुच्छेद गति र यति मिलाई सस्वर पठन गर्न लगाउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

प्रधानाध्यापक, उज्यालो, मञ्च, विद्यालय,

(घ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

द्वार, सरिक, प्रतियोगिता, आयोजना

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (पहिलो दिनको बाँकी दैनिकी)<br>• शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>• शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • पाठ्य अनुच्छेद ७-१२<br>• प्रोजेक्टर<br>• शब्दपत्ती, अर्थपत्ती<br>• वाक्यपत्ती<br>• नमुना प्रश्नोत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) रमाइलो गीत गाएर विद्यार्थीलाई पाठ्यवस्तुमा अभिमुख गराउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले दैनिकी पाठको सातौँ अनुच्छेदको नमुना सस्वर पठन गरेर सुनाउनुहोस् । सम्भव भएसम्म पठन गरिने अनुच्छेद स्लाइडमा प्रदर्शन गर्नुहोस् । नमुना वाचनपछि विद्यार्थीलाई पाठको सातौँदेखि बाह्रौँ अनुच्छेदसम्म गति, यति, हाउभाउ, चेष्टा आदि मिलाएर सस्वर पठन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले पठन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको ख्याल गरी त्यसअनुसार सस्वर पठन गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा उच्चारणमा कठिनाइ भएका शब्दहरू रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(इ) अनुच्छेद ७ देखि १२ सम्म सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई अक्षरीकरणको संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

कक्षा = /कक्. छ्या/ ज्ञान = /ग्याँन्./ गुन्जायमान = /गुन्.जा.य.मान्/

(उ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीबाटै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दपत्ती तथा अर्थपत्ती प्रदर्शन गरी अर्थबोध गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| उद्घोषक | सभाको सञ्चालक |
| ऊर्जा | शक्ति |
| नम्र | घमन्ड नगर्ने, नरम स्वभावको |
| उत्साह | हौसला |
| निर्धक्क | सङ्कोच, डर आदि नमानी |

(ऊ) शब्दार्थको बोधात्मक अभ्यासपछि अर्थ स्पष्ट खुल्ने गरी तिनै शब्दहरूलाई र आवश्यकताअनुसार पाठका अन्य शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यसका लागि शिक्षक आफैँले वाक्यपत्तीमार्फत वा शैक्षणिक पाटीको प्रयोग गरी वाक्यमा प्रयोगको उदाहरणसहित विद्यार्थीलाई सहजीकरण गर्नुहोस्, जस्तै :

| शब्द | वाक्य |
|---|---|
| उद्घोषक | गुरुले वार्षिकोत्सव सञ्चालनका लागि उद्घोषकको जिम्मा मलाई दिनुभएको छ । |
| ........... | ............................................................................................ |

(ऋ) सस्वर पठन गरेका अनुच्छेदमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट वाक्यका उदाहरण प्रस्तुत गर्नुहोस् । अभ्यासका क्रममा त्यस्तै सरल किसिमका वाक्य निर्माण गर्न प्रेरित गर्नुहोस् ।

(ए) अब विद्यार्थीलाई सस्वर पठन गरिएका अनुच्छेद ७-१२ बाट केही प्रश्नहरू स्लाइड वा शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गराउनुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गर्न निर्देशन दिनुहोस् ।

(ऐ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

प्रश्न : दोस्रो कार्यक्रम केको रहेछ ?

उत्तर : दोस्रो कार्यक्रम गायनको रहेछ ।

(ओ) अन्य प्रश्नहरूको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् :

(अ) प्रकाश गुरुङ पढ्ने विद्यालयको नाम के हो ?

(आ) प्रकाशलाई कसले हौसला दिनुभयो ?

(ख) पाठको ७ देखि १२ अनुच्छेदभित्रका कुनै अनुच्छेद निर्देश गरी विद्यार्थीलाई गति, यति र लेख्य चिह्न मिलाई सस्वर पठन गराउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

छपक्क, ऐतिहासिक, फलैँचा, आश्चर्य, विश्वास

(घ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

भिड, काप, निर्मल, कच्ची, परिवेश

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (दोस्रो दिनको दैनिकी)<br>• शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>• शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • पाठ्य अनुच्छेद १३-१७<br>• प्रोजेक्टर<br>• शब्दपत्ती, अर्थपत्ती<br>• वाक्यपत्ती<br>• नमुना प्रश्नोत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) 'महाभारत' शब्दमा प्रयोग भएका वर्णहरूबाट भार, भात, रत, तर जस्तै अरू कुन कुन शब्द बन्न सक्छन् भन्ने सोधेर शब्दखेल खेलाई विद्यार्थीलाई पाठ्यवस्तुमा अभिमुख गराउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको अनुच्छेद १३ को नमुना सस्वर पठन गरेर सुनाउनुहोस् । सम्भव भएसम्म पठन गरिने अनुच्छेद स्लाइडमा प्रदर्शन गर्नुहोस् । नमुना वाचनपछि विद्यार्थीलाई पाठको तेह्रौँ देखि सत्रौँ अनुच्छेदसम्म गति, यति मिलाएर सस्वर पठन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले पठन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्नको ख्याल गरी त्यसअनुसार सस्वर पठन गर्न गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा उच्चारणमा कठिनाइ भएका शब्दहरू रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(इ) अनुच्छेद १३ -१७ सम्म सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) पालैपालो टिपोट गरिएका शब्दलाई विद्यार्थीबाट शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई अक्षरीकरणको संरचनाअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

निद्रा = /निद्.द्रा/, वितरण = /बि.त.रन्./, अभिव्यक्ति = /अ.भि.व्यक्.ति/

(उ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीबाटै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दपत्ती तथा अर्थपत्ती प्रदर्शन गरी अर्थबोध गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| आतुर | कुनै कामको नतिजा पर्खिँदा हुने बेचैन |
| खुलदुली | मनको खलबली; उत्सुकता |
| सहभागी | भाग लिने व्यक्ति |
| विजेता | विजयी |
| पदक | विजेतालाई दिइने धातुबाट बनाइएको तक्मा |

(ऊ) शब्दार्थको बोधात्मक अभ्यासपछि अर्थ स्पष्ट खुल्ने गरी तिनै शब्दहरूलाई र आवश्यकताअनुसार पाठका अन्य शब्दहरूलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यसका लागि शिक्षक आफैँले वाक्यमा प्रयोगको उदाहरण प्रस्तुत गरी विद्यार्थीलाई सहजीकरण गर्नुहोस्, जस्तै :

आतुर : भाइ डाक्टर भएको सुन्न र हेर्न म निकै आतुर थिएँ ।

(ऋ) सस्वर पठन गरिएका अनुच्छेदमा प्रयुक्त केही नयाँ शब्द पहिचान गर्न लगाई तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई समेत ख्याल गरी शिक्षकले वाक्यपत्तीको सहायताबाट वाक्यका उदाहरण प्रस्तुत गरी अभ्यासका क्रममा त्यस्तै सरल किसिमका वाक्य निर्माण गर्न प्रेरित गर्नुहोस् ।

(ए) अब सस्वर पठन गरिएका अनुच्छेद १३-१७ बाट केही प्रश्न शैक्षणिक पाटीमा प्रदर्शन गरी विद्यार्थीलाई छलफल गराउनुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गर्न निर्देशन दिनुहोस् ।

**प्रश्नोत्तरको नमुना**

प्रश्न : प्रकाश र छिरिङलाई किन खुलदुलीले सताएको हो ?

उत्तर : आफू सहभागी भएको प्रतियोगिताको नतिजा के भयो होला भन्ने जिज्ञासाका कारण प्रकाश र छिरिङलाई खुलदुलीले सताएको हो ।

(ऐ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

(ओ) अन्य प्रश्नहरूको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(औ) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् :

(अ) पदक तथा पुरस्कारहरू कहाँ राखिएका थिए ?

(आ) छिरिङ किन आत्तिइन् ?

(ख) पाठको अनुच्छेद १३-१७ बाट कुनै अनुच्छेद निर्देश गरी विद्यार्थीलाई गति, यति र लेख्य चिह्न मिलाई सस्वर पठन गर्न लगाउनुहोस् ।

(ग) दिइएका शब्दलाई शुद्ध उच्चारण गराउनुहोस् :

प्रभाव, निष्कर्ष, प्रकृति, नृत्य

(घ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

झिनो, भूमिका, प्रतीक्षा, ताली

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (दोस्रो दिनको दैनिकीको बाँकी अंश)<br>• शुद्धोच्चारण<br>• शब्दभण्डार<br>• प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको गति, यति मिलाई शुद्धसँग सस्वर पठन गर्न<br>• शब्दहरूको शुद्ध उच्चारण गर्न<br>• पदावली तथा शब्दको अर्थ पहिचान एवम् प्रयोगसम्बन्धी शब्दभण्डारगत अभ्यास गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • पाठ्य अनुच्छेद १८ देखि सबै<br>• प्रोजेक्टर<br>• शब्दपत्ती, अर्थपत्ती<br>• प्रश्नोत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) गाउँखाने कथामार्फत विद्यार्थीको बौद्धिक परीक्षण गरी उनीहरूको ध्यान आकृष्ट गर्नुहोस् । जस्तै : किन्नेले राख्दैन पाउनेले किन्दैन के हो ? **उपहार**

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले पाठको अनुच्छेद १८ को नमुना सस्वर पठन गरेर सुनाउनुहोस् । सम्भव भएसम्म पठन गरिने अनुच्छद स्लाइडमा प्रदर्शन गर्नुहोस् । नमुना वाचनपछि विद्यार्थीलाई पाठको अनुच्छेद १८ देखि २१ सम्म गति, यति मिलाएर सस्वर पठन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले पठन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेदमा प्रयोग भएका चिह्नको ख्याल गरी त्यसअनुसार सस्वर पठन गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले कक्षाका सबै विद्यार्थीलाई पालैपालो एक एक अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् । यस क्रममा अन्य विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा उच्चारणमा कठिनाइ भएका शब्दहरू रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

(इ) अनुच्छेद १८-२१ सम्म सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार उच्चारणमा कठिनाइ देखिएका शब्दलाई अक्षरीकरणको संरचनाअनुसार बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा निर्दिष्ट शब्दलाई समेत शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

अन्त्य = /अन्.त्य/ दायाँबायाँ = /दा.याँ.बा.याँ./ गौरव = /गौ.रब्/

(उ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । शब्दभण्डार खण्डको अभ्यास ३ लाई समेत आधार मानी विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीबाट ती शब्दको अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दपत्ती तथा अर्थपत्ती प्रदर्शन गरी अर्थबोध गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| कार्यकक्ष | कार्यालयको कोठा, काम गर्नका लागि बनाइएको कोठा |
| गह | आँसु भरिएर डबडबाउने डिलसम्मको खाल्टो |
| गर्व | विशेष उपलब्धिसँग सम्बन्धित औचित्यपूर्ण अहम् भावना |
| मृदुभाषी | मिठो बोल्ने व्यक्ति |
| अनुपम | उपमा दिन नसकिने, अतुलनीय |

(ऊ) शब्दहरूको अर्थबोधात्मक अभ्यासपछि अर्थ स्पष्ट खुल्ने गरी तिनै शब्दलाई तथा आवश्यकताअनुसार पाठका अन्य शब्दहरूलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । यस क्रममा शब्दभण्डारको अभ्यास ४ मा विद्यार्थीको ध्यानाकृष्ट गराउनुहोस् र त्यहाँ निर्दिष्ट शब्दहरूको अर्थसम्बन्धी छलफल गराई शिक्षक आफैँले तयार गरेको वाक्यपत्तीका माध्यमबाट वाक्यमा प्रयोगको उदाहरण प्रस्तुत गरी विद्यार्थीलाई सहजीकरण गर्नुहोस्, जस्तै :

| शब्द | अर्थ | वाक्यमा प्रयोग |
|---|---|---|
| आस्तिक | देवता र ईश्वरमा विश्वास राख्ने व्यक्ति | आस्तिक मानिस मन्दिरको अगाडि गएर शिर निहुर्‍याउँछन् । |
| ....... | ............................... | ............................................. |

(ऋ) शब्दभण्डार खण्डको अभ्यास न. १ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र पदावलीमा दिइएका अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् । यसका लागि शिक्षकले शब्दार्थतालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस्, जस्तै :

| पदावली | अर्थ |
|---|---|
| एकले अर्कालाई जित्ने प्रयत्न | प्रतिस्पर्धा |
| कुनै पनि प्रतियोगितामा जित्ने व्यक्ति | विजेता |
| कुनै दुई पक्षबिच निर्णयको टुङ्गो लगाइदिने | निर्णायक |
| कसैको गुणगान गाउने काम | प्रशंसा |

(ए) शब्दभण्डार खण्डको अभ्यास नं २ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र शब्द र अर्थका बिच जोडा मिलाउन निर्देशन दिनुहोस् । जोडा मिलाउन विद्यार्थीलाई नै पहिलो अवसर दिनुहोस् । उनीहरूले कठिनाइ महसुस गरेमा सहजीकरण गर्नुहोस्, जस्तै :

| शब्द | अर्थ |
|---|---|
| अजेय | जित्न नसकिने |
| अदृश्य | देख्न नसकिने |
| ............. | ............. |

(ए) अब सस्वर पठन गरिएका अनुच्छेद १८-२१ बाट केही प्रश्न शैक्षणिक पाटीमा प्रदर्शन गरी विद्यार्थीलाई छलफल गराउनुहोस् र बोध प्रश्नोत्तरसम्बन्धी अभ्यास गर्न निर्देशन दिनुहोस् ।

**प्रश्नोत्तरको नमुना**

प्रश्न : प्रकाशका हातखुट्टा किन काम्न थालेका हुन् ?

उत्तर : आफूले प्रतिस्पर्धा गरेको चित्रकला प्रतियोगिताको निर्णय सुनाउने बेला भइरहँदा डरका कारण प्रकाशका हातखुट्टा काम्न थालेका हुन् ।

(ऐ) विद्यार्थीलाई पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न प्रेरित गर्नुहोस्, जस्तै :

(ओ) अन्य प्रश्नहरूको उत्तर पनि यसैगरी भन्न लगाउनुहोस् । उनीहरूले भनेको प्रश्नको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(औ) बोध प्रश्नोत्तरसम्बन्धी यस्तै थप अनुच्छेद, प्रश्न र उत्तरसूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् :

(अ) चित्रकला प्रतियोगितामा को प्रथम भयो ?

(आ) प्रकाश किन घर पुग्न हतार गरिरहेका थिए ?

(ख) पाठको अनुच्छेद १८-२१ बाट कुनै अनुच्छेद निर्देश गरी विद्यार्थीलाई गति, यति र लेख्य चिह्न मिलाई सस्वर पठन गराउनुहोस् ।

(ग) शब्दभण्डार अभ्यास ३ मा दिइएका निम्न शब्दको अर्थ भन्न लगाउनुहोस् :

अनुपम, आस्तिक, मृदुभाषी, जिज्ञासु, दुर्लभ

(घ) शब्दभडार अभ्यास ४ मा दिइएका निम्न शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

पदक, प्रतियोगिता, प्रथम, निर्णायक, सुलभ

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| ● भाषिक संरचना (वाक्यसङ्ख्या पहिचान)<br>● मौखिक प्रश्नोत्तर<br>● श्रुतिलेखन<br>● द्रुत पठन | ● निर्दिष्ट अनुच्छेद पढी अनुच्छेदगत वाक्यसङ्ख्या पहिचान गर्न<br>● बोध प्रश्नहरूको मौखिक उत्तर दिन<br>● शुद्धसँग श्रुतिलेखन गर्न<br>● समयबद्ध पठन गरी पठनगति वृद्धि गर्न | ● अनुच्छेदपत्ती<br>● प्रश्नसूची<br>● नमुना उत्तर<br>● श्रुतिलेखनको नमुना<br>● स्लाइड |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कक्षाको वातावरणलाई रमणीय बनाई शिक्षण सिकाइका लागि विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले स्लाइडमा कुनै एउटा अनुच्छेद प्रस्तुत गरी वा पाठ्यपुस्तकमा अनुच्छेद निर्देश गरी त्यसमा रहेका वाक्यको सङ्ख्या स्पष्ट पारिदिनुहोस् ।

(आ) अब विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास २ मा ध्यानाकृष्ट गराउनुहोस् । पाठ्य दैनिकीको पहिलो अनुच्छेद स्लाइडमा प्रदर्शन गरी वा पाठ्यपुस्तक हेरी मौन वाचन गर्न लगाउनुहोस् । मौन वाचन सकिएपछि अनुच्छेदमा कतिओटा वाक्य छन् भनी विद्यार्थीलाई सोध्नुहोस् । उनीहरूबाट प्राप्त उत्तरलाई पृष्ठपोषण गर्दै अनुच्छेदगत वाक्यसङ्ख्या ८ भएको जानकारी दिनुहोस् ।

(इ) अनुच्छेदगत वाक्यसङ्ख्या पहिचानको थप अभ्यासका लागि विद्यार्थीलाई आवश्यकताअनुसार विभिन्न समूहमा विभाजन गर्नुहोस् । पाठ्य दैनिकीको पहिलो दैनिकीबाट प्रत्येक समूहलाई कम्तीमा एक अनुच्छेद पर्ने गरी भाग लगाइदिनुहोस् । आफ्नो समूहलाई परेका अनुच्छेदमा रहेका वाक्यसङ्ख्या गणना गर्न लगाउनुहोस् र प्रत्येक समूहलाई आफूले निकालेको निष्कर्ष भन्ने अवसर प्रदान गरी अन्त्यमा शिक्षकले वाक्यगणनासहित सहजीकरण गरिदिनुहोस्, **जस्तै : पहिलो अनुच्छेदमा ८ ओटा वाक्य रहेका छन् ।**

(ई) विद्यार्थीलाई मौखिक प्रश्नोत्तरका लागि तयारी अवस्थामा रहन प्रेरित गर्नुहोस् अनि बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ मा निर्दिष्ट प्रश्नको सूची स्लाइड वा शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गर्नुहोस्, जस्तै :

**प्रश्नहरू**

**दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

- प्रतियोगितामा सहभागी हुन को को गएका थिए ?
- कुन विद्यालयले प्रतियोगिता आयोजना गरेको थियो ?
- कुन कुन विधामा प्रतियोगिता आयोजना गरिएको थियो ?
- गायन प्रतियोगितामा कति जना प्रतिस्पर्धी थिए ?
- प्रतियोगिता जितेर आएपछि प्रकाश गुरुङका बुबाले उसलाई के भने ?

(उ) मौखिक उत्तर दिँदा मूल पाठको विषयवस्तु, सन्दर्भ तथा विचारमा आधारित रही दिनुपर्ने, प्रश्नकै ढाँचामा उत्तर भन्नुपर्ने र उत्तर एक वा दुई वाक्यमा दिनुपर्ने कुराको जानकारी गराउनुहोस् । उनीहरूलाई सहजीकरणका लागि नमुना उत्तर पनि प्रस्तुत गर्नुहोस्, जस्तै :

**मौखिक प्रश्नोत्तरको नमुना**
प्रश्न : प्रतियोगितामा सहभागी हुन को को गएका थिए ?
उत्तर : प्रतियोगितामा सहभागी हुन प्रकाश र छिरिङ गएका थिए ।

(ऊ) प्रश्नोत्तरमा सबै विद्यार्थीलाई सहभागी गराउनुहोस् । यस क्रममा आवश्यकताअनुसार अनुच्छेदबाट शिक्षक आफैँले प्रश्ननिर्माण गरेर अथवा विद्यार्थीलाई प्रश्न निर्माण गर्न लगाएर पनि थप मौखिक प्रश्नोत्तर गराउन सकिने छ ।

(ऋ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा निर्देश गरेअनुसार विद्यार्थीलाई श्रुतिलेखन अभ्यासका लागि तयारी गराउनुहोस् । श्रुतिलेखन भनेको अरूले भनेको सुनेका आधारमा लेख्ने अभ्यास हो भनी यसको अवधारणा बताउनुहोस् । विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ए) शिक्षकले मूल पाठको तेस्रो अनुच्छेद मौखिक रूपमा सुनाउनुहोस् र विद्यार्थीलाई उक्त अनुच्छेद सुनेर लेख्न निर्देश गर्नुहोस् ।

(ऐ) श्रुतिलेखनको कार्य सकिएपछि विद्यार्थीलाई एकआपसमा उत्तरपुस्तिका साटासाट गर्न लगाई एकले अर्काको उत्तरपुस्तिका पाठको तेस्रो अनुच्छेद हेर्दै जस्ताको तस्तै लेखे नलेखेको पहिचान गर्न र अशुद्ध भएका ठाउँमा गोलो चिह्न लगाउन लगाउनुहोस् । यसमा शिक्षकले सचेततापूर्वक सबै विद्यार्थीको गतिविधि अवलोकन गरी आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

(ओ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा निर्देश गरेअनुसार विद्यार्थीलाई समयबद्ध द्रुत पठनको अभ्यासका लागि तयारी गराउनुहोस् । समयबद्ध द्रुत पठन भनेको दिइएको अनुच्छेद वा पाठलाई समय हेरेर यथाशक्य छिटो पढ्ने अभ्यास हो भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई समयबद्ध पठनको अवधारणा र समयबद्ध पठन गर्ने तरिकाका बताउँदै यसमा समय, गति, यति, लेख्य चिह्न, शुद्ध उच्चारण, हाउभाउ आदि पक्षमा ध्यान ध्यान दिनुपर्ने जानकारी गराउनुहोस् ।

(औ) शिक्षकले विद्यार्थीमाझ कुनै एउटा अनुच्छेदलाई समयबद्ध रूपमा नमुना पठन गर्नुहोस् । पठन गर्दा समय, गति, यति र विश्राम, शुद्ध उच्चारण, हाउभाउ, समय आदि ख्याल गरी सोहीअनुसार मिलाएर पढ्नुपर्ने कुरामा सचेत गराउनुहोस् ।

(अं) शिक्षकले पठन गरे जस्तै बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ ले निर्देश गरेअनुसार पाठको अन्तिम अनुच्छेद विद्यार्थीलाई पालैपालो समयमा आबद्ध भएर पठन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले विद्यार्थीलाई पढ्न लागेको समय ख्याल गर्नुहोस् । एक विद्यार्थी र अर्को विद्यार्थीलाई अनुच्छेद पढ्न लागेको समय तुलना गर्न लगाउनुहोस् ।

(अः) यस्तै किसिमका अन्य अनुच्छेदसमेत तोकी विद्यार्थीलाई प्रतिस्पर्धात्मक रूपमा समयबद्ध पठनको अभ्यास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको पाँचौँ अनुच्छेदमा कतिओटा वाक्य छन् ? भन्न लगाउनुहोस् ।

(ख) पाठको बिसौँ अनुच्छेदको द्रुत पठन गर्न लगाउनुहोस् ।

(ग) दिइएको अनुच्छेद साथीबाट सुनाई श्रुतिलेखन गराउनुहोस् ।

**छिरिङ आफ्नो नाम सुन्ने बित्तिकै बुरुक्क उफ्रिइन् । म पनि उनको अनुहार हेरेर बुरुक्क उफ्रिएँ । गुरुले छिरिङलाई बधाई दिनुभयो । कार्यक्रम हलमा निकै बेरसम्म ताली बजिरह्यो ।**

(घ) दिइएको अनुच्छेद पढी निम्न प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् :

(अ) कुन कुन विधामा प्रतियोगिता आयोजना गरिएको थियो ?

(आ) गायन प्रतियोगितामा कति जना प्रतिस्पर्धी थिए ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौन पठन र प्रश्न निर्माण<br>• सङ्क्षिप्त प्रश्नोत्तर<br>• छलफल र निष्कर्ष कथन | • निर्दिष्ट अनुच्छेदको मौन पठन गरी प्रश्न निर्माण गर्न<br>• पाठगत सन्दर्भका आधारमा विषयगत प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न<br>• तोकिएको क्रियाकलापसम्बन्धी छलफल गरी निष्कर्ष सुनाउन | • प्रश्नसूची<br>• नमुना उत्तर<br>• स्लाइड आदि |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै प्रेरक प्रसङ्ग सुनाई विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिएको निर्देशनको आधारमा दिइएको अनुच्छेद यथासम्भव स्लाइडबाट प्रदर्शन गरी मनमनै पढ्न लगाउनुहोस् । विद्यार्थीले सक्रिय रूपमा मौन पठन गरे नगरेको पहिचान गरी विद्यार्थीलाई पठन कार्यमा प्रेरित गर्नुहोस् ।

(आ) मौन पठनपश्चात् कक्षाका सबै विद्यार्थीलाई प्रश्न निर्माण गर्ने तरिका सिकाएर प्रश्न निर्माण गर्न निर्देश गर्नुहोस् । यस क्रममा एकै ढाँचाका प्रश्न निर्माण गर्न नहुने बताउनुहोस् । प्रश्नलाई भिन्न भिन्न ढाँचामा बनाउन को, के, कहाँ, कति, किन, कहिले, कसरी जस्ता प्रश्नवाचक सर्वनाम प्रयोग गर्ने तरिका सिकाउनुहोस् अनि निर्माण गरिएको प्रश्नको उत्तर निर्दिष्ट अनुच्छेद वा पाठमा हुनुपर्ने कुरामा सचेत गराउनुहोस् ।

(इ) विद्यार्थीको सहजताका लागि शिक्षकले नमुना प्रश्नसूची शैक्षणिक पाटी वा प्रोजेक्टरमा प्रदर्शन गर्नुहोस् । जस्तै :

**नमुना प्रश्नसूची**

(क) गायनको निर्णय कति वेला सुनाइयो ?

(ख) म पात्रका हातखुट्टा किन काम्न थाले ?

(ई) आवश्यकताअनुसार प्रश्न निर्माणसम्बन्धी थप अभ्यास गराउनुहोस् । यसका लागि विद्यार्थीलाई आवश्यकताअनुसार विभिन्न समूहमा विभाजन गराउनुहोस् । प्रत्येक समूहलाई चार्टपेपर र एक एक अनुच्छेद प्रश्न निर्माणका लागि छुट्याइदिनुहोस् र आआफ्नो अनुच्छेदबाट दुईदेखि चारओटा प्रश्न बनाउन निर्देशन दिनुहोस् ।

(उ) सबै समूहले तयार गरेका प्रश्न प्रदर्शन गर्न लगाउनुहोस् । नमिलेका प्रश्नमा शिक्षकले सहजीकरण गरी मिलाएर लेखिदिनुहोस् । यस क्रममा एउटा समूहले बनाएको कुनै एक प्रश्नको उत्तर शिक्षकले लेखेर प्रदर्शन गर्नुहोस् । अन्य प्रश्नको उत्तर फरक फरक समूहका विद्यार्थीलाई भन्न लगाउनुहोस् । राम्रो उत्तर आएमा ताली बजाएर प्रशंसा गर्नुहोस् । उचित उत्तर नआए पुनः अर्को समूहलाई सो प्रश्न सोध्नुहोस् । अन्त्यमा आवश्यक सहजीकरणसहित निष्कर्ष सुनाउनुहोस् ।

(ऊ) शिक्षकले पाठसँग सम्बन्धित केही विषयगत सङ्क्षिप्त उत्तरात्मक प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् । यसका लागि बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ लाई उपयोग गर्नुहोस्, जस्तै :

**प्रश्न**

**८. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

- प्रकाश गुरुङले प्रतियोगितामा आफ्नो प्रस्तुति दिँदा दर्शक के गर्दै थिए ?
- दोस्रो दिनको कार्यक्रममा निर्णायकले निर्णय सुनाउँदा प्रकाश गुरुङका मनमा उठेका विचार लेख्नुहोस् ।
- छिरिङ र प्रकाश प्रथम भएपछि विक्रम गुरुले कसरी प्रतिक्रिया जनाउनुभयो ?
- छिरिङको अनुहार किन उज्यालो देखियो ?
- प्रकाश र छिरिङ प्रथम भएको समाचार सुनेपछि प्रधानाध्यापकले के गर्नुभयो ?

(ऋ) उक्त प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी विद्यार्थीलाई बोध प्रश्नोत्तरका लागि तयार गराउनुहोस् ।

(ए) विद्यार्थीलाई उत्तर लेख्ने क्रममा सर्वप्रथम प्रश्नले देखाएको समस्या, जिज्ञासा वा सोधेको कुरा के हो भन्ने कुरामा स्पष्ट हुन सचेत गराउनुहोस् । त्यसपछि पाठ्य दैनिकीको सम्पूर्ण पाठलाई आधार मानी उत्तर लेख्न सिकाउनुहोस् ।

**नमुना उत्तर**

प्रश्न : प्रकाश गुरुङले प्रतियोगितामा आफ्नो प्रस्तुति दिँदा दर्शक के गर्दै थिए ?

उत्तर : प्रकाश गुरुङ आफ्नो प्रस्तुति दिन सभाहलको मञ्चमा गए । हलभरि बसेका दर्शकहरू प्रकाशको प्रस्तुतिबाट भरपूर आनन्द लिन चाहन्थे । त्यसैले दर्शकले उनलाई तालीले स्वागत गरे । प्रतियोगितामा प्रकाशले प्रस्तुति दिइरहँदा पनि दर्शकहरू ताली बजाउँदै थिए ।

उत्तर लेख्दा प्रश्नको ढाँचामा पूर्ण वाक्यसहित लेख्न निर्देशन दिनुहोस्, जस्तै :

(ऐ) प्रश्नसूचीमा भएका अन्य प्रश्नहरूमा पनि छलफल गरी उत्तर पहिल्याउन लगाउनुहोस् र लेख्न निर्देशन दिनुहोस् ।। लेखनका क्रममा देखिएका समस्याहरूमा केन्द्रित भई समाधानात्मक पृष्ठपोषण दिनुहोस् ।

(औ) दैनिकीको दोस्रो दिन अर्थात् पुस १६ गतेको दैनिकी सरर्र मौन पठन गर्न लगाउनुहोस् । त्यस दिन के के भएको थियो, ती घटनाहरू कापीमा बुँदागत रूपमा क्रमशः टिप्न लगाउनुहोस् । ती घटनाका आधारमा विद्यार्थीबिच छलफल गराउनुहोस् र एक जना विद्यार्थीलाई अगाडि आएर निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस्, जस्तै :

**१०. पुस १६ गते प्रकाशले गरेका क्रियाकलापलाई कक्षामा छलफल गरी निष्कर्ष सुनाउनुहोस् ।**

**छलफल भएका क्रियाकलाप :** दैनिकीको दोस्रो दिन अर्थात् पुस १६ गते छिरिङ र प्रकाश दुवैको नतिजा घोषणा हुने दिन थियो । त्यसैले उनीहरूको मनमा एक प्रकारको बेचैनी देखिन्थ्यो । गायन र चित्रकलामा सहभागी उनीहरू त्यसै प्रतियोगिताको नतिजा सुन्न आतुर थिए । त्यसैले उनीहरू विद्यालयबाट गुरुसँग कार्यक्रम स्थल पुग्छन् । त्यहाँ पुरस्कार र पदक देखेर दुवैलाई पुरस्कार जित्ने आशा बढेको छ । चित्रकलामा तेस्रो र दोस्रो स्थानमा नाम नआउँदा आत्तिएकी छिरिङ पहिलो स्थान प्राप्त गर्न सफल हुँदा निकै खुसी हुन्छिन् । यसपछि गायनको नतिजा सुनाउँदा प्रकाशको अवस्था पनि द्विविधायुक्त देखिन्छ । गायनमा प्रकाश नै पहिलो बन्दछन् । यसरी छिरिङ र प्रकाशले आफू आफू र गुरुसँग खुसी साट्छन् । पुरस्कार बोकेर आएपछि विद्यालयमा प्रधानाध्यापक र घरमा आमाबुबा सबैबाट बधाई पाउँछन् ।

**निष्कर्ष :** प्रतिभा प्रदर्शन गर्ने मानिस सफल हुन्छ । त्यस्ता मानिसलाई सबैले प्रशंसा गर्छन् । त्यसैले हामीले पनि आफ्नो रुचिअनुसार प्रकाश र छिरिङले जस्तै विभिन्न प्रतियोगितात्मक कार्यक्रममा सहभागी भई प्रतिभा प्रदर्शन तथा प्रतिस्पर्धा गर्नुपर्छ ।

**३. मूल्याङ्कन**

(क) पाठको अन्तिम अनुच्छेद मौन पठन गरी कुनै तीनओटा प्रश्न बनाउनुहोस् ।

**(ख) उक्त प्रश्नका उत्तरहरू लेख्नुहोस् ।**

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कारणमूलक प्रश्नोत्तर<br>• काल्पनिक उत्तर लेखन<br>• अनुच्छेद लेखन<br>• दैनिकी लेखन | • कारण स्पष्ट पारी सोधिएको प्रश्नको उत्तर लेख्न<br>• कुनै घटनाको कल्पना गरी उत्तर लेख्न<br>• देखेको घटना वा दृश्यका आधारमा अनुच्छेद लेख्न<br>• ढाँचाअनुसार दैनिकी लेख्न | • नमुना उत्तर<br>• अनुच्छेदको नमुना<br>• दैनिकीको नमुना<br>• स्लाइड आदि |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) आज बिहानदेखि गरेका कामहरू सुनाई विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई आफ्नो विद्यालयले विभिन्न अवसरमा के कस्ता प्रतियोगितात्मक कार्यक्रम गर्दै आएको छ भनी सोध्नुहोस् । त्यसको उत्तर विद्यार्थीले दिएपछि तपाईँ खेलकुद, सिर्जनात्मक लेखन, गायन, वाचन, नृत्य, अभिनय, भाषण, हाजिरीजवाफ आदिसँग सम्बन्धित प्रतियोगितामध्ये कुन क्षेत्रसँग सम्बन्धित प्रतियोगितामा सहभागी हुनुभएको छ भनी पुनः प्रश्न गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरहरूको समीक्षा गरी यस्तो प्रश्नको उत्तर दिँदा प्रतियोगी बन्नुको कारण खुलाएर भन्नु वा लेख्नुपर्ने कुरामा सचेत गराउनुहोस् । सम्बन्धित क्षेत्रमा रुचि तथा अनुभव भएको, त्यस क्षेत्रको ज्ञान भएको, विगतमा पनि त्यस्ता प्रतियोगितामा सहभागी भएको, पुरस्कार पाएको, भविष्यमा पनि त्यस क्षेत्रमा लाग्ने योजना रहेको, पारिवारिक पृष्ठभूमिसँग त्यो क्षेत्रको सम्बन्ध रहेको आदिमध्ये मिल्दो कारण दिनुपर्ने कुरा स्पष्ट पारिदिनुहोस् । थप सहजीकरणका लागि नमुना उत्तर प्रदर्शन गर्नुहोस्, जस्तै :

**नमुना उत्तर**

९. तपाईंको विद्यालयले प्रतियोगिता आयोजना गऱ्यो भने तपाईं कुन क्षेत्रमा प्रतियोगी बन्न चाहनुहुन्छ र किन, कारणसहित लेख्नुहोस् ।

उत्तर : मलाई कविता पढ्न र लेख्न मन लाग्छ । मैले फुर्सदमा तथा विभिन्न अवसरमा कविता लेख्ने र सुनाउने गरेको छु । विद्यालयमा पनि मैले कविता लेखेर विभिन्न अवसरमा प्रस्तुत गरेको छु । घरमा पनि मेरी आमाले कविता लेख्नुहुन्छ र मलाई उहाँले नै कविता लेख्न र वाचन गर्न सिकाउनुभएको हो । कविता लेखेर मैले धेरै पटक पुरस्कार पनि पाएकी छु । त्यसैले मेरो विद्यालयले प्रतियोगतात्मक कार्यक्रमको आयोजना गऱ्यो भने म कविता वाचन र लेखनको क्षेत्रमा प्रतियोगी बन्न चाहन्छु ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ मा विद्यार्थीलाई आकृष्ट गर्नुहोस् । छिरिङ चित्रकलामा र प्रकाश गायन प्रतियोगितामा प्रथम भएका छन् र दुवै खुसी भएका छन् । मानौँ, प्रकाश दोस्रो हुन पुगे । यस्तो अवस्थामा उनका मनमा कस्ता विचारहरू आउँथे होलान् ? कल्पना गर्नुहोस् त भनी विद्यार्थीलाई सोध्नुहोस् ।

(इ) यसै सन्दर्भमा कल्पनात्मक उत्तर लेख्दा यसो गर्थे होलान् मात्र नलेखी यस कारण यसो गर्थे होलान् भनी कारण वा तर्क पनि दिनुपर्ने कुरामा विद्यार्थीलाई सचेत गराउनुहोस् । यस विषयमा विद्यार्थीलाई आवश्यकताअनुसार विभिन्न समूहमा विभाजन गरेर छलफल गर्न लगाउनुहोस् । छलफल सकिएपछि प्रत्येक समूहबाट एक जनालाई समूहगत उत्तर सुनाउने अवसर दिनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् साथै स्लाइडमा नमुना उत्तर प्रदर्शन गरी निष्कर्ष सुनाउनुहोस्, जस्तै :

**कल्पनामूलक नमुना उत्तर**

प्रश्नः प्रकाशले दोस्रो स्थान प्राप्त गरेका भए उनका मनमा कस्ता विचार उठ्थे होलान्, कल्पना गरी लेख्नुहोस् ।

**उत्तर :** प्रकाशको साथी छिरिङ चित्रकलामा प्रथम भएकी थिइन् । उनी जस्तै प्रकाशलाई पनि प्रथम हुन मन हुनु स्वाभाविक हो । यदि उनी प्रथम नभएर दोस्रो भएका भए उनको खुसीमा निश्चय नै कमी आउँथ्यो तापनि उनी दुःखी हुँदैनथे; खुसी नै हुन्थे होला किनकि प्रतिस्पर्धामा सधैँ सबै प्रथम नै हुन्छ भन्ने हुँदैन । आफूभन्दा राम्रो कला प्रदर्शन गर्ने अर्को व्यक्ति प्रथम हुनु स्वाभाविक हो । यस्तो अवस्थामा आफू दोस्रो भएर पनि खुसी नै मान्नुपर्छ र थप मिहिनेत गरेर प्रथम बन्नुपर्छ । यो कुरा प्रकाशलाई थाहा थियो । त्यसैले उनी थप मिहिनेत गर्ने अठोट गरी घर फर्किन्थे होला ।

(ई) शिक्षकले विद्यालय जाँदा आफूले देखेको कुनै घटना वा नौलो दृश्यको बारेमा विद्यार्थीलाई जानकारी गराउनुहोस् अनि तपाईंहरूले पनि विद्यालय आउँदा/जाँदा कुनै नौलो दृश्य वा घटना देख्नुभएको छ भनी सोध्नुहोस् । यस विषयमा विद्यार्थीबिच परस्पर छलफल गराउनुहोस् ।

(उ) छलफलपश्चात् विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ तर्फ ध्यानाकृष्ट गराउनुहोस् र आफूले देखेको कुनै घटना वा दृश्य कस्तो थियो ? त्यसलाई क्रमशः बुँदामा लेख्न लगााउनुहोस् । त्यसपछि ती बुँदाहरूलाई समेटेर अनुच्छेद लेख्न प्रेरित गर्नुहोस् । अनुच्छेद लेख्दा निम्न कुरालाई ध्यान दिन सचेत गराउँदै आवश्यक छलफल गर्नुहोस्, जस्तै :

- बुँदामा भएका विषयवस्तुलाई छुटाउन नहुने
- बुँदालाई सिलसिला मिलाएर लेख्नुपर्ने
- बुँदाभन्दा धेरै बाहिर गएर लेख्न नहुने
- अनुच्छेदको प्रारम्भ भाग विषयको परिचयमूलक, बिच भाग वर्णनमूलक तथा अन्तिम भाग निष्कर्षमूलक हुनुपर्ने
- सरल तथा छोटा वाक्यमा भएको अनुच्छेद बनाउनु राम्रो हुने
- अनुच्छेदका लागि मिल्दो शीर्षक दिनुपर्ने

(ऊ) उक्त नियमलाई ध्यान दिई विद्यार्थीले अनुच्छेद लेखे नलेखेको अनुगमन गर्नुहोस् । अनुच्छेद लेखन सकिएपछि उनीहरूलाई अनुच्छेद सुनाउन लगाउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले तयार पारेका अनुच्छेदको नमुना स्लाइडबाट प्रदर्शन गर्नुहोस्, जस्तै :

**पानीको अभाव**

गत हप्ता आइतबार म एक्लै विद्यालय आउँदै थिएँ । जङ्गल कटिसकेपछि सल्लेरीटारमा बाटोछेउको घरमा सानो बच्चो रोएको सुनेँ । घरमा कोही मानिस थिएनन् । बच्चोलाई आँगनको छेउमा गुन्द्री ओछ्याएर राखिएको थियो । म बच्चाको छेउमा गएँ । त्यसले दिसापिसाब त्यहीँ गरेको रहेछ । सानो बच्चोलाई एक्लै छोडेर परिवारका मानिस घरबाहिर गएको देख्दा मलाई आश्चर्य पनि लाग्यो र रिस पनि उठ्यो । मैले बच्चालाई मेरो कलम दिएँ । कलम पाएर बच्चो एकछिन रुन छोड्यो । पछि बच्चाकी आमा गाग्रीमा पानी लिएर आउनुभयो । पानीको अभाव भएकाले धारामा पानी आएको बेला लिन गएन भने पानी खान नपाउने समस्या त्यस गाउँमा रहेछ । त्यसैले आमा बच्चोलाई एकैछिन छोडेर पानी लिन जानुभएको रहेछ । परिवारका अरू सदस्य खेत गएकाले बच्चो एक्लै परेछ । आमाको बाध्यता सुनेर मलाई गाउँमा पानीको राम्रो व्यवस्था हुन नसकेकोमा चिन्ता लाग्यो ।

(ऋ) बोध र अभिव्यक्ति खण्डको १३ मा विद्यार्थीको ध्यानाकृष्ट गर्नुहोस् अनि शिक्षकले तयार पारी ल्याएको दैनिकी लेख्ने तरिका जनाउने सूचीपत्र प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा रहेको संरचनाबारे छलफल गराउनुहोस् र अनि

**दैनिकी लेख्ने तरिका**

- दैनिकी लेख्दा पेजको सिरानमा शीर्षक लेखी बायाँतिर सुरुमा दैनिकी लेख्ने व्यक्तिले आफूले जुन ठाँउमा बसी सो दैनिकी लेखेको हो त्यस ठाँउको ठेगाना छोटकरीमा लेख्नुपर्छ ।
- ठेगानाको ठिक मुनि दैनिकी लेखेका दिनको पूरा मिति लेख्नुपर्छ ।
- मितिको ठिक मुनि दैनिकी लेख्ताको समय लेख्नुपर्छ, जस्तै:
  स्थान : देवघाट, तनहुँ
  मिति : २०८०/१०/१० गते
  समय : रातको ८ बजे
- ठेगाना, मिति र समयको तलपट्टिबाट दैनिकीको मुख्य भाग लेखिन्छ । त्यस क्रममा दैनिकी लेख्नेले आफूले सम्बन्धित दिनको सुत्ने बेलासम्म गरेका मुख्य मुख्य काम सिलसिला मिलाएर लेख्नुपर्छ ।
- अनुच्छेद आवश्यकताअनुसार थप्दै जान सकिन्छ ।
- दैनिकी आफ्नै दिनभरिका गतिविधि भएकाले आफुलाई 'म' पात्रका रूपमा राखेर प्रथम पुरुष कथनशैलीमा लेख्नुपर्छ ।

पाठमा भएको प्रकाशको दैनिकीमा ती विषयवस्तु रहेको वा नरहेको तुलना गर्न लगाउनुहोस्, जस्तै :

(ए) दैनिकीको संरचनाका बारेमा आवश्यक जानकारी दिएपश्चात् उक्त संरचनाका आधारमा लेखिएको दैनिकीको नमुना स्लाइडमा प्रदर्शन गरी छलफल गराउनुहोस्, जस्तै :

कटुन्जे, भक्तपुर
२०८०/०५/२१

रातको ०८ : ३० बजे
आज म सधैँ जस्तो बिहान ५ बजे उठेँ । नित्यकर्म सकेर कोठामा आई हिजो बेलुकी नै ठिक्क पारेर राखेको नयाँ लुगा लगाएँ । आमाले यतिन्जेल चिया र बिस्कुट दिनुभयो । चिया बिस्कुट खाँदै मैले आमालाई छिटो तयार हुन भनेँ । सात बजेपछि हामी आमाछोरा मामाघरतिर लाग्यौँ । आज मामाकी ठुली छोरीको बिहे भएकाले मलाई कतिखेर मामाघर पुगौँ र त्यहाँको रमाइलोमा भुलौँ भन्ने भइरहेको थियो । मामाघर केही मिनेटमै गाडीबाट पुगिने कौशलटार भन्ने ठाउँमा थियो । हामी ट्याक्सी चढेर एकैछिनमा मामाघर पुग्यौँ । त्यहाँ बेहुलीलाई सिँगार्ने काम सुरु भइसकेको थियो । म चाहिँ खान र खेल्नतिर लागेँ । मलाई धेरै कुरासँग चासो थिएन तर बेहुला कस्ता होलान् भन्ने लागेको थियो । उहाँ इन्जिनियर हुनुहुन्छ भन्ने चाहिँ सुनेको थिएँ ।
म काकाको छोरा विवेक र फुपूकी छोरी नवीनासँग खान, खेल्न र घरको तलमाथि गर्नमै व्यस्त थिएँ ।
१० बजेतिर जन्तीहरू बेहुला लिएर आए । मैले बेहुला आउँदाको अवस्थालाई खुब जिज्ञासु भएर हेरेँ । पञ्चेबाजाको तालमा जन्तीहरूको नाचगानसहित बेहुला मण्डपमा आएर बसे । मैले बेहुलालाई नजिकैबाट हेरेँ । बेहुलाको रूप, पहिरन र सानमानले प्रभावित भएँ । केही बेरमा बेहुली बनेकी दिदीलाई मण्डपमा लिएर आमा आउनुभयो र बेहुलासँगैको सुन्दर कुर्सीमा बेहुलीलाई राख्नुभयो । त्यसपछि विवाहको विधि आरम्भ भयो । गोडाधुने र पूजा गर्ने कामहरू पनि हुँदै गए । सुन्दर पन्डालभित्र जन्तीहरूका लागि विभिन्न परिकारका अनेक खानपान राखिएका थिए । सबै मानिस, नातागोता र आफन्तहरू चट्ट परेर आएका थिए । सबैको अनुहारमा खुसी देखिन्थ्यो । यो खुसी बेहुली अन्माउने बेलामा रहेन । सबै जनाको अनुहार मलिन देखिन्थ्यो । मामा र माइजू त रुनुभएको पनि देखेँ । यो घटनाले मलाई पनि नरमाइलो लाग्यो ।
बेहुली लिएर बेहुला गएपछि बिहेघर शून्य हुँदै गयो । रमाइलो गर्दै र खेल्दै मेरो दिन बित्यो । खाएको खाई गरेर होला मैले बेलुकी आमाले कर गर्दा पनि खाना खान सकिनँ तर एक गिलास दुध बल गरेर खाएँ । आमाले 'तिमी आज धेरै थाक्यौ बाबु, अब सुत' भन्दै नवीना बसेको कोठामा लगेर सुताउनुभयो । मैले त्यो बेला भित्ते घडीमा ८ बजेको देखेँ । पल्लो कोठामा काका, मामा, सानीमा तथा अन्य आफन्तहरू गफ गरेको आवाज आउँदै थियो । म चाहिँ आँखा चिम्लेर सुतेँ ।

(ऐ) उक्त नमुनालाई पनि आधार मानी विद्यार्थीलाई कुनै एक दिनको दैनिकी लेख्न निर्देशन दिनुहोस्, सँगसँगै आवश्यक सहजीकरण गर्नुहोस् । दैनिकी तयार भएपछि आआफ्नो दैनिकी सुनाउन लगाउनुहोस् र संरचनागत रूपमा के कति राम्रो वा सुधार गर्नुपर्ने पक्ष देखियो, छलफल गराउनुहोस् । अन्त्यमा विद्यार्थीलाई आवश्यक सहजीकरण गर्दै पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कक्षामा प्रथम हुन आफूले गरेको मिहिनेतका विषयमा एउटा अनुच्छेद लेख्नुहोस् ।

(ख) विद्यालयको वार्षिकोत्सवमा आफू सहभागी हुँदाको क्रियाकलाप समेटी एक दिनको दैनिकी लेख्नुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक प्रकार्य (घटना वर्णन)<br>• विभक्ति चिह्न<br>• पदयोग र पदवियोग | • अनुभूत घटनाको वर्णन गर्न<br>• विभक्ति चिह्नको पहिचान गरी प्रयोग गर्न<br>• पदयोग र पदवियोगको मिल्दो प्रयोग गरी वाक्यको पुनर्लेखन गर्न | • अनुच्छेद<br>• वाक्यसूची<br>• स्लाइड आदि |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) आफूले अनुभव गरेको कुनै रमाइलो प्रसङ्ग सुनाई विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल भएका विषयवस्तुहरूको स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १७ तर्फ आकृष्ट गर्नुहोस् । हामीले जीवनमा विभिन्न कुरा देख्छौँ; सुन्छौँ र मिठा नमिठा नयाँ अनुभव गर्छौं । यस्ता अनुभवहरू अविस्मरणीय हुन्छन् नै, यिनले हामीलाई धेरै शिक्षा पनि दिन्छन् । तपाईंहरूले यस्तै अविस्मरणीय कुनै अनुभव गर्नुभएको छ भनेर विद्यार्थीलाई सोध्नुहोस् अनि आफूले गरेको बिर्सन नसकिने प्रेरणादायी कुनै अनुभव सुनाउनुहोस्, जस्तै :

म पाँच कक्षामा पढ्थेँ । घरबाट आधा घण्टा हिँडेर विद्यालय जानुपर्थ्यो । मसँगै मेरा साथी भुवन र रोजल सँगै विद्यालय जाने आउने गर्दथ्यौँ । त्यसताका विद्यालय जाँदा बाटामा गाउँलेका घरमा अम्बा पाकेको देखिन्थ्यो । घरको आँगनको अगाडि बाटोको छेउमा अम्बाको रुखमा लटरम्म पाकेका अम्बा देख्दा मलाई पनि टिपेर खान पाए हुन्थ्यो जस्तो लाग्थ्यो तर आफूसँग किन्ने पैसा नभएकाले मैले त्यतातिर ध्यान दिएको थिइनँ । त्यो दिन रोजल र भुवनले अम्बा टिपेर खाने कुरा गरे । मैले अर्काको अम्बा त्यसै टिपेर खानु हुँदैन भन्दा उनीहरू मानेनन् । उनीहरूको लहैलहैमा लागेर म अम्बा टिप्न रुखमा चढेँ । अर्काले देख्लान् कि भनेर हतार हतार गर्दा हात चिप्लिएर म भुइँमा बजारिएँ । मेरो देब्रे हात भाँचियो । त्यस दिनदेखि मैले अर्काको बहकाउमा लाग्न छोडेँ ।

(आ) अनुभव सुन्दा ज्ञान बढ्ने भएकाले अर्काको अनुभवलाई ध्यान दिएर सुन्न विद्यार्थीलाई निर्देशन दिनुहोस् र बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा दिइएको रश्मीको अनुभव स्लाइडमा प्रदर्शन गरी देखाउनुहोस् । जस्तै :

**रश्मीको अनुभव**

कक्षामा शिक्षकले हरेक विद्यार्थीलाई आफूले अनुभव गरेका कुरा बताउन भन्नुभयो । कक्षामा गुरुको निर्देशन सुन्नेबित्तिकै रश्मीले आफ्नो अनुभव यसरी सुनाइन् :

शनिबारको दिन थियो । बुबाले चिडियाखाना घुमाउन लैजाने कुरा गर्नुभयो । म र भाइ दङ्ग पऱ्यौँ । हामी बिहानको खाना खाएर चिडियाखाना हेर्न हिँड्यौँ । बुबाले प्रवेशद्वारमा टिकट काट्नुभयो । हामी भित्र छिऱ्यौँ । त्यहाँ विभिन्न किसिमका जनावर र पशुपन्छी रहेछन् । ती जनावरलाई नजिकबाट हेर्न पाउँदा मलाई निकै रमाइलो लाग्यो । भाइसँग आमाबुबा अगाडि हुनुहुन्थ्यो । म पछि पछि थिएँ । जनावर हेर्दाहेर्दै म निकैबेर अलमलिएँछु । आमाबुबा कता पुग्नुभयो । मैले पत्तै पाइनँ । म आत्तिएँ । मैले आमाबुबालाई यताउती खोजेँ तर कतै फेला पारिन । मैले आत्तिँदै एक जना दिदीलाई समस्या सुनाएँ । उहाँले मेरो बुबाको फोनमा फोन गरिदिनुभयो । केहीबेरमा आमाबुबा त्यहीँ आइपुग्नुभयो । मलाई खुसी लाग्यो । यसरी म हराउँदा फोन नम्बर भएकाले आमाबुबालाई तुरुन्तै भेट्न सकेँ । तपाईं पनि परिवारका सदस्यको फोन नम्बर जानिराख्नुहोस् है ।

(इ) उदाहरणमा दिइएकी रश्मीले जस्तै आफूले अनुभव गरेको कुनै घटनाको वर्णन सबै विद्यार्थीलाई अवसर दिनुहोस् । विद्यार्थीका अनुभव सुनी आवश्यकताअनुसार सहजीकरण एवम् पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ मा प्रस्तुत गरिएको अनुच्छेद स्लाइडबाट प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई पठन गरेर सुनाउनुहोस्, जस्तै :

गुरु**ले** कक्षामा सबैको नाम सोध्नुभयो । सबैभन्दा पहिले म**लाई** सोध्नुभयो । मैले सिसाकलम**ले** नाम लेखेर देखाएँ । मेरो सिसाकलम सुदेश**लाई** दिनुभयो । सुदेशले गुरुको हात**बाट** सिसाकलम लियो । सुदेशले मुना खातुन**को** कापीमा आफ्नो नाम लेख्यो । मेरो कलम टेबुल**मा** राख्यो र सुदेश बस्यो ।

(उ) उक्त अनुच्छेदमा रातो रङले लेखिएका रूप (अक्षर) हरूलाई ध्यानपूर्वक विचार गर्न लगाउनुहोस् । तपाईंहरूले वाक्य वा अनुच्छेद लेख्दा त्यस्ता चिह्नहरूको प्रयोग गर्नुभएको छ कि छैन, सोध्नुहोस् अनि रातो लागेका ती रूप/अक्षर विभक्ति भएको जानकारी दिनुहोस् । नाम, सर्वनाम र विशेषणका पछाडि जोडिन आउने यस्ता चिह्नलाई विभक्ति

भनिने कुरा माथिको अनुच्छेदका वाक्यका आधारमा स्पष्ट पार्नुहोस् र यस विषयमा विद्यार्थीबिच छलफल गराउनुहोस् ।

(ऊ) विभक्तिको पहिचान गर्न प्रयोग पक्ष अपरिहार्य हुने भएकाले अब विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास २ को क्रियाकलाप गराउनुहोस् । यस क्रममा निर्दिष्ट वाक्यमा रहेका विभक्ति चिह्नको पहिचान गर्न लगाउनुहोस् साथसाथै विद्यार्थीलाई सहजीकरण गर्नुहोस्, जस्तै :

| वाक्य | विभक्ति |
|---|---|
| कमलले कलम किन्यो । | ले |
| रामभगत बहिनीलाई बोलाउँछन् । | लाई |
| तिमीले हँसियाले घाँस काट्छौ | ले |
| ......................... | ......................... |
| ......................... | ......................... |

(ऋ) विभक्ति चिह्नको थप अभ्यासका लागि भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ मा रहेको खाली ठाउँ भर्ने क्रियाकलाप गराउनुहोस् र त्यसको उत्तर मिले नमिलेको विद्यार्थीबाटै परस्पर परीक्षण गराउनुहोस्, जस्तै :

(क) कैलाश ...ले.... साइकलमा सामान ल्याए । (ले, लाई, बाट)
(ख) हामी भाइ ...लाई.... हँसाउँछौँ । (लागि, को, लाई)
(ग) आमा जहाज ...बाट.... आउनुभयो । (का, बाट, ले)
(घ) उषा ...की.... बहिनी निकै चलाख छिन् । (रो, की, निम्ति)
(ङ) मामाघर ....मा... गाई पालिएको छ । (देखि, द्वारा, मा)

(ए) यसैगरी भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ४ मा निर्दिष्ट विभक्तिहरूलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् : जस्तै :

| विभक्ति | वाक्य |
|---|---|
| लाई | म तिमीलाई बोलाउँछु । |
| ले | आमाले किताब किन्नुभयो । |
| बाट | साथी पोखराबाट भोलि आउलान् । |
| देखि | ......................... |
| को | ......................... |
| मा | ......................... |

(ऐ) विभक्ति नाम, सर्वनाम तथा विशेषणसँग पछाडिबाट जोडिएर मात्र प्रयोग हुने कुरालाई ध्यानमा राख्न पुनः स्मरण गराउनुहोस् । विभक्ति छुट्टिएर प्रयोग भएको छ भने भाषिक संरचना गलत हुने भएकाले त्यसलाई जोड्नुपर्ने र जोडिने अवस्थालाई पदयोग भनिने बताउनुहोस् र त्यससम्बन्धी क्रियाकलाप भाषिक संरचना र वर्णविन्यास अभ्यास ५ अनुसार गराउनुहोस् र यसको परीक्षण विद्यार्थीबाटै गराउनुहोस्, जस्तै :

| विभक्तिको प्रयोग नमिलेका वाक्य | विभक्तिको प्रयोग मिलेका वाक्य |
|---|---|
| (क) दाजु ले दिनुभएको खाजा खाएपछि म केहीबेर खेल्न थालेँ । | दाजुले दिनुभएको खाजा खाएपछि म केहीबेर खेल्न थालेँ । |
| (ख) बुबा ले म लाई बोलाएपछि तुरुन्त घर मा गएर पढ्न बसेँ । | बुबाले मलाई बोलाएपछि तुरुन्त घरमा गएर पढ्न बसेँ । |
| (ग) बहिनी गाडी बाट ओर्लिएर विद्यालयतिर गइन् । | बहिनी गाडीबाट ओर्लिएर विद्यालयतिर गइन् । |
| (घ) प्रिया की साथी मिहिनेती छिन् । | प्रियाकी साथी मिहिनेती छिन् । |
| (ङ) रतनदास विद्यालय मा पढाउँछन् । | रतनदास विद्यालयमा पढाउँछन् । |

(ओ) एउटा शब्दसँग वा विभक्तिका पछाडि अर्को शब्द जोडिएको छ भने त्यस्तो अवस्थामा पदहरूलाई छुट्याउनुपर्ने ( पदवियोग गर्ने) कुरा उदाहरणबाट स्पष्ट पार्नुहोस् र सोही प्रयोजनका लागि भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले सहजीकरण गर्नुहोस्, जस्तै :

| नमिलेका वाक्य | मिलेका वाक्य |
|---|---|
| (क) ऊ मेरो साथीहो । | ऊ मेरो साथी हो । |
| (ख) भाइआएर कुर्सीमा बस्छ । | भाइ आएर कुर्सीमा बस्छ । |
| (ग) घरको सबै काम कसलेगर्छ ? | घरको सबै काम कसले गर्छ ? |
| (घ) तिमीयसपालि विद्यालय आएनौ । | तिमी यसपालि विद्यालय आएनौ |
| (ङ) लालीगुराँस ढकमक्क फुलेकाछन् । | लालीगुराँस ढकमक्क फुलेका छन् । |

(औ) विभक्ति पहिचान र प्रयोगका सम्बन्धमा आवश्यकताअनुसार थप अभ्यास तथा छलफल गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका वाक्यमा मिल्ने विभक्तिको प्रयोग गर्न लगाउनुहोस् :

(अ) खेलाडीहरू..... खेल...... देशलाई विश्व..... चिनाउँछन् ।
(आ) तिमी त्यो बाटो....... यता आऊ ।
(इ) उस..... घरमा तिमी...... निम्तो छ ।
(ई) म खुकुरी..... दाउरा काट्छु ।

(ख) परीक्षामा आएको उत्तर लेख्न नसक्दाको अनुभव वर्णन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• सिर्जनात्मक कार्य | • सुनाइ र बोलाइ पाठसँग सम्बन्धित अभ्यास गर्न (ठिक बेठिक पहिचान तथा प्रश्नोत्तर)<br>• बिहानदेखि बेलुकीसम्म गरेका कामहरू लेखेर सुनाउन | • सुनाइ पाठ १२ को श्रव्य सामग्री<br>• प्रश्नावली, उत्तरका नमुना<br>• अनुचछेदको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै प्रेरक घटना सुनाएर सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् ।

(आ) यस क्रममा सुनाइ पाठ ध्यानपूर्वक सुन्नुपर्ने, खाली ठाउँ भरेर वाक्य पूरा गर्नुपर्ने भएकाले वाक्यका शब्दहरूमा पनि ध्यान दिने तथा विषयवस्तुको बोध गरी निर्धारित प्रश्नको संरचनामा आधारित रहेर उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(इ) विद्यार्थीलाई सुनाइ पाठ १३ सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ १३ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार कम्तीमा २/३ पटकसम्म सुनाउनुहोस् ।

(ई) पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई निर्धारित अभ्यास हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(उ) निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ मा दिइएका वाक्यगत भनाइ ठिक वा बेठिक के हुन्, भन्न लगाउनुहोस्, जस्तै :

- जङ्गलमा जनावर र पन्छी बस्छन् । ठिक
- फलफूल र कन्दमूल जङ्गलमा पाइँदैन । बेठिक
- जङ्गलले मानिसको जीवन चलाउन सहयोग गरेको छैन । बेठिक
- मानिसले दाउरा, काठ जङ्गलबाट ल्याउँछन् । ठिक

(ऊ) विद्यार्थीले वाक्यगत भनाइहरूलाई ठिक वा बेठिक भनी छुट्याएको के कति मिल्यो भन्ने कुराको परीक्षण विद्यार्थीबाटै गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) विद्यार्थीलाई पुनः अभ्यास २ तर्फ केन्द्रित गर्नुहोस् र सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनः स्मरण गराउनुहोस्, जस्तै :

प्रश्न : पशुपन्छीको आहारा कहाँ पाइन्छ ?

उत्तर : पशुपन्छीको आहारा जङ्गलमा पाइन्छ ।

(ए) सुनाइ पाठका आधारमा छात्र, छात्रा तथा विभिन्न सामाजिक पृष्ठभूमिका विद्यार्थीको प्रतिनिधित्व हुने गरी अलग अलग विद्यार्थीलाई सुनाइ पाठमा निर्दिष्ट प्रश्नहरू क्रमशः सोध्नुहोस् र उत्तर भन्न लगाउनुहोस् उनीहरूले दिएको उत्तर मिलेनमिलेको यकिन गर्न विद्यार्थीलाई नै लगाउनुहोस् । विद्यार्थीबिचको प्रश्नोत्तर छलफलमा शिक्षकले आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऐ) शिक्षकले सिर्जनात्मक कार्यमा निर्दिष्ट प्रश्नमा विद्यार्थीको ध्यानाकृष्ट गर्नुहोस् । छुट्टीका दिन बिहान उठेदेखि बेलुकासम्म तपाईं के के कामहरू गर्नुहुन्छ भनेर विद्यार्थीलाई प्रश्न गर्नुहोस् । यसलाई थप स्पष्ट पार्न बिदाका दिन आफूले गर्ने काम र त्यो काम गर्ने समय टिपोट गर्न लगाउनुहोस् । त्यसपछि त्यही टिपोटका आधारमा दिनभरि गर्ने कामहरू लेख्न लगाउनुहोस्, जस्तै :

| **काम** | **समय** |
|---|---|
| • नुहाइधुवाइ | • बिहान ८ बजे |
| • खाना खाने | • बिहान १० बजे |
| • घुम्न जाने | • बिहान ११ बजे |
| • घर आएर खाजा खाने | • दिउँसो २ बजे |
| • गृहकार्य गर्ने | • दिउँसो ३ बजे |
| • खाना खाने | • रातको ८ बजे |
| • सुत्ने | • रातको ९ बजे |

(ओ) उक्त तालिकामा भएका काम र समयलाई समेटी आफूले छुट्टीमा गर्ने काम अनुच्छेदमा लेख्न निर्देशन दिनुहोस् ।

(औ) अनुच्छेद लेखन कार्य सकिएपछि सबै विद्यार्थी समूहलाई पालैपालो अगाडि आएर सुनाउन लगाउनुहोस् र थप छलफल तथा पृष्ठपोषणसहित सिर्जनात्मक क्रियाकलापको निष्कर्ष सुनाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) सुनाइ पाठका आधारमा मानिसलाई जङ्गलबाट हुने कुनै दुइटा फाइदा भन्न लगाउनुहोस् ।
(ख) हिजो विद्यालयमा गर्नुभएका क्रियाकलाप लेखेर सुनाउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

| **पाठ : १४** | **पुतली** | |
|---|---|---|
| **विधा : कविता** | | **कार्यघण्टा : १०** |

**परिचय**

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित ‘पुतली’ कविता विधाको पाठ हो । कविता साहित्यको लयात्मक, श्रव्य र पाठ्य विधा हो । गेयात्मक विधा कवितामा भाव, कल्पना र बौद्धिकताको सम्मिश्रण हुन्छ । विद्यार्थीलाई मुख्य रूपमा पढाइप्रति रुचि जगाउन र गति, यति मिलाई लय हालेर वाचन गर्ने बानीको विकास गर्न तथा शब्दभण्डारको विकासका लागि कविता विधाको उपयोग गरिन्छ ।

'पुतली' शीर्षकको कविता प्रकृति परक कविता हो । कविता विधाको उपयोग गरेर विद्यार्थीमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउन सकिन्छ । कविता अभिव्यक्ति कलाको उत्कृष्ट रूप हो । कवितामा लयात्मकता, गेयात्मकता र श्रुतिमधुरता पाइने हुनाले भाषाको बोध तथा अभिव्यक्ति सिपको विकासमा यस विधाको प्रभावकारी उपयोग गर्न सकिन्छ । यस पाठको शिक्षण लयबद्ध वाचन, अनुकरण वाचन, पाठगत शब्दको उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग तथा बोध प्रश्नोत्तर जस्ता क्रियाकलाप केन्द्रित हुनुपर्छ ।

प्रस्तुत पाठको शिक्षण गर्दा सुनाइ तथा बोलाइ सिपमा सुनाइ र अनुकरण, स्थानीय तहमा प्रचलित गीतको सुनाइ र गायनको अभ्यास, विषयवस्तुमा आधारित प्रश्नोत्तर, छलफल र अन्तरक्रिया, पद्य रचना सुनी लयात्मक शब्द पहिचान र उच्चारण, धारणा तथा कल्पनाको अभिव्यक्ति आदि सिपको विकास गराउनुपर्छ । पढाइ सिपअन्तर्गत समूह, युगल र एकल रूपमा लयबद्ध पठन, सन्दर्भ बोध, पाठको विषयबोध र चित्रात्मक प्रस्तुति ढाँचा, शैली पहिचान र लयबोध, चित्र, शीर्षक र विषयवस्तुको आधारमा अनुमान (पूर्व, तत्काल र पश्च), पाठको सन्दर्भ र विषयवस्तुको पूर्वानुमान जस्ता विषयवस्तु शिक्षण गर्नुपर्छ । लेखाइमा प्रश्नोत्तर, गद्यमा रूपान्तरण, भाव लेखन, अनुलेखन, शब्द वा पदावली पूरण, निर्देशित पद्य रचना, श्रुतिरचना जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा लिङ्ग र वचन सङ्गति पहिचान र प्रयोग एवम् ह्रस्व इकार र दीर्घ ईकार (सुरु, बिच र अन्त्य) को पहिचान र प्रयोग (पुनरावृत्ति) सिकाउनुपर्छ । शब्दभण्डारमा पाठगत शब्दको अर्थबोध र प्रयोग, लय मिल्ने शब्दको पहिचान र प्रयोग गराउनुपर्छ भने भाषिक प्रकार्यमा स्वज्ञानको प्रयोगको अभ्यास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ १४ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

**पाठ १४ को सिकाइ क्षेत्रको विवरण**

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • दृश्य (चित्र) पहिचान<br>• श्रुतिबोध<br>• छलफल | • पूर्व पठन खण्डमा समाविष्ट तस्बिर अध्ययन गरी बोध गर्न<br>• तस्बिरमा आधारित भएर अनुमान तथा कल्पना गर्न<br>• सुनेका विषयवस्तुको श्रुतिबोध गरी वर्णन गर्न | • पूर्व पठन खण्डका तस्बिर<br>• पारिस्थितिक प्रणाली झल्काउने तस्बिर<br>• श्रव्यदृश्य सामग्री | १ |
| दोस्रो दिन | • कविताको लयवद्ध वाचन<br>• कविताको संरचना पहिचान | • छन्द कवितालाई लययबद्ध वाचन गर्न<br>• शब्दको सही उच्चारण गर्न<br>• कविताको संरचना पहिचान गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको नमुना ( श्रव्य सामग्री)<br>• कविताको संरचना तालिका | १ |
| तेस्रो दिन | • शुद्धोच्चारण<br>• शब्दार्थबोध | • पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| | ● वाक्यमा प्रयोग<br>● शब्दभण्डार<br>(शब्दार्थ र वाक्य रचना) | ● नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | ● वाक्यपत्ती | |
| **चौथो दिन** | ● मौखिक प्रश्नोत्तर<br>● कविता पूरण | ● पाठ्य कविताका आधारमा मौखिक तथा लिखित प्रश्नोत्तर गर्न<br>● खाली ठाउँमा शब्द भरी कविताको पुनर्लेखन गर्न | ● प्रश्नोत्तरको नमुना<br>● श्लोकपत्ती | १ |
| **पाँचौं दिन** | ● अनुलेखन<br>●श्रुतिलेखन<br>● कविताका पङ्क्तिको गद्य रूपान्तरण | ● कवितालाई अनुलेखन र श्रुतिलेखन गर्न<br>● कविताका प्रत्येक पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न | ● श्लोकपत्ती<br>● वाक्यपत्ती | १ |
| **छैटौं दिन** | ● प्रश्नोत्तर<br>● प्रश्न निर्माण र उत्तर पहिचान<br>●कवितांशको अर्थ/आशयबोध तथा लेखन | ● पाठ्य कविताका आधारमा मौखिक तथा लिखित प्रश्नोत्तर गर्न<br>● पाठ्य कविताका आधारमा प्रश्न निर्माण गरी उत्तर भन्न र लेख्न<br>● कविताका प्रत्येक श्लोकको अर्थबोध गरी आशय भन्न तथा लेख्न | ● प्रश्नोत्तरको नमुना<br>● श्लोकपत्ती<br>● प्रश्नपत्ती<br>● आशयको नमुना | १ |
| **सातौं दिन** | ● मुख्य भाव वा विषयवस्तु लेखन<br>● निर्दिष्ट विषयमा छलफल तथा लेखन<br>● चित्रबोध र छलफल | ● कविताको मूल भाव वा विषयवस्तु लेख्न<br>● निर्दिष्ट विषयवस्तुमा आधारित चित्रात्मक प्रस्तुति दिन<br>● विभिन्न चित्रको सन्दर्भपरक वर्णन गर्न | ● मूल भावको नमुना<br>● पुतलीको जीवनचक्र भएको श्रव्यदृश्य सामग्री<br>● चित्र, कार्डबोर्ड, साइनपेन | १ |
| **आठौं दिन** | ● भाषिक प्रकार्य (स्वज्ञानको प्रस्तुति)<br>● भाषिक संरचना (स्त्रीलिङ्ग, एकवचन र बहुवचन ) | ● कुनै विषयवस्तु/समस्यामा केन्द्रित भई स्वज्ञान प्रस्तुत गर्न<br>● स्त्रीलिङ्गी शब्द निर्माण गर्न<br>● एकवचन र बहुवचन शब्दको पहिचान गरी तालिकीकरण गर्न | ● स्वज्ञानसँग सम्बन्धित श्रव्यदृश्य/ श्रव्य सामग्री<br>● स्त्रीलिङ्गी तथा एकवचन र बहुबचनको तालिका र उदाहरण | १ |
| **नवौं दिन** | ● वाक्य परिवर्तन | ● दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर्न | ● वाक्यपत्ती<br>● ह्रस्व इकार र दीर्घ ईकार | १ |

| | | | | |
|---|---|---|---|---|
| | • वाक्य सङ्गति<br>• वर्णविन्यास (शुद्ध लेखन) | • वाक्य सङ्गति मिलाएर लेख्न<br>• ह्रस्व इकार र दीर्घ ईकार लागेका शब्दटिपोट गर्न | लागेका शब्दपत्ती | |
| **दसौँ दिन** | • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• सिर्जनात्मक कार्य (कविता पूरण) | • सुनाइ पाठमा आधारित अभ्यास गर्न<br>• उचित शब्द राखी कविता पूरण गर्न | • श्रव्य सामग्री<br>• श्लोकपत्ती | १ |
| **जम्मा कार्यघण्टा** | | | | १० |

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्य (चित्र) पहिचान<br>• श्रुतिबोध<br>• छलफल | • पूर्व पठन खण्डमा समाविष्ट तस्बिर अध्ययन गरी बोध गर्न<br>• तस्बिरमा आधारित भएर अनुमान तथा कल्पना गर्न<br>• सुनेका विषयवस्तुको श्रुतिबोध गरी वर्णन गर्न | • पूर्व पठन खण्डका तस्बिर<br>• पारिस्थितिक प्रणाली झल्काउने तस्बिर<br>• श्रव्यदृश्य सामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप


**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीसँग मिलेर कुनै रमाइलो गीत गाउनुहोस् (जस्तैः नाङ्लोभरि सुपारी गन्न नजान्ने व्यापारी के हो ? - आकाशका तारा) र उनीहरूलाई कक्षामा स्वागत गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरेका विषयवस्तुको पुनःस्मरण गराई आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले सम्भव भएसम्म प्रोजेक्टरमार्फत् वा आफूले ल्याएको वा पाठ्यपुस्तकको पूर्व पठन खण्डको तस्बिर प्रस्तुत गर्नुहोस्, जस्तै :



(आ) प्रस्तुत गरिएको चित्रका बारेमा फरक फरक विद्यार्थीलाई आफूले जानेबुझेका कुरा वर्णन गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले प्रस्तुत गरेका कुरालाई समेट्दै पाठगत सन्दर्भलाई निर्देश गर्नुहोस् । यस क्रममा मानिसको जीवनचक्र, पशुको जीवन चक्र, जलीय जीवहरूका जीवनचक्र, पन्छीको जीवनचक्र बारे जानकारी दिई पारिस्थितिक प्रणालीको वास्तविक रहस्य बताउनुहोस् ।

(ई) विद्यार्थीलाई अन्डा, लार्भा, प्युपा र वयस्क पुतली गरी यथासम्भव चार समूहमा विभाजन गरी अलग अलग नामअनुसारका चारै प्रकारका तस्बिर प्रदर्शन गर्नुहोस् र प्रत्येक समूहलाई आफ्नो समूहको नामको बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(उ) पुतलीको अन्डाबाट लार्भा, लार्भाबाट प्युपा र प्युपाबाट पुतली कसरी जन्मन्छ भन्ने भिडियो प्रस्तुत गर्नुहोस् ।

(ऊ) पुतलीका बारेमा व्यक्तिगत धारणा राख्न चाहने विद्यार्थीलाई मौका दिनुहोस् । छलफलमा आएका सान्दर्भिक तथ्यलाई पाठसँग जोड्दै निष्कर्ष सुनाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई पुतलीका चार प्रकारका जीवनचक्रका अवस्थामध्ये आफूलाई मन पर्ने अवस्थाको बारेमा मनमा लागेका केही भावना लेख्न वा भन्न लगाउनुहोस् । विद्यार्थीले लेखेर देखाएमा त्यो कुरा पढेर सुनाउन लगाउनुहोस् ।

(ए) **एउटा पुतली ओ पुतली....**बोलको बालगीत सुनाउन लगाउनुहोस् । गीतका आधारमा मौखिक प्रश्नोत्तर गराउनुहोस् ।

(ऐ) चित्र बनाउन जान्ने विद्यार्थी पहिचान गरी पुतलीको चित्र बनाउन लगाउनुहोस् र त्यो चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(ओ) कक्षाकोठाको विविधता व्यवस्थापन गर्दै फरक क्षमता र स्तर भएका विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पुतलीको जीवनचक्रसम्बन्धी चित्र देखाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले **हे पुतली नानी** ......... बोलको गीत सुनाएर सुनेकै आधारमा वर्णन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● कविताको लयवद्ध वाचन<br>● कविताको संरचना पहिचान | ● छन्द कवितालाई लययबद्ध वाचन गर्न<br>● शब्दको सही उच्चारण गर्न<br>● कविताको संरचना पहिचान गर्न | ● श्लोकपत्ती<br>● कविता वाचनको नमुना (श्रव्य सामग्री)<br>● कविताको संरचना तालिका |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै छोटो प्रकृतिपरक कविता सुनाएर विद्यार्थीलाई कक्षा क्रियाकलापमा स्वागत गर्नुहोस् । जस्तै :

नटिप्नु हेर कोपिला न चुँड्नु पाप लाग्दछ ।

न च्यात्नु फूल नानी हो दया र धर्म भाग्दछ ।

(आ) अगिल्लो दिनको पाठ्यवस्तुको स्मरण गराउनुहोस् ।

(ई) आजको पाठ्यवस्तुको जानकारी दिई त्यसमा विद्यार्थीको अभिरुचि पैदा गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई पाठ्य कविताको गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले लय मिलाई वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) शिक्षकले पाठ्य कविताका श्लोक उपजाति छन्दको नियमअनुसार प्रत्येक पङ्क्तिलाई लयबद्ध वाचन गरेर सुनाउनुहोस् । उपजाति छन्दको प्रत्येक पाउको पाँचौँ अक्षरमा सामान्य विश्राम गरी वाचन गर्न सकिने कुरा आफैँले नमुना वाचन गरेर सिकाउनुहोस् र उनीहरूलाई त्यसैगरी वाचन गर्न निर्देशन दिनुहोस् ।

(इ) सम्भव भएसम्म पाठ्य कविता वाचनको श्रव्यदृश्य वा श्रव्य सामग्री देखाउनुहोस् वा सुनाउनुहोस् ।

(ई) शिक्षक आफूसहित कक्षाका सबै विद्यार्थीले सामूहिक रूपमा कविता वाचन गर्नुहोस् । यस क्रममा क्रमशः वल्लो समूह र पल्लो समूह, बेन्च बेन्चको समूह, युगल र एकल गरी कविता वाचन अभ्यास गराउनुहोस् ।

(उ) शिक्षक स्वयम्ले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै वाचन गर्ने र विद्यार्थी आफैँले गर्ने गरी क्रमिक सिकाइ रणनीति उपयोग गर्नुहोस् ।

(ऊ) कविताको प्रत्येक पाउमा भएका अक्षरको सङ्ख्या गन्ने क्रममा संयुक्त वर्ण (आधा अक्षर जोडिएका वर्ण) लाई एक अक्षर मानेर गन्नुपर्ने कुराको जानकारी दिनुहोस् ।

(ऋ) शिक्षकले कविताको लयबद्ध वाचन गरिदिनुहोस् । पुतली कविता उपजाति छन्दमा लेखिएको छ । यो एघार अक्षरको हुन्छ । यसको लयाबद्ध वाचन गर्दा पाँच अक्षरमा पहिलो अर्द्धविश्राम र अन्तिम छ अक्षरमा पूर्ण विश्राम गरेर गाउन सिकाउनुहोस् । यसका लागि (५+६) को संरचनामा कविताका पङ्क्ति लेखिएको तालिका प्रदर्शन गर्नुहोस् ।

(ए) पाठ्य कविताका अतिरिक्त कक्षा चारमा नै पढिएको **'सानी नदी'** कविताको **'सानी नदी पर्वतबाट झर्छिन्......... '** भन्ने कविता समेत वाचन गर्न लगाई उपजाति छन्दको लयबोध गराउनुहोस् ।

(ऐ) सम्भव भएसम्म लयबद्ध वाचनको श्रव्य तथा श्रव्यदृश्य सामग्री प्रस्तुत गर्नुहोस् । त्यस क्रममा शिक्षक र विद्यार्थीले समूहगत रूपमा सँगसँगै कविता वाचन गर्नुहोस् र त्यसपछि विद्यार्थीलाई ठुलो समूह, युगल समूह र वैयक्तिक रूपमा छुट्टा छुट्टै वाचन गर्न लगाउनुहोस् ।

(ओ) लयबद्ध वाचनका क्रममा विद्यार्थीमा देखिएका कमीकमजोरी सुधार गर्न आवश्यक सहयोग गरिदिनुहोस् ।

(औ) विद्यार्थीलाई लयबद्ध वाचन गराउँदा गति, यतिका साथै सहज अभिव्यक्तिलाई अवलम्बन गर्ने तरिका विकास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पालैपालो वा सामूहिक रूपमा कविताको श्लोक वाचन गर्न लगाउनुहोस् ।

(ख) 'पुतली' कविता लय हालेर वाचन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • शुद्धोच्चारण<br>• शब्दार्थबोध<br>• वाक्यमा प्रयोग<br>• शब्दभण्डार (शब्दार्थ र वाक्य रचना) | • पाठका निर्दिष्ट शब्दलाई शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला वा रमाइलो गीत सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई चुट्किला सुनाउने वा गीत गाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका लयवाचनसम्बन्धी नियमको सङ्क्षिप्त छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई पाठ्य कविताको उपजाति छन्दको नियमानुसार प्रत्येक पङ्क्तिलाई लयबद्ध वाचन गर्न लगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकिएको उपजाति छन्दको प्रत्येक पाउको पाँचौँ अक्षरमा सामान्य विश्राम गरी वाचन गरिने तरिका पुनरावृत्ति गराउनुहोस् ।

(इ) विद्यार्थीलाई पाठ्य कवितामा नयाँ लागेका शब्द र उच्चारण गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ई) टिपोट गरिएका शब्दलाई शब्दपत्तीको प्रयोग गरी शैक्षणिक पाटीमा अक्षरीकरण गरेर उच्चारण अभ्यास गराउनुहोस्, जस्तै :

| | | | |
|---|---|---|---|
| रङ्गीचङ्गी/ | रङ्.गि.चङ्.गि/ | झुसिल्किरा | /झु.सिल्.कि.रा./ |
| सिँगारी | /सिँ.गा.रि/ | पङ्ख | /पङ्.ख/ |
| चट्ट | /चट्.ट./ | फुरुर्र | /फु.रु.रुर्.र./ |

(उ) विद्यार्थीले उच्चारणका क्रममा गर्ने त्रुटि पहिचान गर्नुहोस् र उच्चारण अभ्यास गराउनुहोस् ।

(ऊ) विद्यार्थीलाई पाठबाट अर्थ पहिचान गर्न कठिन लागेका शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । पाठ्यपुस्तक वा शिक्षकको सहायताले शब्दार्थबोध गराउनुहोस् ।

(ऋ) शब्द र तिनका अर्थ शैक्षणिक पाटीमा लेखी जोडा मिलाउन लगाउनुहोस् ।

(ए) शिक्षकले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ऐ) विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराइसकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थबोध गराउनुहोस्, जस्तै :

| शब्द | अर्थ | वाक्यमा प्रयोग |
|---|---|---|
| रँगिलो | उज्यालो रङ भएको | मलाई यो रँगिलो चित्र मन पर्‍यो । |
| शक्ति | बल; तागत | खानाबाट मानिसलाई चाहिने शक्ति प्राप्त हुन्छ । |
| रस | जिब्रोले अनुभव गर्ने स्वाद | तिमीलाई तरकारीको रस मन पर्छ रे हो ? |
| खानी | भण्डार | नेपाल सुन्दर प्रकृतिको खानी नै हो । |

| | | |
|---|---|---|
| पङ्ख | पखेटा | मयूरहरू पङ्ख फिजाएर नाच्छन् । |
| बाग | बगैँचा | यो सुन्दर बागमा बसेर एकछिन रमाउन मन लागेको छ । |

**३. मूल्याङ्कन**

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

रङ्गीचङ्गी, झुसिल्किरा, सिँगारी, फुरुरुर्र  रङ्गिलो, शक्ति, रस, खानी, पङ्ख ।

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

रङ्गिलो, शक्ति, खानी, रस, तरङ्ग, विचित्र ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • मौखिक प्रश्नोत्तर<br>• कविता पूरण | • पाठ्य कविताका आधारमा मौखिक तथा लिखित प्रश्नोत्तर गर्न<br>• खाली ठाउँमा शब्द भरी कविताको पुनर्लेखन गर्न | • प्रश्नोत्तरको नमुना<br>• श्लोकपत्ती |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै कविता सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् । एक समूहलाई प्रश्न निर्माण गर्न लगाउनुहोस् र अर्को समूहलाई मौखिक उत्तर भन्न लगाउनुहोस् ।

(आ) उनीहरूले गरेका प्रश्नोत्तरका क्रममा राम्रा प्रश्न सोध्ने र उचित उत्तर दिने विद्यार्थी वा समूहको प्रोत्साहनका लागि ताली बजाउन लगाउनुहोस् ।

(इ) प्रश्नोत्तरमा सङ्गति मिलेको नपाइए आवश्यक सहजीकरण गर्नुहोस् । यस क्रममा नमुना मौखिक उत्तर प्रस्तुत गर्नुहोस् ।

(ई) पाठ्य कविताका आधारमा मौखिक प्रश्नोत्तर अभ्यास गराउनुहोस् । यसका लागि प्रश्न र उत्तरको नमुना सूची प्रदर्शन गरी सहजीकरण गर्नुहोस्, जस्तै :

प्रश्नोत्तर सूची

प्रश्न :  पुतलीलाई पखेटा कसले दिए ?
उत्तर : पुतलीलाई पखेटा भगवान्ले दिए ।
प्रश्न : कविताअनुसार कस्तो रस पिउन पाइन्छ ?
उत्तर : मीठो रस पिउन पाइन्छ ।

| |
|---|
| प्रश्न : पुतली कसकी छोरी हुन् ?<br>उत्तर : पुतली वसन्तकी छोरी हुन् ।<br>प्रश्न : पुतलीलाई कहाँकी परी भनिएको हो ?<br>उत्तर : पुतलीलाई स्वर्गकी परी भनिएको हो । |

(उ) यसरी नै प्रश्नोत्तरसम्बन्धी थप अभ्यास गराउनुहोस् ।

(ऊ) बोध र अभिव्यक्तिको अभ्यास ४ का आधारमा छुटेका शब्द भरी कविता पुनर्लेखन गर्न लगाउनुहोस्, जस्तै :

पाइन्छ मीठा रस .....**चट्ट प्यूँन...**
पुगिन्छ क्या ...**स्वर्ग वसन्त...** ज्यून ।
जहाँ ...**छ राम्रो...** उसतर्फ उड्न
...**लिई पखेटा...** फुरुरुर हिँड्न ।

(ऋ) शिक्षकले कविताका कुनै श्लोकबाट शब्द झिकी कविता पुनर्लेखनसम्बन्धी थप अभ्यास गराउनुहोस् ।

(ए) कविता पूरण अभ्यास गरेका कापी विद्यार्थीलाई परस्पर परीक्षण गर्न लगाउनुहोस् । उनीहरूले परीक्षण गरेका कापीको यथोचित अवलोकन तथा परीक्षण शिक्षकले पनि गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् : .

(अ) पुतलीलाई पखेटा कसले दिए ?

(आ) कविताअनुसार कस्तो रस पिउन पाइन्छ ?

(इ) पुतली कसकी छोरी हुन् ?

(ख) कविताको तेस्रो श्लोकबाट केही शब्द झिकी कविता पुनर्लेखन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • अनुलेखन<br>• श्रुतिलेखन<br>• कविताका पङ्क्तिको गद्य रूपान्तरण | • कवितालाई अनुलेखन र श्रुतिलेखन गर्न<br>• कविताका प्रत्येक पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न | • श्लोकपत्ती<br>• वाक्यपत्ती |

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) रमाइलो कुनै छोटो प्रसङ्ग सुनाएर विद्यार्थीलाई कक्षा क्रियाकलापतर्फ आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) बेन्चगत वा अन्य उपयुक्त आधारमा विद्यार्थीको समूह निर्माण गर्नुहोस् ।

(आ) विद्यार्थीलाई पाठको पहिलो श्लोक राम्रा अक्षरमा बान्की मिलाएर अनुलेखन गर्न लगाउनुहोस् । अनुलेखन गर्दा दिइएको पद्यांश वा गद्यांशको वर्णविन्यास तथा लेख्य चिह्नलाई जस्ताको तस्तै ख्याल गरेर हुबहु लेख्नुपर्ने कुरा सिकाउनुहोस् ।

(इ) शिक्षकले आवश्यक सहजीकरण गर्दै विद्यार्थीलाई अनुलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

**नेपाली अक्षर राम्रो पारेर लेख्ने तरिका**

- हरेक वर्णलाई सिधा लेख्ने
- डिको दिएर लेख्ने
- एक वर्णले अर्को वर्णलाई नछोई लेख्ने
- अक्षर दायाँबायाँ नढल्काई सिधा पारेर लेख्ने
- वर्ण वर्ण तथा शब्द शब्दबिचको दूरी समान पार्ने

(ई) यसपछि बोध र अभिव्यक्तिको प्रश्न न. ५ मा दिइएको श्लोकको श्लोकपत्ती प्रदर्शन गरी वा शैक्षणिक पाटीमा लेखी वा पाठ्यपुस्तक हेरी अनुलेखन गर्न लगाउनुहोस् ।

(उ) अनुलेखन गरिसकेपछि विद्यार्थीको उत्तरपुस्तिका एकअर्कामा साटासाट गर्न लगाउनुहोस् । शिक्षकले प्रदान गरेको श्लोकपत्तीमा जस्तै गरी लेख्यचिह्न, वर्णविन्यास र पञ्चमवर्णको ख्याल गरी सारे नसारेको कुरा पहिचान गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा उल्लेख भएबमोजिम सुनेर लेख्न निर्देशन दिँदै शिक्षकले 'पुतली' कविता मध्यम लयमा सस्वर पठन गरेर सुनाउनुहोस् । श्रुतिलेखन गर्दा अनुलेखन अभ्यासमा जस्तै भाषिक शुद्धतालाई ध्यान दिन सचेत गराउनुहोस् ।

(ऋ) श्रुतिलेखनको कार्य सकिएपछि विद्यार्थीलाई एकआपसमा उत्तरपुस्तिका साटासाट गर्न लगाई कविताको मूल पाठमा जस्तै हरफहरू मिलाएर लेखे नलेखेको पहिचान गर्न र अशुद्ध भएका ठाउँमा गोलो चिह्न लगाउन निर्देश गर्नुहोस् । यसमा शिक्षकले सचेततापूर्वक सबै विद्यार्थीको गतिविधि अवलोकन गरी आवश्यक सल्लाह प्रदान गर्नुहोस् ।

(ए) निष्कर्षको रूपमा श्रुतिलेखन गर्दा वर्णविन्यास, लेख्य चिह्न र व्याकरणिक पक्षमा ध्यान दिनुपर्ने कुराको पुनः जानकारी गराउनुहोस् ।

(ऐ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा कविताका पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न सिकाउनुहोस् । यस क्रममा वाक्यमा कर्ता, कर्म, क्रिया आदिका भूमिका स्पष्ट पार्नुहोस् । कवितात्मक वाक्य र सामान्य वाक्यबिचको फरकका बारेमा छलफल गराउनुहोस्, जस्तै :

| कवितात्मक वाक्य | सामान्य वाक्य |
|---|---|
| छ शक्ति क्या हेर विचित्र नानी | हेर नानी, क्या विचित्र शक्ति छ । |
| .................................... | ............................... |

(ओ) विद्यार्थीलाई सामूहिक रूपमा अभ्यास ७ का आधारमा कविताका थप पङ्क्ति दिई गद्यमा लेख्न लगाउनुहोस् । विद्यार्थीले समूहमा अभ्यास गरिसकेपछि प्रत्येक समूहका कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(औ) कविताको पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न पाठ्य कविताबाट थप अभ्यास गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कविताको तेस्रो श्लोकबाट केही शब्द झिकी कविता पुनर्लेखन गर्न लगाउनुहोस् ।

(ख) कविताको चौथो श्लोकका सबै पङ्क्तिलाई गद्यमा रूपान्तरण गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • प्रश्नोत्तर<br>• प्रश्न निर्माण र उत्तर पहिचान<br>• कवितांशको अर्थ/आशयबोध तथा लेखन | • पाठ्य कविताका आधारमा मौखिक तथा लिखित प्रश्नोत्तर गर्न<br>• पाठ्य कविताका आधारमा प्रश्न निर्माण गरी उत्तर भन्न र लेख्न<br>• कविताका प्रत्येक श्लोकको अर्थबोध गरी आशय भन्न तथा लेख्न | • प्रश्नोत्तरको नमुना<br>• श्लोकपत्ती<br>• प्रश्नपत्ती<br>• आशयको नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) गाउँखाने कथा वा मस्तिष्क मन्थनसम्बन्धी कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । जस्तै : **लेककी चरी, औँलामा झरी, च्यापमा परी, भुतुक्कै मरी के हो ? उत्तर : जुम्रा मारेको** । (यस क्रममा विद्यार्थीलाई पनि मस्तिष्क मन्थनसम्बन्धी प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।)

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) चार्टपेपरमा लेखिएका श्लोकपत्ती प्रदर्शन गरी विद्यार्थीलाई पाठ्य कविताका श्लोक गति, यति, लय र हाउभाउसहित वाचन गर्न लगाई लयबद्ध वाचन पुनरावृत्ति गराउनुहोस् ।

(आ) विद्यार्थीलाई दुई समूहमा विभाजित गरी एक समूहलाई प्रश्न निर्माण गर्न अर्को समूहलाई उत्तर लेख्न पालैपालो लगाउनुहोस् । यस क्रममा विद्यार्थीका दुवै समूहले लेखेको उत्तरका एक दुई नमुना सम्बन्धित समूहको एक जनालाई पढेर सुनाउन लगाउनुहोस् ।

(इ) पाठ्य कविताका आधारमा लिखित प्रश्नोत्तर अभ्यास गराउनुहोस् । यसका लागि सर्वप्रथम प्रश्नसूची प्रदर्शन गरी सहजीकरण गर्नुहोस्, जस्तै :

**प्रश्नसूची**

- पुतलीलाई कसले जन्माएको हो ?
- पुतलीलाई किन स्वर्गकी परी भनिएको हो ?
- पखेटा भएपछि के के गर्न पाइन्छ ?

(ई) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा उत्तर लेख्ने तरिका सिकाउनुहोस् । प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । जस्तै :

:

**नमुना उत्तर**

(क) पुतलीलाई कसले जन्माएको हो ?

उत्तर : पुतलीलाई वसन्तले जन्माएको हो ।

(उ) यसैगरी अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई अभ्यास ९ का आधारमा कवितांशको भाव वा आशय लेख्न लगाउनुहोस् । आशय लेख्न अलमलमा परेका विद्यार्थी वा विद्यार्थी समूहलाई आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले लेखेका आशयका बारेमा छलफल गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) कविताको आशय वा भाव लेखनसम्बन्धी धारणा प्रस्ट पार्नुहोस् । भाव वा आशय लेखन कवितामा केन्द्रित हुनुपर्ने बताउनुहोस् ।

(ए) दुई समूहलाई एक एकओटा श्लोक वितरण गरी त्यसको भाव वा आशय लेख्नका लागि ३ ओटा बुँदा बनाउन लगाउनुहोस् । विद्यार्थीले बुँदा बनाउँदा आवश्यकता हेरी सहजीकरण गर्नुहोस् ।

(ऐ) बुँदालाई समेटी 'पुतली' कविताको भाव वा आशय लेख्ने तरिका बताउनुहोस् ।

(ओ) विद्यार्थी समूहले तयार गरेका बुँदालाई आवश्यकता हेरी थपघट, तलमाथि गरी भाव लेखनसम्बन्धी धारणा प्रस्ट पार्नुहोस् ।

(औ) अलमलमा परेका विद्यार्थीलाई आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र शिक्षकले तयार पारी ल्याएको भाव वा आशय लेखनको नमुना उत्तर प्रदर्शनपूर्वक छलफल गराई निष्कर्ष सुनाउनुहोस् । : जस्तै :

**दिइएको कवितांशको आशय वा भाव वर्णन गर्नुहोस् :**

झुसिल्किरा जीवन चक्रबाट
जन्मँ म कस्तो रङ रूपसाथ ।

विभिन्न अवस्था पार गर्दै झुसिल्किराको पुतलीको रूपमा परिवर्तन हुन्छ । यही परिवर्तनलाई झुसिल्किराको जन्म भनिन्छ । किराको ससाना फुलबाट लार्भा बन्छ । लार्भाबाट किरा र त्यसमा पखेँटा आएपछि क्रमशः त्यो झुसिल्किरा रङ्गीचङ्गी पुतली बन्छ र बगैँचामा फूलसँग खेल्छ; डुल्छ । यसलाई झुसिल्किराको जीवनचक्र पनि भनिन्छ । वसन्त ऋतुमा यसरी एउटा सामान्य किराले रूप र रङले आकर्षक पुतलीको रूपमा जन्म पाउँछ । यही भाव माथिको कवितांशमा रहेको छ ।

## ३. मूल्याङ्कन

(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(ख) बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ मा दिइएको श्लोकको आशय भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● मुख्य भाव वा विषयवस्तु लेखन<br>● निर्दिष्ट विषयमा छलफल तथा लेखन<br>● चित्रबोध र छलफल | ● कविताको मूल भाव वा विषयवस्तु लेख्न<br>● निर्दिष्ट विषयवस्तुमा आधारित चित्रात्मक प्रस्तुति दिन<br>● विभिन्न चित्रको सन्दर्भपरक वर्णन गर्न | ● मूल भावको नमुना<br>● पुतलीको जीवनचक्र भएको श्रव्यदृश्य सामग्री<br>● चित्र, कार्डबोर्ड, साइनपेन |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कविता, मुक्तक वा रमाइलो प्रसङ्ग सुनाई कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना सुनाउन लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षक आफैँले तयार पारेको कविताको मुख्य भावको नमुना प्रोजेक्टरमार्फत् प्रदर्शन गनुहोस् । कुनै एक विद्यार्थीलाई सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । सोही आधारमा विद्यार्थीलाई कविताको विषयवस्तु वर्णन गर्न सिकाउनुहोस् ।

(आ) विद्यार्थीलाई समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको प्रश्न न. १० मा दिइएको निर्देशनका आधारमा 'पुतली' कविताको मुख्य भाव वर्णन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । कापी परीक्षण गरी पृष्ठपोषण दिनुहोस् ।

(इ) पाठ्य कविताको कुनै श्लोक प्रदर्शन गरी सो कवितांशको मुख्य भाव समेटेर बुँदा लेख्न लगाउनुहोस् । त्यसपछि उक्त बुँदालाई संयोजन गरी आशय वर्णन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ई) विद्यार्थीलाई समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ११ मा दिइएको निर्देशनका आधारमा पुतलीको जीवन चक्रका बारेमा छलफल गराउनुहोस् । पुतलीको जीवन चक्रसम्बन्धी श्रव्यदृश्य सामग्री देखाई त्यही विषय समेट्ने चित्र बनाउन लगाउनुहोस् । प्रत्येक समूहका क्रियाकलाप अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् ।

(उ) चित्र बनाउने काम सकिएपश्चात् प्रत्येक समूहद्वारा निर्मित चित्र शैक्षणिक पाटीमा टाँस्ने व्यवस्था मिलाउनुहोस् । प्रत्येक समूहलाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । प्रस्तुतीकरणको क्रम सकिएपश्चात् ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ऊ) विद्यार्थी सङ्ख्याका आधारमा साना साना समूह बनाउनुहोस् । कार्डबोर्ड र साइनपेन वितरण गर्नुहोस् । हरेक समूहलाई देहाय प्रकृतिका फरक फरक विषय दिई चित्र बनाउन लगाउनुहोस्, जस्तै :

- सबै जनावर जङ्गलमा मिलेर बसेको ।
- जनावरले परस्पर सहयोग गरेको आदि ।

(ऋ) विद्यार्थीका समूह कार्यको अवलोकन गरी आवश्यक सहयोग गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको प्रश्न न. १२ मा दिइएको निर्देशनका आधारमा सबै जनावरहरू जङ्गलमा मिलेर बस्न सम्भव छ या छैन ? भनी समूहमा लेख्न लगाउनुहोस् ।

(ए) समूह कार्यको प्रस्तुति गर्न लगाउनुहोस् र विद्यार्थीको प्रतिक्रिया लिनुहोस् । विद्यार्थीका प्रस्तुतिका लागि ताली बजाएर हौसला प्रदान गर्नुहोस् । अन्त्यमा आवश्यक पृष्ठपोषणसहित आजको सिकाइ क्रियाकलापको निष्कर्ष सुनाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पुतलीको जीवन चक्र कसरी पूरा हुन्छ, भन्न लगाउनुहोस् ।

(ख) कुनै एउटा चित्र प्रदर्शन गरी त्यसको उद्देश्य भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • भाषिक प्रकार्य (स्वज्ञानको प्रस्तुति)<br>• भाषिक संरचना (स्त्रीलिङ्ग, एकवचन र बहुवचन ) | • कुनै विषयवस्तु/समस्यामा केन्द्रित भई स्वज्ञान प्रस्तुत गर्न<br>• स्त्रीलिङ्गी शब्द निर्माण गर्न<br>• एकवचन र बहुवचन शब्दको पहिचान गरी तालिकीकरण गर्न | • स्वज्ञानसँग सम्बन्धित श्रव्यदृश्य/ श्रव्य सामग्री<br>• स्त्रीलिङ्गी तथा एकवचन र बहुवचनको तालिका र उदाहरण |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई कक्षामा स्वागत गर्दै आफू ढुङ्गामा ठेस लागेर लडेको रोचक विषयवस्तु सुनाएर उनीहरूको मस्तिष्क मन्थन गराउनुहोस् । यस्तै विषयवस्तु विद्यार्थीलाई पनि सुनाउन लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) शिक्षकले विद्यार्थीलाई काँडाले घोच्यो भने के हुन्छ ? जङ फुड किन खानु हुँदैन ? जस्ता प्रश्नहरू सोधी स्वज्ञानसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् ।

(आ) स्वज्ञान भनेको कसैसँग नसिकी अर्काले गरेको व्यवहार देखेर आफैँले जानेबुझेका असल कार्य वा ज्ञानहरू हुन् । विभिन्न समस्याहरूको समाधान गर्ने क्रममा हामी आफैँले पनि धेरै ज्ञान आर्जन गरेका हुन्छौँ । त्यस्तो ज्ञानलाई स्वज्ञान भनिन्छ । आफूले आर्जन गरेको ज्ञानलाई विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा तौरतरिका मिलाएर प्रस्तुत गर्न जान्नुपर्छ । स्वज्ञानको प्रस्तुति भाषिक व्यवहारबाट हुने गर्दछ । शिक्षकले विद्यार्थीलाई स्वज्ञानको प्रस्तुतिका लागि अनुभव गरेका कुरामा सचेत हुन सिकाउनुहोस् । स्वज्ञानको प्रस्तुति कसरी गर्न सकिन्छ भन्ने कुरा बुझाउन त्यससँग सम्बन्धित श्रव्यदृश्य तथा श्रव्य सामग्रीको प्रयोग वा एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

राजु ५ वर्षको भयो । ऊ यसपालि दसैँ बिदामा आमासँग मामाघर दोलखा गयो । मामाघरमा दिदीसँग आँगनमा खेल्ने क्रममा उसको चप्पल च्यातिएर लगाउनै नमिल्ने भयो । खाली खुट्टा खेल्दा आँगनमा भएको ढुङगाले उसको पैतालामा घाउ भयो । त्यसपछि उसले खाली खुट्टा खेल्न नहुने रहेछ भन्ने थाहा पायो ।

(इ) यस क्रममा कुनै एक विद्यार्थीलाई बोध र अभिव्यक्तिको प्रश्न न. १३ मा दिइएको सन्दर्भ सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् र अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा दिइएको उदाहरणमा जस्तै अरूले नसिकाई विद्यार्थीले आफैँ जानेको, बुझेको वा थाहा पाएको ज्ञानका बारेमा भन्न लगाउनुहोस् । विद्यार्थीले सुनाएका अनुभव श्रवण गर्दै आवश्यकताअनुसार सहजीकरण एवम् पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) शिक्षकले शैक्षणिक पाटीमा स्त्रीलिङ्गी वाक्य प्रयोग भएको तालिका र उदाहरण दिनुहोस् र विद्यार्थीलाई पढ्न लगाई स्त्रीलिङ्गी वाक्यका बारेमा विद्यार्थीबिच छलफल गराउनुहोस् ।

(ऊ) विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई सङ्ख्यात्मक रूपमा एक जनालाई बताउने वाक्य र दोस्रो समूहलाई सङ्ख्यात्मक रूपमा दुई वा सोभन्दा धेरै जनालाई बुझाउने वाक्य बनाउन लगाउनुहोस्, जस्तै :

| **पहिलो समूह** | | **दोस्रो समूह** | |
|---|---|---|---|
| **एकवचन** | म विद्यालय आएँ । | **बहुवचन** | हामी विद्यालय आयौँ । |
| | ...................... | | .......................... |

(ऋ) यस क्रममा शिक्षकले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । लेख्ने काम सकिएपछि सामूहिक रूपमा प्रस्तुतीकरणको अवसर दिनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ मा दिइएका पुलिङ्गी शब्द पढ्न लगाई स्त्रीलिङ्गमा रूपान्तरण गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास २ मा दिइएका निलो र रातो रङ लगाएका शब्दहरूको वचन पहिचान गर्न लगाउनुहोस् र तिनलाई एकवचन र बहुवचनको अलग अलग तालिकामा तालिकीकरण गर्न लगाउनुहोस् । जस्तै :

| **एकवचन** | **बहुवचन** |
|---|---|
| हजुरबुबा, अग्लो, नाति, ............. | अग्ला, छन्, मोटा, .............. |

(ओ) विद्यार्थीले उक्त अभ्यास गरिरहँदा शिक्षक विद्यार्थी भएकै ठाउँमा गई निरीक्षण गरी आवश्यक सहयोग गर्नुहोस् । विद्यार्थीले गरेको क्रियाकलापको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गनुहोस् ।

## ३. मूल्याङ्कन

(क) जाडोमा न्यानो कपडा नलगाउँदा के हुन्छ ? आफ्नो अनुभव बताउन लगाउनुहोस् ।

(ख) स्त्रीलिङ्गका कुनै पाँचओटा शब्दहरू लेख्न लगाउनुहोस् ।

(ग) एकवचन र बहुवचनबोधक कुनै ५/५ ओटा शब्दहरू तालिकामा लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • वाक्य परिवर्तन<br>• वाक्य सङ्गति<br>• वर्णविन्यास (शुद्ध लेखन) | • दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर्न<br>• वाक्य सङ्गति मिलाएर लेख्न<br>• ह्रस्व इकार र दीर्घ ईकार लागेका शब्दटिपोट गर्न | • वाक्यपत्ती<br>• ह्रस्व इकार र दीर्घ ईकार लागेका शब्दपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) मनोरञ्जनात्मक प्रसङ्ग वा प्रेरक घटना सुनाई विद्यार्थीलाई कक्षाको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) सर्वप्रथम शैक्षणिक पाटीमा केही वाक्य लेख्नुहोस्, जस्तै :
बहिनी मिहिनेती छिन् । गाईले पराल खायो । बगैँचामा फूल फुलेका छन् । मेरो भाइ सज्जन छ । भाइ असल छ । केटो दगुर्‍यो ।

(आ) उक्त वाक्यहरूमध्ये केही वाक्यलाई लिङ्ग र केही वाक्यलाई वचनका आधारमा परिवर्तन गर्न विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

(इ) स्त्रीलिङ्ग, पुलिङ्ग, एकवचन र बहुवचनका आधारमा विद्यार्थीलाई यथासम्भव चार वाक्यसमूहमा विभाजन गर्नुहोस् । अब प्रत्येक समूहलाई आआफ्नो समूहमा परेअनुसारका वाक्य बनाउन लगाउनुहोस्, जस्तै :
स्त्रीलिङ्गी वाक्य समूह : शर्मिला कविता लेख्छे । उनी कविता वाचन गर्छिन् ।
पुलिङ्गी वाक्य समू : नरेश असल छ । दाजुले काम गर्नुभयो ।
एकवचन वाक्य समूह : साथी आयो । ऊ उत्तीर्ण भयो ।
बहुवचन वाक्य समूह : वनमा गाईहरू चर्छन् । हामी इलाम घुम्न जान्छौँ ।

(ई) अब वाक्यपत्तीका सहायताले उक्त समूहले बनाएका वाक्यलाई लिङ्ग र वचनअनुसार परिवर्तन गर्न लगाउनुहोस् ।

(उ) लिङ्ग र वचनगत सङ्गति मिलेका र नमिलेका वाक्यहरू देखाउँदै तिनको तुलना गर्न लगाउनुहोस् । लिङ्ग र वचनको सही प्रयोगसम्बन्धी धारणा स्पस्ट पारिदिनुहोस् । उदाहरणका लागि :

| सङ्गति नमिलेका वाक्य | सङ्गति मिलेका वाक्य |
|---|---|
| म काठमाडौँ जान्छौँ । | म काठमाडौँ जान्छु । |
| सरिताले वृक्षारोपण गर्‍यो । | सरिताले वृक्षारोपण गरी । |
| बहिनीहरू घर आयो । | बहिनीहरू घर आए । |
| केटी मिहिनेती छ । | केटी मिहिनेती छे । |

(ऊ) लिङ्ग र वचनसम्बन्धी धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

| लिङ्ग | |
|---|---|
| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
| बुबा खेतमा काम गर्नुहुन्छ ।<br>केटो सफा छ ।<br>पुरुषहरू गीत गाउँदै नाच्छन् । | आमा खेतमा काम गर्नुहुन्छ ।<br>केटी सफा छे ।<br>महिलाहरू गीत गाउँदै नाच्छन् । |
| **वचन** | |
| **एकवचन** | **बहुवचन** |
| तिमी कविता लेख्छौ ।<br>उनी काम गर्छिन् । | तिमीहरू कविता लेख्छौ ।<br>उनीहरू काम गर्छन् । |

(उ) शैक्षणिक पाटीको प्रयोग गरी लिङ्ग तथा वचनका आधारमा वाक्य परिवर्तनका केही अभ्यास गर्न विद्यार्थीलाई नै प्रोत्साहित गर्नुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस्, जस्तै :

(क) म तरकारी बेच्छु । (बहुवचन )
(ग) ऊ खेत खन्छ । (स्त्रीलिङ्ग)
(ख) साथीहरू किताब किन्छन् । (एकवचन )
(घ) दिदी कुरा गर्दै हुनुहुन्छ । (पुल्लिङ्ग )

(ऊ) विद्यार्थीलाई दुई समूहमा विभाजन गरी एउटा समूहलाई ह्रस्व इकार र अर्को समूहलाई दीर्घ ईकार भएका शब्दको पहिचान गरी उत्तरपुस्तिकामा टिपोट गर्न लगाउनुहोस् ।

(ऋ) टिपोट गरिएका शब्दहरू विद्यार्थीलाई भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ए) टिपोट गरिएका शब्दलाई वाक्यमा प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट आएको जवाफ शैक्षणिक पाटीमा टिपोट गरी छलफल गर्नुहोस् ।

(ऐ) शब्दपत्तीको प्रयोग गर्दै सुरु, बिच र अन्त्यमा ह्रस्व इकार र दीर्घ ईकार भएका शब्दहरू प्रस्तुत गर्दै कीसान, घीउ, जीब्रो, मानीस, भानीज, भतीजा, माईत, कृती, कवी, रवी, इश्वर, शिर्षक, गित आदि शब्दलाई शुद्ध पारी लेख्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न लगाउनुहोस् :

(अ) आमा बजार जानुभयो । (पुलिङ्ग)
(आ) गाईले पराल खायो । (बहुवचन)
(इ) केटो दगुर्‍यो । (स्त्रीलिङ्ग)
(ई) बगैँचामा फूलहरू फुलेका छन् । (एकवचन)
(उ) मेरो भाइ सज्जन छ (बहुवचन)

(ख) दिइएका वाक्यलाई वचन र लिङ्ग सङ्गति मिलाई लेख्न लगाउनुहोस् :

(अ) उनीहरू मस्तसँग सुत्यो ।
(आ) तिमी बजार जान्छस् ।
(इ) हामी धेरै परिश्रम गर्छु ।
(ई) सरिताले वृक्षारोपण गर्‍यो ।
(उ) रमेश मोटर हाँक्छे ।

(ग) 'पुतली' कवितामा प्रयोग भएका ह्रस्व इकार र दीर्घ ईकार लागेका तीन तीनओटा शब्द भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस्

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• सिर्जनात्मक कार्य (कविता पूरण) | • सुनाइ पाठमा आधारित अभ्यास गर्न<br>• उचित शब्द राखी कविता पूरण गर्न | • श्रव्य सामग्री<br>• श्लोकपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) आफूले रचना गरेको कविताको एक श्लोक सुनाइ विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् । जस्तै :

रङ्गीबिरङ्गी सब फूल फुल्दा
उद्यान हाम्रो कति दिव्य बन्ला ?
मालीहरू बोट कुनै नभाँचुन्
सधैँ सबै फूल अनन्त बाँचुन् ॥

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्, जस्तै :

- सुनाइ पाठ ध्यानपूर्वक सुनी विषयवस्तुको बोध गर्नुपर्ने
- सुनाइ पाठकै आधारमा सोधिएका प्रश्नको उत्तर दिनुपर्ने
- प्रश्नले सोधेको जिज्ञासा वा समस्यालाई बुझी उत्तर दिनुपर्ने
- प्रश्नको संरचनाअनुसार त्यही ढाँचामा उत्तर दिनुपर्ने

(आ) विद्यार्थीलाई सुनाइ पाठ १४ सुनाउनुहोस् । यस क्रममा शिक्षकले यसै शिक्षक निर्देशिकाको परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ १४ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार कम्तीमा २ पटकसम्म सुनाउनुहोस् ।

(इ) पाठको सुनाइ र बोलाइ खण्डका आधारमा सुनाइ बोलाइ अभ्यास १ गराउनुहोस्, जस्तै :

(क) फलेको वृक्षको ……………नझुकेको कहाँ छ र !
(ख) रश्मिले चन्द्रको …………. दबाएकै छ बेसरी ।
(ग) दुधपान गरी सर्प खालि ……………. बगाउँछ ।
(घ) मिलेर काम गर्नाले हुन्छ अत्यन्त ……………. ।

(ई) पाठको सुनाइ पाठका आधारमा सुनाइ र बोलाइ अभ्यास २ गराउनुहोस् । यस क्रममा उनीहरूलाई सुनाइ अभ्यासमा निर्दिष्ट प्रश्न सोध्नुहोस् । एउटाले दिएको उत्तर मिले नमिलेको अर्को विद्यार्थीलाई सोधी परीक्षण गर्नुहोस् । मिल्दो उत्तर दिने विद्यार्थीको हौसलाका लागि स्याबासी दिनुहोस् ।

(उ) विद्यार्थीले दिएको उत्तरमा आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गरी उत्तरको नमुना स्लाइडमा वा शैक्षणिक पाटीमा लेखेर पनि प्रदर्शन गर्न सक्नुहुने छ, जस्तै :

**उत्तरको नमुना**

(क) उपकारी व्यक्ति कस्तो हुन्छ ?
उत्तर : उपकारी व्यक्ति नम्र र विनयशील हुन्छ ।
(ख) गुणीको गुण केमा परेर दबिन्छ ?
उत्तर : गुणीको गुण दोषको रासम परेर दबिन्छ ।
(ग) पाठमा कुन कुन प्राणीका नाम उल्लेख गरिएको छ ?
उत्तर : पाठमा मौरी, सर्प आदि प्राणीका नाम उल्लेख गरिएको छ ।
(घ) कसलाई अर्ती गालीतुल्य बिझाउँछ ?
उत्तर : मुर्खलाई अर्ती पनि गालीतुल्य बिझाउँछ ।

(ऊ) विद्यार्थीलाई सिर्जना कार्यका आधारमा कविता पूरण गर्ने तरिका सिकाउनुहोस् र एउटा नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

सफा छ सारा घर गाउँ आज
साँच्चै निरोगी रसिलो समाज ।

(ऋ) कविता पूरण गर्दा लयलाई ध्यान दिनुपर्छ । प्रायः कविताका प्रत्येक पङ्क्तिका अन्त्यमा अन्त्यानुप्रासयुक्त शब्द हुनुपर्छ । कविता पूरण गर्दा कविताको अक्षर सङ्ख्यामा ध्यान दिनुपर्छ अनि खाली ठाउँमा पूरण गरेको शब्दले पङ्क्तिगत सिङ्गो भाव बुझाउन सहयोग गरेको हुनुपर्छ भन्ने कुरा उदाहरणबाट बुझाउनुहोस् ।

(ए) शिक्षकले सिर्जनात्मक कार्य अभ्यास खण्डमा निर्देशित अपूर्ण कविता र त्यसलाई पूरा गर्न दिइएका शब्दहरूको सूची प्रस्तुत गर्नुहोस् । यदि विद्यार्थी अलमलिएमा श्लोकपत्तीका सहायताले कविताको खाली ठाउँ पूरण गराउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गरी पृष्ठपोषण दिनुहोस्, जस्तै :

| **जिन्दगानी, छाया, नारा, सारा, पानी, माया, सारा, प्यारा** |
|---|
| हिमालको पानी मिठो पहाडको ........... |
| नेपालीले नेपालीलाई गर्नुपर्छ ............. । |
| पौरखमा देश बन्छ उठौँ छिटो ............ |
| हामी जुटे देश बन्छ भन्दै जुटौँ ................ । |
| शिखर यो शिर हाम्रो रगत हो ................ |
| त्यै पानीमा बिताउँछौँ हामी ...................... । |
| जय जय नेपालको भन्दै लायौँ ............ |
| हामी जुटे देश बन्छ भन्दै जुटौँ .............. । |

## ३. मूल्याङ्कन

(अ) दिइएका खाली ठाउँमा उपयुक्त शब्द राखेर कविता पूरा गर्नुहोस् ।

**बेसरी, परी, हुन्छ, उपकारी, सदा, बिझाउँछ, छ र !, दुधपान**

...........गुणी व्यक्ति निहुरन्छ निरन्तर
फलेको वृक्षको हाँगो नझुकेको कहाँ ...........
दबिन्छ गुणिको दोष गुणका रासमा .......
रश्मिले चन्द्रको दाग दबाएकै छ ......... ।
मिलेर काम गर्नाले ........ अत्यन्त फाइदा
एकता हेर कस्तो छ मौरीका महमा...... ।
मूर्खका मनमा अर्ती गालीतुल्य .........
.............. गरी सर्प खालि विष बगाउँछ ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

| पाठ : १५ | रोबोट गाउँ | |
|---|---|---|
| **विधा : कथा** | | **कार्यघण्टा : ११** |

### परिचय

कथाकार कृष्ण बजगाईँद्वारा रचित **'रोबोट गाउँ' सामाजिक** कथा हो । भाषा शिक्षणका लागि कथा शिक्षणलाई निकै उपयोगी मानिन्छ । बालबालिकालाई अत्यन्तै मन पर्ने विधाका रूपमा कथालाई लिइन्छ । कथा शिक्षणको प्रमुख उद्देश्य भनेकै विद्यार्थीमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । यसले बालबालिकामा लामो समयसम्म ध्यान दिएर सुन्न सक्ने बानीको विकास हुनुका साथै एकाग्रताका साथ पढ्ने र विषयवस्तुको बोध गर्ने क्षमता पनि राम्रो हुने गर्छ । साहित्यिक आस्वादनका हिसाबले पनि कथा उपयोगी हुन्छ भने व्याकरण, शब्दभण्डार, बोध तथा अभिव्यक्ति र सिर्जनात्मक लेखनका दृष्टिले पनि यो विधा उपयोगी छ । कथाको शिक्षणले बालबालिकामा विशेषतः भाषिक, संवेगात्मक, सामाजिक तथा व्यावहारिक सिपको विकास गर्न सकिन्छ ।

**'रोबोट गाउँ'** कथाले समाजमा देखिएका समस्यालाई सबै छिमेकी मिलेर समाधान गर्न सकिने विषयवस्तु प्रस्तुत गरेको छ । समाजमा हुने यथार्थ घटनालाई यस कथाले चित्रण गरेको छ । मानिस सामाजिक प्राणी हो र उसका हरेक गतिविधिमा सिङ्गो समाज मिलेर मात्र समस्या समाधान गर्न सकिन्छ भन्ने कुरालाई यस कथाले देखाएको छ । कथा विधाको शिक्षण गर्दा सस्वर र मौन पठन, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, घटना वर्णन, घटनाक्रम मिलान आदि क्रियाकलापमा केन्द्रित हुनुपर्छ ।

यस कथाको अध्ययनबाट विद्यार्थीमा कथनात्मक अभिव्यक्ति सिपको विकास गराउने उद्देश्य राखिएको हुँदा विद्यार्थीमा प्रतिक्रिया, धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर, छलफल, कथाकथन र घटना वर्णन, अनुमान, कल्पना र निष्कर्ष, चित्रकथा वर्णन, समस्या पहिचान र समाधानका उपायको प्रस्तुति, जिम्मेवारी र कर्तव्यबोध, मौखिक वर्णन, अन्य कथासँगको तुलना, सहकार्य आदि जस्ता सुनाइ तथा बोलाइ सिप विकासका क्रियाकलाप गराउनुपर्छ । यस कथा शिक्षणका क्रममा आरोह अवरोहसहितको समयबद्ध सस्वर पठन, मौन पठन, प्रश्नहरूको छनोट र उत्तर पहिचान, विषयवस्तुको सन्दर्भ वर्णन, चरित्र चित्रण र पात्र तुलना जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, सार लेखन, श्रुतिलेखन, विषयवस्तुमा आधारित भाव लेखन, निर्देशित वा कुनै विषयमा आधारित स्वतन्त्र रचनालगायतका पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । शब्दभण्डारअन्तर्गत समावेशक तथा समावेश्य शब्दको पहिचान र प्रयोग, पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत पुरुषको पहिचान, प्रकार र सङ्गतियुक्त प्रयोग, ह्रस्व उकार र दीर्घ ऊकारको पहिचान र प्रयोगका क्रियाकलाप गराउनुपर्छ । यो पाठमा सहकार्य सोचसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत कथा लेखन र निर्दिष्ट शीर्षकमा रचना क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठ १५ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ ।

पाठ १५ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • दृश्य (चित्र) बोध<br>• श्रुतिबोध<br>• प्रश्नोत्तरात्मक छलफल | • पूर्व पठन खण्डमा समाविष्ट तस्बिरको पहिचान तथा बोध गर्न<br>• तस्बिरमा आधारित भएर अनुमान तथा कल्पना गर्न<br>• शिक्षकबाट सुनेका आधारमा चित्रगत विषयबोध गरी वर्णन गर्न | • पूर्व पठन खण्डका तस्बिर<br>• वनजङ्गल वा जनावरका तस्बिरहरू | १ |
| दोस्रो दिन | • सस्वर पठन (अनुच्छेद १-८) र शुद्धोच्चारण<br>• शब्दार्थबोध र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • आरोह अवरोहसहित सस्वर पठन गर्न<br>• शब्दहरूको सही उच्चारण गर्न<br>• नवीन तथा कठिन शब्दको अर्थ बताउन<br>• निर्दिष्ट शब्दहरूको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुचछेदबाट सोधिएका प्रश्नको उत्तर दिन | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर नमुना | १ |
| तेस्रो दिन | • • सस्वर पठन (अनुच्छेद ९-१६) र शुद्धोच्चारण<br>• शब्दार्थबोध र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • आरोह अवरोहसहित सस्वर पठन गर्न<br>• शब्दहरूको सही उच्चारण गर्न<br>• नवीन तथा कठिन शब्दको अर्थ बताउन<br>• शब्दहरूको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुचछेदबाट सोधिएका प्रश्नको उत्तर दिन | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर नमुना | १ |
| चौथो दिन | • सस्वर पठन<br>• शुद्धोच्चारण<br>• शब्दार्थ | • आरोह अवरोहसहित सस्वर पठन गर्न<br>• शब्दहरूको सही उच्चारण गर्न<br>• नवीन तथा कठिन शब्दको अर्थ बताउन | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती | १ |
| पाँचौँ दिन | • जोडा मिलाउने<br>• रिक्तस्थान पूरण<br>• वाक्यमा प्रयोग<br>• वाक्यसङ्ख्या बोध<br>• प्रश्नोत्तर कथन | • समावेश्य र समावेशक शब्दको पहिचान गरी जोडा मिलाउन<br>• मिल्दो शब्द राखी खाली ठाउँ भर्न<br>• शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>• अनुच्छेदमा रहेका वाक्यहरूको सङ्ख्या पहिल्याउन<br>• कथागत विषयमा आधारित प्रश्नको उत्तर भन्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नावली<br>• नमुना उत्तर | १ |

| | | | | |
|---|---|---|---|---|
| **छैटौँ दिन** | • ठिक बेठिक पहिचान<br>• श्रुतिलेखन<br>• अनुच्छेद पठन तथा पठनकाल बोध | • पाठ्य कथामा आधायरित रही ठिक बेठिक पहिचान गर्न<br>• शिक्षकबाट सुनेर अनुच्छेदको श्रुतिलेखन गर्न<br>• अनुच्छेदको पठन गरी पठनकाल निर्धारण गर्न | • ठिक बेठिक प्रश्नसूची<br>• अनुच्छेदपत्ती<br>• श्रव्यसामग्री | १ |
| **सातौँ दिन** | • पात्र पहिचान<br>• कथाको घटनाक्रम मिलान | • दिइएका भनाइका आधारमा पात्र (वक्ता) पहिचान गर्न<br>• निर्दिष्ट बुँदालाई कथाको घटनाका आधारमा क्रम मिलाई लेख्न | • चार्ट पेपर, भनाइ सूची<br>• क्रमविहीन घटनावली<br>• स्लाइड, प्रदर्शन पाटी | १ |
| **आठौँ दिन** | • सङ्क्षिप्त प्रश्नोत्तर<br>• पात्र मन पर्नुको कारण लेखन<br>• वाक्यगत आशयको प्रस्तुतीकरण | • प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न<br>• पात्र मन पर्नुको कारण लेख्न<br>• वाक्यको आशय प्रस्ट पार्न | • प्रश्नोत्तरको नमुना<br>• शैक्षणिक पाटी/स्लाइड<br>• प्रश्नावली तथा नमुना उत्तर | १ |
| **नवौँ दिन** | • कथाको सङ्क्षेपीकरण<br>• अनुच्छेद लेखन<br>• भाषिक प्रकार्य (आफूले घरमा सहयोग गर्ने कामको प्रस्तुति) | • पाठ्य कथालाई सङ्क्षेपमा लेख्न<br>• बाल्यकालीन अनुभूतिमा आधारित अनुच्छेद लेख्न<br>• आफूले घरमा अन्य सदस्यलाई सहयोग गर्ने काम प्रस्तुत गर्न | • अनुच्छेदपत्ती<br>• शैक्षणिक पाटी/स्लाइड | १ |
| **दसौँ दिन** | • पुरुष र वचनको सङ्गति<br>• वर्णविन्यास<br>• ह्रस्व उकार र दीर्घ ऊकारयुक्त शब्दको पहिचान | • पुरुष र वचनको सङ्गति मिलाई प्रयोग गर्न<br>• अशुद्ध रूपमा प्रयुक्त ह्रस्व उकार र दीर्घ ऊकार भएका शब्दलाई शुद्ध बनाई पुनर्लेखन गर्न<br>• ह्रस्व उकार र दीर्घ ऊकार भएका शब्दको पहिचान गर्न | • अशुद्ध/शुद्ध शब्दपत्ती<br>• वाक्यपत्ती<br>• चार्टपेपर आदि | १ |
| **एघारौँ दिन** | • श्रुतिबोध<br>• सिर्जनात्मक कार्य (कथा लेखन तथा प्रस्तुतीकरण) | • सुनाइ पाठ १५ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट विषयवस्तुमा छलफल र प्रस्तुति दिन<br>• सुनाइ पाठका आधारमा खाली ठाउँ भर्न<br>• निर्दिष्ट बुँदाका आधारमा कथा लेख्न | • सुनाइ पाठ १५ को श्रव्य सामग्री<br>• प्रश्नावली तथा नमुना उत्तर<br>• कथागत बुँदाहरू<br>• कथा लेखनको नमुना | १ |
| **जम्मा कार्यघण्टा** | | | | **११** |

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • दृश्य (चित्र) बोध<br>• श्रुतिबोध<br>• प्रश्नोत्तरात्मक छलफल | • पूर्व पठन खण्डमा समाविष्ट तस्बिरको पहिचान तथा बोध गर्न<br>• तस्बिरमा आधारित भएर अनुमान तथा कल्पना गर्न<br>• शिक्षकबाट सुनेका आधारमा चित्रगत विषयबोध गरी वर्णन गर्न | • पूर्व पठन खण्डका तस्बिर<br>• वनजङ्गल वा जनावरका तस्बिरहरू |

२. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कुनै रमाइलो चुट्किला वा छोटो कथा सुनाएर उनीहरूलाई कक्षामा स्वागत गर्नुहोस् ।


(आ) अगिल्लो दिन अध्ययन गरेका विषयवस्तुको पुनः स्मरण गराउनुहोस् ।

(इ) आजको कक्षाका पाठ्यवस्तुको जानकारी गराउनुहोस् ।

(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) शिक्षकले पूर्व पठन खण्डको तस्बिर प्रस्तुत गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टर प्रयोग गर्नुहोस् । सो नभए पाठ्यपुस्तकमा दिइएका निम्न चित्र हेर्न निर्देशन दिनुहोस् :



(आ) प्रस्तुत गरिएको चित्रका बारेमा पूर्वज्ञानका आधारमा फरक फरक विद्यार्थीलाई आफूले जानेबुझेका कुरा वर्णन गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले प्रस्तुत गरेका कुराकानी र सन्दर्भलाई समेट्दै पाठगत सन्दर्भलाई निर्देश गर्नुहोस् । यस क्रममा वनजङ्गल, यसका फाइदा, पशुपन्छी र वनजङ्लसँगको सम्बन्ध, मानिसको अविवेकी कार्यकलाप, यसबाट पशुपन्छीलाई पुग्ने असर आदि विषयमा पूर्व पठनका आधारमा छलफल गराउनुहोस् ।

(ई) विद्यार्थी माझ केही पशुपन्छीका चित्रहरू प्रस्तुत गरी प्रश्न गर्नुहोस् : चित्रमा देखाइएको पशु वा पक्षीको नाम, वासस्थान, खानपान के के हुन् ? । यी प्रश्नहरूको उत्तर विद्यार्थीबाट आएपछि पुनः अरू प्रश्न गर्नुहोस् : हामी कहाँ बस्छौ ? हाम्रो बासस्थान नहुँदा के होला ? जनावरको बासस्थान नहुँदा के हुन्छ ? आदि । उक्त प्रश्नहरूको उत्तर विद्यार्थीको समूहबाट प्राप्त भएपछि व्यक्तिगत रूपमा पनि यससम्बन्धी विद्यार्थीको धारणा बुझ्नुहोस् । छलफलमा आएका सान्दर्भिक तथ्यलाई पाठसँग जोड्दै निष्कर्ष सुनाउनुहोस् ।

(उ) पाठको पूर्व पठन खण्डमा दिइएको चित्र बनाउन विद्यार्थीलाई यथासम्भव चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई १/१ ओटा चित्र बनाउन लगाउनुहोस् अथवा आआफ्नो समूहमा परेका चित्रका बारेमा वर्णन गर्न लगाउनुहोस् र सबै समूहबाट चित्रको वर्णन भइसकेपछि पुनः सामूहिक छलफल गराउनुहोस् । छलफलका क्रममा आवश्यक सहजीकरण तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऊ) कक्षाकोठाको विविधता व्यवस्थापन गर्दै फरक क्षमता र स्तर भएका विद्यार्थीलाई आवश्यक पृष्ठपोषण तथा सहजीकरण गर्नुहोस् ।

३. मूल्याङ्कन

(क) विद्यार्थीलाई वनजङ्गलको महफ्व, वनजङ्गल र वन्यजन्तुको सम्बन्ध विषयमा सोध्नुहोस् ।

(ख) आजको कक्षामा छलफल भएका मुख्य मुख्य विषयवस्तु भन्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● सस्वर पठन (अनुच्छेद १-८) र शुद्धोच्चारण<br>● शब्दार्थबोध र वाक्यमा प्रयोग<br>● बोध प्रश्नोत्तर | ● आरोह अवरोहसहित सस्वर पठन गर्न<br>● शब्दको सही उच्चारण गर्न<br>● नवीन तथा कठिन शब्दको अर्थ बताउन<br>● निर्दिष्ट शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>● निर्दिष्ट अनुचछेदबाट सोधिएका प्रश्नको उत्तर दिन | ● शब्दपत्ती<br>● अर्थपत्ती<br>● वाक्यपत्ती<br>● प्रश्नोत्तर नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै एउटा आख्यानात्मक रमाइलो घटना सुनाउनुहोस् र विद्यार्थीको ध्यानाकृष्ट गराउनुहोस् ।

(आ) अगिल्लो दिनको पाठ्यवस्तुको स्मरण गराई त्यससँग सम्बन्धित एक दुईओटा छोटा छोटा प्रश्न सामूहिक रूपमा राख्नुहोस् र विद्यार्थीको प्रतिक्रिया सुन्नुहोस् ।

(इ) आजको सिकाइ क्रियाकलापका विषयवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) निर्दिष्ट अनुच्छेद २/३ जना विद्यार्थीलाई पालैपालो आरोह, अवरोह, गति, यति, लेख्यचिह्न आदिको ख्याल राख्दै सस्वर पठन गर्न लगाउनुहोस् । उच्चारण गर्न कठिन भएमा शिक्षकले सहजीकरण गर्नुहोस् ।

(आ) सस्वर पठनका क्रममा विद्यार्थीलाई उच्चारण गर्न कठिन लागेका शब्द कापीमा टिप्न वा सिसाकलमले रेखाङ्कन गर्न भन्नुहोस् ।

(इ) निर्दिष्ट अनुच्छेद १-८ को सस्वर पठनपश्चात् विद्यार्थीले टिपेका नयाँ शब्द भन्न लगाउनुहोस् । शिक्षकले ती शब्दलाई नदोहोरिने गरी शैक्षणिक पाटीमा टिप्नुहोस् । ती शब्दलाई शुद्धसँग उच्चारण गर्न सामूहिक वा व्यक्तिगत रूपमा निर्देशन दिनुहोस् ।

(ई) विद्यार्थीले शुद्धसँग उच्चारण गरे नगरेको एक अर्कालाई ध्यान दिएर सुन्न लगाउनुहोस् र आफू पनि सुन्नुहोस् । विद्यार्थी पङ्क्तिबाट शुद्ध उच्चारण हुन कठिन शब्दको अक्षरीकरणपूर्वक शुद्धोच्चारणमा सहजीकरण गरी विद्यार्थीलाई २/३ पटक शुद्ध उच्चारण गर्न निर्देशन दिनुहोस् । जस्तै :

खाद्यान्न : /खाद्.द्यान्.न./ बुख्याचा : /बुख्.ख्या.चा./
स्वयंसेवक : /स्व.यम्.से.बक्./ उपाय : /उ.पा.य./

(उ) शब्दपत्तीको प्रयोग गर्दै शुद्ध उच्चारणका लागि थप अभ्यास गराउनुहोस् ।

(ऊ) शुद्धसँग उच्चारण गरिएका शब्दको अर्थ विद्यार्थीबाटै पहिल्याउनुहोस् । अर्थ पहिचान गर्ने विद्यार्थीको प्रशंसा गर्नुहोस् । विद्यार्थीलाई अर्थबोध हुन कठिनाइ भएमा सहजीकरण गर्दै शब्दार्थसम्बन्धी छलफल गराउनुहोस् ।

(ऋ) शब्दार्थ शिक्षणका क्रममा शब्दपत्ती तथा अर्थपत्तीको प्रयोग गर्दै नवीन तथा कठिन शब्दको अर्थसम्बन्धी थप छलफल र अभ्यास गराउनुहोस् ।

(ए) अनुच्छेदमा आएका नयाँ शब्दको अर्थबोधपूर्वक अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । यस क्रममा शैक्षणिक पाटीमा शब्द लेखी वा शब्दपत्ती तथा अर्थपत्तीको प्रदर्शन गरी वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । शब्दलाई वाक्यमा प्रयोग गर्दा मिले नमिलेको ध्यान दिएर सुन्नुहोस् र आवश्यक पृष्ठपोषणसहित सहजीकरण गर्नुहोस् ।

(ऐ) निर्दिष्ट अनुच्छेदबाट प्रश्नको सूची बनाई छलफल गराउनुहोस् र तिनको उत्तर विद्यार्थीलाई भन्न लगाउनुहोस् । जस्तै :

**प्रश्नहरू**
(क) किसानटार गाउँका मानिसहरू कस्ता थिए ?
(ख) बाँदर तर्साउन किसानहरूले के गरे ? आदि

(ओ) उक्त प्रश्नहरूको उत्तर विद्यार्थी समूहबाट नै खोज्नुहोस् । आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कथाको पहिलो अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) निर्दिष्ट अनुच्छेदमा भएको कृषि, प्रशस्त जस्ता केही शब्दहरूको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) शुद्ध उच्चारणका लागि सोधिएका शब्दहरूको अर्थ भन्न लगाउनुहोस् ।

(घ) निम्न प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) किसानहरूलाई कसले दुःख दियो ?

(आ) किसानहरू किन छलफलमा जुटे ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन (अनुच्छेद ९-१६) र शुद्धोच्चारण<br>• शब्दार्थबोध र वाक्यमा प्रयोग<br>• बोध प्रश्नोत्तर | • आरोह अवरोहसहित सस्वर पठन गर्न<br>• शब्दहरूको सही उच्चारण गर्न<br>• नवीन तथा कठिन शब्दको अर्थ बताउन<br>• शब्दहरूको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुचछेदबाट सोधिएका प्रश्नको उत्तर दिन | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै गीत गाएर वा प्रेरक घटना सुनाएर विद्यार्थीलाई सिकाइ क्रियाकलापमा आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ). आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई अनुच्छेदमा प्रयुक्त वाक्यचिह्नहरूको ख्याल राख्दै निर्दिष्ट अनुच्छेदको सस्वर पठन गरी पढ्न निर्देशन दिनुहोस् । एउटा विद्यार्थीलाई पढ्न लगाउँदा अन्य विद्यार्थीलाई ध्यान दिएर सुन्न भन्नुहोस् ।

(आ) विद्यार्थीले सस्वर पठन गर्दा कठिनाइ देखिएको ठाउँमा नमुना पठन गरिदिनुहोस् । सकेसम्म धेरै विद्यार्थीलाई सस्वर पठनका लागि अवसर प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् । यस क्रममा विद्यार्थीको भाषिक पृष्ठभूमि र सिकाइको स्तरलाई ख्याल गर्दै सस्वर पठनका लागि आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

(ई) सस्वर पठनका क्रममा विद्यार्थीले शुद्ध उच्चारण गरे नगरेको ख्याल गरी सुन्न निर्देशन दिनुहोस् । अशुद्ध उच्चारण गरेका शब्दहरू सिसाकलमले रेखाङ्कन गर्न लगाउनुहोस् र त्यस्ता शब्दहरू स्वयम्ले पनि शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) सस्वर पठनका क्रममा विद्यार्थीबाट गलत उच्चारण भएका तथा विद्यार्थीले नै टिपोट गरेका शब्दहरू के के छन् भनी सोध्नुहोस् र उनीहरूले रेखाङ्कन गरेका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) टिपोट गरिएका शब्दको शुद्ध उच्चारण गर्ने पहिलो अवसर विद्यार्थीलाई नै दिनुहोस् । त्यसपछि शैक्षणिक पाटीमा अक्षरीकरण गरी लेख्नुहोस् र हरेक शब्दलाई पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।

(ऋ) शुद्धोच्चारणका लागि आफूले तयार पारेको शब्दपत्ती शैक्षणिक पाटीमा प्रदर्शन गर्नुहोस् र त्यो शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् । जस्तै :

विशेषज्ञ : /बि.से.सक्.ग्य./ फाट्टफुट्ट : /फाट्.ट.फुट्.ट./

(ए) विद्यार्थीले शुद्ध उच्चारण गरेको अवस्थामा प्रशंसा तथा पृष्ठपोषण गर्नुहोस् । यदि अशुद्ध उच्चारण गरेमा शुद्ध उच्चारण गर्न सिकाउनुहोस् । शुद्ध उच्चारण गर्न पटक पटक लगाउनुहोस् ।

(ऐ) शुद्धसँग उच्चारण गरिएका शब्द तथा अर्थबोध हुन कठिन भएका अन्य शब्दको अर्थ विद्यार्थीबाटै पहिल्याउनुहोस् । विद्यार्थीलाई अर्थबोध हुन कठिनाइ भएमा सहजीकरण गर्दै शब्दार्थसम्बन्धी छलफल गराउनुहोस् ।

(ओ) शब्दार्थ शिक्षणका क्रममा शब्दपत्ती तथा अर्थपत्तीको प्रयोग गर्दै नवीन तथा कठिन शब्दहरूको अर्थसम्बन्धी थप छलफल र अभ्यास गराउनुहोस् ।

(औ) अनुच्छेदमा आएका नयाँ शब्दहरूको अर्थबोधपूर्वक अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । यस क्रममा शैक्षणिक पाटीमा शब्दहरू लेखी वा शब्दपत्ती तथा अर्थपत्तीको प्रदर्शन गरी वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । वाक्यमा प्रयोग गर्दा मिले नमिलेको ध्यान दिएर सुन्नुहोस् र आवश्यक पृष्ठपोषणसहित सहजीकरण गर्नुहोस् ।

(अं) निर्दिष्ट अनुच्छेदबाट प्रश्नहरूको सूची बनाई छलफल गराउनुहोस् र तिनको उत्तर विद्यार्थीलाई भन्न लगाउनुहोस् । प्रश्नहरूको उत्तर विद्यार्थी समूहबाट नै खोज्नुहोस् । आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् । जस्तै :

**प्रश्नोत्तरको नमुना**

- गाउँमा बाँदर पल्केको कति वर्ष भएछ ?

उत्तर : गाउँमा बाँदर पल्केको सात वर्ष भएछ ।

- बाँदर किन गाउँ पसेका रहेछन् ?

उत्तर : वासस्थान र खानेकुरा मासिएपछि बाँदर गाउँ पसेका रहेछन् ।

### ३. मूल्याङ्कन

(क) कथाको तेह्रौँ अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) शुद्ध उच्चारण गर्नुहोस् :

वास्तव, प्रशस्त, दीर्घकालीन

(ग) शुद्ध उच्चारणका लागि सोधिएका उक्त शब्दहरूको अर्थ भन्न लगाउनुहोस् ।

(घ) निम्न प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) पातले वनको रुख कसले काटेका थिए ?

(आ) कहाँ प्रशस्त फलफूल पाइन्थे ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सस्वर पठन | • आरोह अवरोहसहित सस्वर पठन गर्न | • शब्दपत्ती |
| • शुद्धोच्चारण | • शब्दहरूको सही उच्चारण गर्न | • अर्थपत्ती |
| • शब्दार्थ | • नवीन तथा कठिन शब्दको अर्थ बताउन | • वाक्यपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै विद्यार्थीको राम्रो बानीको प्रशंसा गरी सबै विद्यार्थीलाई सिकाइ क्रियाकलापमा आकृष्ट गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ). आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई अनुच्छेदमा प्रयुक्त वाक्यचिह्नहरूको ख्याल राख्दै निर्दिष्ट अनुच्छेदको सस्वर पठन गरी पढ्न निर्देशन दिनुहोस् । एउटा विद्यार्थीलाई पढ्न लगाउँदा अन्य विद्यार्थीलाई ध्यान दिएर सुन्न भन्नुहोस् ।

(आ) विद्यार्थीले सस्वर पठन गर्दा कठिनाइ देखिएको ठाउँमा नमुना पठन गरिदिनुहोस् । सकेसम्म धेरै विद्यार्थीलाई सस्वर पठनका लागि अवसर प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीले गति, यति र लेख्य चिह्न ख्याल गरी पढे नपढेको अवलोकन गर्नुहोस् । यस क्रममा विद्यार्थीको भाषिक पृष्ठभूमि र सिकाइको स्तरलाई ख्याल गर्दै सस्वर पठनका लागि आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

(ई) सस्वर पठनका क्रममा विद्यार्थीले शुद्ध उच्चारण गरे नगरेको ख्याल गरी सुन्न निर्देशन दिनुहोस् । अशुद्ध उच्चारण गरेका शब्दहरू सिसाकलमले रेखाङ्कन गर्न लगाउनुहोस् र त्यस्ता शब्दहरू आफैँले पनि शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) सस्वर पठनका क्रममा विद्यार्थीबाट गलत उच्चारण भएका तथा विद्यार्थीले नै टिपोट गरेका शब्द के के छन् भनी सोध्नुहोस् र उनीहरूले रेखाङ्कन गरेका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऊ) टिपोट गरिएका शब्दको शुद्ध उच्चारण गर्ने पहिलो अवसर विद्यार्थीलाई नै दिनुहोस् । त्यसपछि शैक्षणिक पाटीमा अक्षरीकरण गरी लेख्नुहोस् र हरेक शब्दलाई पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।

(ऋ) शुद्धोच्चारणका लागि आफूले तयार पारेको शब्दपत्ती शैक्षणिक पाटीमा प्रदर्शन गर्नुहोस् र त्यो शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् । जस्तै :

वृक्षारोपण : /ब्रिक्.छ्या.रो.पन्./ अत्याधुनिक : /अत्.त्या.धु.निक्./

(ए) विद्यार्थीले अशुद्ध उच्चारण गरेमा शुद्ध उच्चारण गर्न सिकाई पृष्ठपोषणसहित पटक पटक शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ओ) शब्दभण्डार खण्डको अभ्यास नं १ तर्फ विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् र दिइएका पदावलीको अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी लेख्न लगाउनुहोस् । यसका लागि शिक्षकले शब्दार्थतालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस्, जस्तै :

| पदावली | शब्द |
|---|---|
| बाँदर वा अन्य प्राणीलाई तर्साउन खेतबारीमा मानिसको जस्तै आकार बनाएर राखिने वस्तु | बुख्याचा |
| कुनै विषयमा विशेष ज्ञान भएको व्यक्ति | विशेषज्ञ |
| कुनै निश्चित उद्देश्यका लागि बनेको समिति उद्देश्य पूरा भएपछि टुट्ने काम | भङ्ग |
| खाली जमिनमा रुख, बिरुवा रोप्ने काम | वृक्षारोपण |

**३. मूल्याङ्कन**

(क) कथाको अन्तिम अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) शुद्ध उच्चारण गर्न लगाउनुहोस् :
अस्थायी, दीर्घकालीन, प्रशस्त

(ग) निम्न लिखित शब्दको अर्थ भन्न लगाउनुहोस् :
पूर्णकद, आवश्यकता, सक्रिय

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • जोडा मिलाउने | • समावेश्य र समावेशक शब्दको पहिचान गरी जोडा मिलाउन | • शब्दपत्ती |
| • रिक्तस्थान पूरण | • मिल्दो शब्द राखी खाली ठाउँ भर्न | • अर्थपत्ती |
| • वाक्यमा प्रयोग | • शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | • वाक्यपत्ती |
| • वाक्यसङ्ख्या बोध | • अनुच्छेदमा रहेका वाक्यहरूको सङ्ख्या पहिल्याउन | • प्रश्नावली |
| • प्रश्नोत्तर कथन | • कथागत विषयमा आधारित प्रश्नको उत्तर भन्न | • नमुना उत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) पूर्व पठित पाठ्यवस्तुसँग सम्बन्धित जिज्ञासा राखी विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई हिमालअन्तर्गत कुन कुन हिमाल पर्छन् भनी सोध्नुहोस् । उनीहरूले बताएका हिमालका नाम शैक्षणिक पाटीमा टिप्नुहोस् । जति पनि हिमालका नाम आए, ती समावेश्य भएको र ती सबै हिमाललाई समेट्ने हिमाल शब्द समावेशक भएको कुरा प्रस्ट पारिदिनुहोस् । यसलाई थप प्रष्ट पार्न अन्य उदाहरण पनि दिनुहोस् ।

(आ) समावेशक फूल लेखिएको शब्दपत्ती प्रदर्शन गरी त्यसमा समावेश्यका रूपमा के के आउन सक्छन् भनी सोध्नुहोस् । यसैगरी आलु, साग, काउली आदि समावेश्य शब्दको समावेशक शब्द के होला भनी प्रश्न गर्नुहोस् । विद्यार्थीबाट आएको उत्तरमा थप पृष्ठपोषण तथा छलफल गरी स्पष्ट पारिदिनुहोस् ।

(इ) शब्दभण्डार अभ्यास २ मा दिइएको समावेशक र समावेश्य शब्दका बिच जोडा मिलाउने अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीलाई शब्दभण्डार अभ्यास ३ मा रहेको खाली ठाउँ भर्ने अभ्यास गराउनुहोस् । यो अभ्यास विद्यार्थीलाई व्यक्तिगत रूपमा खाली ठाउँमा बहुविकल्पमध्ये मिल्ने शब्द के होला भनी मौखिक रूपमा भन्न तथा लेखाउन सकिन्छ । २ र ३ का उक्त अभ्यासहरूमा आवश्यकताअनुसार थप छलफल गर्नुहोस् ।

(उ) शब्दभण्डारको अभ्यास ४ मा रहेको वाक्यमा प्रयोग अभ्यासतर्फ विद्यार्थीलाई ध्यान दिन भन्नुहोस् ।

(ऋ) अभ्यास ४ मा निर्दिष्ट शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गरिएका शब्दलाई कक्षाकोठामा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ए) यो अभ्यास विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी वाक्यपत्तीमा लेख्न लगाएर वा व्यक्तिगत रूपमा शैक्षणिक पाटीमा लेख्न लगाएर पनि गराउन सक्नुहुने छ ।

(ऐ) अब बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ मा विद्यार्थीको ध्यान केन्द्रित गराउनुहोस् । त्यसपछि पाठको पहिलो अनुच्छेदमा कतिओटा वाक्यहरू रहेका छन् भनी कुनै तीन जना विद्यार्थीलाई सोध्नुहोस् । सबैको उत्तर मिलेमा स्याबासी तथा पृष्ठपोषण गर्नुहोस् । नमिलेमा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ लाई आधार मानी विषयगत प्रश्नोत्तरका बारेमा छलफल गराई पाठ्य कथाका आधारमा मौखिक प्रश्नोत्तर अभ्यास गराउनुहोस् । यसका लागि प्रश्न र उत्तरको नमुना सूची प्रदर्शन गरी सहजीकरण गर्नुहोस्, जस्तै :

**प्रश्नोत्तरको नमुना**

(क) ‘रोबोट गाउँ’ कथाका पात्र को को हुन् ?

उत्तर : दयाहाङ, मुक्तिनाथ, हर्कजित, दिलकुमारी, नरनाथ, पाखिन माइला आदि ‘रोबोट गाउँ’ कथाका पात्रहरू हुन् ।

(ख) ‘रोबोट गाउँ’ कथाअनुसार गाउँमा केको समस्या भएको थियो ?

उत्तर : ‘रोबोट गाउँ’ कथाअनुसार गाउँमा बाँदरले कृषि उत्पादन सखाप पार्ने समस्या भएको थियो ।

(ग) समस्याको समाधान निकाल्न कसले सहयोग गऱ्यो ?

उत्तर : समस्या समाधान गर्न विशेषज्ञले सहयोग गऱ्यो ।
(घ) रोबोट गाउँका पुराना नाम के के थिए ?
उत्तर : रोबोट गाउँका पुराना नाम किसानटार र बाँदरेटार थिए ।

(औ) यसबाहेक शिक्षकले पाठ्य कथालाई आधार बनाई तयार पारेका प्रश्नहरूको सूची प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् । उनीहरूले भनेको उत्तर ठिक भए नभएको परीक्षण गर्न यथासम्भव विद्यार्थीलाई नै लगाउनुहोस् । विद्यार्थीलाई समस्या परेको अवस्थामा यथोचित समाधान बताई सहजीकरण गरिदिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) निम्न समावेश्य शब्दहरूको समावेशक शब्द भन्न लगाउनुहोस् :
(अ) गाई, भैँसी, घोडा, बाखा, भेडा
(आ) नेपाल, भारत, चिन, जापान, क्यानडा
(ख) निम्न शब्दका कुनै तीन समावेश्य शब्द भन्न लगाउनुहोस् :
नदी, कपडा, चरा
(ग) निम्न प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) समस्याको समाधान गर्ने वचन दिने व्यक्ति को हो ?
(आ) वन संरक्षण गरेको भए कुन समस्या आउँदैनथ्यो ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • ठिक बेठिक पहिचान<br>• श्रुतिलेखन<br>• अनुच्छेद पठन तथा पठनकाल बोध | • पाठ्य कथामा आधायरित रही ठिक बेठिक पहिचान गर्न<br>• शिक्षकबाट सुनेर अनुच्छेदको श्रुतिलेखन गर्न<br>• अनुच्छेदको पठन गरी पठनकाल निर्धारण गर्न | • ठिक बेठिक प्रश्नसूची<br>• अनुच्छेदपत्ती<br>• श्रव्यसामग्री |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई रमाइलो लाग्ने कुनै एउटा गजल सुनाएर विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।
(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।
(इ). आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ५ तर्फ केन्द्रित गर्नुहोस् । दिइएको निर्देशन र प्रश्न बुझ्ने गरी पढ्न लगाउनुहोस् । अब निर्दिष्ट वाक्यले बताएको कुरा कथागत घटनाका आधारमा ठिक छन् वा वा बेठिक ? पहिचान गर्न लगाउनुहोस्, जस्तै :

- बाँदरबाट दिक्दार भएका गाउँलेले धेरै थरीका उपाय लगाए । — ठिक
- गाउँलेले पालैपालो विस्तृत रूपमा समस्या सुनाए । — ठिक
- भाडामा ल्याइएको रोबोटलाई गाउँको पूर्व दिशामा राखियो । — बेठिक
- बाँदर भगाउने रोबोट आएपछि गाउँले खुसी भए । — ठिक
- बाँदर आतङ्क पूर्ण रूपमा समाप्त भएन । — बेठिक

(आ) माथिका जस्तै वाक्य टिपोट गरिएको सूची प्रदर्शन गरी विद्यार्थीलाई ती वाक्य ठिक वा बेठिक के हुन्, पहिचान गर्ने अभ्यास गराउनुहोस् । आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीलाई श्रुतिलेखन अभ्यासका लागि तयारी गराउनुहोस् । गुरु, साथी वा अरू कसैको भनाइ सुनेर अथवा श्रव्य सामग्री सुनेको आधारमा गरिने लेखन अभ्यास नै श्रुतिलेखन भएको जानकारी गराउनुहोस् । विद्यार्थीलाई

श्रुतिलेखनको अवधारणा र श्रुतिलेखनका तौरतरिका (अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ई) कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्दबनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा निर्दिष्ट दोस्रो अनुच्छेद शिक्षकले मौखिक रूपमा वा रेकर्ड गरिएको श्रव्य सामग्री सुनाउनुहोस् र विद्यार्थीलाई उक्त अनुच्छेद सुनेर लेख्न निर्देश गर्नुहोस् ।

(ऊ) श्रुतिलेखनको कार्य सकिएपछि विद्यार्थीलाई एकआपसमा उत्तरपुस्तिका साटासाट गर्न लगाई एकले अर्काको उत्तरपुस्तिका पाठ्य कथाको दोस्रो अनुच्छेद हेर्दै जस्ताको तस्तै लेखे नलेखेको पहिचान गर्न र अशुद्ध भएका ठाउँमा गोलो चिह्न लगाउन भन्नुहोस् । यसमा शिक्षकले सचेततापूर्वक सबै विद्यार्थीको गतिविधि अवलोकन गरी आवश्यक सहजीकरण प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई समयबद्ध पठनको अभ्यासका लागि तयारी गराउनुहोस् । समयबद्ध पठन भनेको दिइएको अनुच्छेद वा पाठलाई जतिसक्दो छिटो पढ्ने अभ्यास हो भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई समयबद्ध पठनको अवधारणा र समयबद्ध पठन गर्ने तरिका (समय, गति, यति र विश्राम, शुद्ध उच्चारण, हाउभाउ आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ए) शिक्षकले विद्यार्थीमाझ कुनै एउटा अनुच्छेदलाई समयबद्ध रूपमा नमुना पठन गर्नुहोस् । विद्यार्थीलाई शिक्षकले पठन गर्दा समय, गति, यति र विश्राम, शुद्ध उच्चारण, हाउभाउ, कसरी प्रयोग गरेको हुन्छ, ख्याल गर्न लगाउनुहोस् ।

(ऐ) शिक्षकले पठन गरेजस्तै बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिइएको पाठ्य कथाको अनुच्छेद पालैपालो समयमा आबद्ध भएर पठन गर्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीलाई पढ्न लागेको समय ख्याल गर्नुहोस् । एक विद्यार्थी र अर्को विद्यार्थीलाई सो अनुच्छेद पढ्न लागेको समय तुलना गर्न लगाउनुहोस् ।

(ओ) यस्तै किसिमका अन्य अनुच्छेदसमेत तोकी विद्यार्थीलाई प्रतिस्पर्धात्मक रूपमा समयबद्ध पठनको अभ्यास गर्न निर्देशन दिँदै आजको कक्षामा छलफल गरिएका विषयको निष्कर्ष सुनाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका वाक्यहरू ठिक वा बेठिक के हुन्, भन्न लगाउनुहोस् :

(अ) किसानटारको माटो उर्वर थियो ।

(आ) बडा सदस्य आफैँले समस्याको समाधान गरे ।

(इ) विशेषज्ञले गाउँलेका कुरा ध्यान दिएर सुने ।

(ख) कथाको पहिलो अनुच्छेदलाई समयबद्ध पठन गर्न लगाउनुहोस् ।

(ग) साथीबाट सुनी पाठ्य कथाको पहिलो अनुच्छेदकै श्रुतिलेखन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ● पात्र पहिचान<br>● कथाको घटनाक्रम मिलान | ● दिइएका भनाइका आधारमा पात्र (वक्ता) पहिचान गर्न<br>● निर्दिष्ट बुँदालाई कथाको घटनाका आधारमा क्रम मिलाई लेख्न | ● चार्ट पेपर, भनाइ सूची<br>● क्रमविहीन घटनावली<br>● स्लाइड, प्रदर्शन पाटी |

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै महापुरुषको प्रेरक भनाइ विद्यार्थीलाई सुनाई विद्यार्थीलाई सिकाइका लागि तयार गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा केन्द्रित गर्नुहोस् ।

(आ) कसैका भनाइ पढेर वा सुनेर त्यसका आधारमा त्यो भन्ने व्यक्ति/पात्र को हो र त्यो कस्तो पात्र हो भन्ने थाहा पाइने जानकारी दिँदै अभ्यास ८ मा दिइएका भनाइ कुन पात्रको हो, मौखिक उत्तर दिन लगाउनुहोस् । भनाइबाट पात्रको पहिचान गर्ने यो अभ्यास गर्नका लागि आवश्यकताअनुसार कम्तीमा दुई समूहमा विद्यार्थीलाई समूहीकृत गर्नुहोस् ।

(इ) एक समूहले अर्को समूहलाई वक्ताको भनाइ सोध्न र अर्को समूहले भनाइका आधारमा वक्ता वा पात्रको पहिचान गर्न लगाउन निर्देशन दिनुहोस् । आवश्यकतानुसार शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ई) यस क्रममा बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा दिइएका भनाइ टिपिएको वाक्यसूची प्रदर्शन गर्नुहोस् । ती वाक्य ककसले भनेका हुन् ? वक्ता (पात्र)को पहिचान गर्न लगाउनुहोस्, जस्तै :

| वाक्य वा भनाइ | कसले भनेको हो ? |
|---|---|
| हरेक घरबाट एक एक जना स्वयंसेवक बनाएर चौबिसै घण्टा गस्ती गरौँ । | दयाहाङ |
| बाँदरपीडित समिति बनाएर सरकारसँग सहयोग मागौँ । | हर्कजित |
| ........................................................................................ । | ........................ |

(उ) माथिका जस्तै वाक्य टिपोट गरिएको सूची प्रदर्शन गरी विद्यार्थीलाई वाक्य र ती वाक्य बोल्ने पात्र र उक्त पात्रले कसलाई भनेको हो ? पहिचान गर्ने अभ्यास गराउनुहोस् । आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ९ तर्फ केन्द्रित गराउनुहोस् । विद्यार्थीलाई चार चार जनाको समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् । विद्यार्थीको सङ्ख्यालाई समेत ख्याल गरी आवश्यकताअनुसार समूह निर्माण गर्न सकिने छ ।

(ऋ) अब स्लाइडमा अभ्यास ९ मा निर्दिष्ट पाठ्य कथाका क्रमविहीन घटनावली प्रदर्शन गरी सुनाउनुहोस् । ती घटनाहरूका सन्दर्भमा सामूहिक रूपमा छलफल गरी दिइएको निर्देशनका आधारमा उक्त घटनाहरूलाई पाठ्य कथाको घटनाअनुसार क्रम मिलाएर चार्टपेपरमा लेख्न लगाउनुहोस् ।

(ए) शिक्षकले विद्यार्थीका गतिविधिलाई निरीक्षण गरी आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

(ऐ) तोकिएको कार्य पूरा गरिसकेपछि आफूले तयार गरेको घटना क्रम मिलाइएको तालिकालाई प्रदर्शन पाटीमा टाँसी प्रस्तुत गर्न प्रत्येक समूहलाई अवसर दिनुहोस् ।

(ओ) शिक्षक आफूले तयार पारेको कथाका घटनाहरूलाई क्रमिक रूपमा टिपिएका बुँदासूची प्रदर्शन गरी अन्तिम निष्कर्ष दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) गाउँमा विशेषज्ञ आएपछिका घटनाहरूलाई बुँदागत रूपमा क्रम मिलाई भन्न लगाउनुहोस् ।

(ख) दिइएका भनाइ कसले भनेका हुन्, भन्न लगाउनुहोस् :

(अ) अल्पकालीन अर्को उपाय छ ।
(आ) ए ! यो त हामी गर्न सकिहाल्छौँ नि ।
(इ) यस समस्याबाट मुक्ति पाउने कुनै उपाय छैन हजुर ?

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • सङ्क्षिप्त प्रश्नोत्तर<br>• पात्र मन पर्नुको कारण लेखन<br>• वाक्यगत आशयको प्रस्तुतीकरण | • प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न<br>• पात्र मन पर्नुको कारण लेख्न<br>• वाक्यको आशय प्रस्ट पार्न | • प्रश्नोत्तरको नमुना<br>• शैक्षणिक पाटी/स्लाइड<br>• प्रश्नावली तथा नमुना उत्तर |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै एउटा चुट्किला सुनाएर विद्यार्थीलाई कक्षा क्रियाकलापका लागि तयार पार्नुहोस् ।
(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।
(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई सङ्क्षिप्त उत्तर लेख्ने तरिका सिकाउनुहोस् । प्रश्नले राखेको जिज्ञासा वा समस्यालाई कथाको विषयवस्तुका आधारमा समाधान खोज्ने प्रयास गर्न भन्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास १० मा दिइएका प्रश्नहरू स्लाइड वा शैक्षणिक पाटीमा प्रदर्शन गरी छलफल गराउनुहोस् । पाठ्य कथागत सन्दर्भका आधारमा उक्त प्रश्नमध्ये कुनै एउटा प्रश्नको आफूले तयार पारेको नमुना उत्तर प्रस्तुत गर्नुहोस् । जस्तै :

**नमुना प्रश्नोत्तर**

(क) रोबोट गाउँमा किन बाँदरको आतङ्क फैलियो ?
उत्तर : रोबोट (किसानटार) गाउँका गाउँलेहरूले नजिकै रहेको पातले वनको संरक्षण गरेनन् बरु मास्दै गए । वन मासिँदै गएपछि त्यहाँका बाँदरहरू खानेकुराको खोजीमा गाउँ पस्न थाले । गाउँलेहरूले बाँदरको नियन्त्रण गर्ने प्रयास गरे पनि त्यो प्रभावकारी भएन । त्यसैले रोबोट गाउँमा बाँदरको आतङ्क फैलियो ।

(आ) बोध र अभिव्यक्ति खण्डका अन्य प्रश्नको उत्तर लेख्न विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्याथीमध्ये कुनै एक जनाले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् ।

(इ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ को प्रश्नमा आकृष्ट गर्नुहोस् । शैक्षणिक पाटीमा 'रोबोट गाउँ' कथामा भएका पात्रमध्ये तपाईँलाई कुन पात्र बढी मन पऱ्यो र किन, कारणसहित लेख्नुहोस् भन्ने प्रश्न लेखी छलफल गर्नुहोस् । यस्ता प्रश्नहरूको उत्तर कारण खुलाएर लेख्नुपर्ने जानकारी गराउनुहोस् ।

(ई) कारण खुलाई उत्तर लेख्नुपर्ने उक्त प्रश्नको उत्तरका लागि आवश्यक बुँदाहरू स्लाइड वा शैक्षणिक पाटीमा निम्नअनुसार प्रदर्शन गर्नुहोस् र तिनका आधारमा उत्तर लेख्न निर्देशन दिनुहोस् । उत्तर लेखनमा आवश्यक सहजीकरण पनि गर्नुहोस् ।

बुँदाहरू

- दयाहाङ, हर्कजित, विशेषज्ञ, नरनाथ, पाखिन माइला जस्ता धेरै पात्रमध्ये विशेषज्ञ मलाई मन पर्नु
- विशेषज्ञ सरकारको इमानदार कर्मचारी हुनु
- कामप्रति जिम्मेवार हुनु

- सेवा र कर्तव्यको भावना उसमा पाइनु
- गाउँलेलाई वनविनाशको असर सम्झाएर वन संरक्षणमा जागरुक गराउनु
- बाँदरको आतङ्कलाई उनले नै समाप्त पार्नु
- उपकारी, इमानदार, कर्तव्यनिष्ठ र सेवाभावनाले कार्य गर्ने व्यक्ति भएकाले मलाई विशेषज्ञ मन परेको

(उ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ मा ध्यानाकृष्ट पार्नुहोस् । निर्दिष्ट वाक्यले बुझाउन खोजके मूल भाव, अर्थ, तात्पर्य वा विचार नै आशय भएको जानकारी दिँदै सो भावलाई स्पष्ट पार्ने गरी लेख्ने काम नै आशय लेखन भएको कुरा बताउनुहोस् ।

(ऊ) आशय लेख्दा आवश्यकताअनुसार तर्क, कारण, तथ्य, उदाहरण आदि दिएर भावलाई झर्लङ्ग पारी लेख्नुपर्ने जानकारी दिनुहोस् ।

(ऋ) यस क्रममा 'आफ्नो स्वार्थका लागि कुनै वस्तु उपभोग गर्दा अरूलाई हानि पुऱ्याउनु हुँदैन' भन्ने निर्दिष्ट वाक्यका सन्दर्भमा विद्यार्थीलाई आपसमा छलफल गराउनुहोस् । विद्यार्थीले छलफलका क्रममा भनेका कुराहरूलाई समेत समेटी पाठ्य कथाको आधारमा आशय स्पष्ट पारिदिनुहोस् र विद्यार्थीलाई छलफलबाट प्राप्त निष्कर्षका आधारमा आशय स्पष्ट पारी लेख्न निर्देशन दिनुहोस् । लेख्दा निम्न बुँदालाईसमेत ध्यान दिन सिकाउनुहोस् :

**बुँदाहरू**

- आफ्नो आवश्यकता पूरा गर्दा अर्काको नोक्सानी हुने काम गर्न नहुने
- अरूलाई नोक्सान पुग्ने काम गर्दा त्यसले आफैँलाई पनि नोक्सान पुऱ्याउने
- उक्त कुरालाई ख्याल नगरी आफ्नो स्वार्थका लागि वन मास्दा किसानटारवासीले दुःख पाएका
- वन मासिएका कारण आहाराको खोजीमा बाँदरहरू गाउँ पसेका र गाउँलेले दुःख पाएका
- गाउँलेले वन्यजन्तुको आवश्यकतालाई ध्यान नदिई रुख काट्दा समस्या झेल्नु परेको
- आफ्नो स्वार्थका लागि कुनै पनि वस्तुको उपभोग गर्दा अरूलाई नोक्सान पुग्न नहुने विचार उक्त भनाइबाट स्पष्ट हुने

(ए) आशय लेख्न अलमलिएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले अभ्यास गरेको आशय लेखनका सन्दर्भमा कक्षामा छलफल गर्नुहोस् र आवश्यक पृष्ठपोषणसहित कक्षामा चर्चा गरिएका विषयवस्तुको निष्कर्ष सुनाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) निम्न प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) पाताले वन पहिले कस्तो थियो ?

(आ) रोबोट ल्याएपछि कसरी बाँदर आउन छोडे ?

(इ) 'रोबोट गाउँ' कथाको आशय के हो ?

(ख) किसानटार गाउँ रोबोट गाउँका रूपमा प्रसिद्ध हुनुको कारण के हो ? कारण भन्न लगाउनुहोस् ।

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • कथाको सङ्क्षेपीकरण<br>• अनुच्छेद लेखन<br>• भाषिक प्रकार्य (आफूले घरमा सहयोग गर्ने कामको प्रस्तुति) | • पाठ्य कथालाई सङ्क्षेपमा लेख्न<br>• बाल्यकालीन अनुभूतिमा आधारित अनुच्छेद लेख्न<br>• आफूले घरमा अन्य सदस्यलाई सहयोग गर्ने काम प्रस्तुत गर्न | • अनुच्छेदपत्ती<br>• शैक्षणिक पाटी/स्लाइड |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीसँग मिलेर कुनै रमाइलो गीत गाउनुहोस र उनीहरूलाई कक्षामा स्वागत गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरेका विषयवस्तुको पुनःस्मरण गराई आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा ध्यानाकृष्ट गराउनुहोस् ।

(आ) 'रोबोट गाउँ' कथाको मुख्य कथावस्तु/घटनाक्रम के के थिए भन्ने विषयमा छलफल गराउनुहोस् ।

(इ) सम्पूर्ण कथालाई छोटो बनाएर प्रस्तुत गर्ने कामलाई छोटकरी लेखन भनिने कुरा बताउनुहोस् । मुख्य कथावस्तुलाई छोटकरीमा लेख्ने तरिका सिकाउनुहोस् । यसका लागि मुख्य घटनालाई नछोडी आवश्यक घटनालाई मात्र समेट्न लगाउनुहोस् । समेटिएका घटनालाई वाक्यात्मक सङ्गठनमा मिलाएर लेख्न भन्नुहोस् । यसरी लेख्दा घटनालाई अनावश्यक तन्किन नदिन सचेत गराउनुहोस् ।

(ई) छोटकरी लेखनका तौरतरिकाबारे छलफल गरेपछि कथालाई छोटकरीमा लेख्न निर्देशन दिनुहोस् । उनीहरूले लेखेको शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यक सहयोग गर्नुहोस् । लेखिसकेपछि उनीहरूले छोटकरीमा लेखेको कथा सुनाउन लगाउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् । यसपछि आफूले तयार पारेको सङ्क्षिप्त कथा लेखनको नमुना प्रस्तुत गरी सुनाउनुहोस् । जस्तै :

**पाठ्य कथाको छोटकरी लेखन**

किसानटार गाउँमा जङ्गलबाट आएका बाँदरहरूले उपद्रो मच्चाएका थिए । तिनको आतङ्कले आजित भएका गाउँलेहरूले अनेक उपाय लगाए पनि बाँदरलाई नियन्त्रण गर्न सकेनन् । बाँदर नियन्त्रण गर्ने विषयमा आयोजित भेलामा वडा सदस्यले सहरबाट बाँदर नियन्त्रणको उपाय गर्ने व्यक्ति बोलाउने वचन दिए । उनकै पहलमा मन्त्रालयबाट एकजना विशेषज्ञ गाउँमा आए । उनले गाउँलेबाट सबै समस्या बुझे । उनले समस्याको दीर्घकालीन र अल्पकालीन उपाय बताए । दीर्घकालीन उपायका लागि गाउँलेले मासेको पातले वनमा वृक्षारोपण गरेर हराभरा पार्न सल्लाह दिए भने अल्पकालीन उपायका रूपमा रोबोटको प्रयोग गर्न सकिने जानकारी दिए । विशेषज्ञले गाउँलेबाट दामासाहीमा उठाइएको पैसाबाट रोबोट किनेर ल्याए । बाँदर गाउँ पस्नासाथ गाउँको चारै दिशामा राखिएको रोबोट चर्को आवाजमा कराउन थाल्थ्यो । विचित्रको आवाज सुनेर बाँदरहरू भागे अनि डरले कहिल्यै गाउँ फर्किएनन् । यसरी त्यो गाउँमा बाँदरको समस्या सधैंलाई समाधान भयो भने किसानटार गाउँको नाम नै रोबोट गाउँ रहन गयो ।

(उ) शिक्षकले विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ तर्फ केन्द्रित गरी बाल्यकालमा आफूले देखेभोगेका रमाइला घटना, प्रसङ्ग वा अनुभूतिहरू सम्झन निर्देशन दिनुहोस् ।

(ऊ) त्यस्ता केही घटना र अनुभूतिलाई बुँदागत रूपमा लेख्न भन्नुहोस् । जस्तै :

- बाल्यकालमा धेरै चकचक गर्ने
- चकचक गर्ने क्रममा बल हानेर टेलिभिजन फुटाएको
- आमाले धेरै गाली गर्नुभएको तर बुबाले सम्झाउनुभएको
- आफ्नो चकचके बानीले गर्दा धेरै दिन आफैंले टेलिभिजन हेर्न नपाएको
- बुबाले दुई महिनापछि नयाँ टेलिभिजन किनेर ल्याउनुभएपछि टेलिभिजन कोठामा गएर खेल्न छोडेको

(ऋ) टिपिएका बुँदाहरूलाई सिलसिलाबद्ध रूपमा मिलाएर अनुच्छेदमा लेख्न भन्नुहोस् । यसरी लेख्दा घटनाहरूको क्रम, समापिका क्रियासहितको वाक्यात्मक गठन, वाक्यहरूमा पारस्परिक अन्तरसम्बन्ध हुनुपर्ने कुरामा सचेत रहन तथा अनुच्छेदको लागि मिल्ने शीर्षक राख्न पनि निर्देशन दिनुहोस् ।

(ए) विद्यार्थीले गरेको अनुच्छेद लेखन कार्यलाई निरीक्षण गर्दै उनीहरूलाई आवश्यक सहयोग र उत्प्रेरणा प्रदान गर्नुहोस् ।

(ऐ) विद्यार्थीलाई आफूले लेखेको अनुच्छेद सुनाउने अवसर प्रदान गर्नुहोस् । त्यसपछि निष्कर्षको रूपमा शिक्षक आफूले तयार पारी ल्याएको अनुच्छेदको नमुना प्रदर्शन गरी थप स्पष्ट पारिदिनुहोस्, जस्तै :

**टेलिभिजन फुटाएको घटना**

बाल्यकालमा म धेरै चकचके थिएँ । चकचक गर्ने क्रममा मैले एक दिन खेलिरहेको अवस्थामा बल भित्तातिर हिर्काएँ । दैवसंयोग बल भित्तामा नलागेर टेलिभिजनमा लाग्यो । टेलिभिजन नराम्ररी फुट्यो । मेरो चकचक र भएको क्षति देखेर आमाले मलाई गाली गर्नुभयो । म धेरै रोएँ । त्यो बेला बुबाले मलाई सम्झाउनुभएको थियो । मेरो चकचके बानीले गर्दा त्यो दिनदेखि मैले टेलिभिजन हेर्न पाइनँ । दुई महिनापछि बुबाले नयाँ टेलिभिजन किनेर ल्याउनुभयो । टेलिभिजन फेरि फुट्ला भन्ने डरले मैले त्यो कोठामा कहिल्यै बल खेलिनँ । मलाई यो घटना सम्झँदा अहिले पनि रमाइलो लाग्छ ।

(ओ) शिक्षकले विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास १५ तर्फ आकृष्ट गर्नुहोस् । यस क्रममा म घरमा बुँढी हुनुभएकी आमालाई हिँडडुल गर्न, श्रीमतीलाई खाना पकाउन, छोरालाई गृहकार्य गर्न मदत गर्छु भनी जानकारी दिँदै तपाईंहरू आफ्ना घरका सदस्यहरूमध्ये कसलाई के के काममा सहयोग गर्नुहुन्छ, सम्झनुहोस् त भनी प्रश्न गर्नुहोस् । परिवारका सदस्यहरूलाई आफूले गर्ने सहयोगसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । परिवारमा सबैले सबैलाई सहयोग गर्नुपर्ने र यसले पारिवारिक एकता, भरोसा, आत्मीयता र नातासम्बन्ध बलियो हुने बताउँदै त्यससम्बन्धी बोध र अभिव्यक्ति खण्डको उदाहरण प्रदर्शन गर्नुहोस् र सबैले सुन्ने गरी पढेर सुनाउनुहोस् । जस्तै :

**१५. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

मेरो नाम निर्मला दुरा हो । म बिहान आमासँगै उठ्छु । नित्यकर्म गरेपछि म पूजाका भाँडा माझ्छु । आमा फूल टिपेर ल्याउनुहुन्छ र पूजा गर्नुहुन्छ । आमाले पूजा गरुन्जेल म चिया पकाउँछु । पूजा सकिएपछि चिया पिउँदै आमा र म तरकारी केलाउँछौँ । बुबा चिया पिउँदै पत्रिका पढेर हामीलाई पनि सुनाउनुहुन्छ । त्यसपछि म पढ्न बस्छु । नजानेको कुरा आमासँग सोध्छु । आमा घरको काम गर्दै मलाई सिकाइदिनुहुन्छ । आमाबुबा मिलेर खाना पकाउनुहुन्छ । हामी सँगै बसेर खाना खान्छौँ । हामी आफूले खाएका भाँडा आफैँ माझ्छौँ । धन्दा सकेर बुबा र म विद्यालय जान्छौँ । आमा कार्यालय जानुहुन्छ । सबै मिलेर काम गर्दा हामीलाई सजिलो हुन्छ ।

(औ) उदाहरणमा दिइएकी निर्मलाले जस्तै तपाईंको घरमा के के काम एकअर्कालाई सहयोग गर्नुहुन्छ भन्न लगाउनुहोस् । विद्यार्थीले एकअर्कालाई सहयोग गरेका कुरा सुन्दै आवश्यकताअनुसार सहजीकरण एवम् पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) प्रस्तुत पाठ्य कथालाई छोटकरीमा सुनाउन लगाउनुहोस् ।

(ख) बाल्यकालको कुनै एउटा घटनालाई विषय बनाई ५ वाक्यको छोटो अनुच्छेद लेख्न लगाउनुहोस् ।

(ग) तपाईं साथीलाई कस्ता काममा सहयोग गर्नुहुन्छ ? भन्न लगाउनुहोस्

आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • पुरुष र वचनको सङ्गति<br>• वर्णविन्यास<br>• ह्रस्व उकार र दीर्घ | • पुरुष र वचनको सङ्गति मिलाई प्रयोग गर्न<br>• अशुद्ध रूपमा प्रयुक्त ह्रस्व उकार र दीर्घ ऊकार भएका शब्दलाई शुद्ध बनाई पुनर्लेखन गर्न | • अशुद्ध/शुद्ध शब्दपत्ती<br>• वाक्यपत्ती<br>• चार्टपेपर आदि |

| | | |
|---|---|---|
| ऊकारयुक्त शब्दको पहिचान | • ह्रस्व उकार र दीर्घ ऊकार भएका शब्दको पहिचान गर्न | |

१. सिकाइ क्षेत्र

२. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) गीत वा कविताको सानो अंश सुनाई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् । विद्यार्थीलाई जानेको गीत गाउन वा कविता वाचन गर्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको सिकाइ क्रियाकलापका लागि तयार बनाउनुहोस् । यस क्रममा व्यक्तिलाई बुझाउने व्याकरणिक एकाइ नै पुरुष भएको जानकारी दिनुहोस् । वक्ता, श्रोता र विषयका रूपमा पुरुष तीन प्रकारको हुने कुरा प्रस्ट पारी चार्ट पेपरमा तयार पारिएको पुरुषको प्रकार प्रदर्शन गरी छलफल गर्नुहोस् ।

(आ) भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ मा दिइएको पुरुषको प्रकार र त्यसका उदाहरणबोधक शब्दका बिच जोडा मिलाउने अभ्यास विद्यार्थीलाई गर्न लगाउनुहोस् । जोडा मिलाइसकेपछि उनीहरूलाई उत्तर भन्न लगाउनुहोस् । निम्नानुसार मिले नमिलेको यकिन गरी आवश्यकताअनुसार पृष्ठपोषण वा सहजीकरण गर्नुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| प्रथम पुरुष | म/हामी |
| द्वितीय पुरुष | तँ, तिमी, तपाईं, हजुर |
| तृतीय पुरुष | ऊ, यो, त्यो, यिनी, तिनी, उनीहरू आदि |

(इ) पुरुष र वचनको सङ्गतिसँग सम्बन्धित अभ्यासका लागि भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ मा दिइएको खाली ठाउँ भर्न विद्यार्थीलाई निर्देशन दिनुहोस् । यस अभ्यासमा पुरुषको मात्र नभई वचनको पनि सङ्गति मिल्नुपर्ने जानकारी गराउनुहोस् । जस्तै :

- म घर ...जान्छु...। (जान्छ, **जान्छु**, जान्छौ)
- हामी खाजा ...खान्छौँ...। (खान्छौ, खान्छु, **खान्छौँ**)
- तँ सामान ...किन्छस्...? (**किन्छस्**, किन्छौ, किन्नुहुन्छ)
- उनी विद्यालय ...गइन्...। (**गइन्**, गयौ, गएँ)
- उनीहरू अँध्यारो बाटामा ...हिँड्दैनन्... । (हिँड्दैन, हिँड्दैनौ, **हिँड्दैनन्**)

(ई) पुरुषकै अभ्यासका क्रममा एउटा पुरुषमा रहेको वाक्यलाई अर्को पुरुषमा परिवर्तन गर्न लगाउनुहोस् । यसका लागि भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ मा निर्दिष्ट वाक्यहरूलाई उपयोग गर्न भन्नुहोस् । निर्दिष्ट पुरुषमा परिवर्तन गरिएको वाक्य ठिक भए नभएको यकिन गर्न परीक्षण गर्नुहोस् । आवश्यकतानुसार पृष्ठपोषण तथा सहजीकरण गर्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास अभ्यास खण्डको अभ्यास २ तर्फ विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् । निर्दिष्ट शब्दमा ह्रस्व उकार र दीर्घ ऊकारगत अशुद्धता पहिचान गर्न लगाउनुहोस् । शब्दमा निहित उकार ह्रस्व वा दीर्घ के हुने हो भन्नी निर्क्योल गर्न भन्नुहोस् । शब्दगत अशुद्धताको पहिचानपश्चात् शुद्ध पारेर लेख्न लगाउनुहोस् । विद्यार्थीले शुद्ध भनी लेखेका शब्द शैक्षणिक पाटीमा लेख्नुहोस् र आवश्यक छलफल गर्नुहोस् ।

(ऊ) शब्दपत्तीको प्रयोग गर्दै सुरु, बिच र अन्त्यमा ह्रस्व उकार र दीर्घ ऊकार भएका अन्य केही शब्दहरू प्रस्तुत गर्नुहोस् र त्यसैको आधारमा शब्दको आदि, मध्य र अन्त्यमा सामान्यतः उकारको प्रयोगसम्बन्धी धारणालाई थप स्पस्ट पारिदिनुहोस्, जस्तै :

| |
|---|
| शब्दको सुरुमा ह्रस्व उकार : उपसर्गको प्रयोग हुँदा । जस्तै : सुशील, सुपुत्र, उपदेश, उद्देश्य |

| |
|---|
| शब्दको सुरुमा दीर्घ ऊकार : केही तत्सम शब्दमा । जस्तै : पूर्व, पूजा, भूगोल<br>शब्दको बिचमा ह्रस्व उकार : तद्भव तथा अन्य मौलिक शब्दमा । जस्तै : टाकुरो, खुकुलो<br>शब्दको बिचमा दीर्घ ऊकार : केही तत्सम शब्दमा । जस्तै : त्रिशूल, मयूर<br>शब्दको अन्त्यमा ह्रस्व उकार : पुलिङ्गी शब्दको प्रयोग हुँदा । जस्तै : दाजु, भालु, साँघु<br>शब्दको अन्त्यमा दीर्घ ऊकार : स्त्रीलिङ्गी शब्दको प्रयोगमा । जस्तै : माइजू, भाउजू, फुपू |

(ऋ) वर्णविन्यासअन्तर्गत ह्रस्व उकार र दीर्घ ऊकार लागेका शब्दहरूको पहिचानका लागि भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ५ मा निर्देश गरेअनुसार पाठबाट ह्रस्व उकार र दीर्घ ऊकार लागेका तीन तीनओटा शब्द पहिचान गरी कापीमा लेख्न लगाउनुहोस् । जस्तै :

ह्रस्व उकार लागेका शब्दहरू : स्याउ, रुख, जमुना

दीर्घ ऊकार लागेका शब्दहरू : पूर्ण, दूरबिन, फलफूल

(ए) आवश्यकताअनुसार पुरुष, वचन र यसका सङ्गति तथा वर्णविन्यासका थप अभ्यास गराई कक्षाको समापन गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न लगाउनुहोस् :

(अ) ऊ कहिले आयो ? (द्वितीय पुरुष)

(आ) तपाईं फुटबल खेल्नुहुन्छ । (प्रथम पुरुष)

(इ) उनीहरू कुरा गर्दै छन् । (एकवचन)

(ई) छोरो परिश्रमी छ । (बहुवचन)

(ख) दिइएका शब्दहरूलाई शुद्ध बनाई पुनर्लेखन गर्न लगाउनुहोस् :

फुल, भाऊजू, भिनाजू, कूकुर, दूई, सासु, समुह

**आजको कक्षामा सिकेका विषयवस्तुका मुख्य मुख्य अंशका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।**

## एघारौँ दिन

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| • श्रुतिबोध (सुनाइ र बोलाइ)<br>• सिर्जनात्मक कार्य (कथा लेखन तथा प्रस्तुतीकरण) | • सुनाइ पाठ १५ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट विषयवस्तुमा छलफल र प्रस्तुति दिन<br>• सुनाइ पाठका आधारमा खाली ठाउँ भर्न<br>• निर्दिष्ट बुँदाका आधारमा कथा लेख्न | • सुनाइ पाठ १५ को श्रव्य सामग्री<br>• प्रश्नावली तथा नमुना उत्तर<br>• कथागत बुँदाहरू<br>• कथा लेखनको नमुना |

**१. सिकाइ क्षेत्र**

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) नीतिउपदेशात्मक कुनै एउटा छोटो कथा सुनाएर सिकाइका लागि विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तु प्रस्तुत गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ र बोलाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् ।

(आ) यस क्रममा सुनाइ पाठ ध्यानपूर्वक सुन्नुपर्ने, खाली ठाउँ भरेर वाक्य पूरा गर्नुपर्ने भएकाले वाक्यका शब्दहरूमा पनि ध्यान दिने तथा विषयवस्तुको बोध गरी निर्धारित प्रश्नको संरचनामा आधारित रहेर उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई जानकारी गराउनुहोस् । विद्यार्थीलाई परिशिष्ट खण्डमा रहेको सुनाइ पाठ १५ सुनाउनुहोस् । यस क्रममा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ ।

(इ) पहिलो पटक सुनाइ पाठ सुनेपछि विद्यार्थीलाई पाठ्य पुस्तकमा निर्धारित अभ्यासहरू हेर्न लगाउनुहोस् र त्यसपछि पुनः सुनाइ पाठ सुनाउनुहोस् ।

(ई) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ को निर्देशानुसारको अभ्यास मौखिक रूपमा गर्न लगाउनुहोस्, जस्तै :

- हिजो घरमा धामीबालाई बोलायौँ र ...कुखुरा... पूजा पनि गऱ्यौँ ।
- उहाँलाई गाउँमा शिक्षा र स्वास्थ्यसम्बन्धी ...चेतनाको... कमी भइरहेको कुरा थाहा भयो ।
- धामीबाको कुरा नसुनी तुरुन्त ...अस्पताल... लानुहोस् ।
- अस्पतालमा जँचाउँदा त विश्वासको पेटमा ...जुका...पो परेका रहेछन् !

(उ) विद्यार्थीले खाली ठाउँमा भरेका शब्दहरू मिले नमिलेको विद्यार्थीबाटै परीक्षण गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऊ) विद्यार्थीलाई पुनः अभ्यास दुईतर्फ केन्द्रित गर्नुहोस् र सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनः स्मरण गराउनुहोस् । जस्तै :

**प्रश्न :** गुरुआमालाई के कुरा थाहा भयो ?

**उत्तर :** गुरुआमालाई गाउँमा शिक्षा र स्वास्थ्यसम्बन्धी चेतनाको कमी भइरहेको कुरा थाहा भयो ।

(ऋ) सुनाइ पाठका आधारमा छात्र, छात्रा तथा विभिन्न सामाजिक पृष्ठभूमिका विद्यार्थीको प्रतिनिधित्व हुने गरी अलग अलग विद्यार्थीलाई सुनाइ पाठमा निर्दिष्ट प्रश्नहरू क्रमशः सोध्नुहोस् र उत्तर भन्न लगाउनुहोस् । उनीहरूले दिएको उत्तर मिलेनमिलेको यकिन गर्न विद्यार्थीलाई नै लगाउनुहोस् । विद्यार्थीबिचको प्रश्नोत्तर छलफलमा शिक्षकले आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) शिक्षकले सिर्जनात्मक कार्यमा निर्दिष्ट कथाको अंश लेखिएको स्लाइड प्रदर्शन गर्नुहोस् । सो सम्भव नभए कथाको बुँदाहरू लेखिएको चार्ट प्रदर्शन पाटीमा टाँसेर प्रदर्शन गर्नुहोस् । बुँदामा दिइएका पात्र र घटनालाई आधार मानी मौलिक ढङ्गले सुहाउँदो शीर्षकसमेत दिई कथा लेखेर तयार पार्नुपर्ने कुरा जानकारी गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा चार्टपेपर उपलब्ध गराउनुहोस् । कथा लेखनका लागि समय निर्धारण गरेर कथा लेख्न सुरु गराउनुहोस् । समूहका सबै विद्यार्थी कथा लेखनमा सक्रिय भए नभएको निरीक्षण गरी सामूहिक कार्यमा सबैलाई सक्रिय बनाउनुहोस् ।

(ओ) कथा लेखन कार्य सकिएपछि सबै विद्यार्थी समूहलाई पालैपालो अगाडि आएर आआफ्नो समूहको कार्य प्रस्तुत गर्न लगाउनुहोस् र प्रस्तुति सकिएका समूहले तयार गरेको कथा प्रदर्शन पाटीमा टाँस्न लगाई थप छलफल गराउनुहोस् । आवश्यक पृष्ठपोषण प्रदान गरी सामूहिक कथा लेखनमा सक्रिय सहभागी भएकामा सबैलाई धन्यवाद दिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) सुनाइ पाठका आधारमा उत्तर भन्न लगाउनुहोस् :

(अ) विश्वास कक्षामा कसरी बसेको थियो ?

(आ) गुरुआमा कसलाई भेट्न घरमै पुग्नुभयो ?

(इ) अस्पतालमा जाँच गर्दा विश्वासलाई के भएको रहेछ ?

(ख) निम्न बुँदाहरू दिई कथा लेख्न वा भन्न लगाउनुहोस् :

धेरै पहिला भ्यागुताहरूबिच दौड प्रतियोगिता हुनु ..... सबै भ्यागुता जम्मा हुनु .... दौडेर पहाडको टुप्पामा पुग्नुपर्ने सर्त हुनु ........ दौड सुरु हुनु .....भ्यागुताहरू उकालामा उफ्रँदै कुद्न थाल्नु .... धेरै जनावरहरू भ्यागुताको दौड हेर्न आउनु ......बाटामा लहरै लागेर सबै जनावरहरूले पहाडमा भ्यागुता कुदेको हेर्नु... भ्यागुताहरू उफ्रँदै पहाड चढ्नु ....... उनीहरूलाई धेरै गाह्रो हुनु ....... सबै जनावरले गाह्रो भएर ज्यान गुमाउनुभन्दा भ्यागुताहरूलाई दौड प्रतियोगिताबाट बाहिरिन भन्नु, .......भ्यागुताहरूले पनि हामी सक्ने रहेनछौँ भनी दौड छोड्नु .........एउटा भ्यागुतोले दौड नछोड्न सबैलाई सम्झाउनु ..........अरू भ्यागुताले साथ नदिनु........त्यो भ्यागुतो पहाडको टुप्पामा पुग्नु .......त्यही भ्यागुताले दौड जित्नु ....... लक्ष्य प्राप्तिका लागि अरूका कुरा सुनेर विचलित हुन नहुने रहेछ भनी अरू भ्यागुताले थाहा पाउनु ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## परिशिष्ट १

सुनाइ पाठ १

झन्डाको गीत — क्षेत्रप्रताप अधिकारी

नेपाली पानी नसुकेसम्म यो रगत सुक्दैन
चन्द्र र सूर्य नझुकेसम्म यो झन्डा झुक्दैन ।

को ठुलो सानो, को तल माथि
हिमाली छाया एकै हो
नमिठो वचन नबोल साथी
देशको माया एकै हो ।

नेपाली रगत नसुकेसम्म गण्डकी सुक्दैन
चन्द्र र सूर्य नझुकेसम्म यो झन्डा झुक्दैन ।

सुनाइ पाठ २

सौरभ र सौरभी — सरस्वती प्रतीक्षा

सौरभ र सौरभीको अनुहार मात्र होइन, हाँसो र हाँस्दा देब्रे गालामा पर्ने खोपिल्टो पनि मिल्थ्यो । रिसाउँदा झनक्क रिस देखाउने तरिका मिल्थ्यो । हर्षित हुँदा खुसी पोख्ने शैली पनि मिल्थ्यो । बिहानै सबेरै उठ्ने दुवैको बानी मिल्थ्यो ।

दुवैको जन्मदिनको मिति पनि मिल्थ्यो । नमिलोस् पनि किन ? मात्र एक मिनेटको फरकमा जन्मिएका सौरभ र सौरभी जुम्ल्याहा दाजुबहिनी थिए । दुवै सँगसँगै मिलेर जन्मदिन मनाउँथे । अरूले झैँ केकमाथिको मैनबत्ती निभाएपछि केट काटेर होइन, केकनजिकै दुईओटा पालामा दियो बालेर जन्मदिन मनाउँथे । जन्मदिनमा दियो बाल्न आमाले सिकाउनुभएको थियो । आमा भन्नुहुन्थ्यो, “जन्मदिनको यात्रा अँध्यारोबाट उज्यालोतिरको हुनुपर्छ, उज्यालोबाट अँध्यारोतिरको होइन । त्यसैले बलेको मैनबत्ती निभाएर होइन, दियो बालेर जन्मदिन मनाउनुपर्छ ।”

एक दिन सौरभ बगैँचाका फूलमा पानी हाल्दै थिए । सौरभीले दाइलाई जिस्काउँदै भनिन्, “तिमी त केटा मान्छे पो त ! केटा मान्छेले काम गर्न सुहाएन ।” सौरभले भन्यो, “कुनै पनि काम केटा वा केटी मान्छेका हुँदैनन् ।

सौरभको कुरा सुनेर सौरभी मुसुक्क हाँसिन् । छेवैमा उभिरहेका आमाबुबा पनि मुसुमुसु हाँस्नुभयो । उनीहरूको हाँसोमा मिसिएर सिङ्गो घर नै हँसिलो भयो ।

## सुनाइ पाठ ३

### म प्रकाश हुँ

म प्रकाश हुँ । मलाई ज्योति, उज्यालो र आभा पनि भन्दछन् । मेरा विभिन्न स्रोत छन् । सूर्य, चन्द्रमा, आगो, बत्ती मेरा स्रोत हुन् । आकाशमा देखिने तारा र अँधेरी रातमा उड्ने जुनकिरी पनि मेरा स्रोत हुन् । मेरो सबैभन्दा ठुलो स्रोत भनेको सूर्य हो । मेरो उपस्थितिमा धर्ती उज्यालो हुन्छ । प्राणीको जीवनमा उज्यालाको ठुलो महत्त्व छ । रुख, बिरुवा र लहराको जीवनमा पनि प्रकाशको महत्त्व छ । बोटबिरुवाले आफूलाई चाहिने खानेकुरा प्रकाशको सहायताबाट

बनाउँछन् । सूर्यको प्रकाशमा मानिसको शरीरलाई निरोगी बनाउने भिटामिन पनि हुन्छ । यसलाई मानिस भिटामिन **'डी'** भन्छन् । मेरो उज्यालोभित्र इन्द्रेनीका सातै प्रकारका रङ हुन्छन् । ती रङ हुन्, रातो, सुन्तला, पहेँलो, हरियो, निलो, निर र बैजनी । यो कुरा विज्ञानका ठुला विद्वान् सर आइज्याक न्युटनले पत्ता लगाएका हुन् । उनले तीनकुने काँचबाट प्रकाश पठाएर छुट्टाछुट्टै रङ देखाइदिएका थिए । तपाईँहरू पनि काँचको तीनकुने प्रिज्मलाई घाममा राख्नुहोस् त । त्यो प्रिज्मबाट छिरेको प्रकाशमा सात प्रकारका रङ देख्नुहुने छ ।

## सुनाइ पाठ ४

### निवेदन

व्यक्तिले कुनै कार्यालयलाई लेख्ने पत्र नै निवेदन हो । निवेदनमा कुनै काम गरिदिन संस्थालाई अनुरोध गरिन्छ । निवेदन लेख्ने व्यक्ति निवेदक हो । उसले निवेदन लेख्दा पानाका दायाँपट्टि सिरान भागमा मिति लेख्नुपर्छ । त्यसपछि कार्यालयको प्रमुख व्यक्तिलाई सम्बोधन गर्नुपर्छ । त्यसको तलतिर उक्त कार्यालयको नाम र ठेगाना लेख्नुपर्छ । निवेदन लेख्नुपर्ने विषय उल्लेख गरेर महोदय वा महाशय लेख्नुपर्छ । निवेदनको विषयलाई स्पष्ट पार्ने गरी आवश्यक कुरा विस्तार गर्नुपर्छ । त्यसपछि निवेदकको नाम, हस्ताक्षर र ठेगाना पानाको दायाँतिर उल्लेख गर्नुपर्छ । काम गरिदिनका लागि गरिने अनुरोध वा आग्रहबाहेक निवेदनमा अन्य कुरा लेख्नुहुँदैन । निवेदनको भाषा सरल हुनुपर्छ ।

## सुनाइ पाठ ५

## अरुणा लामा

अरुणा लामा लोकप्रिय गायिका हुन् । उनको जन्म वि.सं. २००२ भदौ २४ मा भारतको दार्जिलिङमा भएको थियो । उनका बुबाको नाम सूर्यबहादुर लामा र आमाको नाम सानमाया लामा थियो । उनले स्नातकसम्म अध्ययन गरेकी थिइन् । उनले सात वर्षको उमेरबाट गीत गाउन सुरु गरिन् । बुबाआमाले उनलाई सानै उमेरदेखि नै गीत गाउन प्रेरित गरेका थिए । उनी आफ्नो गायनप्रति लगनशील थिइन् । उनले ११ वर्षको उमेरमा गायन प्रतियोगितामा भाग लिइन् । त्यस प्रतियोगितामा जित हासिल गरेपछि उनलाई झन् हौसला मिल्यो । उनका सङ्गीत गुरु अम्बर गुरुङ थिए । उनी आफ्ना गुरुकहाँ नियमित रूपमा सङ्गीत सिक्न जान्थिन् । उनी सानै उमेरमा गायिका भइसकेकी थिइन् ।

उनले वि.सं. २०१६ मा 'ए कान्छा मलाई पनि सुनको तारा खसाई देऊ न' भन्ने गीत रेकर्डिङ गराइन् । यस गीतलाई धेरैले मन पराए । उनका पति शरण प्रधान सङ्गीतकार थिए । उनले गायन यात्रामा पतिको साथ र सहयोग पाइरहिन् । 'पोहोर साल खुसी फाट्यो' जस्ता गीतले उनलाई झन् लोकप्रिय बनायो । नेपाल सरकारले वि.सं. २०५० मा उनलाई 'स्वर किन्नरी' पदवीले सम्मान गर्‍यो । सुमधुर स्वरकी धनी अरुणा लामा वि.सं. २०५४ माघ २२ गते हामीलाई छाडेर सधैँका लागि बिदा भइन् । उनको भौतिक शरीर नभए पनि उनका कालजयी गीतले हामी सम्झिरहने छौँ ।

## सुनाइ पाठ ६

## वीरबलको जुक्ति

कुनै समयमा अकबर र वीरबल नाम गरेका राजा र मन्त्री थिए । वीरबल अति चलाख र बुद्धिमानी थिए । उनको बुद्धिमत्ताको प्रशंसा चारैतिर फैलिएको थियो । वीरबलको प्रशंसा सुनेर राजा अकबर ईर्ष्या गर्थे । उनी वीरबललाई निचो देखाउने उद्देश्यले वेला वेलामा विभिन्न अत्तो थापेर परीक्षण गरिरहन्थे । यस्तै एक दिन उनले बालुवामा चिनी मिसाएर छुट्याउन लगाएर वीरबललाई असफल बनाउने निर्णय गरे । उनले आधा किलो मसिनो बालुवामा आधा किलो चिनी मिसाएर पानीमा नहाली छुट्याउन लगाए । अब दरबारमा भएका सबै चकित परे । पानीमा नहाली बालुवा र चिनी कसरी छुट्याउने होला ? कसैले अनुमान गर्न सकेका थिएनन् । वीरबल चाहिँ मुस्कुराउँदै अकबरको चुनौती स्वीकार गरे । उनले त्यस कामका लागि चौबिस घण्टाको समय मागे । त्यसपछि वीरबलले त्यो मिसिएको चिनी र बालुवा लिएर गए । त्यस दिन उनले त्यो चिनी र बालुवा एउटा नाङ्लामा राखेर बगैँचामा लगेर राखिदिए । भोलिपल्ट गएर चिनी र बालुवा राखेको नाङ्लो हेर्दा त्यहाँ चिनी जति कमिलाले सबै लगिसकेका थिए, एकदुईओटा कमिला त अझ पनि ओसार्दै देखिन्थे । जब उनलाई अब चिनीको मात्रा सबै कमिलाले लगिसके भन्ने सुनिश्चित भयो त्यसमा बाँकी रहेको बालुवा लगेर राजालाई दिए । राजा ओबानो बालुवा देखेर दङ्ग परे । यस परीक्षामा पनि वीरबरलाई हराउन सकेनन् । अकबर वीरबलसँग फेरि हारे ।

## सुनाइ पाठ ७

### भ्रमण

(सानु र नानु पाँच कक्षामा पढ्छन् । उनीहरू विद्यालयको चउरमा बसेर कुराकानी गर्दै छन् ।)

सानु : ए नानु ! हेर त बगैँचामा कति राम्रा फूल फुलेछन् । आहा ! कति राम्रो गुलाफ !

नानु : वसन्त ऋतुमा पनि फूल नफुले कहिले फुल्छ त ? अझ यस वेलामा विभिन्न रमाइला ठाउँ घुम्न पाए झन् कति आनन्द हुन्छ । पोहोर साल बुबासँग पाल्पाको श्रीनगर गएकी थिएँ । कस्तो रमाइलो भयो !

सानु : म त खास घुमेकी पनि छैनँ । घुम्दा कसरी रमाइलो हुन्छ, मैले थाहा पनि पाएकी छैनँ ।

नानु : सानु, मलाई त घुमफिर गर्नै पर्छ भन्ने लाग्छ । नयाँ नयाँ कुरा देख्न पाइन्छ । नयाँ ठाउँ, नयाँ संस्कृति र नया परिवेशबारे थाहा पाउँदा कस्तो रमाइलो हुन्छ !

सानु : साँच्चि, भन त ! अरू के के फाइदा हुन्छ ?

नानु : घुमफिरबाट ज्ञान र मनोरञ्जन दुवै पाइन्छ । ज्ञान र अनुभव साटासाट गर्न सकिन्छ ।

सानु : यसैका लागि विदेशी पाहुना नेपाल आएका हुन् ?

नानु : हो त नि ! उनीहरू यहाँका धार्मिक, सांस्कृतिक र रमणीय स्थल घुमफिर गर्छन् । आजभोलि हामी पनि घुमफिर गर्न मन पराउँछौँ ।

सानु : गत वर्ष विद्यालयबाट भ्रमणमा जाने हो भन्दा मैले नजाने भनिदिएँ । यस वर्ष त जसरी भए पनि जान्छु । विद्यार्थीले त शैक्षिक भ्रमण नगरी नहुने रहेछ ।

नानु : ल, घन्टी पनि लाग्यो, अब कक्षातिर जाऔँ ।

(दुवै जना कक्षातिर लाग्छन् ।)

## सुनाइ पाठ ८

### राम्रो समाज

सफा छ सारा घर गाउँ आज
साँच्चै निरोगी रसिलो समाज
सुशान्ति उस्तै सबमा छ मेल
राम्रो बनायौँ सबले जुटेर ।

विकासमा हात खुलेर लाग्छन्
संस्कारलाई परिवार ढाक्छन्
छ एकता सुन्दर गाउँभित्र
बस्छौँ यहाँ जो मन झन् पवित्र ।

## सुनाइ पाठ ९

## रोबोट

मानिस जस्तै देखिने मानिसले नै बनाएको यन्त्र रोबोट हो । यसलाई यन्त्रमानव पनि भनिन्छ । यसमा मानिसका जस्तै हात खुट्टा हुन्छन् । यसले मानिसको जस्तै काम गर्न सक्छ । यसले आफैँ काम गर्दैन । यसलाई मानिसले नै काम लगाउनुपर्छ । कम्प्युटरका माध्यमबाट यसलाई काम लगाइन्छ ।

रोबोटले घरायसी कामदेखि अन्य क्षेत्रका पनि काम गर्छ । कृषि क्षेत्रमा यसलाई धेरै काम लगाउन सकिन्छ । उद्योग, कलकारखानामा अझ बढी उपयोगी हुन्छ । यसले सामानलाई मिलाएर राख्न सक्छ । वैज्ञानिक क्षेत्रमा यसको प्रयोग अझ प्रभावकारी हुन्छ । मानिसलाई काम गर्न गाह्रो पर्ने ठाउँमा रोबोटलाई काम लगाइन्छ । विषादी प्रयोग भएका ठाउँमा रोबोटलाई काम गराउँदा मानवीय क्षति हुँदैन । अहिले यन्त्रमानव मानिसको सहयोगी साधन बनेको छ । यसका कारणले मानिसलाई काम गर्न धेरै सजिलो भएको छ । हरेक काम छिटो गर्न सक्ने भएकाले यन्त्रमानव लोकप्रिय बन्दै गएको छ । अह्राएको काम नबिगारी गर्ने भएकाले कुनै नोक्सान पनि हुँदैन । यसलाई काम लगाउँदा खर्च पनि कम हुन्छ । त्यसैले यन्त्रमानव सबैका लागि उपयोगी साधन बनेको छ ।

## सुनाइ पाठ १०

## आमाको महानता

आमा ! मैले तपाईंलाई सारै दुःख दिएँ होला है ? नौ महिनासम्म गर्भमा रहँदा पनि तपाईंलाई निरन्तर सताइरहेँ । मलाई गर्भमै खेल्न मन लाग्थ्यो । हात खुट्टा फ्याँकेर खेल्न खोज्थेँ । तपाईंलाई कति पीडा भएको थियो होला ! आफ्नो सन्तानको उपद्रोलाई चुपचाप सहेर बस्नुभयो । अझ पेटको बच्चा चल्मलायो भनेर कति हर्षित हुनुभयो होला है ! पीडा थाम्न नसकेर आँखाबाट आँसु निस्किए होलान् । मुसुक्क मुस्कुराउँदै ती आँसुलाई हर्षमा परिणत गर्नुभयो होला । क्षमा चाहन्छु आमा ! म जन्मिन लाग्दा तपाईंले भोगेको प्रसव पीडा त वर्णन गर्न नसकिएला । म अनुमान गर्न सक्छु ।  उफ् ! ती पीडा, दुख, व्यथाले तपाईंको शरीरमा एकैचोटि आक्रमण गरे होलान् । ती सबै सकस सहेर मलाई हुर्काउनुभयो ।

आमा ! म तपाईंको ऋणी छु । तपाईंप्रति सधैँ ऋणी रहिरहने छु ।

विद्यार्थी जीवनमा थुप्रै असामाजिक कुराहरूले आकर्षित गर्न सक्छ । गलत कुरा भए पनि नक्कल गर्न मन लाग्छ । खराब र देखावटी साथीभाइको सिको गर्न मन लाग्न सक्छ । त्यसैले यस समयमा यस्ता असामाजिक व्यवहारबाट आफूलाई जोगाउन सक्नुपर्छ ।

## सुनाइ पाठ ११

## निवेदन

मिति २०७९/०९/१२

श्री अध्यक्षज्यू !

टोल सुधार समिति

रामननगर टोल ।

विषय : ढल व्यवस्थापन सम्बन्धमा ।

महोदय,

यस टोलका हरेक नागरिक शिक्षित हुनुहुन्छ । शिक्षित नागरिकको कर्तव्य आफू शिक्षित हुने मात्र होइन, आफू बस्ने ठाउँ, वातावरण सफा र सुन्दर हराभरा बनाउनु पनि हो । रामनगर टोल सुधार समितिले वेला वेलामा राम्रा काम गरेको छ । यस क्षेत्रमा यत्रतत्र बाटा बनेका छन् । खेल्ने मैदान पनि छ तर अव्यवस्थित ढलले सम्पूर्ण टोल नै दुर्गन्धित बनेको छ । दुर्गन्धित वातावरणले हाम्रो स्वास्थ्यमा नकारात्मक प्रभाव पार्छ । तसर्थ टोलमा दुर्गन्ध फैलिन नपाउँदै यसको व्यवस्थापन गर्न पाए सबैको स्वास्थ्य सुरक्षित रहन्थ्यो । बर्खा लागेपछि ढल व्यवस्थापनमा अझ समस्या आउन सक्छ । बर्खाको समयभन्दा हिउँदको समयमा ढल व्यवस्थापन गर्न सजिलो हुन्छ । त्यसैले टोल सुधार समितिको सक्रियतामा ढल व्यवस्थापन होस् भन्ने कामनासहित अध्यक्षसमक्ष यो निवेदन पेस गरेको छु । यस समितिको सक्रियतामा ढल व्यवस्थापन भई रामनगर टोल प्रदूषणमुक्त हुने विषयमा हामी टोलबासी आशावादी छौँ । टोल स्वस्थ राख्नका लागि टोलबासीले गर्नुपर्ने योगदान गर्न म तत्पर रहेको बेहोरा अवगत गराउँदै यो निवेदन पेस गरेको छु ।

निवेदक

आदिल खान

## सुनाइ पाठ १२

### पाठ सिकाउने प्रकृति

रामविक्रम थापा

“यति साना कमिलाले यत्रो फट्याङ्ग्रोलाई कसरी बोकेर हिँडाउन सकेका दिदी ?” सानो भाइ रमेशले जिज्ञासा राखे । दिदी कमलाले भनिन्, “हो भाइ, देख्यौ नि ! यति साना कमिला मिलेर आफूभन्दा कयौँ गुणा ठुलो फट्याङ्ग्रोलाई मारेर बोक्दै कुदाइरहेका छन् । गनेर मलाई भन त यहाँ कमिला कतिओटा छन् ?”

“यति धेरै कमिला कसरी गन्ने दिदी ? अहँ, म त भन्नै सक्दिनँ ।”

“थोपा थोपा मिलेर बनेको समुद्र कति विशाल हुन्छ ? पोया पोया मिलेर बनेको पिङको लठारो कति बलियो हुन्छ ? धेरै जनाको सहकार्यमा गर्ने हो भने असम्भव भन्ने कुनै कामै छैन ।”

“धेरै मिलेर काम गर्दा के फाइदा हुन्छ दिदी ?”

“एकता नै ठुलो बल हो । यी कमिलाबाट हामीले एकताको पाठ सिक्नुपर्छ भाइ !”

आँगनमा कमिलाको कर्म हेरेर रमेश र कमला फूलबारीमा पुग्छन् । विभिन्न रङ र बास्नाका धेरै फूल फुलेको देखेर रमेशले कमलासँग सोधे, “यी फूलबाट हामीले के सिक्ने दिदी ?”

“सुन्दर हाँसो हाँसेर अरूलाई हँसाउनुपर्छ, सुवास छर्नुपर्छ भन्ने सन्देश छ”, दिदीको जबाफले रमेश खुसी भए र एक पटक फूल जस्तै मज्जाले हाँसे ।

## सुनाइ पाठ १३

### वनजङ्गल

वनजङ्गल जनावरहरूको मुख्य बासस्थान हो । जङ्गलमा विभिन्न प्रकारका जनावर र पन्छी बस्ने गर्छन् । जङ्गल धेरै प्राणीको घर हो । जङ्गली जनावर र पशुपन्छीका लागि आहारा पनि जङ्गलमा नै पाइन्छ । कतिपय जनावरले रुखका पात र स्याउला खान्छन् । चराचुरुङ्गीले रुखका कलिला पात, फूल र फल खान्छन् । यही जङ्गलले जङ्गली जनावरको गाँस र बासको व्यवस्था मिलाएको हुन्छ । जङ्गल जनावर र पन्छीका लागि मात्र होइन,

मान्छेका लागि पनि उपयोगी हुन्छ । मानिसले दाउरा, काठ आदि जङ्गलबाट नै ल्याउँछन् । घरमा पालिएका घरपालुवा जनावरलाई खुवाउने घाँस, स्याउला पनि जङ्गलबाट नै ल्याउने गर्छन् । मानिसलाई चाहिने कतिपय फलफूल, कन्दमूल वनमा नै पाइन्छन् । यसरी हेर्दा जङ्गलले मान्छेको जीवन चलाउनका लागि धेरै कुरा दिएको हुन्छ ।

## सुनाइ पाठ १४

### नैतिक दृष्टान्त

लेखनाथ पौड्याल

उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र !
दबिन्छ गुणिको दोष गुणका रासमा परी
रश्मिले चन्द्रको दाग दबाएकै छ बेसरी ।
मिलेर काम गर्नाले हुन्छ अत्यन्त फाइदा
एकता हेर कस्तो छ मौरीका महमा सदा ।
मूर्खका मनमा अर्ती गालीतुल्य बिझाउँछ
दुधपान गरी सर्प खालि विष बगाउँछ ।

## सुनाइ पाठ १५

### अन्धविश्वास

*गङ्गा आचार्य*

गुरुआमा कक्षामा पढाउँदै हुनुहुन्थ्यो । विश्वासलाई झोक्राएको देखेर उहाँले सोध्नुभयो, "के भयो विश्वास !"

विश्वासले भने, "गुरुआमा ! मलाई बोक्सी लागेको छ । हिजो घरमा धामीबालाई बोलायौँ र कुखुरा काटेर पूजा पनि गऱ्यौँ ।"

गुरुआमा स्तब्ध हुनुभयो । उहाँलाई गाउँमा शिक्षा र स्वास्थ्यसम्बन्धी चेतनाको कमी भइरहेको कुरा थाहा भयो । उहाँले धेरै किसिमबाट कक्षामा सबै विद्यार्थीलाई सम्झाउने कोसिस गर्नुभयो । बोक्सी भन्ने कुरा हुँदै नहुने कुरामा जोड दिनुभयो ।

पढाइसकेपछि गुरुआमा विश्वाससँगै उनका आमाबुबालाई भेट्न घरमै पुग्नुभयो । घरमा पुगेर पनि उहाँले अन्धविश्वासमा नलाग्न बारम्बार आग्रह गरिरहनुभयो । उहाँले भन्नुभयो, "बोक्सी भन्ने कुरा हुँदै हुँदैन । यस्तो नभएको कुरा कसैलाई पनि लाग्दैन । त्यसैले धामीबाको कुरा नसुनी विश्वासलाई तुरुन्त अस्पताल लानुहोस् ।"

केही समयपछि विश्वासका आमाबुबा दुवै विद्यालय आए । उनीहरूले गुरुआमासँग भेटेर भने, "गुरुआमा ! हामीले व्यर्थैमा बोक्सीमा विश्वास गरेछौँ । धामीबाले हामीलाई बेकारमा बोक्सी लागेको बताउनुभएछ । अस्पतालमा जचाउँदा त विश्वासको पेटमा जुका पो परेका रहेछन् ! धन्यवाद छ है तपाइँलाई !"